# अध्याय : एक

# परिचय

## १.१ शोधको परिचय

नेपालमा भौगोलिक विविधताअनुरुप जातीय विविधता रहेको पनि देखिन्छ । यस आधारमा यहाँको सामाजिक एवम् सांस्कृतिक बनौटमा विविधता देखिन्छ । विविध भौगोलिक बनाटको कारणले यहाँ पूर्वमेचीदेखि पश्चिम महाकालीसम्म र उत्तर हिमालदेखि दक्षिण तराईसम्म विभिन्न आदिबासी, जातजाति, जनजाति, तथा जातीय समूहहरू बसोवास गर्दछन् । ती सबै जातजातिहरूका आ-आफ्नै मौलिक रीतिरिवाज, परम्परा, सामाजिक, सांस्कृतिक जीवन पद्धति तथा जीवन-शैली फरक-फरक किसिमको छ (Sharma, 2004, p.1) । वि.सं. २०६८ को जनगणनाअनुसार नेपालमा १२७ जातजाति र १०३ भाषा-भाषीहरू विद्यमान रहेका छन् (नेपाल सरकार., २०६९) ।

नेपालको हिमाली क्षेत्रमा तिब्बती मूलका शेर्पा, थकाली, पाँचगाउँले, हुम्ली, हुम्ली तामाङ, गुरुङ, डोल्पो, ल्होमी, ल्होपा, मुगाली, मार्फाली, भोटे, मनाङ्गे, व्यासी आदि बसोवास गर्दछन् । त्यसरी नै मध्य-पहाडी भागमा गुरुङ, मगर, राई, लिम्बू, तामाङ पूर्वदेखि मध्य क्षेत्रमा फैलिएर बसोबास गरेको पाइन्छ । पश्चिममा बाहुन, क्षेत्री र व्यावसायिक समूह वसोवास रहेको देखिन्छ । काठमाडौं उपत्यका भने नेवार समुदायको पुर्ख्यौली थातथलोका रुपमा रहेको छ । त्यस्तै भावर, भित्री तराईमा थारु, बोटे, राजी, कुमाल र राजवंशी वसोवास गर्दछन् भने दक्षिणी भागमा राजपुत, थारु, सतार, धिमाल, राजवंशी, कोचे, मेचे र मध्य र पश्चिम तराईमा अवधी र भोजपुरी भाषीहरू बसोवास गर्दछन् । यति धेरै जातजाति समूहहरूको विविधता भए तापनि  सबै एकआपसमा सद्भावका साथ मिलेर बस्नु नै नेपाली समाजको विशिष्टता हो । यहाँका यी सबै जातजाति र जातीय समूहहरूको सांस्कृतिक, मानवशास्त्रीय तथा समाजशास्त्रीय दृष्टिकोणबाट विस्तृत अध्ययन-अनुसन्धान भएको देखिंदैन, तर पनि केही यता आएर तिनका बारेमा क्षेत्रीय अनुसन्धानले केही गति लिएको देखिन्छ । पहिले यस क्षेत्रमा विदेशीहरूले ध्यान दिएका थिए भने यता आएर स्वदेशी अध्येताको पनि सक्रियता देखिन थालेको छ । यसै सन्दर्भमा सिन्धुपाल्चोक जिल्लाको हेलम्बु क्षेत्रमा प्राचीनकालदेखि ह्योल्मो समुदाय बसोबास गर्दै आएको इतिहास छ । तर लामो इतिहास भएका यस ह्योल्मो समुदायको कमै मात्रमा जातीय एवम् सांस्कृतिक अध्ययन-अनुसन्धान भएको देखिन्छ ।

ह्योल्मो समुदायको मुख्य बसोबास नेपालका उत्तरी पहाडी जिल्लाहरू रसुवा, नुवाकोट, इलाम, सिन्धुपाल्चोक र रामेछाप क्षेत्रमा रहेको छ । यस समुदायले  सिन्धुपाल्चोक जिल्लाको हेलम्बुलाई आफ्नो पुर्ख्यौली थात-थलोका रुपमा मान्दछन् । विभिन्न समयमा अवसर तथा सुविधाको खोजीमा अहिले उनीहरू नेपालका करिव २२ जिल्लामा बसोबास गर्न पुगेका छन् (नेपाल सरकार., २०६९) । नेपाल बाहेक भारतको दार्जिलिङलगायत युरोपका विभिन्न ठाउँमा समेत उनीहरू बसोवास गर्न पुगेको देखिन्छ । उनीहरूको आफ्नै मौलिक परम्परा र परिचयका आधारहरू-इतिहास, साहित्य भाषा, लिपि, लामा बौद्धधर्म,

गुम्बा, खानपान, चाडपर्व, गरगहना, नाचगान, विभिन्न संस्कार आदि रहेका छन् । आफ्नै सामाजिक सङ्गठन, संस्कृति, मूल्य-मान्यता, प्रथाजनित कानुन अर्थात् न्याय प्रणाली, आस्था र जनविश्वासलाई जोगाएर राख्ने आदिवासीहरूमध्ये ह्योल्मो एक अल्पसंख्यक, आदिवासी  र जनजाति समुदाय हो ।

ह्योल्मो समुदाय धार्मिक रूपमा लामा बौद्धधर्मअन्तर्गत निङमापा सम्प्रदायसँग सम्बन्धित रहेको देखिन्छ (Gawne, 2009, p.21) । यस सम्प्रदायका धर्म प्रतिपादक धर्मगुरु पद्मसंभव हेलम्बु क्षेत्रमा आएर साधना गरेका भनीएका गुफाहरू अहिले पनि अस्तित्त्वमा रहेका देखिन्छन् । यसबाहेक लामा बुद्धधर्मअन्तर्गतको कार्ग्युपा सम्प्रदायका गुरु मिलारेपाले साधन गरेका गुफा पनि अहिलेसम्म अस्तित्त्वमा रहेका छन् । गुरु मिलारेपाको साधनाको समयमा उनले पाँचजना ह्योल्मो शिष्यहरूलाई हेलम्बुमा तप गर्न राखेका कुरा इतिहासमा उल्लेख भएको छ (धोन्डुब र पराजुली, वि.स.२०६६, पृ.६९) । साधना गर्ने क्रममा उनले रचेका मन्त्र र सांस्कृतिक महत्त्वका भजन तथा गाना पाइएका छन् । त्यस्तैगरी समय-समयमा हेलम्बु भेगमा सिद्धिप्राप्त लामा गुरुहरू आएर गोन्पा निर्माण तथा साधन गरेको प्रमाण छ । हेलम्बु क्षेत्रमा गुरु पद्मसम्भव तथा अन्य सिद्धिप्राप्त लामा गुरुहरूले विभिन्न समयमा आ-आफ्ना धार्मिक प्रतीक चिह्नहरू छोडेर गएको देखिन्छ । त्यसैले हेलम्वु क्षेत्र लामा बुद्धमार्गीहरूका लागि पवित्र धार्मिक तीर्थस्थलका रुपमा प्रसिद्ध छ । यति मात्र होइन, सामाजिक-सांस्कृतिक एवम् प्राकृतिक दृश्यावलोकन, पर्यटक तथा पदमार्गीहरूका लागि पनि हेलम्बु महत्त्वपूर्ण गन्तव्य स्थलका रुपमा रहेको देखिन्छ । यस आधारमा ह्योल्मो समुदायको पुर्ख्यौली थातथलोका रुपमा हेलम्बुको सांस्कृतिक इतिहास महत्त्वपूर्ण रहेको छ । ह्योल्मो समुदायमा भोटबर्मेली भाषा परिवारअन्तर्गतको भाषा बोलिन्छ (Hari, 2010, p.1) ।

मानव जीवनमा संस्कृतिको अत्यन्त महत्त्व रहेको छ । संस्कृति के हो ? भन्ने सन्दर्भमा विश्वका समाजशास्त्री तथा मानवशास्त्रीहरूले आ-आफ्ना विभिन्न मान्यताहरू प्रस्तुत गरेका छन् । मानवशास्त्री Tylor को परिभाषाअनुसार संस्कृति त्यो सम्पूर्ण जटिलता हो जसमा ज्ञान, विश्वास, कला, नैतिकता, कानुन, प्रथा तथा यस्ता सम्पूर्ण क्षमता एवम् गुणहरू सम्मिलित हुन्छन् । यी कुराहरूलाई मानव-समाजको सदस्य हुनाको कारण मान्छेले आर्जन गर्दछ (Tylor, 1871, pp.1–2) । उनले दिएको संस्कृतिसम्वन्धी परिभाषा वर्तमानमा पनि सान्दर्भिक रहेको देखिन्छ । त्यसै गरी मानवशास्त्री Morgan ले दिएको परिभाषाअनुसार संस्कृतिको विकास र सिर्जना पनि मानवको उद्‌विकासका विभिन्न चरणमा क्रमिक रूपले सिर्जना भएको उल्लेख गरिएको पाइन्छ (Morgan, 1877, pp. 1–18) । त्यसैले संस्कृतिको निर्माण मानिसको आवश्यकता पूर्तिका लागि एक साधनका रुपमा भएको चर्चा उनले गरेको देखिन्छ । अर्का मानवशास्त्री Lesilie. A.White ले संस्कृतिको परिभाषा दिने क्रममा संस्कृतिको उद्‌विकास हुदै जाँदा प्रविधिको दक्षता पनि वृद्धि हुदै जान्छ भनेका छन् । त्यसैगरी औजारहरूमा दक्षतावृद्धि हुदै जाँदा जनावरहरू पाल्ने यन्त्रहरू निर्माण गर्न सम्भव भयो र मानिसले प्रयोगमा ल्याउने ऊर्जाको मात्रामा बृद्धि हुँदै गयो । यसरी संस्कृति आधारभूत रुपमा जिउने एउटा संयन्त्र हो र साथै संस्कृतिको विकास मानिसको आवश्यकताहरू पूरा गर्नका लागि गरिन्छ (White, 1949, pp.1–5) भन्ने मान्यता उनले राखेका छन् । अर्का मानवशास्त्री Radicliffe Brown ले दिएको परिभाषाअनुसार संस्कृति प्रकार्यात्मक

संरचनावादका धारणामा खास गरेर नातेदारी प्रथा, परिवारको सामाजिक संरचनाका रुपमा रहेको उल्लेख गरिएको छ (Brown,1952,pp. 49-54) । Brown ले नातेदारी व्यवस्थामा संस्कृतिले खेलेको भूमिका बारेमा संरचनागत प्रकार्यात्मक रुपमा व्याख्या गरेका छन् । मानवशास्त्री Malinowski ले गरेको संस्कृतिको परिभाषानुसार कुनै पनि सामाजिक वा सांस्कृतिक प्रणाली, संघ, संस्था, मूल्यमान्यताहरूको जन्म व्यक्तिका आधारभूत आवश्यकता पूर्तिका लागि हुन्छ । उनको बिचारमा मानिसका शारीरिक र मानसिक आवश्यकताहरू पूर्ति गर्नका लागि बनाइएको साधन नै संस्कृति हो (Malinowski, 1960, pp. 36–40) । यसरी उनले पनि मानव संस्कृति संरचनागत-प्रकार्यात्मक रुपमा मानेको पाइन्छ । त्यसै गरी मानवशास्त्री Steward ले पनि समाज र संस्कृतिको विकासमा पर्यावरणीय तत्त्वले महत्त्वपूर्ण भूमिका खेल्दछ भनेका छन् (Steward,1968, pp.1–3) । मानवशास्त्री Ember & Ember ले संस्कृतिको विकासलाई मानव विकासको विषयगत छनौट गर्ने साधन हो भनेका छन् (Ember & Ember, 1995, p.24) । मानवशास्त्री Clifford Geertz ले संस्कृतिभित्रका मानिसका व्यवहारहरू प्रतीकहरूको माध्यमबाट देखिने गर्छर्दन् र त्यसरी नै प्रतीकमा विभिन्न अर्थहरू तहगत अर्थहरू हुन्छन् (Geertz,1973, pp.33–35) भनेका छन् ।

मानव संस्कृतिका दुई महत्त्वपूर्ण पक्ष मानिन्छन्; ती हुन्-मूर्त र अमूर्त जुन एक अर्कासित गाँसिएर रहेका हुन्छन् (खत्री र राई २०७६, पृ.४) । यसरी विभिन्न लेखकहरूले आ-आफ्नो किसिमले संस्कृतिका बारेमा धारणा व्यक्त गरेका छन् । माथि उल्लिखित मानवशास्त्रीहरूको सैद्धान्तिक दृष्टिकोणहरूका आधारमा ह्योल्मो समुदायका मूर्त र अमूर्त संस्कृतिबारे अध्ययन-अनुसन्धानको आवश्यकता रहेको देखिन्छ । ह्योल्मो समुदायमा विभिन्न किसिमका संस्कृतिहरू रहेका छन् । यी संस्कृतिहरूमा अमूर्त संस्कृति सम्पदाअर्न्तगत विभिन्न रीतिरिवाज, चालचलन, खानपान, भाषा, साहित्य, कला, ज्ञान, सीप, धर्म संस्कार, चाडपर्व, पूजा-आजा, सामाजिक विश्वास तथा सामाजिक सङ्गठन आदि पर्दछन् । यस्तै गरी मूर्त संस्कृति सम्पदाहरूमा चहि पोसाक, गरगहना, घरको बनौट, गुम्बा, छ्योर्तेन, मूर्तिकला, साधना गुफा, लुङदार, हाततियार, खानपान तथा कृषि औजार आदि पर्दछन् । उनीहरूको संस्कृति, लामाबौद्ध धर्म महायान सम्प्रदाय अन्तर्गतको ञिङ्मापाद्वारा प्रभावित छ । सांस्कृतिक रूपमा ह्योल्मो समुदाय सम्पन्न भए तापनि अहिलेसम्म उनीहरूको संस्कृतिबारे विस्तृत रुपमा अध्ययन अनुसन्धान हुन सकेको छैन ।

अहिले हरेक नेपाली समाजको वर्ग र समुदायका परम्परागत संस्कृतिमा आधुनिकताले गहिरो प्रभाव पारेको पाइन्छ । यस अर्थमा ह्योल्मो समुदायको संस्कृतिमा आधुनिकताले के कस्तो प्रभाव पारेको छ र कस्तो परिवर्तन आएको छ ? भन्ने प्रश्न पनि यस अध्ययनको मुख्य विषय रहेको छ । यस प्रश्नले ह्योल्मो समुदायको इतिहास, मूर्त तथा अमूर्त संस्कृति-सम्पदा र यसमा आएको र परिवर्तनका कारक तत्त्वका बारेमा विश्लेषण गरिएको छ । यस समुदायको परम्परागत संस्कृतिमा परिवर्तन आउनु भनेको

उनीहरूको परम्परागत पहिचानमा संकट आउनु हो । यसरी यस समुदायको सांस्कृतिक परम्परा, संस्कृतिका मूर्त, अमूर्त सम्पदाका पक्ष र परिवर्तित आयामका सम्बन्धमा विस्तृत अध्ययन-अनुसन्धानका लागि प्रस्तुत शोधकार्य सम्पन्न गरिएको हो ।

## १.२ समस्या कथन

नेपालको पूर्व इलामदेखि पश्चिम कैलालीसम्मका विभिन्न २२ जिल्लामा ह्योल्मो समुदायको बसोवास भएको कुरा राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्कबाट पुष्टि हुन्छ (नेपाल सरकार.वि.स.२०६९) । उनीहरूको कुल जनसंख्या १० हजार ७ सय ५२ जना रहेको छ (नेपाल सरकार वि.स.२०६९) । यो समुदाय प्राचीनकालदेखि हेलम्बु क्षेत्रमा बसोबास गर्दै आएको इतिहास छ । हेलम्बु क्षेत्रलाई ह्योल्मो समुदायले आफनो पुर्ख्यौली थातथलोका रूपमा मान्दछन् ।

हालसम्मका अध्ययन-अनुसन्धानले ह्योल्मो समुदायलाई तिब्बती मूलको भएको देखाएको छ । उनीहरू स्वयम् पनि आफूलाई तिब्बती मूलको मान्दछन् । सामान्य रूपमा हेर्दा यो समुदाय र तामाङ समुदाय बिच धेरै समानता देखिन्छ । उनीहरू बिचको अन्तरजातीय र भौगोलिक सम्बन्ध, बसोबास, व्यवसाय र रोजगारीका कारणले एक अर्कामा प्रभाव पारेको हुन सक्दछ (शर्मा, २०३९, पृ. ३१५) । एकातिर तामाङलगायत केही समुदायसँग समानता हुनु, अर्कोतिर ह्योल्मो समुदायले आफूलाई तामाङ समुदायभन्दा सामाजिक रुपमा उच्च स्थान दिन खोज्नु पनि उनीहरूका बारेमा अनुसन्धानको विषय भएको छ । ह्योल्मो समुदायको भाषा तथा संस्कृति विस्तारै लोप हुँदै गएको सङ्केत पाइन्छ । यस सन्दर्भमा ह्योल्मो समुदायको भाषा र संस्कृतिको संरक्षणका लागि विस्तृत अध्ययन र अनुसन्धान हुनु आवश्यक रहेको छ । त्यस्तै परम्परागत रूपमा कसैले ह्योल्मो समुदायलाई शेर्पा समुदायको रूपमा पनि बुझ्ने गर्दछन् ।

ह्योल्मो समुदायले आदिमकालदेखि बसोबास गर्दै आएको सिन्धुपाल्चोक जिल्लाको हेलम्बुलाई आफ्नो पुर्ख्यौली थातथलोको रुपमा स्विकारेको उल्लेख भई नै सकेको छ । यस समुदायका परम्परागत मौलिक संस्कृतिको आफ्नोपन र पहिचान हेलम्बु क्षेत्रसँग जोडिएको छ । यस क्षेत्रको अध्ययन-अनुसन्धानले समग्र ह्योल्मो समुदायको मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाको प्रतिनिधित्त्व हुने विश्वास गरिएको छ । यस ठाउँबाट बसाइँ सरेर गएकाहरूले भने आफूलाई ह्योल्मो समुदाय भनेर पहिचान दिए तापनि उनीहरूमा स्थानीय संस्कृतिको प्रभाव पर्नु स्वाभाविकै हो, किनभने सांस्कृतिक आत्मसात् (Assimilation) को सिद्धान्तअनुसार पनि बहुसंख्यकको प्रभाव अल्पसंख्यक माथि पर्दछ । यस्तो कुरा वसोवास, जीवनयापनलाई सहज बनाउन पनि बाध्यतावश अपनाइको हुन्छ । त्यस्तै, यस समुदायले ठाउँअनुसार आफूहरूलाई कागते, तामाङ र शेर्पा लेख्ने गरेको पाइन्छ (शर्मा, २०३२, पृ.४०) । यसकारण

ह्योल्मो समुदायको पहिचानमा अन्योल देखिनु स्वाभाविकै हो । अतः समस्त प्रश्नहरूको निराकरण गर्न यस शोधप्रबन्धमा निम्न लिखित शोधप्रश्नहरू निर्माण गरिएका छन् :

१. ह्योल्मो समुदायमा प्रचलित मूर्त सांस्कृतिक सम्पदाहरू के-के छन् ?

२. ह्योल्मो समुदायमा अमूर्त सांस्कृतिक सम्पदाहरू कस्ता छन् ?

३. किन ह्योल्मो समुदायको परम्परागत संस्कृतिमा परिवर्तन आएको हो ?

प्रस्तुत शोधप्रबन्धमा माथि तिन उल्लिखित शोधप्रश्नहरूलाई दृष्टिगत गरेर ह्योल्मो समुदायका इतिहास, मूर्त तथा अमूर्त संस्कृति, मौलिकपन, पहिचान र त्यसको परिवर्तित आयाममा आएको कारणहरूको खोजी गरिएको छ ।

## १.३ अध्ययनका उद्देश्यहरू

यस शोधकार्यका उद्देश्यहरू निम्नअनुसार रहेका छन्:

१. ह्योल्मो समुदायमा भएका मूर्त सांस्कृतिक सम्पदाहरूका बारेमा तथ्य प्राप्त गर्नु,

२. ह्योल्मो समुदायमा भएका अमूर्त सांस्कृतिक सम्पदाहरूको पहिचान गर्नु ,

३. ह्योल्मो समुदायको परम्परागत संस्कृतिमा आएको परिवर्तनका कारक तत्त्वहरूको विश्लेषण गर्नु ।

## १.४ अध्ययनको सीमा

यस शोधप्रबन्धको सीमाका रुपमा ह्योल्मो समुदायको परिचय र उत्पत्तिगत इतिहासको अध्ययनमा केन्द्रित गरिएको छ । त्यस्तैगरी उनीहरूको मूर्त तथा अमूर्त संस्कृति सम्पदालाई प्रस्तुत अध्ययनमा जोड दिइएको छ । यसका साथसाथै ह्योल्मो समुदायको सांस्कृतिक परिवर्तनका कारक तत्त्वहरूको अध्ययनमा प्रस्तुत शोधप्रबन्ध केन्द्रित रहेको छ। यस अध्ययन-अनुन्धानलाई सैद्धान्तिक ढाँचा प्रदान गर्न विभिन्न मानवशास्त्रीय तथा समाजशास्त्रीय सिद्धान्तहरूको प्रयोग गरिएको छ । विशेषगरी समाजशास्त्र तथा सांस्कृतिक मानवशास्त्रका संरचनात्मक-प्रकार्यात्मक, प्रतीकात्मक, सांस्कृतिक परिवर्तन र सांस्कृतिक पर्यावरणको सैद्धान्तिक दृष्टिकोणहरूलाई मात्र आधार बनाएको छ।

## १.५ अनुसन्धान क्षेत्र छनोटको औचित्य


सिन्धुपाल्चोक जिल्लाको हेलम्बु गाउँपालिका वडा नं १ र २ प्रस्तुत शोधप्रबन्धको अध्ययन-अनुसन्धान केन्द्रित रहेको छ । विशेषतः यस क्षेत्रलाई ह्योल्मो समुदायको प्राचीन पुर्ख्यौली थातथलोका रूपमा रहेको मानिन्छ । यसकारण यसक्षेत्रमा ह्योल्मो समुदायको मौलिक संस्कृति जीवन्त रहेको देखिन्छ ।

हेलम्बु गाउँपालिकाको वडा नं. १ मा जम्मा घरधुरी संख्या ६ सय ५६ रहेकोमा ३० घर मगर र घर २५ घर दलित बाहेक ६ सय २६ घरधुरी ह्योल्मो समुदायको रहेको छ (नेपाल सरकार, वि.स. २०६८) । त्यस्तैगरी वडा नं २ मा जम्मा घरधुरी सख्यां ७ सय ६४ रहेको छ जसमा ह्योल्मो समुदायको जम्मा घरधुरी संख्याको ३ सय ६ रहेको देखिन्छ (नेपाल सरकार,वि.स.२०६८) । यस आधारमा हेलम्बु गाउँपालिका वडा नं १ र २ मा रहेका ह्योल्मो समुदायको इतिहास र मूर्त-अमूर्त संस्कृति सम्पदाको अभ्ययन-अनुसन्धान गर्नु औचित्य पूर्ण देखिन्छ । त्यस्तैगरी ह्योल्मो समुदायको मूर्त तथा अमूर्त संस्कृति-सम्पदामा आएको परिवर्तनबारे हेलम्बुबाट बसाइँ-सराइ आएको काठमाडौं, रामेछाप र इलाम जिल्लामा बसोवास ह्योल्मो समुदायको अध्ययन-अनुसन्धान गर्नु औचित्यपूर्ण रहेको छ । यो छनौट प्रतिनिधिमूलक हो ।

## १.६ अवधारणात्मक ढाँचा

अवधारणात्मक ढाँचा त्यस्तो तर्कयुक्त संरचना हो जसले अध्ययन-अनुसन्धानका विषयवस्तुहरू बिचको सम्बन्धलाई मार्गचित्रका रुपमा देखाउँछ वा प्रदर्शन गर्दछ (Grant & Osanlo, 2014) । त्यसैले यस शोधप्रबन्धमा सम्बन्धित विषय, विभिन्न मानवशास्त्रीय तथा समाजशास्त्रीय सिद्धान्तहरूका साथै विषयसँग सम्बन्धित पूर्वसाहित्यलाई मध्यनजरमा राखेर निम्नानुसारको ढाँचा तयार पारिएको छ :

### अवधारणात्मक ढाँचा





## १.७ शोध विधि

यस शोधप्रबन्धका लागि आगमन पद्धति विधिको प्रयोग गरि तथ्याङ्क सङकलन गरिएको छ ।

### १.७.१ अनुसन्धान ढाँचा

प्रस्तुत शोधप्रबन्धमा गुणात्मक शोध पद्धतिद्वारा (Qualitative Research Method) तथ्याङ्क सङ्कलन गरिएको छ । मानवीय गुण, व्यवहार तथा संस्कृतिको अध्ययन विधि अर्थात् जनजातीय अध्ययन विधि (Ethnographic Study) को अनुसरण गरी यो शोधकार्य गरिएको छ । यस शोधप्रबन्धमा उद्देश्यमूलक नमुना छनौट विधि अपनाइएको छ भने तथ्याङ्क सङ्कलनका लागि सहभागीमूलक अवलोकन, अन्तर्वार्ता, प्रश्नावली लक्षित समूहसँग छलफल (Focus Group Discussion) विधि आदि अपनाइएको छ ।




यस शोधप्रबन्धमा जनजातीय अनुसन्धान विधिको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ । जनजातीय अध्ययनअन्तर्गत वस्तुगत र वैज्ञानिक ढङ्गले सिलसिलाबद्ध रुपमा प्रत्यक्ष स्थलगत अध्ययन गरिएको छ (Blackwell, 2015, p.p120-25) । स्थलगत तथ्याङ्क सङ्कलन गरी अध्ययन र विश्लेषणका आधारमा ह्योल्मो, ह्योल्मो समुदायको इतिहास, मूर्त-अमूर्त सांस्कृतिक-सम्पदाहरूको वर्तमान अवस्था र सांस्कृतिक परिवर्तनका बारेमा निष्कर्ष निकाली तथ्यलाई प्रमाणित गरिएको छ ।

### १.७.२ जनसंख्या तथा नमुना छनौट विधि

प्रस्तुत शोधकार्य स्थलगत अध्ययनमा आधारित भएकाले अनुसन्धानलाई तथ्यपरक तथा वैज्ञानिक बनाउन तथ्याङ्कको आवश्यकता पर्दछ । तथ्याङ्क प्राप्त गर्नको लागि सर्वप्रथम नमुना छनौट गर्नु आवश्यक पर्दछ । जातजातीय अध्ययनको नमुना छनौट विधि सम्भावना रहित नमुना छनौट विधिमा आधारित हुन्छ (Bryman, 2016, p. 327) । सम्भावनारहित नमुना छनौट विधिमा तथ्याङ्कको सङ्कलन उद्देश्यपूर्ण हुन्छ । यस शोधप्रबन्धका अध्ययन क्षेत्रहरू हेलम्बु गाउँपालिकाको वडा नं. १ र २ रहेका छन् । यी वडाहरूमा बसोबास गर्ने ह्योल्मो समुदायको इतिहास, संस्कार, मूर्त र अमूर्त संस्कृति जानकार व्यक्ति तथा लामाहरूलाई स्रोत व्यक्तिको रूपमा समावेश गरिएको छ । त्यस्तै गरी ह्योल्मो समुदायको सांस्कृतिक परिवर्तनको अवस्थाको तुलना गर्न काठमाडौं, रामेछाप र इलाम जिल्लाहरूका विभिन्न ठाउँको स्थलगत अध्ययन गरिएको छ ।

### १.७.३ तथ्याङ्क सङकलन विधि

शोधप्रबन्धका लागि तथ्याङ्क सङकलन विधिको महत्त्वपूर्ण भूमिका हुन्छ । त्यसैले यस शोधकार्यको लागि प्राथमिक र द्वितीयक स्रोतहरूको प्रयोग गरिएको छ । जुन निम्न उपशीर्षकहरू वर्णन गरिएको छ ।

#### १.७.३.१ प्राथमिक स्रोत

यस शोधप्रबन्धका लागि निम्न उपशीर्षकहरूमा वर्णन गर्रिको छ ।

#### (क) स्थलगत अध्ययन र अवलोकन विधि

प्रस्तुत शोधप्रबन्धसँग सम्बन्धित तथ्याङ्क सङ्कलनको मुख्य साधन सहभागीमूलक अवलोकन विधि हो । गुणात्मक अनुसन्धानमा संस्कृतिको अध्ययन गर्दा जनजातीय विधि (Ethno–Methodology) अपनाइएको छ । यसका लागि स्थलगत सहभागीमूलक अवलोकन विधिलाई प्राथमिकता दिइएको छ (Cresswell, 2014.p.3) । त्यसैले प्रस्तुत शोधकार्यमा ह्योल्मो समुदायका मूर्त-अमूर्त संस्कृति, परिवार र सामाजिक संरचना, कार्यप्रणाली, विभिन्न संस्कार, रहनसहन, चाडपर्व,जात्रा र धार्मिक जीवनबारे अनुसन्धानकर्ता स्वयम् सहभागी भई तथ्य तथा  सूचना सङ्कलन गरिएको छ । माथि भनिए झैं ह्योल्मो समुदायको संस्कृतिमा आएको परिवर्तनको अध्ययनका लागि काठमाडौं जिल्लाको काठमाडौं महानगरपालिकाको वडा नं ६, बौद्ध र गोकर्णेश्वर नगरपालिका वडा नं २, ५, ६ र ८, रामेछाप जिल्लाको गोकुलगङ्गा गाउँपालिको वडा नं ५ र लिखुतामाकोशी गाउँपीलका वडा नं १ र इलाम जिल्लाका सूर्योदय नगारपालिकाका वडा नं ९ र वडा नं ३ को स्थलगत अवलोकन गरिएको छ । यसबाहेक फोटोग्राफी, अडियो र भिडियो अन्तर्वार्ताका माध्यमद्वारा मार्फत् पनि तथ्याङ्क सङकलन गरिएको छ । वैज्ञानिकतामा बिशेष जोड दिइएको छ ।

## (ख) अन्तर्वार्ता विधि

प्रस्तावित शोधकार्यका लागि तिन किसिमबाट अन्तर्वार्ता लिएको छन; ती हुन्-

### सामान्य अन्तर्वार्ता

प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि स्थलगत तथ्याङ्क सङकलन गर्न सामान्य अन्तर्वार्ता विधि अपनाइएको छ । अवलोकन विधिबाट प्राप्त हुन नसकेका र प्रस्ट नभएका तथ्याङ्कहरूलाई प्रस्ट पार्नका लागि सामान्य अन्तर्वार्ता विधि अपनाइएको छ । यसका लागि सम्बन्धित अनुसन्धान क्षेत्रमा रहेका ह्योल्मो समुदायका लामा, जानकार व्यक्तिसँग सामान्य अन्तर्वार्ता लिइएको छ । यसका लागि विषयगत गहिरो अन्तर्वार्ता (Depeth Interview) का साथै असंरचनात्मक (खुला प्रश्न) प्रयोग गरिएको छ । असंरचनात्मक अन्तर्वार्ता विधिमा आवश्यकताअनुसार थप प्रश्न पनि समावेश गरी थप तथ्याङ्क सङ्कलन गरिएको छ । यस्ता अन्तर्वार्ता वर्णनात्मक र आगमन विधि (Inductive Method) मा आधारित रहेका छन् (Creswell, 2014)।

### विशेष अन्तर्वार्ता

सहभागी-मूलक अवलोकन, फोटोग्राफी र सामान्य अन्तर्वार्ताबाट सबै प्रकारका सूचना, तथ्याङ्क प्राप्त नहुने हुनाले यस अध्ययनमा विशेष अन्तर्वार्ता पद्धति अपनाइएको छ । यसमा ह्योल्मो समुदायको इतिहास, समाज, संस्कृतिसम्बन्धी जानकार, लामा र विषयविज्ञबाट विशेष अन्तर्वार्ता मार्फत् तथ्याङ्क सङ्कलन गरिएको छ । यसरी प्राप्त तथ्याङ्क प्रस्ट पार्नुका साथै तथ्यगत निष्कर्षमा पुग्न सहयोग पुगेको छ ।

### लक्षित समूहसँग छलफल

यस शोध-कार्यमा लक्षित समूह छलफल (Focus Group Discution) विधि पनि अपनाइएको छ । लक्षित समूह छलफल भन्नाले कुनै विशेष शीर्षकमा समूहमा छलफल गराएर निष्कर्ष निकाल्ने कार्य भन्ने बुझिन्छ । अनुसन्धानमा तथ्याङक प्राप्त गर्ने यो पनि एक महत्त्वपूर्ण विधि हो । अवलोकन विधि र अन्तर्वार्ता विधिबाट प्रस्ट हुन नसकेमा प्रश्नहरू लक्षित समूहमा छलफल गराएर प्रस्ट पारिएको छ । यस्तो छलफलका लागि ह्योल्मो समुदायका लामा, जानकार व्यक्ति, अनुसन्धाता र विज्ञहरूको विशेष समूह बनाई तथ्य र सूचना सङ्कलन गरिएको छ ।

## (ग) प्रश्नावली

प्रस्तुत शोध-कार्यमा ह्योल्मो संस्कृतिका विभिन्न पक्षहरूबारे जानकारी प्राप्त गर्ने उद्देश्यले संस्कृतिका विभिन्न पक्षलाई समेट्ने गरी प्रत्यक्ष (Straight) प्रश्नावली तयार गरी वितरण गरिएको छ । प्रश्नावलीमा-शोधकार्यको लक्ष्य समावेश गर्ने उद्देश्यले विषयगत प्रश्नावली तयार गर्नु आवश्यक हुने

हुनाले त्यसलाई पूर्णता दिइएको छ । यस किसिमका प्रश्नावलीहरू स्थलगत आधारमा वितरण गरिएकामा तिनबाट प्राप्त सामग्री सङ्कलन गरी विश्लेषण गरिएको छ ।

माथि उल्लेख गरिए अनुसार अन्तर्वार्ता दिने व्यक्ति र प्रश्नावलीको उत्तरदाताको छनौट गर्दा संस्कृतिसम्बन्धी सबै विषयका ज्ञाता हुनुपर्ने र सबै व्यक्तिमा संस्कृतिसम्बन्धी ज्ञान नहुने, साथै अन्तर्वार्ता दिन र प्रश्नावलीको उत्तर दिन पनि नसक्ने हुँदा लक्षित व्यक्तिसँग पुग्नु पर्ने भएकाले ती सबै प्रक्रिया सम्पन्न गरी व्यक्तिको छनौट उद्देश्य मूलक (Purposive Sampling) विधिबाट गरिएको छ ।

### १.७.३.२ द्वितीयक स्रोत

प्रस्तुत शोध-कार्यका निमित्त प्रकाशित द्वितीयक स्रोतहरूको पनि महत्त्वपूर्ण भूमिका हुन्छ । यिनै स्रोतका आधारमा पनि तथ्याङ्कहरू सङकलन गरिएको छ । द्वितीयक  स्रोतअन्तर्गत प्रकाशित पुस्तक, अप्रकाशित लेख, अनुसन्धान प्रतिवेदन, फुटकर लेख- रचना, जनसंख्या प्रतिवेदन, जिल्लाका प्रोफाइल, नेट, गुगल आदि समेटिएका छन् । ह्योल्मो समुदायबारे सीमित विदेशी, थोरै नेपाली लेखकहरूले संक्षिप्त विवरण प्रकाशित गरेका छन् । यसका अतिरिक्त तिब्बती स्रोत र स्थानीय खेन्पो, गोन्पाका लामाहरूका विवरणात्मक पुस्तकहरू पनि यसमा समेटिएका छन् । त्यस्ता सामग्रीको अध्ययनका लागि नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभागका पुस्तकालय, त्रि.वि.केन्द्रीय पुस्तकालय कीर्तिपुर, राष्ट्रिय अभिलेखालय, केन्द्रीय तथ्याङ्क विभागको पुस्तकालय, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको पुस्तकालय, नेपाल र एसियाली अनुसन्धान केन्द्रको पुस्तकालय आदिमा रहेका सामग्रीहरू अध्ययन गरी त्यसबाट आवश्यक तथ्यहरू सङकलन गरिएको छ । अप्रकाशित कृतिहरूलाई पनि तथ्याङ्कको द्वितीयक स्रोतको रुपमा लिन सकिन्छ (Kothari & Garg, 2017, p.107) । त्यस्तै गरी ह्योल्मो समुदासँग सम्बन्धित अप्रकाशित दस्ताबेज, प्रतिवेदन, शोधप्रबन्ध आदिलाइ द्वितीयक स्रोतका रूपमा प्रयोग गरिएको छ ।

### १.७.३.३ अनुसन्धानात्मक आचार

कुनै पनि अनुसन्धानको क्रममा अनुसन्धानकर्तामा आचार पालनाको ठूलो महत्त्व रहेको हुन्छ । यसका लागि अनुसन्धानकर्ताले पालना गर्नुपर्ने आचार तथा नैतिकता अर्न्तगत अवलोकन गर्दा अन्तर्वार्ता लिदा, समूहगत छलफल गर्दा आदिमा अनुसन्धानकर्ता सहभागी हुनका लागि पूर्व स्वीकृति लिइएको लिनु पर्ने भएकाले त्यसको पूर्णपालना गरिएको छ । यसरी अन्तर्वार्ता तथा सामूहिक छलफलका लागि अनुकूल समय र अनुमति लिएर उत्तरदातासँग अन्तर्वार्ता तथा सामूहिक छलफल गरिएको छ । त्यसरी प्राप्त तथ्याङ्कहरूलाई बिना पूर्वाग्रह अध्ययन-अनुसन्धान गरिनुका साथै शोधप्रबन्ध बाहेक अन्य कार्यका प्रयोजनका लागि भविष्यमा प्रयोग गरिएको छैन । यसका अतिरिक्त अन्तर्वार्ता, छलफल भेटघाट आदिमा पूर्ण गोपनीयता, सावधानी र सर्तकता अपनाइएको छ ।

### १.७.३.४ तथ्याङ्क विश्लेषण

स्थलगत अध्ययनबाट प्राप्त तथ्याङ्कहरूको विश्लेषण गर्नका लागि सर्वप्रथम तथ्याङ्कलाई व्यवस्थापन गरिएको छ । यस्ता व्यवस्थापन विधिहरूमा रूजु गर्ने (Verify), कोडिङ गर्ने (Coding), सम्पादन (Editing) र तालिकीकरण (Tabulation) (Sarantakos, 2005, p. 111) रहेका छन् ।

## १.८ शोधप्रबन्धको रुपरेखा

१.अध्याय : एक परिचय

२.अध्याय : दुई-पूर्वकार्यको पर्यावलोकन

३.अध्याय : तिन-ह्योल्मो समुदायको इतिहास एवम् सिन्धुपाल्चोकको परिचय

४.अध्याय : चार- ह्योल्मो समुदायको मूर्त सांस्कृतिक सम्पदा

५. अध्याय : पाँच-ह्योल्मो समुदायको अमूर्त सांस्कृतिक सम्पदा

६.अध्याय : छ-ह्योल्मो समुदायमा आएको सांस्कृतिक परिवर्तनको आयाम

७.अध्याय :सात-सांराश र निष्कर्ष

परिशिष्टहरू

सर्न्दभ सामग्री

# अध्याय : दुई

# पूर्व कार्यको पर्यावलोकन

## २.१ पूर्वकार्यको पर्यावलोकन

कुनै पनि विषयको अध्ययन-अनुसन्धानमा प्रवेश गर्नुपूर्व त्यस विषयमा पहिलेका विषयविज्ञ तथा अनुसन्धानकर्ताहरूबाट के बिषयमा शीर्षकमा अध्ययन-अनुसन्धान भएको छ ? के कति सम्बद्व लेख तथा पुस्तकहरू प्रकाशित भएका छन् ? निर्ष्कष कस्तो निकालिएको छ ? प्रकाशनका उद्देश्य के-के थिए ? तिनका स्वरूप र सङगठन कस्ता छन् ? समग्रमा प्रकाशनबाट सम्बन्धित विषयमा के कस्ता तथ्याङ्क र सूचनाहरू प्रकाशमा आएका छन् ? आदिबारे विवेचना र मूल्याङ्कन गर्नु आवश्यक हुन्छ । पूर्वकार्यहरूको समीक्षाबाट नै शोध-समस्याको पहिचान र अध्ययनको पुष्टि हुन सक्दछ ।

प्रस्तुत “ह्योल्मो समुदायको संस्कृति र परिवर्तित आयाम” शीर्षकको शोधकार्य पूरा गर्नका लागि ह्योल्मो समुदायको संस्कृति विषयसँग सम्बन्धित पूर्वप्रकाशित कृतिहरूको पर्यावलोकन गरिएको छ । ती कृतिहरूमध्ये तिब्बती भाषामा लेखिएका धार्मिक पुस्तकहरूको पनि यस शोधप्रबन्धमा पर्यावलोकन गरिएको छ । ह्योल्मो समुदायको इतिहास र संस्कृतिका सम्बन्धमा विदेशी विद्वान्हरूले लेखेका पुस्तक तथा आलेखहरू यस शोधकार्यको सान्दर्भिक अंशहरूमा सदुपयोग गरिएको छ । नेपाली लेखकहरूले समेत यस समुदायका बारेमा केही पुस्तक तथा आलेखहरू प्रकाशित गरेका छन् । प्रस्तुत शोधप्रबन्धमा ह्योल्मो समुदायको सामाजिक तथा सांस्कृतिक संरचनाहरूको अध्ययनका लागि अनुसन्धानका जनजातीय एवम् मानवशास्त्रीय अनुसन्धान विधिको शैलीलाई नमुना वा ढाँचाको रुपमा अँगालिएको छ ।

### २.१.१ सैद्धान्तिक साहित्यको पर्यावलोकन

E.B. Tylor (1871) ले *primitive culture* नामक पुस्तकमा के भनेका छन् भने समंग्र रुपमा एकरेखीय रुपमा एक चरणबाट विकास हुँदै जान्छ । यस पुस्तकमा संस्कृतिको विकास हुँदा उद्विकासंग अगाडि बढ्छ भनिएको छ । मानव सभ्यता विकासको क्रममा आदिम समाज वा संस्कृति वर्तमान उद्विकाससंगै बढ्छ । मानव सभ्यता विकासको क्रममा आदि समाज वा संस्कृति वर्तमान समयसम्म आइपुग्नका लागि विभिन्न चरणहरू पार गर्दै आएको पाइन्छ । मानव सभ्यता विकासको क्रममा आदि समाज वा संस्कृति वर्तमान समयसम्म आइपुग्नका लागि विभिन्न चरणहरू पार गर्दै आएको हुन्छ । लेखकका अनुसार संस्कृतिको अध्ययन भनेको नै मानव विकासका विभिन्न चरणहरूको उल्लेख विश्लेषण गर्नु हो । पहिलो चरणमा आदिम जङगली अवस्था, दोस्रो चरणमा बर्बर (कृर्षि) अवस्था र तेस्रो सभ्यताको अवस्थाबारे विश्लेषण गरिन्छ । लेखकले यसरी नै धर्मको उद्विकास पनि एकरेखीयबाट भएको उल्लेख गरेका छन् । पहिलो चरणमा आत्मवाद, दोस्रोमा बहुदेवबाद र तेस्रोमा एक देवतावादको रूपमा क्रमश: विकास हुँदै गएको हुन्छ । लेखकले दिएको संस्कृतिको परिभाषालाई नै विश्वव्यापी मान्यता दिइएको छ । यसरी संस्कृतिको अध्ययनको लागि यो पुस्तक उपयोगी रहेको छ । यो शोधकार्यको लागि यस पुस्तकलाई आधार मानी संस्कृतिको परिभाषा गरिएको छ ।

Lews. H. Morgan (1877) ले *Ancient Society or Research* भन्ने पुस्तकमा अमेरिकामा पहिलेदेखि वस्दै आएका भारतेली इरोकवोइस समुदायका वारेमा अध्ययन गरेका छन् । यस अध्ययनमा विशेष गरी उनीहरूका भेषभूषा, पोसाक, विवाह पद्धति आदिलाई मानवशस्त्रीय उद्विकास सिद्धान्तमा आधारित भई अध्ययन गरिएको छ । Morgan का अनुसार मानव संस्कृतिको विकास क्रमशः निम्न वर्वरता अवस्था, मध्य बर्वर अवस्था भएको भनी हरेक चरणमा संस्कृतिको विकास  क्रमिक रूपमा भएको उल्लेख गरिएको छ । लेखकले आफ्नो अध्ययनमा परिवार र त्यसको बनावटका बारेमा चर्चा गरेका छन् । उनले पहिलो चरणको परिवार हाडनाताको यौन-सम्वन्धमा आधारित, दोस्रो चरणको परिवार पुनालुआ, तेस्रो चरणको परिवार युगल परिवार, चौथो चरणको पितृसत्तात्मक परिवार र पांचौ चरणको परिवार एकलका रूपमा क्रमिक उद्विकास भएको उल्लेख गरेका छन् । यस पुस्तकबाट मानव संस्कृति, परिवारको नातेदारी प्रथा र धर्मको विकासका वारेमा जानकारी प्राप्त हुन्छ ।

A.R Radcliffe –Brown (1952) ले *Stucture and Function in primitive society* नामका पुस्तकमा संरचना प्रकार्यवादका बारेमा विस्तृत रुपमा अध्ययन गरेका छन् । यस अध्ययनले पछि संरचना प्रकार्यवाद सिद्धान्तको रूप लिएको छ । लेखकको पुस्तकमा सामाजिक संरचना भनेको धेरै एकाइहरू परम्परमा मिलेर बनेको एउटा व्यवस्था हो भन्ने अनुसन्धानात्मक धारणा राखेको देखिन्छ । जस्तैः मानिसको शरीरको बनावटलाई लिन सकिन्छ । मानिस पूर्ण हुनलाई उसमा हात, खुट्टा, टाउको नाक, कान, इत्यादि अङ्गहरू मिलेर बनेको हुनुपर्ने उल्लेख गरेका छन् । त्यस्तैगरी उदाहरणका रूपमा घरको संरचनालाई लिन सकिन्छ । घरको बनावटका लागि झ्याल, ढोका, काठ, इँटा, ढुङ्गा, आदिको आवश्यकता रहेको देखिन्छ । लेखकले संरचना प्रकार्यवाद सिद्धान्तलाई व्याख्या गर्नका लागि सामाजिक वस्तु र जैविक वस्तुका विचमा तुलना गरेको पाइन्छ । यस पुस्तकबाट ह्योल्मो समुदायको संरचना प्रकार्यवाद, स्वरूप अध्ययन अनुसन्धान गर्न सहयोग प्राप्त भएको छ ।

Emile Durkheim (1964) ले *The Division of Labor In Society* पुस्तक प्रकाशन गरेको छन् । उनी समाजपरक प्रकार्यवादी हुन् । व्यवस्था र प्रणाली समाजका भाग हुन भनी उनले चित्रण गरेका छन् । उनले यो पुस्तकमा भनेका छन् परम्परागत समाज, यान्त्रिक एकताद्वारा विशेषीकरण भएको हुन्छ । यसमा तुलनात्मक रूपमा श्रम-विभागजन कम हुन्छ खास गरेर विशिष्टीकृत समाज निर्माण हुने चर्चा उनले गरेका छन् । आधुनिक समाज जैविक एकलद्वारा विशिष्टीकृत भएको हुन्छ भन्ने कुरामा उनले जोड दिएका छन् । यस्तो समाजमा श्रम-विभाजनको स्थिति व्यापक हुन्छ भन्ने दृष्टिकोण उनको रहेको छ । परम्परागत समाजका मानिसमा सामान्य प्रकृति विकास भएको हुन्छ । यसमा मानिसहरूले विभिन्न प्रकारका कार्यहरू गर्नका साथै वढी मात्रामा जिम्मेवारी लिनुपर्दछ । परम्परागत समाजका मानिसहरू धर्म, साम्प्रदायिक, नाता सम्वन्ध र सामूहिक भावनाबाट एकतामा वाँधिएका बारेमा उनले अध्ययन गरेका छन् । समाजका सदस्यहरूले गर्नुपर्ने भूमिकामा विशिष्टीकृत हुन गएको उनको स्थलगत अध्ययनको निष्कर्ष रहेको छ । समाजलाई एकतामा राख्नका लागि श्रम-विभाजनको अति आवश्यकता पर्ने चर्चा

उनले गरेका छन् । यस पुस्तकको सहयोगले ह्योल्मो समुदायमा लामा गुरुहरूको कार्य विभाजन सम्वन्धी अध्ययन गर्न सहयोग मिलेको छ ।

Clifford James Greetz (1973) ले *The Interpretationn of Culture* नामक पुस्तकमा इन्डोनेसियाको वाली टापूमा प्रचलित परम्परागत भाले जुधाइको अध्ययन प्रतीकवादमा आधारित भएर महत्त्वपूर्ण अध्ययन गरेका छन् । यस परम्पराले समाजको हैसियत निर्धारण गर्दथ्यो । सामान्य रुपमा कुखुरा जुधाइ खेल जस्तो देखिए तापनि त्यसभित्र विभिन्न अर्थ र प्रयोजन लुकेको अनुसन्धानात्मक विवरणबारे चर्चा गरिएको छ । यसले सामाजिक मर्यादा-क्रम समेत कायम गरेको देखिन्छ । लेखकले त्यस्ता लडाइँका लागि भालेको विशेष हेरचाह, स्याहार-सुसार, तिनको पोषण, भालेका शारीरिक अंगहरूको स्थिति, तिनका बारेमा गहिरो अध्ययन गरेको देखिन्छ । यसरी त्यहाँका मानिसहरूमा विद्यमान परम्परा (भाले जुधाइ) ले उनीहरूको संस्कृति, जीवन पद्धति आदिलाई समेटेको पाइन्छ । यो पुस्तक समग्रमा भाले जुधाइ र तिनका प्रतीकमा आधारित सैद्धान्तिक पुस्तकका रूपमा रहेको छ । यो पुस्तक ह्योल्मो समुदायको संस्कृतिबारे अध्ययन गर्न प्रतीकवादको सिद्धान्तले ठूलो महत्त्व राख्दछ ।

Julian Steward (1988) को *The Concept and Method of Cultural Ecology* सांस्कृतिक उद्विकास अवधारणामा महत्त्वपूर्ण योगदान दिएको पाइन्छ । उनले सांस्कृतिका विविधता, पर्यावरण, संस्कृति निर्माण र विकास सिद्धान्तलाई जोड दिएको देखिन्छ । अमेरिकाको सोसेन आदिवासीको संस्कृतिको अध्ययनपछि सोसोन संस्कृतिको निर्माणमा पर्यावरणीय समयोजनले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको निष्कर्ष लेखकले निकालेका छन् । लेखकले सोसोन आदिवासी वसोवास प्रकृति, परिवारिक संरचना, खाद्य सामग्रीबारे उल्लेख गर्दै खानपानको कारणले निर्माण भएको परिवार संरचनाका वारेमा पनि उल्लेख गरेको देखिन्छ । यस पुस्तकले शोधप्रबन्धमा ह्योल्मो समुदायको संस्कृति निर्माणमा पर्यावरण खेलेको भूमिका वारेमा अध्ययन गर्न सहयोग मिलेको छ ।

Leslie A. White (1988) ले *Energy and The Evolution of Culture* नामक पुस्तकमा संस्कृति उद्विकासका क्षेत्रमा छुट्टै परिभाषा दिएका छन् । संस्कृति उद्विकासको परिभाषा मुख्य गरी प्रविधि एवं ऊर्जाको प्रयोगका सम्वन्धमा आधारित हुन्छ भनी उनले नवीन दृष्टिकोण दिएका छन् । उनले संस्कृतिको विकास मानिसको आवश्यकताहरू पूरा गर्नका लागि भएको उल्लेख गरेका छन् । यो मानिस वाँच्ने माध्यम हो भन्ने अवधारणा विकसित गरिएको छ । लेखकले संस्कृतिको उद्विकासका वारेमा यसरी वर्णन गरेका छन् : ऊर्जा X प्रविधि = संस्कृति निर्माण हुन्छ भन्ने धारण विकास गरेका छन् । उनका अनुसार जति बढी ऊर्जालाई प्रविधिका माध्यमबाट प्रयोग गर्न सकिन्छ, त्यति नै मात्र संस्कृतिको विकास तीव्र रूपमा हुने गर्दछ । आदिमकालका मानिसहरूसँग प्रविधिको अभावले गर्दा ऊर्जाको प्रयोग पनि सीमित भएको देखिन्छ । त्यसैको कारणले गर्दा संस्कृति पनि सीमित रहेको उल्लेख उनले गरेका छन् । उनले समाजमा प्रविधिको विकास पश्चात् नै ऊर्जाको बृद्धिले क्रमशः संस्कृतिको विकास हुदै गएको भन्ने

मान्यता राखेका छन् । यस पुस्तकका माध्यमबाट शोधप्रबन्धका लागि पर्यावरणले संस्कृति निर्माणमा खेलेको भूमिका वारेमा अध्ययन गर्न सहयोग मिलेको छु ।

Alan Bryaman (2016) द्वारा लिखित *Social Research Methods* (सामाजिक अनुसन्धान पद्धति) पुस्तकमा सामाजिक अनुसन्धानका बहुआयामिक पक्षहरूका वारेमा विवरण दिइएको पाइन्छ । सामाजिक अनुसन्धानको प्रकृति र पद्धति व्यवस्था के हो, कहाँनिर अनुसन्धान पद्धति कमजोर हुँदै जान्छ भन्ने पक्षहरूमा स्पष्ट पार्दै, साहित्य समीक्षा कसरी गर्ने भन्ने वारेमा सुरू गरी सामाजिक अनुसन्धानका मूल्य-मान्यताका आधारमा यो पुस्तक तयार पारिएको हो । उनले अनुसन्धान गर्दा धेरै पटक आफैले आफैलाई प्रश्न सोध्नु पर्ने र योजना बमोजिम अनुसन्धान ढाँचाको संरचनाभित्र रहेर अनुसन्धान गर्ने विषयमा प्रस्ट भई उदाहरण सहित गुणात्मक र संख्यात्मक तथ्यलाई विश्लेषण गर्ने भनेर उल्लेख गरेका छन् । यो पुस्तक शोधप्रवन्ध तयार गर्नका लागि सहयोग भएको छ ।

John. W. Creswell (2014) ले *Research Design* नामक पुस्तकमा अनुसन्धान छनौटको दृष्टिकोण, अनुसन्धानको पहिचान र तिन किसिमका अनुसन्धान दृष्टिककोणहरू संख्यात्मक, गुणात्मक र मिश्रित विधिका वारेमा चर्चा गरेका छन् । लेखकले अनुसन्धानको शीर्षक, पूर्व साहित्यको समीक्षा, शोधसार, नमुना पूर्व साहित्यको लेखन शैली आदिका बारेमा उल्लेख गरेका छन् । पुस्तकमा शोध प्रस्तावको संरचना, गुणात्मक, संरचनात्मक, प्रश्नावली, परिकल्पना र अनुसन्धानको ढाँचा आदिका वारेमा चर्चा गरिएको छ । यो पुस्तक शोधकार्यका लागि उपयोग गरिएको छ ।

## २.१.२ प्रयोगात्मक साहित्यको पर्यावलोकन

Gopal Singh Nepali (१९६५) द्वारा लिखित *The Newars* भन्ने पुस्तक नेवार समुदायका बारेमा आधारित रहेर तयार पारिएको छ । लेखकले काठमाडौं जिल्ला अर्न्तगत कीर्तिपुर नगरपालिकाको स्थलगत अध्ययन गरीएर पुस्तक तयार पारेका हुन् । यो अनुसन्धान विशेष गरी जनजातीय अध्ययन विधिको प्रयोग गरी तयार गरिएको छ । यो पुस्तक संरचनागत प्रकार्यात्मक सैद्धान्तिक ढाँचामा तयार गरिएको छ । यस पुस्तकमा सिङ्गो नेवारी समाजको सामाजिक तथा आर्थिक अवस्थाका बारेमा विश्लेषण गरिएको छ । लेखकले पुस्तकमा नेवार समुदायको सामाजिक सङ्गठनका विभिन्न तहबारे उल्लेख गरेका छन् । यस पुस्तकमा नेवारी समुदायको जातीय संरचनाअर्न्तगत पूजारी वर्ग, उच्च जात, उच्च निम्न जात, तल्लो जात र अछुत जातमा वर्गीकरण गरी विश्लेषण गरिएको छ । नेवार समुदायले जातमा आधारित रहेर आ-आफ्ना पेसाको वर्गीकरण गरेको देखिन्छ । यस पुस्तकमा नेवार समुदायको संस्कृतिसँग सम्बन्धित विभिन्न परम्परागत सङ्गठनहरूको विवरण दिइएको छ । यस पुस्तकमा सङ्गठनका उद्देश्यहरूमा विशेष गरी गुठीहरूका बारेमा विस्तृत चर्चा गरिएको छ । त्यस्ता गुठीहरूमा नास पूजा गुठी, सख पूजा गुठी, दशमी गुठी, चह्रे गुठी, अष्ठम गुठी, निसलाछाय् गुठी र होली गुठी आदि रहेका छन् । गुठीको कार्यका बारेमा लेखकले संरचना प्रकार्यवादी सिद्धान्तका आधारमा ब्याख्या गरेका छन् । उनले नेवार समुदायमा रहेका परम्परागत संस्कृतिले कसरी प्रकार्यात्मक कार्य गर्दछ भन्ने बारेमा चर्चा

गरेका छन् । यो पुस्तक जनजातीय मानवशास्त्रीय विधि प्रयोग गरी तयार पारिएको हो । यस पुस्तकमा ह्योल्मो समुदायका बारेमा उल्लेख गरिएको पाइँदैन तथापि प्रस्तुत शोधकार्यका लागि यस पुस्तकलाई जनजातीय अध्ययन विधिको ढाँचाको नमुनाका लागि सहयोगका रूपमा लिन सकिन्छ ।

Sherry B. Otner (1978) को *Sherpas Through Their Rituals* सोलुखुम्बु जिल्लामा बसोबास गर्ने शेर्पा समुदायलाई केन्द्रित गरेर अध्ययन गरिएको पुस्तक हो । यस पुस्तकलाई सात अध्यायमा विभाजन गरिएको छ । यस पुस्तकको अध्याय एकमा शेर्पा समुदायमा प्रचलित संस्कारहरूका बारेमा चर्चा गरिएको छ । अध्याय दुईमा शेर्पा समुदायको अर्थतन्त्र, सामाजिक सङ्गठन, र उनीहरूले अपनाउने बौद्धधर्मका बारेमा उल्लेख गरिएको छ । अध्याय तिनमा शेर्पा समुदायमा गरिने परम्परागत संस्कारहरूमध्ये विशेष गरी विवाह तथा परिवारका बारेमा उल्लेख गरिएको छ । त्यसरी नै उनीहरूको सामाजिक संस्कारहरूको प्रक्रिया र प्रभावका बारेमा पनि चर्चा गरिएको छ । चौथो अध्यायमा शेर्पा समुदायमा अतिथि सत्कार र व्यवहारका प्रकृति बारेमा चर्चा गरिएको छ । अध्याय पाँचमा शेर्पा समुदायमा विद्यमान तान्त्रिक विद्याका बारेमा उल्लेख गरिएको छ । अध्याय छमा शेर्पा समुदायको धर्म तथा सामाजिक सहयोग आदिका बारेमा उल्लेख गरिएको छ । पुस्तकको अध्याय सातमा बौद्धधर्म र शेर्पा समुदायका बारेमा चर्चा गरिएको छ ।

विशेषगरी यो पुस्तक नेपाली समाज र संस्कृतिको अध्ययन-अनुसन्धान र विश्लेषण गर्न प्रतीकात्मक मोडेल (ढाँचा) का लागि नमुना नै रहेको देखिन्छ । यस पुस्तकमा प्रत्येक शीर्षकको व्याख्या र विश्लेषण गरिएको पाइन्छ । यस पुस्तकमा लेखकले शेर्पा समुदायले परम्परागत रूपमा अँगाल्दै आएका संस्कारहरूलाई दृष्टिगत गरी अध्ययन-अनुसन्धान गरिएको छ । यो पुस्तक शेर्पा समुदायका परम्परागत संस्कारहरूबारे विशेषगरी विवाह, परिवार, धर्म, सामाजिक, आर्थिक, सङ्गठन, मृत्यु, तान्त्रिक विधि लगायतका बारेमा केन्द्रित रही तयार परिएको छ । यस पुस्तकमा ह्योल्मो समुदाय, उनीहरूका मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाहरू, ह्योल्मो समुदायको सांस्कृतिक सम्पदाहरूमा आएको परिवर्तन आदि बारे स्पष्टसँग उल्लेख गरिएको पाइँदैन । तर यो पुस्तक जनजातीय अनुसन्धान विधि र शेर्पा समुदायका बारेको अनुसन्धानमूलक सामग्री भएका कारणले प्रस्तुत शोधकार्यमा प्रतीकात्मक मोडेलको अध्ययन गर्न सहयोगी स्रोतका रूपमा लिइएको छ ।

*Fire of Himal An Anthropological Study of the Sherpa of Nepal Himalayan Region* (1989) रमेशराज कुँवर द्वारा लिखित पुस्तक हो । यो पुस्तक विभिन्न १० भागमा विभाजन गरी तयार गरिएको छ । यो पुस्तक जातजातीय विधिमा स्थलगत अध्ययन-अनुसन्धानबाट तयार गरिएको छ । शेर्पा समुदायको प्रचलित संस्कृतिबारे मानवशास्त्रीय सैद्धान्तिक ढाँचाअनुसार पर्यावरणीय सिद्धान्तका आधारमा अध्ययन गरिएको छ । पुस्तकमा शेर्पाहरूका पेसा, आर्थिक आय-आर्जन, पशुपालन, बसाइँ-सराइ र शिक्षाकाबारेमा पनि चर्चा गरिएको छ । शेर्पा समुदायमा स्थानीय मदिरा तथा जाँडको भूमिकाका बारेमा लेखकले उल्लेख गरेका छन् । शेर्पाहरूमा विद्यमान लामा बौद्धधर्म, सांस्कृतिक पूजा परम्परा विधि, चाडपर्वका बारेमा पनि यस पुस्तकमा चर्चा गरिएको छ । यस पुस्तकमा शेर्पा समुदायका थर, नातेदारी

प्रथा, पतिपत्नी विचको सम्वन्ध, जन्म, विवाह र मृत्यु संस्कार आदिका बारेमा उल्लेख गरिएको छ । यो पुस्तकमा ह्योल्मो समुदायका बारेमा उल्लेख नभए तापनि जनजातीय स्थलगत अध्ययन विधिबाट नमुनाको रूपमा तयार गरिएकाले प्रस्तुत शोधकार्यमा नमुनाका रूपमा सहयोगी हुनेछ । यस पुस्तकबाट ह्योल्मो समुदाय र शेर्पा समुदायका बिचको भिन्नता र समानताका बारेमा जानकारी प्राप्त गर्न सकिन्छ ।

Thomas E. Frick (1981) ले *Himalayan household:Tamang demography demographic processes* मा आफ्नो अध्ययन तामाङ समुदायको जनसंख्या र आर्थिक स्थितिमा केन्द्रित भएर गरेका छन् । यो पुस्तक जनजातीय विधि र सैद्धान्तिक आधारमा लेखिएको छ । यो पुस्तक  तामाङ समुदायको आर्थिक अवस्था र उनीहरूको परिवारका बालबालिका केन्द्रित भएर तयार गरिएको देखिन्छ । तामाङ समुदायको परिवारमा बालबालिकाको संख्या र उनीहरूको स्थिति र बनावटले आर्थिक गातिविधिमा प्रभाव पार्ने कुरा यसमा उल्लेख गरिएको छ । त्यसैगरी परिवारको संख्या र संरचनाले त्यस परिवारको आर्थिक अवस्थालाई निर्धारण गर्ने कुरो उल्लेख गरिएको छ । उनको मान्यता-अनुसार तामाङ समुदायको परिवारमा जनसंख्या र आर्थिक गतिविधि एक अर्कामा पूरक रहेको हुन्छ । यस आधारमा तामाङ समुदायमा परिवार र जनसंख्याले उनीहरूको आर्थिक आय -आर्जनमा महत्त्वपूर्ण भूमिका खेल्ने देखिन्छ । यसरी नै ह्योल्मो समुदाय र तामाङ समुदायको बसोबास निकट भएकाले यस सामग्रीबाट उनीहरू बिचको आर्थिक अवस्थाको तुलनात्मक जानकारी पाउन सकिन्छ । फ्रिक तामाङ समुदायको अध्ययनमा मात्र केन्द्रित भए तापनि तामाङ र ह्योल्मो समुदाय बिचको सामिप्यताको कारणले यो अध्ययन प्रस्तुत शोधकार्यमा सहयोगी हुने देखिन्छ ।

David H. Holmberg (1996) ले *Order in Paradox Myth, Ritual, and Exchange Among Nepal's* भन्ने पुस्तकमा नुवाकोटको त्रिशूली नदी र अंख नदीको बिच भागदेखि गणेश हिमाल नजिक बसोबास गर्ने हिमाली तामाङ समुदायका बारेमा अध्ययन गरेका छन् । यस पुस्तकमा हिन्दू तथा बौद्ध संस्कृतिसँग तामाङ समुदाय संस्कृतिको समाजशास्त्रीय तथा ऐतिहासिक दृष्टिकोणले तुलनात्मक अध्ययन गरिएको छ । यस पुस्तकमा तामाङ समुदायको सामाजिक- सांस्कृतिक जीवनसँग जोडिएका संस्कारका बारेमा चर्चा गरिएको छ । लेखकले आफ्नो यस पुस्तकमा तामाङ समुदायको परम्परागत मान्यता, विनिमय प्रणाली, खानपान प्रक्रिया, अर्थव्यवस्था आदिलाई केन्द्रविन्दुमा राखेर विश्लेषण गरेका छन् । तामाङ समुदायमा बढी प्रचलनमा रहेका लाम्बू, वाम्वो, र लामा संस्कृति र संस्कारमा देखिएका अन्तर्विरोध, केही विरोधाभास तथा सामाजिक व्यवस्थामा परेको सकारात्मक प्रभावलाई स्पष्ट पार्न खोजिएको छ । यस पुस्तकमा तामाङ समुदायका जन्म, विवाह र मृत्यु संस्कारहरूबारे उल्लेख गरिएको छ । पुस्तकमा ह्योल्मो समुदायका बारेमा उल्लेख नभए पनि प्रस्तुत पुस्तक जनजातीय अनुसन्धान विधिद्वारा लेखिएको छ । यो प्राथमिक स्रोतमा आधारित रहेर लेखिएको अनुसन्धानात्मक पुस्तक हो । यो पुस्तक नमुनाका रुपमा सहयोगी भएको छ । यो पुस्तक ह्योल्मो समुदायका बारेमा मौन रहे तापनि ह्योल्मो र तामाङ समुदाय बिचको सामिप्यताका देखाउने काम यसमा भएको छ ।

Stanley F. Stevens (1996) द्वारा लिखित पुस्तक *Claiming the High Ground* मा खुम्बु क्षेत्रका शेर्पा समुदायका बारेमा जातजातीय विधिका आधारमा लेखिएको देखिन्छ । लेखकले शेर्पा समुदायको कार्यक्षेत्र अध्ययनका क्रममा सहभागी-मूलक अवलोकन, साक्षात्कार तथा समुदायसँग छलफल गरी सूचना सङ्कलन गरी यो पुस्तक लेखेको देखिन्छ । उनले शेर्पा समुदायको जीवन पद्धतिका बारेमा चर्चा गरेका छन् । यो पुस्तक शेर्पा समुदायले कठिन र प्रतिकूल वातावरणमा पनि कसरी जीवन यापन गर्दछन् भन्ने बारेमा विस्तृत अध्ययन गरी लेखिएको छ । यस पुस्तकमा शेर्पा समुदायले जीवन सञ्चालन गर्न गर्ने सङ्घर्षबारे उल्लेख गरिएको छ । यस पुस्तकमा शेर्पा समुदायको आर्थिक अवस्था, भूमिको प्रयोग, वातावरणीय र सांस्कृतिक परिवर्तन, कृषि तथा पशुपालन आदिमा भएको ऐतिहासिक परिवर्तनका बारेमा चर्चा गरिएको छ । प्रस्तुत पुस्तकमा शेर्पा समुदायको बसोबासका बारेमा उल्लेख गर्ने क्रममा सिन्धुपाल्चोक जिल्लाको हेलम्बु शेर्पा समुदायको बसोबास क्षेत्र रहेको चर्चा लेखकले गरेका छन् । लेखकले ह्योल्मो समुदायलाई शेर्पा समुदायका रूपमा मानेका देखिन्छ । यस पुस्तकमा ह्योल्मो समुदायको इतिहास र संस्कृतिबारे केही पनि उल्लेख नगरिए पनि एकातिर जनजातीय अनुसन्धान विधिमा लेखिएको छ भने अर्कोतिर हेलम्बु शेर्पा समुदायको बसोवास केन्द्र भएको कुराको केही संकेत गरेको छ । यस शोधकार्यका लागि नमुनाका रूपमा यो पुस्तक सहयोगी हुने विश्वास गर्न सकिन्छ ।

Ramesh Raj Kunwar (१९९९) द्वारा लिखित *Himalayn Heritge A Study of Society, Culture and Religion of Nepal* नामक पुस्तकमा नेपालको पूर्वी क्षेत्रको हिमाली पर्यावरणीय पर्यटन, हिमाली समाज, बौद्धधर्महरूका वारेमा चर्चा गरिएको छ । हिमाली भेगका चाडपर्वहरू योर्ताङ, ल्होसार, दुम्जे र मानिरिम्दु पर्वहरूका बारेमा पनि यस पुस्तकमा चर्चा गरिएको छ । यसका अतिरिक्त विभिन्न पूजाका विधिका प्रकार र तोर्मा पूजाका बारेमा पनि चर्चा गरिएको छ । तिब्बती र उत्तरी नेपालमा प्रचलित तिब्बती बौद्धधर्मको विकास र विस्तारका बारेमा लेखकले बिश्लेषण गरेका छन् । लेखकले पुस्तकमा बोनहरूको प्रभाव, राजनैतिक तथा बौद्धधर्मको पुनत्थान लगायत बौद्ध धर्मसम्बन्धी विभिन्न मतको उत्पत्ति र विस्तारका बारेमा पनि उल्लेख गरेका छन् । उनले लामाहरूका गुम्बामा हुने कार्य विभाजन तथा आनी परम्पराका बारेमा पनि चर्चा गरेका छन् । यस आधारमा यो पुस्तक हिमाली बौद्धधर्मको अध्ययन-अनुसन्धानको लागि सहयोगी हुने देखिन्छ ।

### २.१.३ प्रस्तुत समस्यासँग सम्बद्ध साहित्यको पर्यावलोकन

ह्योल्मो समुदायबारेमा लेखिएको सबैभन्दा पहिलो पुस्तक सन्तवीर लामाद्धारा लिखित *तम्वा कइतेनक्वाई रिमठिम* (१९५७) हो । यो पुस्तक मूल रुपमा तामाङ जातिको परम्परागत रीतिथिति र गाथासँग सम्बन्धित छ । तामाङ समुदायका यिनै रीतिथिति, गाथा र गीत उल्लेख गर्ने क्रममा कागते र योल्मालीहरूका बारेमा चर्चा गरिएको पाइन्छ । यहाँ चर्चा गरिएको योल्माली शब्दले ह्योल्मो समुदायलाई नै बुझाउँछ । यसरी ह्योल्मो समुदायका बारेमा चर्चा गर्ने पहिलो पुस्तक यही भएको पाइन्छ । तामाङ, कागते र ह्योल्मो समुदाय भोट सिमानामा बसोवास गर्ने समुदाय भएकाले उनीहरूको भाषामा तिब्बती भाषाको प्रभाव परेको तथ्यलाई यस पुस्तकमा उल्लेख गरिएको छ । कागते, तामाङ र ह्योल्मो समुदाय

एकस्थानमा बस्ने भएकाले यिनीहरूको बोल्ने भाषा मिश्रिण प्रकारको छ । तर ह्योल्मो समुदायलाई शेर्पासँग निकट बनाउन खोजे पनि यो कुरो प्रमाणित हुँदैन ।

शेर्पा समुदायका देवी-देवता र धार्मिक पूजाविधि सामान्यतया एउटै भएको आधारमा ह्योल्मो समुदायलाई एउटै समूहका हुन् भनी लेखकले चर्चा गरेका छन् । ह्योल्मो तामाङ समुदायभित्र पर्ने भए तापनि समान भाषा र धर्मका आधारमा तामाङ र ह्योल्मो एकै समुदायका जनजाति हुन् भन्ने लेखकको तर्क रहेको छ । यस पुस्तकबाट थोरै भए पनि ह्योल्मो समुदायका बारेमा जानकारी प्राप्त गर्न सकिन्छ । तर उक्त पुस्तकमा जनजातीय अनुसन्धान विधिको प्रयोग गरिएको पाइँदैन । यसमा सामान्य विवरणात्मक शैलीमा विषयको वर्णन गरिएको छ । यस पुस्तकमा ह्योल्मो समुदायको इतिहास के हो ? उनीहरूको मूर्त तथा अमूर्त संस्कृति कस्तो छ ? ह्योल्मो समुदायको सांस्कृतिक सम्पदामा परिवर्तनको अवस्थाको स्वरूप के छ ? भन्ने बारेमा स्पष्टसँग उल्लेख भएको पाइँदैन । यस कारण उक्त विषयको अध्ययन-अनुसन्धान गर्नु आवश्यक भएको देखिएको हो ।

*मेचीदेखि महाकाली* (वि.स.२०३१) (भाग दुई) पुस्तकमा सिन्धुपाल्चोक जिल्लाको वस्तुगत अवस्थाको चर्चा गर्ने सन्दर्भमा हेलम्बुका बारेमा सामान्य उल्लेख मात्र गरिएको छ । विशेषतः यस पुस्तकमा यस क्षेत्रको भौगोलिक, आर्थिक र सामाजिक जनजीवनका बारेमा परिचर्चा गरिएको छ । चौतारादेखि पश्चिम कुनामा रहेको स्थान हेलम्बु हो भनी पुस्तकमा चर्चा गरिएको छ । पुस्तकमा हेलम्बु नेपाल राज्यको अत्यन्तै प्रसिद्ध र सुन्दर ठाउँहरूमध्येको एक हो भनिएको छ । यो क्षेत्र प्राकृतिक सौन्दर्यले सिँगारिएको पर्यटकीय स्थलका रूपमा देश तथा विदेशमा समेत दिन प्रतिदिन ख्याति पाउँदै गएको कुरा यस पुस्तकमा उल्लेख गरिएको छ । यस क्षेत्रमा शेर्पा समुदायको बसोबास रहेको र शारीरिक बनावटका आधारमा उनीहरूलाई मंगोल मूलका भनिएको छ । हेलम्बुको वास्तुकलात्मक ढाँचाको बारे पनि यस पुस्तकमा चर्चा भएको छ । घरका छाना कलात्मक ढुङगाबाट छाइएको र यहाँका बासिन्दाहरूको घरको सरसफाइ र अतिथिहरूको सेवा तथा सत्कार गर्ने परम्परा आदिबारे पनि यसमा उल्लेख गरिएको छ । यस पुस्तकमा ह्योल्मो समुदायलाई शेर्पा जातिको रूपमा चिनाइएको छ । तर ह्योल्मो समुदायका बारेमा भने चर्चा गरिएको छैन । हेलम्बुकाबारे करिव पाँच दशक पहिलाको विवरण पुस्तकमा उल्लेख भएकाले यसमा उल्लेख भएका विषयबस्तु सूचनामूलक भने छ । यस पुस्तकको मुख्य उद्देश्य नेपालका समग्र क्षेत्रको आधारभूत जानकारी दिने मात्र रहेको देखिन्छ । उक्त पुस्तक अनुसन्धानका दृष्टिले सान्दर्भिक नदेखिए तापनि केही संकेतमूलक सूचनाका विषयहरू रहेकाले महत्त्वपूर्ण देखिन्छ ।

नेपालका जातजातिका बारेमा नगेन्द्र शर्मा (वि.स.२०३२) द्वारा लेखिएको पुस्तक *"नेपाली जनजीवन"* मा कोचे, गुरुङ, गाइने, चेपाङ, छन्तेल, जिरेल, ज्यापू, ठकुरी, डोल्पाली, तराली मगर, तामाङ, हुम्ली तामाङ, थकाली, थामी, थारु, दुरा ,दनुवार, धिमाल, नेवार, पहरी, पुनेल र बाह्र गाउँले, व्यासी मतवाली, क्षेत्री, मगर, मनाङ्बा, माझी, मेचे, मैथिली, राई, लाप्चे, लिम्बू, लोवा, शेर्पा, सतार, सुनुवार, सुरेल, हायु लगायत विभिन्न जातजातिबारेमा चर्चा गरिएको छ । नेपालका जातजाति र जातीय समूहहरूको अध्ययन-अनुसन्धानका लागि यस पुस्तकबाट सामान्य जानकारी प्राप्त गर्न सकिन्छ । यस

सन्दर्भमा तामाङ जातिका बारेमा चर्चा गर्दै भाषागत दृष्टिले तामाङ, कागते र योल्माली एउटै जातिका हुन सक्दछन् भनिएको छ । पुस्तकमा नेपालको उत्तरी क्षेत्रका बासिन्दा योल्माली वा योल्मो समुदायको भाषा तिब्बती भाषाकै एक शाखा हो भनी लेखिएको छ । यस पुस्तकबाट ह्योल्मो समुदायका बारेमा सामान्य रूपमा मात्र जानकारी लिन सकिन्छ । तर पुस्तक तयार पार्दा आफ्नो भूमिकामा स्पष्ट रूपले आफैले अनुसन्धान गरेको नभएर "मेचीदेखि महाकाली" ग्रन्थबाट विवरण लिएको चर्चा गरेकाले प्रस्तुत पुस्तक अनुसन्धानमूलक देखिदैन । यस पुस्तक बाट सामान्य जानकारी मात्र प्राप्त गर्न सकिन्छ । पुस्तकमा सन्दर्भ सामग्री सूची नदिइएको हुँदा तथ्य विवरणको सत्यतामा प्रश्न उठ्दछ । यसमा सामान्य रूपमा चर्चा मात्र गरिएको छ ।

जनकलाल शर्मा (वि.स.२०३९) द्वारा लेखिएको *नेपाली समाज : एक अध्ययन* नामक पुस्तक प्रस्तुत शोधप्रबन्धको लागि सान्दर्भिक देखिएको छ । कुनै एक विषयमा मात्र केन्द्रित नभई यो कृति कुनै नयाँ र कुनै पूर्वप्रकाशित लेखहरूको संग्रहका रुपमा रहेको छ । प्रस्तुत पुस्तकमा नेपालका केही जातजातिहरूको समेत वर्णन गरिएको छ । यसमा ह्योल्मो समुदायसँग जोडेर परोक्ष सम्बन्ध भएको शेर्पा र तामाङ जातिबारे उल्लेख गरिएको छ । लेखकले शेर्पा र तामाङ समुदायको आफ्नो मूलथलो भन्दा पश्चिमतिर फैलिन नसकेको, तर पूर्वतिर भने हिमालयको काखैकाख हेलम्बुदेखि सोलुखुम्बु हुँदै भारतको दार्जिलिङ, सिक्किम र भुटानसम्म छरिएर बसोबास गरेको कुरा उल्लेख गरेका छन् ।

शर्माले नेपालको परिवेशमा शेर्पा समुदायको बाक्लो वस्ती हेलम्बुदेखि सोलुखुम्बुसम्म रहेको चर्चा गरेका छन्, तर मुख्य बसोबासस्थल सोलुखम्बु क्षेत्र भएको उल्लेख गरेका छन् । यस पुस्तकमा ह्योल्मो भनेर छुट्टै उल्लेख नगरी तामाङ समुदायसँग जोडेर ह्योल्मो समुदायबारे वर्णन गरिएको छ । यसरी प्रस्तुत पुस्तकका माध्यमबाट ह्योल्मो जाति, शेर्पा र तामाङ समुदायसँगको सामिप्यताबारे पनि सामान्य अध्ययन गर्न सहयोग मिल्ने देखिन्छ । तर लेखकले गरेको वर्णन प्राथमिक स्रोत वा द्वितीयक स्रोत केमा आधारित हो ? स्पष्ट उल्लेख नभएको हुँदा सन्दर्भका रूपमा प्रयोग गर्नुपूर्व सत्यता परीक्षण गर्नु भने आवश्यक देखिन्छ । सामान्य रुपमा मात्र उल्लेख गरिएको छ ।

इमानसिङ चेमजोङ (वि.स.२०५१) द्वारा लिखित पुस्तक "*किराँत इतिहास र संस्कृति*" मा तामाङ, योल्मो र कागते जाति बिच भाषागत सामिप्यता रहेको चर्चा गरिएको छ । यसरी नै धार्मिक रूपमा पनि तिनै समुदाय बौद्धमार्गी भएको कुरा उक्त पुस्तकमा उल्लेख गरिएको छ । यसबाट ह्योल्मो र तामाङ समुदाय बिचको भाषिक तथा धार्मिक सम्बन्धबारे अध्ययन-अनुसन्धान गर्न सहयोगी हुने देखिन्छ । लेखकले जनजातीय अनुसन्धान विधिको प्रयोग गरेको पाइँदैन । पुस्तकमा ह्योल्मो समुदायलाई तामाङ समुदासँग राखेर सामान्य चर्चा गरिएको छ ।

परशुराम तामाङ (वि.स.२०५१) ले "*तामाङ जाति*" नामको आफ्नो पुस्तकमा तामाङ समुदायको परिचय, तामाङको प्राचीन इतिहास, उनीहरू बिचको फुपूचेली विवाहका बारेमा चर्चा गरेका छन् । उनीहरूको पारिवारिक सम्बन्ध, ससुराली नाता, अर्थात् प्राथमिक, द्वितीयक र तृतीयक नाता-

सम्बन्धबारे यसमा उल्लेख  छ । लेखकले पुस्तकमा तामाङको इतिहास, भोट- बर्मेली भाषाहरूको उत्पत्तिका बारेमा चर्चा गरेका छन् । तामाङ समुदायको न्वारन विधि, अन्नप्रासन्न, छेवरमा मामाको भूमिका, छोरीलाई गुन्यु-चोलो दिने परम्परा, मृत्यु संस्कार आदिका बारेमा यसमा उल्लेख गरिएको छ । लेखकले पुस्तकमा ल्होसार पर्वका साथै ताम्बा, बोम्बो र लामाहरूले समाजमा खेल्ने भूमिकाका बारेमा उल्लेख गरेका छन् । नमोबुद्ध, स्वयम्भू र बौद्ध जस्ता  धार्मिक तीर्थस्थलहरूका बारेमा पनि पुस्तकमा चर्चा गरेका छन् । यस पुस्तकमा बोन धर्मको तीर्थस्थलका रूपमा कालिन्चोक र गोसाइँकुण्ड भएको उल्लेख छ । त्यसरी नै तामाङहरूका कुलदेवता, स्वाँगे भाइहरू, थर र नाताकुटुम्ब आदिका बारेमा चर्चा गरिएको छ । यस पुस्तकमा ह्योल्मो समुदायका सम्बन्धमा चर्चा नगरिए तापनि जनजातीय अध्ययनका आधारमा तयार परिएको हुँदा प्रस्तुत पुस्तकबाट तामाङ र ह्योल्मो बिचको अन्तरसम्बन्धको तुलनात्मक अध्ययन गर्न मदत पुग्ने देखिन्छ । विशेषगरी तामाङका बारेमा यस पुस्तकमा उल्लेख गरिए तापनि केही सांस्कृतिक पक्ष ह्योल्मो समुदायँग मिल्न गएको पाइन्छ । लेखकले पुस्तक लेख्दा जनजातीय अनुसन्धान विधिको प्रयोग भने गरेका छैनन् ।

परशुराम तामाङकै तामाङ संस्कारमा केन्द्रित भएर लेखिएको “*तामाङ संस्कार*” नामक पुस्तक (वि.स.२०५५) प्रकाशित छ । यस पुस्तकमा तामाङ समुदायका भाषा, शब्द, तामाङ इतिहास, संस्कार, बोम्बो लामा र तम्बाहरूका बारेमा उल्लेख गरिएको छ । यसरी नै विभिन्न संस्कारहरूमा -गर्भधारण, जन्म, न्वारन, भात खुवाइ, छेवर, टाप्चे, गुन्युचोलो दिने, नाक, कान छेड्ने संस्कारहरूका बारेमा यसमा चर्चा गरिएको छ । उनले विभिन्न विवाह र तिनका विधिविधानका बारेमा उल्लेख गरेका छन् । तामाङ समुदायमा प्रचलित बूढो पास्नी गर्ने आफ्नै मौलिक परम्परा रहेको चर्चा यसमा गरिएको छ । तामाङ समुदायको मृत्युसंस्कार तथा दाहसंस्कार, शवयात्रा आदिका बारेमा पनि पुस्तकमा उल्लेख गरिएको छ । पुस्तकमा ह्योल्मो संस्कारका बारेमा चर्चा नगरिए  तापनि तामाङ र ह्योल्मो समुदाय बिच केही धार्मिक संस्कारहरू एकआपसमा अन्तर्सम्बन्धित रहेको देखिन्छ । यसरी संस्कारहरू समान देखिनुको कारण दुवै जाति निङमापा बौद्धमार्गी हुनुले हो । यो पुस्तक तामाङ र ह्योल्मो समुदाय बिचको संस्कारहरूको तुलनांत्मक अध्ययनका लागि सहयोगी हुने देखिन्छ । यो पुस्तक प्राथमिक स्रोतको आधारमा अनुसन्धान गरी प्रकाशित गरिएको देखिन्छ । लेखकले पुस्तक लेखनमा जनजातीय अनुसन्धान शैली र विधिको प्रयोग भने गरेको छैनन् ।

प्रेमप्रसाद लुइटेल (वि.स.२०५५) ले नेपाली इतिहास केन्द्रीय विभाग अर्न्तगत “*इलामका योल्मोवा :एक अध्ययन*” विषयमा स्नातकोत्तर तहको शोधपत्र तयार गरेका छन् । यस शोधपत्रमा इलामका योल्मोवा समुदाय र इलामको ऐतिहासिक विकास, इलाम जिल्लाको परिचय, योल्मोवा समुदायको उद्भवका बारेमा वर्णन गरिएको छ । यसरी नै यसमा इलाम जिल्लामा रहेका योल्मोवा समुदायको बसाइँ-सराइ, सामाजिक एवम् सांस्कृतिक अवस्था, रहन-सहनका बारेमा चर्चा गरिएको छ । उक्त शोधपत्रमा उनीहरूको घरको बनावट, भेषभूषा, खानपान, मानमर्यादा, सत्कार, जन्म, विवाह र मृत्यु संस्कारका बारेमा चर्चा गरिएको छ । साथै यसमा धर्म, चाडपर्व, पेसा, शैक्षिक अवस्था र योल्मो

समुदायको राजनैतिक अवस्थाका बारेमा उल्लेख गरिएको छ । ह्योल्मो समुदायमा हरेक संस्कारमा लामाको महत्त्वपूर्ण भूमिका रहेको कुरो यसमा उल्लेख गरिएको छ । ह्योल्मो समुदाय बसाइँ-सराइका क्रममा इलाम पुगेपछि योल्मोवा भनेर चिनिएका हुन् भन्ने स्थानीयका मान्यताको पनि अध्ययन गरिएको छ । यस शोधबाट इलाममा वसोवास गर्ने योल्मोवा र हेलम्बुको ह्योल्मो समुदायबिचको संस्कृतिको अन्तरवस्तुबारे अध्ययन गर्न सहयोग हुनेछ । यो स्नातकोत्तर तहको शोधपत्रमा सांस्कृतिक अन्तरसम्बन्ध बारे सैद्धान्तिक अवधारणा र जनजातीय शोधविधिको पालना गरिएको पाइँदैन ।

कर्म ग्याल्जेन लामा ह्योल्मो (वि.स.२०५६) को *"धिङसाङ ह्योल्मो"* मा ह्योल्मो समुदाय केन्द्रित पुस्तक हो । यसमा हयोल्मो समुदायको इतिहास, परम्परा, मान्यता आदिबारे विभिन्न कोणबाट चर्चा गरिएको छ । यस पुस्तकमा ह्योल्मो समुदायको संस्कृति, भाषा, लिपी, शिल्प, उद्यम, जीवनपद्धति, सामाजिक संस्था आदिबारे पनि चर्चा गरिएको छ । त्यस सामग्रबाट- ह्योल्मो समुदायबारे सामान्य सूचनामूलक जानकारी पाइन्छ । यो अनुसन्धान विधिमा आधारित पुस्तक भने होइन ।

एन.बि लामा ह्योल्मो (वि.स.२०५७) द्वारा लिखित *"ह्योल्मो समुदायमा प्रचालित छेज्यु पूजा, इतिहासदेखि वर्तमान सम्मका ऐतिहासिक सन्दर्भ "* मा यस समुदायले मनाउने सोनाम ल्होसार पर्वको विवरण दिइएको छ । छेज्यु पूजा ह्योल्मो समुदायको जीवन- दर्शनको रुपमा रहेको उक्त आलेखमा चर्चा गरिएको छ । आलेखमा  यस पर्वको परम्परागत मान्यता र विधिविधानबारे विवरण दिइएको छ । यसमा लोसार र छेज्यु पूजा बिचको अन्तरसम्बन्धबारे चर्चा गरिएको छ । यस आलेखबाट ह्योल्मो समुदायमा प्रचलित छेज्यु पूजा र लोसारका बारेमा सामान्य जानकारी प्राप्त गर्न सकिन्छ । यो कृति पनि सैद्धान्तिक तथा अनुसन्धान विधिको नियम पालन गरी लेखिएको होइन ।

पाल्साङ लामा ह्योल्मो (वि.स.२०५७) ले *"साङ गर्ने विधि"* मा ह्योल्मो समुदायमा रहेका विभिन्न संस्कार, तिनका पारम्परिक विधिविधान, सामाजिक-सांस्कृतिक मूल्य-मान्यता, जीवनदर्शन, परम्परा निर्देशित सामाजिक व्यवहारबारे चर्चा गरेका छन् । यस लेखमा संस्कारगत नैतिक मूल्य, मान्यता लगायतका विषयमा विभिन्न सन्दर्भबाट प्रस्तुत गरिएको छ । यसमा ह्योल्मो समुदायमा प्रचलित साङ (धुप)लाई बढी महत्त्व दिइएको छ । ह्योल्मो समुदायका विभिन्न संस्कारहरूमा साङको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । साङ भन्नाले विभिन्न संस्कारहरूमा शुद्ध गर्नको लागि बालिने धूपलाई बुझिन्छ भन्ने उनको मत छ । उल्लिखित  विवरणबाट उनीहरूमा विद्यमान संस्कारबारे सूचनामूलक सामग्री उपलब्ध हुने विश्वास गरिन्छ । यो लेख पनि माथि उल्लेख भए जस्तै अनुसन्धान विधिमा आधारित छैन । तसर्थ यो सामग्र प्रस्तुत ह्योल्मो समुदायको अध्ययन-अनुसन्धानमा सामान्य मात्र सहयोगी हुन्छ ।

ह्योल्मो लेखक याङजेन लामा (वि.स.२०५७) ले *"ह्योल्मो भेषभूषामा आफ्नै मौलिकता छ"* भन्ने लेखमा ह्योल्मो समुदायको परम्परादेखि वर्तमानसम्मका रहनसहन र सांस्कृतिक स्वरूपबारे जानकारी दिएका छन् । यस लेखमा ह्योल्मो समुदायको परम्परागत पोसाक तथा गरगहनाहरूबारे विस्तृत विवरण दिइएको छ । यस लेखबाट ह्योल्मो समुदायले परम्परादेखि प्रयोग गर्दै आएका परम्परागत

पोसाक तथा गरगहनाहरूका बारेमा अध्ययन र अनुसन्धानगर्न सहयोग पुग्ने देखिन्छ । प्रस्तुत लेखमा पनि कुनै अनुसन्धान विधिको प्रयोग गरिएको पाइँदैन ।

लेखकद्वय प्रयागराज शर्मा र जगमान गुरुङद्वारा (वि.स.२०५७) लिखित *"ब्लो मुस्ताङको सांस्कृतिक सम्पदा" भन्ने* पुस्तक यस सन्दर्भमा सान्दर्भिक रहेको छ । लेखकद्वयले मुस्ताङ जिल्लाका विविध पक्षमा विशेष गरेर लामाबुद्ध, कला वास्तुकला, तिब्बती परम्पराको निरन्तरता आदि विषयमा अध्ययन गरेका छन् । यस अध्ययनअनुसार मुस्ताङको धार्मिक परम्परा र ह्योल्मो समुदायको धार्मिक परम्परा बिच समानता देखिन आउँछ । यस पुस्तकमा ह्योल्मो समुदायका बारेमा नलेखिए पनि अध्ययन-अनुसन्धानको लागि उपयोगी हुनेछ । प्रस्तुत पुस्तक अनुसन्धानमूलक रहेको छ । यस पुस्तकबाट लामा बौद्वधर्मका मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाका बारेमा सामान्य जानकारी प्राप्त गर्न सकिन्छ ।

लेखक चुङवु लामा ह्योल्मोको (वि.स.२०५७) *"ह्योल्मो जनजातिको बिहाबारी र रीतिरिवाज"* शीर्षक आलेखमा ह्योल्मो समुदायमा विद्यमान परम्परागत विवाह परम्पराबारे विस्तृत विवरण दिइएको छ । यसबाट ह्योल्मो समुदायमा प्रचलित विवाह परम्परा र पद्धतिबारे समीक्षात्मक अध्ययनमा सहयोग पुग्नेछ । यस आलेखमा अनुसन्धान विधिको प्रयोग भएको छैन ।

लेखकद्वय ताम्ला उक्याव र याम अधिकारीद्वारा (वि.सं. २०५७) लिखित *"नेपालका जनजातिहरू"* भन्ने पुस्तकमा सिन्धुपाल्चोक जिल्लाको हेलम्बु क्षेत्रमा मूल बसोबास गरी बसेको ह्योल्मो समुदायका रहनसहन, संस्कृति र भाषा, तामाङ र शेर्पा जातिसँग केही समानताका बारेमा गरिएको पाइन्छ । यसमा तामाङ र शेर्पा दुवै जातिसँग समान रूपमा मेल नखाने जातिलाई ह्याल्मो भनेर उल्लेख गरिएको छ । यसमा सामान्य रुपमा ह्योल्मो समुदायलाई नेपालको आदिवासी भनी चर्चा गरिएको छ । लेखद्वयले अनुसन्धान विधिको पनि प्रयोग गरेका छैनन् ।

खेम्पो ङवाङ वोशेर लामाद्वारा (वि.स.२०६३) लिखित *"हिमाली क्षेत्रको नेपाली बौद्ध परम्परा"* पुस्तकमा नेपालको हिमाली क्षेत्रमा गुम्बाहरूको विकासक्रम (विहार), पाली साहित्यमा विहार तथा नेपालका केही महत्त्वपूर्ण गुम्बाहरूको बारेमा व्याख्या गरिएको छ । यस पुस्तकमा लामा बौद्ध समाजमा प्रचलित चार सम्प्रदायहरू ञिमा, कार्ग्युद्, सक्यपा, र गेलुग् सम्प्रदाय तथा बोन सम्प्रदायहरूका बारेमा चर्चा गरिएको छ । यसमा गुम्बा निर्माण गर्ने प्रकियाअन्तर्गत जग्गा (माटो) परीक्षण,ज्योतिषशास्त्रका आधारमा पूजापाठ विधिबारे उल्लेख गर्दै गुम्बामा लामाहरूको कार्य-विभाजन बारेमा पनि स्पष्ट गरिएको छ । गुम्बा निर्माण गर्दा मनाउने उत्सव, जीवन्यास वा प्राणप्रतिष्ठा पूजा, धार्मिक उत्सव, कलाकृति, चित्रकला, बुद्धमूर्ति, कग्युर, तेनग्युर, तेरमा ग्रन्थ तथा छर्योतेन वास्तुकला आदिका बारेमा वर्णन गरिएको छ । हिमाली भेगमा मनाइने लोसारहरू तोला, सोनम, ग्याल्पो आदिका बारेमा पुस्तकमा विस्तृत चर्चा गरिएको पाइन्छ । साथै यसमा गोन्पा बनाउँदा मनाइने उत्सव, गोन्पाको प्राण-प्रतिष्ठा गर्ने, विधि, गोन्पामा गरिने पूजाआजा, गोन्पामा मनाइने धार्मिक उत्सवका बारेमा चर्चा गरिएको छ । पुस्तकमा गोन्पाको कलाकृति, चित्रकला आरम्भ, प्रारम्भिक बुद्धमूर्ति, चित्रकलाको, गोन्पाभित्र स्थापना गरिने मूर्ति,

चित्रकलाहरू र भावचक्रबारे संक्षिप्त वर्णन गरिएको छ । प्रस्तुत अध्ययनमा दोलखा जिल्लाको धार्मिक-ऐतिहासिक विषयवस्तुका दृष्टिकोणले सैद्धान्तिक आधार भने रहेको पाइँदैन ।

लामाद्वारा लेखिएको यस पुस्तकामा कग्युर (बुद्धवचन १०२ ठेली), तेन्ग्युर (२२५ ठेली) र तेरमा आदिका बारेमा चर्चा गरिएको छ । उनले छ्योतेनको परिचय, बौद्धनाथ छ्योर्तेन(चैत्य), स्वयम्भू महाचैत्य, नमोबुद्ध चैत्य, छ्योर्तेनको वास्तुकला, तथागत आठ चैत्यको प्रतीक, छ्योर्तेन र महायानी चैत्यका उल्लेख गरेका छन् । यसमा लामा भिक्षुहरूले गोन्पामा विद्याध्यन गर्ने प्रक्रिया, धार्मिक कार्यमध्ये कर्मचक्र व्यवहार आदिका बारेमा चर्चा गरिएको छ । लेखकले पुस्तकमा दोलखा जिल्लामा रहेका गोन्पाहरूका बारेमा उल्लेख गरेका छन् । यस पुस्तकमा धार्मिक एवम् सांस्कृतिक चाड लोसार,तोला लोसार,सोनाम लोसार, ग्याल्पो लोसार, बौद्ध शेर्पा लोसारका साथै लोसार मनाउने विधिका बारेमा चर्चा भएको छ । लेखकले मणि, मणिको बनौट शैली, मणि दुङछ्युर, मणि लग्कोर, मणि रिङमो, मणि छ्योर्तेन, मपुङ्मणि छय्कोर, मणि ल्युङ्कोर, मणि, दरछ्योद्, महाकारूणिक प्रमुख गुरु शिष्यका ध्यान गरी मणि जप गर्ने विधि, मणि चित्तोत्पाद र मणिको लाभ हितहरूका बारेमा उल्लेख गरेका छन् । पुस्तकमा ञुङन्य, उपोषध व्रत लिने विधि,आठ प्रकारका शीलहरू, ञेन्य र ञुङ्न्य व्रत बिचको भिन्नता, महायान उपोषध अष्टशील लिने विधि, मूलमन्त्र, ञुङ्यको उपवासमा नियम पालन गर्दाको फल , शिल पालन  नगर्दा लाग्ने दोष, शील पालना गर्दा हुने लाभ र ञुङ्न्यको लाभ-हित आदिका बारेमा यसमा चर्चा गरिएको छ । पुस्तकमा सद्दावा, पूजाविधि, स्नान अर्पण, तेस्रो ढोग, भोजन दान, छोगच्यनपा, छययाल्हग्पाका बारेमा उल्लेख गरिएको छ । लेखकले यारच्याङ, छयाफ्ये खुर्वा, ल्हशिङ दोबपु, छ्याङफी दुवा र अपरिमितायु गुरु साधनाको सक्षिप्त वर्णन गरेका छन्  । यस पुस्तकमा साङ्ग पूजाको महत्त्वका बारेमा समेत चर्चा गरिएको छ । यस पुस्तकमा ह्योल्मो समुदायका बारेमा वर्णन नभए तापनि हिमाली बौद्धधर्म परम्परा तथा चाडपर्वहरूको अध्ययन गर्न केही सहयोग पुग्ने देखिन्छ ।

झरेन्द्र बरालद्वारा (वि.स.२०६३) तयार पारिएको *"इलाम जिल्ला पशुपतिनगर गाँउ विकास समितिका योल्मो जातिको सामाजिक तथा सांस्कृतिक जीवन एक अध्ययन"* स्नातकोत्तर तहको संस्कृति विषयको शोधपत्र हो । यो अप्रकाशित शोधपत्र ह्योल्मो समुदायका भाषा, धर्म, संस्कृति, शिक्षा, कृषि, खाद्यबाली, पशुपलान, नगदेबाली, तरकारी, व्यापार तथा उद्योगधन्दा, महिलाहरूको अवस्थाका बारेमा केन्द्रित रहेको छ । शोधपत्रमा योल्मो समुदायको इतिहास, संस्कार, नामकरण, योल्मो समुदायको इलाममा आगमन, बसोबास आदिका बारेमा चर्चा गरिएको छ । ह्योल्मो समुदायको रहन-सहन, भेषभूषा, गरगहना, भाषा- लिपि, शैक्षिक अवस्था, प्रचलित थरहरू, जन्म, विवाहर मृत्यु संस्कार, धर्म, चाडपर्वहरू आदिका बारेमा पनि शोधपत्रमा केही उल्लेख गरिएको छ । शोधपत्रमा उल्लेख भएअनुसार त्यहाँका ह्योल्मो समुदायको हरेक संस्कार-संस्कृति सम्पन्न गर्नका लागि पनि लामाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । यसबाट लामा बौद्धधर्म परम्पराले ह्योल्मो समुदायलाई निर्देशित गरेको देखिन्छ । यस शोधपत्रबाट इलाममा बसोबास गर्ने ह्योल्मो समुदायको सामाजिक तथा सांस्कृतिक जीवनशैलीका बारेमा सामान्य

जानकारी प्राप्त गर्न सकिन्छ । उक्त शोधपत्रमा हेलम्बुबाट बसाइँ-सराइँ गर्ने क्रममा इलाम पुगेका ह्योल्मो समुदायका बारेमा तुलनात्मक अध्ययन गर्न सहयोग पुग्नेछ ।

गोपाल खतिवडाद्वारा (वि.स.२०६५) लिखित इलाम जिल्लाको *"योल्मो जातिको सामाजिक, साँस्कृतिक तथा आर्थिक अवस्था"* शीर्षक शोधपत्र (अप्रकाशित) समाजशास्त्र विषयमा स्नातकोत्तर उपाधिका लागि तयार गरिएको हो । यो शोधपत्र इलाम जिल्लाको पशुपति गाउँ विकास समितिमा बसोबास गर्ने योल्मो समुदायको सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्थाको अध्ययनमा आधारित छ । यस शोधपत्रमा इलाममा बसोबास गर्ने योल्मो समुदायको जनसंख्या, धर्म, शिक्षा, कृषि, पशुपालन, भाषा, भेषभूषा, गरगहना, जन्म संस्कार, विवाह संस्कार, मृत्यु संस्कार आदिका बारेमा चर्चा गरिएको छ । प्रस्तुत शोधपत्रमा व्यापार तथा उद्योगधन्दा, यातायात, संञ्चार र विद्युत लगायतका बारेमा पनि उल्लेख गरिएको छ । शोधकर्ताले शैक्षिक स्थिति, वैवाहिक स्थिति, बहुपत्नी विवाहको प्रचलन, खानेपानीको अवस्था, बिरामी पर्दा उपचार गर्ने स्थान, समुदायमा लाग्ने रोगहरूका बारेमा उल्लेख गरेका छन् । यसमा ह्योल्मो समुदायमा परिवारको प्रकार, ह्योल्मो समुदायको राजनैतिक पहुँच, समाजमा महिलाको स्थिति, अन्य भाषाको जानकारीका सम्बन्धमा चर्चा गरिएको पाइन्छ । उक्त शोधपत्रमा ह्योल्मो समुदायको भेषभूषा तथा अन्य जातिसँगको सम्बन्ध आदिका बारेमा उल्लेख गरिएको पाइन्छ । यसमा ह्योल्मो समुदायको जन्म संस्कार, विवाह- संस्कार, मृत्यु- संस्कार, धर्म- संस्कार, चाडपर्व, नाचगान तथा बाजागाजाहरूको विवरण दिइएको छ । ह्योल्मो समुदायका हरेक संस्कार र संस्कृतिहरू सम्पन्न गर्नका लागि लामाको महत्त्वपूर्ण भूमिका रहने पनि उल्लेख छ । यस शोधपत्रबाट इलाम जिल्लामा बसोबास गर्ने योल्मो समुदायको बारेमा सामान्य सूचना प्राप्त गर्न सकिन्छ ।

चुडादेवसिंह लामाद्वारा (वि.स२०६५) मा प्रकाशित *"नेपालका आदिवासी तथा जनजाति संस्कार एकःपरिचय"* नामका पुस्तकमा नेपालका विभिन्न ५९ वटा जनजातिहरूको छोटकरीमा सामान्य परिचय दिइएको छ । लेखनको क्रममा अल्पसंख्यक ह्योल्मो समुदायका बारेमा छोटकारीमा उल्लेख गरिएको छ । यो पुस्तकमा पनि हेलम्बुलाई नै ह्योल्मो समुदायको मूलथलोका रूपमा औंल्याइएको छ । साथै यस समुदायका मानिसहरू बसाइ-सराइका क्रममा विभिन्न जिल्लाहरू पुगेको बारेमा उल्लेख गरिएको छ । उक्त पुस्तकमा तिब्बती भाषाबाट हेलम्बु नामाकरण भएको चर्चा गरिएको छ । उनीहरूको भाषा, धर्म, घरको बनावट, पेसामा कृषि, पशुपालन र चित्रकला आदिको बारेमा सामान्य उल्लेख छ । यस पुस्तकमा ह्योल्मो समुदायको शारीरिक बनावट, संस्कृति र संस्कार अन्तर्गतका भेषभूषा, खानपान, चाडपर्व, संस्कार, छेवर, विवाह, अन्त्येष्टिबारेमा छोटकारीमा परिचय दिएको छ । यो पुस्तक लेखनका क्रममा जनजातीय अनुसन्धान विधिको प्रयोग गरिएको छैन तापनि ह्योल्मो समुदायबारे सामान्य सूचनाहरू भने प्राप्त गर्न सकिन्छ ।

हेलम्बुको धार्मिक क्षेत्रका बारेमा लेखक न्यिमा धोन्डुव र पुण्य पराजुली (वि.स. २०६६) को *"तीर्थगुप्त क्षेत्र योल्मो तथा यसको इतिहास"* नामक पुस्तक तिब्बती लिपिको धार्मिक ग्रन्थलाई नेपालीमा अनुवाद गरिएको पुस्तक हो । यस पुस्तकमा गुरु पद्मसम्भवले तप गरेका गुफाहरू र गुरुका

प्रवचनहरूका सन्दर्भबारे चर्चा गरिएको छ । यस पुस्तकमा गुरु मिलारेपाले तिब्बतबाट हेलम्बु आएर तप गरेको गुफाका बारेमा पनि उल्लेख गरिएको छ । लेखकहरूले गुरु मिलारेपा तप गर्ने क्रममा रचना गरेका गाथा, धार्मिक मान्यता आधारित लेकगाथा, मिथकबारे उल्लेख गरेका छन् । यस पुस्तकबाट हेलम्बु भेगका धार्मिक स्थलहरूको अध्ययन-अनुसन्धान गर्न सामान्य सहयोग हुनेछ । प्रस्तुत पुस्तकमा हेलम्बु क्षेत्रको धार्मिक स्थान तथा लामा गुरुहरूका बारेमा उल्लेख गरिएको पाइन्छ । विशेषगरी पुस्तक धार्मिक मान्यतामा आधारित छ ।

लामा दावा साङवो योल्मोपाले *"महातीर्थ गुप्त क्षेत्र योल्मो हिमश्रृंखला तथा योल्मो आादिबासीको इतिहास"* (वि.स.२०६७) भन्ने पुस्तक प्रकाशित गरेका छन् । प्रस्तुत पुस्तकमा जम्मा दश अध्यायमा छन् । यस पुस्तकको मूल पाण्डुलिपि तिब्बती भाषामा लेखिएको छ । त्यही मूल प्रतिलाई नेपालीमा अनुवाद गरिएको छ । पुस्तकमा योल्मोको इतिहास, किंवदन्ती, परम्परा, अभिलेख र केही ऐतिहासिक दस्तावेजहरू समावेश गरिएका छन् । लेखकले तिब्बती धर्मगुरू पद्मसम्भव र उनको मत निङमापाबारे पनि चर्चा गरेका छन् । उनले हेलम्बु क्षेत्रमा गुरु मिलारेपा आएर साधना गरेको गुफाका बारेमा उल्लेख गरेको पाइन्छ । तपस्यारत समयमा गुरु मिलारेपाले पारम्परिक मान्यतामा आधारित गाथाहरूको रचना गरेको उल्लेख यसमा गरिएको छ । यस पुस्तकमा योल्मोका गुम्बा परम्परा, लामा परम्परा, संस्कार, चाडपर्व, धर्म, संस्कृति, समाज, कला, वास्तुकला आदिबारे लामाबुद्ध धर्म- परम्परामा आधारित मान्यताका बारेमा सामान्य विवरण दिइएको छ । यस पुस्तकमा ह्योल्मो समुदायमा लामाहरूको मर्यादाक्रम तथा कार्य विभाजन र ह्योल्मो समुदायलाई आदिवासीका रुपमा चर्चा गरिएको छ । प्रस्तुत पुस्तकमा आफ्नो विवरणलाई पुष्टि गर्ने कुनै आधार तथा जनजातीय अनुसन्धान विधि भने प्रयोग गरिएको पाइँदैन।

टोनी हागन (वि.स.२०६८) ले *"नेपालको चिनारी"* नामको पुस्तकमा विभिन्न जातजातिहरूका बारेमा छोटकरीमा परिचय दिएका छन् । यस पुस्तकमा हिमाली भागमा बसोबास गर्ने शेर्पा समुदायका बारेमा पनि संक्षिप्तमा चर्चा गरिएको छ । सिन्धुपाल्चोक जिल्लाको पशिचमी भाग हेलम्बु क्षेत्र शेर्पाहरूको मुख्य बसोबास क्षेत्र भनेर उनले सामान्य विवरण दिएका छन् । उनले ह्योल्मो समुदायलाई शेर्पा जातिका रूपमा उल्लेख गरेका छन् । पुस्तक लेखनमा जनजातीय अनुसन्धान विधिको प्रयोग गरिएको पाइँदैन । यसबाट ह्योल्मो समुदाय तथा शेर्पाहरू बीचको अर्न्तसम्बन्धका बारेमा अध्ययन-अनुसन्धानको लागि सामान्य जानकारी प्राप्त गर्न सकिन्छ । भौगोलिक रूपमा मात्र हेलम्बुमा शेर्पा समुदायको वसोवास गरेका चर्चा उनले गरेका छन् । उनको अध्ययन संक्षिप्त र विवरणात्मक छ ।

डेमलाल घिमिरेद्वारा (वि.सि.२०६८) लिखित समाजशास्त्र तथा मानवशास्त्र विषयको स्नातकोत्तर उपाधिका लागि तयार गरिएका शोधपत्र *"ह्योल्मो जाति सामाजिक सांस्कृतिक अवस्थाः एक समाजशास्त्रीय अध्ययन"* "धो-फाल-पो-छ" मा औं शताब्दीमा गुरु पद्मसम्भव हेलम्बु क्षेत्रमा आएर याङदग गुफु (गुफा) मा तप गरेको उल्लेख गरिएको छ । गरु पद्मसम्भवले यहाँ शिक्षादीक्षा दिनुका साथै हेलम्बुलाई गोप्यस्थानको तपोभूमि भनी उनले लेखेका छन् । निङमापा सम्प्रदायको बसोबास रहेको

ह्योल्मो क्षेत्रमा ११ औ शताब्दीमा तिब्बती बौद्धधर्मका गुरु मिलारेपाले आफ्नो गुरु रिम्पोछेको आज्ञाअनुसार हेलम्बुको सिङगालिङ जङ्गलको बाघगुफामा आएर तप गरेको कुरा यस शोधपत्रमा उल्लेख गरिएको छ । मिलारेपाले तप गर्नका लागि अन्य पाँचजना योल्मोपा शिष्यहरू साथमा लिएको पनि चर्चा उनले गरेका छन् । उनले सिन्धुपाल्चोक क्युल गाउँ विकास समितिमा बसोबास गर्ने ह्योल्मो समुदायको समाजशास्त्रीय पक्षबाट अध्ययन गरेको पाइन्छ । यस शोधकार्यमा ह्योल्मो समुदायको जन्म, विवाह, मृत्यु संस्कार र पूजापाठ आदिको बारेमा सक्षेपमा उल्लेख गरिएको छ । उनीहरूका हरेक संस्कारहरू सम्पन्न गर्न लामाको अनिवार्य भूमिका आवश्यक रहने कुराबारे चर्चा गरिएको छ । उनले योल्मोवा समुदायको सांस्कृतिक पक्षको अध्ययन, लोसार पर्व, छे-च्यू पर्व, न्युङ्ने पूजा, छोग पूजा, न्हारा पर्व, मनीबुम पूजा आदि बारे उल्लेख गरेका छन् । उनले ह्योल्मो समुदायको शैक्षिक अवस्था, आर्थिक अवस्था, कृषि, व्यवसाय, पशुपालन, व्यापारबारे पनि चर्चा गरेका छन् । त्यसरी नै उनले योल्मो समुदायका भाषा, साहित्य तथा राजनैतिक अवस्थाका वारेमा पनि उल्लेख गरेएका छन् । उक्त शोधपत्र स्नातकोत्तर तहको भएकाले यसबाट सामान्य जानकारी मात्र लिन सकिन्छ । विशेषगरी यस शोधपत्रमा इलाम जिल्लामा बसोबास गर्ने ह्योल्मो समुदायको सामान्य अध्ययन मात्र गरिएको पाइन्छ ।

लामा येशे दोर्जे ह्योल्मो (वि.स.२०६९) को *"गुप्त क्षेत्र ह्योल्मो हिमश्रृंखलाको पद्म पुष्पमाला"* नामक इतिहासको पुस्तक पनि तिब्बती लिपिमा लेखिएको नेपाली अनुवाद हो । यस पुस्तकमा हेलम्बु क्षेत्रका धार्मिक गुम्बाहरूको निर्माण प्रक्रिया, इतिहास र विभिन्न समयमा हेलम्बुमा विभिन्न बौद्धधार्मिक गुरुहरू आएर तपस्या गरेको विवरण छ । साथै यस क्षेत्रमा रहेका बौद्धधार्मिक स्थलहरूको महत्त्वका विषयमा पनि चर्चा गरिएको छ । यस पुस्तकबाट ह्योल्मो समुदायको धार्मिक परम्परा र धार्मिक स्थलहरूका बारेमा सामान्य जानकारी प्राप्त गर्न सकिन्छ ।

मोहन गोलेले (वि.स.२०७१) ले वि.स २०६८ को जनगणनाको तथ्याङ्कलाई समूहका आधारमा जिल्लागत रुपमा विभिन्न समूहहरूको जनसंख्या, भाषा तथा धर्महरूका आधारमा विश्लेषण गरेका छन् । यस विश्लेषणबाट जिल्लागत आदिवासीहरूको बसोबास, धार्मिक, भाषागत तथा जनसंख्याका बारेमा ह्योल्मो समुदायबारे पनि अध्ययन-अनुसन्धानका लागि सामान्य रूपमा सहयोग मिल्ने देखिन्छ । प्रस्तुत पुस्तकमा ह्योल्मो समुदायको इतिहास, सांस्कृतिक परिवर्तनबारे चर्चा गरिएको छैन ।

ह्योल्मो समुदायको सांस्कृतिक परम्परा र परिवर्तन बारेमा विशेष उल्लेख नभएको तर यस समुदायले मान्दै आएको तिब्बती बौद्ध परम्पराबारे चर्चा भएको एउटा पुस्तक वि.स. २०७२ मा प्रकाशित भएको छ । लामा दावा योल्मोपाको *"तिब्बती बौद्ध परम्परा, यालुङवंश र योल्मो"* नामक पुस्तक योल्मो काग्य साङाग लाछोगद्वारा प्रकाशित भएको हो । यो पुस्तक तिब्बती बौद्ध परम्परामा आधारित छ । पुस्तक सात अध्यायमा विभाजित छ । पश्चिम तिब्बतमा सामसुङ वंशपछि खास गरेर स्राङचङ गोम्पोको समयदेखि विकसित भएको लामाबुद्ध धर्मको विकासक्रमबारे पुस्तकमा व्याख्या गरिएको छ । यसका अतिरिक्त पण्डित शान्तरक्षित, पद्मसम्भव, कमलशील, अतिशा र दीपंकरहरूको लामाबौद्ध धर्मको विकास र विस्तारमा उनीहरूको भूमिका र योगदानको बारेमा पनि क्रमबद्व विवरण प्रस्तुत गरिएको पाइन्छ ।

यसरी नै विभिन्न तिब्बती सिद्धहरूको भूमिकाका साथै लामाबुद्ध धर्मको विकासमा अवरोध गरेको लाङदार्मा आदि बारे पनि चर्चा गरिएको छ । दोस्रो अध्यायमा लामाबुद्ध विभिन्न समयमा विकसित भएका निङमापा, सक्यपा, कग्युर्पा र गेलुक्पा सम्प्रदाय र मतहरूको विकासक्रम र स्थापनाबारे पनि ऐतिहासिक व्याख्या गरिएको पाइन्छ । तेस्रो अध्यायमा गुप्त क्षेत्र नामकरण गरेर नेपालको सिन्धुपाल्चोक जिल्ला लगायत अन्य हिमाली जिल्लाहरूमा लामा धर्मको प्रवेश, विकास र विस्तारका बारेमा एकपक्षीय ढङ्गले उल्लेख गरिएको देखिन्छ । प्रस्तुत पुस्तकमा नेपालको हिमाली क्षेत्रका विभिन्न लामा अवतार, तिनको परम्परा, उत्तराधिकारी परम्पराका बारेमा पनि चर्चा गरिएको पाइन्छ । यसका अतिरिक्त पुस्तकमा लामा बौद्धधर्ममा प्रचलित षडाक्षरीमन्त्र “ॐ मणि पदमे हूँ” को व्याख्या गर्दै हिमाली क्षेत्रमा प्रचलित लोसार परम्पराहरूका बारेमा चर्चा गरिएको छ । छैटौ र सातौ अध्यायमा यालुङ वंशको इतिहास र विद्यमान लामा- परम्पराका बारेमा उल्लेख गरिएको छ । प्रस्तुत पुस्तक लेखनमा जनजातीय अनुसन्धान विधि पद्धति अपनाइएको पाइँदैन । उक्त पुस्तकमा सन्दर्भ सामग्रीहरूको पनि प्रयोग गरिएका छैन । यसबाट तिब्बती परम्पराको बौद्धधर्म र यहाँको सांस्कृतिक जीवनशैली भएकाले पुष्टि गर्न सहयोग पुग्ने देखिन्छ । उनीहरूका मूर्त तथा अमूर्त सांस्कृति सम्पदाहरू, ह्योल्मो समुदायको सांस्कृतिक रहनसहनमा आएको बारेमा स्पष्ट उल्लेख गरिएको छैन ।

*“लोसार ऐतिहासिकता :एक परिचय”* (वि.स.२०७२) नेपाल योल्मो समाज सेवा संघले प्रकाशित गरेको पुस्तक हो । प्रस्तुत पुस्तकका लेखक लामा दावा साङवो योल्मोपा हुन् । यस पुस्तकमा लेखकले लोसार पर्वको परम्परा, ऐतिहासिकता, लो (वर्ष) फेरिने परम्परा लोसारसँग सम्बन्धित १२ वटा तत्त्वहरू (प्राणीहरू) को परिचय, नेपालमा प्रचलित मुख्य चारवटा लोसार तोला, सोनाम, ग्याल्वो, र तमु लोसारका बारेमा उल्लेख गरेका छन् । यस पुस्तकमा तिब्बतको कोङ्यो प्रान्तमा मनाउने लोसारको परिचयात्मक विवरण समेत प्रस्तुत गरिएको छ । यसरी नै पुस्तकमा लोसारमा प्रयोग हुने  सामग्री र लोसार मनाउने विधिबारे पनि चर्चा गरिएको छ । यस पुस्तकमा योल्मो समुदायको प्रचलित सोनाम लोसार तथा लोसारको ऐतिहासिक महत्त्वका बारेमा पनि विस्तृत उल्लेख गरिएकाले प्रस्तुत सामग्री यस शोधकार्यका लागि सामान्य उपयोगी हुने देखिन्छ ।

लामा पि. पाखरिन (वि.स.२०७३) ले *“गुरु रिन्पोछेका जीवन कहानी संक्षिप्त”* भन्ने पुस्तकमा बौद्धगुरु पद्मसम्भवका आठ नाम, आठ पिता, आठ माताहरू तथा गुरु पद्मसम्भवद्वारा प्रकट भएका आठ स्थानहरूबारे उल्लेख गरेका छन् । यस पुस्तकबाट आवलोकितेश्वर पद्मसम्भवका बारेमा जानकारी प्राप्त गर्न सकिन्छ । यो ठाउँ महागुरु पद्मसम्भवको मार्गनिर्देशनबाट अघि बढेको चर्चा यस पुस्तकमा गरिएको छ । यो पुस्तक धार्मिक पक्षबारे अध्ययन गर्न सान्दर्भिक हुने देखिन्छ । उक्त पुस्तक यस शोधकार्यका लागि सामान्य उपयोगी भएको छ ।

झरेन्द्र बराल (वि.स.२०७३) ले *“ह्योल्मो जातिका सामाजिक संस्कार”* शीर्षकको आलेखमा गौतम बुद्धले योल्मो क्षेत्रको विषयमा “धो-फा- पो-छ” ग्रन्थमा उल्लेख गरिएको भविष्यवाणी अनुसार ८ औं शताब्दीमा महासिद्ध गुरु पद्मसम्भव सर्वप्रथम योल्मो क्षेत्रमा आई याङदग छयेकी डफुग (गुफा) मा

तप गरेको उल्लेख गरेका छन् । उक्त आलेखमा हेलम्बु क्षेत्रलाई तपोभूमि र धार्मिक स्थलका लागि अति महत्त्वपूर्ण गोप्य र पवित्र स्थानका रुपमा लिइएको पाइन्छ । हेलम्बुक्षेत्रलाई पुण्यभूमि बनाई प्राणीलाई आशिष दिएको उक्त आलेखमा चर्चा गरिएको छ । यसरी नै यस स्थानमा कार्ग्यू सम्प्रदायका संस्थापक मार्पा रिम्पोछेको निर्देशनअनुसार महाकवि योगी मिलारेपा (सन् १०५०) ले तिब्बतबाट योल्मो क्षेत्रको सिङ गालिङ जङ्गलको बाघगुफा (तग्फूग सिंगी जोड) मा आएर ३ वर्ष साधना गरेकोबारे उल्लेख गरिएको पाइन्छ । योल्मो समुदायको परिचय, प्रचलित मुख्य थरहरू देवा ङयेतोङ, ङाग छयाग स्याक्या साङपोढुङगी, ल्हलुङ पाल, तेर्न्ये लिङपा, न्याङ न्यिमा होसेर, लामा दोमारे, स्याङपा, ज्यापा, दोङपा, येमा, ल्होचा, च्योपा, ढोङसुवाबारे पनि आलेखमा विवरण दिइएका छन् । यसरी नै ह्योल्मो समुदायमा प्रचलित संस्कारहरूका बारेमा पनि चर्चा गरिएको छ । यस आलेखमा ह्योल्मो समुदायका जन्मसंस्कार, नामकरण, विवाह, मृत्यु संस्कारहरूका विविध पक्षमाथि प्रकाश पारिएको छ । उनले ह्योल्मो समुदायको चाडपर्व सोनाम लोसार लामा बौद्ध परम्पराबाट सम्पन्न गर्ने नियम, विधिको विषयमा चर्चा गरेका छन् । यस आलेखबाट योल्मो समुदायको सामाजिक र सांस्कृतिक अवस्थाका बारेमा सामान्य जानकारी प्राप्त गर्न सकिन्छ ।

राजनलाल जोशी (वि.स.२०७३) ले *"रामेछापका ह्योल्मो जाति"* शीर्षकको पुस्तक प्रकाशित गरेका छन् । विभिन्न परिशिष्ट सहित पाँच अध्यायमा तयार पारिएको यस पुस्तकमा ह्योल्मो समुदायको परिचय, उनीहरूका पूर्वज, ह्योल्मो समुदायमा विद्यमान निङमापा परम्परा, धर्म, गुम्बा परम्परा, चाडपर्व, दर्शन, ज्योतिष-परम्पराकाबारेमा सामान्य किसिमले चर्चा गरिएको छ । यसका अतिरिक्त ह्योल्मो समुदायको जीवनशैली, सामाजिक सङ्गठन र समुदायभित्रको कार्य- विभाजनको नियम व्यवस्थाका बारेमा पनि यसमा चर्चा गरिएको छ । यस पुस्तकका परिशिष्टहरूमा ह्योल्मो भाषा, त्यहाँका वंशपरम्परा र ऐतिहासिक दस्ताबेज (सनदपत्र) समावेश गरिएको छ । त्यसै गरी उनीहरूका देवदेवी, बाल संस्कार, विवाह, मृत्यु, चाडपर्व, साङ, दोमाङ, कुरिम, फोला दार्च्यो, विश्वास पद्धति, स्याल्गार र ज्योतिष आदिका बारेमा उल्लेख गरिएको छ । ह्योल्मो समुदायको जीवनशैली, रहनसहन, सम्पदा, भोजन, पोसाक, सङगठन र नियम, सामुदायिक कार्य, नियम, फसी (अंश), व्यक्तित्त्वको पनि उल्लेख गरिएको पाइन्छ । त्यसरी नै उनीहरूको जन्म, विवाह, मृत्यु संस्कारको बारेमा उल्लेख गरिएको छ । यो अध्ययन मूलतः रामेछाप जिल्लामा बसोबास गर्ने ह्योल्मो समुदायमा केन्द्रित भए तापनि हेलम्बुका ह्योल्मो समुदायको अध्ययनमा तुलनात्मक सहयोग पुग्ने देखिन्छ । यस पुस्तकमा रामेछापमा बसोबास गर्ने ह्योल्मो समुदायको परिचय मात्र दिएको छ ।

अर्का लेखक मधुसूदन पाण्डेयको *"नेपालका जनजातिहरू"* (वि.स.२०७५) नामक पुस्तकमा पनि ह्योल्मो समुदायका बारेमा संक्षिप्त जानकारी दिइएको छ । प्रस्तुत पुस्तकलाई दुई खण्डमा विभाजन गरिएकोछ । पहिलो खण्डमा नेपालमा बसोवास गर्ने किसान, कुमाल, कुसबाडिया, कुसुन्डा, गनगाई, गुरुङ, चिम्तन, चेपाङ, छन्त्याल, छैरोतन, जिरेल, झाँगडा, ठिन्तन, डोल्पो, ताङबे, ताजपुरिया, तामाङ, तोप्केगोला, थकाली, थामी, थारु, थुदाम, दनुवार, दरै, दुरा, धानुक, धिमाल, नेवार, पहरी, फ्री, बनकरिया,

बराम, बाह्रगाउँले, बोटे, ब्यासी, भुजेल, भोटे, मगर, मनाङे, माझी, मार्फाली, मुगाली, मेचे, राई, राउटे, राजवंशी, राजी, लेप्चा, लार्के, लिम्बू, ल्होपा, ल्होमी, सतार, सियार, सुनुवार, सुरेल, शेर्पा, स्याङतान, वालुङ, हायु, ह्योल्मो समुदाय लगायत ६१ जनजातिहरूको परिचयात्मक विवरण दिइएको पाइन्छ । पुस्तकको दोस्रो खण्डमा विभिन्न मातृभाषा-भाषिकाहरूको विवरण उल्लेख गरिएको छ । यसमा भाषाको इतिहास, नेपाल सरकारको भाषिक नीति, केही जनजातिमा विद्यमान अन्धविश्वास र विभिन्न जातीय सङ्गठनहरूको परिचय दिइएको छ । यस पुस्तकमा ह्योल्मो समुदायको जातीय परिचय, नामकरण, भाषा, धर्म, जनसंख्या, आदिबारे संक्षिप्त विवरण विवरण दिइएको छ । प्रस्तुत पुस्तकबाट ह्योल्मो समुदायको सामान्य परिचयभन्दा अरु थप जानकारी पाइँदैन ।

रघुनाथ लामिछाने (वि.स.२०७५) ले *"हेलम्बु: गाथा-व्यथा"* शीर्षकमा हेलम्बुको अल्पसंख्यक ह्योल्मो समुदायको परिचय दिइएका  छन् । उनले ह्योल्मो समुदायको मुख्य आर्थिक स्रोतका रूपमा वैदेशिक रोजगार र पर्यटन व्यवसाय रहेको उल्लेख गरेका छन् । लेखकले हेलम्बुको शैक्षिक स्थिति, पशुपालन, खेतीपाती, तथा भौगोलिक आकर्षण आदिका बारेमा पनि चर्चा गरेका छन् । उक्त लेखबाट हेलम्बुको मेलम्ची घ्याङको बारेमा सामान्य जानकारी प्राप्त गर्न सकिन्छ । यो लेख अनुसन्धान विधिको प्रयोग नगरी यात्रा- विवरणका रूपमा मात्रै लेखिएको छ ।

अर्का लेखक राजेश्वर थापा (वि.स.२०७५) ले *"ल्होसार"* नामको पुस्तकमा ल्होसारको इतिहास, उत्पत्ति तथा विभिन्न ल्होसारहरू तोला, सोनाम तथा ग्याल्वो ल्होसारहरूको बारेमा पनि संक्षिप्तमा उल्लेख गरेका छन् । यस पुस्तकमा नेपालमा ल्होसार मनाउने जातिहरू र समुदाय लगायत ल्होसार मनाउने पद्धतिका बारेमा पनि छोटकरीमा उल्लेख गरिएको छ । मुख्य गरेर यस पुस्तकमा ह्योल्मो समुदायले मनाउने सोनाम लोसार, यसको विधि, प्रक्रिया, औचित्य र सामाजिक प्रभावबारे चर्चा गरिएको छ । यस पुस्तकले सोनाम लोसार पर्वको अध्ययन-अनुसन्धानको लागि सामान्य सहयोग पुग्ने देखिन्छ । प्रस्तुत पुस्तक जनजातीय अनुसन्धान विधिमा लेखिएको छैन । लेखकले पुस्तकमा सन्दर्भ सामग्रीहरूको प्रयोग समेत गरेका छैनन् ।

परशु घिमिरेद्वारा (वि.स.२०७६) *तरुण साप्ताहिक* पत्रिकामा प्रकाशित *"विकास कथा"* शीर्षकको लेखमा हेलम्बु गाउँपालिकाको परिचय, हेलम्बुमा रहेको चिरी गुम्बा, तार्केघ्याङ, मेलम्ची घ्याङ, सेर्माथाङ गुम्बाहरूका बारेमा लेखमा चर्चा गरिएको छ । यस लेखमा उनले हेलम्बु क्षेत्रको पर्यटन, त्यहाँको पर्यटकीय आकर्षण, सम्भावना र वर्तमानमा विस्तारित हुँदै गएको होमस्टे आदिका बारेमा पनि उल्लेख गरेका छन् । यस लेखबाट हेलम्बुको पर्यटकीय सम्भावना र त्यससँग जोडिएका पक्षहरूबारे सामान्य जानकारी पाउन सकिन्छ । हेलम्बु क्षेत्रका लामा बौद्ध- परम्परा, गुम्बा र धार्मिक पर्यटन केन्द्रका बारेमा चर्चा गरिएको छ । यो सामान्य लेख मात्र भएकाले अनुसन्धान विधिद्वारा लेखिएको देखिदैन । यसमा हेलम्बुको सामान्य परिचय मात्र दिइएको पाइन्छ । यो लेख हेलम्बुको पचियमा मात्र केन्द्रित छ ।

परशु घिमिरेले पुनः अर्को लेख हेलम्बुमै केन्द्रित भएर (वि.सं.२०७६) *"हेलम्बु गुप्त क्षेत्रवेयुल"* शीर्षकमा हेलम्बु क्षेत्रमा रहेका पुराना र नयाँ गरी ३५ वटा गुम्बा तथा तिब्बती शैलीका बुद्ध मूर्तिहरूको विवरण दिएका छन् । यस लेखमा हेलम्बु गाउँपालिका पर्यटकीय दृष्टिकोणले महत्त्वपूर्ण क्षेत्रका रूपमा रहेको चर्चा गरिएको छ । लेखमा लेखकले हेलम्बुलाई प्राचीनकालदेखि बौद्धमार्गीहरूको महत्त्वपूर्ण धार्मिक तीर्थस्थका बारेमा उल्लेख गरेका छन् । यस लेखबाट पनि हेलम्बु क्षेत्रको सामान्य जानकारी प्राप्त गर्न सकिन्छ । प्रस्तुत लेख त्यहाँको गुम्वाहरूको परिचयमा केन्द्रित छ ।

Fure–Haimendorf, Christoph von (1957) को Unpublish fieldnotes मा ह्योल्मो समुदायलाई ऐतिहासिक कागते जनजाति भनी परिचय दिएका छन् । उनले लमजुङ, इलाममा बसोबास गर्ने ह्योल्मो समुदायलाई पनि यही समूहमा राखेर चर्चा गरेका छन् । विशेष गरेर रामेछापमा बसोबास गर्ने ह्योल्मो समुदायले नेपाली कागज उत्पादन गर्ने व्यवसाय गरेकाले सम्भवतः उनको संकेत त्यतातिर मिल्न जान्छ । यसरी लेखकले इलाम, रामेछाप र लमजुङ जिल्लामा बसोबास गर्ने ह्योल्मो समुदाय बिच सामाजिक,सांस्कृतिक, पेसागत विषयमा समानता रहेको उल्लेख गरेका छन् । यसमा सिन्धुपाल्चोक जिल्लाको ह्योल्मो समुदायको चर्चा नगरिए तापनि ह्योल्मो समुदायका बारेमा यस लेखबाट सामान्य जानकारी प्राप्त गर्न  भने सकिन्छ ।

Dor B. Bista (1980) द्वारा लिखित पुस्तक *People of Nepal* मा विभिन्न जातजाति ब्राह्मण, क्षेत्री र पेसागत, नेवार, राई, लिम्बू, तामाङ, मगर, सुनुवार, जिरेल, गुरुङ, थकाली, पाँच गाउँले चेपाङ, राजपुत, थारु, दनुवार, माझी, दराई, राजवशी, सतार, धिमाल, वोडो, ढागर, मुस्लिम, शेर्पा, ल्होमी, ताप्किगोला, लोप्पा, वाह्रगाउँले, माङबा र राउटे आदिको विवरण छ दिइएको । उनले जातिको परिचय, मुख्य पर्व, पेसा, जन्म, विवाहदेखि मृत्यु-संस्कारसम्म तथा गुम्बाहरूका बारेमा चर्चा गरेका छन् । उनले शेर्पा समुदाय हिमाली क्षेत्रमा बसोबास गर्ने र भाषागत तथा धार्मिक रुपमा तिब्बती मूलकै भएको उल्लेख गरेका छन् । यस पुस्तकमा पद्ममसम्भव, शेर्पा समुदायको नातेदारी प्रणाली तथा थरहरूका बारेमा पनि चर्चा गरिएको छ । यसपुस्तकबाट हिमाली भेगमा बसोवास गर्ने शेर्पा र ह्योल्मो समुदाय बीचको सम्बन्धका बारेमा अध्ययन-अनुसन्धान गर्न सहयोग लिन सकिन्छ । यस पुस्तकमा हेलम्बुका ह्योल्मो समुदाय शेर्पा समुदाय अन्तगर्त राखिएको छ । यद्यपि शेर्पा र ह्योल्मो समुदायका बिच केही समानता भएको देखिन्छ तथापि यसबारे दुबै समूहको सांस्कृतिक अध्ययनबाट थप तथ्य प्रस्ट हुने विश्वास गर्न सकिन्छ । लेखकले ह्योल्मो समुदायको सामाजिक तथा सांस्कृतिक बनावट बारेमा भने चर्चा गरेका छैनन् ।

Graham E. Clark (1980 (a)) ले आफ्नो लेख *Helembu History* मा ह्योल्मो समुदायलाई भाषागत रुपमा आलु र मुलासँग जोडेर व्याख्या गरेका छन् । ह्योल्मो समुदाय बसोबास गर्ने क्षेत्र हेलम्बुमा आलु र मुला खेती प्रशस्त हुने भएकाले यही हेलम्बु शब्दबाट नै ह्योल्मो नामकरण भएको उल्लेख गरेका छन् । तिब्बती भाषामा आलुलाई "हे" र मुलालाई "लभु" भनिन्छ । यी दुई शब्दबाट "हेलभु" हुँदै "हेलम्बु" हुन गएको भन्ने मान्यता उनको छ । ह्योल्मो समुदाय बसोबास गर्ने स्थानहरू

अधिकांश रुपमा हिउँ प्रभावित क्षेत्रहरू हुन् । तिब्बती भाषामा पर्दारुपी हिउँले ढाकिएको ठाउँलाई "ह्योल्मो गाग्रा" भन्ने गरिन्छ । यसरी नै तिब्बती भाषामा ह्योल्मो समुदायको उत्पत्तिस्थल हेलम्बुलाई ह्योल्मोकै रूपमा चिनारी दिएको पाइन्छ । लेखकको यस लेखबाट ह्योल्मोको अर्थ र इतिहासका बारेमा संक्षिप्तमा चर्चा गरेका छन् । यस सामग्रीको अध्ययनबाट ह्योल्मो समुदायको जातीय परिचय र इतिहास बारे जानकारी पाउन सकिन्छ । प्रस्तुत लेखमा लेखकले अनुसन्धान विधिको प्रयोग गरेका छन् ।

Bishop Naomi. H (1998) द्वारा लिखित लेख *Himalayan herders : Case studies in culture anthropogy* मा मेलम्ची क्षेत्रमा बसोवास गर्ने ह्योल्मो समुदायको सामाजिक तथा आर्थिक अवस्थाको अध्ययन गरिएको छ । यस पुस्तकमा त्यहाँको आर्थिक स्थितिबारे बढी चर्चा गरिएको छ । प्रारम्भमा ह्योल्मो समुदायको मुख्य पेसा कृषि र पशुपालन भएको चर्चा गरिएको छ । हेलम्बुमा वर्तमान समयमा पर्यटन, वैदेशिक रोजगार लगायतका व्यवसाय हुने गरेको छ । यस लेखमा ह्योल्मो समुदायको आर्थिक स्थिति, त्यसको परिसूचक मापदण्डबारे सूक्ष्म रूपमा अध्ययन गरिएको छ । यस लेखमा स्थानीय तामाङ समुदायले मेलम्ची घ्याङमा पुरोहितका लागि ह्योल्मो समुदायलाई तिब्बतबाट बोलाएर ल्याइएको हो भन्ने विश्वास रहेको उल्लेख गरिएको छ । यो भनाइ ऐतिहासिक तथ्य र ह्योल्मो समुदायको वंशावलीको कुरासँग मेल खाएको पाइदैन । यस क्षेत्रमा तामाङ समुदाय शताब्दीयौंदेखि बसोबास गर्दै आएको स्थानीयहरूको भनाइलाई आधार मानेर उनले उल्लेख गरेका छन् । लेखकले ह्योल्मो नामकरण पनि तिब्बती भाषाबाट भएको भनेका छन् । तिब्बती भाषामा ह्योल्मोको अर्थ हिमालयले ढाकिएको पहाड भन्ने हुन्छ । यसबाट प्रस्तुत शोधकार्यमा सहयोगी हुने देखिन्छ ।

मुकेश लामाद्धारा लिखित (२००२) पुस्तक *"पद्मसम्भवको जीवनी"* मा बौद्धगुरु पद्मसम्भवले बाल्यकालदेखि तिब्बतमा गएर बुद्धधर्मको प्रचार-प्रसार तथा विभिन्न स्थानहरूमा दिएका धार्मिक प्रवचनहरू समेत समावेश गरिको छ । विशेष रूपमा यस पुस्तकमा बौद्धधर्मको निङमापा सम्प्रदाय र धर्मको विकासका लागि पद्मसम्भवले विभिन्न समयमा तप गरेका स्थानहरूका बारेमा उल्लेख गरिएको पाइन्छ । उक्त पुस्तकबाट ह्योल्मो समुदायले अपनाएको बौद्धधर्मको निङमापा सम्प्रदायको बारेमा बिस्तृत जानकारी प्राप्त गर्न सकिन्छ । यस पुस्तकवाट प्रस्तुत शोधकार्यका लागि अध्ययन-अनुसन्धान गर्न सहयोग मिल्ने देखिन्छ । यहाँका ह्योल्मो समुदाय हिमाली बौद्धधर्मअन्तर्गतको निङमापा मतका अनुयायी हुन् भन्ने अरूको मत जस्तै यिनको पनि रहेको छ ।

डोरवहादुर विष्ट (२००२) द्वारा लिखित (२००२)*"सबै जातको फुलबारी"* नामक पुस्तकमा विभिन्न २६ जातजातिहरूका बारेमा उल्लेख गरी तिनीहरूको परिचय विवरण उल्लेख दिइएको छ । नेपालको जातजातिको मानवशास्त्रीय तथा समाजशास्त्रीय अध्ययन गर्ने अनुसन्धानकर्ताहरूको लागि यस पुस्तकले महत्त्वपूर्ण सहयोग पुऱ्याउने देखिन्छ । यस पुस्तकमा "हामी हिमाली" शीर्षक दिएर नेपालको हिमाली भेगमा बस्ने जातजातिको बारेमा उल्लेख गरिएको छ । किराती राई, खस, गरुङ, चेपाङ, तामाङ, थकाली, थारु, दनुवार, माझी, दराई, धाँगढ, धमाल, बोडो, नेवार, पाँचगाउँले, बाहुन, क्षेत्री, मगर,

मधेशको बाहुन, राजपुत, मुसलमान, राउटे, राजवंशी, लिम्बू सतार, जिरेल, हामी हिमाली आदिका बारेमा लेखकले चर्चा गरेका छन् । लेखकले सिन्धुपाल्चोक जिल्ला हेलम्बु गाउँ विकास समितिको तार्के घ्याङ भन्ने स्थानका बारेमा चर्चा गरेका छन् । यस पुस्तकले हेलम्बु भेगमा शेर्पा समुदायको बसोवास छ भन्ने जानकारी दिन्छ । प्रस्तुत पुस्तकका आधारमा ह्योल्मो र शेर्पा समुदाय बिचको सम्बन्धका बारेमा अध्ययन-अनुसन्धान गर्न मदत मिल्ने देखिन्छ । यति मात्र होइन, यस पुस्तकबाट हिमाली क्षेत्रमा बसोबास गर्ने अन्य जातिहरूका बारेमा पनि जानकारी पाउन सकिन्छ । यस वाट शेर्पा र ह्योल्मो समुदाय बीचको अन्तरघुलन, समीकरण र अन्त्यमा शेर्पा समुदाय नै ह्योल्मो समुदायमा रूपान्तरित भएको संकेत पाइन्छ । यो विषय यस अध्ययनको महत्त्वपूर्ण पाटो हो । यो पुस्तक अनुसन्धानमूलक नभईकन विवरणात्मकक रहेको छ । यस पुस्तकबाट हेलम्बु क्षेत्रका बारेमा जानकारी लिन सकिन्छ ।

अजितमान तामाङ (२००३) द्वारा लिखित *"लोसारको इतिहास"* नामक पुस्तकमा लोसारको परिभाषा र लोसार मान्ने समुदायहरू तामाङ, गुरुङ लगायत लोसारको  परिचय र तिनका अर्थका बारेमा उल्लेख गरिएको छ । यसका साथै यस पुस्तकमा तिब्बती ज्योतिष तथा खंगोलशास्त्रको सामान्य परिचय दिइएको छ । नेपालका तामाङ, गुरुङ र शेर्पा समुदायले मनाउने लोसार पर्व र तिनको महत्त्वका बारेमा पनि विस्तृत रुपमा व्याख्या गरिएको छ । यस पुस्तकबाट लोसारका बारेमा जानकारी प्राप्त गर्न सकिन्छ । लेखकले पुस्तकमा ह्योल्मो समुदायका बारेमा केही उल्लेख नगरे तापनि तामाङ समुदायले मनाउने सोनाम लोसारका बारेमा उल्लेख गरेका छन् । ह्योल्मो समुदायले पनि परम्परादेखि आफनो मुख्य चाडका रुपमा सोनाम लोसारलाई मनाउँदै आएको देखिन्छ । उक्त पुस्तकबाट ह्योल्मो समुदायले मनाउने सोनाम लोसारका बारेमा जानकारी प्राप्त गर्न सकिन्छ । यस पुस्तकमा ह्योल्मो समुदायको इतिहास, संस्कृति लगायत उनीहरूको संस्कृतिमा आएको परिवर्तन बारेमा भने चर्चा गरिएको पाइँदैन । यस पुस्तकमा सन्दर्भ सामग्रीहरूको प्रयोग गरिएको छैन । त्यसैले यसको आधिकारिकतामाथि प्रश्नचिह्न खडा भएको पाइन्छ ।

मेरिया अन्ना हरी र छेगु (२००४) द्वारा लिखित *"ह्योल्मो-नेपाली-अग्रेजीशब्दको"* पृष्ठ ८४७ मा ह्योल्मो समुदायका मूर्त तथा अमूर्त संस्कृति लगायत सांस्कृतिक शब्दहरू उल्लेख गरिएको छ । यसबाट उनीहरूको भाषिक तथा सांस्कृतिक परिचयका बारेमा जानकारी लिन सकिन्छ । उक्त पुस्तकबाट ह्योल्मो समुदायका मातृभाषाका विभिन्न शब्दहरू- बारे जानकारी लिन  सकिन्छ ।

Sparkes, Stephen and  Binod Pokherl (2003) द्वारा लिखित लेख *Ethnic minority development Plan* मा लेखकद्वयले ह्योल्मो समुदायमा रहेका विभिन्न थरहरूबारे चर्चा गरिएको छ । यस्ता थरहरू दोङ, विरचन, झ्यापा, स्याङबा, चुज्याङ, सल्ना र निङमा हुन भनेर उल्लेख गरिएको छ । उपर्युक्त सातवटा थरहरू बिचको पारिवारिक- सांस्कृतिक सम्बन्धका विभिन्न आयामबारे चर्चा गरिएको छ । ह्योल्मो समुदायमा थरका रुपमा लामा लेख्ने, सम्बोधन गर्ने प्रचलन रहेको छ । यस लेखबाट ह्योल्मो समुदायमा विद्यमान नातेदारी प्रणाली, कार्य विभाजनको आधार, थर र वैवाहिक तथा संस्कार

परम्पराबारेमा सामान्य जानकारी लिन सकिन्छ । उक्त लेख जनजातीय अनुसन्धान विधिको प्रयोग गरी तयार गरिएको हुनाले यस शोधकार्यका लागि उपयोगी हुने देखिन्छ ।

Binod Pokharel (2005) ले *Adaptation and Identity of Yolmo* नामक लेखमा ह्योल्मो समुदायका बारेमा केही विवरण दिएका छन् । लेखकका अनुसार सिन्धुपाल्चोक जिल्लाको पश्चिम भाग मेलम्चीमा १८ औं शताब्दीमा तिब्बतबाट ह्योल्मो समुदाय आएको हो । लेखकले ह्योल्मो समुदायमा आय आर्जनका विभिन्न स्रोतहरू पर्यटन, श्रमिक र वैदेशिक रोजगार आदिबारे चर्चा गरेका छन् । लेखकले उनीहरूका आर्थिक जीवनपद्धतिमा आएको परिवर्तनले पनि त्यहाँका विभिन्न मौलिक संस्कृतिलाई संरक्षण गर्न सफल रहेको कुरा उल्लेख गरेका छन् । यसका लागि विशेष रूपमा गुम्बाहरूको महत्त्वपूर्ण भूमिकाबारे उनले चर्चा गरेका छन् । साथै लेखकले सम्पूर्ण गुठीका कार्यहरू गुम्बावाटै सम्पन्न गरिने व्यवस्था बारेमा पनि उल्लेख गरेका छन् । यस लेखबाट ह्योल्मो समुदायको समाज सञ्चालनमा गुम्बाको भूमिका लगायत आर्थिक र सांस्कृतिक अवस्थाका बारेमा जानकारी पाउन सकिन्छ ।

Lauren Gawne (2009) ले रामेछाप र लमुजङमा वसोवास गर्ने ह्योल्मो समुदायको सांस्कृतिक अभ्यासका बारेमा अध्ययन गरेका छन् । लेखकले ह्योल्मो समुदायको मुख्य पुर्ख्यौली थातथलो नुवाकोट र सिन्धुपाल्चोक जिल्लाहरू रहेको उल्लेख गरेका छन् । यिनै पुर्ख्यौंली थातथलोबाट अवसर र सुविधाको खोजी गर्दै बसाइँ-सराइको क्रममा रामेछाप, लमजुङ र इलाम लगायतका अन्य जिल्लाहरूमा उनीहरू पुगेका हुन् भनेर उल्लेख गरेका छन् । उक्त लेखमा लेखकले पहिले ह्योल्मो समुदायलाई लमजुङ जिल्लामा गुरुङहरूले सामाजिक र पारिवारिक रुपमा छुवाछुतको प्रावधानअनुसार व्यवहार गरेको उल्लेख गरेका छन् । अन्य जिल्लाहरूमा बसोबास गर्ने ह्योल्मो समुदायलाई यो स्थिति नरहेको उनले चर्चा गरेका छन् । आफूले मान्दै आएको बुद्धधर्मप्रति नै आस्थावान् भएको कुरा लेखकले उल्लेख गरेको छन् । रामेछाप जिल्लामा बसोबास गर्ने ह्योल्मो समुदायलाई कागते भनिनुको पछाडि उनीहरूको व्यवसाय कागज उत्पादन गर्ने भएकाले भन्ने उनले भनाइ रहेको छ । यसरी हेलम्बु, मेलम्ची, रामेछापका कागते र लमजुङमा बसोबास गर्ने ह्योल्मो समुदाय बिच भाषागत समानता रहेको उनले देखाएका छन् । उनले भाषामा समानता भएपनि शव्दको उच्चारणमा भने केही भिन्नता भएको बताएको छ । रामेछाप र लमजुङ जिल्लामा बसोबास गर्ने ह्योल्मो समुदाय बिच रहनसहन र जीवन पद्धतिमा भने त्यति भिन्नता नपाइने उनको अध्ययनले देखाएको छ । यसबाट ह्योल्मो समुदायका बारेमा जानकारी प्राप्त भएकाले यो कृति अनुसन्धानका लागि उपयुक्त हुने देखिन्छ ।

Kumar Pradhan (2009) द्वारा लिखित पुस्तक *The Gorkha Conquests* मा नेपालका विभिन्न जातजातिको उल्लेख गरिइएको पाइन्छ । लेखकले काठमाडौ उपत्यका, बाइसे र चौबिसे राज्य, नेवार, खस, मगर, राई, लिम्बू, सुनुवार, तामाङ, ह्योल्मो, थामी, शेर्पा, लेप्चा समुदाय आदिका बारेमा चर्चा गरेका छन् । उक्त पुस्तकमा ह्योल्मो समुदायबारे पनि सामान्य रूपमा उल्लेख गरिएको छ । उनले हेलम्बुमा बसोबास गर्ने जातिलाई योल्मो भनेर उल्लेख गरेका छन् । योल्मो जातिगत् नाम हेलम्वु ठाउँको

नामबाट रहन गएको र यो शब्द तिब्बती भाषाबाट आएको चर्चा उनले गरेका छन् । त्यसरी नै यही स्थानमा तिब्बती गुरु मिलारेपा आएर ध्यान गरेको गुफाका बारेमा उनले उल्लेख गरेका छन् । ह्योल्मो समुदाय तिब्बती मूलको भएको र धार्मिक तथा भाषिक रुपमा समेत एउटै भएका कुरा उनले गरेका छन् । उनले ह्योल्मो समुदायका थरहरू दोङबा, स्याङबा, जङम्बा, जङबा र जिम्बा आदि तामाङका समुदायका थरहरूसँग मिल्ने कुराको चर्चा गरेका छन् । यसरी नै ह्योल्मो समुदायलाई कागतेका रूपमा चिनिन्छ र कागते भन्नाले कागज उत्पादन गर्ने भएकाले भनिएको भन्ने उनको मत रहेको छ । हिन्दूहरूले ह्योल्मो, शेर्पा र तामाङ समुदायलाई भोटे भन्ने चलन रहेको पनि उनले चर्चा गरेका छन् ।

तामाङ (२००९) ले ह्योल्मो समुदायले आफ्नो थर तामाङ लेख्ने गरे तापनि आधिकारिक रूपमा उनीहरूले भाषा तामाङ नभएको उल्लेख गरेका छन् । रामेछापमा बसोबास गर्ने कागते र ह्योल्मो समुदायलाई सरकारी अभिलेखमा तामाङ भनेर उल्लेख गरिएको पाइन्छ । यहाँका ह्योल्मो समुदाय तामाङ समुदायको बस्तीमा बसोबास गरेको उनले चर्चा गरेका छन् । यस लेखकअनुसार धार्मिक रुपमा पनि तामाङ र ह्योल्मो समुदाय एउटै भएकाले उनीहरू तामाङ जातिबाट प्रभावित भई आफूलाई तामाङ भनी उल्लेख गरेको देखिन्छ । लेखकले ह्योल्मो समुदायले आफूलाई तामाङ भन्नुको पछाडि सैनिक सेवामा प्रवेश गर्नका लागि गरेको भनेर उल्लेख गरेका छन् । यस लेखबाट ह्योल्मो र तामाङ समुदाय बिचको तुलनात्मक अध्ययन-अनुसन्धानमा सहयोग मिल्ने देखिन्छ ।

नेल (२०१२) ले हेलम्बुको पदयात्राको क्रममा पवित्र धार्मिक स्थल, छ्योर्तेन तथा गुम्बाहरूको अवलोकन गरी अनुसन्धानमूलक लेख प्रकाशित गरेका छन् । अनुन्धानको क्रममा उनले हेलम्बु क्षेत्रका गुम्बा र लामाहरूको ह्योल्मो समुदायमा महत्त्वपूर्ण भूमिकामा बारेमा विवरण दिएका छन् । उनले ह्योल्मो समुदायको समाज, संस्कृति र धर्मकाबारेमा छोटकरीमा उल्लेख गरेका छन् ।

*"मानव अधिकारको विश्वव्यापी घोषणपत्र"* (२०१४) शीर्षकको पुस्तक लेखकद्वय देवकुमार सुनुवार र जगत दोङले तयार पारेका छन् । यसमा उनीहरूले ह्योल्मो समुदायकाबारेमा चर्चा गरेका छन् । यो पुस्तक अंग्रेजी नेपाली र ह्योल्मो समुदायको भाषामा तयार गरिएको छ । पुस्तकमा विभन्न २३ वटा समुदायको सामान्य परिचय दिएको पाइन्छ । लेखकले उल्लेख गरेका २३ वटा समुदायमध्ये ह्योल्मो समुदायलाई पनि समाबिष्ट गरिएको छ । यसमा ह्योल्मो शब्दको शाब्दिक अर्थ, बसोबासस्थल, धार्मि-भाषिक, सांस्कृतिक अवस्था र ऐतिहासिक अवस्थाका बारेमा पनि छोटो विवरण प्रस्तुत गरिएको छ । उक्त पुस्तक जनजातीय अनुसन्धान विधिअनुसार नलेखिएको भए पनि प्रस्तुत पुस्तकबाट ह्योल्मो समुदायबारे सामान्य जानकारी प्राप्त गर्न सकिन्छ ।

टासी लामा ह्योल्मो (२०१५) द्वारा लिखित *"ह्योल्मो जातिको परम्परागत संस्था र कानुनहरू, परम्परा संस्थाः एक अध्ययन"* शीर्षकको लेखमा ह्योल्मो समुदायको पूजापद्धतिबारे चर्चा गरिएको छ । यसमा कुलपूजा (कुरिम) लाई महत्त्व दिइएको छ । लेखकले अलेखमा कुरिम वा कुलपूजा कुनै विशेष उत्सव वा चाडपर्वमा गरिने पूजा भएको उल्लेख गरेका छन् । लेखकका अनुसार यस पूजामा लामाको

प्रमुख भूमिका रहेको हुन्छ । यस्तो पूजा गर्नुको उद्देश्य आरोग्य, सम्पन्नता, सुख, मुक्तिका लागि गरिन्छ । यसरी गरिने पूजालाई ह्योल्मो समुदायले कुरिम पूजाको नामले सम्पन्न गर्ने गर्दछन् । यस कृतिबाट ह्योल्मो समुदाय विभिन्न पूजाहरूमध्ये महत्त्वपूर्ण रहेको कुरिम पूजाविधिका बारेमा सामान्य जानकारी लिन सकिन्छ ।

लेखक David Torri द्वारा (2016) मा लिखित *To Kill or not Kill ? Valley as a no Kill zone,the issue of blood sarcrifice* Helmabu शीर्षकको नामक लेखमा हेलम्बुलाई बौद्धधार्मिक पवित्र तीर्थस्थलका रूपमा चर्चा गरिएको छ । यस लेखमा ८ औं शताब्दीमा पद्मसम्भवले हेलम्बु आएर साधना गरी धार्मिक प्रवचन दिएको उल्लेख गरिएको छ । यसरी नै हेलम्बुमा ११ औ शताब्दीमा तिब्बतबाट योगी मिलारेपा आएर तिन वर्ष र तिन महिना साधना गरेको बारेमा चर्चा गरिएको छ । त्यस्तै गरी १५ औं शताब्दीमा तिब्बतबाट सिद्धि प्राप्त गुरु ङाग्छयाङ शाक्य आएर चिरी घ्याङमा गुम्बा निर्माण गरेको उल्लेख गरिएको छ । लेखकले हेलम्बु क्षेत्रलाई बौद्धधर्मावलम्बीहरूको पवित्र धार्मिकस्थल भएकाले बलीप्रथालाई बन्देज गरेको चर्चा गरेका छन् । हेलम्बुमा बसोबास गर्ने मानिसहरूले मांसहार गर्नुपरेको खण्डमा मेलम्ची नदीछेउमा तयारी मासु बोकेर ल्याउने परम्परा रहेको उनले गरेका छन् ।

लेखक Seika Sato (2016) द्वारा लिखित अलेख *Yolmo women on the move*: *Marriage, migrant work and relocation to Kathmandu* मा महिलावादी दृष्टिकोण प्रस्तुत् गरिएको छ । यस अलेखमा लेखकले ह्योल्मो समुदायमा विवाहपछि महिलाहरू प्राय : जसो रोजगार र आम्दानीको खोजीको क्रममा आफ्नो पुर्ख्यौली थलो हेलम्बु छोडेर बसाइँ सरी काठमाडौं आएर गलैंचा बुन्ने पेसा लगायत वैदेशिक रोजगारका लागि जाने गरेको चर्चा गरेका छन् । ह्योल्मो समुदायका महिला विवाहगरेपछि अन्य आर्जनका लागि विदेश जाने र धन कमाउने तथा घर-परिवारको खर्च चलाउने बारेमा उनले उल्लेख गरेका छन् । ह्योल्मो समुदायका महिलाहरू विवाहपछि जीवन निर्वाहका लागि स्वतन्त्र रहेको हुँदा धन कमाउन रोजगारीका लागि विदेश जाने गरेको चर्चा उनले गरेका छन् । लेखमा लेखकले लैङ्गिक दृष्टिकोणबाट लेख तयार गरेको देखिन्छ ।

## २.२ अनुसन्धान अन्तराल

कुनै पनि विषयको अध्ययन-अनुसन्धानमा पूर्वप्रकाशित कृतिहरूको भूमिका महत्त्वपूर्ण रहेको हुन्छ । पूर्वप्रकाशित कृतिहरूलाई आधार बनाएर अध्येताले आफ्नो अनुसन्धान-प्रश्नलाई प्रमाणित गर्ने प्रयास गरेको हुन्छ । पूर्व अध्येताहरूले ह्योल्मो समुदायको समग्र सांस्कृतिक एवम् धार्मिक इतिहासबारे अध्ययन नगरी सामान्य परिचयात्मक अध्ययन गरेका देखिन्छ । यस शोधप्रबन्धमा पूर्व अध्येताहरूले समावेश गर्न नसकेका ह्योल्मो समुदायको इतिहास र मूर्त संस्कृतिका वारेमा अध्ययन गरिएको छ । विशेष गरी मानवशास्त्रीय अनुसन्धान विधिका तथा आधुनिक सिद्धान्तको प्रयोग गरी ह्योल्मो समुदायको सांस्कृतिक पक्षबारे अध्ययन गरिएको देखिदैन । त्यसैले यस शोधप्रवन्धमा मानवशास्त्रीय जनजाति विधिको प्रयोग गरी मूर्त संस्कृतिको अनुसन्धान गरिएको छ । त्यस्तैगरी ह्योल्मो समुदायको अमूर्त

सांस्कृतिक सम्पदाहरूको अनुसन्धान गरिएको पाइँदैन । यस शोधकार्यमा अनुसन्धान विधि तथा सिद्धान्तहरू प्रयोग गरी अमूर्त सांस्कृतिक सम्पदाहरूको अनुसन्धान गरिएको छ । वर्तमान समयमा ह्योल्मो समुदायको मूर्त तथा अमूर्त संस्कृतिमा आएको परिवर्तनका वारेमा अध्ययन-अनुसन्धान भएको देखिदैन । यस शोधप्रवन्धमा ह्योल्मो समुदायको मूर्त तथा अमूर्त संस्कृति पक्षमा आएको परिवर्तनको सम्वन्धमा आगमन अनुसन्धान विधि तथा मानवस्त्रीय सिद्धान्तको प्रयोग गरी अनुसन्धान गरिएको छ । यस शोधकार्यमा जातिगत अध्ययनको नमुना पुस्तक, संस्कृति तथा मानवशास्त्रीय सिद्धान्तका पुस्तकहरूको समीक्षा गरी जातीय अध्ययन-अनुसन्धान विधिबाट ह्योल्मो समुदायको समग्र परिचय इतिहास, मूर्त तथा अमूर्त संस्कृति र त्यस समुदायमा आएको सांस्कृतिक परिवर्तनको कारक तत्त्वलाई जोड दिइएको छ ।

यस अध्ययनले पूर्वअध्येताहरूका तथ्यगत त्रुटिहरूलाई सच्याई, नयाँ तथ्य र तर्क पत्ता लगाएको छ । ह्योल्मो समुदायसम्बन्धी पूर्व प्रकाशित कृतिहरूमा अनेकौं तथ्यगत कमजोरी भए तापनि यी कृतिहरूले यस शोधकार्यको तथ्यगत अध्ययन-अनुसन्धानका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । यस अर्थमा यो मानवशास्त्रीय र जनजातीय विधिबाट लेखिएको ह्योल्मो समुदायको सांस्कृतिक इतिहास, परिचय र संस्कृति सम्बन्धी विद्यावारिधि तहको पहिलो शोधप्रबन्ध हुनेछ । आजसम्म ह्योल्मो समुदायका बारेमा विस्तृत अध्ययन-अनुसन्धान भएको देखिंदैन । प्रस्तुत :शोधप्रबन्धले अनुसन्धानको अन्तराललाई पूरा गरेको छ ।

# अध्याय : तिन

## ह्योल्मो समुदायको इतिहास एवम् सिन्धुपाल्चोक जिल्लाको परिचय

### ३.१ ह्योल्मो समुदायको परिचय

नेपालको जातिगत् एवम सांस्कृतिक संरचनाको इतिहासबारे अध्ययन हुन थालेको त्यति लामो समय भएको छैन । तर वर्तमान सामाजिक एवम सांस्कृतिक संरचनाको अध्ययन गर्दा आदिवासी भनिने मंगोल मूलका जनजाति र आर्यजाति बिचको सामाजिक एवम् सांस्कृतिक अन्तर्घुलनबाट नेपाली सभ्यताको सिलान्यास भएको देखिन्छ । नेपालको सन्दर्भमा को आदिवासी ? को आप्रवासी ? भन्ने विषयमा विद्वान्हरू बिच विवाद देखिए तापनि मंगोल एवम् आर्य दुबै समूहले सँगसँगै नेपालमा सांस्कृतिक सभ्यताको विकास गरेका पुरातात्त्विक, एवम् साहित्यिक स्रोतहरूले संकेत गरेका छन् । वस्तुत : मंगोल एवम आर्य बिचको सांस्कृतिक मिश्रणबाट नेपाली सभ्यताको निर्माण भएको भाषाशास्त्री एवम मानवशास्त्रीहरूले स्वीकार गरेका छन् । नेपाल प्राचीनकालदेखि नै आर्य र मंगोलबिचको सङ्गमस्थल रहेको पुरातात्त्विक संकेत देखिएकाले यहाँको जातीय संरचनाको अध्ययन गर्दा यी दुईबिच एक-आपसमा सामाजिक एवम् सांस्कृतिक प्रभाव परेको इतिहासकारहरूले वताएका छन् (Sharma, 2004, p.1) ।

नेपालको आदिवासी-जनजातिको इतिहासमा ह्योल्मो समुदायको विशिष्ट स्थान रहेको देखिन्छ । शारीरिक संरचनागत आधारमा उनीहरूलाई मंगोलियन मूलका मानिन्छ । उनीहरूको बाहिरी आवरण अर्थात् मुहार आकृति आर्य समुदायको भन्दा फरक देखिन्छ जुन उनीहरूको आवरणगत विशेषता हो । ह्योल्मो समुदायको गोलो अनुहार, उठेको निधार, साना आँखा, राता-पिरा, मोटो-घाटो, होचो तथा थेप्चिएको नाक, पातलो दारी, कालो कपाल, गहुँगोरो वर्ण, मझौला काँध शारीरिक विशेषताको रुपमा रहेका छन् । नेपालको २२ जिल्लामा फैलिएका र अल्पसंख्यक जातिका रूपमा परिचित ह्योल्मो समुदायले तत्तत् जिल्लामा सामाजिक एवम् सांस्कृतिक स्थान ओगटेका छन् । मूलतः हेलम्बुलाई नै ह्योल्मो समुदायको प्राचीन उद्गमस्थलका रूपमा मानिएको छ । पछिल्लो कालमा अवसरको खोजीमा विभिन्न स्थानमा बसाईं-सराइँ गरेका ह्योल्मो समुदायका बारेमा मानवशास्त्रीय एवम् समाजशास्त्रीय अध्ययन-अनुसन्धान भएको छैन ।

### ३.२ ह्योल्मो समुदायको इतिहास

ह्योल्मो समुदायको उत्पत्तिबारेको इतिहास तिब्बती बौद्ध लामाधर्मसँग जोडिएको देखिन्छ । यस आधारमा ह्योल्मो समुदायले आफ्नो इतिहासलाई बौद्ध लामा पद्मसम्भवको समयसम्म पुऱ्याएको पाइन्छ । हेलम्बु क्षेत्रमा प्रचलित धार्मिक एवम् परम्परागत लोकविश्वासले यस तर्कलाई संकेत गरेको छ । यस क्षेत्रमा प्रचलित लोकविश्वासअनुसार ह्योल्मो समुदायको उत्पत्तिमा गुरु पद्मसम्भवको भूमिका रहेको देखिन्छ । अनुश्रुतिअनुसार तिब्बतको साङ्पो नदीको किनारस्थित इ-साम्ये भन्ने स्थानमा दानव एवम् प्रेतात्माहरूले दुःख दिएका थिए । यसकारण ती दानवहरूलाई भगाउनका लागि राजा ठिसुङदेवचेनले

भारतमा रहेका गुरु पद्मसम्भव समक्ष सहयोग मागेका थिए । यसपछि गुरु पद्मसम्भव भारतबाट तिब्बत जानेक्रममा टिस्टुङ, फर्पिङ, काठमाडौ, हलेंसी हुंदै हालको ह्योल्मो क्षेत्रमा पुगेको कुरा तिब्बती-लामाबौद्ध ग्रन्थहरूमा उल्लेख छ (लामा,वि.सं.२०७२,पृ.२२) । यस स्थानमा आइसकेपछि उनले आफ्नो जीवन निर्वाहका लागि स्थानीयहरूसँग भिक्षाटन गरे । भिक्षाटन गर्न जाँदा सरल एवम् धर्मचित्त भएका महिलाहरूले गुरु पद्मसम्भवलाई एक-एक अञ्जुली भिक्षादान गर्नुका साथै आदर-सत्कार पनि गरे । दान प्राप्त भएपछि गुरु पद्मसम्भवले त्यस स्थानलाई अञ्जुलीसँग सम्बद्ध "ह्योल्मो" नाम राखी त्यहाँका मानिसलाई "ह्योल्मोवा" का रूपमा चिनाए । "ह्योल" भनेको अञ्जुली र "म" भनेको महिला अर्थात् अञ्जुलीभरिको दान भन्ने अर्थमा यस स्थानमा बसोबास गर्ने मानिसलाई "योल्मोवा" भनियो । यही कारणले यस स्थानमा बसोबास गरेका मानिसहरूलाई ह्योल्मो भनिएको हुनसक्ने अनुमान गरिएको छ ( लुईटेल, वि.सं. २०५५, पृ. २१-२२) । ह्योल्मो समुदायको इतिहासको विषयमा स्थानीय जनविश्वासले पनि धेरै कुराको संकेत गरेका छ । स्थानीय जनविश्वअनुसार ह्योल्मो समुदाय चीनको स्वशासित क्षेत्र तिब्बतअन्तर्गत पर्ने ल्हासाको ते, डेक्कार र केरोङबाट आएको मानिन्छ । यी क्षेत्रहरू हुँदै सिन्धुपाल्चोक जिल्लाको हेलम्बु क्षेत्रमा आएर उनीहरूले बसोबास गरेको उल्लेख पाइन्छ (लामा, २०६७, पृ. १५४) । शाक्यमुनि बुद्धका अवंतशक सूत्र (दो-फल-छ्ये) मा गुप्तक्षेत्र बयुल्का बारेमा भविष्यवाणी भएअनुसार काग्यु परम्पराका संस्थापक मार्पा लोभावाले आफ्नो प्रमुख चेला सिद्ध मिलारेपालाई गुरुबुम पुस्तकमा यसरी उल्लेख गरेको पाइन्छ -"याङ्गुलको रिबो पालवार र नेपालको ह्योल्मो गङराका बारेमा अवतंशक भविश्यवाणी गरिएको हुनाले त्यहाँ गएर भावनागर" साथै गुरु मार्पाको आज्ञाअनुसार मिलारेपा (सन् १०४१-११२३) मा भोटको क्याङफेन भन्ने ठाउँबाट ह्योल्मो आई यस स्थानमा तिन वर्ष र तिन महिना साधना गरी बोध अवस्थामा निपुणता हासिल गरेको देखिन्छ । त्यस समयमा मिलारेपाले स्थानीय पाँचजना ह्योल्मो समुदायलाई शिष्य बनाई ज्ञान प्रदान गरेको उल्लेख पाइन्छ (लामा, वि.सं. २०७२, पृ. ११३) । ह्योल्मो समुदायका बारेमा भाषाशास्त्री क्लर्कका बिचारअनुसार ह्योल्मो नामकरणका सम्बन्धमा "आलु" र "मुला" सँग जोडिएर ह्योल्मो हो । ह्योल्मो क्षेत्रमा प्रशस्त आलु र मूलाको खेती हुने भएकोले हेल्मु शब्दबाट अपभ्रंश भई "ह्योल्मो" नामकरण भएको विश्वास गरिन्छ । तिब्बती भाषामा आलुलाई "हे" र मुलालाई "लभु" भनिन्छ । यी दुई शब्दको संयोजनबाट "हेल्भु" हुँदै हेलम्बु हुन गएको भन्ने तर्क उनले दिएका छन् (Clark, 1980(a) p.4) ।

त्यस्तैगरी अर्को धारणा अनुसार ह्योल्मो नामकरणको वारेमा हिमालय शृङ्खलाले हेलम्बु क्षेत्रलाई पर्दा जसरी घेरेको र "योल" धार्मिक हिमशृङ्खलाहरूले घेरिएको बिच भागमा पर्ने धार्मिक तीर्थस्थलहरूमध्ये विशेषगरी आमा ज्योमो याङरी देवीको पर्वत र पेमा छल भएको हुँदा "मो" (स्त्री) हुन गई यो दुई शब्दको संयोजनबाट नै योल्मो नामकरण गरिएको गुरु पद्मसम्भले भविष्यवाणी गरेको तेरमा लगायत अन्य धार्मिक ग्रन्थहरूमा उल्लेख गरिएको पाइन्छ (बराल, वि.सं. २०६३, पृ. ३९) । शाक्यमुनि बुद्धलाई साभार गरी विभिन्न बौद्ध ग्रन्थमा लोक मान्यताका रुपमा ह्योल्मो क्षेत्रको चर्चा विभिन्न ठाउँमा गरिएको छ । उनले आफनो ग्रन्थ "धो-फाल-पो-छ" मा गरेको भविष्यवाणीअनुसार ८ औं शताब्दीमा गुरु पद्मसम्भव ह्योल्मो क्षेत्रमा आई याङदग छ्येकी डफुग (गुफा) मा तप गर्ने र गुरु रेम्पोछेद्वारा ह्योल्मो क्षेत्रलाई तपोभूमि र धार्मिक क्षेत्रका लागि अति महत्त्वपूर्ण र गोप्य स्थानका रूपमा लिई यस क्षेत्रलाई

पुण्य र पवित्र बनाई आशिष दिने वताइएको छ (लामा, वि.सं. २०६७, पृ. १३५) । बुद्धधर्मसँग सम्बन्धित पवित्र धार्मिक ग्रन्थ काङग्युर डोफेफाल्बछेमा थुब्पा साङ्गे चोम्देनदेलमा शाक्यमुनि बुद्धले नेपालको ह्योल्मो भन्ने स्थान निकै महत्त्वपूर्ण  रहेको उल्लेख गर्दै उनले भविष्यवाणीमा अन्यत्र तप ध्यान गर्नुभन्दा ह्योल्मो क्षेत्रमा तप र साधना गर्दा तिन गुना चाँडै तपसिद्धि हुन्छ भनी उल्लेख गरेको पाइन्छ (जोशी, २०७३, पृ. ४) । उक्त भविष्यवाणीका आधारमा बौद्ध धर्मालम्बीहरू ह्योल्मो क्षेत्र धार्मिक पवित्र भूमि भएको हुनाले तपसिद्धि, साधना तथा तीर्थयात्राका लागि यस धार्मिक पवित्रस्थान हेलम्बुमा आउँने गर्दछन् । यसरी हेलम्बु र ह्योल्मो समुदायका बारेमा तिब्बती बौद्धग्रन्थ र परम्परागत मान्यतामा आधारित विभिन्न विवरणहरू पाइन्छन् ।

नेपालमा ह्योल्मो समुदायको इतिहास त्यति धेरै लामो छैन भन्ने तर्क कतिपय विदेशी लेखकहरूले गरेका छन् । ह्योल्मो समुदायको आगमनको समयका बारेमा पनि विद्वान्हरू बिच फरक-फरक तर्क रहेको देखिन्छ । विदेशी लेखक क्लर्कले पनि लगभग २०० सयदेखि ३०० सय वर्षअगाडि ह्योल्मो समुदायले नेपाल प्रवेश गरेको तर्क गरेका छन् । ह्योल्मो समुदायका पुर्खा तिब्बतबाट दक्षिण केरुङ हुँदै हिमालय शृखला पार गरी हेलम्बु र मेलम्ची क्षेत्रमा लामाका रूपमा आएर बसोबास गर्न थालेको चर्चा उनले गरेका छन् । ह्योल्मो लामा पुरूष यस क्षेत्रमा आई स्थानीय तामाङ समुदायको महिलासँग वैवाहिक सम्बन्ध कायम गरेपछि त्यस सम्बन्धबाट जन्मेका सन्तात नै ह्योल्मो हुन् भन्ने विचार क्लर्कको रहेको छ (Clark,1980, (b)pp.79-86) । त्यसै गरी अर्का लेखक टोरीले ह्योल्मो समुदायको इतिहासको बारेमा आफ्नो धारणा राख्द ८ औं शताब्दीमा हेलम्बु क्षेत्रमा आई गुरु पद्मसम्भवले ध्यान-साधना गरेको हुनाले यो स्थान पवित्र भूमिका रुपमा परिचित भएको हो भन्ने भनाइ राखेका छन् (Torri, 2016, pp. 18-19) । लामा गुरु “खेन्पो न्यिमा धोन्डुव” ले ह्योल्मो समुदाय भोट-तिब्बतबाट नै नेपालमा प्रवेश गरेको कथनलाई विशेष जोडदिएका छन् । ह्योल्मो समुदाय र तिब्बतीहरू बिचको सामाजिक, धार्मिक र सांस्कृतिक समानताका आधारमा उनले आफ्नो विचारलाई जोड दिनु तर्कसंगत देखिन्छ (धोन्डुप, वि.सं. २०६६, पृ. ९८) । तथापि भौगोलिक भिन्नताका कारणले तिब्बती संस्कृतिको तुलनामा ह्योल्मो संस्कृतिमा सामान्य फरक रहेको देखिन्छ । तर धोन्डुपले भने तिब्बत र नेपालमा रहेका ह्योल्मो समुदाय बिच सांस्कृतिक एकरुपता भएको बताएका छन् ।

ह्योल्मो समुदायको नामकरणका सम्बन्धमा पनि फरक विचार रहेको पाइन्छ । नेपालका २२ जिल्लामा छरिएर रहेका ह्योल्मो समुदाय बिच पनि आफ्नो जातीय इतिहासका बारेमा फरक-फरक तर्क पाइन्छन् । विशेषगरी रामेछापका ह्योल्मो समुदायले वि.सं. २०४६ भन्दा अगाडि आफूलाई तामाङ र कागते भनी चिनाउने गरेको थियो । त्यसैगरी हेलम्बु क्षेत्रका ह्योल्मो समुदायले पनि आफूलाई शेर्पा भनि चिनाएको देखिन्छ । वि.सं.२०४६ भन्दा अगाडिका विदेशी तथा स्वदेशी लेखकहरूले पनि हेलम्बुमा बस्ने ह्योल्मो समुदायलाई शेर्पा भनी लेखेका छन् (Gawne, 2009, p. 13) । तर वि.सं २०४६ को राजनैतिक परिवर्तनपछि उनीहरूले आफ्नो जातीय इतिहासको खोजी गर्न थाले । यस क्रममा भाषा, थातथलो र सांस्कृतिक इतिहासका आधारमा उनीहरू ह्योल्मो नै भएको तथ्य प्राप्त भएपछि उनीहरूले आफूलाई

ह्योल्मो समुदायको रूपमा परिचय दिएका छन् । ह्योल्मो समुदाय विभिन्न कालखण्डमा विभिन्न कारणले तिब्बतबाट बसाइँ-सराइँ नेपाल प्रवेश गरेको देखिन्छ । ह्योल्मो समुदायकाबारेमा हालसम्म पनि मानवशास्त्रीय तथा समाजशास्त्रीय अध्ययन-अनुसन्धान भएको देखिंदैन ।

तिब्बती भाषामा "स्यार" भनेको "पूर्व", "ल्हो" भनेको "दक्षिण", "नुब" भनेको पश्चिम र "पा" भनेको बासिन्दा भन्ने बुझिन्छ । त्यसै गरी नेपालको पूर्व दिशामा बसोबास गर्नेलाई "पूर्वेली" (शेर्पा) दक्षिणमा बस्नेलाई "ल्होपा", पश्चिममा बस्ने मानिसलाई "नुबामा" भनिन्छ । अतः दिशा विशेषमा बसेको कारणले तत्तत् जातमा परिणत भएको देखिन्छ । ठाउँविशेषका आधारमा कुनै पनि जातिलाई त्यस ठाउँको विशेषण लगाई सम्बोधन गर्ने नेपाली समाजको संस्कृति हो । यस प्रवृत्तिका आधारमा ह्योल्मो ( हेलम्बु) क्षेत्रमा बसोबास गर्ने समुदायलाई पनि खस/नेपाली भाषामा "ह्योल्मी" भनी सम्बोधन गरिएको पाइन्छ (लामा वि.स. २०६७, पृ, २२०) ।

माथि उल्लिखित विभिन्न तर्कहरूका आधारमा प्राचीनकालदेखि नै ह्योल्मो (हेलम्बु) क्षेत्रमा मानिसहरूको बसोबास रहेको इतिहास प्रमाणित हुन्छ । ह्योल्मो भनेको कुनै जातविशेष नभई स्थान विशेषका रूपमा परिचित एउटा समुदाय हो । यसकारण ह्योल्मो क्षेत्रमा बसोबास गर्नेलाई नै ह्योल्मो समुदायको रूपमा बुझिन्छ । भाषिक पुरातत्त्वको आधारबाट पनि यो तर्क प्रमाणित भएको छ । ह्योल्मो समुदायको जातीय पहिचान स्थान/ठाउँविशेषसँग जोडिएको तथ्यलाई विभिन्न बौद्ध धार्मिक ग्रन्थ तथा ऐतिहासिक दस्ताबेजहरूले प्रमाणित गरेका छन् । हेलम्बुमा बौद्धधर्मको ञिङ्मा सम्प्रदायका गुरु पद्मसम्भवले ध्यान, साधना गरेका गुफाहरू र उनले धार्मिक देशना दिएको स्थानहरूका आधारमा ह्योल्मो समुदायको इतिहासलाई ८ औं शताब्दीसम्म पुऱ्याउन सकिन्छ । त्यसरी नै ११ औं शताब्दीमा तिब्वती गुरु मिलारेपा हेलम्बुमा आएर ३ वर्ष ३ महिना साधना गरेको गुफा र उनले पाँचजना स्थानीय ह्योल्मो शिष्यलाई दीक्षा दिएको इतिहास छ (धोन्डुव, वि.स.२०६६, पृ. ५७) । गुरु पद्मसम्भवको भविष्यवाणीअनुसार ह्योल्मो गाङरा (ह्योल्मो हिमशृङ्खला) को केन्द्रीय भागमा अवस्थित याङ्री पर्वतको शिखरमा महासिद्ध गुरु पाल्देन ग्याछेनले १४ औं शताब्दीमा ह्योल्मो क्षेत्रमा पहिलो ञिङमा परम्पराका गोन्पा स्थापना गरेको विवरण पाइन्छ (धोन्डुव, वि.स. २०६६, पृ. ५७-५८) । त्यस्तै गरी १५औं शताब्दीको अन्त्यतिर यस स्थानमा ङाग्छ्याग शाक्य साङ्पो ह्योल्मोद्धारा दोस्रो गोन्पा चिरी गोन्पा स्थापना गरेको इतिहास छ (धोन्डुव, वि.स.२०६६ पृ ५९-६०) ।

माथि उल्लिखित तर्कहरूका आधारमा हेलम्बु क्षेत्रमा ८ औं शताब्दीभन्दा अगाडिदेखि नै ह्योल्मो समुदायको बसोवास रहेको अनुमान गर्न सकिन्छ । ह्योल्मो समुदायले वोल्ने भाषा तिब्बती भाषासँग ७५ प्रतिशत मिल्दछ भने ह्योल्मो समुदायले मान्ने गरेको परम्परागत महायान बौद्धधर्मको अनुसरण तामाङ र शेर्पा समुदायका मानिसहरूले पनि गर्ने गरेको देखिन्छ । यसरी हेर्दा ह्योल्मो समुदायले धार्मिक रुपमा एउटै ञिङमा सम्प्रदायको धर्मलाई अंगीकार गरेको देखिन्छ । विशेष गरी ह्योल्मो समुदायका मानिसहरूको सम्वन्ध शेर्पा समुदायसँग भन्दा तामाङ समुदायसँग बढी रहेको पाइन्छ । यसरी नै ह्योल्मो समुदायका भाषा र थरहरू पनि तामाङसँग प्रायः मिल्न गएको देखिन्छ । तर शेर्पा समुदायका मानिसहरूसँग भने ह्योल्मो समुदायको भाषा, थर, इतिहास र परम्परा संस्कृति प्रायः केही पनि मेल

खाएको पाइँदैन । यस मान्यतालाई आधार मान्दा ह्योल्मो समुदाय शेर्पा हुन् भन्ने तथ्यगत प्रमाणहरू देखिंदैन । कतिपय मानिसहरूले ह्योल्मो समुदायलाई कागते जातिको रुपमा पनि सम्बोधन गर्ने गरेको पाइन्छ । पहिले-पहिले ह्योल्मो समुदायले नेपाली कागज उत्पादन गर्ने हुनाले यी जातिलाई "कागते" समुदाय भनी सम्बोधन गरिएको हो, अर्थात् पेसाका आधारमा ह्योल्मो समुदायलाइ "कागते" समुदायका रुपमा सम्बोधन गरिएको हो । ह्योल्मो समुदायले आफूलाई तामाङ, शेर्पा र कागते आदि जे भनी चिनाए तापनि "योल्मो क्षेत्र" (सिन्धुपाल्चोक, नुवाकोट, रसुवा, धादिङ) लगायत अन्य जिल्लाहरूमा बसोबास गर्ने ह्योल्मो समुदाय आदिवासी हुन् भन्ने विषयमा कसैको असहमति छैन । ह्योल्मो समुदायको तामाङ र शेर्पा समुदायसँग एक आपसमा सामाजिक एवम् सांस्कृतिक सम्बन्ध रहेको ऐतिहासिक प्रमाण छ । ह्योल्मो समुदायले यी समुदायसँग सुमधुर सम्बन्ध कायम गर्दै लामा-जजमान, गुरु-शिष्य हुँदै कुटुम्बको सम्बन्ध कायम गर्दै आएको देखिन्छ ।

माथिको छलफलहरूमा ह्योल्मो समुदायको इतिहासबारे धेरै प्रश्नको सत्य निकट पुगिएको छ । ह्योल्मो समुदायको व्युत्पत्तिगत आधारबारे विभिन्न तर्कहरू व्यक्त भए तापनि विद्धान्हरू त्यसको निष्कर्षमा पुग्न सकेको देखिंदैन । वस्तुतः ह्योल्मो समुदायले तामाङ र शेर्पा भाषा बोल्दैमा उनीहरू तामाङ, शेर्पा र कागते समुदाय हुन् भन्न सक्ने आधार छैन (लामा, वि.सं. २०६७,पृ. २१६) । ह्योल्मो समुदायले स्थानविशेष र तामाङ समुदायसँगको सामाजिक सम्बन्धका आधारमा तामाङ भाषा बोले तापनि वस्तुतः यिनीहरू तामाङ नभई ह्योल्मो नै हुन् भन्ने तथ्य प्रमाणित भइसकेको छ । वि. सं. २०४६ को राजनैतिक परिवर्तनपछि नेपाल सरकारले राष्ट्रिय जनजाति प्रतिष्ठान "गठन गऱ्यो । यसपछि नेपालका आदिवासी जनजातिहरूका पहिचान गरी सूचीकृत गर्ने क्रममा ह्योल्मो समुदायलाई पनि अल्पसंख्यक जनजातिका रुपमा सूचीकरण गरेको देखिन्छ (उक्याव र अधिकारी, वि.सं. २०५७, पृष्ठ २-३) । ऐतिहासिक, धार्मिक दस्तावेज र वर्तमानमा पनि जीवन्त रहेका पुरातात्त्विक सम्पदाका आधारमा हेलम्बु क्षेत्र बौद्धमार्गीहरूको महत्त्वपूर्ण धार्मिक, साधना एवम् तपोभूमिका रुपमा रहेको पाइन्छ । ह्योल्मो समुदायले हेलम्बु क्षेत्रमा बसोबास गरी आफ्नो छुट्टै इतिहास, भाषा, भेषभूषा, परम्परा, संस्कार, रहनसहन, जीवन शैलीका साथै आफ्नो मौलिक पन र पहिचानलाई निरन्तर रूपमा संरक्षण गर्दै आएको छ ।

## ३.३ हेलम्बु गाउँपालिकाको परिचय

सिन्धुपाल्चोक जिल्लालाई प्रशासनिक रुपमा विभिन्न एकाइमा विभाजन गरिएको छ । प्रशासनिक संरचनागत आधारमा विशेषतः केन्द्रीय संरचनामा २ वटा संघ, ४ वटा प्रदेश सभा, ३ वटा नगरपालिका र ९ वटा गाउँपालिकामा विभाजन गरिएको छ । यस जिल्लामा रहेका ९ वटा गाउँपालिकाहरूमध्ये हेलम्बु गाउँपालिका सिन्धुपाल्चोक जिल्लाको सदरमुकामबाट उत्तर-पश्चिमतर्फको हिमाली क्षेत्रमा पर्दछ । हेलम्बुको उचाइ समुन्द्री सतहबाट करिब ३६५० मिटर रहेको छ । यो गाउँपालिका धार्मिक, सांस्कृतिक तथा प्राकृतिक दृष्टिले आकर्षण केन्द्रको रूपमा रहेकाले पर्यटकीय दृष्टिकोणले यस क्षेत्रको महŒवपूर्ण स्थान रहेको छ । पहिलेको हेलम्बु गा.वि.स., किउल गा.वि.स., पाल्चोक गा.वि.स., महाकाल गा.वि.स. र

इचोक गा.वि.स. लाई समायोजन गरी एकीकृत रुपमा हेलम्बु गाउँपालिका बनाइएको छ । जिल्लाका अन्य गाउँपालिकाहरूको तुलनामा यो गाउँपालिका भौगोलिक क्षेत्रका हिसाबले केही ठूलो रहेको छ । यस गाउँपालिकाको कुल क्षेत्रफल २८७.२७ कि.मि.रहेको छ । हाल हेलम्बु गाउँपालिकाको प्रशासनिक केन्द्रको कार्यालय यसै गा.पा.को वडा नं. २ (किउल) मा स्थापना गरिएको छ । हेलम्बु गाउँपालिकाका सिमानाहरूमा पूर्वमा पाँचपोखरी गाउँपालिका, पश्चिममा नुवाकोट र रसुवा जिल्ला र उत्तरमा पाँच-पोखरी गाउँपालिकाको थाङ्पाल र रसुवा जिल्ला रहेका छन् । हेलम्बु गाउँपालिका पर्यटकीय तथा धार्मिक दृष्टिकोणले निकै महत्त्वपूर्ण र रमणीय स्थलका रुपमा परिचित छ । यसै गाउँपालिकामा अवस्थित हेलम्बु गाउँ सांस्कृतिक तथा प्राकृतिक सुन्दरतायुक्त रहेकाले यो पर्यटकीय केन्द्रस्थलका रूपमा समेत परिचित छ । यसकारण यहाँ वर्षेनी हजारौं स्वदेशी तथा विदेशी पर्यटकहरू पर्यटनका लागि आउँछन् । पर्यावरणीय पर्यटनका साथसाथै धार्मिक पर्यटनका लागि पनि यो स्थान प्रसिद्ध रहेको छ । हजारौ धर्मावलम्बीहरू यस स्थानमा तप र ध्यानका लागि आउने भएकाले माथि उल्लिखित कथनलाई प्रमाणित गर्दछ । हेलम्बु क्षेत्रमा विभिन्न बौद्ध सम्पदाहरू रहेका छन्, जसमा मेलम्ची गुम्बा, पद्मसम्भवले तप गरेको गुफा, डाँकिनी गुफा, मिलारेपाले साधना गरेको गुफा, तार्केघ्याङ् गुम्बा, चिरी गुम्बा र सेरमाथाङ पद्मसम्भवको छोर्येतेन (मूर्ति) लगायत गुफाहरू प्रख्यात छन् जहाँ वर्षेनी हजारौं बौद्ध धर्मावलम्बीहरूको घुईंचो लाग्दछ । यी पवित्र तीर्थस्थलहरूमा परिभ्रमण एवम् ध्यान साधना गर्दा अन्य स्थानमा भन्दा छोटो समयमा पुण्य प्राप्ति हुन्छ भन्ने धार्मिक विश्वासले यस ठाउँमा विभिन्न बौद्ध भिक्षु तथा लामा गुरुहरू आउने गरेका पाइन्छन् । ह्योल्मो क्षेत्रमा हिमाली बौद्धधर्मका संस्थापक गुरु पद्मसम्भव, महायोगी मिलारेपा, गोछायङरछेन् (ग्यल्वा गोङपा), ङग्छयाङ शाक्य साङपो योल्मोपा, कर्मा छ्योसाङ, परम पूज्यनीय छैटौं स्यामर्पा रिन्पोछे, खेडुप छ्येन्पो कर्मा लोप्साङ, रिग्जिन छेवाङ नोर्वु, डेन्छयोग चुर्ग्यन नोर्बु, सूर्य सिगी, ठिलेन दिज्योम र वाङच्यग लगायतका बौद्ध धार्मिक महासिद्धि (तपस्वी) हरूले यसै स्थानमा साधना एवम् ज्ञान प्राप्त गरेका स्थानका रुपमा हेलम्बु क्षेत्र परिचित रहेको मानिन्छ (लामा वि.सं. २०७२, पृ.१४५) । यसकारण प्राचीनकालदेखि अहिलेसम्म बौद्ध धर्मावलम्बी तथा लामा गुरुहरूले यसै स्थानमा आई धार्मिक एवम् आध्यात्मिक साधना गर्ने प्रक्रिया अटुट रहेको देखिन्छ । त्यसरी नै यस गाउँपालिकाको वडा.नं ३ पाल्चोकमा रहेको इन्द्रावती र मेलम्ची नदीको बिच भागको थुममा अवस्थित पाल्चोक भगवती मन्दिर पनि हिन्दू धर्मावलम्बिहरूको महत्त्वपूर्ण आस्थाको केन्द्रको रुपमा प्रसिद्ध छ । यसकारण यस क्षेत्रमा नेपालकै विभिन्न क्षेत्रका धार्मिक पर्यटक एवम् दर्शनार्थीहरू आउने गरेका देखिन्छ ।

धार्मिक एवम् पर्यापर्यटनका लागि पनि यो हेलम्बु क्षेत्रलाई विश्वप्रसिद्ध ठाउँका रुपमा गणना गर्न सकिन्छ । प्राचीनकालदेखि नै धार्मिक पदयात्राका रूपमा विकसित यस स्थानमा त्यसैलाई निरन्तरता दिँदै थप पदमार्गहरूको निमार्ण गरिएको पाइन्छ, जसमा सुन्दरीजल-चिसापानी-कुटुमसङ-ठाडेपाटी-मेलम्चीगाउँ-तार्केघ्याङ-घ्याङ्गह्युल-सेर्माथाङ हुँदै मेलम्चीबजारसम्म जाने पदमार्ग चल्तिमा छ । त्यसरी नै, तार्केघ्याङ-डुक्प-केलदाङ्ग-गञ्जाला, पास-क्याङजिङ गुम्बा (रसुवा) हुँदै लाङटाङसम्म पुग्ने अर्को पदमार्गको विकास गरिएको छ । त्यसैगरी, मेलम्ची बजार, पाल्चोक-ककनी, शेर्माथाङ-घाङ्गघ्युल, तार्केघ्याङ-

मेलम्चीगाउँ, डुकखाङ-तिम्बु हुँदै मेलम्ची बजारसम्मको अर्को पदमार्ग पनि प्रख्यात रहेको देखिन्छ । पर्यटकहरूको सुविधालाई ध्यानमा राखी यस भेगमा प्रशस्त मात्रामा सुविधायुक्त होटेल, लज र होमस्टेहरूको व्यवस्था गरिएको छ । नेपाल सरकारको राष्ट्रिय गौरवको आयोजना मेलम्ची खानेपानी परियोजनाको मुहान यसै गाउँपालिकामा रहेको छ ।

हेलम्बु गाउँपालिकाले हालका दिनहरूमा यहाँको सामाजिक, धार्मिक, सांस्कृतिक एवम् पर्यटकीय पूर्वाधारको विकासका लागि निमार्णाधीन परियोजनाहरूलाई कार्यान्वयन गरेको देखिन्छ । विशेषतः पर्यटकीय केन्द्रका रुपमा परिचित यस क्षेत्रलाई अन्तर्राष्ट्रिय स्तरमा फैलाउनका लागि नेपालमा पहिलोपटक ६० कि.मि. लामो हिमालय -हेलम्बु ग्रेट ट्रेल (पदमार्ग) निर्माण गरिरहेको छ । त्यसैगरी यहाँको शैक्षिकस्तर अभिवृद्धिका लागि सबै वडालाई समेटेर यसै गाउँपालिकाको वडा नं ४ (इचोक) मा नमुना विद्यालयको निर्माण कार्य भइरहेको छ । त्यसैगरी विद्यार्थीलाई संस्कृत भाषा र सम्भोटा लिपिमा अध्ययन-अध्यापन गराउने कार्यको थालनी भएको छ (हेलम्बु गाउँपालिकाका अध्यक्ष निमा ग्याल्जेनसँग मिति २०७७ साल असोज १५ मा लिइएको अन्तर्वार्तामा आधारित) (परिशिष्ट ५ को चित्र नं.९ ,११ ,१२, १३, १६ र १८) ।

## (क) इतिहासमा हेलम्बु

लिच्छविकालमा नेपाल र भोटबिच व्यापारिक, आर्थिक, राजनैतिक, धार्मिक र सांस्कृतिक सम्बन्ध रहेको थियो । लिच्छवि राजकुमारी भृकुटीले भोटका राजा स्रोङचन गम्पोसँग वैवाहिक सम्बन्ध कायम गरेको इतिहास छ । नेपाल भोटबिचका सम्बन्ध पछिल्लो कालसम्म पनि कायम रहेको देखिन्छ । यसै क्रममा विक्रमको १३ औं शताब्दीमा अरनिकोको नेतृत्त्वमा ८० जना नेपाली कलाकारको टोली तिब्बत हुँदै पेचिन पुगेको उल्लेख पाइन्छ (नेपाल, वि.सं.२०४०,पृ.२०६) । त्यस समयमा नेपाली व्यापारीहरूले आफ्ना पत्नी लिएर ल्हासा जान पाउने व्यवस्था थिएन । स्त्रीहरूलाई भोट पठाउनको लागि निषेध गरिएको थियो । त्यस समयमा नारीलाई मृत्युदण्ड जस्तो ठूलो अपराधमा सजाय दिनु परेको खण्डमा तिब्बत पठाउने चलन रहेको थियो । यस प्रकारको दण्ड-सजायँ दिने चलन रहे तापनि रणवहादुर शाहले आफ्नो जेठी महारानी राजराजेश्वरीलाई दण्ड (सजाय) दिनका लागि तिब्बत नपठाई हेलम्बु पठाएको इतिहास छ (नेपाल,वि.सं.२०४०, पृ.२०६) । सन् १८३९ मा भीमसेन थापाले जेलमा आत्महत्या गरेपछि उनकी दुईवटी मुखिनीहरूलाई हेलम्बुमा निर्वासित गरिएको इतिहासमा चर्चा गरिएको छ (नेपाल, वि.सं. २०४०, पृ. २०६) । अतः त्यस समयमा नारीलाई सजाय दिनुपर्दा तिब्बत पठाउने प्रावधान रहे तापनि राजखानदानसँग सम्बन्धित नारीहरूलाई हेलम्बु पठाउने गरेको देखिन्छ । त्यस बेला तिब्वत जस्तै हेलम्बु क्षेत्र अत्यन्त विकट र पिछडिएको अवस्थामा रहेकाले नारीहरूलाई सजाय दिनका लागि ती क्षेत्रमा पठाउने गरिएको देखिन्छ । राणाकालमा सुसारे,नानी आदिको लागि हेलम्बुबाट केटीहरू दरबारमा ल्याउने चलन थियो । यसरी राणकालसम्म पनि नेपाल दरवार र हेलम्बु बिच निकट सम्बन्ध रहेको थियो ।

## ३.३.१ हेलम्बुको जनसांख्यिक संरचना

हेलम्बु गाउँपालिकामा धार्मिक, सामाजिक एवम् सांस्कृतिक विविधतायुक्त रहेको तथ्य स्थलगत अध्ययनबाट प्रस्टिन्छ । यसकारण यहाँ जातीय विविधताका कारण धार्मिक एवम् सांस्कृतिक विविधता देखिनु स्वाभाविकै हो । सांस्कृतिक विविधता भएकै कारण मूर्त-अमूर्त सांस्कृतिक एवम् धार्मिक अभ्यासहरूमा पनि विविधता रहेको देखिन्छ । वि.सं .२०६८ को तथ्याङ्कअनुसार हेलम्बु गाउँपालिकाको वडा १ मा घरधुरी संख्या ६५६ रहेको देखिएको छ भने महिलाहरूको जनसंख्या १३०६ र पुरूषहरूको जनसंख्या १२५८ रहेको देखिन्छ । त्यसै गरी वडा २ मा घरधुरी संख्या ७६४ रहेको छ भने त्यहाँ महिलाको जनसंख्या १५०६ र पुरूष को जनसंख्या १४४४ जनसंख्या रहेको पाइन्छ । नेपाल सरकारको केन्द्रीय तथ्याङ्क विभागले गाउँपालिकाको निम्नअनुसारको घरधुरी र जनसांख्यिक ढाँचा प्रस्तुत गरेको छ :

**तालिका नं. १**

**हेलम्बुको जनसंख्या विवरण**

| क.सं | वडा नं | जनसंख्या | | | |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | घरधुरी संख्या |
| १ | १ | १३०६ | १२५८ | २५६४ | ६५६ |
| २ | २ | १५०६ | १४४४ | २९५० | ७६४ |
| ३ | ३ | ९७५ | ९५२ | १९२७ | ४८९ |
| ४ | ४ | १२९८ | ११५० | २४४८ | ५५४ |
| ५ | ५ | १२६५ | ११३० | २३९५ | ४७० |
| ६ | ६ | १२१६ | ११६४ | २३८० | ६१० |
| ७ | ७ | १५४१ | १४६६ | ३००७ | ६६० |
| **जम्मा** | | **९३०७** | **८५६४** | **१७६७१** | **४२०३** |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८

माथिको तालिकाअनुसार हेलम्बु गाउँपालिकाका जम्मा ७ वटा वडामा ४,२०३ घरधुरी संख्या रहेको देखिन्छ । यहाँको जनसांख्यिक ढाँचा हेर्दा महिलाको जनसंख्या ९,३०७ र पुरुषको जनसंख्या ८,५६४ गरी कुल जनसंख्या १७,६७१ रहेको देखिन्छ । यस शोधकार्यको अध्ययन क्षेत्र हेलम्बु गाउँपालिकाको वडा.नं १ मा ९९ प्रतिशत जनसंख्या ह्योल्मो समुदायको रहेको छ, भने वडा नं २ मा ४५ प्रतिशत जनसंख्या ह्योल्मो समुदायको र ६५ प्रतिशत जनसंख्या अन्य जातजातिको रहेको छ । यस आधारमा वडा नं २ को सामाजिक संरचना मिश्रित प्रकृतिको देखिन्छ । विशेषत वडा नं १ र २ मा बसोबास गर्ने ह्योल्मो समुदायको सांस्कृतिक संरचना र त्यसमा आएको परिवर्तनमा बाह्य र आन्तरिक कारणहरूको खोजी गर्नुमा प्रस्तुत अध्ययन केन्द्रित रहेको छ ।

## ३.३.२ हेलम्बुको जातिगत संरचना

हेलम्बु गाउँपालिकामा सामाजिक एवम् सांस्कृतिक विविधता हुनुमा जातीय विविधताले प्रभावकारी भूमिका खेलेका देखिन्छ । जातीय एवम् सांस्कृतिक विविधता बिचमा पनि यहाँ आपसी भाइचारा र सह-अस्तित्त्वको सुमधुर सम्बन्ध रहेको देखिन्छ । विशेष गरी यस गाउँपालिकाको हिमाली भेगमा ह्योल्मो

समुदायको बसोबास रहेको पाइन्छ । ह्योल्मो समुदायका मानिसहरूका साथसाथै यहाँ तामाङ, क्षेत्री, व्राह्मण, नेवार, कामी, गुरुङ, दमाई, घर्ती लगायत अन्य जातजातिहरूका रहेको कारणले गर्दा यहाँका जातजातिहरूको वसोवासको जातिगत संरचना मिश्रित प्रकृतिको रहेको देखिन्छ । केन्द्रीय तथ्याङ्क विभागले गरेको राष्ट्रिय जनगणना वि.स.२०६८ मा उल्लेख भएअनुसार हेलम्बु गाउँपालिकामा रहेका विभिन्न जातजातिहरूको संरचना निम्नानुसार रहेको छ :

**तालिका नं .२**
**हेलम्बुको जातिगत विवरण**

| क.सं | जातजाति | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | क्षेत्री | ८०१ | ९४१ | १,७४२ |
| २ | ब्राह्मण | ६४७ | ७५३ | १,४०० |
| ३ | मगर | ८९ | ९० | १७९ |
| ४ | तामाङ | ४,०७५ | ४,२२३ | ८,२९८ |
| ५ | नेवार | १३२ | १२१ | २५३ |
| ६ | कामी | २८० | ३३५ | ६१५ |
| ७ | गुरुङ | २१ | ३५ | ५६ |
| ८ | दमाई | ७२ | ७६ | १४८ |
| ९ | सार्की | ४९ | ४३ | ९२ |
| १० | संन्यासी | ४३५ | ५०१ | ९३६ |
| ११ | शेर्पा | ११५ | ८० | १९५ |
| १२ | सोनार | ११ | १० | २१ |
| १३ | भुजेल/घर्ती | ७२ | ७७ | १३९ |
| १४ | ह्योल्मो | १,६२० | १६,५० | ३,२७० |
| १५ | घले | १३ | ९ | २२ |
| १६ | अन्य | ४८ | ३६ | ८४ |
| १७ | विदेशी | ९४ | १२७ | २२१ |
| | जम्मा | ८,५६४ | ९,१०७ | १७,६७१ |

स्रोत :केन्द्रीय तथ्याङ्क विभाग, २०६८

माथि उल्लिखित तालिका हेर्दा हेलम्बु गाउँपालिकामा विभिन्न जातजातिमध्ये सबैभन्दा बढी जनसंख्या तामाङ समुदायको देखिन्छ जसमा पुरुषहरूको जनसंख्या ४, ०७५ र महिलाहरूको जनसंख्या ४, २२३ गरी जम्मा जनसंख्या ८, २९८ रहेको छ । त्यस्तै जनसंख्याका आधारमा तामाङपछि दोस्रो स्थान ह्योल्मो समुदायको रहेको देखिन्छ जसमा पुरुषहरूको जनसंख्या १,६२० र महिलाहरूको जनसंख्या १,६५० गरी जम्मा संख्या ३,२७० रहेको देखिन्छ । त्यसैगरी जनसांख्यिक आधारमा क्षेत्री समुदाय तेस्रो स्थानमा रहेको देखिन्छ, जसमा पुरूष ८०१ र महिला ९४१ जना गरी जम्मा जनसंख्या १,७४२ रहेको छ । त्यस्तै जनसांख्यिक आधारमा ब्राह्मण समुदाय चौथो स्थानमा रहेको देखिन्छ जसमा पुरुष ६४७ र महिला ७५३ गरी जम्मा जनसंख्या १४०० देखिन्छ । यसैगरी घले समुदायमा पुरूष १३ र महिला ९ गरी जम्मा २२ जना रहेको देखिन्छ । यसै क्रममा सबैभन्दा कम जनसंख्या सोनार जातिको रहेको छ  जसमा पुरुष ११ र महिलाको १० गरी २१ जना रहेको देखिन्छ (नेपाल सरकार., वि.स.२०६८) । माथि उल्लेख गरिएको तथ्याङ्कको आधारमा यस गाउँपालिकामा विभिन्न १७ जातजाति समुदायका मानिसहरूको

बसोबास गरेको देखिन्छ । यस आधारमा पनि हेलम्बु गाउँपालिका भौगोलिक, जातिगत धार्मिक तथा सांस्कृतिक विविधताका रूपमा संरचित रहेको देखिन्छ ।

### ३.३.३ भाषागत जनसंख्याको संरचना

हेलम्बु गाउँपालिकामा विभिन्न जातजातिहरूको बसोबास रहेको देखिन्छ । यिनीहरूमा जातिगत विविधताअनुरूप नै भाषागत विविधता पनि देखिन्छ । नेपाल सरकारको आधिकारिक तथ्याङ्कले सम्पर्क भाषाका रुपमा नेपाली भाषालाई प्रयोग गरेको देखाए तापनि आ-आफ्नो सांस्कृतिक एवम् सामाजिक जीवनमा मातृभाषालाई नै प्राथमिकता दिएको देखिन्छ । वि.स.२०६८ मा भएको जनगणनाअनुसार यस गाउँपालिकामा १० वटा मातृभाषा बोल्ने जनजाति वा समुदाय रहेको देखिन्छ (नेपाल सरकार वि.स.२०६८) । यसरी बोलिने मातृभाषाहरूमा पहिलोमा तामाङ भाषा, दोस्रोमा नेपाली भाषा, तेस्रोमा ह्योल्मो भाषा बोल्ने, चौथोमा नेवारी भाषा बोल्ने, पाँचौमा शेर्पा भाषा वोलिने समुदायको वाहुल्य रहेको देखिन्छ । सबैभन्दा कम बोलिने अन्य भाषाहरूमा मगर, मैथिली र गुरुङ रहेका छन् । मातृभाषा बोल्नेहरूको आधारमा निम्नानुसारको जनसांख्यिक बनौट रहेको देखिन्छ :

**तालिका ३**

**भाषागत जनसंख्या विवरण**

| क्र.सं | मातृभाषा | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | नेपाली | २,४७५ | २,८६२ | ५,३३७ |
| २ | मैथली | २७ | ११ | ३८ |
| ३ | तामाङ | ४,१५१ | ४,३२८ | ८,४७९ |
| ४ | नेवार | १०८ | ९८ | २०६ |
| ५ | मगर | १८ | १७ | ३५ |
| ६ | गुरुङ | १९ | ३३ | ५२ |
| ७ | शेर्पा | १०४ | ७१ | १७५ |
| ८ | ह्योल्मो | १,६१९ | १,६५० | ३,२६९ |
| ९ | अन्य | २६ | २२ | ४८ |
| १० | नखुलेको | १७ | १२ | ३२ |
|  |  | ८,५६४ | ९,१०७ | १७६७१ |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८

माथि उल्लिखित तालिकाअनुसार हेलम्बु गाउँपालिकामा मातृभाषा बोल्नेहरूको जातिगत संरचना हेर्दा सबैभन्दा धेरै तामाङ भाषा बोल्नेको ८४,७९ रहेको देखिन्छ । त्यसै गरी नेपाली भाषा नै मातृभाषा हुनेहरू दोस्रो स्थानमा रहेको देखिन्छ जसमा ५,३३७ जना छन् । मातृभाषा नै ह्योल्मो बोल्ने ह्योल्मो समुदाय तेस्रो स्थानमा रहेको देखिन्छ जसमा ३,२६९ जना रहेको देखिन्छ । चौथो स्थानमा नेवारी वोल्ने नेवार समुदाय मातृभाषा बोल्ने २०६ जना रहेका छन् । पाँचौ स्थानमा शेर्पा बोल्ने समुदाय मातृभाषा वोल्ने १७५ जना रहेको देखिन्छ । यी बाहेक अन्य मातृभाषा बोल्नेहरूमा मैथिली ३८ जना,

मगर ३५ जना, गुरुङ ५२ जना, अन्य ४८ जना र नखुलेको ३२ जना रहेको देखिन्छ (नेपाल सरकार.,वि.स.२०६८) । यसबाट हेलम्बु गाउँपालिकामा भाषागत विविधता रहेको प्रमाणित हुन्छ ।

## ३.४ ह्योल्मो समुदायको जिल्लागत जनसंख्या

अल्पसंख्यक जातिको रूपमा सूचीकृत ह्योल्मो समुदायको पुर्ख्यौली थातथलो सिन्धुपाल्चोकको हेलम्बु गाउँपालिका भए तापनि यिनीहरू विभिन्न कारणले देशका विभिन्न भागमा छरिएर रहेका छन् । विशेषतः २२ वटा जिल्लाहरूमा ह्योल्मो समुदायको सांस्कृतिक एवम् सामाजिक गतिविधि देखिन्छ । केन्द्रीय तथ्याङ्क विभागले वि.स. २०६८ मा लिएको जनगणनाअनुसार ह्योल्मो समुदायको सामाजिक वस्तुस्थिति निम्न तालिकामा देखाइएको छ :

**तालिका ४**

**ह्योल्मो समुदायको सामाजिक वस्तुस्थिति**

| क्रसं. | जिल्ला | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १. | इलाम | ६२६ | ७०६ | १३३२ |
| २. | झापा | ६ | ८ | १४ |
| ३. | मोरङ | १० | २३ | ३३ |
| ४. | सुनसरी | १२ | ९ | २१ |
| ५. | सप्तरी | १ | २२ | २३ |
| ६. | सिराहा | ६ | ३६ | ४२ |
| ७. | धनुषा | २ | १५ | १७ |
| ८. | महोत्तरी | २ | १७ | १९ |
| ९. | सर्लाही | ९१ | ९९ | १९० |
| १०. | रामेछाप | ५०६ | ५९१ | १०९७ |
| ११. | सिन्धुपाल्चोक | २३९३ | २४७८ | ४८७१ |
| १२. | ललितपुर | २३ | ५ | २८ |
| १३. | काठमाडौं | १००६ | ५९८ | १६०४ |
| १४. | नुवाकोट | १८० | १७९ | ३५९ |
| १५. | रसुवा | ४८ | ५३ | १०१ |
| १६. | चिŒवन | १०६ | १०७ | २१३ |
| १७. | लम्जुङ | ११५ | १३३ | २४८ |
| १८. | कास्की | ६८ | १०२ | १७० |
| १९. | नवलपरासी | २७ | ३६ | ६३ |
| २०. | कपिलवस्तु | ३ | ९ | १२ |
| २१. | दाङ | २ | ११ | १३ |
| २२. | कैलाली | १० | १६ | २६ |
| **जम्मा** | | **५११५** | **५६३७** | **१०७५२** |

स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, २०६८

माथि उल्लेखित तालिकामा प्रस्तुत गरिएको तथ्याङ्कअनुसार ह्योल्मो समुदायको जिल्लागत जनसांख्यिक ढाँचाको विश्लेषण गर्दा सबैभन्दा बढी जनसंख्या रहेका जिल्लाहरूमा सिन्धुपाल्चोकमा कुल जनसंख्या ४,८७१ रहेको देखिन्छ । यसमा पुरुषको जनसंख्या २३९३ र महिलाको जनसंख्या २४७८ रहेको छ । ह्योल्मो समुदायको दोस्रो जनसंख्या काठमाडौं जिल्लामा १,६०४ रहेको छ जसमा पुरुहरूषको जनसंख्या १००६ र महिलाहरूको जनसंख्या ५९८ रहेको देखिन्छ । यस्तै गरी तेस्रो जनसंख्या भएको जिल्ला इलाममा १,३३२ रहेको पाइन्छ  जसमा पुरुषहरूको जनसंख्या ६२६ र महिलाहरूको जनसंख्या ७०६ रहेको छ । चौथो जनसंख्या रामेछाप जिल्लामा १,०९७ रहेको देखिन्छ । यसमा पुरूषहरूको जनसंख्या ५०६ र महिलाहरूको जनसंख्या ५९१ रहेको पाइन्छ । नुवाकोट ३५९, लमजुङ २४८, चितवन २१३, कास्की १७० र रसुवामा १०८ रहेको देखिन्छ भने सबैभन्दा कम जनसंख्या रहेका जिल्लाहरूमा कपिलवस्तु जिल्लामा १२ जना, दाङ जिल्लामा १३ जना, झापामा १४ जना र धनुषामा १७ जना रहेको देखिन्छ । ह्योल्मो समुदाय विभिन्न जिल्लामा छरिएर रहेतापनि यिनीहरूले आफ्नो प्राचीन पुर्ख्यौली थातथलोको रुपमा  भने हेलम्बु क्षेत्रलाई लिने गरेको पाइन्छ ।

ह्योल्मो समुदायको केन्द्रस्थल रहेको हेलम्बु क्षेत्रले प्राचीनकालदेखि नै धार्मिक एवम् सांस्कृतिक महत्त्व बहन गरेको देखिन्छ । विशेषतः बौद्ध धर्मावलम्बी ह्योल्मो समुदायले ८ औ शताब्दीदेखि नै यस क्षेत्रमा बसोबास गर्दै आएको तर्कलाई ऐतिहासिक एवम् पुरातात्त्विक प्रमाण, अन्य स्थानीय अनुश्रुति र परम्परागत विश्वासले प्रमाणित गरेका छन् । लामो समयदेखि हेलम्बुमा बसोबास गर्दै आएका ह्योल्मो समुदाय पछिल्लो कालमा विभिन्न क्षेत्रमा फैलिएका देखिन्छन् । लामाबौद्धधर्मको प्रचार-प्रसार र संरक्षणमा ह्योल्मो समुदायको महत्त्वपूर्ण योगदान रहेको छ । विशेषतः ह्योल्मो समुदाय ञिङमपा सम्प्रदायमा आधारित रहेर त्यसै अनुसारका धार्मिक एवम् सांस्कृतिक अनुष्ठानहरू गरेको देखिन्छ । प्राचीनकालदेखि नै बौद्धमार्गीहरूका लागि यो क्षेत्र धार्मिक तीर्थयात्रा तथा पर्यटन पदमार्गको केन्द्र बनेको छ । त्यसैले यस क्षेत्रका ह्योल्मो लामागुरुहरूसँग विभिन्न स्थानबाट लामाविद्या सिक्न आउने क्रम पनि प्राचीनकाल-देखि चल्दै आएको छ । यसरी हेलम्बु क्षेत्र ञिङमपा सम्प्रदायको शिक्षाको महत्त्वपूर्ण केन्द्रका रूपमा स्थापित भएको देखिन्छ । यो क्षेत्र स्वदेशी तथा विदेशी पर्यटकहरूका लागि पर्यापर्यटनको केन्द्र बनेको छ । त्यस्तै गरी राष्ट्रिय गौरवको आयोजना मेलम्ची खाने पानीको मुहान पनि यस गाउँपालिकामा रहेको छ । यस जिल्लामा रहेका विभिन्न ऐतिहासिक प्राचीन महत्त्वपूर्ण गोन्पाहरूमध्ये सबैभन्दा प्राचीन गोन्पाहरू हेलम्बु गाउँपालिकामा रहेका छन् । यसकारण हेलम्बु क्षेत्रमा बौद्धमार्गी ह्योल्मो समुदायको धार्मिक महत्त्वपूर्ण स्थलका रूपमा रहेको छ । विशेष गरी यो क्षेत्र ह्योल्मो समुदायको धार्मिक, ऐतिहासिक र सांस्कृतिक अध्ययन-अनुसन्धानका लागि महत्त्वपूर्ण केन्द्रका रुपमा रहेको छ । सिन्धुपाल्चोक जिल्लाका विभिन्न गाउँपालिकाहरूमध्ये हेलम्बु गाउँपालिका सांस्कृतिक, धार्मिक, पर्यटन र विकास-निमार्णका दृष्टिकोणले महत्त्वपूर्ण स्थलका रूपमा रहेको देखिन्छ ।

## ३.५ सिन्धुपाल्चोक जिल्लाको संक्षिप्त भौगोलिक परिचय

पञ्चायतकालमा नेपाललाई प्रशासनिक भूगोलका आधारमा पाँच विकास क्षेत्र, चौध अञ्चल र पचहत्तर जिल्लामा विभाजन गरिएको थियो । वि.सं.२०६२/२०६३ को जनआन्दोलन पश्चात् वि.स.२०७२ मा बनेको संविधानमा नेपालको प्रशासनिक भूगोललाई स्थानीय निकाय, प्रदेश र संघीय गरी मुख्य तिन तहमा विभाजन गरिएको छ (नेपाल सरकार वि.स.२०७२, पृ. ३१) । प्रशासनिक कार्य विभाजनलाई सहज बनाउन उक्त तिन संरचनालाई पनि सात प्रदेश र सतहत्तर जिल्लामा विभाजन गरिएको छ । नेपाल सरकारले राज्यलाई स्थानीय निकायका रुपमा ६ महानगरपालिका, ११ उप-महानगरपालिका, २७६ नगरपालिका र ४६० गाउँपालिकामा विभाजन गरेको छ । यसरी विभाजित ७७ जिल्लाहरूमध्ये सिन्धुपाल्चोक पनि एक महत्त्वपूर्ण जिल्ला हो । यो जिल्ला पनि अन्य जिल्लाहरू जस्तै भौगोलिक, सांस्कृतिक, सामाजिक तथा जातीय विविधतायुक्त छ । जुगल हिमालको काखमा अवस्थित सिन्धुपाल्चोक जिल्लाको उत्तरी सिमाना जनवादी गणतन्त्र चीनको स्वशासित क्षेत्र तिब्बतसँग जोडिएको छ ।

यस जिल्लामा रहेका प्रसिद्ध दुईवटा थुमहरू “सिन्धुकोट” र ‘पाल्चोक’ मिलेर “सिन्धुपाल्चोक” नाम रहन गएको हो भन्ने स्थानीयवासीको भनाइ छ । हाल “सिन्धुकोट” मेलम्ची नगरपालिका वडा नं. ५ र पाल्चोक’ हेलम्बु गाउँपालिका वडा नं. ३ गरी दुई वडा क्षेत्रमा विभाजित छ । “सिन्धुकोट” कान्तिपुर राज्यको प्रशासनिक केन्द्रका रूपमा परिचित रहेको इतिहासमा उल्लेख छ (लम्साल र प्याकुरेल, वि.स.२०७१.पृ. ३) । तिब्बतसँग नेपाल प्राचीनकालदेखि नै व्यापारिक तथा सांस्कृतिक सम्बन्ध रहेको थियो । मल्लकालमा यो सम्बन्ध अझ बढेर गएको थियो । सिन्धुकोट पनि प्राचीन र मल्लकालदेखि नै व्यापारिक मार्गका रूपमा स्थापित थियो । लिच्छविकालीन राजकुमारी भृकुटीको विवाहपश्चात् तिब्बत फर्कने क्रममा उनीहरू यही मार्ग हुँदै गएको भन्ने स्थानीय जनविश्वास रहेको छ । यस जिल्लाको सदरमुकाम चौताराको नामकरणका सम्बन्धमा विभिन्न स्थानीय मान्यता र भनाइ प्रचलित छन् । स्थानीय जनश्रुति र प्राप्त तथ्य तथा प्रमाणहरूका आधारमा नेपालको राजधानी काठमाडौ लगायत आसपासका क्षेत्रबाट मानिसहरू उत्तर भोटतर्फ नुन लिन जाने क्रममा भारी बिसाउने, थकाइ मार्ने र रात परेमा सोही चौतारीमा बास बस्ने भएकाले यस ठाउँको नाम चौतारा रहन गएको हो भन्ने छ (लम्साल र प्याकुरेल वि.सं. २०७१, पृ. ४) । भौगोलिक रुपमा काठमाडौ जिल्लाको पूर्वतर्फ रहेको सिन्धुपाल्चोक जिल्ला बाग्मती प्रदेशको ३ नं. अर्न्तगत पर्दछ । यो जिल्ला विश्वको मानचित्रमा २७.२७ उत्तरदेखि २८.१३ उत्तरी अक्षांश र ८५.२७ पूर्वदेखि ८६.०६ पूर्वी देशान्तरमा अवस्थित रहेको देखिन्छ ( भण्डारी, वि.स. २०५८, पृ. ३) । सिन्धुपाल्चोक जिल्लाले नेपालको भू-भागको कुल क्षेत्रफलमध्ये १.७३% भाग ओगटेको छ । यो जिल्ला वाग्मती प्रदेशअन्तर्गत रहेका १३ वटा अन्य जिल्लाहरूमध्ये क्षेत्रफलका दृष्टिले सबैभन्दा ठूलो रहेको देखिन्छ (लम्साल र प्याकुरेल वि.स.२०७१, पृ. ५) ।

सिन्धुपाल्चोक जिल्लाको कुल क्षेत्रफल २५४२ वर्ग कि.मि. रहेको छ । यस जिल्लाको भौगोलिक सीमा उत्तरी भेकमा चीनको स्वशासित क्षेत्र तिब्वत, पूर्वमा दोलखा, दक्षिणमा रामेछाप र काभ्रे, पश्चिममा काठमाडौं र नुवाकोट जिल्लाहरूसँग जोडिएको छ । यो जिल्ला २,६०,०२६ हेक्टर भू-भागमा फैलिएको छ । सिन्धुपाल्चोक जिल्लाको कुल भू-भागको ९,६९३ हेक्टर भू-भाग हिउँले ढाकेको, २७,३३५

हेक्टर भू-भाग चट्टान, १५,००० हेक्टर भू-भाग वन/जंगल क्षेत्र, खेतीयोग्य जमिन ३२,९३३ हेक्टर भू-भाग रहेको देखिन्छ । ६६,७१६ हेक्टर अन्य भू-भाग ओगटेर रहेको देखिन्छ । समुद्री सतहबाट करिब ६७१ मिटरदेखि ७,०८६ मिटर उचाइमा रहेको सिन्धुपाल्चोक जिल्लाको सदरमुकाम चौतारा समुद्री सतहबाट १,४१८ मिटरको उचाइमा रहेको छ । सिन्धुपाल्चोक जिल्लाको अधिकतम औसत तापक्रम ३२.५ डिग्री सेल्सियसदेखि न्यूनतम ५ डिग्री सेल्सियससम्म रहने गरेको छ । यस जिल्लामा हुने औसत वर्षा २६१.५ मिलिलिटर हुने गरेको छ (लम्साल र प्याकुरेल वि.स.२०७१, पृ.८२-८४) ।

नेपालका अन्य हिमाली र पहाडी जिल्लाहरूमध्ये सिन्धुपाल्चोक जिल्ला पनि प्राकृतिक, धार्मिक तथा सांस्कृतिक सम्पदाका दृष्टिकोणले सम्पन्न रहेको छ । यहाँ पर्याप्त मात्रामा वनपैदावार, हिमशृंखला र जलाधार क्षेत्रहरू रहेका छन् । सिन्धुपाल्चोक जिल्लामा हिमाली काखबाट उत्पत्ति भएका विभिन्न हिमनदी तथा अन्य नदीहरू रहेका छन, तीमध्ये भोटेकोशी, सुनकोशी, इन्द्रावती, ब्रम्हायणी, मेलम्ची आदि प्रमुख नदीहरू हुन् । त्यसै गरी यस जिल्लामा धार्मिक आस्थासँग जोडिएका महत्त्वपूर्ण मानिएका जलकुण्डहरू रहेका छन् । पाँचपोखरी, भैरवकुण्ड र सूर्यकुण्ड लगायतका प्रसिद्ध कुण्डहरूले धार्मिक आस्थासँग पनि जोडिएका पाइन्छन् । पाँचपोखरी कुण्ड यस जिल्लाको पाँचपोखरी गाउँपालिकाअन्तर्गत रहेको छ । यो समुद्री सतहबाट ४,०६० मिटरको उचाइमा रहेको छ । पाँचवटा तालहरू भएका यसको नामकरण पनि पाँचपोखरी राखिएको स्थानीय विश्वास रहेको छ । विश्वप्रसिद्ध ९ वटा हिमतालहरूमध्ये यो पनि प्रमुख हिमतालका रूपमा प्रख्यात रहेको छ जुन इन्द्रावती नदीको उद्गमस्थल पनि हो । यस क्षेत्रमा ऋषिपञ्चमीको दिन ठूलो मेला लाग्ने गर्दछ । त्यस्तै गरी भैरवकुण्ड भोटेकोशी गाउँपालिकाअन्तर्गत पर्दछ । यो समुद्री सतहबाट ३,९८५ मिटर उचाइमा रहेको छ । यस तालमा पनि ऋषिपञ्चमीका दिन भव्य मेला लाग्ने गर्दछ ।

भोटेकोशी गाउँपालिका चीनको सिमानासँग जोडिएर रहेको छ । समुद्री सतहबाट ५०० मिटर उचाइमा रहेको यस गाउँपालिकामा निरन्तर बगिरहने तातोपानी धारा रहेको छ जुन धार्मिक पर्यटनका दृष्टिकोणले महत्त्वपूर्ण रहेको छ । तातोपानी रहेको यस स्थानमा वर्षको दुई पटक चैत्र र कार्तिक महिनामा ठूलो धार्मिक मेला लाग्दछ । यस तातोपानी धारामा नुहाउदा छालाका विभिन्न रोगहरू सन्चो हुने स्थानीय विश्वासका कारण स्वदेशी तथा विदेशी पर्यटकहरू यस ठाउँमा स्नान गर्न आउने गरेका देखिन्छन् । यस क्षेत्रमा पर्यटकीय दृष्टिकोणले महत्त्वपूर्ण मानिने प्राकृतिक सुन्दर झरनाहरू रहेका छन् जसमा भैरवकुण्ड खोलाको झरना, वलेफी खोलाको झरना, कोदारी झरना आदि प्रसिद्ध छन् । त्यसै गरी नेपालमा नै पहिलोपटक साहसी पर्यटन प्रवर्द्धनका लागि भोटेकोशी गाउँपालिकामा वञ्जिजम्पिङ केन्द्र स्थापना गरिएको छ, जुन साहसी पर्यटन गर्न मन पराउनेहरूका लागि आकर्षक गन्तव्यका रूपमा परिचित छ । यो लगभग १६० मिटर उचाइमा रहेका छ । साहसिक जलयात्राको लागि भोटेकोशी, सुनकोशी र वलेफी लगायतका नदीहरूले पनि प्रसिद्धि पाएका छन् । साहसी जलयात्राका लागि विश्वका प्रमुख १० वटा उत्कृष्ट नदीहरूमा यी उल्लिखित नदीहरू पर्दछन् ।

यस जिल्लाको उत्तरी भागमा वन्यजन्तु, वनपैदावार लगायत प्राकृतिक सम्पदाहरूको दिगो संरक्षणको लागि लामटाङ आरक्षण क्षेत्रको स्थापना गरिएको छ, जुन १,१५,००० हेक्टर क्षेत्रफलमा फैलिएको छ । यो आरक्षण क्षेत्र पनि पर्यटकीय गन्तव्यस्थलका लागि विश्वप्रसिद्ध छ । यसरी स्वदेशी तथा विदेशी पर्यटकहरूका लागि सिन्धुपाल्चोक जिल्लाको महत्त्वपूर्ण योगदान रहेको छ । त्यसैगरी कृषि उत्पादनमा यस जिल्लाले प्रमुख भूमिका निर्वाह गरेको देखिन्छ । यहाँ विशेष गरी धान, मकै, आलु, कोदो लगायत अन्य नगदेबालीहरूको खेती गरिन्छ । इन्द्रावती तथा जलविरे नदीका फाँट र वेंसी कृषिउत्पादनका लागि प्रसिद्ध छन् । कृषि उत्पादन तथा पशुपालन बाहेक अन्य क्षेत्रमा पनि सिन्धुपाल्चोकको योगदान रहेको छ । विशेषतः सिन्धुपाल्चोक जिल्ला कला, साहित्य र सांस्कृतिक दृष्टिकोणले समेत अग्रणी स्थानमा रहेको छ ।

नेपालको आर्थिक विकासमा सिन्धुपाल्चोक जिल्लाले महत्त्वपूर्ण योगदान दिदै आएको छ । प्राचीनकाकालदेखि नै चीनको स्वशासित क्षेत्र तिब्बतसँग हुने नेपालको व्यापारका लागि सहज व्यापारिक नाका रहँदै आएको उत्तरी नाकाको प्रमुख भन्सार केन्द्र तातोपानी यसै जिल्लाको भोटेकोशी गाउँपालिकामा रहेको छ । यो जिल्ला तिब्बती सिमानासँग जोडिएको कोदारी लोकमार्ग चीनसँग हुने व्यापारका लागि देशकै प्रमुख पारवहन मार्ग भएकाले यो नेपालकै निम्ति गौरवको विषय बन्न पुगेको छ । नेपालको अर्थतन्त्रमा बढी राजस्व उठाउने भन्सारहरूमध्येमा पर्ने यो व्यापारिक नाका वि.सं. २०७२ मा आएको विनाशकारी भूकम्पका कारणले गर्दा र बलेफी गाउँपालिकाको जुरे भन्ने स्थानमा वि.सं.२०७१ मा आएको पहिरोले गर्दा विगतमा अवरुद्ध भएको  राजमार्ग पछि केही समयका लागि सँचालनमा आएको भए तापनि वि.स.२०७७मा पुनः आएको प्राकृतिक प्रकोपका कारण वाढी -पहिरोले गर्दा यो राजर्माग वन्द भई हाल फेरि सञ्चालनमा आएको छ । पर्यटकीय दृष्टिले पनि जलयात्रा गर्नका लागि उत्कृष्ट गन्तव्य मानिएको सुकुटेमा दैनिक हजारौं पर्यटक आउँने गर्दछन् । यस जिल्लामा बसोबास गर्ने विभिन्न जातजातिहरूमा तामाङ, नेवार, गुरुङ, क्षेत्री, बाहुन, ह्योल्मो, शेर्पा, मगर, दनुवार, पहरी, माझी, दलित आदि रहेका छन् । यी समुदायमा रहेका विभिन्न सम्प्रदायका मानिसहरूले आ-आफनै धर्म मान्दै आएको देखिएतापनि यहाँ बौद्ध धर्मावलम्बीहरूको बाहुल्य रहेको छ भने अन्य धर्मावलम्बीहरूमा हिन्दू, इसाई, मुस्लिम लगायतका धर्मावलम्बीका  मानिसहरूपनि बसोवास गरिएको पाइन्छ । यहाँका मानिसहरू मूलत : लामाबौद्ध धर्मको ञिंमापा सम्प्रदायसँग आवद्ध छन् । यस जिल्लामा रहेका महत्त्वपूर्ण हिन्दू धार्मिक तीर्थस्थलहरूमा लिस्तीकोट, उग्रचण्डी, त्रिपुरासुन्दरी, पलाञ्चोक भगवती, कोटमैलो, गौरती भीमेश्वर मन्दिर आदि रहेका छन् । यसरी नै बौद्धमार्गी धर्मावलम्बीहरूको पवित्र तीर्थस्थलहरूमा मेलम्चीघ्याङ, चिरी गुम्बा, तार्के गुम्वा, पौवा गुम्वा, सेरमाथाङ गुरु पद्मसम्भवको सालिक भएको स्थान, पद्मसम्भवले साधना गरेका गुफा, डाकिनी गुफा, मिलारेपाले साधना गरेको गुफा र छयोर्तेन (स्तुप), मानेलहर आदि रहेका छन् ।

सिन्धुपाल्चोक जिल्लालाई २ संघीय निर्वाचन क्षेत्र, ४ प्रदेश सभा र १२ स्थानीय गरी प्रशासनिक क्षेत्रमा विभाजन गरिएको छ । यी विभाजित निकायहरूमध्ये तिनवटा नगरपालिका रहेको छ जसमा चौतारा साँगाचोकगढी, वाह्रबिसे र मेलम्ची रहेका छन् । त्यस्तै गरी नौ-वटा गाउँपालिका रहेका छन् जसमा त्रिपुरासुन्दरी, हेलम्बु, पाँचपोखरी, इन्द्रावती, जुगल, बलेफी, सुनकोशी, भोटेकोशी र लिसङ्खुपाखार गाउँपालिका हुन् ।

## ३.५.१ जातीय जनसंख्या संरचना

नेपालका विभिन्न स्थानहरूमा फरक-फरक जातजातिका मानिसहरू बसोबास गरेको पाइन्छ । यहाँ जातीय संरचनाअनुसारको सामाजिक तथा सांस्कृतिक विविधता रहेको छ । सिन्धुपाल्चोकमा पनि यसै प्रकृतिको जातीय तथा सामाजिक विविधता रहेको छ । यस जिल्लामा विभिन्न ५२ जातजातिहरूले आवाद गरेको छ (नेपाल सरकर वि.स.२०६८) । नेपाल सरकार, तथ्यांक विभागले गरेको वि.सं.२०६८ को राष्ट्रिय जनगणनाअनुसार यस जिल्लामा आबाद गर्दै आएका मुख्य जातजातिहरूमा क्रमशः तामाङ (३४.२५%), क्षेत्री (१८.२३%), नेवार (११.११%), ब्राह्मण (पहाडी) (१०.३३%), कामी (३.८८%), संन्यासी (३.६२%), शेर्पा (२.६३%), माझी (२.२९%), दमाई (१.९०%), मगर (१.७१%), थामी (१.७०%), ह्योल्मो (१.६९%) र बाँकी अन्य जातिहरू रहेको पाइन्छ । यी जातजातिहरूका अतिरिक्त यस जिल्लामा अन्य जातिका मानिसहरू पनि रहेका छन्, तर तिनीहरूको संख्या भने निकै कम रहेको देखिन्छ । त्यसै गरी कम जनसंख्या भएर पनि त्यस क्षेत्रमा बसोबास गरिरहेका जातजातिहरूमा सुधीको जनसंख्या ०.०१ प्रतिशत, कलवारको जनसंख्या ०.०१ प्रतिशत, राजवंशीको जनसंख्या ०.०१ प्रतिशत, कानुको जनसंख्या कुल १४ जना रहेको देखिन्छ भने अन्य बसोबास गर्ने जातजातिहरू पनि रहेका छन् जसमा केवटको कुल जनसंख्या १२ जना, मल्लाहको जनसंख्या १३ जना र पथरकट्टा/कुसबादीको जनसंख्या १३ जना रहेका छन् । यसरी सिन्धुपाल्चोक जिल्लामा बसोबास गर्ने जातजातिहरूको संरचना यस प्रकार रहेको छ :

## तालिका नं. ५

## सिन्धुपाल्चोक जिल्लामा बसोबास गर्ने जातजातिहरू

| क.सं. | जातजाति | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | तामाङ | ४८,३०२ | ५०,२६७ | ९८,५७० | ३४=२५ |
| २. | क्षेत्री | २४,९११ | २७,५४४ | ५२,४५५ | १८=२३ |
| ३. | नेवार | १५,३८७ | १६,५९० | ३१,९७७ | ११=११ |
| ४. | ब्राह्मण पहाडी | १३,८८० | १५,८४५ | २९,७२५ | १०=३३ |
| ५. | कामी | ५,१९१ | ५,९८७ | ११,१७८ | ३=८८ |
| ६. | सन्यासी | ४,६४५ | ५,७७७ | १०,४२२ | ३=६२ |
| ७. | शेर्पा | ३,७४३ | ३,८३५ | ७,५७८ | २=६३ |
| ८. | माझी | ३,१३४ | ३,४४७ | ६,५८१ | २=२९ |
| ९. | दमाई | २,५९५ | २,८६८ | ५,४६३ | १=९० |
| १०. | मगर | २,४४९ | २,४६३ | ४,९१२ | १=७१ |
| ११. | थामी | २,३७१ | २,५२३ | ४,८९४ | १=७० |
| १२. | ह्योल्मो | २,३९३ | २,४७८ | ४,८७१ | १=६९ |
| १३. | सार्की | २,१४० | २,२५६ | ४,३९६ | १=५३ |
| १४. | दनुवार | १,७३७ | १,८८८ | ३,६२५ | १=२६ |
| १५. | गुरुङ | १,४१५ | १,५१५ | २,९३० | १=०२ |
| १६. | घर्ती/भुजेल | १,२६४ | १,३६६ | २,६३० | ०=९२ |
| १७. | पहरी | ९३० | ९५१ | १,८८१ | ०=६५ |
| १८. | ठकुरी | २७२ | ३७३ | ६४५ | ०=२२ |
| १९. | घले | ३१३ | ३३० | ६४३ | ०=२२ |
| २०. | जिरेल | १२६ | १३२ | २५८ | ०=०९ |
| २१. | भोटे | ३० | १८९ | २१९ | ०=०८ |
| २२. | राई | ९८ | ८० | १७८ | ०=०६ |
| २३. | थारु | १३६ | ३६ | १७२ | ०=०६ |
| २४. | यादव | ८४ | ३१ | ११५ | ०=०४ |
| २५. | तेली | ८० | ३० | ११० | ०=०४ |
| २६. | बादी | ४१ | ४१ | ८२ | ०=०३ |
| २७. | हजाम/ठाकुर | ५३ | २२ | ७५ | ०=०३ |
| २८. | सोनार | २७ | २९ | ५६ | ०=०२ |
| २९. | सुनुवार | २२ | ३१ | ५३ | ०=०२ |
| ३०. | लिम्बू | २२ | २० | ४२ | ०=०१ |
| ३१. | मुसलमान | २५ | १३ | ३८ | ०=०१ |
| ३२. | धानुक | २२ | १२ | ३४ | ०=०१ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३३. | कथवानिया | २४ | ९ | ३३ | ०=०१ |
| ३४. | सुधी | १९ | ११ | ३० | ०=०१ |
| ३५. | कलवार | १९ | ११ | ३० | ०=०१ |
| ३६. | ब्राह्मण-तराई | १६ | ११ | २७ | ०=०१ |
| ३७. | हलुवाई | १० | १६ | २६ | ०=०१ |
| ३८. | राजवंशी | ११ | १० | २१ | ०=०१ |
| ३९. | लोध | ८ | ११ | १९ | ०=०१ |
| ४०. | कोइरी | १५ | ३ | १८ | ०=०१ |
| ४१. | दुसाध/पासवान | १० | ८ | १८ | ०=०१ |
| ४२. | कायस्थ | ७ | ९ | १६ | ०=०१ |
| ४३. | कुमाल | १२ | ३ | १५ | ०=०१ |
| ४४. | कानू | ९ | ५ | १४ | ०=०० |
| ४५. | पथरकहा/कुशवादिया | ६ | ७ | १३ | ०=०० |
| ४६. | केवट | ७ | ५ | १२ | ०=०० |
| ४७. | मल्लाह | ५ | ६ | ११ | ०=०० |
| ४८. | तराई अन्य | ३६ | ४६ | ८२ | ०=०३ |
| ४९. | विदेशी | १०१ | १२९ | २३० | ०=०८ |
| ५०. | अन्य दलित | ६३ | ६६ | १२९ | ०=०४ |
| ५१. | नखुलेको जातजाति | ३५ | ३० | ६५ | ०=०२ |
| ५२. | अन्य | ९९ | ८२ | १८१ | ०=०६ |
| | जम्मा | १,३८,३५१ | १,४९,४४७ | २,८७,७९८ | १०० |

स्रोत : राष्ट्रिय जनगणना प्रतिवेदन, २०६८

माथि उल्लिखित तथ्याङ्कअनुसार सिन्धुपाल्चोक जिल्लामा विविध जातजातिहरूको मिश्रित रूपमा बसोबास रहेको देखिन्छ । तथ्याङ्कअनुसार यस जिल्लामा बसोबास गर्ने जातजातिहरूको प्रमुख विशेषता भनेको तराई क्षेत्रमा वसोवास गर्ने जातिहरूको समेत पाइनु हो भने तथ्याङ्कले नुखुलेको जातजातिको जनसंख्या ०.०२ प्रतिशत र त्यहाँ बसोबास गर्ने विदेशीहरूको जनसंख्या समेत ०.०८ प्रतिशत रहेको देखिन्छ । सिन्धुपाल्चोक जिल्लामा वसोवास गर्ने जातजातिहरूको कुल जनसंख्यामा पुरुषको १,३८,३५१ र महिलाहरूको १,४९,४४७ गरी जम्मा कुल जनसंख्या २,८७,७९८ रहेको उल्लेख गरिएको छ (नेपाल सरकार, वि.स.२०६८) । यस तथ्याङ्कका आधारमा हेर्दा सिन्धुपाल्चोक जिल्लामा जातीय तथा सामाजिक एवम् सांस्कृतिक विविधता रहेको स्पष्ट हुन्छ ।

### ३.५.२ धर्मगत आधारमा जनसांख्यिक संरचना

नेपालको अन्य जिल्लाहरूमा जस्तै सिन्धुपाल्चोक जिल्लामा पनि धार्मिक, सांस्कृतिक, भाषिक तथा जातीय विविधता रहेको देखिन्छ । यसकारण यो जिल्ला बहुल संस्कृतियुक्त जिल्लाका रूपमा

परिचित छ । बहुलसंस्कृतियुक्त जिल्ला भएकाले त्यस अनुरूप नै यहाँको सामाजिक तथा सांस्कृतिक संरचनामा विविधता देखिएको छ । नेपाल सरकारको आधिकारिक तथ्याङ्कले पनि उल्लिखित विषयका साथसाथै धार्मिक विविधतायुक्त जिल्लाका रुपमा प्रमाणित गरेको छ । वि.सं. २०६८ को जनगणनाअनुसार यस जिल्लामा विशेष गरी १० वटा धार्मिक सम्प्रदायहरूको बाहुल्य रहेको छ । यी १० वटा धार्मिक सम्प्रदायहरूमध्ये सबैभन्दा बढी बाहुल्य हिन्दू धर्मावलम्बीहरूको छ, जसले ५८.९८ प्रतिशत स्थान ओगटेको छ । हिन्दू धर्मावलम्बी पछि यस जिल्लामा बसोबास गर्ने दोस्रो ठूलो धार्मिक सम्प्रदाय बौद्ध धर्माबलम्वीहरू हुन् जसको जिल्लाको कुल जनसंख्याको ३७.९६ प्रतिशत स्थान रहेको देखिन्छ । त्यसैगरी अन्य धर्मावलम्बीहरूमा क्रमशः इस्लाम ०.०१, किराँत ०.०१, इसाई १.८३, प्रकृति पूजनमा आस्था राख्ने १.०८, बोनधर्ममा आस्था राख्ने ५ जना, जैनधर्ममा आस्था राख्ने १ जना, बहाईधर्ममा आस्था राख्ने ३ जना, सिख धर्ममा आस्था राख्ने १ जना र धर्म नखुलेकोको ०.१३ प्रतिशत रहेको उल्लेख गरिएको छ (राष्ट्रिय जनगणनाको प्रतिवेदन, वि.सं.२०६८) ।

उक्त तथ्याङ्कअनुसार यस जिल्लामा बसोबास गर्ने समुदायहरूमध्ये सबैभन्दा बढी स्थान हिन्दू धार्मिक सम्प्रदायले ओगटेको देखिन्छ भने दोस्रो स्थान बौद्धधर्मावलम्बीको रहेको छ बौद्धधर्ममा पनि लामावाद धर्म अन्तर्गतको ञिंमा सम्प्रदायको समष्टिगत वाहुल्य छ । हिन्दू र बौद्ध सम्प्रदायपछि अन्य धर्मावलम्बीहरूको स्थान भने निकै कम रहेको छ । तथ्याङ्क हेर्दा सिन्धुपाल्चोक जिल्लामा धार्मिक, सांस्कृतिक तथा सामाजिक विविधता देखिए तापनि यी फरक-फरक समुदाययहरू बिच आपसी भाइचारा र सहअस्तित्त्वको सम्बन्ध निकै बलियो रहेको छ ।

### ३.५.३ भाषागत आधारमा सामाजिक संरचना

नेपाल बहुलजातीय समाज भएकाले यहाँ त्यसैअनुरूप भाषिक विविधता रहेको देखिन्छ । १३० जातजाति र १२५ भाषाभाषिका (नेपाल सरकार,वि.स.२०६८) बोल्ने जातजातिहरूले नेपाली समाजको सामाजिक संरचनामा ठोस आकार दिएका छन् । तथापि आज पनि १२५ मातृभाषा बोल्ने जातजाति/ जनजातिहरूले नेपाली भाषा ( खस भाषा) लाई सम्पर्क भाषाका रूपमा प्रयोग गरेको देखिन्छ । तथ्याङ्क विभागले मातृभाषाका आधारमा नेपालमा रहेका जातजातिको भाषिक संरचनाको वर्गीकरण गरेको छ । नेपालको अन्य जिल्लाहरू जस्तै सिन्धुपाल्चोक जिल्लामा पनि जातीय विविधताका आधारमा भाषिक विविधता रहेको देखिन्छ । यस जिल्लामा आज पनि मातृभाषा बोल्नेहरूको बाहुल्यत रहेको देखिन्छ । वि.सं २०६८ को तथ्याङ्कअनुसार सिन्धुपाल्चोक जिल्लाभित्र बसोबास गर्ने जातजातिहरू मध्ये आफ्नो मातृभाषा बोल्ने ३० वटा जातजाति रहेका छन् (नेपाल सकार, वि.स.२०६८) । यस तथ्याङ्कले आफ्नै मातृभाषा बोल्ने समुदायको तुलनामा नेपाली भाषा बोल्नेको संख्या उच्च रहेको देखिन्छ । वि.सं. २०५८ को भाषिक तथ्याङ्कका आधारमा यस जिल्लामा नेपाली भाषा बोल्नेको संख्या ५२.६२ प्रतिशत रहेको देखिन्छ । तर वि.सं २०६८ को भाषिक तथ्याङ्कले नेपाली भाषा बोल्नेको संख्या बढेर ५३.४० प्रतिशत पुगेको देखिन्छ - नेपाल सकार, वि.स.२०६८) । वि.सं २०६८ को जनगणनामा नेपालीभाषी पछि दोश्रो स्थानमा मातृभाषाका रुपमा तामाङ भाषा बोल्नेहरूको हिस्सा ३२.६० प्रतिशत रहेको छ, जुन

वि.स.२०५८ को तथ्याङ्क यथावतै कायम रहेको देखिन्छ (नेपाल सरकार, वि.स.२०६८) । त्यसैगरी वि.सं २०५८ को तुलनामा वि.सं. २०६८ मा तेस्रो स्थानमा रहेको मातृभाषा बोल्ने नेवार समुदायको जनसंख्या ७.२३ प्रतिशतबाट घटेर कुल ५.९१ प्रतिशतमा कायम रहेको देखिन्छ । वि.स. २०५८ मा मातृभाषा बोल्ने शेर्पाहरू ३.५६ प्रतिशत रहेकोमा वि.स. २०६८ मा घटेर २.६७ प्रतिशत कायम रहेको देखिन्छ । त्यसैगरी वि.सं २०५८ मा ह्योल्मो मातृभाषा बोल्नेको संख्या प्रतिशत १.१९ रहेकोमा वि.सं. २०६८ मा बढेर १.६६ प्रतिशत स्थान ओगटेको छ । वि.स.२०५८ मा थामी मातृभाषा बोल्नेको संख्या १.०८ प्रतिशत रहेकोमा वि.सं. २०६८ मा बढेर १.१४ प्रतिशत स्थान ओगेटेको पाइन्छ । त्यसैगरी वि.सं. २०५८ सालमा दनुवार मातृभाषा बोल्ने ०.९३ प्रतिशत रहेकोमा वि.सं. २०६८ मा बढेर १.२१ प्रतिशत कायम रहेको छ। वि.सं. २०५८ मा माझी मातृभाषा ०.२७ संख्या प्रतिशत थियो भने वि.सं. २०६८ सालमा घटेर ०.१८ प्रतिशत कायम भएको देखिन्छ । वि.सं. २०६८ को जनगणनाअनुसार सिन्धुपाल्चोक जिल्लामा मातृभाषा बोल्ने अन्य नयाँ जनसमुदाय थपिएको देखिन्छ । यी समुदायहरूमा पहरी, राई, भोटे, राजवंशी, तिब्बती, र डोटेली लगायत उल्लेख नभएको आदि हुन् (नेपाल सरकार, वि.सं.२०६८) । त्यसरी नै यस जिल्लामा अन्य विभिन्न मातृभाषा बोल्ने समुदायहरूको पनि बसोबास गरेको पाइन्छ ।

## ३.६ विविध सांस्कृतिक गतिविधि

सिन्धुपाल्चोक जिल्ला धार्मिक तथा सांस्कृतिक विविधतायुक्त जिल्ला भएको तथ्य यहाँको सामाजिक तथा सांस्कृतिक संरचनाको बनावट र बनौटको अध्ययनबाट प्रमाणित हुन्छ । विशेषतः हिन्दू र बौद्धधर्म मान्ने आर्य र मंगोल मूलका विभिन्न जाति, जातजाति र तिनका विभिन्न शाखा-प्रशाखा र धार्मिक विविधताले यस जिल्लाको जातीय संरचना तयार हुनुमा विशेष भूमिका खेलेको देखिन्छ । हिन्दू तथा बौद्धधर्म र तिनका सामाजिक अभ्यास र अनुष्ठानहरूसँग जोडिएका विभिन्न धार्मिक एवम् सांस्कृतिक क्रियाकलापहरूले यहाँको सामाजिक समन्वयलाई संकेत गरेका छन् । यस जिल्लामा बौद्ध र हिन्दूधर्मसँग सम्बन्धित सांस्कृतिको अनेकौं धार्मिक एवम् तीर्थस्थलहरू रहेका छन् । मूलतः यहाँका नदी-जलाधार, पोखरी, हिमाल, फाँट र खोंचहरूमा आ-आफ्नो जाति अनुरूपका धार्मिक आस्था, विश्वास र मिथकहरूको कल्पना गरिएको पाइन्छ । प्रकृतिपूजक जाति, बोन लगायतका धर्मावलम्बीहरूले यहाँका प्राकृतिक सम्पदालाई धार्मिक आस्थासँग जोडेका छन् । विशेष गरी यो जिल्ला तामाङ, ह्योल्मो, गुरुङ, तौथली नेवार, थामी, माझी, पहरी, शेर्पा, दनुवार लगायत विभिन्न जातजातिहरूले विविधतायुक्त छ । यिनीहरूका परम्परागत सांस्कृतिक पन र पहिचानमाथि बढ्दो आधुनिकताले प्रभाव पार्दै गएको छ । त्यसकारण यी जातजातिको सांस्कृतिक पन र पहिचानको दिगो संरक्षण र सम्बर्द्धन गरी त्यसलाई पर्यटकीय गतिविधिसँग जोडेर आर्थिक आय-आर्जनको बृद्धिमा सम्बन्धित निकायले ध्यान दिनु जरूरी भइसकेको छ ।

यहाँका प्रमुख जात्रा तथा मेलाहरूमा जनैपूर्णिमा र एकादशीमा पाँचपोखरीमा लाग्ने मेला, तातोपानीमा कार्तिक र चैत्त महिनामा लाग्ने मेला, तौथलीको त्रिपुरासुन्दरी मन्दिरमा विजयादशमीको

दिन गरिने खड्ग जात्रा, लिस्तीमाईमा लाग्ने दशैंमेला, बाह्रबिसेमा लाग्ने हरिवोधिनी एकादशीको मेला, गौराती भीमेश्वर मन्दिरमा कार्तिक शुक्ल पूर्णिमामा लाग्ने  मेला, थाम्पलकोटको रैथाने जात्रा, थाम्पाल धापमा हुने खाल्डो जात्रा, फट्केश्वर महादेव मन्दिर फट्कशिलामा सतबिज छर्ने मेला, मेलम्ची, चौतारा, नवलपुर, बाह्रबिसे, तौथलीमा हुने गाईजात्रा आदि हुन् । यसका साथै ल्होसार, न्हारा, छेच्यु, न्युउने, मनिरिम्दु आदि विविध महत्त्वपूर्ण सांस्कृतिकहरू दिनहरू रहेको पाइन्छ । नाचगानाहरूमा शेर्पा समुदायको लामा नाच, तामाङ समुदायको डम्फु र वोन्फो नाच, ह्योल्मो समुदायको स्यार्बु, लगायत माझी, दनुवार, थामी, पहरी, गुरुङ लगायत विभिन्न जातजातिहरूको मैलिक परम्पराअनुसारका विशेष नाचहरू यस जिल्लाको महत्त्वपूर्ण सांस्कृतिक विशेषताहरू हुन् । यसै कारणले गर्दा पनि यस जिल्लाको सांस्कृतिक परम्पराको आफ्नो छुट्टै पहिचान रहेको छ ।

# अध्याय : चार

# ह्योल्मो समुदायको मूर्त सांस्कृतिक सम्पदा

## ४.१ संस्कृतिको परिचय

संस्कृति के हो भन्ने विषयमा सयौं परिभाषाहरू भए तापनि संस्कृतिको समग्र परिभाषामा एकरुपता पाईंदैन । वस्तुतः मानवले उसको दैनिक जीवनमा आइपर्ने अनेक कठिनाइहरू समाधानका लागि अँगाल्ने धार्मिक, सामाजिक, सांस्कृतिक र आध्यात्मिक अनुभव र अनुभूतिको निरन्तर अभ्यास र क्रियाकलापको समग्र संश्लेषणको सार नै संस्कृति हो । धर्म र दर्शनको सरलीकृत स्वरूप अर्थात् संस्कृतिलाई अभिव्यक्त गर्ने प्रक्रियामा देखापर्ने मूर्त-अमूर्त सामाजिक क्रियाकलापको व्याख्यात्मक र भौतिक स्वरूप नै सांस्कृतिक सम्पदा हो । अर्को अर्थमा सांस्कृतिक र धार्मिक चिन्तनको प्रतीकात्मक स्वरुपमा निर्माण भएका भौतिक सम्पदाहरू सांस्कृतिक अर्थात् मूर्त सम्पदाको परिभाषाभित्र समाविष्ट भएको मानिन्छ। यिनै सांस्कृतिक सम्पदाले प्राचीन मानव जातिको इतिहास, धर्म, सभ्यता र आध्यात्मिक चिन्तनलाई भौतिक आधारमा अभिव्यक्त गरेका हुन्छन् । सांस्कृतिक सम्पदा भनेको मानिसको जैविक वंशानुगत गुण नभई सामाजिक एवम् सांस्कृतिक उत्पादन हो जुन एउटा पुस्ताबाट अर्को पुस्तामा सामाजिकीरणका माध्यमबाट रूपान्तरण हुँदै जान्छ। यसमा ज्ञान, विश्वास, कला, नैतिकता, कानुन, प्रथा र कुनै अन्य विशिष्ट क्षमता वा बानी -व्यहोरालाई ग्रहण गरिएको हुन्छ। समाजका सदस्यहरूको सोचाइ, अनुभव र व्यवहारको ढाँचागत तरिकाहरूलाई पनि संस्कृतिअन्तर्गत नै परिभाषित गरिएको छ। संस्कृति एउटा व्यक्तिबाट अर्को व्यक्तिसँग, एउटा समूहबाट अर्को समूहमा र एउटा समाजबाट अर्को समाज बिचमा पृथक-पृथक स्वरुपमा देखापर्ने गर्दछ।

यसै पृष्ठभूमिका आधारमा मानवशास्त्रीहरूले संस्कृतिका विभिन्न परिभाषा दिएका छन्। यस सन्दर्भमा मानवशास्त्री इ.वि. टेलरको परिभाषालाई महत्त्वपूर्ण मानिन्छ। उनका बिचारअनुसार "संस्कृति त्यो सम्पूर्ण जटिलता हो जसमा ज्ञान, विश्वास, कला, नैतिकता, कानुन प्रथा जस्ता सम्पूर्ण क्षमता एवम् गुणहरू सम्मिलित हुन्छ, जसलाई मानव-समाजको सदस्य हुनाको कारण आर्जन गर्दछ (Tylor,1871, pp.1–2)। त्यस्तै मोर्गानले टेलरको भन्दा फरक शैलीमा संस्कृतिको परिभाषा दिएका छन् - संस्कृतिको विकास र सिर्जना पनि मानवको उद्‌विकासका विभिन्न चरणमा क्रमिक रुपले सिर्जना भएको देखिन्छ (Morgan, 1877, pp.1–18)। त्यसैगरी संस्कृति जीवनयापन गर्ने एउटा यस्तो संयन्त्र हो जसले मानिसको आवश्यकता पूरा गनर्का लागि महत्त्वपूर्ण भूमिका खेल्दछ (White,1949, pp.1–5) । अर्का मानवशास्त्री Brown ले प्रकार्यात्मक संरचनाबाट संस्कृतिको परिभाषा गर्दै संस्कृति प्रकार्यात्मक संरचनावादको धारणामा खास गरेर नातेदारी प्रथा, परिवारको सामाजिक संरचनाका रुपमा चर्चा गरेका छन् (Brown,1952, pp.49–54)। शारीरिक र मानसिक आवश्यकताहरू पूर्ति गर्नका लागि बनाइएको साधन नै संस्कृति हो (Malinowski, 1960, pp.36–40) भन्ने अर्का मानवशास्त्री Malinowski को तर्क रहेको छ । त्यस्तै संस्कृतिको विकासमा वातावरण र पर्यावरणको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ

(Steward, 1968, pp.1–3) । वातावरणीय परिस्थितिले नै सांस्कृतिक संरचनामा महत्त्वपूर्ण भूमिका हुन्छ भन्ने तर्कलाई यसले परिभाषित गरेको छ । मानवशास्त्री Geertz का अनुसार संस्कृति मानिसहरूका विभिन्न व्यवहारहरू प्रतीकका माध्यमबाट झल्किने गर्दछन् । संस्कृतिमा प्रतीकका विभिन्न अर्थहरू तहगत रूपमा रहेका हुन्छन् । यसको अध्ययन गर्दा प्रत्येक तहहरूलाई खोतलेर सान्दर्भिक अर्थहरू पत्ता लगाउने गरिन्छ । संस्कृतिमा प्रतीकको अर्थ सन्दर्भगत हुने गर्दछ । यसमा कुन सन्दर्भमा प्रतीकले के-के अर्थ दिन्छ भनेर त्यसका अर्थहरू विश्लेषण गर्नुपर्ने हुन्छ (Greetz,1973,pp.1–5) । यसरी उनले संस्कृतिलाई प्रतीकात्मक सिद्धान्तका रुपमा व्याख्या गरेके छन् । त्यसै गरी संस्कृतिले मानव विकासको दिशा निर्दिष्ट गर्छ अर्थात छनौट गर्ने साधन नै संस्कृति हो (Ember,1995, P.24) भन्ने अर्को परिभाषा रहेको छ ।

संस्कृति जीवनयापन गर्ने कला वा पद्धति हो भन्ने कुरा स्पष्ट छ । समग्रमा मानिसले जीविकोपार्जन गर्ने क्रममा परम्परागत रूपमा सिक्दै, भोग्दै र निर्माण गर्दै आएको संस्थागत जीवनशैली र रीतिथिति, परम्परा, भेष-भूषा, खानपान, चाडपर्व, आस्था-अनुष्ठान, विश्वास, मूल्य, मान्यता, नाचगान, धर्मकर्म, सिप, कला, कथा-गाथा आदिलाई नै संस्कृतिका रूपमा बुझ्ने गरिन्छ (खत्री र राई, वि.स.२०७६, पृ.१) । संस्कृति मानव निर्मित हुन्छ । समाजको भौतिक आधारमा नै संस्कृतिका तत्त्वहरूको निर्माण भएका हुन्छन् । मानिसले जीवन निर्वाहका निमित्त अँगालेका गतिविधिहरू, आर्थिक उपार्जन, विनिमयका तरिकाहरू र धेरै जनसमुदायको संलग्नता एवम् सहवरणमा नै कुनै पनि देशको राष्ट्रिय संस्कृति निर्माण भई आएको पाइन्छ (प्रभात, वि.स.२०७५, पृ.५९) । साहित्यिक अर्थमा संस्कृतिलाई परिभाषित गर्दै संस्कृति मूल्य-मान्यताको विशिष्ट अंग हो भन्ने तर्क पनि गरिएको पाइन्छ । इतिहासलाई भविष्यसँग जोड्ने आधार नै संस्कृति हो । आजको समयमा पनि संस्कृति, आचार, संहिता, मूल्य मान्यता र यसका अवधारणाहरूको महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ । चिन्तन र व्यवहारका विकल्पहरू प्रदान गर्ने समग्र विचार पद्धतिलाई नै संस्कृति मानिन्छ । विशेषतः संस्कृतिलाई मूर्त र अमूर्त दुई भागमा विभाजन गरी अध्ययन गरिएको छ ।

## ४.२ मूर्त सांस्कृतिक सम्पदा

धर्म र दर्शनको सरलीकृत स्वरुप अर्थात् संस्कृतिलाई अभिव्यक्त गर्ने प्रक्रियामा देखापर्ने मूर्त र अमूर्त सामाजिक क्रियाकलापको व्याख्यात्मक र भौतिक स्वरूप नै सांस्कृतिक सम्पदा हो । अर्को अर्थमा सांस्कृतिक र धार्मिक चिन्तनको प्रतीकात्मक स्वरुप निर्माण भएका भौतिक संरचनाहरू सांस्कृतिक सम्पदाको परिभाषाभित्र समाविष्ट भएको मानिन्छ । यिनै सांस्कृतिक सम्पदाले प्राचीन मानवजातिको इतिहास, धर्म, संस्कृति र आध्यात्मिक चिन्तनलाई भौतिक आधारमा अभिव्यक्त गरिएको हुन्छ । साथै तात्कालीन समाजका कला, वास्तुकला, वातावरण, पर्यावरण, शिल्प-सौन्दर्य र जीवनपद्धतिको अध्ययनका लागि सम्पदाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

मूर्त सम्पदाका विषयमा विभिन्न विद्धान्हरूले विभिन्न परिभाषा दिएका छन् तापनि यी परिभाषाहरूमा सम्पदाको एकीकृत परिभाषा पाइँदैन । मानव निर्मित भवन, वस्तु, सम्पदा लगायत अन्य संरचना ठोस कलाकृति आदिलाई मूर्त वा भौतिक सम्पदा भनी परिभाषित गरिएको पाइन्छ (खत्री, वि.सं. २०७४, पृ.१-२) । त्यस्तै, मठ-मन्दिर, गुम्बा, विहार, प्राचीन दरबारहरू, स्मारक, गढी वा किल्ला, गृह, सडक, यातायात, मूर्ति, अभिलेख र उत्पादनका उपकरणहरू सबै संस्कृतिका आधार अर्थात् भौतिक सम्पदाका रूपमा परिभाषित गरिएको छ (प्रभात, वि.सं.२०७५, पृ. ६०) । देख्न सकिने, छाम्न सकिने, छुन सकिने, समाउन सकिने, सामग्रीहरू अन्तर्गत घरमा प्रयोग हुने हातहतियार, भाँडाकुंडा, पूजा-आजाका सर-सामान वा दैनिक कृषिमा प्रयोग हुने सामान, औजार, मठ-मन्दिर र बाजागाजा लगायत अमूर्त संस्कृतिसँग जोडिएको मूर्त वस्तु भौतिक संस्कृति अर्थात सम्पदा भनी परिभाषित गरिएको छ (काइँला, वि.स. २०७४, पृ. १२) । मस्जिद, मन्दिर, गुम्बा, विहार, घर, हातहातियर, पाटी, पोखरी, खेलमैदान, आदि मानव निर्मित बस्तुहरू मूर्त सांस्कृतिक सम्पदा हुन् जुन सांस्कृतिक परिवर्तनसँगै विकसित, परिवर्तित र परिष्कृत हुँदैजान्छ (तुलाधार र बज्राचार्य, वि.सं. २०७०, पृ. १३०) । त्यसै गरी मठ, मन्दिर, गुम्बा, मस्जिद, चर्च, मूर्ति, स्तुप, छ्योर्तेन, दरबार, ताम्रपत्र, शिलालेख आदि मूर्त सांस्कृतिक सम्पदामा हुन भनी उल्लेख गरिएको पाइन्छ (दिवस, वि.सं.२०७४, पृ.२०-२१) । अमूर्त संस्कृति जोडिएको र पुरातात्त्विक महत्त्व भएको भौतिक वस्तु सांस्कृतिक सम्पदा हो भन्ने अर्को तर्क रहेको छ (सुवेदी,वि.स.२०७४,पृ.३०-३१) ।

माथिको लेखहरूका अध्ययनबाट हिमाली क्षेत्रमा बसोबास गर्ने ह्योल्मो समुदायको मूर्त सम्पदाको रूपमा खानपान, पोसाक, गरगहना, हातहतियार, भाँडाकुडा, पूजाआजाका सर-सामान तथा कृषि सामग्रीका सामान, गुम्बा, छ्योर्तेन, घर, वाद्यवादन लगायतका वस्तुहरू मूर्त सम्पदामा पदर्छन् ।

### (क) खानपान

खानपान र रहनसहनमा पर्यावरणीय परिस्थितिले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ अर्थात् खानपान संस्कृतिको एउटा महत्त्वपूर्ण अङ्ग हो । खानपान संस्कृतिले उनीहरूको आफ्नोपन र पहिचानलाई समेत अभिव्यक्त गरेको हुन्छ । नेपालमा पर्यावरणीय विविधताअनुरूप नै खानपानमा पनि विविधता देखिन्छ । विशेषतः हिमाल, पहाड र तराईमा त्यहाँको भौगोलिक संरचनाअनुसार फरकपना देखिन्छ । हिमाली क्षेत्रमा बसोवास गर्ने ह्योल्मो समुदायमा पनि आफ्नै मौलिक खानपानका तरिकाहरू छन् ।

विभिन्न धार्मिक, सामाजिक एवम् सांस्कृतिक अवसरमा विभिन्न प्रकारका परिकारहरू पकाइन्छ । यिनीहरूले आफैले उत्पादन गरेका अन्नबाट खानपानका परिकारहरू बनाउँछन् । विशेषगरी, आलु, मकै, कोदो, फापर, भटमास, जौ, गहुँ, धान आदि प्रमुख खाद्यान्न वाली भएकाले सोही अनुसारका खानापानको तयारी गर्छन् । ढिंडो, रोटी, भात र विशेषगरी आलुको बनेका परिकारहरू (स्योक्पा) ह्योल्मो जातिको प्रमुख खाद्य परिकार हुन् । विशेषतः आलुको परिकार बनाउने आफ्नै खालको मौलिक तरिका छ ।

आलुको परिकारमा (स्योक्पा) महत्त्वपूर्ण छ । यो बनाउँदा सुरूमा आलुलाई उसिन्नु  पर्दछ । आलु उसिनेपछि मेथी, छ्येपी, टिमुर, बेसार, खुर्सानी, मसला, जिम्मु, लसुन आदि मिसाएर तयार गरिएको झोल पदार्थलाई खाजाका रूपमा खाने गरिन्छ । त्यस्तैगरी खाप्से पनि अर्को महत्त्वपूर्ण परिकार हो । ह्योल्मो समुदायले आफना विभिन्न चाडपर्व तथा धार्मिक संस्कारहरू आयोजना गर्दा खानामा खाप्से परिकार वनाउने प्रचलन छ । पिठोमा चिनी, घिउ मिसाएर मुछिसकेपछि त्यसलाई रोटी जस्तो बनाएर तेल वा घिउमा पकाउने गरिन्छ जसलाई खाप्से भनिन्छ । त्यस्तै अर्को परिकारमा बाबर पनि पर्दछ । ह्योल्मो समुदायका धार्मिक, सांस्कृतिक, सामाजिक लगायतका उत्सवहरूमा यो परिकार बनाइन्छ । विशेषगरी विवाहमा आवश्यक कोसेलीका लागि बाबर बनाइन्छ । चामल वा गहुँको पीठो मुछेर तेल वा घिउमा बाबर (मालपुवा जस्तो एक प्रकारको रोटी) पकाइन्छ । खाजाका रूपमा प्रयोग गरिने विभिन्न परिकारहरूमध्ये डेज्यम (सातु) पनि महत्त्वपूर्ण परिकार हो । विशेषगरी जौ वा गहुँ भुटेर पीठो बनाइन्छ, जसलाई नै डेज्यम (सातु) भनिन्छ । यसरी बनाइएको सातुलाई चियामा घोलेर खाजाका रूपमा खाइन्छ । त्यसैगरी यस क्षेत्रमा थुक्पाको विशेष रूपमा प्रयोग गरिन्छ । त्यस्तै गरी जाँड-रक्सी, निगार, दूध, दही, मही तथा नुन चिया (घिउ हालेर बनाएको चिया) लगायतका पेय पदार्थको विशेष रूपमा प्रयोग गरिन्छ । विशेषगरी : हेलम्बु क्षेत्र लामाबौद्ध धर्मावलम्बीहरूको प्रमुख तीर्थस्थलहरू भएको कारण यसको वरिपरि वलि दिने वा प्राणी हिंसा वर्जित छ । यस क्षेत्रमा रहेका ह्योल्मो समुदायका मानिसहरूले मासु खानु परेमा यस क्षेत्रभन्दा अन्य स्थानमा तयार गरिएको मासु लिएर खाने गर्दछन् ।

यस समुदायमा विशेषतः परम्परागत खानपानलाई नै बढी महत्त्व दिईन्छ, । यी परम्परागत खानपानहरूले ह्योल्मो  समुदायको मूर्त सांस्कृतिक विशिष्टतालाई संकेत गरेका छन् । पर्यावरणीय अनुकूलका यी खानपानहरूले यिनीहरूको शारीरिक स्वास्थ्यलाई सन्तुलनमा राखेको छ ।

## (ख) पुरुषका परम्परागत भेषभूषाहरू

वस्त्र तथा आभूषणहरू मूर्त सम्पदाअन्तर्गत पर्दछन् । ह्योल्मो समुदायका विभिन्न सांस्कृतिक एवम् सामाजिक पर्व तथा पूजापाठ र अनुष्ठानहरूमा पुरुषले मौलिक र परम्परागत कपडा पहिरन गरेको देखिन्छ । हिमाली क्षेत्रमा बसोबास गर्ने ह्योल्मो समुदायले बाक्लो खालको ऊनबाट बनेको न्यानो कपडाहरू प्रयोग गर्छन् जुन निम्नअनुसार रहेका छन्ः

| ह्योल्मो भाषा | नेपाली भाषामा अर्थ |
|---|---|
| १. क्षुपा (बग्खु) | शरीर ढाक्नका लागि क्षुपा (बक्खु)को प्रयोग गर्दै आएको पाइन्छ । |
| २. खेन्छ्याम (सर्ट) | ह्योल्मो पुरुषले शरीरलाई न्यानो बनाउनका लागि शरीरको भित्र लगाइने लुगालाई खेन्छ्याम (सर्ट) भनिन्छ । |
| ३. कारा (पटुका) | कम्मर बाँध्न प्रयोग गरिने कपडाको पटुको जुन यस क्षेत्रमा प्रचलित छ । |
| ४. स्यामो (टोपी) | ऊनबाट बनेको न्यानो टोपी (स्यामो) लगाउने परम्परा रहेको छ । |

५. स्योम्पा (जुत्ता) खुट्टालाई चिसोबाट बचाउनका लागि रंगीन ऊनी धागो वा छालाबाट बनेको स्योम्पा (जुत्ता) लगाइन्छ ।

(निमा लामासँग मिति .२०७७/६/१६ मा लिइएको अन्तर्वार्तामा आधारित)

वस्तुतः भौगोलिक र पर्यावरणीय अवस्थितिले पहिरनमा विशेष प्रभाव पारेको देखिन्छ । हेलम्बु क्षेत्रमा प्रायः चिसो भइरहने भएकाले यसबाट बच्नका लागि ह्योल्मो समुदायका बाक्ला कपडा र जुत्ता-मोजा आदि प्रयोग गर्ने चलन छ । ह्योल्मो समुदायको परमरागत पुरुषका भेषभूषाहरूले उनीहरूको इतिहास, कला र सभ्यताको अध्ययन अनुसन्धानको लागि महत्त्वपूर्ण भूमिका खेल्दछन् ।

## (ग) पुरुषले प्रयोग गर्ने परम्परागत आभूषणहरू

हेलम्वु क्षेत्रमा बसोबास गर्ने ह्योल्मो समुदायका पुरुषले परम्परागत गर-गहना तथा आभूषण प्रयोग गर्ने गर्दछ । विशेषतः आफूलाई सुन्दर देखाउन र अन्य अशुभ शक्तिबाट बच्नको लागि पनि विभिन्न गर-गहनाको प्रयोग गर्ने गर्दछ । विशेषगरी कान, हातका औला, गला आदिमा आभूषण धारण गरिन्छ । यस समुदायमा पुरुषले लगाउने गर-गहनाको नाम निम्नानुसार रहेको छ :

| **ह्योल्मो भाषा** | **नेपाली भाषा** |
|---|---|
| १. बुङ्गिल | कानमा लगाउने सुनको मुन्द्री (रिङ) |
| २. यु-ज्युरु-सि | मुगा, यु-सिको माला |
| ३. सिदुप | औंठी |
| ४. फ्रेङा | लामाले जप गर्ने माला |

(कर्म तोप्के लामासँग मिति २०७७/६/१६ मा लिइएको अन्तर्वार्तामा आधारित)

ह्योल्मो समदायका परम्परागत आभूषणहरू सांस्कृतिक सम्पदाहरूको अध्ययनका आधार हुन् । ह्योल्मो समुदायका पुरुषले धारण गर्ने गर-गहनाहरूले मूर्त संस्कृतिका विभिन्न पक्षहरूलाई संकेत गरेका हुन्छन् । उनीहरूको परम्परागत गर-गहना सांस्कृतिक सम्पदाहरूको महत्त्वपूर्ण पक्षका रुपमा रहेको देखिन्छ । ह्योल्मो समुदायको इतिहास, कला र सभ्यता निर्माणमा परम्परागत गर-गहनाहरूले भूमिका पाइन्छ ।

## (घ) महिलाले प्रयोग गर्ने परम्परागत भेषभूषाहरू

ह्योल्मो समुदायका महिलाले विभिन्न किसिमका परम्परागत भेषभूषाको प्रयोग गरेको देखिन्छ । उच्च हिमाली क्षेत्रमा बसोबास गर्ने भएकाले महिलाले धारण गर्ने कपडा पनि वातावरण नुकूलित हुन्छ । ह्योल्मो समुदायको महिलाले प्रायः परम्परागत वस्त्र धारण गरेको देखिन्छ । विशेष सांस्कृतिक, विवाह संस्कार, चाडपर्व, धार्मिक कार्यहरू एवम् सामाजिक उत्सवहरूमा भने परम्परागत पोसाकलाई बढी महत्त्व दिएको देखिन्छ । ह्योल्मो समुदायका महिलाका पहिरन निम्नानुसार छन् :

| ह्योल्मो भाषा | नेपाली भाषा |
|---|---|
| १. क्षुपा (बग्खु) | ह्योल्मो समुदायको महिलाहरूले चिसोबाट जोगिनको लागि क्षुपा बग्खु) लगाउने गर्दछन् । |
| २.होन्च्यो (सर्ट) | बग्खुको भित्रपट्टि भागमा शरीरलाई न्यानो बनाउनका लागि होन्च्यो ( सर्ट) लगाईन्छ । |
| ३.कारा (पटुका) | महिलाहरूले कम्मर बाँध्न प्रयोग गर्ने सुती कपडाबाट निर्मित पटुका लगाउने चलन छ । |
| ४.बुरे सुकु (कोट जस्तो) | लुगा लगाइसकेपछि कोट जस्तै लगाइने बुरे सुर्कु ह्योल्मो समुदायका महिलाहरूद्वारा लगाइने परम्परागत भेषभूषा हो । |
| ५. पङकप/किट्टी/स्यामो (पछाडि लगाउने कपडा) | ह्योल्मो समुदायका विवाहित महिलाले पछाडि भाग र अविवाहित महिलाले अगाडि भागमा पङकप लगाउने गर्दछन् । |
| ६. स्योमो (टोपी) | ह्योल्मो समुदायका महिलाहरूले पनि चिसोबाट बच्नका लागि ऊनद्धारा बनेको टोपी लगाउँछन् । |
| ७. श्योम्पा (जुत्ता) | महिलाहरूले पनि न्यानोको लागि ऊनीद्वारा बुनेका जुत्ता लगाउँछन् । |

(डोल्मा लामासँग मिति २०७७ । ६ । १७ मा लिइएको अन्तर्वार्तामा आधारित)

हेलम्बु क्षेत्रका महिलाले धारण गर्ने वस्त्र पनि वातावरण अनूकूलित हुन्छ । प्राय : आफैले उत्पादन गरेको कपडा लगाउने भएकाले एकातिर सांस्कृतिक पहिचान र अपनत्त्वको भाव रहेको हुन्छ भने अर्कातिर आर्थिक रुपमा स्वावलम्बनलाई झल्काएको हुन्छ । भेषभूषा तथा गर-गहनाको निमार्ण गर्ने शैलीले उनीहरूको परम्परागत कला, कौशल र शिल्पकारितालाई अभिव्यक्त गरेको देखिन्छ । ह्योल्मो समुदायको महिलाको परम्परागत भेषभूषाहरू मूर्त सांस्कृतिक सम्पदाहरू अध्ययन -अनुसन्धानका आधार हुन् (परिशिष्ट ५ को चित्र नं. ५०) ।

## (ङ) महिलाहरूले प्रयोग गरिने गर-गहनाहरू

ह्योल्मो समुदायका महिलाहरूले आफूलाई आकर्षक देखाउन विभिन्न शैली र प्रकारका गहनाहरू धारण गरेका हुन्छन् । यी गर-गहनाले सामाजिक तथा सांस्कृतिक मूल्यको बोध गरेका हुन्छन् । हिमाली क्षेत्रमा बसोबास गर्ने ह्योल्मो महिलाले धारण गर्ने गर-गहनामा अन्य क्षेत्रका गर-गहनामा भन्दा विशेष पृथकता देखिन्छ । आधुनिकताको कारण गर-गहनाका शैली र स्वरूपमा केही परिवर्तन देखिएतापनि सामाजिक तथा सांस्कृतिक उत्सवहरूमा परम्परागत गर-गहना प्रयोग गरेको देखिन्छ । ह्योल्मो महिलाले प्रयोग गर्ने परम्परागत् गर-गहनाहरू निम्नानुसार छन् :

| **ह्योल्मो भाषा** | **नेपाली भाषा** |
|---|---|
| १.बुङ्गिल | कानमा लगाउने सुनको मुन्द्री (रिङ) |
| २.यू-ज्यूरु-शि | मुगा, यु-सि सहितको माला |
| ३.ज्यदुम | मुगाको मालामा लगाउने सुनको गहना |
| ४.ग्येन्छेन | सुनको/चाँदीको (पेटी जस्तो) |
| ५. दिउ | सुन/चाँदीको चुरा |
| ६.फ्राङग्येन | मुगा सहितको माला |
| ७. सिदुप | औंठी |
| ८. फ्रेङा | लामाले जप गर्ने माला |
| ९.ज्यगता | सिक्री |

(डोल्मा लामासँग मिति २०७७।६।१७ मा लिइएको अन्तर्वार्तामा आधारित)।

पुरुषको तुलनामा महिलाहरूले प्रयोग गर्ने गर-गहनामा बढी विविधता पाइन्छ । आफ्नो सुन्दरतामा निखार ल्याउन नै ह्योल्मो महिलाहरूले गर-गहनाहरू धारण गरेको देखिन्छ । कतिपय अवस्थामा अशुभ शक्तिबाट बच्नका लागि जन्तर लगायत विशेष किसिमका गर-गहनाहरू प्रयोग गरेको देखिन्छ जसमा धार्मिक भावना अन्तर्निहित हुन्छ । ह्योल्मो समुदाय महिलाको परम्परागत गर-गहनाहरू मूर्त सांस्कृतिक सम्पदाहरू हुन् । परम्परागत गर-गहनाहरू मूर्त सांस्कृतिक सम्पदाहरूको आधार देखिन्छ । ह्योल्मो समुदायका महिलाहरूद्वारा प्रयोग गरिने परम्रागत गर-गहनाहरूको अध्ययनले इतिहास, कला र सभ्यतालाई चिनाउँदछ (परिशिष्ट ५ को चित्र नं. ५१)।

भेषभूषा तथा आभूषणको प्रयोगमा पनि वातावरण र पर्यावरणले नै विशेष भूमिका खेलेको देखिन्छ । शरीर ढाक्न एवम् चिसोतातोको प्रभावबाट बच्न आफ्नो सौन्दर्य प्रदर्शन गर्न तथा धार्मिक एवम् सांस्कृतिक अनुष्ठानहरू सम्पादन गर्न पनि परम्परागत भेषभूषा एवम् गर-गहनाहरूको विशेष प्रयोग गर्ने प्रचलन छ । हेलम्बु क्षेत्रमा बसोबास गर्ने ह्योल्मो समुदायको पहिरनमा पनि यस क्षेत्रको वातावरणले विशेष भूमिका निर्वाह गरेको छ । अतः यस क्षेत्रका मानिसहरूले प्रयोग गर्ने भेषभूषा एवम् गर-गहनाहरूले यिनीहरूको मौलिक सांस्कृतिक पहिचान एवम् परम्परागत मूर्त सांस्कृतिक सम्पदालाई संकेत गरेका छन् । ह्योल्मो समुदायको परम्परागत मूर्त सांस्कृतिक सम्पदाहरूको अध्ययन-अनुसन्धानले उनीहरूका इतिहास, कला, र सभ्यताको महत्त्वपूर्ण पक्षहरूबारे जानकारी प्राप्त गर्न सकिन्छ ।

### (च) गाउँघरको संरचना

सांस्कृतिक पर्यावरणको मुख्य जोड प्रविधि र वातावरणको सम्बन्धमा देखिन्छ (Steward, 1968, pp.1–3)। मानबजातिले जतीमात्रामा ऊर्जालाई प्रविधिका माध्यमबाट उपयोग गर्न सकिन्छ  त्यति नै मात्रामा संस्कृतिको विकास हुने गर्दछ (White, 1949, pp.3–5)। त्यसैगरी मानवको गृह निमार्ण वा वास्तुकलात्मक संरचनामा वातावरण र पर्यावरणले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ, अर्थात् वातावरणीय परिस्थितिले वास्तुकलात्मक ढाँचालाई निर्दिष्ट गरेको हुन्छ (Stevens,1996,p.1)। अतः भौतिक संरचनामा पर्यावरणीय परिस्थितिले प्रभाव पार्ने कारणले नै सांस्कृतिक सम्पदाको भूमिका तय गरेको हुन्छ। वास्तुकला संस्कृतिको एउटा अभिन्न अङ्ग हो। त्यसकारण सभ्यताको अध्ययनमा बसोबासको ढाँचाबारे अध्ययन महत्त्वपूर्ण मानिन्छ। वास्तुकलात्मक ढाँचा सांस्कृतिक पहिचानको एउटा महŒवपूर्ण आधार हो। हेलम्बु क्षेत्रको वास्तुकलात्मक ढाँचामा पर्यावरणीय परिस्थितिले विशेष भूमिका खेलेको देखिन्छ। अन्य क्षेत्रको तुलनामा यहाँको वास्तुकलात्मक ढाँचामा पृथक विशेषता रहेको छ।

हेलम्बु क्षेत्रमा बसोबासको ढाँचामा मौलिक विशेषता देखिन्छ। प्रकृतिप्रदत्त् निर्माण सामग्रीहरूको प्रयोग गरेर नै घरगोठ आदि बनाइन्छ जुन पारम्परिक हुन्छ। प्राय :गरेर ह्योल्मो समुदायको घरको बनौट एकै प्रकारको हुन्छ। परिवारको आर्थिक अवस्था जस्तो प्रकारको भए पनि घरको बनावट तथा सजावट हेर्दा एकै किसिमको भौतिक सादृश्यता एवम् सम्पन्न जस्तो देखिन्छ। यिनीहरूको घर प्रायः एकतले हुन्छ। परम्परागत घरको छानो प्रायः काठ र ढुंगाले बनइएको हुन्छ। छिंडीमा भण्डार घर बनाइएको हुन्छ भने चोटा (माथिल्लो तला) मा १-३ वटा कोठा बनाइएको हुन्छ। दैनिक पूजाआजाका लागि पूजाकोठाको निर्माण गरिएको हुन्छ। अन्य कोठाहरू भने घरायसी प्रयोजनका लागि बनाइको हुन्छ। यी कोठाहरू कलात्मक हुने गर्दछन्। मूलतः भान्सा कोठा बढी कलात्मक हुन्छ। साथै भान्सामा प्रयोग गरिने भाँडाकुडाहरू पनि विशेष कलात्मक हुन्छन्। कोठामा दराजहरू पनि सजाएर राखिएका हुन्छन्। काठबाट बनाइएका विभिन्न दराजहरू (क्याङजाङ, स्हङ्डी, कायोबक्सी, खासुम्पा भङा र छयेट्टी) मा विशेषतः अष्टमङ्गल (टसि ताग ग्याद), अष्टमङ्गल द्रव्य (टसी ज्यग्याद्), सप्तरत्न (रिन्छेयेन नादुन), चार दिक्पाल (चर्तुमहाराज-ग्यालछयेन देस्यी), चार घनिष्ट मित्र (थिन्पा पिन्स्यी), चार दैविक प्राणी (ताग् सिङ ख्युङ डुग) आदिलाई कलात्मक तरिकाले उत्कीर्ण गरिएको हुन्छ (छेवाङ सोनामा लामा र उर्केन शेर्पासँग मिति वि.सं २०७७/६/१६ मा लिइएको अन्तर्वार्तामा आधारित)। तर वि.सं २०७२ को भूकम्पपछि यहाँका परम्परागत घरहरू नासिन गए। पछि बनाइएका घरहरूमा प्राचीन स्वरूप र शैलीलाई अपनाइएको देखिंदैन। नेपाल सरकारको भवन निर्माणसम्बन्धी नियम र आधुनिकताको प्रभावको कारण आधुनिक शैलीका घरहरू निर्माण गरिएको देखिन्छ। नयाँशैलीका घरहरूको आन्तरिक सजावटमा भने परम्परागत शैलीलाई नै अपनाइको पाइन्छ।

### ४.२.१ गोन्पाको (गुम्बा) परिभाषा

बौद्ध धर्मावलम्बीहरूले पूजा-आराधना, ध्यान-साधना, शिक्षा आर्जन गर्न र गुठी सँचालनका लागि गाउँ गाउँमा गोन्पाहरूको निर्माण गरेको हुन्छन् । "गोन्पा" भन्नाले धार्मिक, सामाजिक र सांस्कृतिक कार्य सम्पादन गर्ने प्रतिष्ठान भन्ने बुझिन्छ (शेर्पा, वि.स.२०६३, पृ. १) ।

गोन्पा बौद्ध धर्मअन्तर्गत सम्प्रदायगत रुपमा विभाजित तिन समूहहरू थेरवाद, महायान र वज्रयानमध्ये महायान सम्प्रदाय हिमाली र उच्च पहाडी क्षेत्रमा प्रभाव पारेको छ । त्यस्ता पनि तिब्बती लामाधर्म यहाँको जीवन-पद्धति हो । लामा वर्गको प्रतिनिधित्त्व गर्ने समूहको पवित्र धार्मिक स्थल, आराधानस्थल वा अझ व्यापक अर्थमा भन्ने हो भने लामा सम्प्रदायको एक नैतिक तथा शैक्षिक पाठशाला नै गोन्पा भएको स्पष्ट छ । यसरी बौद्धधर्मका महायानी सम्प्रदायका पूर्वजहरूले प्राप्त गरेका ज्ञान, कला र संस्कृतिलाई स्थापित गर्ने क्रममा निर्माण गरिएको शैक्षिक स्मारकलाई गोन्पा भन्ने गरिएको पाइन्छ (शेर्पा, वि.स.२०६३, पृ. १) ।

समाजलाई नैतिक मार्गमा हिडाउने अध्ययन केन्द्र, ज्ञान आर्जन गर्ने तपोवन र बौद्धमार्गी अनुयायीहरूको पाठशाला वा समग्र चरित्र निर्माण केन्द्रका रूपमा गोन्पाको महत्त्वपूर्ण स्थान रहेको पाइन्छ । अर्थात् गोन्पा यस्तो धार्मिक, शैक्षिक एवम् सांस्कृतिक केन्द्र हो जहाँ मानवजीवनलाई आवश्यक पर्ने धर्म, संस्कृति, नैतिकता र कला लगायत विभिन्न पक्षहरूको बारे ज्ञान दिइन्छ । गोन्पा शब्दको अपभ्रंश भई गुम्बा शब्द बनेको मानिन्छ । वस्तुतः यो गुम्बा नभएर गोन्पा नै हो । लामा भाषाको "गोन्पा" शब्द नेपाली भाषामा अपभ्रश भएर 'गुम्बा' शब्द बनेको हो । लामा भाषामा गोन्पाको अर्थ अरण्य, गुफा र तपोवन भन्ने हुन्छ । यसरी नै पाली भाषामा गोन्पालाई गन्धकुटी, विहार र संघाराम आदि पनि भन्ने गरिएको पाइन्छ (शेर्पा, वि.स.२०६३, पृ.१) ।

स्वच्छ र एकान्त ठाउँमा गोन्पा निर्माण गर्ने, भगवान् बुद्धको मूर्ति स्थापना गर्ने, बुद्धका अग्रज शिष्यहरूको मूर्ति बनाउने, बुद्धको पूर्वजन्मको जातककथाका आधारमा विभिन्न देवदेवीका पौभा, चित्रपट लेख्ने, देवमण्डल स्थापना गर्ने कार्य भिक्षु-भिक्षुणीको लागि मात्र नभएर गृहस्थी उपासक-उपासिकाका लागि पनि गोन्पाको प्रयोग गरिन्छ । सर्वसाधारण र भक्तजनहरू गृहस्थी काममा व्यस्तताका कारण बुद्धको आध्यात्मिक ज्ञान तथा सूक्ष्मदर्शनका बारेमा ज्ञान हासिल गर्ने समय नभएको, (सामाजिक र परिवारिक कारणले) बुद्धधर्म बुझ्न गाह्रो परेको र सामान्य व्यक्तिहरूलाई स्थूलमूर्ति र चित्रपटद्धारा बुद्धधर्मका विषयमा ज्ञान दिलाउनुका साथै भक्तजनलाई धर्मप्रति श्रद्धा जगाउने, धर्मशासनको मार्गमा प्रवेश गराउने, गहन धर्मदर्शनको बोध गराउने उपाय स्वरूप गोन्पामा मूर्ति र पौभा चित्रपट आदि बनाउने गरिएको पाइन्छ (शेर्पा, वि.स.२०६३, पृ.२) । यसरी एकै थलोमा एकत्रित गराई धर्मदेशना गराउन, बुद्धका चार महापरिषद्हरू भेला गराई एकआपसमा धार्मिक संवाद गराउन, चिन्तन मनन गराउन, उपासक-उपासिकाहरूमा त्यागको भावना जगाउन र पुण्य प्राप्तिका लागि गोन्पा निमार्ण गर्ने गरिएको पाइन्छ । त्यसैले यसको महत्त्वलाई ध्यानमा राखि ह्योल्मो समुदायका मानिसहरूले पनि आ-

आफ्नो टोलमा गोन्पाको निर्माण गरेको देखिन्छ भने ह्योल्मो समुदायमा सामाजिक एकता र सद्भाव कायम गर्न गोन्पाले सहयोग पुऱ्याएको पाइन्छ । त्यसैले ह्योल्मो समाजमा गोन्पा धार्मिक, सांस्कृतिक, सामाजिक तथा शैक्षिक केन्द्रका रूपमा स्थापित भएको हो ।

### (क) गोन्पा (गुम्बा)मा प्रमुख लामा नियुक्ति

ह्योल्मो समुदायमा धार्मिक, सामाजिक, सांस्कृतिक तथा राजनैतिक केन्द्रका रुपमा गोन्पाको महत्त्वपूर्ण स्थान छ । यसकारण पनि गोन्पाको प्रमुख लामा पद उच्च एवम् अत्यन्त सम्मानित मानिन्छ । गोन्पाको प्रमुख लामाको मृत्यु भएमा, मानसिक रुपले ठीक नभएमा वा स्वेच्छाले राजिनामा दिएमा पद रिक्त भएको मानिन्छ । यसरी रिक्त भएको पदमा परम्परादेखि चलिआएको वंशक्रम परम्पराअनुसार उत्तराधिकारीका रूपमा प्रमुख लामाकै जेष्ठ छोरा प्रमुख लामा पदमा नियुक्त हुने परम्परा रहेको छ । यदि प्रमुख लामाको छोरा नभएमा नजिकको वंशको हकवालालाई प्रमुख लामा बनाउने प्रचलन रहेको छ । यसरी नियुक्ति गरिएका प्रमुख लामाले आफ्नो गोन्पाको पदभार ग्रहण गर्दछन् । यसपछि प्रमुख लामाबाट विभिन्न लामाहरूलाई अन्य पदमा नियुक्त र मनोनयन गरिन्छ । गोन्पाअन्तर्गतका गुठीयारबिच एक आपसमा सुमधुर सम्बन्ध राख्न, धार्मिक, सामाजिक, प्रशासनिक एवम् न्यायिक कार्यका लागि प्रमुख लामाको महत्त्वपूर्ण स्थान रहेको हुन्छ (लामा, वि.स. २०६७, पृ.२१३ ) ।

## ४.२.२ हेलम्बुका गुम्बाहरू

हिमाली क्षेत्रमा बसोबास गर्ने बौद्धमार्गीहरूले प्राचीनकालदेखि नै गुम्बा, विहार, स्तूप, छ्योर्तेन आदिको निर्माण गर्दैआएको परम्परा रहेको छ । गुरु पद्मसम्भव र मिलारेपाले साधना गरेको हुनाले बौद्धमार्गीहरूका लागि हेलम्बु क्षेत्र महत्त्वपूर्ण धार्मिकस्थल भएको तर्क माथि चर्चा भइसकेको छ । बौद्धमार्गी गुरुको भाविष्यवाणीअनुसार १४ औं शताव्दीदेखि यस क्षेत्रमा गुम्बाको निर्माण गर्न थालिएको मानिन्छ । यस क्षेत्रमा साना-ठूला गरी ४० वटा गुम्बाहरू रहेका छन् । हेलम्बु क्षेत्रमा रहेका प्राचीनकालका महत्त्वपूर्ण गुम्बाहरू निम्नानुसार रहेको पाइन्छ (छिरिङ लामासँग मिति २०७७/६/१७ मा लिइएको अन्तर्वार्तामा आधारित) :

### (क) याङ्री पर्वतको छर्योतेन

याङरी पर्वतको छर्योतेन हेलम्बु क्षेत्रको पहिलो गुम्बा हो जुन गाङरा (योल्मो हिमशृङ्खला) को केन्द्रीय भागमा अवस्थित याङ्री पर्वतको शिखरमा रहेको छ । गुरु रेम्पोछेको भविष्यवाणीअनुसार महासिद्ध पाल्देन ग्याल्छेनले ञिङमा सम्प्रदाय आधारित यस गुम्बाको स्थापना गरिएको इतिहास छ (लामा, वि.स.२०६९,पृ.१६९) । पाल्देन ग्याल्छेन, रिजिन गोदेम च्येनका शिष्य थिए । यो गुम्बा तिन तले छ जुन चारैतिरबाट पर्खालले घेरिएको छ । गुम्बामा महाकरूणिका जिनसागर पद्मराजाको मूर्ति स्थापना गरिएको छ । यसमा लोहार जातिले फलामलाई पिटेर बनाएको ऐनामा देवताको मूर्तिको प्रतिविम्ब प्रतिबिम्बित गरी यसलाई शीलवान् शुद्ध भिक्षुद्वारा स्नान गराइन्छ ।

मूर्ति दर्शनपश्चात्  यसै मूर्तिलाई स्नान गराइएको जल सेवन गरेमा जगत् र प्राणी सबैलाई दुर्गतिबाट बचाइन्छ भन्ने जनविश्वास रहेको छ । प्रसिद्ध गुरु पाल्देन ग्याल्छेनले प्रारम्भमा गुम्बा स्थापना गरे तापनि विभिन्न बाधा-व्यवधानले सो गुम्बा निर्माण कार्य पूरा नभएको इतिहास छ । यसपछि महासिद्ध गयाल्छेन बुम, विद्याधर सूर्य सेङ्गे ह्योल्मोपा र ठिन्ले दुझोम ह्योल्मोपाले गुरु पद्मसम्भवको भविष्यवाणी अनुसार पटकपटक यस गुम्बाको निर्माण गरिए तापनि धार्मिक मान्यता अनुरूपका क्रियाकलाप नभएकाले चट्याङबाट ध्वस्त भएको भन्ने भनाइ छ (लामा, वि.स.२०७२,(क), पृ.१४९) । यसरी याङरी पर्वतको शिखरमा गुम्बा निर्माण हुन सकेन । त्यसपछि यस स्थानमा बौद्ध चैत्य निर्माण गरियो । त्यसपछि पनि पुरानो छ्र्योतेनलाई भत्काएर हाल नयाँ बौद्धचैत्य निर्माण गरिएको छ । हाल यो पवित्रस्थान हेलम्बु गाउँपालिका वडा नं २ अन्तर्गत रहेको छ । यसरी हेलम्बु क्षेत्रमा पहिलो ञिङमापा सम्प्रदायको गुम्बा १४ औं शताब्दीमा निर्माण गरिएको मानिन्छ । प्राचीनकालदेखि हेलम्बु क्षेत्र हिमाली बौद्धधर्मको ञिङमापा सम्प्रदायको विकास र प्रसारका लागि महत्त्वपूर्ण भूमिका रहेको छ ।

### (ख) चिरी गोन्पा (गुम्बा)

ङाग्छयाङ शाक्य साङपो ह्योल्मोद्धारा माङयुलको रिवो पलवारबाट गुम्बा निर्माणस्थलको परीक्षण गर्नका लागि सत्यवचन सहित आफूले प्राप्त गरेको ज्ञान सिद्धि शक्तिले त्रिकोणात्मक आकार भएको ढुङगाद्धारा निर्मित स्होर तोरमा (तान्त्रिक अस्त्र) आकाशमा तन्त्र विधिद्वारा मिल्काउदा जुन स्थानमा पुग्छ, सो स्थानमा गुम्बा निर्माण गर्ने सङकल्प सहित ढुंगा फालिएको थियो । यसरी गरिएको संकल्पअनुसार उक्त ढुङगाको याङरी क्षेत्रमा झरेको थियो जहाँ चिरी गोन्पा (गुम्बा) को निर्माण गरिएको थियो । यो गुम्बा १६ औं शताब्दीमा निर्माण गरिएको मानिन्छ (लामा, वि.स.२०७२(क), पृ.१५०-१५१) । यसरी हेलम्बु क्षेत्रमा ञिङमापा परम्पराअनुसार गुम्बा निर्माण गरिएको पाइन्छ ।

चिरी गुम्बाको निर्माणसम्बन्धी रोचक किंवदन्ती रहेको छ जसअनुसार गुम्बा निर्माण गर्ने स्थानमा पानीको अभाव भएको कारण एउटा सेतो वर्णको मुसाले माथि लेक गुरु डुब्फुकको सिद्ध जल जमिन भित्रबाट ल्याएको र एउटा गोरूले ढुङगा माटो ओसार्न सहयोग गरी चिरी गुम्बा निर्माण गरिएको भन्ने जनविश्वास रहेको पाइन्छ । यस गुम्बाका मुख्य मूर्तिहरूमा माटोले बनेको शान्त एवम् रौद्र स्वभावको गुरु रिन्पोछेको मूर्ति तथा चर्तुभुज आर्यअवलोकेतीश्वरको मूर्ति विशेष महत्त्वका छन् । यस गुम्बाभित्र अहिले पनि गोरूको टाउकोलाई प्रतीकका रूपमा सिसाको बक्समा राखेर पूजा गर्ने गरिन्छ । (अवलोकन मिति २०७७ । ११ । २३) । चिरी गोन्पाको गुठीबाट प्राप्त सामग्री र सो बारेको लोककथा परिशिष्ट ६ र १० मा दिइएको छ ।

यस गुप्त तीर्थस्थलमा बुद्धशासन चिरकालसम्म फैलिरहोस् भन्ने संकल्पसहित शुभेच्छा र साध्य-संसाधनलाई ध्यानमा राख्दै भित्री मनले मूलस्थानमा साहोर राजाको कपली, सातब्राह्मणको अस्तु धातु, पद्मसम्भवको कपाल तथा वस्त्र, गुरु पद्मसम्भवको कायको अवतार ज्याङ, वाक्को अवतार छयोवाङ र चित्तको अवतार गोदम्चेन लगायतका निधिग्रन्थ र अन्य ञिङमा, शाक्य र काग्यु तिन परम्परासँग

सम्बन्धित काय, वाक् सरसामान र साधनका सामग्रीहरू जतिसक्दो आफू बसुन्जेलसम्म ग्रहण गर्नुभई ती सर-सामानहरू उँभो लेकमा नफाल्नू, उँधो पानीमा नबगाउनू भनी वचनपालक तथा ग्रामदेवता ञ्याङरीमालाई निर्देशन दिएको उल्लेख गरिएको छ (लामा, वि.सं.२०६९, पृ.११४) । यसरी चिरी गुम्बाको बारेमा चर्चा विभिन्न ग्रन्थहरूमा चर्चा गरिएको पाइन्छ ।

ङाग्छयाङ शाक्य साङ्पो ह्योल्मोको मृत्युपछि उनका भतिजा नाम्खा पाल्साङलाई चिरी गोन्पाको उत्तराधिकारी बनाइयो । उनी यस गुम्बाका प्रमुख लामा भएपछि यस गुम्बामा वंशक्रमअनुसार प्रमुख लामा नियुक्ति हुने परम्पराको सुरुवात गरियो । यसपछि क्रमशः विद्याधर ङाग्छयाङ शाक्य साङपो ह्योल्मोको भतिजा (ओन्पो) नाम्खा पालसाङकै सन्तान दरसन्तानहरू यस गुम्बको प्रमुख लामा हुने परम्परा अद्यापि कायम छ (साङ्गे लामासँग मिति २०७७ । ११ । २३ मा लिइएको अन्तर्वार्तामा आधारित) । हेलम्बु क्षेत्रका गुम्बाहरू मध्ये धार्मिक रुपमा चिरी गुम्बाको छुट्टै महत्त्व रहेको छ (परिशिष्ट ५ को चित्र नं. १३, १४, १५, १६, २२, २३, २४ र २५) ।

## (ग) मेलम्ची गोन्पा (गुम्बा)

ङाग्छयाङ शाक्य साङपो ह्योल्मोको चौथो टुल्क (अवतारी) सिल्नोन् वाङगेल दोर्जे (सन १६४७-१७१६) पनि चिरी गोन्पाको प्रमुख गद्दीधारी हुन सकेनन् । उनी १७ औं शताब्दीमा ज्याङ्तेर परम्पराअनुसार तेस्रो नयाँ गोन्पा (गुम्बा) हेलम्बु मेलम्ची “गोन्पा होपामे क्यी ल्हाखाङ” (अमिताभ गोन्पा) बनाएर यस गोन्पाको गद्दीधारी प्रमुख लामा बनेका थिए । यद्यपि ङाग्छयाङ शाक्य साङ्पो ह्योल्मोका दोश्रोदेखि चौथो टुल्कुहरूले (अवतारी) हेलम्बुसँग निरन्तर सम्बन्ध कायम राखे तापनि ५ औंदेखि ९ औंसम्मका टुल्कुहरू भने हेलम्बु क्षेत्रका चिरी गोन्पा र ह्योल्मो समुदायसंग कुनै सम्बन्ध राखेको पाइँदैन (धोन्डुव, वि.स.२०६६,पृ .६६) ।

ङाग्छायङ शाक्य साङपो ह्योल्मोको टुल्कु (निर्माण कार्य) हरू प्रथमदेखि १० औसम्म निरन्तर रुपमा आए तापनि उनको दोस्रो टुल्कुदेखि कुनै पनि टुल्कुहरू चिरी गोन्पाका गद्दीधारी प्रमुख लामा भएको देखिदैन । हालः उनका १० औं ह्योल्मो टुल्कु गोन्ज्याङ रिन्पोछेले पनि भारतको सिक्किममा आफ्नै गोन्पा स्थापना गरी उत्तरी निधि (ज्याङ्तेर) को शासन फैलाउँदै गरेको पाइन्छ । उनले हेलम्बुमा पनि धार्मिक सम्बन्ध कायम राख्दै आएको पाइन्छ (लामा, वि.सं. २०७२, पृ. १५३) । त्यसै गरी चौथो टुल्कु सिल्नोन वाङगेल दोर्जेले तिमाल क्षेत्रका ढाग्चेन भिसङ्ग पालकी पुत्रीसँग विवाह गरेर जन्मेका सुपुत्रद्वय रिग्जिन छेढाग दोर्जे र ग्यालव दोर्जे एवम् उनले स्थापना गरेको ज्याङतोर (उत्तरी) को धर्मशासनलाई पालना गरेका थिए । ल्हालुङ्पा वंशका लामाहरू ह्योल्मो र अन्य जिल्लाहरूमा समेत गोन्पा निर्माण गरी धर्म प्रचार गरेको पाइन्छ (लामा, वि.सं. २०७२, (क), पृ. १५४) । यसरी हेलम्बु भेगको ञिङमा सम्प्रदायको तोस्रो गुम्बाका रूपमा मेलम्ची गोन्पा प्रख्यात रहेको छ । यो गोन्पा निर्माण गरी गुरु पद्मसम्भवको ढुङ्गाले बनेको मणिमय घट्ट (नोर्वाई छुथाग) लाई गोन्पाभित्र स्थापना गरिएको देखिन्छ (अवलोकन मिति २०७७ । ११ । २४) । ह्योल्मो समुदायमा गुरुको यस ढुङगाको घट्टलाई पवित्र धार्मिक प्रतीकका रुपमा लिइन्छ ।

यस गोन्पाका सम्बन्धमा लामा गुरु तोब्देन वाङपो छिमे ग्याछोले टोरा सिल्नोन वाङगेल दोर्जेलाई १३ वर्षको उमेरमा पाँचौं दलाई लामा समक्ष छेवर गर्न ल्हासामा लगिएको थियो । त्यस समयमा तोब्दोन वाङपो छिमे ग्याछोको मृत्यु भएको थियो । उनको छोरा सिल्नोन वाङगेल दोर्जे काठमाडौँ भएर जाने क्रममा कान्तिपुरका राजा प्रताप मल्लले तपाईको बुवा स्वास्योर लामा मृत्यु भएको राम्रो भएन । बुबाको सट्टा छोरा र दाँतको सट्टा गिंजा भने जस्तै साहसका साथ काम गर्नुपर्छ । विशेष गरी तपाइँका अगाडिका सारा जन्महरूमा यो देशलाई आशीर्वादयुक्त बनाएको हुनाले मूल रूपमा खास्योर महाचैत्य लगायत योल्मो घाङरका मिलिच्छिम, क्येवा लुङ आदिका गुम्बाहरू पहिलेको जस्तो क्रममा रहने छन् भन्ने उल्लेख गरिएको छ (धोन्डुव, वि.सं. २०६६,पृ .६२) । यसरी यस गोन्पाको ऐतिहासिक महत्त्व रहेको देखिन्छ । गोन्पाको गुठी संस्थाबाट प्राप्त सामग्री परिशिष्ट ७ मा उल्लेख गरिएको छ (परिशिष्ट ५ को चित्र नं. ६, ७ र २८) ।

## (घ) तार्केघ्याङ गोन्पा (गुम्बा)

यस तार्केघ्याङसम्बन्धी अध्ययन गर्दा सन् १७२३ मा कान्तिपुरमा ठूलो महामारी भएको समयमा राजा जगज्जय मल्लले किरोङको लामा त्रिंमा सुङ्नेलाई बोलाएर महामारी नियन्त्रण गर्न लगाएका थिए । यसरी रोग -नियन्त्रण गरेपश्चात् राजाले उनलाई १०० वटा घोडा र जग्गा दिएका थिए । त्यसपछि उनले योल्मोमा तार्केघ्याङको स्थापना गरेका थिए । लामा भाषामा “ता” को अर्थ घोडा र “के” (ग्या) को अर्थ “सय ”भन्ने हुन्छ (शेर्पा, वि.सं. २०६३, पृ.१७) । यसरी तार्केघ्याङ गोन्पोको इतिहास र नाम रहन गएको थियो ।

ओर्ग्येन तेन्यी लिङपाका वंश तथा ङकग्छ्याङ शाक्य साङ्पो ह्योल्मो चौथो टुल्कु सिल्नोन वाङगेल दोर्जेका चेलाहरूमध्येका जेष्ठ रिग्जिन सूर्य सेङ्गे (सन् १६८७-१७३८) ले सन् १७२३ मा काठमाडौंको महामारी शान्त पारेपछि राजा, मन्त्री र जनताले उनलाई साक्षात् बुद्धको रूप मानेर ठाउँअनुसारको लगाउने वस्त्र, पगरी, दुई हजार मूल्य बराबरको धान-खेत ताम्रपत्र सहित धर्म-परम्परा कायम रहेसम्मका लागि चढाए भन्ने उल्लेख छ (लामा, वि.सं. २०७२, (क), पृ. १५६) । आज्ञापत्र र विभिन्न मानिसहरू सहित राजाले नै खटाएको भए पनि गुरुले त्यस क्षेत्रका सबै मानिसहरू बोलाएर भोजन तथा मद्यपान सहितको व्यवस्था गरेर गोन्पाका लागि जग्गा चाहियो भनी माग गर्दा लाङ्र ग्यालसादेखि डुब्पा ढोङसम्मको जग्गा र पर्वत सबै धर्म र वंश -परम्परा चलेसम्मका लागि भनी चढाए । लाङरा ग्यालसामा “लामा देन्सा” अर्थात् लामाको निवास बनाए । यस निवासलाई “साङ्ङग देछेन लिङ” नाम दिएको छ (धोन्डुव, वि.स.२०६६, पृ.६४) । त्यसपछि उनले सोही स्थानमा लाङरा ग्याल्सामा सन् १७२७ मा “डुब्ने पेमा छ्योलिङ्” गोन्पा निर्माण गरेका थिए ।

सूर्य सेङगेका सुपुत्र रिग्जिन ठिन्ले दुज्यो (सन् १७२६-१७८९) ले आफू सहितका भिक्षु र गाउँलेको सहयोगमा ह्योल्मो गाउँमा षडाक्षरी धर्मचक्र पर्खाल बनाउनु भनेकामा अहिलेसम्म मसानको नजिकै रहेको पर्खाललाई बुझिन्छ । विद्याधर ठिन्ले दुज्योमका पुत्र एवम् प्रमुख शिष्य छ्योकी वाङ्छ्युग्

(सन् १७७५-१८३७) ले ज्याङतेर (उत्तरी निधि) तथा कोन्छयोग च्यिदुए दुवै परम्परालाई फैलाएको पाइन्छ (धोन्डुव, वि.स.२०६६,पृ.७०) । गोन्पाको गुठी संस्थाबाट प्राप्त सामग्री तथा गोन्पाको तामपत्र परिशिष्ट ८ र ९ मा उल्लेख गरिएको छ (परिशिष्ट ५ को चित्र नं. ११, १२, १९, २० र २१) ।

## ४.२.३ गुरु पद्मसम्भवले ध्यान-साधना गरेको गुफा

हेलम्बु क्षेत्रमा विभिन्न स्थानमा धार्मिक गुफाहरू रहेका छन् । यी गुम्बाहरूमध्ये हेलम्बु गाउँपालिका वडा नं १ स्थित याङधाङ छोकगीको डुब फुग (साधना गुफा) गुफामा पद्मसम्भवले ध्यानसाधना गरेको हुनाले यसलाई महत्त्वपूर्ण तीर्थस्थलका रूपमा मानिन्छ । सो तीर्थको भित्रीसार याङधाङ छोकगीको डुब फुग (साधना गुफा) का बारेमा पहिले ह्योल्मो मर्म अक्षरमा के उल्लेख गरिएको छ भने उत्तरी पर्वत रत्नको स्तुप जस्तो शृङ्खलामा दक्षिणतर्फ मुख फर्केको एउटा गुफा छ । त्यो म, ओडियानको उत्तम विशुद्ध (याङ धाग छोग)को साधना गरेको तीर्थ हो । त्यसको टुप्पाबाट हेर्दा याङले स्योको गुफा पनि देखिन्छ । उक्त तीर्थमा जाने मानिसहरूले दुगर्न्ध तिरहरूबाट मुक्त हुने विश्वास रहेको पाइन्छ । उक्त तीर्थमा म, पद्मसम्भवको चित्त साधना गरेको खण्डमा पद्मसम्भवसँग प्रत्यक्ष भेट हुने भविष्यवाणी प्राप्त हुने धारणा रहेको छ भने यही जीवनमा महामुद्राको उत्तम सिद्धि प्राप्त हुने विश्वास रहेको छ (धोन्डुव, वि.स.२०६६, पृ.८५) । यसो भनेर ओर्गेन महागुरु निश्छल वज्ररुपी वचनद्धारा प्रशंसा गरिएको तीर्थका बारेमा स्यामर्पा छोक्यी वाङ्छुगको नेपाल जाने मार्ग निर्देशिका नोर्बु पेल्मे ठेङवामा के लेखिएको पाइन्छ भने उक्त उत्तम याङ्धाग छोगको साधना तीर्थ पछाडिको पर्वतलाई कडकड, भिरालो चौर र चारैतिरबाट जङ्गलले घेरिएको छ । हेर्दा अगाडिको पर्वत कपडाले बेहेरेको जस्तो देखिन्छ । भारत र नेपालका भू-भागहरू अगाडिनै मण्डल सजाएर राखे जस्तो स्पष्टसँग देखिन्छ । दाहिनेपट्टिको पर्वत पाँच पोरे वज्रको शृङ्खलाले पर्दा लगाए जसरी घेरेको देखिन्छ । बिचमा चिन्तामणि रत्नको उत्तम समूह थुपारेको जस्तो छ । कड्कड र चट्टान थुप्रेको बिचमा सिद्धिको गुफा विशाल र भव्य रहेको छ । ठूलो ढुङगा देवको वितान जस्तो छ । आनन्ददायक र मनमोहक त्यसमा ठाउँमा ज्ञान, चित्त सफा र स्पष्ट हुन्छ । मन हल्का भई तीव्र रुपमा आनन्द पैदा हुन्छ । गुफाको माथिल्लो भाग पनि विशाल र सुखदायी छ । डाकिनीको पाउको छाप स्पष्टसँग देखिन्छ । डाकिनीहरूले त्यहाँ परिक्रमा गरेको कुरा यसबाट देखिन आउँछ । गुफाभित्र गुरु पद्मसम्भवको शिरको छाप, गुरुको काया आफैं प्रकट भएको आकृति देख्न सकिन्छ । यो लामाबौद्धमार्गीहरूका लागि धार्मिक रूपमा अद्‌भूत  तथा अनुपम रहेको छ (धोन्डुव, वि.स.२०६६, पृ. ८६) । यस साधना गुफामा गुरु पद्मसम्भवको पाउको छापलाई खिइन नदिनका लागि मन्दारावाले ठूलो ढुङ्गाले छोपेर राखेका थिए । त्यस्तै गरी गुरुको पाउको नजिकै ठूलो चट्टान फुटेको बिच भागमा निधिको भाँडा जस्तो ढुङ्गामा विभिन्न आकृतिहरू घाउ (करण्ड) जस्ता सुन्दर रूपमा कोरिएका छन् । यी सवै पहिलोदेखि नै आधिकारिक रूपमा रहेका विभिन्न वस्तुहरू हुन् (धोन्डुव,वि.स.२०६६,पृ.८६) । यस गुफाभित्र गुरु पद्मसम्भवको मूर्ति र त्यसका  तथा दायाँ- बायाँ डाकिनीहरूको मूर्तिलाई सजाएर राखिएका छन् । त्यस्तै गरी गुफाभित्र लामाहरूलाई पूजापाठ गर्नका

लागि छुट्टै स्थान बनाएर राखिएको छ  भने गुफामा आउने तीर्थालुहरूका लागि पनि गुफाभित्र बसेर पूजापाठ गर्न व्यवस्थित ढङगबाट छुट्टै स्थान बनाइएको छ (स्थलगत अवलोकन मिति २०७७।११।२४) (परिशिष्ट ५ को चित्र नं. १, २, ३, ४ र २६)।

## ४.२.४ डाकिनी गुफा (साङफुग)

यहाँ रहेका विभिन्न गुफाहरूमध्ये डाकिनी गुफा (साङफुग गुफा) को पनि विशेष धार्मिक महत्त्व रहेको छ। यस गुफामा डाकिनी अर्थात् पद्मसम्भवका दिव्य रानी (मन्दारावा) र येशे छोग्याल दुवैले नुहाउने गरेको जनविश्वास छ, जुन गुफाको गुह्य भाग आफै प्रकट भएको स्थानीयहरूको विश्वास रहेको छ। ञिङमपा सम्प्रदायहरूले यस डाकिनी गुफालाई महत्त्वपूर्ण तीर्थस्थलका रूपमा लिएको देखिन्छ (पूर्ण गौतमसँग लिइएको अन्तर्वार्तामा आधारित) (परिशिष्ट ५ को चित्र नं. २७, २८ र ३०)। मिति २०७७।११।२४ मा स्थलगत अवलोकन गर्दा यस गुफाभित्र पानी बगिरहेको देखिन्छ। यस गुफामा आउने तीर्थालु भक्तजनहरूले गुफाभित्र दियो, बत्ति र धुप बाली साधना गर्ने गरेको पाइन्छ। गुफाको बाहिरी परिसरमा रहेका रूखहरूमा खादा, ध्वजापताका आदि फहराइएका हुन्छन्। यसरी यस डाकिनी गुफामा दिव्य रानी र येशे छोग्यालले र जस्वला भएको समयमा नुहाउन र पूजा-पाठ गर्ने भएकाले गुफामा पानी बगिरहेको छ (लामा गुरु पासाङ तेम्बासाँग मिति २०७७।११।१५ मा लिइएको अन्तर्वार्तामा आधारित) (परिशिष्ट ५ को चित्र नं. ५, २९ र ३२)।

## ४.२.५ गुरु मिलारेपाले ध्यान-साधन गरेको गुफा

हेलम्बु क्षेत्रका बारेमा भगवान् बुद्धले नै अतवंशक सूत्रमा भविष्यवाणी गरेको उल्लेख पाइन्छ (धोन्डुव, वि.सं.२०६६, पृ. ५६) जसको विवरण अगाडि आइसकेको छ। यो कुरा गुरु मार्पाले मिलारेपालाई मिला गुरबुम पुस्तकमा “माङयुलको रिवो पाल्वार र नेपालको योल्मो घाङराक बारेमा अवंतशक सूत्रमा भविष्यवाणी गरिएको हुनाले त्यहाँ गएर भावना गर” भन्ने उल्लेख गरिएको छ (धोन्डुव, वि.सं. २०६६, पृ. ५६)। गुरु मार्पाको आज्ञाअनुसार मिलारेपा (सन् १०४१-११२३) मा क्याङफेन भन्ने ठाउँबाट योल्मोमा आएर यहाँको ताग्फुग सेङगे जोङमा तिन वर्षसम्म साधना गरेर आफ्नो पूर्णज्ञान बोध गरेको उल्लेख छ (धोन्दुव, वि.सं. २०६६, पृ.५७)। यसरी मिलारेपाले साधना गर्नुका अतिरिक्त पाँचजना योल्मोपा शिष्यहरूलाई पनि धार्मिक ज्ञान प्रदान गरिएको थियो (लामा, वि.सं.२०६७, पृ.१३६)।

गुरु मिलारेपाले साधनाका क्रममा लेखेका केही रचनाहरू प्रकाशित छन्। तिनमा यो गीत पनि एउटा हो जुन यस प्रकार छ : सद गुरुको चरणमा ढोग गर्दछु। मैले पुण्य सम्भार गरेको हुनाले नाथको दर्शन पाएँ। गुरुले भविष्यवाणी गरेको स्थानमा आइपुगें। यो मौन क्षेत्र बन, पाखा भएको आनन्ददायी ठाउँ हो। घाँस भएको पर्वतमा फूलहरू फुलेको यो जङगलमा रूखहरू नाची रहेछन्। यो बाँदरहरूको खेल्ने ठाउँ हो। चराहरू विभिन्न स्वरमा गीत गाइरहेको ठाउँ हो। भमराहरू गुन्जन निकाल्दै उड्ने ठाउँ हो। यहाँ दिनरात लगातार इन्द्रेणी भइरहन्छ। यस्तो एकान्त स्थलमा म योगी मिलारेपा चित्तको शून्यताको भावना गर्दा प्रभास्वर सुखमा रमाउँछु। सेङगलको जङगलमा म मिलारेपा शून्यताको भावना

गर्छु । भावना फुत्कने शंङका नभएकाले भावनालाई लामो समयसम्म कायम राख्न सकिन्छ । यस्तो ठाउँमा बस्दा आनन्द लाग्दछ (धोन्डुव, वि.सं. २०६६, पृ. ६९) ।

स्थलगत अध्ययनको क्रममा के पाइयो भने यस मिलारेपा गुफामा मिलारेपाकै बहुमूल्य मूर्ति रहनुका साथै उनको तपस्यास्थल गुफा, कलात्मक गुम्बा सहित वरिपरि सेताम्मै छर्योतेनहरू निर्माण गरिएको छ । यस गुफालाई लामा बौद्धहरूले दैवीशक्तिका रूपमा विश्वास गर्दछन् अतः कसै-कसैले न्याय नपाएमा न्यायका लागि न्याय माग्न मिलारेपाको गुफामा जाने चलन पनि रहेको छ । हेलम्बुका स्थानीयवासीहरू अझै पनि प्रहरी, प्रशासन, न्यायिक समिति र अड्डा -अदालतभन्दा नरोपा मिलारेपाप्रति बढी विश्वास गर्दछन् । अन्य स्थानका मानिसहरू पनि मुद्दा- ममिला भएमा न्याय पाऊँ भनी यस गुफामा आएर बत्ती बाल्ने, खादा चढाउने चलन आजसम्म पनि कायमै रहेको छ (परिशिष्ट ५ को चित्र नं. ८, ९ र १०) ।

## ४.२.६ छयोर्तेन (स्तूप)

बौद्ध धर्मावलम्बीहरूमा स्तूपको महत्त्वपूर्ण भूमिका छ (रेग्मी, वि.सं. २०२६, पृ. ४५५) । स्तूपको विषयमा स्वयम् बुद्धले परिचर्चा गरेको प्रसङ्गबाट स्तूपको अवधारणा बुद्धभन्दा पहिले नै भएको हुनसक्ने अनुमान गर्न सकिन्छ । बुद्धको महापरिनिर्वाणपछि भने स्तूपको धार्मिक भूमिकाको महत्त्व बढेर गएको थियो । वस्तुतः बुद्धत्त्व प्राप्त गरेका संबुद्ध, बोधिसत्त्व प्राप्त गरेका साधक, अर्हत र बौद्ध लामागुरुहरूको स्मरणमा उनीहरूको अस्थि अवशेष, उनीहरूले प्रयोग गरेका चीवर र धार्मिक ग्रन्थहरू आदि गर्भगृहमा राखेर निर्माण गरिएको विशेष प्रकारको वास्तु संरचनालाई स्तूप भनिन्छ । मेरी स्लसरले पनि उल्लिखित तर्कलाई स्तूपका रूपमा परिभाषित गरेकी छिन् (Slusser,1982, pp.270–272) । पाली भाषामा “थुव” शब्दले स्तूप भन्ने अर्थ राख्दछ । पाली भाषाको “थुब” शब्दबाट रूपान्तर भएर नेवारी भाषामा “थुर” शव्द वन्न पुगेको विद्वान्हरूको भनाइ छ (Majumdar, 2001, p.2 )।

विशेषतः बौद्धधर्म, दर्शन र संस्कृतिप्रति समर्पित गरेर स्थापना गरिएका स्तूपले एकातिर बौद्धधर्मको विकास र विस्तारमा योगदान दिएको देखिन्छ भने अर्कातिर यस्ता स्मारक एवम् धार्मिक तीर्थस्थलहरूले पुर्खाको त्याग, साधना, संलग्नता र विश्वशान्तिको भावनालाई अभिव्यक्त गरेका हुन्छन् ।

हिमाली क्षेत्रमा बौद्धधर्मसँग सम्बन्धित विशेष प्रकारको वास्तु संरचनाहरू निर्माण भएको देखिन्छ । स्तूपको परिभाषाले सम्बोधन गर्ने यस प्रकारको वास्तु संरचनालाई हिमाली क्षेत्रमा छ्योर्तेन भनिन्छ । बौद्धधर्मावलम्बीहरूले प्राचीनकालदेखि नेपालका विभिन्न स्थानहरूमा गोन्पा, मणि, छ्योर्तेन, गोलाकार मणि पर्खाल, लहरेमणि र मूर्ति, थाङ्का, पौवा, चित्रकला इत्यादि बौद्धधर्मसँग सम्बन्धित धार्मिक स्मारकहरू बनाउने परम्परा रहेको छ । यस्ता धार्मिक तीर्थस्थलहरू पुरातात्त्विक महत्त्व बोकेका राष्ट्रिय सांस्कृतिक सम्पदाहरू मात्र नभई विश्वकै अमूल्य सम्पदाका रुपमा रहेका छन् । वस्तुतः बौद्धधर्मको विकास र विस्तारमा हिमाली सभ्यताको स्थान महत्त्वपूर्ण रहेको छ । हिमाली बौद्धधर्मावलम्बीहरूले बुद्धधर्म र लामागुरुहरूको स्मरणमा धार्मिक तीर्थस्थलका रुपमा छ्योर्तेन बनाउने गरेको देखिन्छ ।

तिब्बती भाषामा छ्योर्तेनले बौद्धधर्मसँग सम्बन्धित धार्मिक तीर्थस्थल बुझाउँछ । "छयो" को अर्थ पूजा-अचर्ना हुन्छ भने "तेन" को अर्थ आश्रय वा आलम्बन वा आधार भन्ने हुन्छ । छ्योर्तेनमा श्रद्धालु भक्तजनहरूले शुद्ध भावले पूजा-आराधना एवम् धार्मिक क्रियाकलाप र प्रदक्षिणा गर्दा पुण्य प्राप्ति र मनोकामना पूर्ण हुन्छ भन्ने धार्मिक विश्वास छ (शेर्पा, वि.स.२०६३,पृ.७८) । बुद्ध स्वयम्ले स्तुप अर्थात् छ्योर्तेनलाई पवित्र स्मारकका रुपमा मानेका छन् । छ्योर्तेनमा पूजा, परिक्रमा र प्रदक्षिणा गर्नु भनेको स्वयम् बुद्धलाई परिक्रमा गरे समान हुन्छ भन्ने कुरा बौद्ध -साहित्यहरूमा उल्लेख भएको पाइन्छ (शेर्पा, वि.सं. २०६३, पृ.७७) ।

बौद्ध धर्मावलम्बीहरूमा सम्पूर्ण प्राणीजगत् एवम् मानवकल्याण र हितका लागि चैत्य निमार्ण गरिने धार्मिक विश्वास र परम्परागत अभ्यास रहेको छ । छ्योर्तेनलाई बुद्वको प्रतीकको रूपमा फूलमाला लगायत रंगीचङ्गी ध्वजापतका, सेतो कमेरो र चुन आदि लगाएर सजाउने चलन छ । छ्योर्तेनलाई सुगन्धयुक्त जल चढाई पूजा-आराधना र प्रार्थना गर्ने गरिन्छ ।

छ्योर्तेन स्थापना गर्नका लागि ढुङ्गा र माटोको  थुप्रो तयार गरिन्छ । त्यसरी ठूलो वनाइएको छ्योर्तेनको गर्भगृहमा बुद्वको अस्तुधातु राखी स्थापना गर्ने गरिन्छ । यस्तो सम्भव नभएमा महाबोधिसत्त्व वा महासिद्ध गुरुको अस्तुधातु वा उनीहरूले प्रयोग गरेका सामानहरू राख्नुपर्ने परम्परा रहेको छ । यसरी छ्योर्तेन निर्माण गर्दा सिद्ध गुरुले शक्ति प्रर्दशन गरी निकालेका वस्तुहरू लगायत बुद्धका चार महातीर्थस्थलका ढुङ्गा, माटो र पानी राख्ने गरिन्छ । त्यसरी नै महत्त्वपूर्ण तीर्थस्थलका अनुष्ठान गरिएका वस्तुहरू, बुद्धवचन सूत्रतन्त्रका ग्रन्थहरू, धर्मचक्र र अष्टमङ्गलका द्रव्यहरू राख्ने गरिएको पाइन्छ । यसका अतिरिक्त धार्मिक द्रव्य तथा महत्त्वपूर्ण मूर्तिहरू, इष्टदेव धर्मपाल, चार दिग्पाल आदि देवदेवीका मण्डलहरूको स्थापना गरी पूजा र प्रार्थना गर्न लायक साक्षात धर्मधातुका रुपमा निर्माण गरिन्छ ।

वैदिककालदेखि स्तूप निर्माणको परम्परा चलेबारे चर्चा गरिएको पाइन्छ (खनाल, वि.सं. २०५२, पृ. ५) । स्वयम् बुद्धको जीवनकालमै उपासक नाथ पण्डितको अनुरोधमा महासारिपुत्रको निर्वाणपछि उनको अस्तुधातु राखेर चैत्य स्थापना गरी इच्छानुसार पूजाआजा गर्न बुद्वले अनुमति दिएका थिए । बुद्धको निर्वाण भएपछि पनि विभिन्न आठ प्रदेशका राजा महाराजाहरूले बुद्धको अस्तु अवशेष लगेर आ-आफ्ना ठाउँमा चैत्य स्थापना गरेका थिए । बुद्वले निर्वाण प्राप्त गरेको दुईसय वर्षपछि सम्राट अशोकले भिक्षुको भविष्यवाणीअनुसार राजगृहको एउटा गिरि (डाँडा) बाट शाक्यमुनि बुद्धको अस्तुधातु निकाली गर्भगृहमा राखेर ८० हजार चैत्य एकै दिनमा स्थापना गरी पूजा आराधना गरेको प्रसङ्गचर्चा पाइन्छ (शेर्पा, वि.सं. २०६३, पृ. ७८) ।

ह्योल्मो समुदायमा आफ्नो धार्मिक विश्वासका कारणले गर्दा छ्योर्तेन, माने, मानेलहरहरू आ-आफ्ना टोल-टोलमा  निर्माण गरेको देखिन्छ (अवलोकन मिति वि.सं. २०७७ । ३ । ६ गते) । हेलम्बु क्षेत्रमा गोन्पा, छ्योर्तेन तथा मानेलहरहरू निर्माण गरी पूजापाठ र आराधना गर्ने गरिन्छ । उनीहरूले छ्योर्तेन बनाउँदा वरिपरि पञ्चध्यानी बुद्धका मूर्तिहरू राख्ने गर्दछन् । छ्योर्तेनको बिच भागमा वैरोचन बुद्ध राखिन्छ भने छ्योर्तेनको पूर्वपट्टि अक्षोभ्य बुद्ध, पश्चिमपट्टि अमिताभ बुद्ध, उत्तरपट्टि अमोघसिद्धी बुद्ध र

दक्षिणपट्टि रत्नसम्भव बुद्धका मूर्ति राखिएको हुन्छ । यसरी पञ्चबुद्धका काय, वाक्, चित्त, गुण र कर्मका प्रतीकस्वरूप मूर्तिहरू स्थापना गर्ने परम्परा रहेको छ । ह्योल्मो समुदायले छयोर्तेनलाई आफ्नो धार्मिक आस्थाको केन्द्रका रुपमा स्थापित गरेको थियो । उनीहरूले कार्तिक पूर्णिमा, वैशाख पूर्णिमा, लोसार यस अवसरहरूमा छ्योर्तेन वा स्तूपको सर-सफाई गरी पूजापाठ गर्ने गर्दछन् ।

ह्योल्मो समुदायको धार्मिक एवम् सांस्कृतिक जीवनमा छ्योर्तेनको विशेष स्थान रहेको छ । उनीहरू छ्योर्तेनलाई स्वयम् बुद्धको प्रतीकका रुपमा पूजाआराधना गर्ने गर्दछन् । कतिपय धार्मिक एवम् सामाजिक अभ्यासहरू छ्योर्तेनमै गएर सम्पन्न गर्ने चलन पनि छ । यसकारण बौद्धमार्गी ह्योल्मो समुदायका लागि छ्योर्तेन एउटा महत्त्वपूर्ण धार्मिक तीर्थस्थलका रूपमा रहेको छ ।

## ४.२.७ लुङ्दार (लुङ्ता)

ह्योल्मो समुदायका मानिसहरू तिब्बती मूलका भएको हुनाले उनीहरूले लामा बौद्धधर्मलाई आत्मसात् गरेका छन् । बौद्धधर्मअन्तर्गत विभिन्न मूर्त सांस्कृतिक सम्पदाहरूमध्ये महत्पूर्ण सांस्कृतिक सम्पदाका रूपमा लुङदार (ध्वजा-पताका) पनि रहेको छ । लुङदारलाई लुङता पनि भनिन्छ । लुङता भन्नाले तिब्बती भाषामा “लुङ” भनेको हावा र “ता” भनेको घोडा अर्थात् वायुपंखी घोडाका रूपमा लिने गरिन्छ । तिब्बती लामाबौद्ध परम्परामा लुङ्दारलाई धार्मिक तथा प्रतीकात्मक वस्तुका रूपमा राखिने परम्परा रही आएको छ । मानवशास्त्री Clifford Geertz ले संस्कृति आफैमा प्रतीकहरूमा आधारित हुने र यसले सामूहिक व्यवहारलाई निर्देशन गर्छ भन्ने तर्कका आधारमा लुङदारको पनि विशेष सांस्कृतिक एवम् धार्मिक महत्त्व रहेको वताएका छन् । सांस्कृतिक प्रतीक -चिह्नहरूका माध्यमबाट व्यक्तिले निर्वाह गर्ने सामाजिक तथा संरचनागत भूमिकाहरूको अर्थ प्राप्त गर्न सकिन्छ । उनले संस्कृतिलाई रैथानेहरूको दृष्टिकोणबाट अध्ययन गर्न सघन वर्णन (Thick Description) आवश्यक हुने गरेको चर्चा गरेका छन् । त्यस्तै गरी संस्कृतिभित्रका मानिसका व्यवहार प्रतीकहरूका माध्यमबाट झल्किने गर्दछ । प्रतीकहरूमा स-साना सांस्कृतिक एकाइहरूको तहगत अर्थ व्यक्त भएको पाइन्छ । प्रतीकात्मक चिह्नहरूले यस किसिमका सांस्कृतिक तहहरूको अध्ययन गर्दा प्रत्येक तहहरूलाई खोतेलेर अर्थहरू पत्ता लगाउन विशेष भूमिका खेलेको हुन्छ । यसमा पनि प्रतीकको अर्थ सन्दर्भगत हुने गर्दछ । Geertz का अनुसार कुन सन्दर्भमा प्रतीकले के-के अर्थ दिन्छन् भनेर त्यसका अर्थहरू विश्लेषण गर्नुपर्ने हुन्छ (Geertz, 1973, pp.1–5) ।

ह्योल्मो समुदायमा लुङ्दार (लुङ्ता) लाई धार्मिक झन्डाका रूपमा लिइने गरिन्छ । लुङ्दारलाई धार्मिक प्रार्थनाका रूपमा प्रयोग गरिएको हुन्छ । विशेष गरी यसलाई गोन्पा, छ्योंतेन, घरको उच्चस्थान र शुद्ध ठाउँमा लामो डोरीले झुन्डाएर प्राथंनाका लागि राख्ने परम्परा रही आएको छ । बौद्ध धर्मावलम्बीहरूको मान्यताअनुसार पाँच तत्त्वको प्रतीकका रुपमा लुङ्दार निर्माण गरिएको पाइन्छ । यसरी निर्माण गरिने लुङ्दार (ध्वजापताका) को पहिलो भागमा आकाशको प्रतीकका रुपमा नीलो रङ, दोस्रो भागमा हावाको प्रतीकका रूपमा सेतो रङ, तेस्रो भागमा आगोको प्रतीकका रूपमा रातो रङ, चौथो

भागमा पानीको प्रतीकका रुपमा हरियो रङ र पाँचौं भागमा पृथ्वीको प्रतीकका रूपमा पहेँलो रङको लुङदार निर्माण गरिएको हुन्छ ।

यसरी बौद्धमार्गीहरूले पञ्चतत्त्वको प्रतीकका रूपमा पाँचवटा छुट्टाछुट्टै रङ्को प्रयोग गरी लुङदार निर्माण गर्दछन् । यसरी निर्माण गरिएको लुङदारलाई ह्योल्मो समुदायको महत्त्वपूर्ण चाड लोसारको समयमा अनिवार्य रूपमा गोन्पा, छ्योर्तेन र घर-घरमा राखिने परम्परा रहेको छ । यस बाहेक उनीहरूले घरमा कुलपूजा, वैशाख पूर्णिमा, कार्तिक पूर्णिमा लगायत घरमा मानिसहरू बिरामी भएमा ग्रहदशा फाल्नका लागि समेत ह्योल्मो समुदायमा लुङ्दार राखिने चलन रहेको छ (दावा ग्याल्वु ह्योल्मोसँग मिति २०७७ । ९ । ४ मा लिइएको अन्तर्वार्तामा आधारित) (परिशिष्ट ५ को चित्र नं.३१ र ५४) ।

लुङता किनेर ल्याएपछि गोन्पा, छ्योर्तेन र घरघरमा राख्नु अगाडि लामाले पूजापाठ गरी त्यसको प्राणप्रतिष्ठा गरिन्छ । प्राणप्रतिष्ठा वा जीवन्यास नगरेसम्म लुङ्दारलाई सामान्य रूपमा हेर्ने गरिन्छ । प्राणप्रतिष्ठा गरिसकेपछि उच्चस्थानमा लगेर झुन्ड्याएर टाँगेर राख्ने गरिन्छ । यसलाई हावाले जति वेगले हल्लाउँछ त्यति नै प्राणी जगत् र पृथ्वीको शुद्धीकरण हुने तथा आशीर्वाद लाग्ने जनविश्वास रहिआएको छ । त्यसरी नै यसको प्रयोग गर्नाले मानिसहरूमा सकारात्मक सोचको विकास हुने जनविश्वास पनि रहेको छ । लुङदार जति पुरानो भयो, उति नै आशीर्वाद प्राप्त गर्ने मान्यता रही आएको छ । यसरी ह्योल्मो समुदायमा लुङ्दारलाई धार्मिक प्रतीकात्मक सिद्धान्तका रुपमा लिने गरिन्छ ।

## ४.२.८ परम्परागत सांस्कृतिक उपकरणहरू

मानिसले आफ्नो जीवनयापनका क्रममा प्रयोग गरेका कृषि औजार, सांस्कृतिक अनुष्ठानका सामग्री लगायत भौतिक वस्तुहरू सांस्कृतिक अध्ययनका आधार हुन् । ह्योल्मो जातिले आफ्नो जीविकोर्पाजन गर्न र धार्मिक एवम् सांस्कृतिक क्रियाकलापका क्रममा सिर्जना गरेका (जुन वातावरण र पर्यावरण मैत्री हुन्छ) मूर्त सम्पदाहरूले उनीहरूका सामाजिक, सांस्कृतिक, धार्मिक मूल्य, मान्यता, एवम् त्यसको निरन्नतरतालाई कायम गरेका छन् जसमा उनीहरूको ज्ञान, कला र सीप अभिव्यक्त भएको हुन्छ । ह्योल्मो समुदायमा गृहनिर्माणमा सिकर्मी, डकर्मी लगायतका प्राविधिकहरूको विशेष भूमिका रहेको हुन्छ । गृह निर्माणमा प्रयोग गरिएका उपकरणहरूले त्यस क्षेत्रको सांस्कृतिक एवम सामाजिक वस्तुस्थितिलाई बोध गरेको हुन्छ । त्यस्तै घरेलु उद्यम अर्थात् कृषि र पुशपालनमा प्रयोग गरिने परम्परागत उपकरणहरूले तिनीहरूको सांस्कृतिक विशिष्टतालाई संकेत गरेका हुन्छन् । उदाहरणका लागि सिकर्मीले बनाएका विभिन्न प्रकारका काठका सामानहरू, डकर्मीले बनाएका विभिन्न ढुङ्गाका सामान (गुम्बा, घर र चैत्य) हरू, त्यस्तै बाँस र निगालोका सामग्रीहरू, लोक्ताबाट बनाइने कागज र उत्पादन गर्ने विधि, अल्लोको बोरा र यो बनाउने तरिका, भेडा र च्याङ्ग्राका ऊनबाट बनेका गलैंचा, राडी लगायत अन्य लत्ताकपडाहरू र त्यस्ता  चीजहरू तयार गर्ने विधि, कृषि र पशुपालनका क्रममा निर्माण भएका उपकरण र औजारहरूले ह्योल्मो जातिको सांस्कृतिक सम्पदा विषयमा प्रस्ट पारेका छन्,

अर्थात् ती उपकरणहरू ह्योल्मो संस्कृतिको अध्ययनका महत्त्वपूर्ण आधार हो (फुर दोर्जे लामासँग मिति २०७७ । ६ । १६ मा लिइएको अन्तर्वार्तामा आधारित) । विशेषतः उनीहरूले प्रयोग गर्ने चाँदी, तामा र पित्तलका भाँडाकुडाहरूलाई ह्योल्मो भाषाबाट नेपाली अर्थमा प्रस्ट पारिएको छ जुन निम्नानुसार छन् :

| | **ह्योल्मो भाषा** | **नेपाली भाषा** |
|---|---|---|
| १. | डुल्फुर | चाँदीको चिया पिउने कप |
| २. | लाङ | ज्यागा (जग) |
| ३. | स्हङ | खर्कुडो |
| ४. | छ्युस्हाङ | पानी खर्कुडो |
| ५. | दिक | डब्बा |
| ६. | भदा | डापक |
| ७. | मेन्ज्या | बडुका |
| ८. | स्हाङपोङ | गाग्री |
| ९. | गरुवा (गरु) | करुवा |
| १०. | आम्कारा | आखोरा |
| ११. | लिपोङ | रक्सी हाल्ने भाँडो |
| १२. | उमाली | तुलो |
| १३. | आरचाङ | फोसी |
| १४. | स्हाङस्यु | बाटा |
| १५. | ज्यातम | चिया तिब्री |
| १६. | खियम्बु | चम्चा |
| १७. | जरु | डाडु |

ह्योल्मो समूहद्वारा परम्परागत जन-जीवनमा प्रयोग गरिने उप-उल्लिखित भान्सा र अन्य सामाजिक कार्यका लागि (मूर्त सम्पदा) सामग्रीहरूले उनीहरूको परम्परागत सांस्कृतिक सम्पदालाई संकेत गरेका छन् । प्रायः धार्मिक, सांस्कृतिक एवम् सामाजिक कार्यहरूमा यस्ता परम्परागत सामग्रीहरूको बढी प्रयोग गरिन्छ । यस सामग्रीहरूले ह्योल्मो समुदायको सभ्यता तथा इतिहास र संस्कृतिबारे अध्ययन गर्न महत्त्वपूर्ण भूमिका खेल्दछन् (परिशिष्ट ५ को चित्र नं. १७ र १८) ।

### (क) दैनिक जीवनमा प्रयोग गरिने माटोका भाँडाकुडाहरू

ह्योल्मो समुदायमा धातुका सामानहरू बाहेक माटोबाट बनेका परम्परागत सामग्रीहरूको पनि उत्तिकै मात्रामा प्रयोग गरिन्छ । माटोबाट निर्मित सामग्रीहरूले उनीहरूको परम्परा र पहिचानमा विशेष भूमिका खेलेको हुन्छ । विशेषतः खेलौना, अन्नबाली राख्न, पूजाको लागि प्रयोग गरिने धुपौरो, जाँड, रक्सी लगायत अन्य विभिन्न सामानहरू राख्नको लागि माटोबाट बनेका भाँडाकुडाहरूको प्रयोग गरिन्छ । परम्परागत रुपमा ह्योल्मो समुदायले प्रयोग गर्दै आएका माटोबाट बनेका भाँडाकुडाहरूलाई ह्योल्मो भाषाबाट नेपालीमा अर्थमा प्रष्ट गरिएको छ । जुन निम्नानुसार छन् :

| ह्योल्मो भाषा | नेपाली भाषा |
|---|---|
| १. फुम्पा | घ्याम्पो |
| २. पोङ | सानो घ्याम्पो |
| ३. भेल्डु | गुलु |
| ४. मिच्या(मिरा) | पोटासी |
| ५. झमा | डुब्ली |
| ६. ज्यातम | चिया तिब्री |
| ७. ङेजा | हाँडी |
| ८. पेपोर (सङपुर) | धुपौरो |
| ९. मेधाम्पे (लिपोङ जस्तो) | रक्सी हाल्ने भाँडो |

(मिङमार लामासँग मिति २०७७/६/१६ मा लिइएको अन्तर्वार्तामा आधारित) ।

ह्योल्मो समुदायका परम्परागत माटोका भाँडाकुडाहरू पनि मूर्त सांस्कृतिक सम्पदाहरूको अध्ययनका आधार हुन । माटाका भाँडाहरूमा अंकित हुने विभिन्न वस्तुहरूका चित्रहरूले उनीहरूको मूर्त सांस्कृतिक सम्पदाको विशिष्टतालाई संकेत गर्छन् । ह्योल्मो समुदायमा पनि माटाका भाँडाहरू विशेष रुपमा प्रयोग गरिन्छ । विशेष खालका खानपान तथा पेयपदार्थ राख्नका लागि प्रयोग गरिएका वस्तुहरूमा ह्योल्मो समुदायको सांस्कृतिक विशेषता अभिव्यक्त भएको देखिन्छ ।

### (ख) फलामबाट निर्मित सामग्रीहरू

ह्योल्मो समुदायमा फलामबाट निर्मित परम्परागत भाँडाकुँडाहरू विशेष रुपमा प्रयोग हुने गर्दछन् । विशेषतः घरायसी उपकरण, कृषि तथा पशुपालन, घरभवन लगायतका वास्तु संरचना निर्माण कार्यका लागि फलामको प्रयोग गरिन्छ । फलामबाट निर्मित सांस्कृतिक सम्पदाहरूलाई ह्योल्मो भाषाबाट नेपाली अर्थमा प्रष्ट पारिएको छ जुन निम्नानुसार छन् :

| ह्योल्मो भाषा | नेपाली भाषा |
|---|---|
| १.तोची | कोदालो |
| २.कुरी | कोदाली जस्तो खेत खन्नका लागि प्रयोग गरिने औजार । |
| ३. स्होरा (हाङ्सुर) | हँसिया |
| ४. डिकु (गप्डी) | खुकुरी |
| ५. रलडी | खुँडा तरबार |
| ६. डि छ्युङ | चक्कु |
| ७. च्याङ्ग्यी | ओदान |
| ८. च्य-थाप | तन्दुर |
| ९. तारी | बन्चरो |

(कर्मु लामासँग मिति २०७७/६/१६ मा लिइएको अन्तर्वार्तामा आधारित) ।

ह्योल्मो समुदायले दैनिक जीवनमा प्रयोग गर्ने फलामबाट बनेका यी परम्परागत सांस्कृतिक सम्पदा तथा उपकरणहरूले ह्योल्मो समुदायको मूर्त संस्कृति र सम्पदाको संकेत गरेका छन् । अतः ह्योल्मो समुदायको परम्परागत मूर्त सांस्कृतिक सम्पदाहरूको अध्ययनका लागि यी सामग्रीहरूको महत्त्वपूर्ण स्थान रहेको छ ।

### (ग) काठबाट बनेका सामग्रीहरू

आदिवासी जनजातिहरूको जल, जमीन र जङगलसँग घनिष्ट सम्बन्ध हुन्छ । यसले नै उनीहरूको संस्कृतिलाई निर्दिष्ट गरेको हुन्छ । यसकारण ह्योल्मो समुदायको पनि जल, जमिन र जङ्गलसँग विशेष सम्बन्ध रहेको देखिन्छ । सहजै प्राप्त हुने र आफ्नो अनुकूलमा ढाल्न सकिने हुँदा यिनीहरूले सामाजिक, सांस्कृतिक लगायत अन्य काममा काठको प्रयोग गर्ने गरेको देखिन्छ । काठबाट बनेका कृषि उपकरण तथा अन्य घरेलु सामग्रीहरूमा धर्म, संस्कृति र अन्य कलाको अभिव्यक्त गरिएको हुन्छ । बलियो र टिकाउ हुने भएकाले घरायसी प्रयोजनका लागि काठबाट वनेका सामानहरू प्रयोग हुने गरेको देखिन्छ यसलाई ह्योल्मो भाषाबाट नेपाली अर्थमा प्रस्ट पारिएको छ जुन निम्नानुसार रहेका छन्:

| ह्योल्मो भाषा | नेपाली भाषा |
|---|---|
| १. क्यङजाङ स्हङडी(भक्सी) | दराज |
| २. खा सुम्पा भङ | तिन मुखे दराज |
| ३. छयेट्टी भङ | पूजा दराज |
| ४. छेट्टी भक्सी | पूजा दराज |
| ५. ठेगा | ठेकी |
| ६. टोलुम् (धाजुमा) | मही पार्ने भाँडो |
| ७. गुल्दुम्पा भाङा (फेगम) | दराज |

| | |
|---|---|
| ८. सेन्तोस | सन्दुक (बाकस) |
| ९. टुसिङ | मन्दनी (फिर्की) |
| १०. तरकु | मन्दनी अड्काउने |
| ११. कुता | मदानी अङकुसे |
| १२. भयाङ (लाग्टु) | दूध दुहुने ढुंग्रो |
| १३. फारको (लाग्टु) | चिया पिउने कप |
| १४. कोलाङ फारका | ठूलो कप |
| १५. क्याबा | दाबिलो |
| १६. झारु | डाडु |
| १७. कन्दिङ | ढिकी |
| १८. नाम्ता गोसुम कार्कुङ | तिन मुखे झ्याल |
| १९. च्योक्सी | टेबुल |
| २०. धम्पे | रक्सी हाल्ने भाँडो |
| २१. थोङ न्यासिङ | हलो - जुवा |
| २२. घोदुङ | काठको खल |
| २३. स्येफुर | घिउ हाल्ने भाँडो |
| २४. हारपे | घिउ हाल्ने भाँडो |
| २५. घम्बु | घिउ हाल्ने भाँडो |

(पासाङ लामासँग मिति २०७७।६।१६ मा लिइएको अन्तर्वार्तामा आधारित)।

ह्योल्मो समुदायमा काठबाट बनेका परम्परागत सामग्रीहरूको पनि विशेष महत्त्व रहेको छ। उनीहरूले दैनिक घर तथा कृषि कार्यका लागि परम्परागत सामग्रीहरू प्रयोग गर्ने गरेको पाइन्छ। काठबाट विभिन्न वस्तुहरूको निमार्ण गर्ने विधि, प्रविधिले ह्योल्मो समुदायको परम्परागत ज्ञान र शिल्पलाई अभिव्यक्त गरेको हुन्छ भने यी वस्तुले विशेषतः मूर्त सम्पदाको बोध गरेको देखिन्छ। ह्योल्मो समुदायको काठबाट निर्मित मूर्त सांस्कृतिक सम्पदाहरू महत्त्वपूर्ण रहेका छन्। यस सम्पदाहरूबाट ह्योल्मो समुदायको परम्परागत इतिहास र सभ्यताबारे अध्ययन गर्न सकिन्छ।

## (घ) ढुङगाबाट निर्मित सामग्रीहरू

ढुङगा सहजै उपलब्ध हुने वस्तु भएकाले मानवजातिले प्राचीनकालदेखि नै यसको प्रयोग गरेको देखिन्छ। ह्योल्मो समुदायले विशेषतः घर, भवन, गुम्बा, छ्योर्तेन लगायत लौकिक एवम् धार्मिक वास्तुकलाको निर्माणमा ढुङगाको व्यापक प्रयोग गर्ने गर्दछ। त्यस्तै ढुङगाबाट विभिन्न बौद्ध देवीदेवताका मूर्तिहरू निर्माण गरिएको हुन्छ। यसै गरी धार्मिक उद्देश्यले चौतारा निर्माण गर्दा ढुङगाका पातामा धार्मिक मन्त्र तथा अभिलेख कुँदने गरिन्छ। यसबाहेक दैनिक प्रयोजनका लागि ढुंगाबाट निर्मित अन्य

विभिन्न सांस्कृतिक सम्पदाहरू प्रयोग गरिन्छ । ह्योल्मो भाषालाई नेपाली अर्थमा प्रष्ट पारिएको छ ,जुन निम्नानुसार छन् :

| **ह्योल्मो भाषा** | **नेपाली भाषा** |
|---|---|
| १.ग्यिप्पु | चुलो |
| २.तिम्बु | लोहोरो |
| ३.याम्बा | सिलौटा |
| ४.दरधो | हतियार उद्याउने ढुङ्गा |
| ५.लाग गोर | जाँतो |
| ६.छ्युदा | घट्टा |

(साङ्गे डोन्डुप लामासँग मिति २०७७ । ६ । १६ मा लिइएको अन्तर्वार्तामा आधारित) ।

सहज उपलब्ध हुने भएकाले प्राचीनकालदेखि नै मानिसले ढुंगाको प्रयोग गरेको देखिन्छ । ह्योल्मो समुदायमा पनि ढुंगाको विशेष महत्त्व रहेको देखिन्छ । वस्तुः धार्मिक एवम् लौकिक जनजीवनका ढुङ्गाको विशेष महत्त्व रहेको हुन्छ । त्यस्तै घरेलु परम्परागत उपकरण एवम् अन्य हतियार बनाउनका लागि पनि ढुङगाको प्रयोग गरिन्छ । यसकारण ह्योल्मो समुदायको मूर्त सम्पदा र संस्कृतिमा ढुंगाको विशेष महत्त्व रहेको छ । यसरी प्राचीनकालदेखि प्रयोग गरेको ढुङगाद्वारा निर्मित सामग्रीहरूले ह्योल्मो समुदायको इतिहास, सभ्यता र मूर्त सांस्कृतिक सम्पदा अध्यायनका लागि महत्त्वपूर्ण भूमिका रहेको छ ।

### (ङ) बाँस तथा निगालोबाट बनेका सामग्रीहरू

ह्योल्मो समुदायमा बाँसबाट धेरै प्रकारका परम्परागत घरेलु सामग्रीहरूको निर्माण गर्ने गरिन्छ । वस्तुतः कृषि तथा पशुपालनका क्षेत्रमा बाँस तथा निगालोबाट बनेका वस्तुहरूको प्रयोग गरिन्छ । त्यसैगरी दैनिक जीवनमा प्रयोग हुने डोको, डालो, भकारी, मान्द्रो, थुन्चे, पेरुङ्गो, लगायतका सामानहरू बाँस तथा निगालोबाट बनाइन्छ । यसबाहेक अन्य कलात्मक वस्तुहरू पनि निर्माण गर्न बाँस र निगालोको प्रयोग गरिन्छ । ह्योल्मो भाषालाई नेपाली भाषामा प्रस्ट पारिएको छ जुन निम्नानुसार रहेको छ :

| **ह्योल्मो भाषा** | **नेपाली भाषा** |
|---|---|
| १. चेल्बा | डोको |
| २. स्होल्मा | थुन्चे |
| ३. ढालो | डालो |
| ४. स्हेप | अन्न हाल्ने भाँडो |
| ५. झाङ | भकारी |
| ६. लोमा | नाङलो |
| ७. रेल्दे | मान्द्रो |
| ८. भरचा | चित्तर |

| | |
|---|---|
| ९. कुर्माङ | मिन्दी |
| १०. स्यो | सोली |
| ११. ओडे छाङ | कोक्रो |
| १२. छयर्कुङ | घुम |
| १३. योङ | घ्याम्पो जस्तो अन्न हाल्ने भाँडो आदि |

(दावा लामासँग मिति २०७७/६/१७ मा लिइएको अन्तर्वार्तामा आधारित)।

बाँस तथा निगालो सहजै प्राप्त हुने, काट्न र विभिन्न आकारमा ढाल्न सहज हुने भएकाले ह्योल्मो समुदायले यी दुईको विशेष प्रयोग गर्ने गरेको देखिन्छ। विशेषतः बाँस तथा निगालोको धार्मिक कार्यमा पनि प्रयोग गरिन्छ। दैनिक कृषि कार्य तथा पशुपालनमा पनि बाँस र निगालोबाट बनेका परम्परागत सामानहरू प्रयोग गरिन्छ। यसकारण ह्योल्मो समुदायको मूर्त सांस्कृतिक सम्पदाहरूको निर्माणमा बाँस तथा निगालोको पनि महत्त्वपूर्ण भूमिका रहेको छ। यस प्रकारको मूर्त सम्पदाहरूले ह्योल्मो समुदायको परम्परागत इतिहास र सभ्यताको अध्ययनमा महत्त्वपूर्ण भूमिका रहन्छ।

### (च) परम्परागत हातहतियारहरू

कृषि तथा पशुपालनमा हातहतियारको महत्त्वपूर्ण स्थान रहेको हुन्छ। ह्योल्मो समुदायमा पनि जीवन निर्वाहका लागि विभिन्न प्रकारका परम्परागत घरेलु हातहतियारहरूको प्रयोग हुने गरेको पाइन्छ। परम्परागत मूर्त सांस्कृतिक सम्पदाहरूको निर्माणमा हातहतियारको पनि महत्त्वपूर्ण भूमिका रहेको छ। ह्योल्मो समुदायले निर्माण एवम् प्रयोग गरेका परम्परागत हातहतियारहरूलाई ह्योल्मो भाषालाई नेपाली अर्थमा प्रस्ट पारिएको छ जुन निम्नानुसार छन् :

| **ह्योल्मो भाषा** | **नेपाली भाषा** |
|---|---|
| १. द-स्यु | धनु-बाण |
| २. दुङ | भाला |
| ३. रल्डी | खुँडा तरबार |
| ४. डिकु | खुकुरी |
| ५. मेभा | बन्दुक |
| ६. हुर्दो | घुँयत्रो |

(पेम्बा लामासँग मिति २०७७।६।१७ मा लिइएको अन्तर्वार्तामा आधारित)।

मानिसले आफ्नो सुरक्षा एवम् अस्तित्त्व रक्षाका लागि पनि विभिन्न हात-हतियारको निर्माण र प्रयोग गर्दछन्। ह्योल्मो समुदायमा पनि आफ्नो दैनिक जीवनमा विभिन्न प्रकारका परम्परागत हातहतियारको निर्माण गर्ने परम्परा छ। यी हातहतियार एकातिर सांस्कृतिक सम्पदा हुन् भने अर्कातिर हतियार निर्माण गर्ने परम्रागत विधिले उनीहरूको ज्ञान, सीप र कलाको अभिव्यक्ति गरेको हुन्छ। यस प्रकारको परम्परागत हातहतियारले ह्योल्मो समुदायको मूर्त सम्पदाको प्रतिविम्ब गरेको छ। ह्योल्मो

समुदायको परम्परागत हात-हतियारहरू मूर्त सांस्कृतिक सम्पदाहरू अध्ययनका लागि महत्त्वपूर्ण रहेका छन् । ह्योल्मो समुदायको सभ्यता र इतिहास अध्ययन गर्नका लागि यस्ता सामग्रीहरू सहयोगी हुन्छन् ।

### (छ) कृषि कार्यमा  प्रयोग गरिने सामग्रीहरू

कृषि सभ्यताको सुरूवातसंगै मानिसलाई थप मात्रामा विभिन्न प्रकारका उपकरणहरूको आवश्यक पर्न गएपछि आफूलाई आवश्यक पर्ने विभिन्न प्रकारका उपकरणहरू निर्माण गरेको देखिन्छ । ह्योल्मो समुदायले पनि बालीनाली लगाउन बीउ-बिजन छर्नेदेखि लिएर खेती स्याहार्नका लागि विभिन्न कृषि-सामाग्रीहरूको प्रयोग गर्ने गरेको देखिन्छ । त्यस्तै खेतीबाली ओसार-पसार गर्न, भण्डारण गर्नका लागि पनि विभिन्न उपकरणहरूको प्रयोग गर्ने गरेको देखिन्छ । कृषि कार्यका लागि प्रयोग गरिने सामग्रीहरूलाई ह्योल्मो भाषालाई नेपाली अर्थमा प्रष्ट गरिएको छ, जुन निम्नानुसारका छन् :

| **ह्योल्मो भाषा** | **नेपाली भाषा** |
|---|---|
| १. रक्पा | नाम्लो |
| २.रहाज्यु | नाम्लोको डोरी |
| ३.फ्राता | डोके झोला |

(गोसेर लामासँग मिति २०७७/६/१७ मा लिइएको अन्तर्वार्तामा आधारित) ।

कृषिप्रणालीमा प्रयोग गरिने परम्परागत प्रविधिहरूले उनीहरूको ज्ञान, शिल्प र शैलीलाई अभिव्यक्त गरेको हुन्छ । मौलिक संस्कृति र सम्पदाका रूपमा रहेका यी वस्तुहरूले ह्योल्मो समुदायको पहिचानको समेत बोध गरेका छन् । यस प्रकारको दैनिक कृषि कार्यमा प्रयोग गरिने सामग्रीहरूले पनि उनीहरूको परम्परागत मूर्त सम्पदाको परिचय दिइरहेको हुन्छ । यस किसिमका परम्परागत मूर्त सांस्कृतिक सम्पदाहरूले ह्योल्मो समुदायको इतिहास र सभ्यताको निर्माणबारे अध्ययन गर्न सकिन्छ ।

## ४.२.९ खेतीपाती र पशुपालन

सांस्कृतिक अध्ययनमा कृषि-संस्कृति पनि एउटा आधार हो । कृषि पेसा र पशुपालन एक-आपसमा अर्न्तसम्बन्धित छन् । कृषिकर्म र पशुपालनमा प्रयोग गरिने विभिन्न औजार तथा उपकरणका माध्यमबाट संस्कृतिको अध्ययन गरिन्छ । ह्योल्मो समुदाय प्राचीनकालदेखि नै कृषि तथा पशुपालनमा आबद्ध भएको देखिन्छ । हिमाली क्षेत्रमा बसोबास गर्ने भएकाले सोही प्रकृतिका खाद्यवस्तुहरू उत्पादन गर्ने गरेको देखिन्छ (स्थलगत अवलोकन मिति २०७७/११/२३-२४)। ह्योल्मो भाषामा रहेकोलाई नेपाली अर्थमा प्रस्ट पारिएको छ जुन निम्नानुसार छन् :

| **ह्योल्मो भाषा** | **नेपाली भाषा** |
|---|---|
| १. च्याङदा | कारु |
| २. न्हे | गहुँ |
| ३. भ्रउ (घ्याब्रे) | फापर |
| ४. झउँ | जौ |

| | |
|---|---|
| ५. पुङगा | तोरी |
| ६. हे | आलु |
| ७. लबु | मुला |
| ८. कुस्यो | स्याउ |
| ९. मगी | मकै |
| १०. ग्यागर | कोदो |
| ११. सोहा | धान |
| १२. याह | पिंडालु |

कृषि पेसामा माथि उल्लिखित खाद्यवस्तुहरू नै बढी उत्पादन गरिन्छ । हिमाली क्षेत्रमा उत्पादन हुने प्रायः अन्नहरू यस क्षेत्रमा पनि उत्पादन हुने गरेको छ । बढी मात्रामा कोदो, मकै, फापर, गहुँ, जौ, आलु, मुला लगायत प्रमुख खाद्य-वस्तुहरू हेलम्बु क्षेत्रमा उत्पादन गरिन्छ । यी सम्पूर्ण उत्पादन वस्तुहरू उनीहरूको मूर्त सम्पदाका रुपमा महत्त्वपूर्ण रहेका छन् । यस कृषि उत्पादनहरूले ह्योल्मो समुदायको अर्थ व्यवस्थाबारे अध्ययन गर्न सकिन्छ ।

कृषिकर्मका लागि मानव समाजमा पशुपालन अनिवार्य मानिन्छ । ह्योल्मो समुदाय पनि कृषिकर्मका साथसाथै पशुपालनमा पनि आबद्ध रहेको देखिन्छ । यस क्षेत्रको वातावरणीय परिस्थितिअनुसार नै उनीहरूको पशुपालन गरेको देखिन्छ । यस क्षेत्रमा पालन गरिने घरेलु पशुहरूलाई ह्योल्मो भाषाबाट नेपाली अर्थमा प्रष्ट पारिएको छ, जुन निम्नअनुसार रहेका छन् :

| **ह्योल्मो** | **नेपाली** |
|---|---|
| याक | याक |
| जोमो | चौंरी |
| भलाङ | गाई |
| लाङ | गोरु |
| मही | भैंसी |
| लुग | भेंडा |
| र-रबु | बाखा-बोका |
| ख्यी | कुकुर |
| घुरी | बिरालो |
| ज्याबु-ज्यामु | भाले-पोथी (कुखुरा) |

ह्योल्मो समुदायमा माथि उल्लिखित घरपालुवा जनावरहरू बढी मात्रामा पालिन्छ । कृषिकर्मका लागि पनि यी पशुहरूको योगदान रहेको देखिन्छ । त्यस्तै दूध, दही, मही, घिउ, ऊन, मल आदि प्रयोजनका लागि वस्तुभाउ पालन गरिन्छ । यस प्रकारको खेतीपाती र पशुपालनले ह्योल्मो समुदायको

परम्परागत मूर्त सांस्कृतिक बारेमा जानकारी पाउन सकिन्छ । यस प्रकारको कृषिकर्महरूले ह्योल्मो समुदायको सभ्यता र सांस्कृतिक सम्पदाहरूबारे अध्ययनका लागि महत्त्वपूर्ण भूमिका खेल्दछन् ।

### ४.२.१० खानपान

मानव समाजमा खानपान संस्कृतिको प्रतीक हो । सांस्कृतिक अध्ययनमा खानपानको पनि विशेष अध्ययन गरिन्छ । वातावरण र पर्यावरणले खानपानमा विशेष भूमिका खेलेको हुन्छ । त्यसैअनुरूप खानपानमा संस्कृति जोडिएको देखिन्छ, अर्थात् सांस्कृतिक परिस्थिति निर्माणमा भूमिका खेल्ने विभिन्न कारक तत्त्वहरूमा खानपानको पनि विशेष महत्त्व रहेको हुन्छ । ह्योल्मो समुदायले हेलम्बु क्षेत्रमा गरिने कृषिफर्म तथा पशुपालनले यस क्षेत्रको परम्परागत खानपानको सांस्कृतिक पृष्ठभूमि तयार गरेको देखिन्छ । ह्योल्मो भाषामा रहेकोलाई नेपाली अर्थमा प्रष्ट पारिएको छ जुन निम्नानुसार रहेका छन् :

| **ह्योल्मो भाषा** | **नेपाली भाषा** |
|---|---|
| १. डेविचम्पा -स्यिप्चम) | सातु |
| २. पोल्दा | सातुबाट तयार गरिने खानेकुरा |
| ३. ललो | सातुबाट तयार गरिने खानेकुरा |
| ४. ज्याम्दुर | सातुबाट तयार गरिने परिकार विशेष |
| ५. बाबर | चामलको रोटी |
| ६. खुरा | रोटी |
| ७. थुक्पा | खोले (जाउलो) |
| ८. भक्प | थेन्थुक |
| ९. जाँजा | खिचडी |
| १०. स्योक्पा (थोडसे) | तरकारी |
| ११. स्हेन | ढिंडो |
| १२. स्होन्दोर | अचार |
| १३. छल्दन | सितन |
| १४. स्योकापा | सिस्नुको तरकारी |
| १५. रिल्दो | आलुबाट बनाइने एक प्रकारका खानेकुरा |
| १६. सिडकी क्युर्पु | गुन्द्रुक (सिङ्की) |
| १७. तो/सोल | खाना/भात |
| १८. हे-लबुष | आलु र मुलाको तरकारी |
| १९. मोमा | म:म |
| २०. डेसिल | पुलाउ |

## दूधबाट निर्मित परिकार

| ह्योल्मो भाषा | नेपाली भाषा(नेपाली अर्थ) |
|---|---|
| १. होम | दूध |
| २. प्रि | विगुती |
| ३. स्यो | दही |
| ४. मर | घिउ |
| ५. धरा | मही |
| ६. सेर | पनिर |
| ७. छुर्पी | दुर्खो |
| ८. छ्युरा | चिज |
| ९. ठुम | तर |

## मदिरा

| ह्योल्मो भाषा | नेपाली भाषा(नेपालीमा अर्थ) |
|---|---|
| १. जिरमा | छनुवा छयाङ |
| २. ऐराक | (स्येराक) रक्सी |
| ३. बलु/बला | हुरे(छ्याङ) |
| ४. निङ्गु | निगार |
| ५. तोङ्बा | तोङ्बा |

ह्योल्मो समुदायले परम्परागत खानपानमा माथि उल्लिखित परिकारहरू नै बढी प्रयोग गर्ने गरेको देखिन्छ । आलु, कोदो, गहुँ, जौ, मकै लगातका अन्नबाट विभिन्न प्रकारका खाद्यवस्तु तथा पेयपदार्थ तयाँर गरिन्छ। कोदो, मकै र गहुँलाई पारम्परिक प्रविधिबाट विशेष प्रकारको पेय पदार्थ निर्माण गरिन्छ । दैनिक जीवनमा पेय पदार्थको प्रयोग गरिन्छ । विशेषगरी सांस्कृतिक, धार्मिक र सामाजिक अवसरहरूमा पेय पदार्थ अनिवार्य मानिन्छ जुन संस्कृतिको एउटा महत्त्वपूर्ण आधार हो । त्यस्तैगरी दूधबाट दही, मही, घिउ, पनिर, छुर्पी, लगायतका विभिन्न परिकारहरू बनाइन्छ (पूर्णबहादुर गौतमसँग मिति २०७७/११/२४ लिइएको अन्तर्वार्तामा आधारित) । अतः परम्परागत खानपान र सांस्कृतिक सम्पदाको अभिन्न सम्बन्ध रहेको हुन्छ। ह्योल्मो समुदायले प्रयोग गर्ने परम्परागत खानपान उनीहरूको सांस्कृतिक आधार पनि हो । यी विभिन्न मौलिक परम्परागत खानपानहरूलाई मूर्त सांस्कृतिक सम्पदाहरूको महत्त्वपूर्ण पक्षका रुपमा लिइन्छ।

जातीय सांस्कृतिको इतिहासको अध्ययनमा मूर्त सम्पदा र संस्कृतिको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । जीवनयापनको क्रममा मानिसले प्रयोग गरेका औजार-उपकरण अर्थात् मूर्त सम्पदाले जातीय संस्कृतिको इतिहासलाई निर्वाह गरेको हुन्छ। विशेषतः पशुपालन र कृषिकर्म, खानपानमा प्रयोग गरिने भाँडाकुडा र अन्य औजार तथा भौतिक उपकरणहरूको निर्माणमा भौगोलिक, तथा वातावरणीय

परिस्थितिले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । अमूर्त विचार, मानसिक परिस्थिति र जीवनदृष्टिकोणलाई अभिव्यक्त गर्न निर्माण र प्रयोग भएका मूर्त सम्पदाहरू अभिव्यक्तिका साधन हुन् । पर्यावरणीय परिस्थितिले निर्धारण गरेका यी औजार, उपकरण र वास्तु संरचनाले जातीय संस्कृतिको पहिचानमा योगदान दिएको हुन्छ । अतः यस्ता महत्त्वपूर्ण सम्पदाहरू ऐतिहासिक, सांस्कृतिक र पुरातात्त्विक प्रमाणका महत्त्वपूर्ण आधार हुन् । वस्तुतः परम्परागत पहिरन, वस्त्र आभूषण, गरगहना र खानपानका परिकारहरूले तत्तत् जातिका जातीय पहिचानलाई बोध गरेका हुन्छन् ।

ह्योल्मो समुदायको जातीय एवम् सांस्कृतिक इतिहासको अध्ययनमा मूर्त सम्पदाहरूले विशेष महत्त्व राखेको देखिन्छ । वातावरणीय एवम् पर्यावरणीय परिस्थितिले निर्धारण गरेको जीवनपद्धतिका कारण तत्तत् अनुरुपका भौतिक एवम् सांस्कृतिक सम्पदाहरूको निर्माण भएको हुन्छ । जन्मदेखि मृत्युसम्मका धार्मिक, सांस्कृतिक एवम् सामाजिक उत्सवहरूमा परम्परागत सांस्कृतिक औजार-उपकरणहरू प्रयोग गरिन्छ । कृषिप्रणाली-पशुपालन मा परम्परागत कृषि औजार र उपकरणहरूको प्रयोग गरिएको देखिन्छ । गुम्बा, छ्योर्तेन (स्तुप,चैत्य), मानेलहर, परम्परागत घरभवन लगायतका वास्तु संरचनाले ह्योल्मो समुदायको ऐतिहासिकता, सांस्कृतिक जीवन्तता र आधिकारिकताको वोध गरेका छन् । अतः धार्मिक, सामाजिक, एवम् सांस्कृतिक अनुष्ठानहरूमा प्रयोग गरिने परम्परागत वाद्यवादन, नाट्य-अभिनयमा प्रयोग गरिने वस्त्र-आभूषण, वास्तुकलात्मक ढाँचा, कृषि, पशुपालन र अन्य दैनिक जनजीवनमा प्रयोग गरिने परम्परागत उपकरणहरूले ह्योल्मो समुदायको सांस्कृतिक पहिचान, संरक्षणको अवस्था र त्यसको आधिकारिकतालाई अभिव्यक्त गरेका छन् ।

# अध्याय : पाँच

# ह्योल्मो समुदायको अमूर्त सांस्कृतिक सम्पदा

## ५.१ अमूर्त संस्कृतिको परिचय

अमूर्त संस्कृति मूलतः अनुभूतिपरक हुन्छ । आफ्ना मनका भावनाहरू अभिव्यक्त गर्ने माध्यमका रुपमा प्रयोग गरिएका कलाशैलीका विभिन्न स्वरूपहरू अमूर्त सांस्कृतिक सम्पदाका आधार हुन् । यद्यपि अमूर्त भावलाई व्यक्त गर्ने क्रममा मूर्तकला पनि आबद्ध भएको हुन्छ । वस्तुतः अमूर्त संस्कृति साध्य हो भने मूर्त संस्कृति साधन हो भन्ने तर्कलाई उल्लिखित तथ्यले प्रस्ट पारेको छ । अमूर्त संस्कृतिमा आदिम मानवका सांस्कृतिक चेतनालाई कलाको माध्यमबाट प्रस्तुत गरिएको पाइन्छ । कुनै पनि समुदायका युद्ध र सङघर्षका कथा, पुर्खाहरूले वसाइँ-सराइँका क्रममा भोगेका संघर्षका अनुभव, नैतिक आदर्श, मूल्य मान्यता, विश्वास, ज्ञान, सीपहरूका साथसाथै साधनाहरू, बस्तुहरू, कला वस्तुहरू, अध्यात्म र जातिगत् इतिहासलाई अमूर्त संस्कृतिले बहन गरेको हुन्छ । श्रुति र मिथकीय परम्परामा आधारित लोक आख्यानहरूमा जातीय इतिहासका घटनाहरूलाई आंशिक सत्यका रुपमा अभिव्यक्त गरिएको हुन्छ । अर्को शब्दमा अन्ने हो भने अमूर्त संस्कृतिका रुपमा रहेका यस्ता लोक संस्कृतिमा इतिहास र सभ्यतालाई जीवन्त रूपमा संरक्षण गरिएको हुन्छ, अर्थात् अमूर्त संस्कृतिमा लिखित दस्ताबेज नभए तापनि लौकिक अभ्यास र संस्कारमा ती बाँचि रहेका हुन्छन् (संरक्षणसम्बन्धी महासन्धि, २००३, पृ.७) ।

अमूर्त संस्कृतिको अध्ययनमा सामाजिक आस्था, विश्वास, मूल्य-मान्यता, लोकसाहित्य, लोकआख्यान्न, लोकअभिनय र लोकनाट्यकारिताको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । जीवन र जगत्लाई हेर्ने विश्व-दृष्टिकोणमा अमूर्त संस्कृतिको महत्त्वपूर्ण स्थान रहेको हुन्छ । कुनैपनि जात-जाति, जनजाति-आदिवासी समुदायको आगमन, र बसाइँ-सराइँ जस्ता घटनाहरूको संरक्षणमा यिनै लोककथा, पुराकथा, अनुश्रुति, किंवदन्ती र मिथकहरूको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । जनविश्वास र अनुश्रुतिका यिनै आधारहरूमा रहेर आफ्ना पुर्खाहरूको अलिखित इतिहास सम्भना गर्ने परम्परा संसारका हरेक जातजाति र जनजातिमा रहेको पाइन्छ । लोकनाट्यकारिता र आख्यानहरूबाट अभिव्यक्त हुने यिनै धार्मिक तथा सांस्कृतिक गतिविधिहरू विशेषतः अमूर्त संस्कृतिका आधार हुन् । यस्ता गतिविधिहरूका माध्यमबाट आफ्ना नै सन्ततिहरूलाई अमूर्त संस्कृतिका रूपमा रहेका सांस्कृतिक सम्पदाहरू हस्तान्तरण पनि गरिन्छ ।

आदिवासी तथा जातजातिहरूका आ-आफ्ना वास, वासस्थान, बस्ती, जङगल, नदीनाला, हिमाल, पहाड, पर्वत र पाखापखेरासँग सम्बन्धित अमूर्त संस्कृति जोडिएको हुन्छ । यस प्रकारका अमूर्त संस्कृतिले सभ्यताको इतिहास अभिव्यक्त गर्ने भएकाले यी आदिम संस्कृतिका अलिखित दस्ताबेज पनि हुन् (न्यौपाने, २०७५: पृ. २२-२३) । नेपालका जातजाति तथा आदिवासीहरूको अमूर्त संस्कृतिमा उनीहरूको अलिखित इतिहासको चित्रण पाइन्छ । जीवन र जगत्लाई हेर्ने विश्वदृष्टिकोण समेत अभिव्यक्त भएका यी लोकआख्यानहरूमा अमूर्त संस्कृति सम्पदासँग जोडिएको देखिन्छ ।

अमूर्त संस्कृतिका विषयमा विभिन्न विद्वान्हरूले आ-आफ्ना किसिमले परिभाषा दिएका छन् । इतिहासकार बाबुराम आर्चायले सुनेर वा देखेर अनुभव गर्न सकिने सौन्दर्यानुभवलाई अमूर्तकलाका रूपमा परिभाषित गर्दै साहित्यकला, संगीतकला र नृत्यकलालाई अमूर्त कलाका रुपमा परिभाषित गरेका छन् (आचार्य, वि.सं. २०५४: पृ. ८९) । यसैगरी अमूर्त संस्कृतिले मानिसका आस्था, सोंच, व्यवहार, रीतिरिवाज, परम्परा, नियम, कानुन र सङगठनले मानिसको जीवनपद्धतिलाई गतिशील वनाउने गरेको देखिन्छ ( खत्री, वि.सं.२०७४ ,पृ.१-५) । अर्का एक विद्धान्ले मानिसका आस्था अनुरूपका व्यवहार, चिन्तन, ज्ञानविज्ञान, कला-शिल्प आदिको समष्टि रूप नै अमूर्त संस्कृति हो भनी परिभाषा दिएका छन् (काइँला, वि.स. २०७४, पृ.१२-१८) । यसैगरी अमूर्त संस्कृतिलाई मौलिक बाजा, गीत, नाच, सङ्गीत-परम्परा तथा अलौलिक सांस्कृतिक सम्पदाका रुपमा चर्चा गरिएको देखिन्छ  (जोशी, वि.स.२०७४, पृ.७) । संस्कृतिविद् तुलसी दिवसले धर्म, संस्कार, परम्परा, रहनसहन, चालनचलन, रीतिरिवाज, चाडपर्व, लोकविश्वास, लोककथन, लोकविधि आदिलाई अभौतिक सम्पदा अर्थात् अमूर्त संस्कृति भनी चर्चा गरेका छन् (दिवस, वि.स २०७४, पृ २०-२१) । केही विद्वान्ले फोकलोरका परम्परा, मिथक, कथा, श्रृति, प्रस्तुति कला र गीत संङ्गीत आदिलाई अमूर्त सांस्कृतिक सम्पदाका रूपमा उल्लेख गरेका छन् (सुवेदी, वि.सं. २०७४, पृ. ३०-३१) । निरन्तर रूपमा विकास भइरहने व्यवहार, अभिव्यक्ति, ज्ञान, सीप, कला तथा सम्बन्धित साधन र स्थानको समष्टिका रुप नै अमूर्त संस्कृति हो भन्ने टण्डन (२०७४) को तर्क रहेको छ । एउटा पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै र समकालीन वातावरण एवम् समाजिक चेतनाका कारणले पनि अमूर्त संस्कृति परिवर्तन हुँदै गइएको उल्लेख गरेको पाइन्छ (टण्डन, वि.सं. २०७४, पृ. ३५-३६) ।

युनेस्को अभिसन्धि -२००३ ले पनि अमूर्त संस्कृतिको महत्त्वलाई जोड दिएको छ । यस अभिसन्धिको परिभाषाअनुसार “अमूर्त सांस्कृतिक सम्पदा” भन्नाले सांस्कृतिक सम्पदाको संवाहकका रुपमा भाषा-साहित्यका मौलिक परम्पराहरू तथा अभिव्यक्तिहरू, अभिरङ कलाहरू, सामाजिक, व्यवहार, अनुष्ठान तथा चाडपर्वका उत्सव, प्रकृति र ब्रह्माण्डसँग सम्बन्धित ज्ञान तथा व्यवहार र परम्परागत कला-कौशलताहरू आदि जसलाई ती समुदाय, समूह तथा कतिपयः अवस्थामा व्यक्तिहरू समेतले सांस्कृतिक सम्पदाको अंगका रूपमा प्रयोग गरिरहेको महाससिन्धले उल्लेख गरेको देखिन्छ (संरक्षण सम्बन्धी महासन्धि, २००३, पृ.९) ।

नेपालमा पनि जातीय विविधताअनुसार नै अमूर्त संस्कृतिको संरचनामा पनि विविधता रहेको छ, जस्तै, उत्तरी हिमाली क्षेत्रमा बसोबास गर्ने बौद्ध तथा हिन्दू समुदायले अँगालेको अमूर्त संस्कृतिहरूमा मनिरुम्दु, दुम्जे, न्युने, लोसार नाच, दसैं, तिहार, माघेसंकान्ति, चैतेदसैं, मुन्दुम, साकेला, जन्म संस्कार, विवाह संस्कार, मृत्यु संस्कार लगायत अन्य विभिन्न किसिमका जनविश्वासहरू पनि रहेका छन् । त्यसरी नै पहाडी क्षेत्रमा रहेका समुदायका अमूर्त संस्कृतिमा जन्म संस्कार, विवाह संस्कार, मृत्यु संस्कार, घाटुनाच, कौरा, सोरठी, स्याप्रु, लामा, डम्फु, मारुनी, खैजडी छन् भने उपत्यकाभित्र मनाइने अन्य

विभिन्न किसिमका नाचहरूमा विशेष गरी इन्द्रजात्रा, गाईजात्रा, मच्छीन्द्रनाथ जात्रा, कृष्ण अष्टमी, लाखेनाच, कुमारी जात्रा, गठेमुगं आदि रहेका छन् । यसैगरी तराई क्षेत्रमा बसोबास गर्ने समुदायका मानिसहरूको अमूर्त संस्कृतिमा जन्म संस्कार, विवाह संस्कार, मृत्यु संस्कार, होली, माघे संक्रान्ति, दसै, तिहार, छठ आदि रहेका छन् ।

## ५.२ ह्योल्मो समुदायको अर्मूत सांस्कृतिक सम्पदा

कुनै पनि समुदाय संस्कृतिविहीन हुँदैन । ह्योल्मो समुदायले पनि विशिष्ट अमूर्त संस्कृति-सम्पदा अर्थात् सामाजिक एवम् सांस्कृतिक अनुष्ठान मार्फत् आफ्नो जीवन पद्धतिलाई सहज बनाएको छ । परम्परा, मूल्य-मान्यताहरू, कला, नृत्य, सङगीत, गीत, विश्वास, नाट्य-अभिनय, प्रदर्शनीस्थल, भेषभूषा, गुठी संगठन आदि अमूर्त (मूर्त पनि) संस्कृतिका माध्यमबाट ह्योल्मो जातिले पनि आफ्नो सामाजिक एवम् सांस्कृतिक विश्व-दृष्टिकोणलाई प्रदर्शन गरेको छ, अर्थात् ह्योल्मो समुदायका विभिन्न अवयवहरूलाई सञ्चालन गर्नका लागि ह्योल्मो समुदायका अमूर्त संस्कृति सम्पदाले विशिष्ट भूमिका निर्वाह गरेको छ । ह्योल्मो समुदाय आफैमा बौद्ध धर्मावलम्बी भएकाले यिनीहरूको अमूर्त सांस्कृतिक एवम् धार्मिक अभ्यासहरू बौद्धधर्मसँग सम्बन्धित देखिन्छन् । ह्योल्मो समुदायको अमूर्त संस्कृतिमा लामाबौद्ध धर्मसँग सम्बन्धित जनविश्वासहरू अभिव्यक्त भएको पाइन्छ । विशेषतः जन्मदेखि मृत्युसम्मका संस्कारहरूमा लामाबौद्धधर्मले निदेर्शित गरेको देखिन्छ । अतः ह्योल्मो समुदायको अमूर्त सांस्कृतिक परम्परामा लामाबौद्धधर्मको महत्त्वपूर्ण भूमिका रहेको छ ।

### (क) जन्मसंस्कार

कुनै पनि जातजतिको संस्कारले तिनको संस्कृतिको परिचय दिन्छन् । सांस्कृतिक अनुष्ठानबाट पुरोहितको भूमिका, धार्मिक अवस्था र विश्वासको प्रभाव आदिबारे थाहा पाउन सकिन्छ । बालकको जन्मलाई सबै जाति-संस्कृतिमा एक महत्त्वपूर्ण अवसर तथा उत्सवका रूपमा लिइने परम्परा रहेको छ । नेपालमा बसोबास गर्ने विभिन्न जातजातिहरूका पनि जन्मसंस्कार गर्ने विभिन्न विधिविधान जातीय मूल्य, मान्यता, रीतिरिवाज, परम्परा र विश्वासहरूमा आधारित रहेको छ । हिन्दू समुदायमा पुत्रको जन्मलाई एउटा पवित्र धार्मिक कार्यका रूपमा लिने गरिन्छ (बराल, वि.सं.२०४४, पृ.४१) । हिन्दूहरूको विवाहको प्रमुख लक्ष्य नै सन्तान प्राप्त गरी पितृऋण तिर्नुपर्ने मान्यता भएकाले गर्भाधानलाई महत्त्वपूर्ण संस्कारका रुपमा लिने गरिन्छ (क्षेत्री र खतिवडा, वि.स. २०५४, पृ. २३६) । यसरी हिन्दूहरूले सन्तान उत्पादनका वारेमा आफ्नै धारणा राखेको पाइन्छ । वौद्ध महायन धर्मावलम्बीहरूले भने आफ्नो जन्म संस्कारलाई महायानी धर्म परम्परा अनुसार मानव जन्म हुनुपूर्व विभिन्न प्राणीको ८४ हजार जुनी पृथ्वीमा जन्म भइसकेपछि मात्र अमूल्य मानव रत्नका रुपमा जन्म लिन्छ भन्ने बौद्ध धार्मिक ग्रन्थहरूमा चर्चा पाइन्छ (लामा, वि.सं. २०६७, पृ. १७१) । त्यसैले मानव जीवनलाई देवलोकका देवताको जीवन भन्दा महत्त्वपूर्ण मानिन्छ । शाक्यमुनि शान्तिका अग्रदूत भगवान् गौतम बुद्ध पनि मानव जीवनका रूपमा जन्म लिएपछि मात्रै बुद्धत्त्व प्राप्त गरेको भन्ने विश्वास छ ।

ह्योल्मो समुदाय पनि बौद्ध महायान धर्मावलम्बी भएको हुँदा जन्मदेखि मृत्युसम्म कर्मकाण्ड गर्नका लागि आफ्नै लामा पुरोहित अनिवार्य आवश्यक हुने भएकाले यस समुदायमा लामा पुरोहितहरूको उच्च स्थान रहेको छ । ह्योल्मो समुदायले लामा पुरोहितहरूबाट जन्मदेखि मृत्युसम्मका सम्पूर्ण कर्मकाण्ड वा संस्कारहरू सम्पादन गर्ने चलन छ । ह्योल्मो समुदायमा महिला गर्भवती भएपछि सुरक्षाका लागि अपनाउनु पर्ने सावधानीमा ह्योल्मो समुदाय अत्यन्त सचेत रहेको छ । महिलाहरू गर्भवती रहेको थाहा भइसकेपछि आमा र बाबु दुवैजनाले कुनै किसिमको काटमार गर्नु हुन्न भन्ने धार्मिक विश्वास रहेको छ । ह्योल्मो समुदायका मानिसहरू शिशुको जन्मलाई स्वाभाविक प्रक्रियाका रुपमा लिने गर्दछन् (लामा, वि.सि. २०६७, पृ.१७१) ।

## (ख) न्वारन (डिप्साङ)

नेपाली समाजमा बसोबास गर्ने जुनसुकै जातजातिहरूमा आदिमकालदेखि न्वारन संस्कार गर्ने आ-आफ्नै चलन छ । त्यसरी नै ह्योल्मो समुदायमा आफ्ना परम्परागत मूल्य-मान्यताको आधारमा न्वारन गरिन्छ । सबै जातिका बच्चाको न्वारनमा पुरोहितको भूमिका महत्त्वपूर्ण रहेको हुन्छ ।

ह्योल्मो समुदायमा पनि न्वारनलाई विशेष महत्त्व दिइन्छ । न्वारनलाई ह्योल्मो भाषामा डिप्साङ भनिन्छ । प्रायः ह्योल्मो समुदायमा शिशु जन्मेपछि ३ दिन देखि ९ दिन भित्र लामाद्वारा न्वारन गरी उक्त शिशुको लामाबौद्धधर्म एवम् तिब्बती ज्योतिषी पद्धति- अनुसार नाम राखी दीर्घायुको आशीर्वाद दिइन्छ (लामा, वि.स.२०६७, पृ.१७१) । ह्योल्मो समुदायमा नवजात शिशुको न्वारन जन्म भएको बिजोर दिन ३, ५, ७ र ९ दिनमध्ये कुनै दिनमा सम्पन्न गरिन्छ । न्वारन संस्कार गर्नुको मुख्य उद्देश्य आमा, शिशु र भूमिलाई शुद्धीकरण गर्नु हो (तामाङ, वि.सं. २०५५, पृ.२४) । कोहीकोहीले ३ दिनमा नै घरमा लामा बोलाएर साङ (धुप) बाली लामाद्धारा धार्मिक ग्रन्थ पढाएर सुतक चोख्याउने गर्दछन् । न्वारन गर्ने दिन सुत्केरी र शिशुलाई नुवाई धुवाई गराई सकेपछि लामाले विधिवत् रुपमा चोख्याउने कार्य गर्दछन् । लामाले सुतकसम्बन्धी धार्मिक ग्रन्थ पढी कलशमा राखिएको पञ्चामृतद्वारा सुत्केरी, शिशु र घरपरिवारलाई समेत अभिषेक गरी शुद्ध गर्ने कार्य गर्दछन् । लामाले बालकको नाम जन्मेको साइत र बारका आधारमा राख्ने गर्दछन् । यस समयमा छरछिमेकी र आफन्तहरूले सुत्केरीका लागि सातु, घिउ र अन्डा लगायत पोषणयुक्त खानेकुरा ल्याइदिने चलन छ । सुतकको दिन छरछिमेकीहरूलाई पनि भोज खुवाउने परम्परा छ । ह्योल्मो समुदायमा सुतक (न्वारान) संस्कारलाई अति नै महत्त्वपूर्ण संस्कारका रुपमा लिइन्छ । त्यसैले गर्दा कतिपय वालकहरूको बोलाउने नाम लामाले बारका आधारमा राखिएको कारणले केही अप्ठ्यारो रहन गएकाले सहजताका लागि अर्को नाम पनि राख्ने परम्परा रहेको छ । ह्योल्मो समुदायमा वालकको जन्म दिनको बारको आधारमा लामाद्वारा नाम जुराई राखिने परम्परा प्रचलन रहेको पाइन्छ : जस्तै -

| बारको नाम | मानिसको नाम |
|---|---|
| आइतबार | निङमा |
| सोमबार | दावा |
| मङ्गलबार | मिङमार |
| बुधबार | लाक्पा |
| बिहीबार | फुर्वा |
| शुक्रबार | पासाङ |
| शनिबार | पेम्बा |

(लामा गुरु पासाङ तेम्वासँग मिति २०७७/३/७ लिइएको अन्तर्वार्तामा आधारित) ।

न्वारनको सामान्य अर्थ प्रसुती भएको घर-परिवारलाई शुद्धीकरण गर्दै बालकको नाम राख्ने भन्ने बुझिन्छ । विशेषतः ह्योल्मो समुदायमा पनि बच्चा जन्मेपछि न्वारन गर्ने आफ्नो मौलिक सांस्कृतिक अभ्यास छ । डिप्साङ अर्थात् न्वारनमा लामा बौद्ध गुरुको प्रमुख भूमिका रहेको हुन्छ । शिशुलाई पहिचान दिलाउने अर्थात् नाम राख्ने दिन भएकाले ह्योल्मो समुदायमा पनि न्वारन अर्थात् डिप्साङको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । वस्तुतः ह्योल्मो समुदायको अमूर्त सांस्कृतिक सम्पदाका अध्ययनमा यो न्वारन संस्कारको पनि महत्त्वपूर्ण स्थान रहेको छ ।

### (ग) छेवर (टप्चे)

नेपाली समाजका विभिन्न जातजातिहरूमा छेवर संस्कार गर्ने आ-आफ्नै र परम्परागत विधिहरू छन् । ह्योल्मो समुदायमा पनि विजोर वर्षमा बालकको छेवर गरिन्छ । बालक ५/७/९/११ वर्ष भइसकेपछि लामाद्वारा बौद्धलामाधर्म परम्पराअनुसार टप्चे संस्कार (कपाल काट्ने)/छेवर) गरिन्छ (लामा, वि.सं. २०६७, पृ. १७१) । ह्योल्मो समुदायको छेवरमा बालकका मामाको विशेष भूमिका रहेको हुन्छ । मामाद्वारा बालकको केस मुण्डन गरिन्छ । यसपछि मामाले बालकलाई विभिन्न उपहारहरू दिने चलन छ । ह्योल्मो समुदायमा बालकलाई शिक्षादीक्षाका लागि घरको मूलीबाट शुभ आशीर्वाद दिएर अध्ययनका लागि गोन्पा वा स्कुलमा पठाउने चलन रहेको छ । बालकलाई गोन्पामा पठाएपछि गुरुकुलको परम्पराअनुसार बौद्ध महायान/बज्रयानको शिक्षा दिने चलन छ । बालक ११/१२ वर्ष भएपछि एकलाख ढोग (छ्यागबुम) शरणागमन अनिवार्य रूपमा गरी पञ्चशिल (चोरी नर्गनू, हिंसा नगर्नु, झुटो नवोल्नू, यौन व्यभिचार नगर्नू, मध्यपान नगर्नू) ग्रहण गर्नुपर्ने व्यवस्था रहेको छ (लामा, वि.सं. २०६७, पृ. १७२) । गुरुकुलको शिक्षा प्राप्त गरिसकेपछि उच्च शिक्षा अध्ययनका लागि बौद्ध विश्वविद्यालयमा पठाउने परम्परा रही आएको छ भने कुनैले गुरुकुल परम्पराअनुसार बालकलाई गुफा राख्ने परम्परा रहेको छ (पासाङ तेम्वा लामासँग मिति २०७७/३/७ मा लिइएको अन्तर्वार्तामा आधारित) ।

## ५.२.१ विवाह संस्कार

ह्योल्मो समुदायमा छेवरपछिको दोस्रो महत्त्वपूर्ण संस्कार विवाह संस्कार हो । मानिसलाई पहिचान दिने, अनुशासित र शिक्षित बनाउने, सामाजिक संरचनाको योग्य सदस्य बनाउने माध्यम विवाह संस्कार हो । मानिसलाई पारिवारिक एवम् सांसारिक सुख प्रदान गर्न, व्यक्तिको शारीरिक र बौद्धिक जीवनलाई परिष्कृत गर्न विवाह संस्कारको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ (बराल, वि.सं. २०४४, पृ. ४६) । संस्कारले मानिसलाई नैतिक, परिष्कृत एवम् समाजको असल सदस्य बनाउने भएकाले विवाह संस्कारले पनि त्यस आदर्शलाई पूरा गर्नमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

विवाह शब्दको सामान्य अर्थ बधुलाई वरको घरमा लैजानु हो जसले स्त्री र पुरुषलाई सन्तान उत्पादनका लागि यौन- क्रियाकलाप गर्न सामाजिक तथा कानुनी मान्यता प्रदान गर्दछ । यसरी विवाहले दुई विपरीत लिंग भएका व्यक्तिहरू बिच पारिवारिक जीवनमा प्रवेश गर्ने सामाजिक, धार्मिक तथा कानुनी स्वीकृति दिने कार्यलाई जनाउँदछ (बराल, वि.सं. २०४४, पृ.४७) । मानवशास्त्री Emile Durkheim ले मानव समाजमा धर्मलाई  प्रकार्यवादी संरचनाको सिद्धान्तसँग जोडेर चर्चा गरेका छन् । सामाजिक प्रक्रियाहरूलाई गतिशील बनाउन एवम् धार्मिक र सांस्कृतिक सम्बन्धहरूलाई सन्तुलन राख्न विवाह संस्कारले प्रकार्यात्मक भूमिका खेलेको हुन्छ भन्ने उनको तर्क रहेको छ (Durkheim, 1965, p.7 ) । विवाह संस्कारले दुई फरक-फरक व्यक्ति एवम् परिवार बिचका सामाजिक एवम् सांस्कृतिक एकतालाई मजबुत बनाएको हुन्छ । यस अर्थमा विवाहका माध्यमले परिवार, समाज हुँदै राष्ट्रको निर्माण गर्नमा प्रभावकारी भूमिका खेलेको हुन्छ भन्ने तर्क गर्न सकिन्छ । प्रायः सबैजसो हिन्दू धर्मशास्त्रहरूमा विवाह संस्कारलाई महत्त्वपूर्ण स्थान दिइएको छ । विशेष गरी गन्धर्व र स्वयंवर विवाहलाई पनि हिन्दूधर्मले मान्यता प्रदान गरेको छ (क्षेत्री र खतिवडा, वि.सं. २०५४, पृ. २५१) । शारीरिक सम्बन्धका साथसाथै पुरुष र महिलाले एक-अर्कामाथि वैधानिक अधिकार प्राप्ति गर्नु नै विवाह हो (मगर, वि.सं. २०५७, पृ. ८) । नेपालका विविध जातीय संस्कृति अनुरुप विवाह संस्कारमा पनि विविधता रहेको देखिन्छ । आदिवासी एवम् जातजातिको विवाह संस्कारलाई उनीहरूका आ-आफ्ना मौलिक अभ्यास,अनुष्ठान, धार्मिक चालचलन, रीतिरिवाज आदिले निर्देशित गर्दछन् ।

अल्पसंख्यक जातिका रूपमा परिचित ह्योल्मो समुदायको विवाह संस्कारमा उनीहरूले आफ्नो पारम्परिक अभ्यास एवम् अनुष्ठानलाई निरन्तरता दिएको देखिन्छ । उनीहरूले विशेषतः मामा-चेली र फुपू-चेला बिचको वैवाहिक सम्बन्धलाई महत्त्व दिएको देखिन्छ (Pokharel, 2005, p.109) । अर्का लेखक परशुराम तामाङले पनि ह्योल्मो समुदायको विवाह संस्कारमा मामा-चेली र फुपू-चेला बिचको सम्बन्ध नै विवाह पद्धतिको सार हो भनेका छन् (तामाङ, वि.सं.२०७५, पृ.४३) । ह्योल्मो समुदायले विवाह संस्कारलाई जीवनको अति महत्त्वपूर्ण स्थानका रूपमा लिएको छ । विशेष गरी ह्योल्मो समुदायमा चार प्रकारको विवाह गर्ने विधि प्रचलित रहेको पाईन्छ (पाण्डेय, वि.सं. २०७५, पृ. १५९) जुन निम्नअनुसार छन् :

## (क) मागी विवाह

नेपाली समाजमा मागी विवाह नै बढी प्रचलनमा रहेको  छ । शास्त्रीय विवाह पद्धतिले पनि मागी विवाहलाई शास्त्रोचित मानेको छ । हिन्दूधर्मको बाहुल्य रहेको क्षेत्रका जनजातिहरूमा हिन्दूशैलीको विवाह-विधिको प्रभाव देखिए तापनि आफ्नो परम्परागत मौलिकतालाई पनि उत्तिकै महत्त्व दिइएको देखिन्छ । प्राचीनकालदेखि नै चल्दै आएको मागी विवाहमा जातीय संस्कार अनुरूपको फरकपना देखिन्छ तथापि आ-आफ्नो समुदायमा प्रचलित सामाजिक मूल्य-मान्यताको परिधिभित्र रहेर मागी विवाह सम्पन्न गरिन्छ । यस प्रकारको विवाहमा केटा-केटी दुबैपक्षको अभिभावक तथा सम्भव भएसम्म दुलाहा-दुलहीको समेत सहमतिबाट विवाह संस्कार सम्पन्न गरिन्छ ।

ह्योल्मो समुदायमा पनि मागी विवाह प्रचलित छ । यस समुदायमा पनि आफ्नो परम्परागत सामाजिक, मूल्य-मान्यता तथा रीतिरिवाजको परिधिभित्र रहेर मागी विवाहको प्रक्रिया अगाडि बढाइन्छ । विशेषतः अभिभावक तथा सम्भव भएसम्म हुनेवाला दुलाहा-दुलहीको समेत छलफलमा मागी विवाहको छिनोफानो गरिन्छ । यस किसिमको मागी विवाहमा सामाजिक परम्पराअनुसार केटापक्षबाट असल कन्याको खोज गरिन्छ । विशेषतः ह्योल्मो समुदायमा पनि आफ्नै गोत्रसँग वा कुटुम्ब मिल्ने परिवारमा विवाहका लागि कन्या खोज्ने चलन रहेको छ । विवाह गर्न योग्य कन्याको पहिचान भएपछि आफ्नो परम्परा, मूल्य र मान्यताअनुसार केटापक्षका मान्यजन तथा अभिभावकहरू सगुन (रक्सी) लिएर कन्याको घरमा कन्या माग्न जाने परम्परा रहेको छ (खतिवडा, वि.स. २०६५, पृ.४२) । ह्योल्मो समुदायमा यस प्रकारको मागी विवाह वर्तमान समयमा पनि प्रचलनमा रहेको छ ।

ह्योल्मो समुदायमा प्रचलित मागी विवाहका लागि केटातर्फबाट आफूसँग मिल्दोजुल्दो कुटुम्ब वा गोत्र मिल्ने कहाँ गएर केटी माग्ने प्रचलन अझैसम्म कायम रहेको छ (लामा, वि.सं. २०६५, पृ. २५५) । ह्योल्मो समुदायका सामाजिक मूल्य, मान्यता र परम्पराअनुसार मागी विवाह सम्पन्न गर्दा केटापक्षबाट कन्याको घरमा गएर कन्याको अभिभावकसँग सरसल्लाह गर्ने गरिन्छ । यो मागी विवाहको पहिलो चरणको काम हो । यसरी ह्योल्मो समुदायमा कन्या माग्न जाने परम्परालाई ह्योल्मो भाषामा सोधनी छ्याङ भनिन्छ । यसरी कुरा चलाउँदा कन्याको पक्षबाट स्वीकृति जनाएपछि वा शुभसंकेत पाएपछि पुनःकेटाकै तर्फबाट कन्याको घरमा तिन वा पाँच जनासम्मको आफन्त तथा मान्यजनहरू सगुन सहित जाने चलन छ । यसरी जाँदा तिन स्थानमा घिउको टीका (यर्का) लगाई खादाले बाँधिएको (धम्बेको घाँटी र यसको मुखमा पनि घिउको टीका) काठको ठेकीमा सगुनको रूपमा रक्सी राखी लैजानुपर्ने मान्यता रहेको पाइन्छ (पेम्बा लामासँग मिति २०७७ । ६ । १५ मा लिइएको अन्तर्वार्तामा आधारित) ।

यसरी केटाका तर्फबाट लगिएको सगुनसहितको काठको ठेकी, थालमा चामल तथा केही दक्षिणा समेत राखेर कन्यापक्षलाई दिइन्छ (जोशी, वि.सं. २०७३, पृ. २१) । केटापक्षबाट लिएर जाने यस सगुनलाई ह्योल्मो भाषामा स्यालगर सुम्तेन भनिन्छ । केटाका तर्फबाट लगिएको सगुनलाई केटीका बुवा, आमा लगायत अन्य मान्यजन तथा आफन्तहरूको अगाडि टेबुलमा राखिदिने परम्परा रहेको छ । त्यसरी

लगिएको सगुनलाई केटीका तर्फबाट लामाबौद्ध धार्मिक विधिअनुसार पूजापाठ गरी सुरुमा भगवान् तथा देवीदेवताहरूका नाममा  चढाइन्छ । त्यसपछि सगुनलाई तिनपटक हातमा राखेर आकाशतिर उठाइन्छ र त्यहाँ उपस्थित सबै मान्यजन तथा आफन्तहरूलाई सगुन हातमा दिई पञ्चामृतका रुपमा खुवाइने चलन रहेको छ । यसरी कन्यापक्षका आफन्त तथा मान्यजनहरूलाई सगुन खुवाइसकेपछि परम्परागत रूपमा कन्या माग्ने विधि सम्पन्न भएको मानिन्छ (बराल, वि.सं. २०७३, पृ. २८५) । ह्योल्मो समुदायमा केटी माग्ने विधि अन्य जाति-जनजातिहरूको तुलनामा छुट्टै किसिमको रहेको देखिन्छ ।

यसरी ह्योल्मो समुदायमा कन्यापक्षबाट सगुन स्वीकार गरिएपछि औपचारिक रुपमा विवाहका अन्य कार्य सुरू हुन्छ । त्यसपछिको कार्य भनेको विवाहका लागि साइत जुराउने कार्य हो । विशेषतः लामा पुरोहितले तिब्बती ज्योतिषी पद्धति अनुसार विवाहको उपयुक्त लगन जुराइन्छ जुन केटापक्षबाट गरिन्छ (साङ्गे डोन्डुप लामासँग मिति २०७७ । ६ । १६ मा लिइएको अन्तर्वार्तामा आधारित उपयुक्त साइत वा लगन जुरेपछि विवाहका निम्ति केटाका तर्फबाट आफ्नो नाता, कुटुम्ब, छरछिमेकी लगायत केटीपक्षलाई समेत निमन्त्रणा पठाइन्छ । विवाहको निश्चित दिनमा आमन्त्रित तथा जन्तीहरूलाई केटाको घरमा भोजको आयोजना गरिन्छ । विवाहको निश्चित दिन तोकिएपछि केटीपक्षबाट पनि विवाहमा सहभागी भई दुलाहा र दुलहीलाई आशीर्वाद दिनका लागि आफना मान्यजन तथा आफन्तहरूलाई आमन्त्रण गरिन्छ (लामा, वि.स.२०६७, पृ.वि.स.२७२) ।

ह्योल्मो समुदायमा मागी विवाहको महत्त्वपूर्ण पक्ष भनेको केटापक्षका तर्फबाट केटीको घरमा जन्ती जानु हो । साइत जुराउने कार्य सम्पन्न भएपछि विवाहका लागि लामा पुरोहितले साइत हेरी निश्चित गरेको दिन दुलहीको घरमा जन्ती जानका लागि गाउँले तथा नातेदार लगायत आफन्तहरू केटाको घरमा भेला हुन्छन् । जन्ती जानुभन्दा पहिले आमन्त्रित आफन्तहरू तथा जन्ती विशेषलाई खाजा खुवाइन्छ (छिरिङ लामासँग मिति २०७७ । ०६ । १६ मा लिइएको अन्तर्वार्तामा आधारित) खाजा खुवाउने समयमा नै लामाद्वारा दुलही लिन जानको लागि धार्मिक विधिआनुसार पूजापाठको कार्य सम्पन्न गरी केटालाई आशीर्वाद दिँदै घिउको टीको लगाइन्छ । यसपछि जन्ती प्रस्थानका समयमा शुभ साइतको निम्ति घरका तर्फबाट राखिएको सगुन अर्थात् पञ्चामृत लामा पुरोहितद्धारा मन्त्र पढेर देवीदेवताहरूलाई चढाइन्छ । यसपछि सुरूमा एकजना कन्याकेटीलाई सिपाखोर्लो अर्थात् चक्र बोकाई जन्तीहरूको अगाडि हिंड्न लगाइन्छ । त्यसपछि बन्दुक पड्काउँदै, सांस्कृतिक टोलीद्वारा गीत गाउँदै जन्तीहरू केटीको घरतर्फ प्रस्थान गर्दछन् । विवाहको एकदिन अगाडि नै गाउँको अगुवा अर्थात् मान्यजनहरू समेतको सहभागितामा तिनदेखि पाँचजनाको टोलीले मागअनुसार बुझाउनुपर्ने रोटी र रक्सी लिएर केटीपक्षका घरमा जान्छन् (जोशी, वि.सं. २०६३, पृ. २१) । यसरी ह्योल्मो समुदायमा दुलही लिन जन्ती जाने परम्परा रही आएको छ ।

जन्ती दुलहीको घरमा पुगेपछि माइतीपक्षबाट सगुन, धुप, टोटलाको फूल र चामल टेवलमा राखी जन्तीलाई भव्यताका साथ स्वागत गरिन्छ । लामा पुरोहितद्वारा धार्मिक विधिअनुसार मन्त्रपाठ गर्दै

सगुन देवीदेवतालाई चढाउने चलन छ (दावा लामासँग मिति २०७७। ६। १७ मा लिइएको अन्तर्वार्तामा आधारित)।

यसरी स्वागत गरिसकेपछि दुलाहासहित जन्तीलाई निर्धारित स्थानमा राखिन्छ । यसपछि खाजाको रूपमा जन्तीलाई चिया, खाजा, निगार र रक्सी जस्ता परिकारहरू खान दिइन्छ । खाजा खाइसकेपछि मनोरञ्जनका लागि दुवैपक्ष सहभागी भएर गीत गाउँदै संगीतको तालमा स्याप्रु नाचको सुरूवात गरिन्छ। स्याप्रु नाचको कार्यक्रम सकिएपछि आमन्त्रित जन्तीलाई भोज खुवाइन्छ।

यसपछि, केटापक्षको अगुवा अर्थात् विशिष्ट व्यक्तिले लगिएको रक्सी राखेको ठेकीको मुखमा घिउको टीका तिन ठाँउमा लगाई खादाले बेरिन्छ र साथमा थालमा चामल, धुप र चारदामको रकमसहितको सगुन दुलहीको बुवा र आमा समक्ष विधिवत् रुपमा टेबलमाथि राखिन्छ। यस क्रममा चारदामको रकम केटीका दाजुभाइलाई दिइन्छ। त्यसपछि सबैजना आ-आफ्ना स्थानबाट उठ्दछन्। यसै सिलसिलामा माइतीपक्षका दाइ वा भाइले घरको मूल ढोकाबाट दुलहीलाई बोकेर ल्याई केटा पक्षलाई हस्तान्तरण गर्ने विधि सम्पन्न गरिन्छ (लामा, वि.सं.२०६७, पृ. १७५) । त्यसपछि केटीपक्षबाट आफ्नी छोरी वा चेलीको दाम्पत्य जीवनको सफलता, स्थायित्व एवम् सुरक्षाको विषयमा केटापक्षसँग मौखिक छलफल गरिन्छ।

टेबुलमाथि राखिएको सगुन केटीका तर्फबाट भगवान्लाई चढाएपछि मात्र दुलही लैजाने कार्य प्रारम्भ गरिन्छ । यस कार्यलाई ह्योल्मो भाषामा टोल्छयाङ (फुकाउने छ्याङ) भन्ने गरिन्छ । सो कार्य सम्पन्न भएपछि दुलही पक्षबाट दुलाहालाई माइतीको घरभित्र आमन्त्रण गरी दुलाहा र दुलहीलाई सँगै राखिन्छ । पञ्चडाकिनीको प्रतीकका रुपमा तयार पारेको पंञ्चरङको कपडा "द-दर" लाई दुलहीको पछाडिपट्टिको पटुकामा राखिन्छ भने दुलहीको हातमा छेबुङ् (कलश) राखिएको हुन्छ। त्यसपछि दुलहीको पक्षबाट शुभआशीर्वाद सहित विदाइका लागि खादा प्रदान गर्ने चलन छ (लामा, वि.सं. २०६७, पृ. १७३)। त्यही समयमा बेहुलापक्षले घरको बाहिर र केटीपक्षले घरको भित्र बसेर ह्योल्मो भाषामा आफ्नो परम्पराअनुसार दोहोरी गीत गाउने प्रचलन रहेको छ। यो गीतको शब्द निम्न प्रकार रहेको छ :

*केटा पक्ष : स्युरो योङया ये -२,* *आस्याङ आनि सेमो स्युरो योङ्पा ये-२*

*अर्थ : अनुरोध गर्न चाहन्छु -२,* *मामा र फुपूकी सुपुत्रीको हात माग्न चाहन्छु -२*

*केटी पक्ष : ताङ्सो छयोग्पा मे-२,* *से ठी यु ठी मख्योङ थुला ताङ्सो छयोग्पा मे-२*

*अर्थ :पठाउन चाहन्न -२,* *सुन र युको गद्दी नल्याएसम्म पठाउन चाहन्न-२*

*केटा पक्ष :स्युरो योङ्पा ये-२,* *से ठी यु परफुल्ने स्युरो योङ्पा ये-२*

*अर्थ : अनुरोध गर्न चाहन्छु -२,* *सुन र यू गद्दी चढाएर अनुरोध गर्न चाहन्छु -२*

*केटी पक्ष : ताङ्सो छयोग्पा मे -२,* *सेरगी टेपा मख्योङ् थुला ताङसो छयोक्पा मे-२*

*अर्थ पठाउन चाहन्न-२,* *सुनको भऱ्याङ नल्याएसम्म पठाउन चाहन्न-२*

*केटा पक्ष : स्युरो योख्पा मे -२,* *सेरगी टेपा यरफुल्ने स्युरो योङपा ये -२*

*अर्थ : अनुरोध गर्न चाहन्छु-२,* *सुनको भऱ्याङ चढाएर अनुरोध गर्न चाहन्छु -२*

*केटी पक्ष : ताङ्सो छ्योग्पा मे -* *तादाङ लाङबु मख्योङ थुला ताङ्सो छ्योक्पा मे-२*

*अर्थ : पठाउन चाहन्न -२,* *घोडा र हात्ती  नल्याएसम्म पठाउन चाहन्न-२*

*केटा पक्ष : स्युरो योड्पा ये-२,* *तादाङ लाङबु यरफल्ने स्युरो योड्पा ये-२*

*अर्थ : अनुरोध गर्न चाहन्छु -२,* *घोडा हात्ती चढाएर अनुरोध गर्न चाहन्छु-२*

(लामा, वि.स.२०६७, पृ.१७४) ।

यसरी लामो समयसम्म दुबैपक्ष बिच दोहोरी गीत चलिरहन्छ । ह्योल्मो समुदायको महिलाले गीतको भाकामा नै बेहुला, बेहुली, माइती, जन्ती अन्य सम्पूर्णलाई मान्यजनहरूलाई आ-आफ्नो स्थानबाट उठिदिन पुनः गीतद्वारा नै हार्दिक आव्हान गरिन्छ जुन निम्नानुसार हुन्छ; जस्तै -

*स्यङसो स्यिपा ये -२,* *फापिन सेरगी दोङपो स्याङसो स्यिपा ये - २*

*अर्थ उठिदिनुहोस् -२,* *माइती राजा उठिदिनु हुन अनुरोध गर्दछु -२*

*स्याङसो  स्यिपा ये -२,* *नामा,मग्पा न्यिपो स्यङ्सो स्यिपा यो -२*

*अर्थ : उठिदिनुहोस्-२,* *बेहुली र बेहुला उठिदिनु हुन अनुरोध गर्दछु -२*

*स्याङसो स्यिपा ये -२,* *जन्तीभङ दाङ मिसेर स्येङ्सो स्यिपा ये-२*

*अर्थ : उठिदिनुहोस् -२,* *जन्ती एवं भद्रभलादमी उठिदिनु हुन अनुरोध गर्दछन् -२*

(लामा, वि. स . २०६७, पृ . १७४) ।

ह्योल्मो समुदायको महिलाले गीतको भाकावाट अनुरोध गरेपछि सबैजना आ-आफ्ना स्थानबाट उठ्दछन् । घरको मूलढोकामा माइतीका तर्फबाट दाजु वा भाइले दुलहीलाई बोकेर केटा पक्षलाई हस्तान्तरण गर्दछन् । केटीको दाजु वा भाइले दुलहीलाई बोक्नुभन्दा अगाडि केटा पक्षवाट केटीको दाजु वा भाइलाई सगुन र चारदाम बुझाउनुपर्ने चलन रहेको छ । त्यसपछि दुलहीलाई बोक्दै गर्दा नाचिरहेका महिलाहरूले पुनः गीत गाउँदै दुलाहाका घरतर्फ जन्तीहरू प्रस्थान गर्नका लागि अनुमति दिने गर्दछन् । निम्नअनुसारको भाकामा महिलाहरूले परम्परागत गीत गाउने प्रचलन रहेको पाइन्छ; जस्तै-

*फेप्सो स्यिपा ये -२,* *फमिन सेर्गी दोङगे फेप्सो स्यिपा ये -२*

*अर्थ : प्रस्थान गरौं -२,* *माइती राजा प्रस्थान गरौं -२*

*फेप्सो स्यिपा ये -२,* *आस्याङ आनि सेमो फेप्सो स्यिपा ये -२*

*अर्थ : प्रस्थान गरौं -२,* *मामा र फुपुको सुपुत्री प्रस्थान गरौं -२*

*फेप्सो स्यिपा ये -२,* *जन्ती भडदाङ मिसेर फेप्सो स्यिपा ये -२*

*अर्थ : प्रस्थान गरौं - २,* *जन्ती एवंम भद्रभलादमीहरू प्रस्थान गरौं - २*

(लामा, वि. स.२०६७, पृ. १७५) ।

जन्ती दुलाहाको घर फर्कने क्रममा बाटोमा दुलाहा र दुलहिसहित गीत गाउँदै, भ्याम्टा बजाउँदै, याकको पुच्छर हल्लाउँदै नाच्दै अगाडितिर बढ्छ । त्यसबेला दुलहीतिरका भाइ-बहिनीहरू बाटोका बिच-बिचमा छेकेर रुमाल वा पछ्यौरी राख्ने चलन रहेको छ । त्यसरी बाटो छेकेपछि दुलाहाका तर्फबाट केही रकम दिएर बाटो खुलाउनुपर्ने परम्परा रहेको छ । यसरी नै जन्तीहरू दुलही लिएर मनोरञ्जनका साथ दुलाहाको घरतिर प्रस्थान गर्दछन् । दुलही लिएर आएका जन्तीको स्वागतका लागि दुलाहा घरका तर्फबाट टेबुलमाथि सगुन राखिएको हुन्छ । त्यस समयमा दुलही र दुलहासहित जन्ती एकापट्टि राखेर बिच भागमा चार पाँच मिटरको सेतो कपडाको पर्दाले छेकिन्छ । यसपछि लामाद्वारा भूतप्रेत भगाउनका लागि पूजापाठ एवम् मन्त्र -जप गर्दै सेतो कपडालाई हटाइन्छ ।

स्वागतको लागि राखिएको सगुनलाई लामाले देवीदेवताहरू चढाइसकेपछि भ्याम्टा बजाउँदै एकजना लामाले नाच्ने चलन पनि रहेको छ । त्यसरी नाच्ने क्रममा हातमा तरबार र याकको पुच्छर लिएर विवाह-मण्डबमा भूतप्रेत धपाउने कार्य सुरू गरिन्छ । यसरी नै दुलही, दुलाहा र जन्तीहरूलाई सम्मानपूर्वक गीतमार्फत् आसन ग्रहण गर्न अनुरोध गर्दै दुलाहा र दुलहीलाई विवाह-मण्डपमा राखिन्छ । मण्डपको दायाँतिर दुलाहा र बायाँतिर दुलही राखिन्छ । विवाह मण्डप बनाउँदा दुलहाका लागि दोर्जे अर्थात् वज्र र दुलहीका लागि स्वस्तिक चिन्ह भुइँमा लेखिएको हुन्छ । यसमा दुलाहाले पहिला दायाँ खुट्टा र दुलहीले बायाँ खुट्टा टेकेर बस्ने परम्परा रहेको छ (लामा, वि.सं २०६७, पृ.१७३-१७६) । यसरी ह्योल्मो समुदायमा दुलहीलाई घरमा भित्र्याउने विशिष्ट चलन रहेको छ ।

ह्योल्मो समुदायमा हुने विवाह संस्कारका विभिन्न चरणहरूमध्ये लगन संस्कार पनि एक हो । यो संस्कार कार्य केटाको घरमा दुलही ल्याइसकेपछि गरिने चलन वा परम्परा हो । लगन संस्कार गर्दा दुलाहाको घरमा तयार पारिएको विवाह मण्डपमा दुलाहा र दुलहीलाईसँगै राखेर लामा पुरोहित र बुबाआमाले दाम्पत्य जीवनको सफलताको कामना गर्दै आशीर्वादसहित खादा र घिउको टीका लगाइदिन्छन् । त्यसपछि दुलाहाले दुलहीलाई भगवानलाई साक्षी राखेर "आजदेखि तिमी मेरी श्रीमती भयौ र मैले आजको मितिदेखि तिमीलाई स्वीकार गरें ।" भन्दै घिउ टीका लगाइदिने परम्परा रहेको छ (गोपाल लामासँग मिति २०७७ । ६ । १७ मा लिइएको अन्तर्वार्तामा आधारित) ।

यसपछि मान्यजनद्वारा दुलहा र दुलहीलाई एक आपसमा जुठो खुवाउने विधि सम्पन्न गरिन्छ । कचौरामा अमृतको रूपमा राखिएको रक्सी वा दूध, दही तिन-तिन पटक केटा र केटी बिच एक आपसमा खुवाउने प्रचलन रहेको छ । त्यसपछि पाँच दिशामा रहेका पञ्चबुद्धहरू पूर्वमा अक्षोभ्य, दक्षिणमा

रत्नसम्भव, पश्चिममा अमिताभ, उत्तर दिशामा अमोघसिद्धि र बिच भागमा रहेको वैरोचनलाई पुकार्दै बेहुला र बेहुलीले तिन-तिन पटक एक आपसमा टाउको ठोक्काउने परम्परा रहेको छ । त्यसपछि उपस्थित सम्पूर्ण पाहुनाहरूलाई खाजाको रुपमा चिया, छ्याङ र रक्सी लगायत रोटी तरकारी खुवाउने चलन रहेको छ । खाजाको कार्यक्रम सकेपछि नजिकका नातेदारहरूले दाम्पत्य जीवनको सफलताको शुभकामनासहित दुलाहा र दुलहीलाई केही रुपैँया दक्षिणास्वरूप हातमा राखी दिई खादा लगाई आशीर्वाद दिने चलन छ । आशीर्वादको कार्य सम्पन्न भएपछि भोजको कार्यक्रम सुरू हुन्छ । भोजको समयमा दुलाहा र दुलहीलाई भने खानाका रूपमा दुई-दुई भाग राखिदिने प्रचलन रहेको छ । निमन्त्रणा गरिएका मान्यजन तथा छरछिमेकहरूलाई भोज खान छुट्यो कि ? नपुग के कस्तो भयो होला ? भनेर दुलाहाका घरतर्फबाट सोधनी गर्दै खानका लागि अनुरोध गरिन्छ (खतिवडा, वि.सं. २०६५, पृ. ४५) । यसरी ह्योल्मो समुदायमा दुलही घरमा ल्याएपछि विवाहमा सहभागी भएका जन्ती तथा निम्तालुहरूलाई दुलाहाको घरमा भोज खुवाउने चलन छ ।

ह्योल्मो समुदायमा दुलहीलाई घर प्रदेश गराउने संस्कार पनि महत्त्वपूर्ण विधिका रुपमा लिइन्छ । दुलहीलाई दुलाहाको घरभित्र भित्र्याउने क्रममा घरको मूलढोकामा दुलाहाका बुवा र आमाले बुहारीलाई घिउको टीका लगाएर आशीर्वादसहित घरभित्र प्रवेश गराउने चलन रहेको छ (ठिनले लामासँग मिति २०७७ । ६ । १७ मा लिइएको अन्तर्वार्ता) । घरभित्र दुलाहा र दुलहीलाई बस्नका लागि विशेष स्थान तयार पारिएको हुन्छ । दुलाहा र दुलहीलाई त्यहाँ बस्नलाई सांस्कृतिक टोलीद्धारा गीतमार्फत् आग्रह गरिन्छ । दुलाहा र दुलहीको आसन ग्रहण कार्य सम्पन्न भएपछि घरको आँगनमा सबैजना स्याप्रु नाच नाच्दै उक्त दिनको शुभ कार्य सम्पन्न गर्ने परम्परा रही आएको छ (जोशी, वि.सं. २०७३, पृ. २) । यो विधि पूरा भएपछि  मात्र दुलही  दुलाहाको घरको पूर्ण सदस्य बन्न योग्य भएको मानिन्छ ।

विवाहको दोस्रो दिन भोलिपल्ट विवाह संस्कारलाई समापन गर्ने आफ्नै परम्परा रहेको छ । दोस्रो दिनको समापनमा एकातिर बेहुला-बेहुली र अर्कोतिर बुवा र आमा बस्ने स्थान बनाएर आसन ग्रहण गराइन्छ । टेबललाई बिच भागमा राखेर त्यसमाथि सगुन र दुलहीले बिहान सबेरै धाराबाट करुवामा ल्याएको शुद्ध पानी राखिन्छ (जोशी, वि.स. २०७३, पृ.२४) । त्यसरी राखिएको करूवाको पानी दुलहीले आफ्नी सासूलाई सम्मानकासाथ दिने चलन छ । त्यो समयमा सासूले पनि आफनी बुहारीलाई टेबलमा राखिएको सगुन दिने चलन छ । सासूबाट पाएको सगुनलाई दुलहीबाट उपस्थित सम्पूर्ण मान्यजनहरूको हातहातमा दिने गरिन्छ र यो सगुनलाई मान्यजनहरूले ग्रहण गर्ने गर्दछन् । यस्तो कार्यलाई ह्योल्मो समुदायले सगुन वितरण कार्य भन्ने गरेको छ । दुलहीले करूवामा पानी ल्याएर सासूलाई प्रदान गर्नुको अर्थ बेहुलीले धारा भएको ठाउँ थाहा पाएको संकेत हो भने सासूले बुहारीलाई सगुन प्रदान गर्नुको अर्थ घरको परम्परालाई अगाडि बढाउन बुहारीलाई दायित्त्व वा जिम्मेवारी सुम्पिएको संकेत हो भन्ने विश्वास यस समाजमा रही आएको छ । यस बेलामा लामाद्वारा मङ्गल पाठ वाचन गरी

दाम्पत्य जीवन सुःख, शान्ति, समृद्धि एवम् दीर्घायुको शुभआशीर्वाद प्रदान गर्दै विधिवत् रुपमा विवाह संस्कार सम्पन्न गरिएको हुन्छ (लुइटेल, वि.सं. २०५५, पृ. ५२) ।

ह्योल्मो समुदायमा प्रचलित विवाहका विभिन्न संस्कारहरूमध्ये अर्को महत्त्वपूर्ण संस्कार दुलही फर्काउने पनि हो । यस संस्कारलाई कर्म लोथ्याङ अर्थात् दुलही फर्काउने छ्याङ (सगुन) भनिन्छ । दुलही फर्काउने संस्कार विवाहको तिन दिनदेखि पाँच दिनभित्र गर्ने चलन छ (जोशी, वि.स.२०७३, पृ.२४) । यस समयमा कोसेली लिएर तिन वा पाँचजना मानिसको साथमा दुलाहा सहित दुलहीका आमा र बुवालाई भेट्न पठाउने प्रचलन रहेको छ । यसरी दुलहीको घरमा जाँदा कोसेलीका रुपमा रोटी, खसी, रक्सी र निगारसहित दुलही फर्काउने संस्कार सम्पन्न गरिन्छ (बराल, वि.सं. २०६३, पृ. ८३) । यसरी ह्योल्मो समुदायमा विवाह संस्कार गर्ने विभिन्न विधिहरूमध्ये दुलही फर्काउने संस्कार पनि महत्त्वपूर्ण सांस्कृतिक पक्ष हो ।

ह्योल्मो समुदायमा विवाहको अन्तिम चलन रीत बुझाउने चलन हो । कसै-कसैले विवाहकै दिनमा रीत बुझाउँछन् भने कसै कसैले विवाहपछि आफ्नो अनुकूलको दिनमा रीत बुझाउने प्रचलन छ । यसरी रीत बुझाउन जाँदा जन्ती जसरी नै मान्यजनहरू लिएर जाने परम्परा रहेको छ । त्यस्तै गरी रीत बुझाउने क्रममा ससुराली पक्षको घरमा विवाहको समयमा बनाइने मण्डप जस्तै विवाह- मण्डप बनाइएको हुन्छ । यस मण्डपमा दुलहा र दुलहीलाई सँगै राखिन्छ । यसपछि दुलाहा तथा दुलहीसँगै आएका मान्यजनहरूलाई स्वागत-सत्कार गरी भोजको व्यवस्था गरिन्छ । यो समयमा लामाहरूले देवी-देवताको पूजापाठ गर्दछन् । यसपछि घरका हजुरबा, हजुरआमा, बुवा, आमा, दाजु, दिदी, मामा, माइजू, फुपू,फुपाजू आदि अभिभावकले छोरी र ज्वाइँलाई शुभ आशीर्वादका साथै खादा र दाइजो दिने चलन छ । त्यसपछि दुलाहापक्षबाट ल्याइएको रोटी, मासु र रक्सी आदि वितरण गरिन्छ । दुलाहा र दुलहीले बुवा, आमालगायत मान्यजनलाई ढोग गर्दछन् । ढोगभेटको कार्य सिध्याएपछि दुलाहा, दुलही र जन्तीहरू माइतीपक्षले दिएको उपहार लिई घर फर्किन्छन् । दुलहाको घरमा पनि स्वागतको लागि सगुन राखिएको हुन्छ र त्यसरी राखिएको सगुनलाई लामाले मन्त्रपाठ गरेर पूजापाठ गर्छन् । त्यसपछि दुलाहाको घरमा भोज खुवाउने परम्परागत चलन रहेको पाइन्छ (लामा, वि.सं. २०६७, पृ. १८२) ।

ह्योल्मो समुदायको विवाहमा रीत बुझाउने अनिवार्य चलन छ । माइतीपक्षलाई रीत नबुझाएसम्म उनीहरूका छोरा वा छोरीको विवाह गर्न मिल्दैन भन्ने सामाजिक मान्यता रहेको छ (लामा, वि.स. २०६७, पृ. २८१) । रीत बुझाउन बाँकी रहेको खण्डमा छोरा वा छोरीको विवाह गर्नुपूर्व नै माइती पक्षलाई रीत बुझाउनुपर्ने परम्परा छ । यदि विवाहित महिलाको रीत नबुझाई मृत्यु भएमा मृत्युको दिनमा माइतीलाई रीत बुझाउनु अनिवार्य रहेको छ, अर्थात् रीत नबुझाउँदासम्म मृतक महिलाको लासलाई जलाउन पाइँदैन । रीत नबुझाएमा मृतकको आत्माले शान्ति पाउँदैन भन्ने जनविश्वास रहेको छ । रीत बुझाउने बेला पनि विवाहको समयमा लगिने कोसेली जति नै कोसेलीहरू लिएर जानुपर्ने नियम रहेको छ ।

## (ख) चोरी विवाह

अन्य आदिवासी तथा जनजातिमा जस्तै ह्योल्मो समुदायमा विभिन्न विवाह पद्धतिहरू-मध्ये चोरी विवाह पनि प्रचलनमा छ । विशेषत : यस समुदायमा प्रचलित चोरी विवाहलाई आदिम संस्कृतिको अवशेष मानिन्छ । यस समुदायमा चोरी विवाहलाई एउटा विशिष्ट सामाजिक मूल्य र मान्यताका रूपमा स्वीकार गरिएको देखिन्छ ।

ह्योल्मो समुदायमा चोरी विवाहको पनि आफ्नै खालको विधि छ । मूलतः केटी र उनका परिवारको असहमति रहँदा रहँदै पनि कुनै केटाले मन पराएकी केटीलाई वनजङगल, पानी-पँधेरा, खेतबारी, मेलापात तथा जात्रापर्व आदि स्थानबाट केटापक्षले उनलाई जबरजस्ती छोपेर ल्याउने प्रक्रियालाई चोरी विवाह संस्कार भनिएको पाइन्छ (दावा ग्याल्बु लामासँग मिति २०७७ । ६ । १७ मा लिइएको अन्तर्वार्तामा आधारित) । यस प्रकारको चोरी विवाहमा आफूभित्र नाता- कुटुम्ब चल्ने, मिल्ने केटीलाई जबरजस्ती छोपेर केटा पक्षले घरमा लैजाने परम्परा रहेको छ । केटीलाई जबरजस्ती छोपेर केटाको घरमा ल्याएपछि केटापक्षबाट उनलाई नयाँ लुगा र गर-गहना दिएर फकाउने र उनको सहमति प्राप्त भएपछि परम्पराअनुसार टीकोटालो गरिन्छ । यसरी छोपेर ल्याएकी केटीले केटासँग तिन दिनभित्रमा विवाह गर्न स्वीकार गर्नुपर्दछ, अर्थात् तिन दिनसम्म केटीलाई केटापक्षले लुकाएर राख्छन् । यसै बिचमा केटीपक्षले उनलाई फिर्ता गर्न सक्दो प्रयास गर्छन् ।

यदि केटीले असहमति व्यक्त गरेमा उनलाई स-सम्मान आफ्नो घर फर्काउने गरिन्छ । यदि उनले सहमति व्यक्त गरिन् भने केटा पक्षले मान्यजनका साथ परम्परादेखि चलिआएको रीतअनुसारको सगुन केटीको घरमा पठाइन्छ । केटीका आमाबाबु तथा माइती पक्षले अनुमति दिएपछि केटाकेटीलाई ससुराली/माइती आउनेजाने बाटो खुला हुन्छ । त्यसपछि केटीपक्षबाट केटापक्षलाई रीतिरिवाजअनुसार विवाह कार्य सम्पन्न गरिन्छ । केटापक्षबाट माइती पक्षको मागअनुसारको कोसेलीका रूपमा रोटी, रक्सी लैजाने परम्परा रहेको छ । यस विवाहमा केटापक्षले माइतीपक्षलाई कोसेली बुझाएपछि यस विवाहले सामाजिक मान्यता पाएको विश्वास गरिन्छ । आधुनिकता र अन्य कारणले गर्दा पनि वर्तमान समयमा यस प्रकारको चोरी विवाहको परम्परा लोप हुने अवस्था रहेको छ ।

## (ग) प्रेम विवाह

हिन्दू संस्कारमा आठ प्रकारका विवाह विधि प्रचलित छन् (क्षेत्री र खतिवडा, वि.सं. २०५४, पृ. २५३) । ती आठ प्रकारका विवाह विधिमध्ये गान्धर्व विवाहले प्रेम विवाहलाई बुझाउँछ । विशेषतः एक आपसमा मन परेका केटाकेटीले परिवारको सहमति बिना (यद्यपि कहिलेकाहीँ समाज र परिवारको सहमति पनि देखिन्छ) गरिने विवाहलाई प्रेम विवाह भनिन्छ । नेपालको सामाजिक संरचनामा विवाहको शास्त्रीय विधिलाई नै स्वीकार गरिएको देखिए तापनि प्रेम विवाह पनि प्राचीनकालदेखि नै प्रचलनमा रहेको देखिन्छ । वस्तुतः नेपालका जातजाति तथा आदिवासी समुदायमा प्रेम विवाहलाई पनि सामाजिक मान्यता दिइएको छ । पछिल्लो कालमा प्रेमविवाह गर्ने प्रचलन निक्कै बढेर गएको छ । विशेषतः

परासंस्कृति अर्थात् बाह्य संस्कृतिको प्रभावको कारणले नेपाली समाजमा प्रेम विवाहले वैवाहिक एवम् सामाजिक मान्यता पाएको हो ।

ह्योल्मो समुदायमा पनि पारम्परिक रूपमा चल्दै आएको विवाह विधिमा केही परिवर्तन आएको छ । तथापि यस समुदायमा प्रेम विवाहले पनि विशेष मान्यता प्राप्त गरेको देखिन्छ । प्रेम- विवाह मूलतः आधुनिक विवाह प्रणाली हो । नेपाली समाजमा प्रेम विवाहले परम्परागत मूल्य- मान्यतामा चल्दै आएको विवाह संस्कारलाई प्रभावित गरेको छ । आधुनिक जीवनशैली तथा बाहिरी समाजसँगको अन्तर्घुलनको कारण ह्योल्मो समुदायमा पनि प्रेमविवाह लोकप्रिय हुँदै गएको हो । विशेषतः ह्योल्मो समुदायमा हुने प्रेम विवाहमा पनि अभिभावको भन्दा केटाकेटी आफैंको निर्णय नै बढी महत्त्वपूर्ण हुने तथ्य स्थलगत अध्ययनबाट पनि प्रमाणित भएको छ । नेपाली समाजमा जातीय एवम् सांस्कृतिक विविधता र एक-आपसको सांस्कृतिक अन्तर्घुलनको कारण अन्तर्जातीय प्रेम विवाहको प्रचलन बढ्दै गएको छ ।

नेपालको सामाजिक एवम् सांस्कृतिक एकतामा अन्तरर्जातीय विवाहले महत्त्वपूर्ण भूमिका खेलेको छ । ह्योल्मो समुदायमा विवाहको जुनसुकै विधि अपनाए तापनि रीत बुझाउनुपर्ने सामाजिक एवम् सांस्कृतिक मान्यतालाई भने अनिवार्य रूपमा पालना गरिएको छ । अर्थात् माइती पक्षलाई रीत नबुझाएसम्म प्रेम विवाहले मान्यता प्राप्त गर्दैन (श्रीमती सोनाम डोल्मा लामासँग मिति २०७७ । ६ । १७ मा लिइएको अन्तर्वार्तामा आधारित) ।

## (घ) बिधवा विवाह

हिन्दू धर्मग्रन्थहरूमा बिधवा विवाहलाई मान्यता दिएको देखिंदैन तथापि धार्मिक मान्यता विपरीत पनि उमेरमै बिधवा बन्न पुगेका महिलाहरूले पुनर्विवाह गर्ने गरेको पाइन्छ । तर हिन्दू बाहेकका अन्य जनजातिहरूमा भने बिधवा विवाहले मान्यता पाएको छ ।

नेपाली समाजका प्रत्येक जातीय समुदायमा बिधवा विवाहलाई मान्यता दिएको पाइन्छ । ह्योल्मो समुदायमा पनि प्राचीनकालदेखि नै बिधवा विवाहले मान्यता पाएको सामाजिक अभ्यास छ । यस समुदायमा कुनै कारणबश अल्पायुमै आफ्नो श्रीमानको मृत्यु भई बिधवा बन्न पुगेकी महिलाले अर्को पुरुषसंग विवाह गर्न पाउने सामाजिक अधिकार छ । तर यस समुदायमा बिधवा महिलाले पुनर्विवाह नगरी बस्न सक्ने  सामाजिक व्यवस्था छ, अर्थात् दोस्रो विवाह गर्नैपर्छ भन्ने अनिवार्यता छैन ।

ह्योल्मो समुदायमा यदि कुनै बिधवाले पुनर्विवाह गरिन् भने त्यस प्रकारको विधवा विवाहलाई सामाजिक मान्यता दिइन्छ । यस समुदायमा कुनै पनि पुरुषले बिधवासँग सहज रुपमा  बिवाह गर्ने परम्परा आज पनि जीवन्त छ । ह्योल्मो समुदायको विधवा महिलाले आफ्नो अविवाहित देवरसँग पनि विवाह गर्न सकिने सामाजिक मूल्य र मान्यता (तामाङ,वि.स.२०७५,पृ.७७) रहेको पाइन्छ । देवरले भाउजु विवाह गरेको खण्डमा दाजुको सन्तान भएको अवस्थामा उनीहरूलाई पनि आफैले स्याहार्नुपर्ने परम्परा रहेको देखिन्छ । ह्योल्मो समाजमा बिधवा तथा भाउजुलाई विवाह गर्ने परम्परादेखि चल्दै आएको प्रचलनलाई समाजले विधिवत् रूपमा आदिमकालदेखि मान्यता दिदै आएको छ ।

वर्तमान समयमा ह्योल्मो समुदायमा आधुनिकीरणको प्रभावले गर्दा चोरी विवाह तथा दाजुको मृत्युपछि भाउजु स्याहार्ने विवाहको परम्परा भने क्रमशः लोप हुँदै गएको छ । यस्तो प्रकारको विधवा विवाह संस्कारलाई हालः ह्योल्मो समाजमा राम्रो मानिदैन । अहिलेको समयमा प्रायः मागी विवाह तथा प्रेम विवाह संस्कारलाई बढी महत्त्व दिइएको छ (पाण्डेय, वि.सं. २०७५, पृ. १५९) । यसरी हेर्दा अन्य समुदायमा जस्तै आधुनिकताको करणले ह्योल्मो समुदायको विवाह संस्कारमा पनि परिवर्तन हुँदै आएको पाइन्छ ।

### ५.२.२ सम्बन्ध विच्छेद (थाक्पा छयेग्गेन)

नेपालका आदिवासी जनजातिहरूमा सम्बन्ध विच्छेद गर्ने आफ्नै किसिमको मौलिक परम्परा रहेको छ । विशेषतः ह्योल्मो समुदायमा पनि विवाहपछि श्रीमान् र श्रीमतीबिच सम्बन्ध बिग्रेमा सम्बन्ध विच्छेद गर्ने चलन रहेको पाइन्छ । सम्बन्ध विच्छेद गर्ने विधिलाई ह्योल्मो भाषामा थाक्पा छयेग्गन भनिन्छ (लामा, वि.स.२०६७, पृ.१८३) । यस समुदायमा विवाहित जोडीबिच सम्बन्ध विच्छेद गर्दा माइतीपक्षको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । विशेषतः घर र माइती दुवै पक्षका अभिभावक तथा मान्यजनहरूको उपस्थितिमा सम्बन्ध विच्छेदको कारण खोजिन्छ । केटापक्षले गल्ती गरेको हो वा केटीपक्षले गल्ती गरेको हो ? भन्ने विषयमा विस्तृत रूपमा दुवै पक्ष बिच गहन छलफल गरिन्छ । त्यसपछि सम्बन्ध विच्छेद गर्न चाहने पक्षले हर्जाना तिर्नुपर्दछ । यदि सन्तान जन्मेको भएमा पालन-पोषणको सम्पूर्ण जिम्मा केटापक्षले लिनुपर्दछ । (लामा, वि.स.२०६७, पृ. १८३) । यसरी ह्योल्मो समुदायमा विवाह सम्बन्धमा समस्या आएमा सम्बन्ध विच्छेद गर्ने आफ्नै परम्परा रहेको छ । एक आपसमा खुसीका साथ सम्बन्ध विच्छेद भएपछि अर्को व्यक्तिसँग विवाह गर्न दुवैपक्षलाई बाटो खुल्दछ । यसरी यस समुदायमा श्रीमान् र श्रीमतीबिच सहज रूपमा सम्बन्ध विच्छेद गर्ने चलन छ ।

### ५.२.३ ह्योल्मो समुदायमा अन्त्येष्टि संस्कार

मानिसको मृत्यु भएपछि गरिने संस्कारलाई अन्त्येष्टि संस्कार वा मृत्यु संस्कार भनिन्छ । जाति तथा समुदाय अनुसार मृत्यु संस्कार अनुष्ठान गर्ने विधि पनि फरक-फरक रहेको पाइन्छ । ह्योल्मो समुदायमा आफ्नै प्रकारको मूल्य, मान्यता र परम्पराअनुसार मृत्यु संस्कार गरिने चलन रहेको छ (कान्छा लामासँग वि.स.२०७७ । ६ । १७ मा लिइएको अन्तर्वार्ता) । ह्योल्मो समुदायमा मृत्यु संस्कारलाई महत्त्वपूर्ण धार्मिक संस्कारका रूपमा लिइन्छ । यस जातिमा आफ्नो सांस्कृतिक परम्पराअनुसार नै अन्त्येष्टि संस्कार सम्पन्न गर्ने चलन छ । विशेषतः उनीहरू महायानी बौद्धलामाधर्मअनुसार नै मृत्यु संस्कार सम्पन्न गर्छन् (लामा, वि.स. २०६५, पृ.२५५) । मृत्यु संस्कार सम्पन्न गर्दा विभिन्न चरणहरू पार गरिन्छ जुन निम्नअनुसारका छन् (परिशिष्ट ५ को चित्र नं. ४८ र ४९ ) ।

## (क) बिरामी अन्तिम अवस्थामा पुगेपछि गरिने विधि

ह्योल्मो समुदायमा बिरामी अन्तिम अवस्थामा पुगेपछि अन्त्येष्टि संस्कारको कार्य सुरू गरिन्छ । ह्योल्मो समुदायमा उपचाररत बिमारी सन्चो हुने स्थिति नदेखिएमा आफ्ना दाजुभाइ लगायत कुटुम्बजन आफन्त र छिमेकीलाई खबर गरिन्छ । त्यसपछि दाजुभाइ, आफन्तजन र छिमेकीहरू आई बिरामीलाई कुर्ने गर्दछन् । यसरी कुर्ने क्रममै बिरामीको मृत्यु भएमा तत्काल लामाको घरमा लामा बोलाउनका लागि दाजुभाइ वा छिमेकीलाई पठाइन्छ । त्यसैगरी, मृतकको घरबाट टाढा रहेका आफन्तजन तथा अन्य नातेदारहरूलाई पनि खबर गर्न दाजुभाइ वा छिमेकी नै पठाइन्छ (लामा, वि.स.२०७६ पृ.५९) ।

## (ख) फवा विधि तथा शव यात्राको तयारी

ह्योल्मो समुदायमा बिरामीको मृत्युपश्चात् लामाद्वारा महायान धार्मिक विधिअनुसार मृतकको फवा गरिन्छ । मृतकको पार्थिव शरीरबाट आत्मा अर्थात् वायु शक्तिलाई अलग राख्नु नै फवा हो (तामाङ, वि.सं. २०५५, पृ. ८६) । फवा गरेपछि मृतकको भौतिक शरीरको मृत्यु भएको मानिन्छ । त्यसपछि लासलाई पलेटी अर्थात् पद्मासन मुद्रामा राखिन्छ । कतिपयले मृतकलाई तामाको खड्कुलोमा पद्मासन मुद्रामा राख्दछन् । तामाको खड्कुलो नहुनेले काठको वा बाँसको पिर्का बनाएर त्यसमाथि लासलाई पद्मासन मुद्रामा राख्ने चलन छ । त्यसपछि मृतकका छोरीहरूद्वारा लासको मुख धोइ दिने, अनुहारमा तेल लगाइदिने परम्परा रहेको छ । यदि ह्योल्मो समुदायमा मृतककी छोरी छैन भने मृतककी दिदी बहिनीहरूले पनि सो कार्य गर्न सक्तछन् । यो संस्कार दिदी बहिनीबाहेक अन्य मानिसले गर्नु हुँदैन भन्ने सामाजिक मान्यताका जनविश्वास छ । यस तथ्यबाट ह्योल्मो समुदायमा मृत्यु संस्कार सम्पन्न गर्नका लागि लामा र छोरी वा दिदीबहिनीहरूको महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ ।

मृतकको अनुहारमा तेल लगाइदिने काम सकेपछि लासलाई नयाँ पहेंलो वा सेतो कपडाले छोपेर टाउकोमा रिङ्गा बाँध्ने चलन रहेको छ । ह्योल्मो भाषामा रिङ्गा भन्नाले पञ्चबुद्धको थाङ्का चित्रलाई बुझिन्छ । यसपछि लासको अगाडिपट्टिको भागमा १०८ घ्यासर (घिउ हालिएको दियो) बाल्ने परम्परा छ । यसपछि जीवित मानिसलाई जस्तै गरेर मृतकको अगाडि टेबलमा दाल, भात, तरकारी, अन्डा र फलफूल पेयपदार्थ आदि अनेक प्रकारको खानेकुरा राखिदिने चलन रहेको छ (लामागुरु पासाङ तेम्बासाँग मिति २०७७ । ३ । ७ मा लिइएको अन्तर्वार्तामा आधारित) । यसरी मृतकको फवा संस्कार सम्पन्न गर्ने गरिन्छ ।

## (ग) शवयात्राको साइत जुराउने

ह्योल्मो समुदायमा मृतकको अनुहार धोइसकेपछि तेल लगाएर पञ्चबुद्धको थाङ्का मृतकको टाउकोमा बाँधिन्छ । यसपछि लामाले जुराएको साइतमा शवयात्रा निकाल्ने गरिन्छ । लामाहरूमध्येका प्रमुख लामाबाट साइत जुराउने कार्य गरिन्छ, जुन संस्कार बौद्ध महायन ग्रन्थलाई आधारमा मानेर सम्पन्न गरिन्छ । कहिलेकाहीं तिन दिनसम्म पनि साइत जुर्दैन, तर पनि प्रायजसो ३ दिनभित्रमा नै साइत

जुरेको देखिन्छ । साइत छिटो निस्केन भने दाजुभाइ, कुटुम्ब र गाँउका इष्टमित्रहरू मिलेर साइत ननिस्केसम्म मृतकलाई कुर्ने काम हुन्छ । यस अवधिमा लामाहरू पूजापाठ गर्दै वस्ने गर्दछन् । यसरी उपयुक्त साइत निस्केपछि भने लासलाई तामाको खड्कुलोमा राखिन्छ । तामाको खड्कुलो नभएमा काठ वा बाँसको खट प्रयोग गरिन्छ । ह्योल्मो भाषामा खटलाई खो वा डोम भनिन्छ । यो खटलाई रातो, पहेंलो र सेतो ध्वजा र खादाले सजाउने चलन छ (लामागुरु पासाङ तेम्बा लामासँग मिति वि.स. २०७७ । ३ । ७ मा लिइएको अन्तर्वार्तामा आधारित । यसरी लामाद्वारा शव-यात्राका लागि साइत जुराउने कार्य सम्पन्न हुन्छ ।

## (घ) घरबाट अन्त्येष्टि स्थलसम्म शवयात्रा गर्ने विधि

ह्योल्मो समुदायको शव राखेको खटलाई दुईवटा बाँसको नोलमाथि राखिन्छ । यो नोललाई मृतकको सन्तान भए सन्तानले र सन्तान नभए दाजुभाइका छोराहरूले शव उठाई काँधमा राखेपछि शवयात्रा सुरु गरिन्छ । बिच बाटोमा आलोपालो गर्दै अन्य मलामीहरूले पनि शव बोक्ने गर्दछन् । शवयात्रामा सबैभन्दा अगाडि सेतो, पहेंलो, रातो, हरियो, नीलो रंङका धर्जु अर्थात् ध्वजा बोकेर मलामीहरू हिंड्ने गर्दछन् । यस क्रममा आफ्नो दाजुभाइतिरका महिला मलामीहरूले बाटोमा मकै, धान, जौं र पैसा छर्दै हिड्छन् । बाटोमा जाँदा भोकाएका जीवजन्तु साथै खाना नपाउने प्रेतात्माहरूले विघ्न-बाधा नगरून् भन्ने ध्येयले यसरी छरिएको हो भन्ने यिनीहरूमा विश्वास छ । सहनाई बाजा जस्तो हुने ग्यालिङ बाजा, काङलिङ, ढ्याङग्रो, झ्याम्टा बजाउँदै र शङ्ख फुक्दै लामाहरू लामबद्ध भएर लासको अगाडि हिंड्छन् । यसरी नै एकजना लामाले शवको ठीक अघि अवलोकितेश्वरको थाङ्का बोकेर हिंड्ने परम्परा रही आएको छ (लामा, वि.स २०७६, पृ. ६०) ।

यसै गरी प्रमुख लामाले एउटा हातमा घण्टी र अर्को हातमा खटमा बाँधिएको ४० देखि ५० मिटर लामो सेतो कपडा ल्हमतेन अर्थात् बुद्धलोक वा सुखवती लोक जाने बाटो देखाउनका लागि एकछेउको टुप्पो समातेका हुन्छन् । प्रमुख लामाको हिंडाइको गतिमा गति मिलाएर शव बोक्ने मानिसहरू पछिपछि हिँड्नुपर्दछ । खटको पछि-पछि अरू मलामीहरू पनि लामबद्ध भएर हिंड्छन् । शवयात्रामा लामाहरूले लगातार बाजा बजाउँदछन् । प्रमुख लामाले घण्टीको तालमा अन्य लामा साथै मलामीहरूले समेत "ॐ मणि पदमे हुँ" मन्त्र लयबद्ध तरिकाले उच्चारण गर्दै हिँड्दछन् । अन्तिम संस्कार गर्न लासलाई डाँडामा लैजाने परम्परा रहेको छ । लासलाई चिहान डाँडामा लिएर जाँदा बाटोमा गुम्बा वा छ्योर्तेन भेटेमा छ्योर्तेनलाई दाँया पारेर लासलाई घुमाएर लैजाने परम्परा रहेको छ (लामा, वि.सं. २०६७, पृ. १८४) । यसरी नै क्रमशः शवयात्रा अगाडि बढ्दै जान्छ ।

## (ङ) शव गाड्ने वा जलाउने विधि

ह्योल्मो समुदायमा शवलाई गाड्ने भन्दा पनि दाहसंस्कार गर्ने चलन बढी रहेको पाइन्छ । विशिष्ट लामा गुरु र दाँत नआएका बालक केटाकेटीहरू मरेमा भने लासलाई गाड्ने चलन रहेको छ । ठूलो लामा भई अवतारी हुने जनविश्वास अर्थात् पुनर्जन्म हुने र बच्चाहरू आफ्नै आमाको कोखमा

पुनर्जन्म होस् भन्ने विश्वासले शव गाडिएको हो भन्ने विश्वास छ । अन्त्येष्टि संस्कार गर्ने ठाउँमा शवलाई पुऱ्याएपछि शवलाई बिसाइन्छ । यसपछि अन्त्येष्टि गर्ने ठाउँमा छोरी-ज्वाइँले भुई लिपपोत गर्नुपर्दछ । त्यसपछि सहायक लामाहरूले लिपेको ठाउँमा पीठोबाट बज्रायानी चिह्न (पेमा) अर्थात् फूलको चित्र बनाइन्छ । यही फूलको चित्रमाथि ज्वाइँहरूले काठ राखेर चिता तयार गर्दछन् । चिताको छेउमा लामाहरूलाई पूजापाठका लगि बस्ने व्यवस्था गरिएको हुन्छ । लामाहरूले पूजापाठ गरेपछि लासलाई चितामाथि राखिन्छ । यसपछि प्रमुख लामाले पूजापाठ गर्दै लासलाई दागबत्ती दिएपछि मृतकका छोराहरूको दागबत्ती दिने पालो आउँछ (लामागुरु पासाङ तेम्बा लामासँग वि.स. २०७७ । ३ । ७ मा लिइएको अर्न्तवार्तामा आधारित) ।

ह्योल्मो समुदायमा महिलाको मृत्यु भएमा माइतीले छुट्टै लामा लिएर आउने प्रचलन रहेको छ । लासमा दागबत्ती दिने अधिकार माइतीपक्षबाट आएका लामाको हुन्छ । दाहसंस्कारका सर्म्पूण कार्य ज्वाइँहरूको जिम्मामा रहेको हुन्छ । लास जलाएवापत ज्वाइँहरूलाई दानदक्षिणा दिइन्छ । दाहसंस्कार सुरू भएपछि सम्पूर्ण मलामीहरू मृतकको घरमा फर्कन्छन् । तर दाह-संस्कार पूरा नभएसम्म लामा र ज्वाइँहरूले भने त्यही पर्खेर बस्दछन् । फर्केका मलामीहरूले धारामा हात, मुख धोएर घरको बाहिर धुप बालेको धुपौरोमा धुपको धुवाँले हातमुख सेक्छन् । यसरी सेकिसकेपछि शुद्ध भएको मानिन्छ । शुद्ध भएका मलामीहरूलाई घरभित्र बोलाई भोजन र पेय पदार्थहरू खुवाइन्छ भने लामाहरूलाई दान-दक्षिणा दिइन्छ । छोराहरूले प्रमुख लामालाई सगुन टेबुलमा राखी मृतकको पुनर्जन्म हुने संकेतका विषयमा जानकारी दिन अनुरोध गर्दछन् । प्रमुख लामाले लामाबौद्ध ग्रन्थ हेरेर महायान धर्मअनुसार मृतकका नाममा के निर्माण गर्न जुर्दछ, त्यो हेर्दछन् । त्यसपछि विभिन्न किसिमका ग्रन्थ लेखन, छ्योर्तन, मूर्ति निर्माण, वा थाङ्का लेखन जे जुर्दछ, त्यही गरिन्छ । यो कार्य लामाको सल्लाहअनुसार अनुष्ठान (घेवा) सम्म बनाइ सक्नुपर्छ । दाह-संस्कारको भोलिपल्टदेखि तिन दिनसम्म लामाद्वारा अन्त्येष्टि गरिएको स्थानलाई महायान विधिअनुसार पञ्चामृत कलश अर्थात् बुम्बा पानीद्वारा शुद्ध गरिन्छ । त्यसपछि मात्र ज्वाइँहरूले चिहान डाँडाबाट मृतकको अस्तु र खरानीलाई बोकेर खोलामा ल्याउँछन् र उक्त अस्तुलाई लामाले पूजापाठ गरी सेलाउँछन् । कोही कोही ह्योल्मो समुदायले खरानी र अस्तु राखी मृतकका नाममा चैत्य निर्माण गर्दछन् (पूर्ण गौतमसँग मिति २०७७ । ४ । ५ मा लिइएको अन्तर्वार्तामा आधारित) ।

## (छ) नेपार पूजा

ह्योल्मो समुदायमा दाह संस्कार गरेको तिन दिनपछि गरिने पूजालाई नेपार भनिन्छ । यस पूजालाई ह्योल्मो समुदायमा महत्त्वपूर्ण मृत्यु संस्कारका रूपमा लिने गरिन्छ । तिब्बती बौद्ध परम्परामा मृतकको आत्माले आफ्नो मृत्यु भएको कुरा तिन दिनपछि मात्र थाहा पाउँछ भन्ने विश्वास रहेको छ । उक्त दिनलाई धार्मिक दृष्टिकोणले अति महत्त्वपूर्ण मानिन्छ । तिन दिनको पूजा गर्दा मृतकको आत्मालाई चिरशान्ति मिल्नुका साथै सुखावती लोकतर्फ जाने मार्गदर्शन हुन्छ भन्ने विश्वास रहेको छ । कसै कसैले उक्त दिनमा धार्मिक विधिद्वारा अस्तु जलाउदैं मृतकको आत्मालाई बुद्धलोकतर्फ पठाउने गर्दछन् । यस

पूजामा कसैले अस्तु जलाउने गर्दछन् भने कसैले अस्तुलाई ४९ औं अनुष्ठानका दिनमा मात्र जलाउँछन् । तिन दिनभित्र अस्तु जलाउने परिवारमा भने अनुष्ठानका दिन नेपाली कागजको घुर अर्थात् मृतकको प्रतीक बनाएर जलाइन्छ । कसै कसैले मृत्यु भएको तिनदिनपछि मृतकको लुगा पट्याएर त्यसमाथि पञ्चबुद्धको थाङ्का राखी मृतकको प्रतीक तयार गरेर अस्तु राखिन्छ । उक्त अस्तुलाई प्रमुख लामाले अर्को आदेश नदिएसम्म-“आजदेखि तिमी यही बस्नू, तिमीलाई यही नै खानाको व्यवस्था हुन्छ” भनी मृतकको प्रतीकका रुपमा राखिएको अस्तुलाई प्राण प्रतिस्ठापना गरिन्छ । त्यस दिनदेखि प्रत्येक दिन अनुष्ठान नहुञ्जेलसम्म उक्त प्रतीकलाई जिउँदो मानिसलाई झैं बिहान र बेलुका लामाद्वारा पूजा गरेर खाना दिने गरिन्छ (लामागुरु पासाङ तेम्बा लामासँग वि.स. २०७७ । ३ । ७ मा लएको अन्तर्वार्तामा आधारित) । खाना दिने भनिए तापनि त्यसलाई वास्तवमा खाना चढाउने भनिन्छ जसलाई नै ह्योल्मो समुदायले नेपार भन्ने गरेको हो ।

## (ज) सातहप्ते पूजा अर्थात् मोलम/दिण्डा पूजा

ह्योल्मो समुदायमा मृत्यु संस्कारका विभिन्न चरणहरूमध्ये सातहप्ते पूजालाई पनि विशेष महत्त्व दिइन्छ । लामाबौद्ध परम्पराअनुसार मानिसको मृत्यु भएपछि मृतकको आत्मा विभिन्न भवसागरहरूमा घुमिराखेको हुन्छ भन्ने लोकविश्वास छ (लामा, वि.स. २०७६, पृ. ६१) । हरेक सात दिनपछिको पूजामा मृतकको आत्मालाई लामाद्वारा बोलाएर सुखावती लोकका लागि आराधना गरिन्छ । बौद्ध महायानीधर्मको मान्यताअनुसार मानिसको मृत्यु भएको ४९ औं दिनमा मृतकको पुनः जन्म हुन्छ । त्यसैले मृतकका नाममा जे जति अनुष्ठान वा धार्मिक कार्य गर्नु छ, ४९ औं दिनभित्र नै गर्नुपर्दछ । मृत्यु भएको दिनदेखि ४९ औं दिनमा सात हप्ता पूरा हुने र प्रत्येक हप्ता ५ देखि ७ जना लामाद्वारा धार्मिक विधिअनुसार पूजापाठ गरिन्छ । पूजाको समयमा दाजुभाइ, दिदीबहिनी, छिमेकी लगायतका नातागोतालाई पनि आमन्त्रण गरिन्छ । सातहप्ते पूजा सकिएपछि ४९ औं दिनमा महत्त्वपूर्ण अनुष्ठान गर्ने चलन रहेको छ (लामागुरु पासाङ तेम्बा लामासँग मिति वि.स.२०७७ । ३ । ७ मा लिइएको अन्तर्वर्तामा आधारित) । यसैलाई सातहप्ते पूजा अर्थात् मोलम/दिण्डा पूजा पनि भन्ने गरिन्छ ।

## (झ) अनुष्ठान अर्थात् घेवा

ह्योल्मो समुदायको अन्त्येष्टि संस्कारको अन्तिम चरण अनुष्ठान संस्कार हो । यो संस्कारलाई ह्योल्मो समुदायले महत्त्वपूर्ण संस्कारका रुपमा लिन्छन् । ह्योल्मो समुदायमा मृत्यु भएको दिनदेखि ४९ औं दिनभित्र विभिन्न चरणका संस्कारहरू सम्पन्न गरेपछि अन्तिममा अनुष्ठान वा घेवा संस्कार गरिन्छ । लामाले अनुष्ठानको साइत हेरेपछि ४९ औं दिनभित्र अर्को महत्त्वपूर्ण अनुष्ठान संस्कारको सुरूवात गरिन्छ जसलाई ह्योल्मो भाषामा “घेवा” भनिन्छ । यो अनुष्ठान ह्योल्मो समुदाय र लामा बौद्धधर्म मान्ने पहाडी तथा हिमाली क्षेत्रमा बसोबास गर्ने तामाङ, शेर्पालगायतका समुदायमा प्रचलित ज्यादै महत्त्वपूर्ण संस्कारका रुपमा लिइन्छ (लामा, वि.स.२०७६, पृ.६२) ।

अनुष्ठान सम्पन्न गर्नका लागि मृतकका परिवार, दाजुभाइ र गुठीयारहरू अर्थात् गुम्बाका सदस्यहरू भेला भएर छलफल गर्दछन् । त्यसपछि घेवाका लागि साइत जुरेपछि लामालाई सगुन लगेर निम्तो दिइन्छ । यो अनुष्ठान कार्य गर्दा पनि दाजुभाइ तथा नाताकुटुम्ब लगायतका सम्पूर्णलाई निमन्त्रणा गरिन्छ । यो कार्य सम्पन्न गर्नका लागि कार्य विभाजन गरिन्छ । तोकिएको मितिमा गुम्बाका सदस्यहरू एवम् दाजुभाइ उपस्थित भई अनुष्ठान कार्य सुरू गरिन्छ । गुम्बा वा पाहुना घर भएका ठाउँमा घेवा संस्कार सम्पन्न गरिन्छ । यदि गाउँमा गुम्बा वा पाहुना घर नभएमा भकारी, जस्तापाता वा त्रिपालको गोठ बनाएर अनुष्ठानको औपचारिक रूपमा सुरूवात गरिन्छ (लामा, वि.स. २०७६, पृ.६२) ।

घेवाको पहिलो दिन लामाद्वारा महायान धार्मिक विधिअनुसार पूजापाठ गरिन्छ । दोस्रोदिन आफ्नो नातागोता लगायतका गुम्बाका सम्पूर्ण सदस्यहरू उपस्थित भई मृतक घरमा जान्छन् र ह्योल्मो परम्पराअनुसार दुई मानादेखि एकपाथी चामल, एकमानादेखि एकपाथीसम्म रक्सी, जाँड बनाउनका लागि कोदो वा मकै आवश्यक पर्ने प्रचलन छ । यसका साथमा तिनीहरूले सक्दो आर्थिक रकम समेत सहयोग गर्दछन् । कुनै घरबाट कति रूपियाँ राखिएको छ, त्यसको अभिलेख राख्ने प्रचलन समेत रहेको छ । घेवामा भेला भएका ह्योल्मो समुदायले शोकाकुल परिवारप्रति समवेदनास्वरूप मृतकको चिरशान्तिका लागि श्रद्धाञ्जली अर्पण गर्दै आर्य अवलोकितेश्वरको मन्त्र “ॐ माने पद्मे हुँ” वाचन गर्ने गर्दछन् (लामागुरु पासाङ तेम्बा लामासँग मिति २०७७ । ३ । ७ मा लिएको अन्तर्वार्तामा आधारित) ।

गुम्बा वा गोठभित्र लामाद्वारा मृतकको लुगाबाट बनाइएको मृतकको प्रतीकलाई दिउँसो ११ देखि १२ बजेतिर विधिवत् रुपमा लगेर पूजापाठ गरिन्छ । दिउँसो ४ देखि ५ बजेसम्म मृतकको प्रतीक नेपारलाई जलाउने कार्य गरिन्छ । त्यस समयमा बाहिर ३ देखि ४ जना लामासहित उपस्थित भएका सबैजनाले “ॐ माने पद्मे हुँ” मन्त्र भाका मिलाएर जप्ने वा गाउने कार्य सुरू गरी बेलुका ५ देखि ६ बजेसम्ममा सम्पन्न गरिन्छ । यो समयमा लामाहरू “ॐ माने पद्मे हुँ” मन्त्रलाई गीतको भाकामा गाउँदै झ्याम्टा र ढ्यांग्रो बजाउँदै नाच्ने चलन छ । लामाको सुझावअनुसार मृतकका नाममा मूर्ति, ग्रन्थ, थाङ्का र स्तूप आदि धार्मिक सामानहरू तयार पारेको भए मृतकको प्रतीक नेपार जलाइसकेपछि उक्त सामग्रीहरूलाई बेलुका सात-आठ बजेबाट प्राणप्रतिष्ठा गरिन्छ । भोलिपल्ट लामाद्वारा पूजापाठ गरिसकेपछि अपारमिताको मन्त्र जप्दै कलशको पञ्चामृतद्वारा सबैजनालाई शुद्ध गराई आशीर्वाद प्रदान गर्दै घेवा विधिवत् रूपमा सम्पन्न भएको घोषणा गरिन्छ । घेवा वा अनुष्ठान कार्य सम्पन्न भएपछि लामाहरूलाई बिदाइ गर्ने क्रममा सगुन सहित दानदक्षिणा समेत दिएर बिदा गरिन्छ । त्यसपछि लामाहरूले पूजापाठ गरेर र नाच नाचेर मृतकका नाममा बनाइएको सामान घरमा लिएर जान्छन् (लामा, वि.सं. २०६७, पृ.-१८७) । यसरी ह्योल्मो जातिमा क्रमिक रुपमा अनुष्ठान पूरा गरिन्छ ।

### (ञ) वार्षिक पूजा (याङ्ज्यु पूजा)

ह्योल्मो समुदायमा कुनै पनि व्यक्तिको मृत्यु भएको एक वर्षपछि वार्षिक पूजा गर्ने परम्परा रहेको छ । यसलाई ह्योल्मो भाषामा याङ्ज्यु पूजा भनिन्छ । यस पूजालाई पनि ह्योल्मो समुदायले अनुष्ठानपछिको महत्त्वपूर्ण धार्मिक कार्यका रुपमा लिने गर्दछ (लामा, वि.स. २०७६, पृ.६३) । यस पूजामा

पनि आफ्ना सबै दाजुभाइ, दिदीबहिनी लगायत नजिकका सम्पूर्ण नातागोताहरूलाई निम्तो गरिन्छ । यस पूजामा पनि लामाहरूको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । लामाहरू मृतकको घरमा आएर महायान विधिअनुसार पूजापाठ गर्दछन् । पूजापाठ सकिएपछि घरका तर्फबाट लामाहरूलाई सगुन तथा दानदक्षिणा दिएर बिदाइ गरिन्छ । ह्योल्मो समुदायले मृतकलाई अति महत्त्वपूर्ण दिएर सम्मान गर्दछ । प्रायः हरेक पूर्णिमाको दिनमा आफ्ना मृतक पुर्खाहरूको सम्झनामा गुम्बा वा स्तूपहरूमा गएर पूजा पाठ गर्ने, बत्ती (दियो) बाल्ने तथा लामालाई दान-दक्षिणासमेत दिने गरिन्छ (लामागुरु पासङ तेम्बासँग वि.स २०७७ । ३ । ७ मा लिइएको अन्तर्वर्तामा आधारित) । यसरी मृतकको वार्षिक पूजाविधि सम्पन्न गरिन्छ ।

## ५.२.४ धार्मिक मतमा ञिङमा सम्प्रदाय

बौद्धधर्मका विभिन्न प्रशाखाहरूमा लामाबौद्ध धर्मको पनि महत्त्वपूर्ण स्थान छ । विशेषतः हिमाली क्षेत्रहरूमा लामाबौद्धधर्म फैलिएको छ । लामाबौद्धधर्मको उत्पत्तिस्थल तिब्बत हो । यस क्षेत्रमा लामाबौद्धधर्मका विभिन्न प्रशाखाहरूमध्ये ञिङमा सम्प्रदाय सबैभन्दा प्राचीन सम्प्रदाय हो । हिमाली बौद्धधर्ममा लामा शब्द अत्यन्त लोकप्रिय मानिन्छ । यो संस्कृत भाषाको "गुरु" शब्दको पर्यायवाची शब्द हो । यो शब्दलाई भारत, श्रीलंका, वर्मा, थाइलैण्ड आदि बौद्ध मुलुकका अनुयायीहरूले भन्ते, श्रमणेर, गुरु आदि शुभनामबाट सम्बोधन गरिएझैं नेपालको हिमाली क्षेत्र यिनीहरूलाई गेलोङ, गेज्योङ, लामा, टग्पा, आनी र गेला लगायतका विभिन्न उपनामहरूबाट सम्बोधन गरिएको पाइन्छ (शेर्पा, वि.स. २०६३, पृ.२२)।

७ औ शताब्दीमा तिब्वतका राजा स्रोङचनगम्पोकी रानी हुन पुगेकी नेपालकी राजकुमारी भृकुटी र चीनियाँ राजकुमारी कोङज्यो मार्फत् चीनियाँ हुस्हङ कुसर र ब्राह्मण शंकर आदि निमन्त्रणा गरी लोकेश्वरका २१ वटा सूत्रतन्त्रहरू भोटली भाषामा अनुवाद गरी बौद्धधर्मको प्रारम्भिक सुरूवात गरिएको थियो । त्यसपछि ९ औ शताब्दीमा राजा ठिस्रोङ देउचेनको शासनकालमा शान्तरक्षित, उड्डियानका आर्चाय गुरु पद्मसम्भव, कमलशील, कश्मिरका पण्डित विमलमित्र र लोचावा (दोभाषी) पगोर, वैरोचन, कव पलचेग लगायतका महाप्राज्ञिक संघद्वारा त्रिपिटक (विनयपिटक, सूत्रान्त पिटक र अभिधर्म पिटक), चारतन्त्र (क्रियातन्त्र, चर्यातन्त्र, योगतन्त्र, अतियोगतन्त्र,) लगायत सम्पूर्ण बौद्ध वाङ्मयका ग्रन्थहरू भोटली भाषामा अनुवाद गरी अध्ययन-अध्यायपन गरिएको थियो (शेर्पा, वि.स. २०६३, पृ.२२) । यस परम्परामा मूलगुरु पद्मसम्भव, इष्ट देवता वा आत्मदेवताका रुपमा अष्टहेरूक, सिंहमुख र बज्रवाराही आदिलाई शक्तिस्वरूप डाकिनी (देवी) मानिन्छ भने मूल दर्शनमा जोग्क्षेन (महासन्धि) अर्थात् महासम्पन्न नौ यान (श्रावकयान, प्रत्येकबुद्धयान, बोधिसत्वयान क्रियायान, चर्यायान, योगयान, अतियोग, अनुयोग र महा अतियोग) भन्ने गरेको पाइन्छ (शेर्पा, वि.स. २०६३, पृ.२२) । यस ञिङमा सम्प्रदायमा राजा ठिस्रोङ देउचेन, पद्मसम्भव र शान्तरक्षितलाई यस सम्प्रदायका मूल संस्थापक एवम् धर्म विस्तार गर्ने गुरु र उपासकका रूपमा लिने गरिन्छ । यी तिनजनालाई लामा बौद्ध धर्मावलम्बीहरू खेन, लोव र छ्योसुमको उपनामले सम्बोधन गर्दछन् । यसरी ञिङ्मा सम्प्रदाय तिब्वतका खाम प्रान्त, मध्य-तिब्वत र नेपालको

उत्तरी हिमाली क्षेत्र संखुवासभा, सोलुखुम्बू, रामेछाप, दोलखा र सिन्धुपाल्चोक लगायत अधिकांश हिमाली जिल्लाहरूमा रहेको पाइन्छ (शेर्पा, वि.स. २०६३, पृ.२३) ।

नेपालमा सिन्धुपाल्चोक जिल्लाको उत्तरी क्षेत्र हेलम्बुमा प्राचीनकालदेखि नै ञिङ्मा सम्प्रदायको अस्तित्त्व रहेको देखिन्छ । प्राचीनकालदेखि यस स्थानमा बसोबास गर्दै आएका ह्योल्मो समुदायले ञिङ्मा धर्म र दर्शनलाई  अँगालेको देखिन्छ । ८ औं शताब्दीमा ञिङमा सम्प्रदायका धर्मगुरु पद्मसम्भव यस स्थानमा आएर ध्यान गरेका गुफा तथा डाकिनी गुफाहरूका आधारबाट पनि यस तर्कलाई प्रमाणित गर्न सकिन्छ । पद्मसम्भवको आगमनपछि यस क्षेत्रको प्रख्याति बढ्दै गयो । प्राचीनकालदेखि नै यस क्षेत्रमा ञिङ्मा सम्प्रदायका विभिन्न सिद्धिप्राप्त धर्मगुरुहरू आएर ध्यान-साधना र शिक्षा प्रदान गर्दै आएको इतिहास पाइन्छ । विभिन्न धार्मिक गुरुहरूले विभिन्न समयमा यहाँ आएर ञिङ्मा परम्परामा आधारित गोन्पाहरू  बनाएको तथ्य हाल अस्तित्त्वमा रहेका गोन्पाहरूले प्रमाणित गरेका छन् ।

मानवशास्त्रीहरूको धर्म र संस्कृतिका बारेमा धेरै अनुसन्धान गरेका छन् । सामाजिक प्रक्रियाहरूको परिचालनमा धर्म र संस्कृतिको महत्त्वपूर्ण भूमिका हुन्छ भन्ने मानवशास्त्रीहरूको निष्कर्ष रहेको छ । मानवशास्त्री Emile Durkhiem ले Elementary From Religious Life मा धर्मले सामाजिक सद्भावलाई उत्प्रेरित गर्ने गर्दछ भने सामाजिक एकतालाई एकीकृत गर्ने कार्य गर्दछ भन्ने उल्लेख गरिएको पाइन्छ (Durkhiem, 1965, p.7) । त्यस्तै गरी A.R. Radicliffe– Brown ले आदिमकालदेखि धर्मले मानव समाजमा संविधानको रुपमा प्रर्काय (कार्य) गर्ने गर्दथ्यो भन्ने विचार व्यक्त गरेका छन् । आदिकालदेखि नै धर्मले समुदायमा सामाजिक प्रर्कायका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ भन्ने भनाइ महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ भन्ने Brown को तर्क उचित छ (Brown,1952,p.163) । धर्मको यी परिभाषाहरूलाई सैद्धान्तिकीकरण गर्दा ह्योल्मो समुदायको सामाजिक तथा सांस्कृतिक परिचालनमा धर्मको विशेष भूमिका रहेको देखिन्छ । यस समुदायमा प्राचीनकालदेखि नै ञिङ्मा सम्प्रदायमा आधारित धर्मले सांस्कृतिक एवम् सामाजिक एकतालाई बलियो बनाएको पाइन्छ । धर्मले उनीहरूको समाजलाई व्यवस्थित गर्न कानुनको भूमिका निर्वाह गरेको देखिन्छ ।

## ५.२.५ धार्मिक पूजा तथा  पर्वहरू

नेपालमा बसोबास गर्ने विभिन्न जातीय समुदायले आ-आफ्ना धार्मिक एवम् सांस्कृतिक विश्वासअनुसार चाडपर्वहरू मनाउने गरेका छन् । यसरी नै ह्योल्मो समुदायले पनि परम्पराअनुसार सामाजिक र धार्मिक पर्वहरू मनाउने चलन रहेको छ । धर्मका बारेमा मानवशास्त्रीहरूले विभिन्न धारणाहरू व्यक्त गरेका छन् । धर्म भनेको एउटा संयन्त्र हो यसले व्यक्तिमाथि प्रभुत्त्व मात्र नजमाएर उनीहरूमा सामान्य सक्षमता र दक्षताको कदर पनि गर्ने गर्दछ । मानवशास्त्री Brown ले समुदायमा धर्मले सामाजिक संरचनाको कार्य गर्दछ भन्ने विचार व्यक्त गरेका छन् (Brown, 1952, p. 153) । यसरी नै Emile Durkheim पनि  The Elementary from of Religious life मा धर्मका बारेमा उल्लेख गरेका छन् । यसमा उनले धर्मले कसरी समाजलाई बाँधेर राखेको हुन्छ भनेर आफ्नो धारणा अघि सारेका

छन् । मानवशास्त्री Durkheim ले धर्मका आधारमा नै सामाजिक संरचनाको आधार तयार हुन्छ भन्दै धर्म एउटा अभौतिक संस्कृतिका रूपमा रहेको उल्लेख गरेका छन् (Durkheim, 1965, pp.1–5) । उनले धर्मलाई प्रकार्यात्मक संरचनाको सिद्धान्तका रूपमा चर्चा गरेका छन् । मानवशास्त्री Malinowski ले खासखासका सांस्कृतिक तत्त्वहरूले विशिष्ट प्रकारको प्रकार्य गरिरहेको हुन्छ भन्दै कुनै सांस्कृतिक गुणहरू प्रकार्यविहीन छ भने त्यो संस्कृति अस्तित्त्वमा रहँदैन भन्ने कुरा उल्लेख गरेका छन् (Malinowski, 1960, p.67) । यसरी धर्मलाई संस्कृतिको संरचना प्रकार्यवाद सिद्धान्तका रूपमा मानवशास्त्रीहरूले धर्मलाई आ-आफ्ना किसिमले व्याख्या गरेका छन् ।

ह्योल्मो समुदाय बसोबास गर्ने गाउँको प्रत्येक टोलमा गुम्बा बनाइएको हुन्छ । गुम्बा निर्माण नभएका गाउँहरूमा पाहुनाघरको निर्माण गरिएको हुन्छ । यसरी निर्माण गरिएका गुम्बा तथा पाहुना घरहरूमा धार्मिक एवम् सामाजिक चाडपर्वहरू मनाइन्छ (लामा, वि.स.२०६७, पृ. १५७) । कुनै पनि सांस्कृतिक पर्वहरू मनाउँदा विशेष गरी गुठी वा गुम्बा सञ्चालन समितिले निर्णय गरे अनुसार गुठीयार सदस्यहरूले पर्वको आयोजना गर्नुपर्ने हुन्छ । ह्योल्मो समुदायमा पर्व मनाउनका लागि आवश्यक सामग्रीहरू सङ्कलन गर्न प्रत्येक गुठीयार सदस्यहरूको घर-धुरीहरूबाट तोकेबमोजिम चामल, रक्सी, मकै, दाउरा र रकम गुठी मार्फत् आयोजकलाई अनिवार्य रूपमा बुझाउनुपर्ने व्यवस्था रही आएको छ । साथै प्रत्येक गुठीयारको घरबाट एकजना सदस्य अनिवार्य उपस्थित हुनुपर्ने नियम रहेको छ (दावा साङवो लामासँग मिति २०७७ । ६ । १७ मा लिइएको अन्तर्वार्तामा आधारित) ।

यसरी ह्योल्मो समुदायका गुठीयार सदस्यहरूले बुझाएका सामग्रीहरू पुग-नपुग वा बढी भएमा सम्पूर्ण जिम्मा आयोजकले लिनु पर्दछ । आयोजना गर्ने गुठीयार सदस्यलाई ह्योल्मो भाषामा ङयेयेरपा भनिन्छ । ह्योल्मो समुदायमा धार्मिक पर्वहरू बार्षिक रुपमा अयोजना गरिने भएकाले पर्वको अन्तिम दिनमा गुठी वा गुम्बा सञ्चालन समितिको निर्णयबमोजिम अर्को वर्षका लागि क्रमिक रूपले गुठियार सदस्यहरूबाट नै तोकिने गरेको पाइन्छ । यसपछि यसबर्षको आयोजक र आगामी वर्षका आयोजकलाई गुम्बाभित्र विशेष स्थानमा राखी प्रमुख लामाद्वारा बिदाइ र स्वागतस्वरूप खादा लगाई आशीर्वाद दिने चलन छ । यसपछि कपमा (फुरु) निगार वा रक्सी हाली तिन ठाउँमा घिउको टीको (यर्का) लगाउने चलन रहेको छ । त्यसपछि कपलाई नयाँ आयोजकले समाउँदै लामाहरूले मन्त्र जप गरी देवीदेवताहरूलाई सगुन चढाउने चलन रहेको छ । त्यसपछि हुने नयाँ आयोजकले पनि सगुनलाई साहिंली औंलाले देवी-देवताहरूलाई चढाउने परम्परा रहेको छ (लामागुरु पासाङ तेम्बा लामासँग मिति वि.स.२०७७ । ३ । ७ मा लिइएको अन्तर्वार्ता) । त्यसपछि ह्योल्मो समुदायले यस वर्षको धार्मिक पर्व विधिवत् रूपमा समापन भएको घोषणा गर्दछ । ह्योल्मो समुदायले मनाउने गरेका विभिन्न धार्मिक पर्वहरू निम्नअनुसार रहेका छन् :

### (क) नरग् दुङ्डो (न्हरा पर्व)

ह्योल्मो समुदायले मनाउने विभिन्न धार्मिक पर्वहरूमध्ये महत्त्वपूर्ण पर्वका रूपमा नरग् दुङडो पनि एक धार्मिक पर्व हो । बौद्ध महायान/बज्रयान धर्म विधिअनुसार पृथ्वीमा रहेका प्राणीले विभिन्न कारणवश बुद्धलोक वा सुखावतिलोक प्राप्त गर्न सकिराखेको हुँदैन । यसरी स्वर्गलोकमा बास गर्न नसकिएको र विभिन्न प्रकारले नर्कलोकमा परेका प्राणी एवं वर्षभरि काटमार गरिएको प्राणीको शान्ति-स्वस्ति, उद्धार तथा मुक्तिका लागि यो धार्मिक पर्व मनाउने गरिन्छ । आ-आफना धार्मिक सम्प्रदायअनुसार ह्योल्मो बसोबास रहेको सबै क्षेत्रका गोन्पाहरूमा यो पूजा आयोजना गरिने परम्परा रहेको छ (लामागुरु पासाङ तेम्बा लामासँग मिति वि.स. २०७७ । ३ । ७ मा लिइएको अन्तर्वार्ता) । यस पूजालाई ह्योल्मो भाषामा “नरग् दुङ्डो” भनिन्छ ।

नरग् दुङ्डो पूजा परम्परागत रूपमा गरिदै आएको हो । यो पूजा गर्दा गँहुको पीठोबाट स्वस्तिक स्वरूपमा चिह्न बनाई स्येरु तेलमा पकाइने चलन रहेको छ । स्येरु भगवान्लाई प्रसादस्वरूप चढाउने परम्परा छ । उपस्थित प्रमुख लामा, अन्य लामाहरू, गुठीयार सदस्य लगायत अन्य आमन्त्रित भक्तजनहरूलाई पनि प्रसादका रुपमा दिने चलन छ । त्यसपछि सांस्कृतिक विभागका प्रमुख लगायत तिनजना लामा गोन्पाभित्र उपस्थित भई स्याल्गार (सगुन), स्येरू र धुप बोकी गीतका माध्यमबाट देवीदेवता लगायत उपस्थित सबैलाई स्येरू ग्रहण गर्न आग्रह गरिन्छ । त्यसपछि लामाद्वारा धार्मिक विधिद्वारा भगवान्लाई चढाएपछि मात्र स्येरू प्रसादस्वरूप ग्रहण गरिने चलन रहेको छ । नरग् दुङ्डोका लागि अन्य भक्तजन वा आमन्त्रित पाहुनाहरूलाई प्रसादस्वरूप प्रदान गरिने स्याल्गार (सगुन) लाई ह्योल्मो भाषामा “कारलोङ” भनिन्छ ।

यसरी बौद्ध धार्मिक ग्रन्थहरूमा उल्लेख भएअनुसार विभिन्न कारणले मृत्यु भई भर्दो (अर्न्तभाव) वा विभिन्न नर्कलोकमा परी मुक्ति पाउन नसकेका सारा प्राणीले मुक्ति प्राप्त गर्न सकून् भन्ने मान्यताका साथ यो पूजा गर्ने प्रचलन रहेको छ । यस पूजाको अन्तिम दिन लामा गुरुद्वारा अभिषेक गरिसकेपछि यस वर्षको नरग् डुङडो पूजा सम्पन्न भएको मानिन्छ (लामागुरु पासाङ तेम्बा लामासँग मिति २०७७ । ३ । ७ मा लिइएको अन्तर्वार्तामा आधारित) । ह्योल्मो समुदायमा यस पूजालाई मानिसले सुखवतीलोक प्राप्त गर्ने माध्यमका रूपमा लिएको हुँदा यसको छुट्टै महत्त्व रहेको छ ।

### (ख) मणिबुम पूजा

लामा बौद्धधर्ममा मणिले आर्य अवलोकितेश्वरको चिन्तामणि अर्थात् “ॐ मणि पद्मे हुँ” भन्ने मूलमन्त्रलाई जनाउँछ । उत्तरी हिमाली क्षेत्र आर्य अवलोकितेश्वरको विशेष कर्मक्षेत्र भएकाले यस क्षेत्रमा बसोबास गर्ने जातजातिले आर्यअवलोकितेश्वरलाई आफ्नो इष्टदेवका रूपमा मान्दै यिनको मूलमन्त्र “ॐ मणि पद्मे हुँ” जप्दछन् । यसको साथसाथै ह्योल्मो समुदायले विभिन्न किसिमका मण्डला, थाङका, मूर्ति, गोन्पा निर्माण गरी आर्य-अवलोकितेश्वरको पूजापाठ गर्दछन् । यसरी आफ्नो इष्टदेवलाई सन्तुष्ट पार्न गरिने मन्त्रपाठ र भजन-कीर्तन गर्ने कार्यलाई मणि भनिएको हो ।

हिमाली बौद्ध धर्मावलम्बीहरूले यस मन्त्रलाई विशेष महत्त्वका साथ पाठ गर्ने र लयबद्ध ढङ्गले भजन-कीर्तन गर्ने गर्दछन् । यस मन्त्रमा रहेका ६ वटा वर्णहरूले षडाक्षरी मंत्रका विभिन्न अर्थ दिएको देखिन्छ । विभिन्न बौद्धग्रन्थ तथा धार्मिक लामा गुरुहरूकाअनुसार यो मन्त्र पाठ गर्दा धेरै बाधा, दु:ख-कष्ट हटी विश्वभरि शान्ति फैलने विश्वास गरिन्छ (पासाङ तेम्बा लामाँग मिति (२०७७ । ३ । ७ लिएको अन्तर्वार्तामा आधारित) । यस मन्त्रलाई एकाग्र भई जप गर्नाले साधकले मानसिक तथा शारिरीक शान्ति प्राप्त गर्ने विश्वास ह्योल्मो समुदायमा रहेको छ ।

यस समुदायमा आर्य अवलोकितेश्वरलाई करूणाको प्रतीकका रुपमा लिइन्छ । त्यसैले उपासकहरूले आर्य अवलोकितेश्वरको मन्त्र जति धेरै जप गर्न सक्यो, त्यति नै करूणा उत्पन्न भई प्राणीको हित तथा उद्धार गर्न सकिन्छ भन्ने विश्वास रहेको छ । आर्य अवलोकितेश्वरलाई लोकको कल्याण गर्ने देवताका रूपमा लिइन्छ । मणि मन्त्रको पाठ गर्नाले मैत्री र करूणा भावना जागृत हुन्छ । आफ्नो सुख र हितका लागि प्रयास नगरी अन्य प्राणीहरूलाई दु:खबाट मुक्त गर्ने आर्यअवलोकितेश्वर नै मैत्री र करूणाका प्रतीक हुन् । ह्योल्मो समुदायमा यस अभ्यासबाट नै वोधिचित्त प्राप्त हुन्छ भन्ने विश्वास रहेको छ । वोधिचित्तको अभ्यास नै बुद्धत्त्व प्राप्त गर्ने सरल उपाय पनि हो । वोधिचित्तको अभ्यास गरेको व्यक्तिले नर्कलोकमा जन्म लिनुपर्दैन भन्ने धार्मिक विश्वास छ । यस किसिमको धार्मिक अभ्यासबाट करूणामय अवलोकितेश्वरमा भएको गुण आफ्नो चित्तमा सञ्चार भई आफू पनि अवलोकितेश्वर जस्तै लोकप्रिय हुने, लोकको उद्धार गर्ने काममा कुनै किसिमको असजिलो र दु:ख नहुने, मनोभावना सिद्ध हुने, विध्न-वाधा, दु:ख, रोग र कष्टहरू हटेर जाने र विश्वमा सुख तथा शान्ति कायम हुने, पापकर्महरू नष्ट भई चित्त शुद्ध हुने विश्वास ह्योल्मो जातिमा रहेको छ । त्यसकारण ह्योल्मो समुदायमा मानिसहरूले अवलोकितेश्वरको पाठ-पूजा गरी मणि जप गर्ने साधनामा निरन्तर लागिरहेका हुन्छन् ।

हिमाली क्षेत्रका बौद्धधर्मावलम्बीहरू हातमा विभिन्न प्रकारका मालाहरू धारण गरी निरन्तर “ॐ मणि पद्मे हुँ” मन्त्र जप्ने गर्छन् । उपासक-उपासिका, भिक्षु-भिक्षुणीहरू विभिन्न समयमा धार्मिक तीर्थस्थल, गोन्पा तथा चैत्यहरूमा भेला भई लयबद्ध रुपमा अवलोकितेश्वरको ध्यान साधना गरी मणिको मन्त्र जप गर्दछन् (लामागुरु पासाङ तेम्बा लामासँग मिति २०७७ । ३ । ७ मा लिइएको अन्तर्वार्तामा आधारित) ।

विशेष गरी ह्योल्मो समुदायले औंसी र पूर्णिमा लगायत अन्य पवित्र दिनमा पञ्चशिल र अष्टशिलको व्रत बसी मणिजप गर्दछन् । प्रमुख लामा गुरुद्वारा मणिपाठ गराएर अरूलाई अनुसरण गर्न लगाउने र ध्यानपूर्वक सुन्न लगाइन्छ । यसरी प्रार्थना गर्दा अवलोकितेश्वर करूणामयका स्वामी भएको हुनाले जुन साधकले बढी मणि जप गऱ्यो, उसको चित्तमा उत्तिनै करूणा उत्पत्ति भई प्राणीको हित तथा सुखमय हुने विश्वास रहेको छ । यसैगरी कुनै गाउँ- घरको उपकारका लागि वा मृतकको सुखावती लोक प्राप्त होस् भन्ने कामनाका लागि  सामूहिक रूपमा मणि जप गरिन्छ ।

दसैंको अष्टमीको दिन यस पूजाको आयोजना गरिन्छ । मणिबुम भनेको "एक लाख मणि" हो भने पूजाका दिनमा मणिलाई एक लाख मणि मन्त्र जप्ने भएकाले यस पर्वको नाम मणिबुम रहन गएको हो । यसरी नै मणिबुम पूजामा आर्य अवलोकितेश्वरको मूलमन्त्र "ॐ मणि पद्मे हुँ" एक लाख पटक जप गरी धार्मिक विधि अनुसार पूजापाठ सम्पन्न गरिन्छ । यो पूजा दसैंको समयमा हिन्दूधर्मावलम्बीहरूद्वारा भगवान्का नाममा विभिन्न पशुपन्छीहरूको बलि दिइन्छ । उक्त प्राणीहरूको आत्मले सजिलै स्वर्गलोक, बुद्धलोक प्राप्त गरुन् र नरकलोकबाट मुक्ति प्राप्त होस् भन्ने उद्देश्यले ह्योल्मो समुदायमा मणिबुम पूजाको आयोजना गरिन्छ । पूजाको अन्तिम दिन "ॐ मणि पद्मे हुँ" मन्त्र जप्दै लामाहरूले झ्याम्टा र ढ्याङग्रो बजाउँदै लामबद्ध भएर नृत्य प्रदर्शन गर्छन् । पूजा सम्पन्न भएपछि भक्तजनलाई प्रसाद वितरण गरिन्छ (लामागुरु पासाङ तेम्बा लामासँग मिति २०७७ । ३ । ७ मा लिइएको अन्तर्वार्तामा आधारित) । यस प्रकार ह्योल्मो समुदायमा मणिबुम पूजाको आफ्नै किसिमको महत्त्वपूर्ण विशेषता रहेको पाइन्छ ।

## (ग) ञ्युङ्ने पूजा (उपवास)

हिमाली बौद्धधर्म परम्पराअनुसार जुन मानिसले उपवास (व्रत) गरेको हुन्छ, उसले चालिस हजार युगसम्म गरेको पापबाट मुक्ति पाई मनुष्य र देवताको पद प्राप्त गर्दछ भन्ने विश्वास गरिन्छ । आठ पटकसम्म यस्तो उपवास अर्थात् व्रत बस्नेले स्रोतापति समानको पद प्राप्त भई लोकधातु सुखावतीमा जन्म हुन्छ भन्ने विश्वास छ । त्यसैगरी पच्चिस पटक व्रत बस्नेले सकिदागामि समान भई असी हजार युगसम्म गरेको पाप नष्ट हुने विश्वास गरिएको पाइन्छ (शेर्पा, विस.२०६३,पृ. १५५) । कुनै व्यक्तिले पचास पटकसम्म यो व्रत लियो भने अनागामी समान भई ठिट्ग (१० हजार) युगको पाप नष्ट हुने उल्लेख गरिएको छ । त्यस्तैगरी एक सय आठपटक व्रत लिएको खण्डमा अर्हत (डच्योम) समान भई एक खरब कल्पको पाप नाश हुने बताइएको छ । व्रत बस्नेहरू सुखावतीमा अपरिमित आयु बुद्धको सानिध्यमा (उपचरण) जन्म लिने निश्चित मानिएको छ । मानवको शरीरले व्रत लिई बस्दा पाप नष्ट हुन्छ भने मनले व्रत लिई बस्दा चित्तको पाप समेत नष्ट हुने विश्वास रहेको छ । यसरी व्रत लिई खाना नखाई बस्दा प्रेतमा जन्म हुदैन भन्ने विश्वास रहेको छ । व्रत बस्दा पशु जातिमा जन्म हुदैन । मनले एकाग्रचित्त भई व्रत बस्दा नारकीय लोकमा जन्म लिनुपर्ने छैन भन्ने लोकविश्वास छ (शेर्पा, वि.स. २०६३, पृ. १५५) । व्रत लिई बस्दा रूप राम्रो, सुन्दर र आर्कषक हुने विश्वास रहेको छ । त्यसरी मौन व्रत बस्दा घाँटी र जिब्रोले कुरा गर्न सजिलो भई वाक्य स्पष्ट र शुद्ध हुन्छ । मनलाई एकाग्रचित्त गर्दा चित्त खुलस्त र शुद्ध हुन्छ । शरीरले व्रत लिंदा बस्दा शरीर स्वर्णाकार जस्तो सुन्दर हुने र मुखले व्रत लिई बस्दा वाक् ब्रह्मेश्वर जस्तो मधुर रहने विश्वास गरिएको छ । त्यस्तैगरी चित्त व्रत लिई बस्दा ज्ञान बुद्धि अवरोध नहुने । शरीर व्रतमा बस्दा ३२ महापुरुष लक्षण र ८० अनुव्यजनले विभूषित भएको शरीर हुने विश्वास छ । मुख व्रतमा बस्दा बुद्रका वचन विशेषताहरू प्राप्त हुने र एकपटक व्रत शिलमा बस्दा पनि चालिस हजार युगका पाप नष्ट हुने विश्वास गरिएको छ । एकादशमुख अवलोकितेश्वरको मन्त्रमै भनिएकोछ कि जुनसुकै व्यक्तिले अष्टमी, दशमी र पूर्णिमामा व्रत बस्ने विचारले शील राम्ररी ग्रहण गरी धर्मानुसार परिशुद्ध भई एकाग्रचित्त भएर आर्य अवलोकितेश्वरलाई मन्त्र-जप गर्ने र भजन-कीर्तन गरेको खण्डमा

चालिस हजार युगको संसार तलतिर झारिदिन्छ भन्ने विश्वास गरिएको छ । यसरी मन्त्रजप र भजन-कीर्तन गरेमा एक लाख करोड बुद्धको नाम जपेको भन्दा बढी महत्त्व हुन्छ भन्ने मान्यता रहेको छ (शेर्पा, वि.स. २०६३, पृ. १५५-१५६) ।

ह्योल्मो समुदायले मनाउने विभिन्न धार्मिक पर्वहरूमध्ये ञ्युङने (मौनब्रर्त) पर्वको पनि छुट्टै किसिमको महत्त्व रहेको छ । यस्तो खालको मौनव्रत सबै धर्मका अनुयायीहरूले पनि अनुसरण गरेको देखिन्छ । व्रत बस्दा चोखो र शुद्ध हुन्छ भन्ने विश्वास प्रत्येक धार्मिक समुदायमा छ । यसरी मौनव्रत पालन गर्दा ठूलो-सानो, धनी, गरीब जुनसुकै जातजाति एवम् समुदायको भए तापनि सबै जनाले बराबरको शील पालना गर्नुपर्ने नियम रहेको छ । यस उपवासमा लामाले सबै मानिसहरूलाई समान व्यवहार गर्ने गर्दछ (जोशी, वि.स. २०७३, पृ.३४) ।

यस्तो उपवास गृहस्थीका लागि उत्तम र लाभदायक भएको हुनाले ह्योल्मो समुदायमा यो पूजा विशेष महत्त्वका साथ सम्पन्न गरिन्छ । ञ्युङनेमा सहभागी हुनाका लागि भक्तजनहरूले आफूलाई आवश्यक पर्ने लुगा, ओढ्ने र ओछ्याउने लगायतका सबै सामग्रीहरू लिएर गुम्बामा जानुपर्ने नियम छ । भक्तजनहरू उपवास बस्ने क्रममा प्रमुख लामाद्वारा दिएको शिल ग्रहण गरिसकेपछि करिब १५/१६ घण्टासम्म ब्रत बस्नेले केही पनि खान नहुने, बोल्न पनि नहुने र लामाद्वारा प्रदान गरिएको मन्त्र जपेर बस्नुपर्ने नियम रहेको छ (लामा, वि.स. २०६७, पृ.१६४) । भक्तजनहरूले व्रत सिद्धिएपछि मात्र खाना खाने र बोल्न पाउने नियम रहेको छ । त्यसरी उपवास बस्दाको समयमा आर्य अवलोकितेश्वरको पूजा गर्ने परम्परा रहेको छ । उपबासको अन्तिम दिन प्रसाद वितरण गरी मौनव्रत पूजाको कार्यक्रम समापन गरिन्छ ।

### (च) छेच्यु पूजा (दशमी)

छेच्यु पूजा ह्योल्मो समुदायले बार्षिक रूपमा मनाइने परम्परागत पूजा हो । ह्योल्मो भाषामा “छे” भनेको तिथि र “च्यु” को अर्थ “दश” अर्थात्“दशमी” तिथिलाई जनाउँछ । बौद्ध महायानी परम्पराअनुसार गुरु पद्मसम्भवलाई दोस्रो गौतम बुद्धका रूपमा लिने गरिन्छ । प्रत्येक महिनाको दशमी तिथिमा गुरु पद्मसम्भवको दिवस भएकाले उक्त दिनलाई विशेष महत्त्व दिई गुरु रेम्पोछेको पूजा गरिने प्रचलन छ (जोशी, वि.स. २०७३, पृ.३३) । यसरी पात्रोका आधारमा पहिलो महिनाको दशमीदेखि प्रत्येक दशमीमा छेच्यु पूजा मनाइन्छ भने छेच्यु पूजामा भने लामानाच गर्ने प्रचलन छैन, तर १२ औं महिनाको दशमीमा भव्यताका साथ छेच्यु पूजा गर्ने परम्परा रहेको छ । १२ औं महिनाको प्रतिपदादेखि सुरूवात हुने सोनाम लोसारको प्रारम्भसँगै ह्योल्मो समुदायले गुम्बामा १६ ठेली (बुम) वा त्रिपिटक (काग्युर) ग्रन्थको बचन गर्ने कार्य सुरू गर्छन् । अष्टमीको दिनमा छ्योपिन (सहयोगी लामा) लगायत ४/५ जना लामाहरूले छेच्युसम्बन्धी तोरम बनाउने कार्य गर्दछन् । नवमीको दिन बिहान “साङ” (धुप बालेर शुद्ध) सेरकिम सहित पूजा गरी बेलुकी छेच्यु सम्बन्धित पूजा गरिन्छ भने दोस्रो दिन अर्थात् दशमीको दिनमा बिहान विभिन्न पूजा सम्पन्न गरिसकेपछि लामाहरूलाई भोजन गराउने काम गरिन्छ । छेच्यु पूजामा

आफ्नो गुठियार, भक्तजन र अन्य पाहुनाहरूको उपस्थिति रहेको हुन्छ । मध्यान्ह १२ बजेदेखि ह्योल्मो समुदायका लामाहरूले निम्न -अनुसारका पोसाकहरू लगाएर लामबद्ध भई नृत्य सुरूवात गर्दछन् :

| ह्योल्मो भाषा | नेपाली भाषा |
|---|---|
| १. गुरु रेम्पोछे | गुरु पद्मसम्भव |
| २. यिस्ये छोग्याल | डाकिनी |
| ३. ल्हछयेन मेन्दारावा | डाकिनी |
| ४. तन्डिना वा गुरु डक्पो | इष्टदेव |
| ५. सिङदोङ | सिंहमुखी डाकिनी |
| ६. गोन्पो मनिङ | धर्मपाल |
| ७. गेलोङ | भिक्षु |
| ८. जोगी फो-जोगिमो | योगीयोगनी आदि पहिरनमा |

(दावा साङबो लामासँग मिति २०७७ । ६ । १७ मा लिइएको अन्तर्वार्तामा आधारित) ।

यसरी उल्लिखित पोसाकहरूमा लामालाई तयार गरेपछि बाहिरी भागबाट सांकृतिक विभागका प्रमुख लामाको नेतृत्वमा सम्पूर्ण टोली र अन्य उपस्थित तथा लामाहरू स्वागतका लागि सगुन (स्यागर), खादा बालेको धुप बोकेर लामबद्ध भई बसेका हुन्छन् । गुम्बाभित्रबाट प्रमुख लामाद्वारा वज्रकिला र गरुडको मन्त्र जप गर्दै सबै लामालाई कालो टीका तिन ठाउँमा लगाइदिने चलन रहेको छ र देवी देवताहरूलाई अमृत (सर्किम) चढाउने गरिन्छ । यसरी गुम्बाभित्र र बाहिरबाट एक-एकजना लामाले पालै-पालो गरी काङ्लिङ (मुखले फुक्ने बाजा) तिन-तिन पटक फुकेपछि मात्र लामाहरू क्रमबद्ध रूपले नाच्दै बाहिरी भागमा आउने गर्दछन् । यस समयमा बाहिरी भागमा उपस्थित सांस्कृतिक टोलीहरूले गीतद्वारा लामाहरूलाई स्वागत गर्दछन् भने लामाहरूले छेच्यु पूजाको पहिलो नाच सम्पन्न गरी आ-आफ्ना स्थान ग्रहण गरेपछि, सांस्कृतिक टोलीले गद्दीमा (ठी) राखिएको गुरु रेम्पोछे लगायत सबैलाई गीतका माध्यमबाट “तेप्पा वा तेरा” फल्गोन” अभिनन्दन सहित पञ्चामृत चढाउने गर्दछन् (लामा, वि.स. २०७२, पृ. २१७) । यसरी सांस्कृतिक टोलीद्धारा छेच्युबारे गीत गाउँदै स्याप्रु नाच सम्पन्न गरिन्छ । लामाहरूको नाच र स्याप्रु नाच पालैपालो गरी नाचगान गरिन्छ । भोलिपल्ट पनि लामाद्वारा पुनः नाचको सुरुवात गरिन्छ भने तत्पश्चात् लामाहरू गुम्बामा फर्केपछि मङगलम (टासी) मन्त्र वाचन गर्दै लामानाच सम्पन्न भएको घोषणा गरिन्छ । त्यसपछि प्रमुख लामाद्वारा अभिषेक प्रदान गरेपछि लाखे (ज्यूङबु) नाच नाची भूतप्रेतलाई भगाउने गरिन्छ (लामा, वि.स. २०६७, पृ.१६६) । यसरी ह्योल्मो समुदायमा छेच्यु पूजा प्रत्येक वर्षको दशमीको दिन भव्य रूपमा मनाउने गरिन्छ ।

ह्योल्मो समुदायमा यस्तो पूजा आयोजना गर्नाको कारण भूत, प्रेत, पिशाच तथा अन्य सबै खालका राक्षसहरूका दूषित आत्मा आदिलाई लामाद्वारा मन्त्र जप गरी बोलाउने र आत्मालाई राक्षसस्वरूपमा (लिङगा) समावेश गरी आत्मालाई लामाको वज्र (दोर्जे) र फुर्व (किला) द्वारा आफ्नो

वशमा ल्याएर आत्मालाई शुद्ध पारी बुद्धलोकमा पठाइने मान्यता रहेको छ । यस्तो कार्य गर्दा रोग, व्याधि, अनिकाल, हावाहुरी, असिना आदिको रोगथाम हुनुका साथै यस्तो कार्यबाट बालीनालीका लागि पानी पर्ने र सुख, शान्ति, समृद्धि तथा प्रगति हुन्छ भन्ने उल्लेख धार्मिक ग्रन्थहरूमा गरिएको छ (लामा, वि.स. २०७२, पृ.२१७) । यस धार्मिक नाचका लागि लामाहरूलाई आ-आफ्नो ज्ञानअनुसारको पोसाकमा मात्र सहभागी गराइन्छ । यो साधारण मनोरञ्जन मात्र नभई यस पूजामा भाग लिए बापत विशेष आशीर्वाद पाइने ह्योल्मो समुदायको विश्वास रहेको छ । त्यसैले ह्योल्मो समाजमा छेच्यु (दशमी) पूजाको छुट्टै महत्त्व रहेको छ ।

## ५.२.६ धुप (साङ्) पूजा विधि

ह्योल्मो भाषामा अशुद्धलाई शुद्ध गर्ने प्रक्रियालाई साङ् भनिन्छ । देवी-देवतालाई शुद्ध पार्ने (ल्हासाङ), गाउँ-घर शुद्ध गर्ने (युलसाङ्), जन्म हुँदाको दुर्गन्ध (क्येडिपा) र मृत्यु हुँदाको दुर्गन्ध (स्यिडिप) आदिलाई शुद्ध गर्न ह्योल्मो समुदायमा साङ् पूजा अनिवार्य गरिएको हो । विशेषतः विभिन्न प्रकारका दुर्गन्ध हटाउन र असिना, पानी, हावाहुरी, अनिकाल, रोगव्याधी तथा महामारी फैलिन नदिन, अशान्ति हुनबाट रोकथाम गर्न शान्तिका निम्ति साङ्पूजा गरिन्छ (जोशी, वि.स. २०७३. पृ.३७) । यस पूजामा विशेषतः कुलदेवता, भूमिपति लगायतका देवीदेवताको पूजा तथा आराधना गरिन्छ ।

साङ्का लागि विभिन्न किसिमका धुपहरू प्रयोग गरिन्छ । यस पूजामा प्रयोग गरिने सुगन्धित धुपहरूमा सल्लो, साल, सुनपाती, रक्तचन्दन, श्रीखण्ड, तितेपाती आदि प्रमुख हुन् । यस पूजामा दही, मह, सातु, चामलको पिठो लगायतका वस्तुहरू मिसाएर पनि साङ बनाइन्छ । यसरी पूजा गर्दा साङलाई पानीमा मिसाएर कलश (बुम) भित्र राखिन्छ । यसपछि लामाले धार्मिक विधिअनुसार कलशको पानीले अभिशेक गर्दै धुप बालेर शुद्ध गर्ने काम गर्दछ । (लामा, वि.स. २०७२, पृ. २१२) । यसरी साङ् पूजा गरेपछि सबै प्रकारका अशुद्धिहरू शुद्ध भएको मानिन्छ । अतः ह्योल्मो समुदायमा प्रचलित हरेक प्रकारका शुभ अशुभ संस्कार, अनुष्ठान र पूजापाठमा साङ पूजा अनिवार्य छ । समयमा पानी परोस्, अन्नबाली राम्रो होस, गाउँघरमा विभिन्न प्रकृतिका वाधा, अडचन नआऊन् भन्ने कामनाका साथ उधौली पर्व मनाउँदै गर्दा यसै अवसरमा साङ् पूजा गरिन्छ । गुम्बाका प्रमुख लामाले अन्नबालीको संरक्षणका निम्ति साङपूजा गर्ने गर्दछन् (लामा, वि.स.२०६७, पृ. १६७) । ग्रामीण जीवन एवम् पशुधन र अन्नवालीको संरक्षणका लागि साङपूजा गरेबापत् जजमानहरूले आफ्ना प्रमुख लामालाई वर्षको २/३ पाथी अन्न (योल्मोपा भाषामा सेरसुङ पदी) अर्थात् लामा पाथी सम्मानपूर्वक प्रदान गरिन्छ (लामा, वि.स.२०६७, पृ. १६७) । त्यसैले तिनीहरूको समुदायमा साङ् पूजाको विशेष महत्त्व रहेको छ । अन्नबाली तथा पशुधनको सुरक्षा, प्राकृतिक प्रकोप तथा मानवजातीको शुद्ध-अशुद्ध संस्कार र कल्याणका लागि साङ्पूजा विशेष महत्त्वका साथ सम्पन्न गर्नु ह्योल्मो समुदायको प्रमुख विशेषता हो । यसबाट उनीहरूको प्रकृतिसँगको सम्बन्ध र गहन धार्मिक आस्था रहेको प्रमाणित हुन्छ ।

### ५.२.७ ह्युलसाङ् (थातथलो वा भूमिपूजा)

ह्योल्मो समुदायमा ह्युलसाङ पूजा गर्ने अर्को मौलिक परम्परा रहेको छ । यस पूजामा पनि लामागुरुको महत्त्वपूर्ण भूमिका हुन्छ । विशेषगरी आफ्नो भूमिप्रतिको सम्मान, वातावरण र पर्यावरणको शुद्धीकरणका लागि वर्षको एक वा दुईपटक भूमिपूजा अर्थात् ह्युलसाङ गरिन्छ । कुनै पनि प्राकृतिक प्रकोप वा दैवी अनिष्ट नआओस् भन्ने कामना गर्दै यो पूजा गरिन्छ । यो साधारण प्रकृतिको पूजा हो । लामाले धार्मिक ग्रन्थ पढेर एवम् धुप, वत्ति बालेर यो पूजा-अनुष्ठान सम्पन्न गर्छन् (केसाङ् ह्योल्मोसँग मिति २०७७/३/५ मा लिइएको अन्तर्वार्ताका आधारित) । वस्तुतः आफ्नो भूमिप्रतिको सम्मान व्यक्त गर्नु नै यस पूजाको मूल उद्देश्य र उपादेयता हो ।

### ५.२.८ लुसाङ पूजा (नाग पूजा)

नेपालका सबै धार्मिक सम्प्रदायले प्राचीनकालदेखि नै नागको पूजा गर्दै आएका छन् । यसकारण नागलाई नेपाली सभ्यताको साझा देवता मानिएको देखिन्छ । प्रकृतिमा रहेका विषलाई आफूले ग्रहण गरेर प्राकृतिक सन्तुलनमा योगदान पुऱ्याएको कारण नागको पूजा गरिएको हो ।

ह्योल्मो समुदायमा पनि वर्षको दुईपटक नागदेवताको विशेष पूजा गरिन्छ । यस समुदायमा प्राकृतिक प्रकोपसँगै अन्य जीवजन्तुले दुःख नदिऊन् भन्ने कामना गर्दै लुसाङ् पूजा अर्थात् नागपूजा गरिन्छ । विशेष गरी सर्प वा नागले दुःख नदिऊन् भनी कार्तिक र चैत महिनामा लुसाङ्को पूजापाठ गर्ने प्रचलन रहेको स्थानीयको भनाइ छ । यस पूजामा पनि लामागुरुको प्रमुख भूमिका रहेको हुन्छ । यस समुदायमा नागका बच्चालाई घाउखटिरा आएको खण्डमा मानिसका बच्चाहरूलाई पनि घाउ खटिरा आउँछ भन्ने जनविश्वास छ । विशेषतः यो पूजा गर्दा नाङसानाङ्गे नामक धार्मिक पुस्तक पढिन्छ । यसरी धार्मिक पुस्तक वाचन गर्दा नागसँग मानिसको मेलमिलाप हुने मान्यता र विश्वास रहेको छ । यो पूजा गर्दा नाग बस्ने स्थानलाई सफासुग्घर गरिन्छ । त्यसपछि मन्त्रपाठ गर्दै नाग देवताका नाममा दूध चढाइन्छ । नागपूजा गर्नाले बालबालिकामा घाउ- खटिरा नआउने र नागले मानिसलाई दुःख दिँदैन भन्ने जनविश्वास ह्योल्मो समुदायमा प्रचलित छ (केसाङ ह्योल्मोसँग मिति २०७७/३/५ मा लिइएको अन्तर्वार्तामा आधारित) ।

### ५.२.९ दोमाङ् (धार्मिक ग्रन्थ)

सपनाले मानिसको भविष्यको संकेत गर्छ भन्ने विश्वास ह्योल्मो समुदायमा छ । यदि कुनै व्यक्तिले सपना नराम्रो देखेमा उक्त सपनाबाट प्राप्त हुनसक्ने अशुभ फल (दोष) लाई मेटाउनका लागि दोमाङ् नामक धार्मिक ग्रन्थ पढ्ने चलन यस समुदायमा छ । नाग पूजामा (लुसाङ् पूजामा) पनि दोमाङ् पाठ गर्ने चलन छ । यसरी यो धार्मिक ग्रन्थ पढेर पूजापाठ गरेपछि कुनै प्रकारको अनिष्ट हुदैन भन्ने जनविश्वास उनीहरूमा रहेको छ (केसाङ ह्योल्मोसँग मिति २०७७/३/५मा लिइएको अन्तर्वार्तामा आधारित ।

### ५.२.१० फोला दार्च्यो (कुलपूजा)

कुलपूजा मानवसभ्यताको आदिम विशेषता हो । नेपाली समाजमा पनि कुलपूजाको प्राचीन अभ्यासको निरन्तरता देखिन्छ । ह्योल्मो समुदायमा प्रचलित महत्त्वपूर्ण पूजाहरूमा कुलपूजाको विशेष स्थान रहेको देखिन्छ । यस समुदायका मानिसहरू प्राकृतिक प्रकोपदेखि निकै सचेत र सर्तक रहने गरेको देखिन्छ । यस समुदायमा कुनै पनि किसिमको प्राकृतिक र दैवी प्रकोपबाट बच्न र परिवार एवम् कुलको समृद्धिका लागि प्राचीनकालदेखि आफ्नो कुलदेवता वा आराध्यदेवताको पूजा-आराधना गर्दै आएको पाइन्छ । यस पूजामा पनि लामाको विशेष भूमिका रहेको हुन्छ । लामाद्वारा धार्मिक ग्रन्थको पाठ र पूजासँगै ध्वजापताका (लुङदार) फहराइन्छ । ध्वजापताका राख्नाले त्यस घरको नकारात्मक उर्जा ग्रहदशा हट्ने विश्वास गरिन्छ (केसाङ ह्योल्मोसँग मिति २०७७/३/५ मा लिइएको अन्तर्वार्तामा आधारित) । मूलतः आफ्ना पितापुर्खाप्रतिको सम्मान, मृतकको आत्माको शान्तिको कामना र आफ्नो परिवारको समुन्नतिका लागि नै ह्योल्मो समुदायमा कुलपूजाको महत्त्व रहेको हो ।

### ५.२.११ कुरिम पूजा

कुलपूजा जस्तै आफ्नो कुलप्रति समर्पण गरेर मनाइने पूजा कुरिम पूजा हो । यो पूजा पनि ह्योल्मो समुदायमा निकै महत्त्वका साथ अनुष्ठान एवम् सम्पादन गरिन्छ । कुनै विशेष उत्सव वा महत्त्वपूर्ण चाडपर्वमा लामाद्वारा कुलको पूजा गरिन्छ । धन, आयु, आरोग्य र रक्षाका लागि गरिने कुरिम पूजामा धर्मपाल देवताको पूजा गरिन्छ । वस्तुतः नाग देवताको दोषबाट मुक्ति र ग्रह-दशा निवारणका लागि कुरिम पूजा गर्ने परम्परा ह्योल्मो समुदायमा छ (केसाङ ह्योल्मोसँग मिति २०७७/३/५ मा लिइएको अन्तर्वार्तामा आधारित) । कुनै पनि घरमा सम्पन्न गरिने चाडपर्व र संस्कार-अनुष्ठान गर्नुभन्दा पहिले नै कुरिम पूजा गर्नुपर्छ भन्ने सामाजिक मान्यता रहेको छ ।

### ५.२.१२ बुद्धजयन्ती पूजा

ह्योल्मो समुदाय बौद्धमार्गी हुन् । त्यसकारण यिनीहरू बुद्धजयन्ती भव्यताका साथ मनाउँछन् । यस अवसरमा विशेषतः धार्मिक विधिद्वारा पूजापाठ एवम् अन्य अनुष्ठान गरिन्छ । बुद्धको जीवनकालका ३ महत्त्वपूर्ण घटनाहरू वैशाख पूर्णिमाको दिनमा घटेकाले बौद्ध धर्मावलम्बीहरूले यस दिनलाई विशेष महत्त्वका साथ लिने गर्दछन् । त्रिसंयोग अर्थात् गौतम बुद्धले लुम्बिनीमा जन्म लिएको दिन, भारतको बोधगयामा बुद्धत्त्व प्राप्त गरेको दिन र कुशीनगरमा महापरिनिर्वाण गरेको वैशाख पूर्णिमाकै दिन भएकाले बौद्धमार्गीहरूले यस दिनलाई विशेष दिनका रूपमा लिने गर्दछन् । वैशाख पूर्णिमा दिन शुद्धभावका साथ सानो-ठूलो जे जस्तो पुण्य कर्म गरेमा पनि अधिक पुण्य लाभ हुँदै जाने र यस जन्मको मात्र नभई पूर्वजन्ममा गरेको पापहरू समेत कटौती हुने भएकाले यस दिनमा सबै बौद्धमार्गीहरूले पुण्यकर्म गर्नुपर्ने धार्मिक मान्यता रहेको छ (लामा, वि.स. २०७२(क), पृ.१९९) । मानिसले आफ्नो क्षणिक आनन्द र स्वार्थका लागि प्राणी हिंसा गर्नु भनेको आफनो आयु घटाउनु हो भन्ने विश्वास बौद्धधर्मावलम्बीमा छ । त्यसैले वैशाख पूर्णिमाको दिन पूजा-पाठ, प्रवचन, श्रवण गर्ने, ध्वजा-पताकाहरू राख्ने, गरिब दुःखीलाई

दयामाया र करूणाका साथ वस्त्रदान, धनदान गर्न सकेमा अत्यन्त पुण्य हुने विश्वास बौद्धमार्गीहरूको रहेको छ (लामा, वि.स. २०७२(क), पृ. १९९) । यी धार्मिक कारणले गर्दा ह्योल्मो समुदायका अनुयायीहरू प्रत्येक वर्ष वैशाख पूर्णिमाको दिन गुम्बा र छ्र्योतेनमा गएर दियो बाल्ने र पूजा-पाठ गरी लामाहरूलाई दान-दक्षिणा दिंदै धार्मिक उत्सवका रुपमा मनाउने चलन छ । कतिपय बौद्धमार्गी ह्योल्मोहरूले आ-आफ्नो घर-घरमा लामा बोलाएर पूजापाठ गरी ध्वजा-पताका आदि राख्न लगाई लामाहरूलाई दान दक्षिणा दिने परम्परा रहेको छ (उर्गेन लामासँग मिति २०७७ । ३ । ६ मा लिइएको अन्तर्वार्तामा आधारित) ।

यस पावन दिनदेखि भगवान् बुद्धद्वारा प्रतिपादित पञ्चशिलको सिद्धान्तलाई ग्रहण गर्दै जीवनलाई सत्मार्गतर्फ अभिप्रेरित गर्ने गरिन्छ । चोरी नगर्ने, प्राणी हिंसा नगर्ने, झुटो नबोल्ने, मद्यमान नगर्ने र व्यभिचार आदि परित्याग गर्दै त्रिरत्नको शरणमा जाने अभ्यास गरिन्छ । यस आदर्शले मानव जीवनको लोककल्याणकारी दर्शनलाई व्यावहारिक जीवन पद्धतिमा अपनाउन निर्देशित गर्दछ । साथै यस पर्वको उपलक्ष्यमा ह्योल्मो समुदायहरूले गोन्पामा ञ्युङ्ने (उपवास) ब्रत-पूजाको समेत आयोजना समेत गरिन्छ । यस दिन ह्योल्मो समाजका मानिसहरूले गरिबहरूका लागि लत्ताकपडा, खाना लगायत दान-दक्षिणा दिने तथा गोन्पा, छोयर्तेन आदिमा गएर धुपवत्ती वाली पूजा-पाठ गर्ने परम्परा रहिआएको छ । त्यसैले ह्योल्मो समुदायका मानिसहरूले बैशाख पूर्णिमाको दिनलाई पवित्र धार्मिक पर्वको रुपमा लिने गरेका छन् । मानव र अन्य प्राणीको कल्याणका लागि नै बौद्धदर्शन केन्द्रित छ । वस्तुतः बौद्धधर्म मान्ने अनुयायीहरू शान्तिप्रिय र अहिंसावादी हुन्छन् । अतः ह्योल्मो समुदाय पनि बुद्धको यसै दर्शनलाई पालना र अवलम्बन गर्ने भएकाले उनीहरू अहिंसामा विश्वास गर्छन् । बुद्धजयन्तीका साथै अरू प्रत्येक दिनमा आफ्नो जीवनलाई ध्यानमय र तपोमय बनाएर सार्थक जीवनयापन गर्न अभिप्रेरित हुन्छन् ।

### ५.२.१३ लोसार पर्व

नेपालका आदिवासी जनजातिहरूले मनाउने विभिन्न पर्वमध्ये लोसार पनि महत्त्वपूर्ण पर्व हो । यस पर्वको आफ्नै मौलिक विशेषता रहेको छ । यस पर्वले देशलाई जातीय एकता, सद्भाव, आपसी भाइचारा र मेलमिलापको प्रतीकका रूपमा लिने गरेको छ । यो पर्व विशेष उत्साह र हर्षोल्लासका साथ मनाइन्छ । नेपालमा यसलाई राष्ट्रिय पर्वका रूपमा मनाइन्छ । विशेषतः तामाङ, ह्योल्मो, शेर्पा, गुरुङ, मनाङ्गे, थकाली, दुरा, जिरेल, ल्होमी, लेप्चा, भुटिया, तोप्केगोला, ओलाङचुङ, होलुङ आदि आदिवासी जनजातिहरूले यस पर्वलाई धुमधामसँग मनाउँछन् ।

तामाङ, ह्योल्मो, शेर्पा, गुरुङ, मनाङे, थकाली, दुरा, जिरेल, ल्होमी, भुटिया, लेप्चा, तोप्केगोला, ओलाङचुङ, होलुङ र तिब्बती भाषामा “ल्हो वा लो” शब्दले संवत्, साल, वर्ष वा पञ्चतत्त्वमा (काठ, आगो, धातु, पानी र माटो) आधारित १२ जीवजन्तुका नाममा बुझाउने वर्ष आदिलाई बुझिन्छ (तामाङ, २००३, पृ.१) अर्थात् वर्ष, साल, संम्वत फेरिने अवसरमा उत्साहका साथ मनाइने चाडलाई ल्होसार वा लोसार पर्व भनिन्छ ।

नेपाल बाहेक चीन, मंगोलिया, सिंगापुर, मलेसिया, दक्षिण कोरिया, उत्तर कोरिया, जापान, लावस, भियतनाम, कम्बोडिया, थाइल्याण्ड, बर्मा, भुटान, ताइवान, हङकङ, भारतको लद्दाख, हिमाञ्चल, दार्जिलिङ सिक्किम, अरुणाचल आदि स्थानहरूमा पनि यो लोसार पर्व मनाइन्छ । लोसारको लामो इतिहास छ । पाँचहजार वर्ष अगाडि नै चीनीयाँहरूले खगोलशास्त्र, ज्योतिषशास्त्र र तत्त्वीय संवत् प्रचलनमा ल्याएको भनाइ छ (लामा, वि.सं. २०७२(ख) पृ.२) । नेपालका आदिवासी जनजाति समुदायले तोला, सोनाम, र ग्याल्वो र तमु लोसार गरी चार प्रकारका लोसारहरू प्राचीनकालदेखि मान्दै आएका छन् । यी लोसारहरूमध्ये ह्योल्मो समुदायले मनाउने लोसारलाई सोनाम लोसार भनिन्छ ।

## (क) सोनाम लोसार

नेपालमा विभिन्न किसिमका संवत्हरू प्रचलित छन् । विशेषतः भारतीय ज्योतिष विज्ञानमा आधारित पात्रो र तिब्बती ज्योतिष विज्ञानमा आधारित पात्रो मुख्य दुई किसिमका पात्रोले नेपाली संस्कृति र पर्व परम्परालाई निर्देशित गरेका छन् । नेपालका आदिवासी जनजातिहरूले तिब्बती ज्योतिष परम्परालाई आधार मानेर आ-आफ्ना सांस्कृतिक पर्वहरू मनाएको पाइन्छ । विशेषतः ह्योल्मो, तामाङ, शेर्पा, गुरुङ लगायतका आदिवासी-जनजातिहरूले तिब्बती पात्रोलाई पर्व-परम्पराको आधार बनाएको देखिन्छ । तिब्बती पात्रोमा जीवजन्तुलाई आधार मानेर वर्षको गणना गर्ने शास्त्रीय विधि छ । ह्योल्मो भाषामा “लो” भनेको वर्ष र “सार” भनेको नयाँ हो, अर्थात् अगाडिको वर्ष (साल) समाप्त भएर अर्को नयाँ सालको आगमन हुनुलाई लोसार भनिन्छ । ह्योल्मो लगायत तिब्बती लामा बौद्धमार्गीहरूमा नाग्ची ज्योतिषशास्त्रका आधारमा वर्षको गणना हुने प्रचलन छ । नाग्ची भनेको ग्यानाग (चीन) बाट प्रचार भएको मञ्जुश्री भाषित ज्योतिशास्त्रबाट प्रचार भएको कालचक्र परम्पराको ज्योतिषशास्त्र हो (लामा,वि.स.२०६७, पृ. १६८) । यस ज्योतिषशास्त्रका आधारमा १२ वर्ष र १२ महिनालाई विभिन्न जनावरहरूका नामबाट नामकरण गरिएको पाइन्छ जुन यसप्रकार छन् :

| **ह्योल्मो भाषा** | **नेपाली भाषा** |
|---|---|
| १. ज्यिलो | मुसा वर्ष |
| २. लाङलो | गोरु वर्ष |
| ३. ताग्लो | बाघ वर्ष |
| ४. योलो | खरायो वर्ष |
| ५. डुगलो | गरुड वर्ष |
| ६. डुल्लो | सर्प वर्ष |
| ७. ता लो | घोडा वर्ष |
| ८. लुग्लो | भेडा वर्ष |
| ९. टे लो | बाँदर वर्ष |
| १०. ज्यालो | चरा वर्ष |

११. खि लो                    कुकुर वर्ष

१२. फाग लो                  सुँगुर वर्ष

(दावा साङवो लामासँग मिति २०७७ । ६ । १७ मा लिइएको अन्तर्वार्तामा आधारित)

विभिन्न जनावरहरूले प्रतिनिधित्त्व गरेको आधारमा वर्ष गणना गर्ने नाग्चीको ज्योतिषशास्त्र परम्परालाई सबैभन्दा पुरानो मानिएको छ । सोनाम लोसार वर्षचक्र परिशिष्ट १३ मा उल्लेख गरिएको छ ।

भोटका राजा ञ्याठी चन्पोवंशको ९ औं राजा "पुते-गुङ्-ग्याल"को कार्यकाल (पहिलो शताब्दी)-देखि भोटबासीहरू कृषियुगमा प्रवेश गरेको इतिहास छ । उनको कार्यकालमा भोटमा सिचांइको व्यवस्था गरी धान रोप्ने, खोलामा पुल निर्माण गर्ने, तामा र फलामको सामान बनाउने आदि कार्यको थालनी गरिएको थियो । यी कार्य भोटको कोङ्पो क्षेत्रबाट सुरू गरिएको मानिन्छ । यस क्षेत्रबाट पहिलो शताब्दीमा कृषियुगको प्रारम्भ भएको सम्झनामा कोङ्पो क्षेत्रका कृषकहरूले उत्सवका रूपमा "लोसार" पर्व मनाउने सुरू गरिएको विश्वास गरिन्छ । लोसार पर्व सम्पूर्ण तिब्बतका कृषकहरूले मनाउन थालेपछि यसको नाम "सोनाम लोसार" कायम भएको तिब्बतको इतिहासमा उल्लेख भएको पाइन्छ (लामा, वि.स.२०७२ (ख), पृ. १६-१७) ।

तिब्बती भाषामा सोनामको अर्थ कृषक भन्ने हुन्छ । वस्तुतः साधारण कृषकहरूले यो पर्व मनाउँने गरेको देखिन्छ । यसकारण भाषागत परिभाषाका आधारमा कृषकहरूले मनाउने पर्व लोसारको रुपमा बुझिन्छ । तिब्बती पात्रोअनुसार माघ शुक्लपक्षको प्रतिपदाको दिनबाट सोनाम लोसार सुरू हुन्छ । प्रायः माघ महिनामा कृषकहरूको नयाँ खेतीको कार्य सुरू हुन्छ । यसकारण यसै महिनालाई साल परिवर्तनको सुरूवातको महिना मानिएको हो । अतः भाषिक पुरातत्त्वका आधारमा हेर्दा पनि सोनाम लोसारको नामकरणको परिभाषा प्रमाणित हुन्छ । त्यस्तै गरी प्राकृतिक रुपमा कालचक्र परम्पराअनुसार पनि पुष महिना समाप्त भई आउने महिना माघे संक्रान्तिलाई पनि लोसार मान्ने गरेको पाइन्छ । नाग्ची परम्पराअनुसार माघ शुक्लपक्ष प्रतिपदाको तिथिदेखि सोनाम लोसार मान्ने गरेको पाइन्छ (लामा, वि.स. २०७२ (ख), पृ.१८) । तोला र ग्याल्वो लोसारको तुलनामा सोनाम लोसार बढी लोकप्रिय र प्रख्यात छ । सोनाम लोसार नेपाल लगायत अन्य कतिपय : मुलुकहरूमा समेत भव्यताका साथ मनाइन्छ । नेपालको ह्योल्मो, तामाङ, मुगुम्पा, डोल्पा, चुम्पा र भारतका लद्दाख, सिक्किम, भोटका केही प्रान्त, चीन, हङकङ, ताइवान, मलेसिया, सिङगापुर लगायत मंगोल मूलका जातिहरूको बाहुल्य भएको क्षेत्रमा यो पर्व विशेष भव्यताका साथ मनाइन्छ । ह्योल्मो जाति प्राचीनकालदेखि कृषि पेसासँग आबद्ध रहेको इतिहास छ । यसकारण यिनीहरूले सोनाम लोसारलाई विशेष पर्वका रूपमा मनाएको देखिन्छ । हालसम्म पनि यिनीहरू खेती किसानी पेसामा संलग्न रहेको देखिएकाले "सोनाम" को शब्दिक अर्थ किसानहरूको लोसार भन्ने भनाइ रहेको छ । ह्योल्मो समुदायले सोनाम लोसारलाई आफ्नो जातिले मनाउने परम्परागत सामाजिक कार्यहरूमध्ये सबैभन्दा महत्त्वपूर्ण पर्वका रूपमा लिएको देखिन्छ ।

ह्योल्मो समुदायले औंसीभन्दा एक महिनाअगाडि नै “लोसार” पर्वको तयारी गर्दछन् । नयाँ वर्ष लाग्नु भन्दा अगाडि घरको बाँकी रहेका विभिन्न कामहरू सम्पन्न गर्नुपर्छ भन्ने आम मानिसहरूको भनाइ छ । लोसारको तयारीका लागि सामूहिक रुपमा गुम्बा, चैत्य, गाउँ, टोल, बाटोघाटो, आँगन, चौतारा, पानी पँधेरो आदि मर्मत, सरसफाई एवम् लिपपोत गरिन्छ । त्यस्तै लोसार पर्व मनाउनका लागि चाहिने आवश्यक खाद्यान्न तथा पूजा- सामग्रीहरूको व्यवस्थापनको कार्य सुरू हुन्छ । यसै गरी औंसीको तिन दिनअगाडिदेखि चामलको पीठोबाट रोटी (बाबर) र मैदा वा गँहुको पीठोबाट तेल वा घिउमा पकाइने एक प्रकारको परिकार (खाबसे) पकाउने गर्दछन् भने आफ्नो घरको आर्थिक अवस्था अनुसार परिवारका लागि नयाँ लत्ताकपडाहरू किनिन्छ । यसरी सम्पूर्ण पूजासामग्री लगायत अन्य आवश्यक सामग्रीको व्यवस्था गरेपछि  लोसार पर्व विधिवत् रुपमा सुरु हुन्छ ।

लोसार आउनुभन्दा दुई दिन अगाडिदेखि लामा र भिक्षुहरूद्धारा महाकालको पाठ-पूजा गराइन्छ । विगतका अशुभ ग्रहदशाहरू पुनः नयाँ वर्षमा नदोहोरिऊन् भनी गएको वर्षलाई बिदाई गर्दै आउने नयाँ वर्षमा सुख शान्ति, सुस्वास्थ्य तथा सुखसमृद्धिको कामना गरिन्छ । साथै लोसार पर्वको २ दिनअघि छरिएर रहेका घर-परिवारका सदस्यहरू सवै एक ठाउँमा भेला हुने परम्परा रहेको छ । यसरी विभिन्न परिवारका सदस्यहरू भेला भएको रातदेखि नै रमाइलो गरिन्छ । ह्योल्मो समुदायमा विशेष प्रकारका खाने परिकारलाई गुथुग भनिन्छ । त्यस दिन बेलुका नौ प्रकारका गेडागुडी (सिमी, केराउ, चना, मुंगी, दाल, भटमास, मुला, आलु, मासु, सागसब्जीहरू) लगायत सामग्रीहरू मिसाएर बनाइएको परिकारलाई “गु-थुग” भनिन्छ । ह्योल्मो भाषामा “गु” भनेको नौ र “थुग” भनेको खोले (जाउलो) हुन्छ । यसरी तयार परिएको गुथुग सम्पूर्ण परिवारका सदस्यहरूलाई एकै ठाउँ राखेर बाँडेर खाने चलन रहेको छ । ह्योल्मो समुदायमा भविष्यमा हुने कुनै प्रकारको ग्रह, दशा र विध्नवाधाले नपिरोस् भनी आ-आफ्नो घरमा दर्जु (कपडा मन्त्र छापिएको झन्डा) र लुङदार (मन्त्र ध्वजा पताका) ठड्याउने र टाँग्ने, साङ बाल्ने कार्यहरू लामाद्वारा गरिन्छ ।

ह्योल्मो समुदायले लोसारको समयमा पाहुना बोलाउने, आफन्त कहाँ जाने, आफ्ना दाजुभाइ, (दिदी-बहिनीहरू माइता आउने), मान्यजन र ठूला-बडाहरूको घरमा गई आशीर्वाद लिई घिउको टीका लगाउने, खानपान गर्ने परम्परा रहेको छ । साथै आफूभन्दा सानाहरूलाई शुभ आशीर्वाद दिंदै टीका लगाएर सुस्वास्थ्य एवम् दीघार्युको कामना गरिन्छ । यिनीहरूले आफ्ना विभिन्न किसिमका चाडपर्वमा मौलिक परम्परागत् गर-गहना, नयाँ लुगाहरू लगाई सजिएर लोसार पर्व भव्यताका साथ मनाउँदछन् । त्यसै गरी लोसारका लागि आवश्यक पर्ने खाद्य परिकारहरू निम्न अनुसारका हुन्छन् :

१. बाबार (चामलको पीठोबाट बनाइने रोटी) ।

२. खाबसे-मैदा वा गहुँको पीठोबाट पकाइने एक प्रकारको परिकार ।

३. फिसिल/स्योक्पा/थोडसे(आलुको तरकारी) ।

४. स्यिप्चाम्/डेबि चाम्बा (गहुं, करु आदिका सातु)।

५. स्यिराक/अराक (रक्सी)।

६. छ्याङ/निङगु (निगार) ।

७. स्यिङतोक (फलफूल) ।

८. स्यिप्/बजि(चिउरा) ।

९. सोल ज्या/छ ज्या (नुन चिया) ।

१०. गुथुग्पा (नौ प्रकारका गेडागुडी मिसाएर बनाएको परिकार थुग्पा जस्तो) ।

(छिरिङ ल्होबा लामासँग मिति २०७७ । ३ । ६ मा लिइएको अन्तर्वार्तामा आधारित)

## ५.२.१४ स्यालगरको (सगुन) महत्त्व

ह्योल्मो समुदायमा स्यालगरको अति महत्त्वपूर्ण स्थान रहेको छ । धम्पे (काठको भाँडो वा ठेकीलाई पीत्तलले मोरेको भाँडो) मा अमृतका रूपमा रक्सी वा निगार हाली धम्पेको मुखमा तिन स्थानमा घिउको टीका (यर्का) र खादाले बेरी तयार गरिएको सगुनलाई ह्योल्मो भाषामा स्यालगर भनिन्छ ।

तर आजभोलि स्यालगर ढलौटद्वारा निर्मित लिपोङ वा बोतलमा प्रयोग गर्ने गरिन्छ । ह्योल्मो समुदायमा स्यालगरको प्रयोग जन्मदेखि मृत्युसम्मका विभिन्न संस्कारहरूमा अनिवार्य रूपमा आवश्यक हुन्छ । स्यालगरको प्रयोग सर्वप्रथम बालक जन्मदा, न्वारन गर्नका लागि लामा पुरोहितलाई निम्ता गर्नका लागि एवम् शुभकार्यका लागि पनि प्रयोग गरिन्छ । यसरी स्यालगर जन्म, विवाह, मृत्यु, पूजापाठ तथा न्यायिक कार्यहरूमा समेत अनिवार्य रुपमा आवश्यक पर्दछ । ह्योल्मो समुदायमा हुने झैँझगडा, मुद्दा मामिला, दण्ड जरिवाना र मेलमिलाप जस्ता महत्त्वपूर्ण न्यायिक कार्यहरूमा स्यालगरका माध्यमबाट समस्याको समाधान गरिने परम्परा रहेको छ (लामा, वि.स.२०६७, वि.स. १७०) । यसरी ह्योल्मो समुदायले मुद्दा-मामिला तथा झैँ-झगडा मिलाउन स्यालगरका माध्यमद्वारा न्यायिक निर्णय गर्ने चलन रहेको छ । ह्योल्मो समुदायको समुदायमा जसले गल्ती गर्दछ, त्यस व्यक्तिले स्यालगर राखी ढोग्ने र माफी माग्ने परम्परा रहेको छ । ह्योल्मो समुदायमा धार्मिक एवम् सामाजिक कार्यहरूमा स्यालगर शुभ साइतका लागि प्रयोग गरिन्छ भने लामाद्वारा देवी-देवता सबैलाई स्यालगर अमृतका रूपमा चढाएपछि सबै कार्य सिद्ध हुने धार्मिक मूल्य, मान्यता र विश्वास रहेको पाइन्छ (दावा ग्याल्बु लामासँग २०७७ । ६ । १७ मा लिइएको अन्तर्वार्तामा आधारित) । अतः ह्योल्मो समुदायका सामाजिक, धार्मिक एवम् सांस्कृतिक पर्वहरूमा स्यालगरको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । सामाजिक एकता र सह-अस्तित्त्वलाई बलियो बनाउन यसले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । ह्योल्मो समुदायमा परम्परादेखि सगुनको महत्त्वपूर्ण स्थान रहेको छ ।

## ५.२.१५ सामाजिक तथा सांस्कृतिक व्यवस्थापनमा गुठीको भूमिका

गुठी सामाजिक एवम् सांस्कृतिक अवयवहरूलाई गतिशील बनाउन प्रकार्यात्मक भूमिका खेल्ने सामाजिक सांकृतिक व्यवस्था हो । हरेक समाजको प्रकार्यात्मक संरचनामा गुठी लगायत धार्मिक एवम् सामाजिक संस्थाहरूको महवपूर्ण भूमिका हुन्छ (Malinowski, 1960, pp.162–166) ।

ह्योल्मो समुदायमा पनि गुठीको महत्त्वपूर्ण भूमिका रहेको छ । विशेष गरी ह्योल्मो समुदायमा सामाजिक, आर्थिक, सांस्कृतिक, राजनैतिक एवम् धार्मिक सङगठनलाई परिचालन एवम् व्यवस्थापन गर्न गोन्पाले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छन । गोन्पा नै यस्तो धार्मिक एवम् सामाजिक संस्था हो जसको अभावमा ह्योल्मो समुदाय परिचालित हुन सक्दैन । मूर्त एवम् अमूर्त संस्कृति र सम्पदाहरूको संरक्षण गर्न गोन्पाको विशेष भूमिका रहेको देखिन्छ । अतः गोन्पाको प्रमुख लामाले समुदायलाई दिशा निर्देशन गर्दछन् । ह्योल्मो समुदायमा पनि गोन्पाका प्रमुख लामा उच्च एवम् सम्मानित मानिन्छन् अर्थात् गोन्पाका प्रमुख लामालाई धार्मिक नेताका रूपमा लिइन्छ । लामाको अध्यक्षतामा पदाधिकारी तथा विभागीय प्रमुखहरू रहेको गोन्पा तथा गुठी सञ्चालक समिति गठन गरी  विधानअनुसार प्रशासनिक कार्य समेत सञ्चालन गर्ने अधिकार दिइन्छ (लामा, वि.स.२०६७, पृ.२१२) । ह्योल्मो समुदायमा गोन्पालाई धार्मिक, सामाजिक, न्यायिक, शैक्षिक, राजनैतिक तथा प्रशासनिक केन्द्रका रूपमा लिइन्छ । सामाजिक प्रकार्यात्मक ढाँचाका आधारमा हेर्दा गोन्पाले गुठीको सञ्चालन तथा व्यवस्थापन गरेको देखिन्छ । गोन्पामा रहने लामाहरूको सामाजिक भूमिका  निम्ना अनुसार वनाइएको पाइन्छ :

| | |
|---|---|
| १. रेम्पोछे | प्रमुख लामा |
| २. खेन्पो | उपाध्याय |
| ३. दोर्जे लोपेन | वज्राचार्य |
| ४. लोपेन | आर्चाय |
| ५. वुजे अगुवाई | अगुवाइ मुखिया |
| ६. छयेठिमम्पा | धर्म निरीक्षक |
| ७. छयाङच्यी | निजी सहायक (रेम्पोछेको) |
| ८. न्येरपा | भण्डारक |
| ९. कोन्येर | पूजारी |
| १०. छयेपिन | सह-निजी सहायक (रेम्पोछे वा प्रमुख लमाको) । |

यसरी ह्योल्मो समुदायको गोन्पामा रेम्पोछेको नेतृत्त्वमा लामाहरूको कार्य विभाजन गरिएको हुन्छ, अर्थात् उल्लिखित पद अनुसार लामाहरूको स्थानको महत्त्व र भूमिकाबारे थाहा हुन्छ । प्रमुख रेम्पोछेको निर्देशन अनुसार गोम्पाको सम्पूर्ण धार्मिक एवम् सांस्कृतिक कार्यहरू सम्पान्न गरिन्छ । ह्योल्मो समुदायलाई व्यवस्थित परिचालन गर्न गोन्पाको महत्त्वपूर्ण भूमिका हुन्छ । समाजका सदस्यहरूलाई एकीकृत गर्न र सामाजिक एवम् सांस्कृतिक कार्यहरू सहज रुपमा सञ्चालन गर्नका लागि गोन्पाले प्रभावकारी भूमिका निर्वाह गरेको हुन्छ ।

ह्योल्मो समुदायमा गुठीका पदाधिकारीका रुपमा गोन्पाको प्रमुख लामा गुठी सञ्चालन गर्ने जिम्मेवारी पाएको हुन्छ । प्रमुख लामाको नेतृत्त्वमा गुठी सञ्चालन गर्ने भए पनि यसमा विभिन्न पदहरू

विभाजन गरी एक अध्यक्ष ४ जना सदस्य सहित ५ जनाको समिति निर्माण गरिएको हुन्छ । गुठीमा हुने कामलाई प्रशासन, अर्थ, सांस्कृतिक खण्डमा विभाजन र व्यवस्थाापन हुनेगरी वर्गीकरण गरिएको हुन्छ जुन निम्न अनुसार रहेको छ :

| | |
|---|---|
| १. प्रमुख लामा | अध्यक्ष |
| २. प्रशासन विभागको संयोजक | सदस्य |
| ३. अर्थ विभागको संयोजक | सदस्य |
| ४. सांस्कृतिक विभागको संयोजक | सदस्य |
| ५. व्यवस्था विभागको संयोजक | सदस्य |

(लामा, वि.स.२०६७, पृ.२१२)

ह्योल्मो समुदायमा गुम्बाका प्रमुख लामाद्वारा विभागका पदाधिकारीहरू मनोनीत गरिन्छ । यसरी नै गुम्बा एवम् गुठी सञ्चालन तथा व्यवस्थापनका लागि धार्मिक पुस्तकका आधारमा सामाजिक नीति-नियम बनाइन्छ । यसमा पनि लामाको प्रमुख भूमिका रहेको हुन्छ । यसरी बनाइएको नियमलाई गुठीयार तथा समुदायका सदस्यहरूले पालना एवम् कार्यान्वियन गर्नुपर्ने अनिवार्य नियम छ । वस्तुतः गुम्बामा आयोजना हुने विभिन्न धार्मिक पूजा एवम् सामाजिक कार्यका लागि गुठियारका सदस्यहरूले बैठकमा तोकिए बमोजिमको रकम र आवश्यक सर-सामानहरू बुझाउनुपर्ने सामाजिक मान्यता छ ।

ह्योल्मो समुदायले पनि गुम्बा वा गुठीको सामाजिक भूमिकालाई अँगाली आफ्ना सामाजिक एवम् सांस्कृतिक मान्यताहरूलाई निरन्तर रूपमा पालना गर्दै आएको छ । ह्योल्मो समाजको सामाजिक प्रक्रियाहरूको सञ्चालन एवम् व्यवस्थापन, मूर्त एवम् अमूर्त सम्पदा र संस्कृतिको संरक्षणमा गुम्बाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

ह्योल्मो समुदायको परम्परागत सामाजिक एवम् सांस्कृतिक एकता कायम गर्न गुम्बा एवम् गुठी सङ्गठनको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । गुम्बाका लामाहरूले आफ्नो सामाजिक भूमिका एवम् मर्यादा कायम गर्नका लागि कार्य विभाजन गरेकका हुन्छन् । यस्ता कार्यले ह्योल्मो समुदायलाई व्यवस्थित गर्नुका साथै अनुशासनमा राख्ने गर्दछ ।

## ५.२.१६ गुम्बामा लामाको मर्यादा

मानवशास्त्री Emile Durkeim ले श्रम-विभाजन (Division of Labour in Society) का आधारमा आदर्शवादी समाजको अवधारणा विषयमा व्याख्या गरेका छन् । परम्परागत एवम् आदर्शवादी समाजमा तहगत् सामाजिक मर्यादा कायम हुनुमा श्रम विभाजनले विशेष भूमिका निर्वाह गरेको हुन्छ, अर्थात् समाजका प्रत्येक सदस्यले आ-आफ्ना भूमिका र जिम्मेवारी पूरा गरेमा सामाजिक एकता कायम हुन्छ भन्ने तर्क Emile Durkeim को रहेको छ । आधुनिक समाजलाई लिखित एवम् बैधानिक कानुनले विशिष्टीकृत गरिएको हुन्छ भन्ने तर्क Emile Durkeim ले प्रस्तुत गरेका छन् । उनका अनुसार आधुनिक समाजमा श्रम विभाजनलाई व्यवस्थित गरिएको हुन्छ । श्रम विभाजनमा आधारित समाज भौतिकवादी

समाज हो भन्ने तर्कलाई उनले बढी जोड दिएका छन् जसमा उनीहरूले विभिन्न प्रकारका कार्य सम्पादन गर्नुका साथै सामाजिक उत्तरदायित्वको भूमिका बढी वहन गर्नुपर्थ्यो भन्ने चर्चा गरेका छन् (Durkhiem, 1960, pp.1–6) ।

Emile Durkeim को श्रम विभाजनका आधारमा ह्योल्मो समुदायको सामाजिक संरचना हेर्न सकिन्छ । वस्तुतः ह्योल्मो समुदायमा पनि श्रम विभाजनलाई जोड दिइएको देखिन्छ । समाजको परिचालनमा लामागुरुको भूमिका हुन्छ । त्यस्तै गुम्बाका लामाहरू पनि धार्मिक एवम् सामाजिक मर्यादामा बस्नुपर्ने सामाजिक मान्यता रहेको छ । समाजका हरेक गतिविधिमा गुम्बाका प्रमुख लामाको महत्त्वपूर्ण भूमिका हुन्छ । गुम्बाका प्रमुख लामाले अन्य लामाहरूलाई मनोनयन गरी उनीहरूको पदाधिकार र दायित्व निर्वाह गर्नुपर्ने भूमिका दिइन्छ (लामा, वि.स. २०६७, पृ.१६१) । त्यसै गरी श्रम विभाजनका आधारमा गुम्बामा वस्ने लामाहरूलाई पनि सामाजिक मर्यादाक्रमअनुसार व्यवस्थित गरिएको हुन्छ । लामाहरूलाई सामाजिक मर्यादाक्रमअनुसार दान दक्षिणा दिने प्रचलन रहेको छ । अतः प्रमुख लामाले तयार गरेको व्यवस्थित सामाजिक सङगठनले गुम्बा तथा ह्योल्मो समाजलाई निर्देशन गर्दछ, अर्थात् ह्योल्मो समुदायलाई गुठी व्यवस्थाले सामाजिक एकतामा बाँधेको हुन्छ । गुम्बामा लामाहरूको मर्यादाक्रम यस प्रकार रहेको छ :

| | |
|---|---|
| १. रेम्पोछे, टुल्कु, प्रमुख लामा | प्रमुख |
| २. खेन्पा | उपाध्यक्ष |
| ३. दोर्जे लोपेन | वज्राचार्य |
| ४. लोपेन | आचार्य |
| ५. वुज | अगुवाई मुख्य |
| ६. सहवुज | सह अगुवाई मुख्य |
| ७. छयोठिम्पा | धर्म निरीक्षक |
| ८. ग्यालिङ बजाउन | दुईजना |
| ९. ल भा स्हाङदु बजाउन | दुईजना |
| १०. काङलीङ/स्हाङदुङ बजाउने | दुईजना |
| ११. दुङ(शंख) बजाउने | दुईजना |
| १२. ङा (ढ्याङग्रो बजाउने | दुईजना |
| १३. छयेपिन | दुईजना |

१४. अन्य लामाहरू आदि ।

(कान्छा लामासँग मिति २०७७। ६। १७ मा लिइएको अन्तर्वार्तामा आधारित)।

ह्योल्मो समुदायको परम्परागत सामाजिक तथा सांस्कृतिक संरचनामा श्रम विभाजनको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । कुनै पनि सांस्कृतिक पर्वहरू सम्पन्न गर्दा प्रमुख लामाले दिएको जिम्मेवारीलाई बहन गरिन्छ । प्रत्येक सदस्यले आ-आफ्ना जिम्मेवारी वहन गर्दा सहज, सरल र एकता मजबुत गराउँछ । यसरी लामागुरुको पदीय मर्यादाक्रम अनुसार कार्य विभाजन गर्दा गोन्पामा हुने कामहरू सहज रूपमा सम्पन्न हुनुका साथै प्रत्येक लामा र समाजका सदस्यहरूको समान सहभागिता हुने हुँदा अपनत्त्वको बोध हुन गई सामाजिक एकता मजबुत हुन्छ । त्यसैले ह्योल्मो समुदायमा कार्य विजानले परम्परागतदेखि नै महत्त्वपूर्ण भूमिका रहँदै आएको छ ।

## ५.२.१७ अतिथि सत्कार

अतिथि संस्कार नेपाली समाजको सामाजिक आदर्श तथा बिशेषता हो । विशेषतः आ-आफ्नो जातीय एवम् सांस्कृतिक परम्पराअनुसार अतिथि सत्कार गर्ने चलन छ । ह्योल्मो समुदायमा पनि अतिथि सत्कारलाई विशेष महत्त्व दिइन्छ । ह्योल्मो समुदायले आफ्नो घरमा आएका लामा गुरु, एवम् मान्नुपर्ने व्यक्ति लगायत अन्य पाहुनाहरूलाई उनीहरूको मानमर्यादा अनुसार स्वागत-सत्कार गरिन्छ । ह्योल्मो समुदायमा एक-आपसमा भेट्दा सम्मानपूर्वक दुबै हात जोडी, टाउको निहुर्‍याई आफ्नो भाषामा टासिदेलेग (नमस्कार) भन्दै नमस्कार एवम् सम्बोधन गर्ने गरिन्छ । यसैगरी आफ्नो कुल पुरोहित, लामा गुरु, भिक्षु, भिक्षुणी एवम् मान्नुपर्ने मान्यजनहरूसंगको आकस्मिक भेट र अन्य भेटघाटमा टाउको निहुर्‍याएर दुई हात जोडी ढोग गर्ने परम्परा छ । यसरी ढोग नमस्कार गर्दा लामा गुरुहरूले अशीर्वाद दिने प्रचलन रहेको छ ।

ह्योल्मो समुदायमा कसैलाई केही समस्या परेमा एक-आपसमा सबै मिलेर समस्याको समाधान गर्ने परम्परा रहेको छ । ह्योल्मो समुदायमा आफूभन्दा ठूलो व्यक्तिलाई अत्यन्त आदर सत्कार र सानालाई माया तथा प्रेमको भाव व्यक्त गरिन्छ । आफ्नो घरमा जुनसुकै समयमा नयाँ पाहुना आउनासाथ परिचय गरी सर्वप्रथम चिया दिएर स्वागत गर्ने परम्परा रहेको छ । त्यसपछि घरमा जे-जस्ता खाने बस्तुहरू उपलब्ध हुन्छन्, त्यही वस्तु तयार गरेर स-सम्मान र सद्भावपूर्ण ढङगले खुवाउने चलन रहेको छ । यसरी ह्योल्मो समुदायमा आफ्नो घरमा आउने अतिथिलाई सत्कार र सम्मानकासाथ स्वागत गर्ने परम्परा रहेको पाइन्छ (दावा साङवो लामासँग वि.स. २०७७ । ६ । ७ मा लिएको अन्तर्वार्तामा आधारितमा आधारित) । विशेषगरी ह्योल्मो समुदायमा आफ्नै परम्परागत अतिथि सत्कारक गर्ने प्रचलन रहेको पाइन्छ ।

### ५.२.१८ सामाजिक संरचना

#### (क) परिवार

परिवार समाजको प्रारम्भिक संस्कृति सामाजिक संरचनाको एक महत्त्वपूर्ण आधार हो । त्यसैगरी सामाजिक संरचना एक प्रकारको धेरै एकाइहरू परस्परमा मिलेर बनेको ठूलो व्यवस्था हो (Brown,1952, pp188–1889) । A.Radcliffe Brown का अनुसार परिवार संरचनात्मक-प्रकार्यवाद सिद्धान्तका रूपमा स्थापित गरिएको छ । मानवशास्त्री लेभीस्ट्रसका अनुसार सांस्कृतिक फरकपना केवल मानसिक संरचनाको बाह्य अभिव्यक्ति मात्र हो (Levi–Strauss, 1949, p.1) । मानिसले प्रदर्शन गर्ने प्रायः सामाजिक एवम् सांस्कृतिक आचार र व्यवहारहरू परिवारबाट निर्देशित हुन्छन् । विवाह, यौन-सम्बन्धलाई संस्थागत गर्ने वैधानिक प्रक्रिया हो र परिवार त्यसै संरचनाको आधार हो, अर्थात् वैवाहिक सम्बन्धबाट परिवारको निर्माण हुन्छ । ह्योल्मो समाजमा पुरुषका तर्फबाट वंश-नाम अगाडि बढ्छ । विशेषगरी ह्योल्मो समाजमा दुई प्रकारका पारिवारिक संरचना देखिन्छ, बाबुआमा र अविवाहित छोरा-छोरी भएकालाई एकल परिवार र बाजे-बजै, बाबु-आमा, फुपू, काका-काकी, भाइ-बहिनी आदि भएको परिवारलाई संयुक्त परिवार गरी दुबै विशेषता भएको पारिवारिक संरचना पाइन्छ । प्रायः पहिले पहिले संयुक्त परिवारमा आधारित सामाजिक संरचना देखिन्थ्यो । वर्तमान समयमा यो समाजमा विभिन्न कारणले गर्दा एकल परिवारको बाहुल्य रहेको देखिन्छ ।

#### (ख) महिला स्थिति

ह्योल्मो समुदायमा महिला र पुरुषबिच कुनै किसिमको भेदभाव पाइँदैन । विशेषतः समाज र पारिवारिक संरचनामा पुरुषको भन्दा महिलाको निर्णायक भूमिका बढी हुन्छ । विवाह पद्धतिले पनि पुरुषलाई भन्दा महिलालाई विशेष अधिकार दिएको छ । विवाह भएर लोग्नेको घरमा प्रवेश गरेपछि उनलाई परिवार माथिको अधिकार दायित्व सुम्पिएको हुन्छ । महिलाको विवाहपछि पनि उनको माइतीप्रतिको राम्रो सम्बन्ध कायम राखेको हुन्छ । ह्योल्मो समुदायमा पारपाचुके भएकी महिला वा अविवाहित दिदीबहिनीहरू सबैको अन्त्येष्ठि गर्ने अधिकार दाजुभाइको हुन्छ । उनीहरूको समुदायमा विवाह भइसकेका दिदी बहिनीहरूको मुत्यु भएमा आफ्नो कुलका लामा पुरोहित (माइती लामा) द्वारा अन्त्येष्ठि गरिने परम्परा रहेको छ । त्यसैले पनि दाजुभाइ र दिदीबहिनीका बिच पारिवारिक सम्बन्धमा आत्मीयता देखिन्छ । ह्योल्मो समुदायमा श्रीमानको पैतृक सम्पत्तिमाथि श्रीमतीको अधिकार हुन्छ । त्यसैगरी माइती पक्षबाट दिएको दाइजोमाथि पनि महिलाको एकलौटी अधिकार हुन्छ ।

#### (ग) नातेदारी प्रथाको परिचय

सामाजिक बनावटमा नातेदारी प्रथाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । जसरी एउटा भौतिक वस्तुको निर्माणका लागि विभिन्न अवयवहरूले भूमिका खेल्छन्, त्यसरी नै सामाजिक प्रक्रियाहरूमा नातेदारी व्यवस्थाले महत्त्वपूर्ण अवयवका रुपमा कार्य गरेको हुन्छ, अर्थात् सामाजिक एकाइहरूमा नातेदारी प्रथाले सामाजिक सञ्जालको आधार तयार गरेको हुन्छ । नातेदारी प्रथा विश्वको प्रत्येक

सामाजिक संरचनामा पाइन्छ । नातेदारी प्रथा वैवाहिक सम्बन्धमा आधारित हुन्छ जसले विशिष्ट सामाजिक सम्बन्धद्वारा व्यक्ति र परिवारलाई  एकआपसमा बाँधेको हुन्छ । बाबु, आमा, दाजुभाइ, दिदीबहिनी, श्रीमती, साली, सालो, जेठान, जेठान, सासू, नन्द, भाउजू, फुपू, मामा आदि नाता सम्बन्ध मार्फत् पारिवारिक संरचना फैलिएको हुन्छ ।

नाता सम्बन्धको विषयमा विभिन्न सामाजिक एवम् सांस्कृतिक अध्ययताहरूले विभिन्न परिभाषा दिएका छन् तापनि यी परिभाषाहरूमा एकरूपता पाइँदैन । कतिपय विद्वान्ले नाता-सम्बन्ध सामाजिक उद्देश्यको लागि मान्यता प्राप्त यस्तो सामाजिक संस्था हो, जसले सामाजिक सम्बन्ध र मूल्यहरूको लागि प्रभावकारी भूमिका निर्वाह गरेको  हुन्छ  (Brown, 1952, pp. 49–51) भनेका छन् । त्यस्तै, नातेदारी व्यवस्था समाजमा पाइने सामाजिक सम्बन्धहरूको त्यो वैधानिक व्यवस्था हो जुन यर्थाथमा वंशानुगत सम्बन्धमा आधारित हुन्छ (Levi–Strauss, 1969, pp.1–10) । नातेदारी प्रथा जातजातिहरूको एक सामाजिक संस्था हो र यसले परिवार र सामाजिक संरचनामा प्रकार्यात्मक भूमिका निर्वाह गरेको हुन्छ (Malinowski, 1960, pp.103) । सबै समाजमा मानव विभिन्न प्रकारका बन्धनमा बाँधिएको छन् जुन सन्तानोत्पतिमा आधारित हुन्छ । यो अन्तरिक अभिप्रेरणा हो, जसलाई नातेदारी भन्ने गरिएको छ (Majumdar & Madan, 1974, p11) । यसरी नातेदारी प्रथा दुई परिवारबिचको नाता- सम्बन्धको त्यस्तो गाँठो हो जसले समाजका सदस्यहरूलाई मर्यादा अनुरूप व्यवहार गर्न अभिप्रेरित गर्दछ ।

माथि उल्लिखित मानवशास्त्रीका परिभाषाहरूले रक्त सम्बन्ध र विवाह सम्बन्धका आधारमा नातेदारी प्रथाको विकास हुन्छ । यसरी स्वीकृत आ-आफ्नो परम्परागत सामाजिक मूल्य-मान्यताका आधारमा नातेदारी सम्बन्ध विकसित भएको हुन्छ । अतः नातेदारी प्रथाबाट सामाजिक मूल्य-मान्यताको आदर्श स्थापित हुनुका साथै सामाजिक सञ्जालहरूलाई एक आपसमा जोडेको हुन्छ ।

### (घ) नातेदारी प्रथाका प्रकार

नातेदारी प्रथाका विषयमा पनि समाजशास्त्री तथा मानवशास्त्रीहरूले विभिन्न धारणा व्यक्त गरेका छन् । यी विद्वान्हरू बिच नातेदारी प्रथाको प्रकार विभाजनमा पनि एकरुपता देखिंदैन । मानवशास्त्री S.C. Dube ले प्राथमिक नातेदारी, द्वितीयक नातेदारी र तृतीयक नातेदारी गरी नातेदारी प्रथालाई तिन श्रेणीमा विभाजन गरेका छन् । उनका अनुसार प्राथमिक नातेदारी एकदम नजिकको हुन्छ, जसमा व्यक्ति व्यक्तिसँग सिधा सर्म्पक हुन्छ, अर्थात् जसको सम्बन्ध प्रकट गर्नका लागि अन्य कुनै असम्बन्धित व्यक्तिको आवश्यक पर्दैन, जस्तैः बाबु, आमा, दाजुभाइ, दिदीबहिनी बिचको नातासम्बन्धमा दोस्रो व्यक्तिको आवश्यकता पर्दैन । त्यसै गरी, द्वितीयक नातेदारी भन्नाले बाबुको रक्तसम्बन्धी नातेदारी हो । यसमा बाजे द्वितीयक नातेदारीमा पर्छन् । यस खालको द्वितीयक नातेदारी व्यक्त गर्न बिचमा अर्को प्राथमिक नातेदारको आवश्यकता हुन्छ । यस्तैगरी श्रीमती विवाहसम्बन्धी  नातेदारी प्राथमिक नाता हो भने जेठान, साला, साली, ससुरा आदि द्वितीयक नातेदारी सम्बन्ध हो । तृतीयक नातेदार सम्बन्ध त्यसलाई बुझिन्छ, जुन द्वितीयक प्राथमिक नातालाई भनिन्छ । उदाहरणका लागि बाजेका बुबा रक्तसम्बन्धी तृतीयक नातेदारी हो, किनभने बाबु प्राथमिक नातादार, बाजे द्वितीयक र बाजेका बुबा रक्तसम्बन्धी तृतीयक नातेदार हो । यस्तै गरी जेठान, साला, जेठीसासू वा सालीका छोरा-छोरी

विवाहसम्बन्धी तृतीयक नातेदारी हो, किनभने श्रीमती विवाहसम्बन्धी प्राथमिक नाता हो भने साला, जेठान, जेठीसासू, साली विवाहसम्बन्धी द्वितीयक नाता र उनीहरूका छोरा-छोरी तृतीयक नातादारी रहेको पाइन्छ (Dube, 1996, pp. 64–82) ।

नेपालको हिमाली क्षेत्रमा बसोबास गर्ने ह्योल्मो समुदायमा माथि उल्लिखित नातेदारी प्रथा कायम रहेको देखिन्छ । ह्योल्मो समुदायको नातेदारी प्रथा आफ्नै परम्परागत मूल्य-मान्यताका आधारमा विकसित भएको हो । यस समुदायमा रक्त सम्बन्ध र विवाह -सम्बन्धका आधारमा नातेदारी प्रथा कायम भएको पाइन्छ । ह्योल्मो समाजको नातेदारी प्रथामा मितेरी साइनोले पनि महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ, जुन प्राथमिक अर्थात् नयाँ नातासम्बन्धका रुपमा विकसित भएको हुन्छ । हरेक समुदायमा प्रचलित नातेदारी व्यवस्थाले समाजलाई अनुशासित र मर्यादित राख्न ठूलो भूमिका खेलेको हुन्छ । मानवशास्त्रीहरूले सामाजिक संरचनाको प्रकार्यात्मक भूमिकामा नातेदारी प्रथाको महत्त्वपूर्ण स्थान रहेको बताएका छन् । ह्योल्मो समुदायमा पनि सामाजिक एवम् सांस्कृतिक मूल्यहरूलाई कायम राख्न नातेदारी प्रथाले भूमिका खेलेको हुन्छ ।

### (ङ) रक्तसम्बन्धी नातेदारी प्रथा

विश्वमा रक्तसम्बन्धी नातेदारी प्रथा अझैसम्म कायम रहेको देखिन्छ । नेपालको सामाजिक संरचनामा पनि नातेदारी प्रथाले गहिरो प्रभाव पारेको देखिन्छ । नेपालको हिमाली क्षेत्रमा बसोबास गर्ने जनजाति ह्योल्मो समुदायमा रक्तसम्बन्धी नातेदारी प्रथाको महत्त्वपूर्ण स्थान रहेको छ । ह्योल्मो समाजमा रक्तसम्बन्धी नातेदारी प्रथामा मर्यादाक्रमअनुसार आमा-बा, छोरा-छोरी, दाजु-भाइ, दिदी-बहिनी आदि बिचमा प्राथमिक रक्त सम्बन्ध कायम रहेको पाइन्छ (छिरिङ लामासँग मिति २०७७ । ०६ । १७ मा लिइएको अन्तर्वार्तामा आधारित) । यस प्रकारबाट बनेको नातेदारी सम्बन्धलाई रक्त वा वंशजको नाता सम्बन्ध पनि भन्ने गरिन्छ । रक्त -सम्बन्धी नातेदारी संरचनामा धर्मपुत्रको पनि सोही भूमिका र मूल्य रहेको हुन्छ ।

### (च) विवाहसँग सम्बन्धित नातेदारी प्रथा

नेपाली समाजमा विवाहलाई महत्त्वपूर्ण संस्कारका रुपमा लिइन्छ, अर्थात् वैवाहिक सम्बन्धले नयाँ नातेदारी सम्बन्धको सिर्जना गरेको हुन्छ । ह्योल्मो समुदायमा पनि यस्तो किसिमको विवाह पद्धति परम्परादेखि कायम रहेको छ । ह्योल्मो समुदायमा विवाह गरेपछि पति-पत्नीको मात्र नाता-सम्बन्ध नभई दुवै परिवारका अनेकौ सदस्यसँग विभिन्न प्रकारका नातेदारी सम्बन्ध गाँसिएको हुन्छ (जिमी लामासँग मिति २०७७ । ०६ । १६ मा लिइएको अन्तर्वार्ता) । यस्तो नातेदारी प्रथामा ज्वाँइ, भिनाजु, सासू-ससुरा, साला-साली, जेठान, बुहारी, श्रीमती, भाउजू, आदि बिच यस्तो खालको नाता सम्बन्ध कायम हुन्छ । यसप्रकारको नातेदारी प्रथा रक्त वा पुर्ख्यौली सम्बन्धका आधारमा नभएर वैवाहिक सम्बन्धका आधारमा भएको हुन्छ (दावा ग्याल्जेन लामासँग मिति वि.स.२०७७ । ६ । १७ मा लिइएको अन्तर्वार्तामा आधारित) । यस प्रकारको नाता-सम्बन्धलाई विवाह सम्बन्धी नातेदारी प्रथा भनिन्छ ।

ह्योल्मो समुदायमा वंशजको नाता भन्नाले बुवातिरबाट बन्ने नातालाई वंशजतिरको नातेदारीका रुपमा लिइन्छ । यसरी निर्माण हुने नातेदारी प्रथा निम्नानुसार रहेको छ :

| **नेपाली भाषा** | **ह्योल्मो भाषा** |
|---|---|
| बुवा | आपा/याप |
| हजुरबा | मेमे |
| हजुरआमा | इबी |
| जेठाबा | आउ छयोम्वो |
| जेठीआमा | आमा छयोम्वो |
| काका | आखु |
| फुपू | अनि |
| फुपाजू | अस्याङ |
| दाइ | आता |
| भाउजू | नामा |
| भाइ | नो (न्हो) |
| बुहारी | नामा |
| भतिजा | भु |
| भतिजी | भुमो |

(दावा साङवो लामा ह्योल्मोसँग मिति२०७७/६/१७ मा लिइएको अन्तर्वार्तामा आधारित) ।

त्यसरी नै ह्योल्मो समुदायमा बुवातर्फबाट मात्र नभएर आमातर्फबाट पनि विवाह सम्बन्धको नातेदारी प्रथाको विकास भएको देखिन्छ । यसरी विकसित भएको नातेदारीप्रथा निम्नानुसारको रहेको छ :

| **नेपाली भाषा** | **ह्योल्मो भाषा** |
|---|---|
| आमा | आमा |
| हजुरबा | मेमे (बाजे) |
| हजुरआमा | इवी (बज्यै) |
| आमाको दाजु | अस्याङ (मामा) |

| | |
|---|---|
| आमाको भाइ | अस्याङ (मामा) |
| आमाको भाउजू | अनि (माइजू) |
| माइजुका पिता | मेमे (बाजे) |
| माइजुका आमा | इवी (बज्यै) |
| सानिमा | चिची (ज्ही-ज्ही) |
| सान्बा | आउ (आखु-काका) |
| ठूली आमा | आमा छयोम्वो |
| ठूल्बा | आउ छयोम्वो |
| जेठान | आश्याङ |
| साला | श्योङवो |
| साली | ज्येचे (जेचे) |
| जेठाजुको छोरा | छो (भान्जा/नाति) |
| सालाको छोरा | छो (भान्जा/नाति) |
| सालाको छोरी | छामो (भान्जी) |
| सालीको छोरा | भु (भतिजा) |
| सालीको छोरी | भुमो (भतिजी) |

(दावासाङवो लामा ह्योल्मोसँग मिति २०७७।६।१७ मा लिइएको अन्तर्वार्तामा आधारित)।

ह्योल्मो समुदायमा दुई परिवारबिचको वैवाहिक सम्बन्धबाट नयाँ नातेदारी प्रथाको सिर्जना हुन्छ। श्रीमान्ले श्रीमती तर्फको परिवारको नातेदारी सम्बन्धको सञ्जालमा श्रीमतीले गर्ने साइनो र सम्बन्धअनुसार नै सम्बोधन गर्दै जान्छ। जस्तै श्रीमतीका बुबालाई ससुराबुवा, आमालाई सासू आमा, दाइलाई जेठान, भाइलाई साला, बहिनीलाई साली, दिदीलाई दिदीसासु एवम् रीतले सम्बन्ध र साइनोको विस्तार हुन्छ। त्यसै गरी श्रीमतीले श्रीमान्का तर्फको नातेदारी सम्बन्धमा श्रीमान्ले गर्ने साइनो र सम्बोधनअनुसार जान्छ। जस्तै श्रीमान्का आमा सासू आमा, बुबा ससुरा बुबा, दाइ जेठाजु, देवर- भाइ, नन्द -बहिनी, दिदी -अमाजू, मामालाई मामा आदि । यसरी माथि उल्लिखित दुबै परिवारबिच सम्बन्ध र साइनोको जालो बढ्दै जान्छ।

### (छ) मितेरी साइनो सम्बन्ध

नेपालमा बसोबास गर्ने विभिन्न जातजातिहरूमा मितेरी सम्बन्धी नातेदारी प्रथा प्रचलित रहेको पाइन्छ । ह्योल्मो समुदायमा मितेरी साइनोका आधारमा पनि नातेदारी प्रथा र पारिवारिक सम्बन्ध कायम रहेको देखिन्छ । मितेरी भन्नाले मन मिल्ने केटा वा केटीले परम्परागत मूल्य र मान्यताका आधारमा विभिन्न उपहार, सगुन (रक्सी) राखी दुवैतिरका मान्यजन बसी, लामाद्वारा पूजापाठ गरी मित लगाउने भन्ने बुझिन्छ । यस्तो प्रकृतिको नातेदारी प्रथालाई नेपाली समाजमा मितेरी सम्बन्धी नातेदारी प्रथा भनिन्छ । मित लगाउदा अविवाहित केटा भए अविवाहित केटासँग र अविवाहित केटी भए अविवाहित केटीसँग लगाउने पम्परा रही आएको छ । यसै गरी मितेरी सम्बन्धी नातेदारी प्रथामा केटा र केटी मात्र नभएर विवाहित भएका दुवै जोडी बिच पनि मित लगाउने चलन रहेको छ । यसरी मितेरी सम्बन्ध गाँसेपछि यिनीहरूबिच पारिवारिक मान्यता कायम रहन्छ भन्ने सामाजिक विश्वास छ । यसरी मितेरी साइनो मार्फत् पारिवारिक सम्बन्ध कायम भइएपछि मित वा मितिनीका बुबा र आमालाई पनि आफ्नै बुबा-आमाका रूपमा सम्मान गरी दाजुभाइ, दिदीबहिनी, सासू, ससुरा, मामा लगायत सम्पूर्ण नातालाई आफनो वंशको नाताका रूपमा स्वीकार गरिन्छ । ह्योल्मो समुदायमा मित र मितिनी साइनोबाट बनेको नातेदार प्रथाको जालोले पनि एक अर्काप्रति महत्त्वपूर्ण सामाजिक नातेदारी सम्बन्ध कायम रहेको देखिन्छ (डोल्मा लामासँग मिति वि.स.२०७७ । ६ । १७ मा लिएको अन्तर्वार्तामा आधारित) ।

## ५.२.१९ लिपि र भाषा

पुरातत्त्वमा लिपि अध्ययनलाई महत्त्वपूर्ण आधार मानिन्छ, अर्थात् मानवसभ्यताको विकासक्रममा लेखनकलाको महत्त्वपूर्ण भूमिका छ । वस्तुतः भाषाको उत्पत्ति नहुँदै आफूलाई व्यक्त गर्न मानिसहरू संकेत, हाउभाउ र चित्रकला लगायतको अभ्यास गरेको मानिन्छ । लिपि के हो भन्ने विषयमा भाषाशास्त्री तथा लिपिविशेषज्ञका फरकफरक मत छन् । आफ्नो व्यक्तिगत अनुभूतिलाई दोस्रो व्यक्तिसम्म सञ्चार गर्ने क्रममा भाषा र भाषा बुझाउने संकेत चिह्नको विकास भएको हो । शब्दको उत्पत्ति हुनुअघि शारीरिक हाउभाउ र सांकेतिक चिह्नका माध्यमबाट भाषिक सञ्चारको आदान प्रदान गरिएको हुनुपर्छ । भाषिक सञ्चारका लागि प्रयोग भएका सांकेतिक चिह्न नै लिपि विकासको आधार हुनसक्ने लिपि विशेषज्ञहरूको मत छ । चित्रलिपि, भावनात्मक लिपि, आक्षरिक लिपि हुँदै वर्णका लिपिको विकास भएको मानिन्छ (रेग्मी, वि.सं. २०६०, पृ. १-२)

लिपिको विकासक्रम हेर्दा तिब्बती लिपिमा भारतीय गुप्त लिपि र लिच्छवि लिपिको प्रभाव परेको देखिन्छ । ह्योल्मो समुदायले पनि बसाइँ सरी आउनेक्रममा भोटेभाषा र सम्भोट लिपिलाई साथै लिएर आएको देखिन्छ । भाषिक सञ्चारका लागि ह्योल्मो भाषा (प्रायः यस भाषाको तिब्बती भाषासँग समानता देखिन्छ) बोल्ने यस समुदायले भाषिक अभिव्यक्तिका लागि भने भोट अर्थात् तिब्वतमा विकसित सम्भोट (लामा) लिपिलाई प्रयोग गरेको देखिन्छ (दावा ग्याल्वु लामासँग मिति २०७७ । ६ । १७ मा लिइएको अन्तर्वार्तामा आधारित) । उनीहरूका सम्पूर्ण धार्मिक ग्रन्थहरू सम्भोट लिपिमा लेखिएका छन् ।

ह्योल्मो भाषा भोट-वर्मेली भाषा समूहभित्र पर्दछ । यिनीहरू विभिन्न जिल्लामा बसोबास गरे तापनि भाषामा भने एकरुपता (स्थान विशेषअनुसार थोरै फरक पाइन्छ) पाइन्छ । उनीहरूले बोल्ने भाषा तिब्बती भोट-वर्मेली भाषामा आधारित छ (Hari, 2010, p.1) । ह्योल्मो समुदायमा मानिस एक आपसमा भेटघाट हुँदा र धार्मिक, सामाजिक एवम् अन्य चाडपर्वहरूमा आफ्नै ह्योल्मो भाषाा (मातृभाषा) बोल्दछन् (कर्मा तोप्के लामासँग मिति २०७७ । ६ । १६ मा लिइएको अन्तर्वार्तामा आधारित) । ह्योल्मो समुदाय  हेलम्बु क्षेत्र बाहेक नेपालका अन्य विभिन्न जिल्ला तथा विदेशहरूमा समेत बसोबास गरेको देखिन्छ । आधुनिकता, सांस्कृतिक प्रभाव, बसाइँ-सराइ तथा अन्य भाषिक समुदायहरूसँगको घुलमिल र सम्पर्कको कारण ह्योल्मो समुदायले आफ्नो मातृभाषा भन्दा अन्य भाषा प्रयोग गरेको देखिन्छ जसका कारण ह्योल्मो समुदायको भाषा लोपोन्मुख अवस्थामा पुगेको छ ।

## ह्याल्मो भाषाको उत्पत्ति

छैठो शताव्दीसम्म तिब्बतमा लिपिको उत्पत्ति र विकास भएको थिएन् । भारतबर्षबाट बौद्ध महायन धर्मसगंसर्ग सम्बोट लिपिको प्रवेश भएको देखिन्छ । यो लिपि भारतबाट तिब्बतमा प्रवेश हुनुको कारणमा तिब्बतका राजा स्रोङचङ गोन्पोले आफनो मन्त्री थोमे सम्बोटालाई बौद्ध धर्म एवमं लिपि अध्यन गर्नका लागि भारतवर्षमा पठाएका थिए । थोमे सम्बोटा भारतमा धेरै बर्षसम्म बसी बौद्ध धर्म सम्वन्धी संस्कृत भाषामा देवनागरी लिपिमा लेखिएिको बौद्ध दर्शनहरू अध्ययन गर्नु भएको गरेको पाइन्छ । उनले अध्ययन गरेको देवनागरी लिपिको ३६ व्यञ्जनलाई परिमार्जित गरी देवनागरी लिपिको २४ अक्षर उहाँले नै तिब्बतमा विकसित गर्नु भएको ६ वटा अक्षर थपी ३० वटा अक्षर बनाउनु भएको देखिन्छ । यसरी दुई लिपि मिश्रण गरि सम्बोट लिपिको विकास गर्नु भएको पाइन्छ । सम्बोट लिपिबाट लेखिएको धार्मिक ग्रन्थहरूमध्येबाट ह्योल्मो समुदायले आफनो विभिन्न किसिमका संस्कारहरू गदै आएको पाइन्छ । यस सम्वोट लिपिलाई ह्योल्मो समुदायले परम्परादेखि यस प्रयोग गर्दै आएका छन् । त्यसैले ह्योल्मो समुदायमा सम्वोटा लिपिको महत्त्वपुर्ण भुमिका रहेको छ ।

तिब्बतको दक्षिणतिर आएका ह्योल्मो समुदाय हेलम्बुमा आएर बसोवास गर्न थालेको पाइन्छ । उनीहरूले आफनो परम्परागत संस्कारहरू लगायत सामाजिक कार्यहरू सम्पदान गर्न सम्वोट लिपिबाट विकसित भएको भाषालाई ह्योल्मो समुदायले आफनो मातृ भाषाको रुपमा प्रयोग गर्दै आएको पाइन्छ ।

## ५.२.२० थर विभाजन

ह्योल्मो समुदायमा ६ थरी लामा र ह्योल्मो उप-थरहरू रहेका छन्, जुन यसप्रकार  छन् :

### (क) छ थरी लामा

ह्योल्मो समुदायभित्रका ६ थरी लामाबिच पुस्तौदेखि एक आपसमा सामाजिक एवम् धार्मिक सम्बन्ध रहेको देखिन्छ । लामागुरु वंशका प्रमुख लामा एवम् अन्य विद्वान् लामाको स्वर्गारोहण भएमा मृत्यु संस्कारका लागि रेन्पोछे वा टुल्कु (अवतावरी लामा) लाई निम्तो गरी संस्कार सम्पन्न गर्ने परम्परा

रहेको छ । खासगरी ६ थरीका लामा वंश बिच धार्मिक सम्बन्ध मात्र नभई वैवाहिक सम्बन्ध कायम भएको देखिन्छ । ह्योल्मो समुदायमा ६ थरी ह्योल्मो समुदायको उच्चस्थान रहेको पाइन्छ (लामा विं.स.२०७२(क), पृ.१४३) ।

विशेषतः थरी लामा भन्नाले ह्योल्मो, तामाङ, शेर्पा, गुरुङ आदि जातिको पुरोहित वा मूल गुरुलाई बुझिन्छ । यी थरी लामावंशका गोन्पाहरूलाई मल्ल र शाहवंशीय राजाहरूबाट ह्योल्मो क्षेत्रको सिमाना छुट्याई विर्ता दिइएको देखिन्छ । सो क्षेत्रभित्रका सम्पूर्ण प्रशासनिक अधिकार कायम हुने गरी ताम्रपत्र, लालमोहर र सनदपत्र जारी गरिएको थियो । यसरी प्रदान गरिएको क्षेत्रभित्र गोन्पा बनाउन, भगवान्को प्रतिमा स्थापना गर्न, दैनिक पूजाआजा गर्न समेत अधिकार दिइएको देखिन्छ (लामा विं.स.२०७२(क), पृ.१४३) । ६ किसिमका थरी लामा वंशजले आफ्ना बुवालाई “यबु” र दाजुलाई “ज्यो ज्यो” भनेर सम्बोधन गर्ने परम्परा रहेको छ । यस्तो खालको शब्द अन्य ह्योल्मो समुदायको भन्दा भिन्न रहेको पाइन्छ भने अन्य ह्योल्मो समुदायले भने बुवालाई “आफा/पापा” र दाजुलाई “आदा” भनेर सम्बोधन गर्ने गरेको पाइन्छ (लामा, विं.स.२०७२(क), पृ.१४३) । छ थरी लामाका थरहरू निम्नानुसार रहेका छन्:

१. नेदोङ्पा/देवङ्येतोङ (सारमा लामा),

२. बुराम स्यिङ्पा/डाङ्सोङ् (ञिङ्मा लामा),

३. दोमर्पा,

४. ञ्याङ् ञ्यिमा होसेर (तेरदग् ञ्याङरल),

५. ल्हालुङ्पा, र

६. तेर ञ्ये लिङ्पा ।

## (ख) अन्य समूहभित्रका उप-थरहरू

ह्योल्मो समुदायमा छ थरीका लामाहरू बाहेक अन्य समूहभित्र १३ किसिमका थरहरू निम्नानुसार छन् :

१. स्याङ्/श्याङपा/स्याङबो,

२. दोङ/दोङपा/गोले,

३. ज्यापा/थोखोर /पखेन,

४. वेपा/वाईबा/वुपा,

५. ठोङ्सुवा/तेपा/जाङपा/छयेक्पाल/श्हार्पा/बोम्जेन,

६. ल्होपा/लोप्जेन,

७. च्युचाङ / च्योपा / मोक्तान,

८. योञ्छेन / योन्जेन,

९. फिदिको,

१०. ब्लोन / लोन,

११. थिङ,

१२. घले,

१३. म्हागर / मगर आदि ।

यस आधारमा ह्योल्मो समुदायभित्र पनि जातिगत विविधता रहेको देखिन्छ । विशेषतः ६ थरी लामा र अन्य १३ थरी ह्योल्मो लामाहरूबाट जातीय संरचना बनेको देखिन्छ, तर पनि यी ६ थरी र १३ उपथरी बिच सांस्कृतिक विविधता पाइँदैन । वस्तुतः ६ थरी लामाहरूले अन्य उपथरीहरूको समाजमा जजमानका रूपमा भूमिका निर्वाह गर्दछन् । उनीहरूमा थरका आधारमा विवाह सम्बन्ध कायम गरेको देखिन्छ । यसरी थरले ह्योल्मो समुदायमा महत्त्वपूर्ण भूमिका खेलेको छ ।

## ५.२.२१ ज्ञान तथा सीप

ह्योल्मो समुदायले आफनो धार्मिक एवम् अमूर्त सांस्कृतिक परम्परालाई संरक्षण, संवर्द्धन एवम् त्यसको निरन्तरताका लागि विशेष जोड दिएको देखिन्छ । वस्तुतः यस समुदायले आफूले प्राप्त गरेका ज्ञान, कला र सीपका माध्यमबाट विभिन्न सामग्रीहरू निर्माण गरी आफ्नो जीवन निर्वाह गरेको छ । विशेष गरी पुस्तक लेखन, काठमा अक्षर खोपेर पुस्तक छाप्ने, मूर्ति बनाउने, चित्र कोर्ने, जडीबुटी सङकलन गरी परम्परा विधि अनुसार उपचार गर्ने, धार्मिक कर्मकाण्ड गर्ने, काठका विभिन्न प्रकारका सामग्रीहरू निर्माण गर्ने, बाँस र निगालोका विभिन्न सामग्रीहरू बुन्ने, लोक्ताबाट नेपाली कागजका उत्पादन गर्ने, अल्लोको बोरा बुन्ने, भेडा तथा च्याँग्राहरूको ऊनबाट गलैचा, राडीपाखी लगायत अन्य लत्ताकपडाहरू बुन्ने, कृषि पशुपालन, व्यापार आदि कार्यमा आबद्ध रहेको देखिन्छ (पासाङ लामाकासँग मिति २०७७ । ६ । १६ मा लिईएको अन्तर्वार्तामा आधारित ) (परिशिष्ट ५ को चित्र नं. ४७) ।

## ५.२.२२ लामाले प्रयोग गर्ने वाद्यवादनका सामग्री

सांस्कृतिक अनुष्ठानमा संगीतको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । ह्योल्मो समुदायको विभिन्न सामाजिक तथा धार्मिक संस्कारहरू सम्पन्न गर्दा गुरु तथा लामाहरूले परम्परागत बाजाहरूको प्रयोग गर्ने गर्दछन् । जन्मेदेखि मृत्युसम्मका सम्पूर्ण धार्मिक संस्कारहरूमा लामाद्वारा वाजा बजाइन्छ । संगीतको धुनमा नै लामाहरूले सांस्कृतिक अनुष्ठान गर्दछन् । यसकारण ह्योल्मो समुदायमा संगीतको महत्त्वपूर्ण भूमिका रहेको हुन । ति संस्कारहरूमा प्रयोग हुने वाद्यवादनका विभिन्न नामहरू निम्नानुसार रहेका छन्:

| **ह्योल्मो भाषा** | **नेपाली भाषा** |
|---|---|
| १. दोर्जे | वज्र |
| २. डिल्बु | घण्टा |
| ३. डमरु/च्योदार | डमरु |
| ४. बुम्बा | कलश |
| ५. रत्नमण्डल | रत्नमण्डल |
| ६. ग्याबुप/बुप्ज्याल | झ्याम्टा |
| ७. सिङञ्येल | झ्याम्टा |
| ८. ग्यालीङ | सहनाई जस्तो मुखले फुकेर बजाउने बाजा |
| ९. कालीङ/स्याङलीङ | नली खुट्टाको हडीबाट बनाइएको मुखले फुकेर बजाउने बाजा |
| १०. स्यङहुङ/दुङछयेन/लभा | कर्णाल जस्तो तामाबाट बनाइएको मुखले फुकेर बजाउने बाजा |
| ११. दुङ | शंख |
| १२. दिन्जार | भगवान्लाई पानी चढाउने भाँडा |
| १३. छयेकुङ/कुङ | दियो |
| १४. फिकोङ | अमृत चढाउने भाँडो |
| १५. मेन्राग | अमृत चढाउने भाँडो |
| १६. फुर्पा | किला |

(पेम्वा लामासँग मिति २०७७/६/१७ मा लिइएको अन्तर्वार्तामा आधारित)।

ह्योल्मो समुदायको लामा गुरुले गर्ने धार्मिक, सांस्कृतिक तथा सामाजिक संस्कारहरू सम्पन्न गर्दा परम्परागत बाजाहरूको महत्त्वपूर्ण स्थान रहेको हुन्छ । बाजाको धुन मार्फत् मन्त्र उच्चारण गर्दै धार्मिक कार्य सम्पन्न गरिने भएकाले लामाहरूका लागि वाद्यवादनका सामग्री अनिवार्य रहेको हुन्छ । ह्योल्मो समुदायमा लामाका वाद्यवादनहरू परम्परागत संस्कृति र सम्पदाको प्रतिविम्बका रूपमा रहेका हुन्छन् । आफ्नो अमूर्त संस्कृतिलाई अभिव्यक्त गर्नका लागि बाजाहरूको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । यसकारण विशेषतः लामागुरुहरूले धार्मिक तथा सांस्कृतिक अनुष्ठानमा बाजालाई महत्त्व दिने गरिन्छ ।

## ५.२.२३ सांगीतिक सामग्री

संगीत संस्कृतिको महत्त्वपूर्ण अङ्ग हो । ह्योल्मो समुदायमा प्राचीनकालदेखि संगीतको महत्त्वपूर्ण स्थान रहेको छ । ह्योल्मो समुदायको सांस्कृतिक क्रियाकलापका लागि आवश्यक पर्ने विभिन्न सांगीतिक उपकरणहरूले विशिष्ट अर्थ राख्छन् । ह्योल्मो समुदायको आफ्नै मौलिक वाद्यवादनका सामग्रीहरू छन्

जसलाई ह्योल्मो समुदायले लामो समयदेखि संरक्षण, सम्बर्द्धन र प्रदर्शन गर्दै आएका छन् जुन निम्नअनुसार रहेका छन् (डोमा लामासँग मिति २०७७/६/१६मा लिइएको अन्तर्वार्तामा आधारित :

| **नेपाली भाषामा** | **ह्योल्मो भाषा** |
|---|---|
| १. टुङना | डम्ञ्येन |
| २. बाँसुरी | लिमू |
| ३. सारङ्गी | पिवोङ |
| ४. ढ्याङग्रो | ङा |
| ५. झ्याम्टा | बुप्ज्याल |

यी परम्परागत वाद्यवादनका सामग्रीहरू सामाजिक गतिविधि र उत्सवहरूमा मनोरञ्जनका लागि प्रयोग गरिन्छन् । यी परम्परागत बाजाहरू अमूर्त सांस्कृतिक सम्पदा हुन् । बाजाबाट निस्कने धुन, बाजा बनाउने कला, बाजामा निहित विभिन्न सांस्कृतिक एवम् प्राकृतिक चिह्नहरू आदिले ह्योल्मो समुदायको अमूर्त संस्कृतिलाई अभिव्यक्त गर्दछन् । आधुनिकता र अन्य कारणले गर्दा यी परम्परागत सांगीतिक उपकरणहरू लोप हुने अवस्थामा छन् । यस्ता पुराना महत्त्वपूर्ण बस्तुहरूको संरक्षणका लागि समुचित संग्रहालयको आवश्यकता देखिन्छ ।

## ५.२.२४ धार्मिक नाच

परम्परागत नृत्य भनेको सभ्यताको एउटा आधार हो । धार्मिक र सांस्कृतिक अभ्यास र अनुष्ठानहरूमा नृत्यको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । आफ्ना देवीदेवताहरूलाई खुसी पार्न धार्मिक नृत्यहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । धार्मिक नृत्य मार्फत् मानिसको जीवनमा आइपर्ने विध्नबाधाहरू हटेर जान्छन् भन्ने जनविश्वास  छ ।

ह्योल्मो समुदायमा पनि धार्मिक नाचको महत्त्वपूर्ण भूमिका छ । विभिन्न समयमा  नाचिने धार्मिक नाचहरू फरक-फरक रहेका छन् जुन प्राचीनकालदेखि नाचिँदै आएको पाइन्छ (निमा घोन्डुब लामासँग मिति २०७७/३/७ मा लिइएको अन्तर्वार्तामा आधारित) । यी धार्मिक नाचहरूका विषयमा बौद्ध लामाधर्मका धार्मिक ग्रन्थहरूमा उल्लेख गरिएको पइन्छ । ह्योल्मो समुदायमा प्रचलित धार्मिक नाचहरू निम्नअनुसार छन्:

### (क) भन्छ्याम

ह्योल्मो समुदायमा यस नाचलाई महत्त्वपूर्ण नाचका रूपमा लिइन्छ । नेपाली भाषामा यस नाचलाई 'लामा' नाच भनिन्छ । यो नाच विशेष गरी लामा गुरुद्वारा नाचिन्छ । यो नाच नाच्दा विभिन्न लामा पोसाक तथा मुकुण्डो लगाइन्छ । धार्मिक ग्रन्थमा उल्लेख भएको मन्त्रपाठ गर्दै विभिन्न बाजाको तालमा लामबद्ध भएर यो नृत्य गरिन्छ । विभिन्न देवी-देवताको प्रतीकस्वरूपमा बनाइएको काठका

मुकुण्डो टाउकामा वा मुख समेत छोप्ने गरी लगाएर यो नाच नाचिन्छ । प्रायः गोन्पा, छ्योंतेनहरूको प्राण-प्रतिष्ठानका समयमा धार्मिक मन्त्रका जपगर्दै यो नृत्य गरिन्छ (निमा ग्याल्जेनसँग मिति २०७७/६/१५ लिइएको अन्तर्वार्तामा आधारित) ।

### (ख) च्ये-छयाम

च्ये-छयाम नाचलाई नेपाली भाषामा डमरू बजाएर नाचिने नाच भनिन्छ । विशेषतः साधारण पूजापाठका साथसाथै मृत्यु संस्कार सम्पन्न गर्दा यो नाच नाचिन्छ । यस नाचमा पनि लामागुरुको प्रमुख भूमिका रहेको हुन्छ । लामा गुरुहरूद्वारा आफ्नो परम्परागत पोसाक लगाई लामबद्ध भएर विभिन्न बाजा बजाएर यो नाच प्रस्तुत गरिन्छ । यस नृत्यमा  लामागुरुद्वारा धार्मिक ग्रन्थ पाठ गरिन्छ । यो नाच मृत्यृ संस्कार सम्पन्न गर्न तथा भूत-प्रेतहरूलाई शान्त गर्नका लागि नै नाचिन्छ भन्ने स्थानीयको भनाइ छ (ङ्वाङ लामासँग मिति २०७७/३/६ मा लिइएको अन्तर्वार्तामा आधारित ) ।

### (ग) मणि छ्येपा छ्याम

मणि छ्येपा छ्याम नृत्यलाई नेपाली भाषामा “ॐ मणि...” मन्त्र जप गर्दै नाचिने नाच भनिन्छ । यो नाच विशेषतः धार्मिक वा मृत्यु संस्कार सम्पन्न गर्दा  नाचिन्छ । “ॐ मणि...” मन्त्र जप गर्दै नाचिने यस नाचमा पनि लामागुरुको  भूमिका रहेको हुन्छ (छिरिङ वाङ्दीसँग मिति २०७७/३/६ मा लिइएको अन्तर्वार्तामा आधारित) । यो नाच नाच्दा मृतकको आत्मा सुखावती लोकमा जान्छ भन्ने जनविश्वास रहेको छ । यसकारण पनि ह्योल्मो समुदायमा मणि छ्येपा छ्याम नृत्यको महत्त्वपूर्ण भूमिका रहेको छ ।

### (घ) ज्यूङ्बु छयाम

ज्युङपु छयाम नाचलाई नेपाली भाषामा ग्रहदशा फाल्ने तथा भूत-प्रेतबाट जोगाउनका लागि नाचिने नाचका रूपमा लिइन्छ । राम्रो ग्रहदशा आओस् र नराम्रा ग्रहदशा जाओस् भन्ने उद्देश्यले यो नृत्य प्रदर्शन गरिन्छ । विशेष गरी छेज्यु पूजामा लामाहरूको नाच समापन भएपछि लामाले अन्त्यमा ओङ (अभिशेष) प्रदान गरिसकेपछि ज्युङबु (लाखे नाच) गरी भूतप्रेत भगाउने कार्यका लागि लाखे नाच नाच्दै उपस्थित सबैले मन्साउने भूतप्रेत मिल्काउने कार्य सम्पन्न गरिन्छ । त्यसै गरी भूमि शुद्धीकरणको अवसरमा पनि यस किसिमको नाचको आयोजना गरिन्छ । यस नाचमा पनि लामाहरूको भूमिका रहेको हुन्छ । लामाहरूले लयबद्ध तरिकाले बाजाको तालमा मन्त्रोच्चरण गर्दै गर्दा ज्यूङपुहरूले नृत्य प्रदर्शन गर्छन् (दिन्डु लामासँग मिति २०७७/३/६मा लिइएको अन्तर्वार्तामा आधारित) । विशेषगरी छे-ज्यू ( दशमी) बेला तथा घेवामा ज्यूङबु (लाखे) नाच खास गरी भूतप्रेत पन्साउनका लागि  लाखे नाचको आयोजना गरिएको हुन्छ ।

### (ङ) छोग पूजा

लामा गुरुहरू पूजा-पाठ, ध्यान र छाम (गुप्तबास) बाट घर फर्किएपछि उनीहरूको सम्मानका लागि छोग पूजा गरिन्छ । विशेष गरी साउन महिनामा शक्ति एवम् ज्ञान प्राप्तिका लागि लामा गुरुहरू गुप्तवास बस्दछन् । गुप्तवास बस्नका लागि गोन्पामा (गुम्बा) एकलाख पटक ढोग्ने परम्परा छ । लामा गुरुहरू गुप्तवास बस्ने क्षेत्रमा अनावश्यक मानिसलाई प्रवेश निषेध गरिन्छ । गुफा क्षेत्रको चारैतिर झन्डा र चार सुरमा ढुंगा राखी सीमा निर्धारण गरिन्छ । लामाले सीमा निर्धारण गरेपछि यस स्थानबाट लामा गुरुहरू बाहिर जान मिल्दैन । लामा गुरुहरू कठिन ध्यान एवम् तप गर्छन् । गुफामा तप-ध्यानमा बसेका लामा गुरुहरूको सम्मानमा गरिने पूजालाई छोग पूजा भनिन्छ । विशेषतः यो पूजा भदौ पूर्णिमाका दिन सम्पन्न गरिन्छ (जोशी, २०७३, पृ.३३) ।

## ५.२.२५ सामाजिक नाच

नृत्य-अभिनय भाव अभिव्यक्तिको एउटा आधार हो । ह्योल्मो समुदायका नृत्य-अभिनयद्वारा आफ्ना आस्था, विश्वास र मूल्य-मान्यता लगायत सामाजिक मनोभाव व्यक्त गरिन्छ । सामाजिक रूपमा प्रस्तुत गरिने यस प्रकारका नृत्य-अभिनयले सामूहिक एकतालाई समेत अभिव्यक्त गरेको हुन्छ । नृत्य-अभिनयमा प्रस्तुत हुने विभिन्न भावभंगी र हातखुट्टाबाट प्रस्तुत हुने संकेतात्मक मुद्राहरूका माध्यमबाट उनीहरूको संस्कारिक भावलाई अभिव्यक्त गरिएको हुन्छ । वस्तुतः ह्योल्मो समुदायमा नृत्यलाई संस्कारगत अर्थमा प्रयोग गर्ने गरिएको हुन्छ । जन्मदेखि मृत्युसम्मका विभिन्न संस्कारहरूमा परम्परागत सामाजिक नाचहरू अनिवार्य रूपमा प्रस्तुत गरिन्छ, जुन निम्नअनुसार छन् :

### (क) स्याब्रु छयाम

स्याब्रु छयाम नाचलाई नेपाली भाषामा परम्परागत गीत गाउँदा नाचिने नाच भनिन्छ । विशेष गरी ह्योल्मो समुदायले परम्परागत सामाजिक कार्यहरू सम्पन्न गर्दा सामूहिक रुपमा यो नृत्य प्रदर्शन गरिन्छ । विशेषगरी मेला, पर्व, विवाह, मृत्यु संस्कार आदिमा यो नृत्य प्रस्तुत गरिएको हुन्छ । परम्परागत पोसाक तथा गर-गहनामा सजिएका महिला तथा पुरुषहरू लामबद्ध भएर एकअर्कोसँग हातेमालो गर्दै यो नृत्य प्रस्तुत गरिन्छ । पुरुष र महिलाहरूका अलग-अलग समूहमा रहेर पनि यो नृत्य प्रस्तुत गरिन्छ ।

दोहोरी गीतकै शैलीमा यो गायन तथा नृत्य प्रस्तुत हुन्छ । यसरी नाच्दा नर्तकहरू आफैले पनि गीत गाउने र त्यही भाकामा खुट्टा उचालेर नाच्दछन् । यो गीत गाउँदा केटा र केटीपक्ष बिच दोहोरी शैलीमा सवाल-जवाफ हुन्छ (छिरिङ लामाँग मिति २०७७ । ३ । ६ मा लिइएको अन्तर्वार्तामा आधारित) । यसप्रकार स्याब्रु छयाम (नाच) शुभ तथा अशुभ दुबै अवसरहरूमा आयोजना गरिन्छ । यसैले ह्योल्मो समुदायमा स्याब्रु छय्राम नाचको महत्त्वपूर्ण स्थान रहेको देखिन्छ ।

### (ख) धिर्कुस्यिापा छ्याम

धिर्कुश्यिापा छ्याम नृत्यलाई नेपाली भाषामा एक-एकजना गरी नाचिने नाच भनिन्छ । विशेष गरी विवाह संस्कार गर्दा यस प्रकारको नृत्यको आयोजना गरिन्छ । यस नृत्यमा कुनै एउटा व्यक्तिले मात्र पनि नृत्य प्रस्तुत गर्दछ (जाङबु शेर्पा गौतमसँग मिति २०७७/३/७ मा लिइएको अन्तर्वार्तामा आधारित) । ह्योल्मो समुदायमा परम्परातग धिर्कुस्यिापा छ्यामको महत्त्वपूर्ण स्थान रहेको छ ।

### (ग) गोजेन्पा छ्याम

गोजेन्पा छ्याम लाई नेपाली भाषामा हातमा तरबार लिएर नाचिने नाच भनिन्छ । ह्योल्मो सामाजमा विशेषगरी विवाह संस्कारमा यो नाच अनिवार्य रुपमा नाचिन्छ । दुलाहाको घरमा दुलही लिएर आएपछि आँगनमा केटा पक्षको स्वागतस्वरूप सगुन (स्याल्गर) राखिएको हुन्छ । त्यसपछि दुलही सहितको जन्ती एकापट्टि राखेर बिच भागमा ४/५ मिटरको सेतो लुगाले पर्दा जसरी छेकिन्छ । त्यसपछि लामाद्वारा पूजाविधिबाट भूत-प्रेत भगाउनका (गेग्टोल) लागि मन्त्र जप गर्दै उक्त सेतो कपडा हटाइन्छ र स्वागतका लागि राखिएको सगुन अभिषेक (छयेपा) गरिन्छ । त्यसपछि, झ्याम्टा बजाउँदै एकजना लामा गोजेन्पा छयाम नाच्दछन् । यो नाच्ने पुरुष परम्परागत पोसाक लगाएर एक हातमा तरबार र अर्को हातमा याकको पुच्छर लिएर विवाह मण्डपको वरिपरि नाच्दछ । यसरी नृत्य प्रस्तुत गर्दा भूतप्रेत भाग्दछ भन्ने जनविश्वास रहेको छ (जिम्बा लामासँग मिति २०७७/३/७ मा लिईएको अन्तर्वार्तामा आधारित) । ह्योल्मो समुदायमा परम्परागत गोन्जेन्पा छ्यामको महत्त्वपूर्ण भूमिका रहेको छ ।

### (घ) सिलो छ्याम

सिलो छ्याम भनिने यस नाचको अर्थ नेपाली भाषामा याकको पुच्छर हातमा लिएर नाचिने नाच भन्ने हुन्छ । विशेषगरी ह्योल्मो समुदायका विवाह संस्कारमा यो परम्परागत नृत्य प्रस्तुत गरिन्छ । सिलो छ्याम पनि लामाहरूले परम्परागत पहिरनमा आफ्नो नृत्य प्रस्तुत गर्छन् । ह्योल्मो भाषाको गीत सहितको नृत्य प्रस्तुतिमा नर्तकले आफ्नो हातमा याकको पुच्छर लिएर नाचेको हुन्छ (दावा ग्याल्जेन लामासँग मिति २०७७/६/१५ मा लिइएको अन्तर्वार्तामा आधारित) ।

ह्योल्मो समुदायको सामाजिक एवम् सांस्कृतिक संस्कारमा संगीतको विशेष महत्त्व रहेको देखिन्छ । जन्मदेखि मृत्युसम्मका विभिन्न संस्कारहरूमा हर्ष र विस्मातको भाव अभिव्यक्ति गर्न संगीतको प्रयोग गरिएको देखिन्छ । विशेषत लामाबौद्ध गुरुहरूले संस्कारिक अनुष्ठानमा नृत्य तथा वाद्यवादनलाई अनिवार्य रुपमा प्रदर्शन गर्ने गरेको छ । त्यसै सामाजिक एवम् सांस्कृतिक उत्सवहरूमा गायन, वादन तथा नृत्यको विशिष्ट भूमिका रहेको हुन्छ । ह्योल्मो समुदायको जीवनपद्धतिमा गीत, संगीत तथा नृत्यको विशेष महत्त्व रहेको हुन्छ ।

### ५.२.२६ परम्परागत उपचार विधि

प्रकृतिको रहस्यात्मक चरित्रलाई हेरेर आदिम मानवले दैवी शक्तिको कल्पना गरेको मानिन्छ । प्रकृतिको उपसना गर्ने क्रममा तन्त्र, मन्त्र लगायत अभिचारिक अभ्यास गर्ने प्रचलन संसारका प्रायः आदिवासी जनजातिहरूमा पाइन्छ । विशेषगरी अथर्ववेदमा पनि मारण, मोहन, उच्चाटन लगायत तान्त्रिक अभ्यासहरूको संकेत पाइन्छ । मानिस बिरामी पर्दा रहस्यात्मक शक्तिको उपासना गर्नु आदिम विशेषता हो । नेपालका प्रकृतिपूजक आदिवासी जनजातिहरूमा पनि टुनामुना लगायत तान्त्रिक अभ्यास गर्ने प्रचलन छ । विशेषतः बिमारी पर्नुलाई अदृश्य शक्तिको कारण मान्दै त्यसलाई लामा-धामीका माध्यमबाट उपचार गर्ने परम्परा छ । ह्योल्मो समुदायमा पनि यस प्रकृतिको अभिचारिक अभ्यास र अनुष्ठान गर्ने चलन छ । स्थानीय देवदेवी र अन्य कालोजादुको अभ्यास गर्नेहरूले मानिसलाई बिमारी पार्छन् र त्यसबाट निको हुन लामाको महत्पूर्ण भूमिका रहेको देखिन्छ । वस्तुः अमूर्त संस्कृतिको अध्ययनमा परम्परागत उपचार विधिको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । अमूर्त संस्कृतिका रूपमा रहेका यी आभिचारिक अभ्यासहरूले उनीहरूको जीवन र जगत्प्रतिको दृष्टिकोणलाई संकेत गरेको हुन्छ ।

ह्योल्मो समुदायमा अभिचारिक विधिबाट उपचार गर्ने प्रचलन छ । नकारात्मक अदृश्य शक्तिको कारण मानिस बिरामी हुन्छ र लामाले मात्र त्यस प्रकृतिको कालो शक्तिलाई नियन्त्रण गर्न सक्छ भन्ने विश्वास यस समुदायमा छ । लामा गुरुले पात्रो (तिब्बती) वा धार्मिक ग्रन्थका आधारमा बिरामीको ग्रहदशा हेरेर  त्यसका आधारमा उपचार प्रक्रिया सुरू गर्छन् । त्यस्तै बिरामीको जन्मवर्षका आधारमा चिना हेराई रोगको पहिचान गर्ने विधि पनि प्रचलनमा रहेको छ । यसरी बिरामीको चिना हेरेपछि लामालाई घरमा बोलाएर लामा विधिअनुसार धार्मिक ग्रन्थ पढी नराम्रा ग्रहदशा र अन्य नकरात्मक शक्ति पन्छाउने कार्य गरिन्छ । ग्रहदशा फाल्नका लागि लुङदर (ध्वजापताका) प्रयोग गरेको देखिन्छ । अभिचारिक उपचार पद्धतिका साथसाथै स्थानीय जडिबुटीको प्रयोग गरेर रोग निको पार्ने प्रयास गरिन्छ । यस विधिमा लामाका साथसाथै आम्चीहरूको (जडिबुटीको प्रयोग गरी गरिने उपचार विधिलाई आम्ची विधि भनिन्छ) पनि महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

संस्कृति जीवन र जगत्लाई हेर्ने विश्व-दृष्टिकोणको एउटा महत्त्वपूर्ण आधार हो । प्रत्येक संस्कृतिमा जीवन र जगत्लाई हेर्ने दृष्टिकोण फरक-फरक हुन सक्छ । धार्मिक एवम् सांस्कृतिक क्रियाकलापले मानिसलाई सामाजिकीकरण गर्नुका साथै जीवनयापनका लागि सहजीकरणको महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । वस्तुतः कुनै पनि समाज संस्कृति- विहीन हुनै सक्तैन । समाजमा व्यक्ति र परिवारका सामाजिक भूमिकाहरूले मानवजीवनलाई सार्थक तुल्याउनमा सहयोग पुऱ्याउँछ, जुन संस्कृतिका महत्त्वपूर्ण आधार हुन् । मानिसका भावनात्मक संवेगहरू र संवेदनाहरू अभिव्यक्त गर्ने क्रममा विशेष गरी अमूर्त संस्कृतिको निर्माण हुन्छ । वस्तुतः यिनै अमूर्त संस्कृतिलाई अभिव्यक्त गर्ने क्रममा निर्माण भएका भौतिक उपकरणहरू नै मूर्त संस्कृति अर्थात् सांस्कृतिक सम्पदा हुन् । अर्को अर्थमा सांस्कृतिक र धार्मिक चिन्तनको प्रतीकात्मक स्वरूपमा निर्माण भएका मूर्त सम्पदाले धर्म, संस्कृति, अध्यात्म र दर्शनको चिन्तनलाई अभिव्यक्त गरेका हुन्छन् ।

बौद्ध धर्मावलम्बी ह्योल्मो समुदाय मूलतः आदिवासी जनजाति हुन् । हिमाली क्षेत्रमा बसोबास गर्ने यिनीहरूको आफ्नै प्रकृतिको जीवन र जगत्लाई हेर्ने विश्व-दृष्टिकोण रहेको देखिन्छ । मूलतः यिनीहरूको जीवन र जगत्लाई हेर्ने धार्मिक एवम् सांस्कृतिक आधार लामाबौद्ध धर्म हो । यिनीहरूको अहिंसावादी सामाजिक चिन्तनमा लामाबौद्ध दर्शनले विशेष भूमिका खेलेको छ । बौद्ध दर्शनमा आधारित रहेर नै यिनीहरूले विशेषगरी जन्म-मृत्यु, सत्य-असत्य र पाप-पुण्यको परिकल्पना गरेका हुन्छन् । ह्योल्मो समुदायको धार्मिक, सामाजिक र सांस्कृतिक संरचनामा लामाबौद्धधर्मले केन्द्रीय भूमिका खेलेको हुन्छ । वस्तुतः जन्मदेखि मृत्युसम्मका विभिन्न संस्कारहरूमा लामाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । मूलतः जीववाद, धामी झाँकीवाद, बोनधर्म, लामाबुद्धधर्मको पृष्ठभूमिमा ह्योल्मो समुदायको उपचार पद्धति विकसित भएको हो ।

जन्मदेखि मृत्युसम्मका विभिन्न संस्कारिक अनुष्ठानहरूमा प्रयोग गरिने विभिन्न वस्तुहरूले प्रतीकात्मक अर्थमा उनीहरूका मूल्य-मान्यता, आस्था, विश्वास र सामाजिक मान्यताहरूलाई अभिव्यक्त गरेका हुन्छन् । यी सांस्कृतिक वस्तुहरू अमूर्त संस्कृतिका प्रतीविम्ब हुन् । यस्ता प्रतीक र चिह्नहरूमा उनीहरूको जीवन र जगत्प्रतिको विश्व-दृष्टिकोण व्यक्त भएको हुन्छ । त्यसै गरी कृषिप्रणाली, पशुपालन लगायतका पारम्परिक पेसासँग पनि उनीहरूको विशिष्ट किसिमको सांस्कृतिक दृष्टिकोण जोडिएको हुन्छ । कृषि कर्ममा प्रयोग गरिने विभिन्न उपकरणहरू उनीहरूका ज्ञान, सीप र कलापक्षको चिन्तन अभिव्यक्त भएको हुन्छ । यिनीहरूको सामाजिक एवम् सांस्कृतिक जीवनमा संगीतको पनि महत्त्वपूर्ण भूमिका रहेका हुन्छ । सांस्कृतिक एवम् धार्मिक क्रियाकलापहरूमा लामाहरूले विभिन्न बाजागाजाहरूको प्रयोग गर्दछन् । विभिन्न सांस्कृतिक अनुष्ठानमा लामागुरुले संगीत मार्फत् हर्ष र विस्मातका भावहरू अभिव्यक्त गरेको हुन्छन् । अतः ह्योल्मो समुदायको सामाजिक विश्वास र सांस्कृतिक मान्यताहरूमा लामाबौद्धधर्म र दर्शनले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । मूर्त र अमूर्त स्वरूपमा अभिव्यक्त भएको सामाजिक र सांस्कृतिक जीवनमा लामाबौद्ध दर्शनको भूमिका रहेको हुन्छ । सांस्कृतिक अध्ययनमा कृषिकर्म र पशुपालनको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । कृषिकर्म र पशुपालनमा प्रयोग गरिने विभिन्न औजार एवम् उपकरणहरू मूर्त सम्पदा पनि हुन् । वातावरणीय परिस्थितिअनुसार नै उपकरण प्रविधिको आविस्कार हुनेहुँदा सांस्कृतिक अध्ययनमा यसको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । खानपान तथा पेयपदार्थ उत्पादन तथा प्रयोगमा प्रयोग गरिने विभिन्न भाँडाकुडाहरूले सांस्कृतिक अर्थ बहन गरेको हुन्छ । नृत्य, गायन र संगीतले पनि परम्परागत संस्कृति र सम्पदाहरूका रूपमा भूमिका खेलेका छन् । धार्मिक एवम सांस्कृतिक अनुष्ठान तथा मनोरञ्जन र अन्य सामाजिक क्रियाकलापमा नृत्य-अभिनय तथा गीत-संगीतको विशेष स्थान रहेको हुन्छ । त्यसर्थ ह्योल्मो समुदायमा संगीतको विशेष स्थान रहेको छ भन्न सकिन्छ । त्यस्तै अतिथि सत्कार पनि अमूर्त संस्कृतिको एउटा आधार हो । ह्योल्मो समुदायमा अतिथि सत्कारलाई विशेष महत्त्व दिइन्छ । अतिथि सत्कारको क्रममा ढोगभेट नै विशेष महत्त्वपूर्ण आधार हो । ढोगभेटपछि परम्परागत खानपानका साथ आराम कुशल-मंगलको सोध्दै अतिथि सत्कार गरिन्छ । यसकारण जातीय संस्कृतिको अध्ययनमा मूर्त तथा अमूर्त संस्कृति सम्पदाहरूको महत्त्वपूर्ण भूमिका निभई नै रहेको देखिन्छ । यि परम्परागत सांस्कृतिक सम्पदाहरूले ह्योल्मो समुदायको सांस्कृतिक इतिहास र सभ्यतालाई उजागर गरेको छ ।

# अध्याय : छ

# ह्योल्मो समुदायको संस्कृतिको परिवर्तित आयाम

## ६.१ परिचय

कुनै एक सीमा वा क्षेत्रमा मात्र सीमित नरही विश्वमा नै मानिसले अंगीकार गरेका विभिन्न किसिमका मूर्त तथा अमूर्त संस्कृतिमा समय-कालखण्ड र परिस्थिति अनुसार परिवर्तन हुदै गएको देखिन्छ । विशेषगरी संस्कृतिको परिवर्तनमा उद्‌विकास, प्रगति, अनुकूलन, विकास, बसाइँ-सराई, प्रसार, सहरीकरण, औद्योगिकीकरण, नवीकरण, क्रान्ति, आधुनिकीकरण, पाश्चात्यकरण, संस्कृतीकरण, परसंस्कृति ग्रहण, आत्मसाक्षत्करण लगायतका प्रमुख तत्त्वहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् । अतः मानव-मानवबीचको आपसी सम्बन्ध, व्यवहार, अन्तर्क्रिया र आफ्ना आवश्यकता परिपूर्तिका लागि निर्माण गर्दै आएका मूल्य, मान्यता, परम्परा, विश्वास, भेष-भूषा, कानुन, कला, नैतिकता, आदिमा आउने परिवर्तनलाई नै सांस्कृतिको परिवर्तन भनिन्छ । यसरी हेर्दा संस्कृतिको विकास र परिवर्तनका आफ्नै प्रक्रियाहरू रहेका हुन्छन । संस्कृति मूर्त सम्पदा र अमूर्त सम्पदा गरी दुई प्रकारका हुन्छन् ।

करिब २५ लाख वर्ष अघिदेखि मानिसले संस्कृतिको विकास गर्न थालेको हो । मूलतः जीवनयापनका लागि प्राक्-मानवले प्रयोग गरेके औजारहरू नै सांस्कृतिक अध्ययनका आधार हुन् (Burkitt, 1992, pp.48–60) । त्यसै गरी ३५ हजार वर्षअघि चित्र कोर्ने, गहना बनाउने र प्रतिमाहरू बनाउने काम गर्न थालेको पुरातात्त्विक प्रमाण पाइएको छ (Burkitt,1992, pp.151–176) । त्यसै समयदेखि जन्म, विवाह र मृत्युसम्बन्धी संस्कारहरू क्रमिक रुपले विकसित हुदै आएको हो । मूर्त र अमूर्त संस्कृतिबिच घनिष्ट सम्बन्ध रहेको हुन्छ, अर्थात् तिनीहरू बिच एकआपसमा अन्तर्सम्बन्ध रहेको हुन्छ । मूर्त संस्कृतिलाई सहज रूपमा ग्रहण गर्न सकिन्छ, तर अमूर्त संस्कृतिलाई सहजै रूपमा ग्रहण गर्न सकिँदैन । मानिसले आफ्नो इच्छा विपरीतका प्रविधिसँग जोडिएका विचार र संस्कारलाई भने सजिलै ग्रहण गर्न तयार भएको देखिँदैन, तर मानिसले आफनो समाजमा भएको मूर्त सांस्कृतिक सम्पदामा विस्तारै परिवर्तन ल्याएको पाइन्छ । अमूर्त सांस्कृतिक मूल्य प्रतिद्वन्द्विता र सांस्कृतिक सङ्गठनका प्रक्रियाहरूले नयाँ मूल्य, मान्यता, विश्वास र संस्थाहरूको जन्म भइरहेको देखिन्छ (सुब्वा, वि.स.२०५६, पृ.६७) । मूलतः परम्परागत सांस्कृतिक संरचनालाई मूल्य मान्यताले प्रभावित गरेको हुन्छ । प्रविधि र वातावरणसँगको समायोजनका कारण संस्कृतिमा परिवर्तन आउँछ भन्ने मानवशस्त्री Julian Steward को भनाइ रहेको छ (Steward, 1968, p.3) । त्यसै गरी अर्का मानवशास्त्री Lesile White ले सांस्कृतिक पर्यवरणले वातावरणसँग समायोजन गर्ने रणनीति अनुसार प्रविधि र ऊर्जाको विकास हुने तर्क गरेका छन् (White, 1949, p.5) । त्यसै गरी मानवशास्त्री Ember का अनुसार नवीकरण, प्रसार, परसंस्कृति ग्रहण, क्रान्ति र अनुकूलन आदिको कारण परम्परागत सांस्कृतिक परिवर्तन हुन्छ भनेका छन् (Ember, 1995, pp. 447–456) । त्यसैगरी वातावरणीय आन्दोलन, शान्ति, समलिङ्गी आन्दोलनहरू जस्ता समसामयिक आन्दोलनहरूले सांस्कृतिक रूपान्तरणका लागि महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् भन्ने

आलोचनात्मक सिद्धान्तका आधारमा सांस्कृतिक परिवर्तनको परिभाषा गरिएको देखिन्छ (Adams, & Sydie, 2002, p.19 ) । Peter M.Blam का अनुसार गतिशीलता सामाजिक संरचना र अन्य परिवर्तनका लागि आवश्यक सर्त हो । तर अन्तर्जातीय वा अर्न्तसमूहगत सम्बन्धको अभावमा भने सजातीय सम्बन्ध सुदृढ हुन्छ जसले संरचनात्मक परिवर्तनलाई सहयोग पुऱ्याउँदैन । यस्तो स्थितिमा जातिगत विभेदले जातिभित्रका सम्बन्धलाई झनै बलियो बनाउँछ र अर्न्तजातीय सम्बन्धलाई हतोत्साहित गर्छ । पेसागत हैसियत र त्यसमा भिन्नता भएको स्थितिमा शिक्षा, प्रतिष्ठान र अन्य शक्तिमा पनि फरकपन पाउन सकिन्छ (Blam,1976, p.238) ।

मूलतः यी आन्दोलनहरू श्रम र पुँजी तथा वर्गसर्घषको प्रकृतिभन्दा फरक देखिन्छन्, किनभने तिनीहरू व्यक्तिको जीवनस्तर, आत्मानुभूति र मूल्य प्राप्तिका दिशामा केन्द्रित छन् । परसंस्कृतिग्रहण, प्रसार, उद्विकास र विश्वव्यापीकरणका प्रभावले सांस्कृतिक परिवर्तन हुन्छ भन्ने Rishikesab Raj Regmi को धारण रहेको छ (Regmi, 2007, p.328) । आलोचनात्मक सिद्धान्तले समुदायको सामाजिक र सांस्कृतिक तत्त्वहरू परिवर्तन ल्याउन महत्त्वपूर्ण भूमिका खेल्ने उल्लेख गरिएको पाइन्छ (Abraham,2004, p.114) । सामाजिक र सांस्कृतिक परिवर्तनको बारेमा Yogendra Singh को फरक तर्क रहेको छ । आधुनिकीरणलाई एउटा सांस्कृतिक विश्वासका रुपमा स्वीकार गर्दै तार्किक अभिवृद्धि, सार्वभौम दृष्टिकोण, परानुभूति, वैज्ञानिक-विश्वदृष्टि, मानव प्रविधिको प्रगति सम्मिलित तत्त्वहरूले सांस्कृतिक परिवर्तनमा महत्त्वपूर्ण भूमिका खेल्छन् (Singh, 1978, pp.7–9) । यसरी नै मानवशास्त्री M.N. Srinivas ले आधुनिकीकरणलाई एक तटस्थ शब्दका रुपमा प्रयोग नगरिने बताउँदै यसअर्न्तगत भौतिक, सांस्कृतिक, सामाजिक संस्थाहरू तथा ज्ञान, मूल्य एवम् मनोवृतिहरूको क्षेत्रलाई पनि सांस्कृतिक परिवर्तनका आधारका रूपमा समावेश गर्न सकिने तर्क गरेका छन् (Srinivas, 1977, p.7) ।

सांस्कृतिक परिवर्तनमा वसाइँ-सराइले पनि विशेष भूमिका खेलेको हुन्छ । विशेषतः अवसरको खोजीमा बसाइँ-सराइ गर्दाका कारणले सामाजिक र सांस्कृतिक परिर्वतनका प्रक्रियामा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ (Curran & Saguy, 200, pp. 54–77) । मूल्य-मान्यता, परम्परा, प्रविधि तथा पेसामा आएको परिवर्तनले गर्दा सामाजिक तथा सांस्कृतिक संरचनामा परिवर्तन हुने उल्लेख गरेको पाइन्छ (Barnett,1942, pp. 14–30) । त्यस्तै सांस्कृतिक अर्न्तसर्घषले पनि सांस्कृतिक संरचना परिवर्तन गर्न भूमिका खेल्छ । वस्तुतः भिन्न-भिन्न सांस्कृतिक समूहहरू एक-अर्काको सर्म्पकका कारण सांस्कृतिक गुण ग्रहण गर्दा आफ्नो मौलिक संस्कृतिमा केही परिवर्तन आउने प्रक्रियालाई परसंस्कृति ग्रहण भनिन्छ (Lange,1965, p. 262–297) । Merton का अनुसार मूल्य-मान्यताहरू समाजमा विद्यमान संरचनात्मक स्वार्थ भेदका कारण समाजको जगमै द्वन्द्व निहित हुन्छ । साथै समाजको विकास खास गरी समाजको सामाजिक, आर्थिक, राजनैतिक रूपान्तरणमा द्वन्द्वको सकारात्मक भूमिका हुन्छ, किनभने सामाजशास्त्रीय साहित्यमा द्वन्द्व पुरानो विकासको विषय हो (Merton,1976, p.238) ।

माथिका विभिन्न मानवशास्त्रीहरूका मान्यताहरूको विश्लेषण गर्दा सांस्कृतिक परिवर्तन एउटा बहुआयामिक प्रक्रिया हो भन्न सकिन्छ । यसलाई कुनै एउटा मूल्यसँग जोडेर हेर्न सकिन्न, तर

कहिलेकाहीं आधुनिकीकरणको प्रभाव सकारात्मक परिवर्तनका लागि पनि प्रयोग हुने देखिन्छ । आज विश्वमा जुन शैक्षिक प्रणाली, प्रजातन्त्र, औद्योगिक प्रगति, आधुनिक प्रविधि आदि विद्यमान छन्, ती प्रायः सबै पश्चिमी मुलुकहरूवाट सुरुवात भएर आएको देखिन्छ ।

वि.सं.२००७ को राजनैतिक परिवर्तनपछि नेपाली समाजमा सामाजिक तथा सांस्कृतिक परिवर्तनको सिलसिला सुरू भएको हो । वस्तुतः नेपालमा राणा शासनको पतन, भारतमा अंग्रेजको पराजय र भारतीय स्वतन्त्रता, नेपालको बाहिरी विश्वसँगको सम्बन्ध र आधुनिक शिक्षा लगायतका कारणले नेपालमा सामाजिक तथा सांस्कृतिक परिवर्तन भएको हो । वि.स.२०१७ को राजनैतिक परिवर्तनले एकभाषा-एकभेष भन्ने पञ्चायती नीतिका कारण विशेषत : एक मात्र भाषा र संस्कृतिको उन्नयनमा भूमिका खेल्यो । तर यसै पञ्चायती नीतिका कारण अन्य जातीय संस्कृतिमाथि ओझेल पार्ने प्रयास गरिएको थियो ।

वि.सं.२०४६ को राजनैतिक परिवर्तनले पञ्चायती बन्धनलाई तोड्दै स्वतन्त्र र खुला समाजको निर्माणमा भूमिका खेल्यो । यसपछि सांस्कृतिक पन र पहिचानका नारालाई संस्थागत गर्न विभिन्न आदिवासी जनजातिसँग सम्बन्धित संस्थाहरू स्थापना भए । “नेपालको संविधान २०४७” ले केही हदसम्म नेपालका जातजातिहरूको मौलिक अधिकारको दिशा निर्देशित गरेको देखिन्छ । तात्कालीन सरकारले वि.स २०५४ मा राष्ट्रिय जनजाति विकास समितिको गठन गरेसँगै जातीयपन र पहिचानका मुद्दाहरू सबल भएर उठे । समाजमा रहेका विभिन्न समूहहरूका बिच एक अर्काका संस्कृतिप्रति पारस्परिक सम्मान गर्ने र सा-साना समूहले पनि बिना पूर्वाग्रह आफ्नो परम्परा र जीवनशैली अँगाल्नु नै सांस्कृतिक बहुलवाद हो (सुब्बा, वि.स.२०५६.पृ.७२) । वि.स २०४७ को संविधानमा विभिन्न जाति, जनजातिहरूको संस्कृतिको संरक्षण गर्ने नीति लिइएको छ, अर्थात् जनजाति तथा आदिबासीहरूलाई राष्ट्र-निर्माणको मूलधारामा सरिक गराउने यो संविधानको लक्ष्य रहेको थियो । यसले मुलुकमा बसोबास गर्ने विभिन्न जातजातिहरूलाई देशको मूल प्रवाहमा ल्याउने प्रयास गर्न भूमिका खेलेको देखिन्छ । यसले जातजातिहरूको मौलिक अधिकार, मातृभाषाको विकास र संरक्षण गर्न विशेष प्रयास गरेको थियो । यसरी हेर्दा वि.सं २०४७ को सविधानले जातजातिको धर्ममाथि सद्भाव, समदृष्टि, सह-अस्तित्त्व र भ्रातृत्त्वको विकासका लागि सहयोग पुऱ्याएको पाइन्छ । २०६२ / ६३ को जनआन्दोलनले नेपालमा गणतन्त्रको स्थापनामा भूमिका खेल्यो जसका कारण नेपालको संविधान-२०७२ लागु हुन सफल भयो । यस संविधानमा मूलतः समावेशीको सिद्धान्तलाई विशेष जोड दिइएको छ । नेपाल सरकारको कर्मचारीतन्त्र लगायत हरेक क्षेत्रमा पछाडि परेकालाई जातजातिहरूलाई मूलधारमा ल्याउनैपर्ने अनिवार्यता गरिएको छ ।

यसरी सांस्कृतिक परिवर्तनका बारेमा अध्ययन गर्दा संस्कृति कुनै ठाउँ र समुदाय विशेषमा मात्र संकुचित भएर रहिरहने विषय होइन भन्ने देखिन्छ । यो क्रमिक रूपमा परिवर्तन भइरहने हुनाले उद्विकास, प्रगति, अनुकूलन, विकास, बसाइँ-सराइ, प्रसार, सहरीकरण, औद्योगिकीकरण, नवीन अन्वेषण, राजनैतिक क्रान्ति, आधुनिकीकरण, पाश्चात्यकरण, संस्कृतीकरण, परसंस्कृति ग्रहण आदि प्रक्रियाको

माध्यमबाट सांस्कृतिकमा परिवर्तन आएको देखिन्छ । परम्परागत संस्कृतिबाट नयाँ सांस्कृतिकमा हुने परिवर्तन भन्नाले त्यस्तो परिवर्तनलाई जनाउँदछ जुन आदिम कालदेखि मानवले आफ्ना आवश्यकता परिपूर्तिका लागि निर्माण गरेका मूर्त तथा अमूर्त सम्पदा संस्कृतिहरूमा क्रमशः निरन्तर आइरहने परिवर्तनलाई बुझिन्छ ।

## ६.२ परिवर्तनका कारक तत्त्वहरू

समाज सधैं परिवर्तनशील हुने गर्दछ । ह्योल्मो समुदाय पनि यसबाट आकार्षित हुने नै भए । उनीहरूको परम्परागत संस्कृति र सामाजिक जीवनका विविध क्षेत्रमा परम्परावादी जस्ता देखिए पनि ह्योल्मो समुदाय पनि परिवर्तनतिर उन्मुख छ । यस अर्थमा केही सन्दर्भ परम्परागत भए पनि केही आधुनिकतर्फ बढिरहेको देखिन्छ ।

### बसाई-सराइ

माथि भनिए झै ह्योल्मो समुदायमा बसाई-सराइको प्रवृति बढिरहेको देखिन्छ । बसाई-सराइ कुनै खास प्रयोजन अथवा बाध्यताले निम्त्याउँछ । यस प्रक्रियामा कुनै पनि समूह वा व्यक्ति- विशेषमा विभिन्न कारणले परिवर्तन आइरहेको हुन्छ ।

माथि भनिए झै ह्योल्मो समुदाय हेलम्बुबाट विभिन्न कारणले देशका विभिन्न ठाउँमा बसाई सर्दै आइरहेका छन् । ती ठाउँमध्ये सबैजसो ठाउँमा यही स्थितिमा रहेको देखिन्छ । ह्योल्मो समुदायमा परिवर्तन आएको मुख्य विषय बसाई-सराइ नै हो । यसबाट उनीहरूलाई विभिन्न समूह र व्यक्तिहरूसँग अर्न्तसम्बन्ध कायम गर्ने र पेसाको उचित बजार खोज्ने आयाम मिलेको छ ।

यी कुराले ह्योल्मो समुदायलाई कुनै न कुनै रुपमा उनीहरूलाई परिवर्तनतिर आकर्षित गरेको हुनुपर्दछ । यसमा उनीहरूमा मूर्त र अमूर्त क्रियाकलाप मुख्य रुपमा देखिन्छ । ह्योल्मो समुदायका पनि केही सामाजिक समूहहरू छन् । ती समूहहरू विभिन्न पेसा र व्यवसायसँग आबद्ध छन् । हेलम्बु पनि मेलम्चीघ्याङ, तर्केघ्याङ वा सेरमाथाङ सबै ठाउँमा ह्योल्मो समुदायका केही भिन्नता देखिन्छ । ह्योल्मो समुदाय अन्य समुदायसँग समान रूपमा व्यवहार गर्दछ । ह्योल्मो समुदायको काठमाडौं बौद्ध क्षेत्रको बसाइँ होस् वा नेपालबाहिर अमेरिका, क्यानाडा, बेलायत वा अस्ट्रेलियामा आकर्षित भएको होस्, ह्योल्मो समुदाय त्यहाँका विभिन्न समुदायसँग नजिक छन् । यसरी ह्योल्मो समुदायको बसाई-सराइ  प्रक्रियाले उनीहरूको परम्परागत मूर्त तथा अमूर्त संस्कृति-सम्पदाहरूमा व्यापक परिवर्तन ल्याएको देखिन्छ ।

### अन्तर्जातीय सम्बन्ध

ह्योल्मो समुदायमा अर्न्तजातीय सम्वन्ध पनि रहने प्रवृति छ । अर्न्तजातीय सम्बन्ध कुनै खास प्रयोजन अथवा बाध्यताले निम्त्याउँछ । यस प्रक्रियामा कुनै पनि समुदाय वा व्यक्तिविशेषमा विभिन्न कारणले परिवर्तन आइरहेको हुन्छ ।

ह्योल्मो समुदायले आफ्नो थातथलो हेलम्बुबाट विभिन्न कारणले देशका विभिन्न ठाउँमा अर्न्तजातीय सम्बन्ध कायम गरेको छ। ती ठाउँमध्ये सबैजसो ठाउँमा यही स्थिति छ। ह्योल्मो समुदायमा परिवर्तन आएको मुख्य विषय अन्य समुदायको प्रभाव पनि महत्त्वपूर्ण छ। यसबाट ह्योल्मो समुदायलाई विभिन्न समूह र व्यक्तिहरूसँग अर्न्तसम्बन्ध कायम गर्ने र पेसाको उचित बजार खोज्ने आयाम मिलेको छ।

यी विभिन्न कारणहरूले ह्योल्मो समुदायमा अर्न्तजातीय सम्वन्धले परम्परागत मूर्त तथा अमूर्त सांस्कृतिकमा सम्पदाहरू क्रमिक रुपमा परिवर्तन आएको देखिन्छ। ह्योल्मो समुदायको प्रमुख स्थल हेलम्बु राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा पर्यटकीय स्थलका रूपमा स्थापित भएको छ जसका कारणले गर्दा ह्योल्मो समुदायमा अन्तर्जातीय सम्बन्ध कायम भएको छ। त्यसैगरी काठमाडौं उपत्यकामा बसोबास गर्ने ह्योल्मो समुदायमा अन्य समुदायसँगको सम्बन्धले गर्दा परम्परागत संस्कृतिमा परिवर्तन आएको छ। इलाममा बसोबास गर्ने ह्योल्मो समुदायले परसंस्कृति ग्रहण गर्नुका साथै अन्तर्जातीय विवाहलाई प्राथमिकता दिएका कारणले गर्दा अर्न्तजातीय सम्बन्ध कायमा भएको छ। रामेछाप जिल्लामा रहेका लिखुतामाकोशी गाउँपालिका वडा नं १ मा रहेका ह्योल्मो समुदायमा विदेशी ईसाई प्रभावले उनीहरूको परम्परागत बौद्धधर्ममा परिवर्तन आएको छ। हेलम्बु पनि  मेलम्चीघ्याङ, तर्केघ्याङ वा सेरमाथाङ लगायतका स्थानहरूमा विदेशी पर्यटकको प्रभावका कारणले ह्योल्मो समुदायको परम्परागत संस्कृतिमा आमूल परिवर्तन आएको देख्न सकिन्छ। ह्योल्मो समुदायमा अर्न्तजातीय सम्बन्ध कायमा भए पनि अन्य समुदायसँग समान रुपमा व्यवहार गरेको पाइन्छ। यसरी ह्योल्मो समुदायको अन्य समुदायसँगको सम्बन्धले संस्कृतिमा व्यापक परिवर्तन ल्याएको छ।

## शिक्षा

ह्योल्मो समुदायका मानिसहरू भौगोलिक रूपले विकट क्षेत्रमा बसोबास गर्ने भएको कारणले गर्दा शिक्षाका क्षेत्रमा पछाडि परेका छन्। शिक्षामा कमजोर हुनाका कारणहरूमा ह्योल्मो समुदायका मानिसहरूले आफ्नो मातृभाषा अध्ययन गर्न परम्परागत रुपमा चली आएको गोन्पामा जाने प्रचलन पनि प्रमुख रहेको छ। यसरी ह्योल्मो समुदायले गोन्पा गएर अध्ययन गर्ने शिक्षा व्यावहारिक नभएको कारणले गर्दा पनि उनीहरूको शिक्षामा व्यापक परिवर्तन आएको हो। वर्तमान अवस्थामा ह्योल्मो समुदायमा आधुनिक शिक्षा प्रणालीले ठूलो प्रभाव पारेको छ। यस्तो आधुनिक शिक्षा तथा प्रविधिको कारणले गर्दा परम्परागत संस्कृतिमा परिर्वतन हुँदै गएको छ। ह्योल्मो समुदायले आधुनिक शिक्षा प्रणालीलाई अंगीकार गरे तापनि आफ्नो परम्परागत शिक्षाको पनि संरक्षण गर्दै आएको छ। हेलम्बुको मेलम्चीघ्याङ र सेरमाथाङ रहेको ह्योल्मो समुदायमा आधुनिक शिक्षाको प्रभाव बढिरहेको छ। यसरी आधुनिक शिक्षा तथा प्रविधिको प्रभाव रहे तापनि उनीहरूले आफ्नो परम्परागत संस्कृतिलाई जोगाउनका लागि प्राथमिक विद्यालयहरूमा संस्कृति र सम्भोटा लिपिको समेत अनिवार्य रुपले अध्ययन-अध्यापन गराउन थालेका छन्। नेपालमा सबैभन्दा पहिले हेलम्बुको तर्केघ्याङमा मातृभाषामा अध्ययन-अध्यापन गराउने गरेको

स्थानीयहरूको भनाइ रहेको छ । विशेषगरी कुनै पनि समुदायको संस्कृतिको परिवर्तनमा शिक्षाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

## वैदेशिक आर्कषण

हेलम्बु थातथलो रहेको ह्योल्मो समुदाय विभिन्न कारणले गर्दा अन्य जिल्लाहरूमा समेत छरिएर रहेका छन् । यस समुदायका मानिसहरूले रोजगारी तथा उच्च शिक्षाको प्राप्तिका लागि विदेश प्रमुख आर्कषण केन्द्रका रूपमा रहेको देखन्छ । ह्योल्मो समुदायका युवा पुस्ताहरू अध्ययनका लागि र अन्य वैदेशिक रोजगारीका लागि देश बाहिर जाने गरेका छन् । काठमाडौं, रामेछाप, इलाममा बसोबास गर्ने ह्योल्मो समुदाय वैदेशिक रोजगारीमा जाने गरे तापनि विशेषगरी मेलम्चीघ्याङ, तर्केघ्याङ र सेरमाथाङका मानिसहरू रोजगारीका लागि विदेसिने क्रम जारी रहेको छ । ह्योल्मो समुदायका मानिसहरू प्रायजसो अमेरिका, युरोप, क्यानडा, बेलायत, जापान लगायत अन्य देशहरूमा रोजगारीको लागि गएका छन् । यसरी वैदेशिक आर्कषणका कारणले गर्दा जीविका उपार्जनका लागि विदेसिने क्रम अझै कायम रहेको छ । विदेशबाट प्राप्त गरेको ज्ञान, सीप र आर्थिक आयका कारणले ह्योल्मो समुदायको परम्परागत मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाहरूमा व्यापक परिवर्तन हुदै गएको छ ।

## यातायात तथा सञ्चारको विकास

ह्योल्मो समुदायको प्राचीन बासस्थानका रूपमा रहेको हेलम्बु तथा रामेछाप जिल्ला हिमाली क्षेत्र भएको कारणले गर्दा यातायात तथा सञ्चारको क्षेत्र विकासमा विगतमा पछाडि परेको छ । कुनै पनि समुदायका परम्परागत सांस्कृतिकमा व्यापक रुपमा परिवर्तन आउनुका प्रमुख कारणहरूमध्ये यातायात तथा सञ्चारको विकासको पनि महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

माथि उल्लेख भए बमोजिम वर्तमान समयमा हेलम्बु तथा रामेछाप जिल्लाको ह्योल्मो समुदाय बसोबास गरेका स्थानहरूमा यातायात तथा सञ्चारको विकास तीव्र गतिमा भएको छ  जसको कारणले गर्दा र बजारमा आधुनिक रुपमा उत्पादित मूर्त तथा अमूर्त संस्कृतिसँग सम्बन्धित सामग्रीहरू गाउँगाउँसम्म सजिलै पुगेका देखिन्छन् । यसै गरी सञ्चारको विकासले गर्दा स्वदेश तथा विदेशमा रहेका मानिसहरूसँगको प्रत्यक्ष सम्पर्क र सम्वन्धका कारणले गर्दा ह्योल्मो समुदायको सामाजिक जीवनशैलीमा आमूल परिवर्तन आएको छ । विशेष गरी यातायातको विकासको कारण सहरी क्षेत्रमा उत्पादन सामग्रीहरू सजिलै गाउँ-घरमा लैजानको सुविधा पुगेको छ । यसकारण ह्योल्मो समुदायले सहरी क्षेत्रको संस्कृतिलाई आत्मसात् गरेको देखिन्छ । सहरी क्षेत्रमा उत्पादन औषधी लगायत उपचार विधि आदिले परम्परागत उपचार विधिहरूमा परिवर्तन आएको पाइन्छ । त्यसैले ह्योल्मो समुदायको दैनिक उपयोग गरिने मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाहरूमा व्यापक परिवर्तन आएको देखिन्छ ।

## सरकारी नीति

नेपाल सरकारले २०४६ साल अगाडिसम्म हिमाली तथा भौगोलिक रूपले विकट रहेका क्षेत्रहरूको विकासका लागि कुनै पनि सरकारी निति नियम वनाएको देखिँदैन । त्यसैगरी सरकारले त्यस्ता विकट क्षेत्रमा बसोबास गर्ने समुदायहरूको विकास र उत्थानका लागि पनि नयाँ नीति र कार्यक्रम समेत लागु गरेको पाइँदैन । यसरी त्यस्ता क्षेत्रमा बसोबास गर्ने समुदायको विकास र उत्थानका लागि २०४७ सालको संविधानमा व्यवस्था भए अनुसार सरकारले विकास-निर्माणको नयाँ नीति-नियमका साथै नेपालमा बसोबास गर्ने जातजातिहरूको अध्ययन-अनुसन्धान गर्नका लागि जनजाति प्रतिष्ठानको स्थापना भयो ।

यस प्रतिष्ठानको स्थापनापश्चात् नेपालमा बसोबास गर्ने आदिवासी जनजातिहरूको अध्ययन-अनुसन्धान गरी ५९ वटा आदिवासी तथा जनजातिहरूको विवरण सूचीकृत गरियो । यसैगरी नेपालको अल्पसंख्यक आदिवासी जनजाति ह्योल्मो समुदायलाई पनि त्यस विवरणमा सूचीकृत गरियो । सरकारको यस्तो स्पष्ट नीतिले गर्दा पहिचान नै नखुलेको ह्योल्मो समुदायले आफ्नो मौलिक पहिचानलाई उजागर गर्ने अवसर प्राप्त गरेको थियो । यो नयाँ नीति-नियममा आएको परिवर्तनले नेपालमा बसोबास गर्ने आदिवासी तथा जनजातिहरूले आफ्नो मौलिक पहिचान खुलाउने आवसर पाएका छन् । यसरी ह्योल्मो समुदायको संरक्षण र सर्म्वद्धनका लागि सरकारले जनजाति प्रतिष्ठान मार्फत् विभिन्न सरकारी नीति-नियमहरू लागु गरेको देखिन्छ । यस्ता नीति-नियमहरूले गर्दा पनि ह्योल्मो समुदायको सांस्कृतिकमा व्यापक परिवर्तन आएको छ । विशेष गरी उनीहरूको परम्परागत मान्यता, मूल्य आदिमा ब्यापक रूपमा परिवर्तन आएको देखिन्छ ।

## पर्यटनको विकास

कुनै क्षेत्र वा समुदायको सामाजिक तथा सांस्कृतिक परिवर्तनका लागि पर्यटन क्षेत्रले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । हेलम्बु र इलाम जिल्ला आन्तरिक तथा बाह्य पर्यटनका लागि महत्त्वपूर्ण गन्तवयका रूपमा रहेका छन् । यसरी पर्यटनको आकर्षण केन्द्र भएको कारणले गर्दा यहाँको परम्परागत मूर्त तथा अमूर्त सांस्कृतिहरूमा उल्लेखनीय परिवर्तन आएको देख्न सकिन्छ ।

यसले गर्दा बाह्य पर्यटनको कारणले हेलम्बुको मेलम्चीघ्याङ, तर्केघ्याङ, सेरमाथाङमा बसोबास गर्ने ह्योल्मो समुदायमा शिक्षा, स्वास्थ्य, खानपान, रहनसहन आदिमा व्यापक परिवर्तन आएको छ । विशेष गरी ह्योल्मो समुदायको जीवनशैलीमा पनि व्यापक परिवर्तन आएको छ । त्यस्तै गरी आन्तरिक पर्यटकको कारणले इलाम जिल्लाको पशुपतिनगर र फिक्कल लगायतका स्थानमा बसोबास गर्ने ह्योल्मो समुदायको संस्कृतिमा पनि माथि उल्लेख गरेर बमोजिमको मूर्त तथा अमूर्त संस्कृतिमा परिवर्तनहहरू आएका छन् । यी कारणहरूले गर्दा समग्र ह्योल्मो समुदायको परम्परागत् मूर्त तथा अमूर्त सांस्कृतिक-सम्पदाहरूमा व्यापक परिवर्तन आएको पाइन्छ ।

## ६.३ अन्तर्राष्ट्रिय समुदायको भूमिका

नेपालको सांस्कृतिक परिवर्तनमा अन्तर्राष्ट्रिय सम्बन्धले विशेष भूमिका खेलेको छ । पुँजिवादको फैलिंदो स्वरूप, बेला बेलामा भइरहने राजनैतिक परिवर्तन, वैदेशिक रोजगार लगायतका कारणले नेपालको सामाजिक तथा सांस्कृतिक संरचना र चिन्तनमा परिवर्तन आएको छ । विशेषतः वैदेशिक सहयोगले नेपालको अर्थतन्त्रमा परिवर्तन ल्याएको देखिन्छ । वि.स.२०४७ पछि अन्तर्राष्ट्रिय समुदायले सामाजिक र सांस्कृतिक परिवर्तनका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । अन्तर्राष्ट्रिय समुदायले संस्कृति परिवर्तनको लागि प्रत्यक्ष भूमिका नदेखिए तापनि अप्रत्यक्ष रूपमा सामाजिक तथा सांस्कृतिक परिवर्तनमा भूमिको खेलेको छ । वस्तुतः नेपालका शिक्षा, स्वास्थ्य, रोजगार, यातायात, स्वच्छ पिउने पानी, सर-सफाइ, उद्योगधन्दा, सञ्चार आदि जस्ता क्षेत्रमा अन्तर्राष्ट्रिय समुदायले ठूलो सहयोग गरेको छ । यस किसिमको वैदेशिक सहयोगहरूबाट नेपालमा भइरहेको स्वास्थ्य उपचार पद्धति, शिक्षा तथा सञ्चारका क्षेत्र, यातायातका क्षेत्र, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाईसेवा, खानेपानीको सुविधा, सरकारी तथा निजी क्षेत्रका विद्यालय, अस्पताल भवन निर्माण, फोहर व्यवस्थापन र कृषि तथा उद्योग व्यवसायमा आत्मनिर्भर रहनका लागि आवश्यक व्यवस्था लगायतका विविध क्षेत्रमा परिवर्तन ल्याउन अन्तर्राष्ट्रिय सहयोगले महत्त्वपूर्ण भूमिका खेलेको छ, अर्थात् राजनैतिक, आर्थिक, सामाजिक र सांस्कृतिक संरचनामा व्यापक परिवर्तन ल्याउन अन्तर्राष्ट्रिय समुदायले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

यसरी अन्तर्राष्ट्रिय समुदायबाट नेपालमा विशेषतः आर्थिक आत्मनिर्भर, विप्रेसन (रेमिट्यान्स), ग्रामीण उत्पादन, सडक-सञ्जाल, सूचना-सञ्चार, शिक्षा-स्वास्थ्य तथा खानेपानीमा भएको सहयोगका कारण यस क्षेत्रहरूमा व्यापक परिर्वतन आएको देखिन्छ । वैदेशिक सहयोग र विकासले गर्दा विशेष गरी ग्रामीण क्षेत्रको सांस्कृतिक एवम् सामाजिक क्षेत्रमा परिवर्तन आएको छ । विशेषगरी यातायातको विकासको कारणले गर्दा मानिसको आवत-जावतमा आएको परिवर्तन एवम् सहजताले गर्दा एक स्थानको उत्पादन अर्को स्थानमा तथा भाषा, भेषभूषा, रहनसहन, बानी व्यहोरा आदि मूर्त-अमूर्त सामाजिक र सांस्कृतिक संरचनामा व्यापक परिवर्तन आएको पाइन्छ । यसबाट के देखिन्छ भने कुनै पनि समुदायको समग्र क्षेत्रमा व्यापक परिवर्तन ल्याउनका लागि अन्तर्राष्ट्रिय समुदायले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । हेलम्बु क्षेत्रमा ह्योल्मो समुदाय पनि स्वाभाविक रुपमा यसबाट प्रभावित रहेको छ ।

## ६.४ राजनैतिक परिवर्तन

नेपालको परम्परागत सामाजिक तथा सांस्कृतिक सम्पदाहरूको परिवर्तनमा राजनैतिक पार्टीहरूको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । विशेषतः सत्ता र शक्तिको संघर्षमा राजनैतिक प्रतिस्पर्धा हुने भए पनि यसले समाजका अन्य पक्षहरूमा प्रभाव पारेको देखिन्छ । राजनैतिक विचारहरूले समाजमा पार्ने प्रभावले एउटा सामाजिक दृष्टिकोणको आधार तयार गर्दछ । अतः राजनैतिक आन्दोलनले समाजका विभिन्न तह र तप्काका समुदायमा प्रत्यक्ष प्रभाव पारेका हुन्छ । वि.सं. २००७ देखि हालसम्म भएका

विभिन्न राजनैतिक परिवर्तनले सामाजिक दृष्टिकोण तथा संरचनागत ढाँचामा ब्यापक रूपमा परिवर्तन ल्याएको पाइन्छ ।

प्रजातन्त्र प्राप्तिका लागि भएका विभिन्न आन्दोलनपश्चात् नेपाली समाजमा नवीन चिन्तन र दृष्टिकोणहरू स्थापित भएका छन् । विशेषगरी वि.स.२०१५ मा भएको आमनिर्वाचनमा नेपाली कांग्रेसले बहुमत ल्याएपछि पहिलो जननिर्वाचित सरकारले देशको सामाजिक, आर्थिक, सांस्कृतिक आदि पक्षमा परिवर्तन ल्याउन प्रयासहरू सुरू गरेको थियो । यसको प्रभावले विश्व-राजनीतिमा नेपालको सम्पर्क स्थापित हुन थाल्यो, जसका कारणले नेपाली समाजमा अनेक किसिमका सामाजिक तथा सांस्कृतिक परिवर्तनको पृष्ठभूमि तयार हुन भूमिका खेल्यो । नेपालले विश्व राजनैतिक परिवेशमा आफ्नो स्थान कायम गर्ने प्रयास गरेको पृष्ठभूमिमा तत्कालीन राजा महेन्द्रको राजनैतिक कदमले वाधा पुऱ्यायो । उनले वि.स.२०१७ पौष १ गतेका दिन बहुदलीय प्रजातान्त्रिक व्यवस्थातर्फ उन्मुख तात्कालिक शासन व्यवस्थामाथि प्रतिबन्ध लगाई नेपालको सामाजिक, आर्थिक र सांस्कृतिक संरचनालाई परिवर्तन हुनबाट रोक लगाए । यसरी उनीबाट निर्दलीय पञ्चायती व्यवस्था लागु हुने घोषणा गरेपश्चात् बहुदलीय व्यवस्थाको भूमिका शून्य भयो । तत्कालीन शासकले राजनैतिक दलहरूलाई प्रतिबन्ध लगाए पनि तात्कालीन राजनैतिक दलहरू अघोषित रूपमा पञ्चायती व्यवस्थाका विरूद्धमा निरन्तर लागिरहेका थिए । यसरी प्रजातन्त्रका पक्षमा आवाज उठाउँदै आउँदा वि.स.२०४६ को जनआन्दोलनले प्रजातन्त्रको पुनर्स्थापना भयो ।

वि.स. २०४६ को राजनैतिक परिवर्तनपश्चात् बनेको प्रजातान्त्रिक सरकारले वि.स. २०४७ मा नेपालको संविधान-२०४७ निर्माण गरी लागु गऱ्यो । यो संविधान लागु भएपछि नेपाली समाजमा आर्थिक, सामाजिक तथा सांस्कृतिक ढाँचामा ब्यापक रुपमा परिवर्तन आयो-विशेषगरी २०४६ को राजनैतिक परिवर्तनपछि विभिन्न जातजाति तथा जनजातिहरूको सामाजिक, सांस्कृतिक, आर्थिक र राजनैतिक लगायतका क्षेत्रमा तीव्र रुपमा परिवर्तन भएको भयो । वि.स. २०४७ मा प्राप्त गरेको प्रजातान्त्रिक संविधानले पनि जनताको चाहना बमोजिमको सामाजिक परिवर्तनको आकांक्षालाई पूरा गर्न नसकेपछि पुनः वि.स. २०६२/०६३ मा दोस्रो जनआन्दोलन सुरू भयो जसमा नेपाली कांग्रेस, ने.क.पा. एमाले, माओवादी लगायत अन्य राजनैतिक दलहरूको सयुंक्त जन-आन्दोलनको सफलता पश्चात् नेपाल गणतान्त्रिक मुलुक परिवर्तन भयो । यस परिवर्तनले वि.स.२०४७ को संविधानलाई खारेज गरी “नेपालको सविधान-२०७२” लागु भएपछि मुलुकले राजनैतिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा परिवर्तन ल्याउन यस संविधानले महत्त्वपूर्ण भूमिका खेल्यो (नेपाल सरकार, २०७२, पृ. ६) । अतः विभिन्न राजनैतिक तथा सामाजिक आन्दोलनले गर्दा जातजातिहरूलाई नयाँ संविधानले समावेशीको सिद्धान्त अनुरूप राज्यको मूलधारमा ल्याउन सुनिश्चित गरेको छ । यस्तो परिवर्तनको प्रभावबाट ह्योल्मो समुदाय पृथक रहन सकेन जसका कारण उनीहरूको आफ्नोपन, पहिचान, राजनीति, आर्थिक, संस्कृति तथा सामाजिक क्षेत्रमा क्रमिक रूपमा परिवर्तन हुँदै आएको छ ।

## ६.५ गैरसरकारी संस्थाहरूको भूमिका

परम्परागत सांस्कृतिक सम्पदाहरू परिवर्तनका लागि गैरसरकारी संघ-संस्थाहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । विशुद्ध सामाजिक सेवाको भावना राखेर स्थापना गरिएको राजनैतिक पूर्वाग्रहरहित संस्थालाई गैरसकारी संस्था भनिन्छ । यी संस्थाहरू विधिवता रुपमा स्थानीय स्तरमा काम गर्नका लागि दर्ता गर्न औपचारिक रुपमा सङ्गठित भएर नेपाल सरकारको स्थानीय जिल्ला प्रशासन कार्यालय र समाज कल्याण मन्त्रालयअन्तर्गत रहेको समाज कल्याण परिषद्मा दर्ता गरी सञ्चालनमा आउन सक्ने प्रावधान रहेको छ । नाफारहित उद्देश्यले स्थापना गरिएका यी संस्थाहरूको मुख्य उद्देश्य सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक क्षेत्रहरूमा काम गर्नु हो । विशेषगरी विकासोन्मुख देशहरूमा राजनैतिक अस्थिरता र स्रोत, साधन प्रविधि आदिको कमीले गर्दा देशको शासन-प्रशासन राम्रोसँग चल्न सकेको देखिदैन जसको कारण विभिन्न संघ-संस्थाहरूले स्थानीयस्तरमा उपलब्ध भएका स्रोत र साधनको परिचलन गरी सामाजिक तथा सांस्कृतिक विकासमा आफनो भूमिका निर्वाह गरेका हुन्छन् ।

यस प्रकृतिका संस्थाहरूले स्थानीय स्तरमा विभिन्न किसिमका कार्यक्रमहरू सञ्चालन गर्नका लागि अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको सहयोग लिएका हुन्छन् । कतिपय अन्तर्राष्ट्रिय संघ-संस्थाहरूले भने आफै वा स्थानीय स्तरमा रहेका संघ-संस्था तथा समुदायहरूका माध्यमबाट काम गराउने  गरी दुई प्रकृतिका नीति लिएको देखिन्छ । स्थानीय स्रोत-साधन, सीप, अनुभवहरूको पूर्ण रुपमा परिचालनका लागि नेपालमा गैरसरकारी संघ-संस्थाहरूको विशेष भूमिका रहेको हुन्छ । विशेषतः यी गैर सरकारी संघ-संस्थाहरूले ग्रामीण जनताको शैक्षिक, सामाजिक र आर्थिक स्तरमा सुधार ल्याउन विभिन्न प्रयासहरू गरेका छन् । यस बाहेक प्राकृतिक विपत्तिमा परेकाहरूका लागि राहत तथा उद्धारमा पनि यी संघ- संस्थाहरूले योगदान दिएका हुन्छन् ।

वि.स.२०४६ पछि बनेका विभिन्न सरकारले ग्रामीण जनताको शैक्षिक, आर्थिक र जनस्वास्थ्य लगायतका सामाजिक सरोकारका विषयमा सुधार एवम् परिवर्तन ल्याउनका लागि गैरसरकारी संस्थाहरूलाई परिचालन गरेका थिए । यसरी स्थापना भएका गैरसरकारी संस्थाहरूले विशेषतः वातावरण, पर्यावरण र दिगो विकास, शिक्षा, स्वास्थ्य, महिला विकास, चेलिवेटीहरूको बेचबिखनमा रोकथाम एवम् नियन्त्रण जस्ता विषयमा काम गर्दै आएका छन् ।

सामाजिक तथा सांस्कृतिक परिवर्तनमा गैरसरकारी संघ-संस्थाहरूको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । यी संघ-संस्थाहरूले स्थानीय स्तरका परम्परागत प्रविधि, रुढीवाद-अन्धविश्वास, मूल्य-मान्यता, कुरीति आदिको परिवर्तनमा विभिन्न जनचेतनाका कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन् । यस्ता खालका कार्यक्रमहरूले समाजका विभिन्न पक्षहरूमा परिवर्तन ल्याउँन विशेष भूमिका निर्वाह गर्दछन् । विशेषगरी मानिसहरूलाई सफासाथ बस्ने, स्वच्छ खानेपानी, शौचालय, बिरामी हुँदा धामीझाँक्री भन्दा आधुनिक उपचार पद्धति अपानाउने, झाडाबान्ता लाग्दा जीवनजल खाने, बालबालिकालाई विद्यालय पठाउने जस्ता जनचेतनामूलक कार्यक्रमले यी क्षेत्रमा सकरात्मक परिवर्तन भएको पाइन्छ । त्यस्तै गरी

ह्योल्मो समुदायको परम्परागत सामाजिक तथा सांस्कृतिक सम्पदाहरूको ब्यापक परिवर्तन ल्याउनका लागि पनि यस्ता संस्थाहरूले महत्त्वपूर्ण भूमिका खेलेका छन् ।

## ६.६ ह्योल्मो समुदायमा आएका सांस्कृतिक परिवर्तन

नेपालको संविधान-२०४७ ले भाषिक, धार्मिक, सामाजिक, आर्थिक र सांस्कृतिक समानता मूलक समाजको परिकल्पना गरेको छ । विभेद र असमानतालाई न्यूनीकरण गर्दै सामाजिक न्यायका सवालहरूलाई सम्बोधन गरी देशमा समृद्धि र सुशासन कायम गर्ने मूल लक्ष्य तत्कालीन संविधानको रहेको थियो । समानता, शिक्षा, स्वास्थ्य, भाषाभाषी, धर्म र संस्कृतिलाई नागरिकको मौलिक हकका रुपमा संम्बोधन गरी त्यसलाई कार्यान्वयनमा ल्याउन विभिन्न प्रयासहरू भए । सांस्कृतिक विविधतालाई सम्बोधन एवम् संरक्षण गरी समन्वयवादमा आधारित राष्ट्रिय एकतालाई सुद्धढ गरी देशको समग्र विकासमा सबै जातजाति र आदिवासी जनजातिलाई राष्ट्रियताको मूलप्रवाहमा ल्याउन प्रयास गरिएको थियो । यसको परिणामस्वरूप शिक्षा, स्वास्थ्य र रोजगारीको विशेष व्यवस्था गरी आदिवासी जनजातिहरूको उत्थानमा विशेष भूमिका निर्वाह गरेको थियो ।

"नेपालको संविधान-२०४७" बाट प्रदत्त अधिकारहरूलाई कार्यान्वयन गर्न विशेष किसिमका आयोग र प्रतिष्ठानहरूको स्थापना गरिएका थिए । विशेषतः आदिवासी जनजातिहरूको समष्टिगत विकासका लागि तत्कालीन श्री ५ सरकारले २०५४ असार २३ गते "राष्ट्रिय जनजाति विकास समिति" गठन गरेको थियो (उक्याव र अधिकारी, वि.स.२०५७, पृ.१) । यसरी गठित समितिले देशभर रहेका आदिवासी जनजातिहरूको सूचिकरण गर्ने काम गऱ्यो । यसै क्रममा अल्पसंख्यक जातिका रुपमा परिचित ह्योल्मो जातिलाई पनि आदिवासी जनजातिका रुपमा सूचीकृत गरिएको थियो । विशेषगरी पञ्चायती व्यवस्थामा राज्यको एकभाषा-एकनीतिका कारण आदिवासी जनजातिहरूको धार्मिक, भाषिक र सांस्कृतिक अधिकारमाथि बन्देज गरिएको थियो जसका कारण आदिवासी तथा जनजातिहरूको अभिलेखन तथा सांस्कृतिक संरक्षणमा आवश्यक कार्य गरेको देखिदैन । ह्योल्मो समुदायलाई २०४७ सालभन्दा अगाडि कतै शेर्पा, कुनै ठाउँमा कागते र कही तामाङ भनी लेखिएको थियो । तर २०४६ सालको जनआन्दोलनको परिणामस्वरूप प्रत्येक जाति वा समुदायले आफ्नो पहिचान खुलाएर लेख्ने महत्त्वपूर्ण अवसर प्राप्त गरे । यसै क्रममा शेर्पा, कागते र तामाङ भनी चिनिएका जातिले आफ्नो मूल पहिचान ह्योल्मो भनी स्थापित गर्न सफल भयो । त्यसपछि हेलम्बु लगायत अन्य क्षेत्रमा बसोबास ह्योल्मो समुदायले पनि आफ्नो स्पष्ट पहिचान सहित आफूलाई ह्योल्मो भनी उल्लेख गरेको देखिन्छ ।

२०४६ सालभन्दा अगाडि हेलम्बुमा बसोबास गरेको यस (अहिले ह्योल्मो जातिका रूपमा परिचित) जातिले आफनो पहिचानका लागि शेर्पा थर उल्लेख गरी नेपाली नागरिकता लिएको थियो । त्यसरी नै स्वदेशी तथा विदेशी अनुसन्धानकर्ताहरूले समेत यस ह्योल्मो समुदायलाई शेर्पा भनी आफ्नो कृतिहरूमा उल्लेख गरेको पाइन्छ । तत्कालीन श्री ५ को सरकारद्वारा वि.स. २०५३ मा गठित "जनजाति उत्थान प्रतिष्ठान" ले दिएको जनजातिहरूको परिभाषाअनुसार आफ्नो मातृभाषा र परम्परागत

रीतिरिवाज भएको, तर हिन्दू वर्णाश्रम व्यवस्थाभित्र नपर्ने समूहलाई जनजाति अन्तर्गत सूचीकृत गरेको देखिन्छ

(उक्याव, अधिकारी, वि.स. २०५७, पृ.२) । “राष्ट्रिय जनजाति प्रतिष्ठान विकास समिति” ले दिएको जनजातिको परिभाषाबमोजिम ह्योल्मो समुदायले पनि आफ्नो पन र पहिचानको खोजी गरेको देखिन्छ । त्यसपछि “जनजाति प्रतिष्ठान” ले ह्योल्मो समुदायलाई नेपालको अल्पसंख्यक जातिका रूपमा सूचीकृत गऱ्यो । ह्योल्मो समुदायको आदिम थातथलो सिन्धुपाल्चोक जिल्लाको हेलम्बु क्षेत्र भए तापनि वर्तमान अवस्थामा तथ्याङ्क विभागले प्रकाशित गरेको वि.स.२०६८ को जनगणनाअनुसार यो समुदाय देशका २२ वटा जिल्लामा बसोबास गरेको देखिन्छ (नेपाल सरकार, वि.स.२०६८) । यस गणनामा ह्योल्मो समुदायले स्पष्ट रूपमा आफ्नो जातीय पहिचान खुलाएर आफूलाई ह्योल्मो भनी लेखाएका छन् तथापि हेलम्बुमा बसोबास गर्ने ह्योल्मो समुदाय विभिन्न अवसरको खोजीमा अन्य जिल्लाहरूमा बसाई-सराइ गरेको देखिन्छ ।

संस्कृति भनेको सामाजिक परिवर्तनको प्रक्रिया हो । समाजका सदस्यहरू संस्कृतिवाहक र प्रयोगकर्ता हुन् । समाजमा देखिने सांस्कृतिक परिवर्तनहरू कतिपय अवस्थामा सहज, स्वाभाविक र नियमित रहेका हुन्छन् । विभिन्न प्राकृतिक विपत्ति, राजनैतिक, आधुनिक शिक्षा प्रणाली, विज्ञान-प्रविधिको प्रयोग, वैदेशिक रोजगार, द्वन्द्व, कानुनी परिवर्तन तथा आधुनिकीकरण लगायत अन्य विविध कारणले संस्कृतिमा आंशिक वा व्यापक परिवर्तन हुनुमा विशेष भूमिका खेलेको हुन्छ । ह्योल्मो समुदायको संस्कृति पनि यस प्रभावबाट पृथक रहेको देखिँदैन । उपर्युक्त सन्दर्भमा अब उनीहरूका मूर्त तथा अमूर्त सांस्कृतिकमा आएको व्यापक परिवर्तनको बारेमा चर्चा गरिन्छ :

### ६.६.१ मूर्त संस्कृतिमा आएको परिवर्तन

ह्योल्मो समुदायमा विभिन्न कारणले गर्दा उनीहरूका मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाहरूमा क्रमिक रुपमा परिवर्तन आएको छ । विशेष गरी सांस्कृतिक सम्पदाहरूमा परिवर्तन आउनुमा आधुनिक विकास-निमार्ण कार्यको प्रयोग, आधुनिक शिक्षा प्रणाली, कानुनमा भएको परिमार्जन, राजनीतिमा आएको परिवर्तन , संस्कृति प्रसार, पश्चिमीकरण, परसंस्कृतीकरण, राजनैतिक क्रान्ति, आर्थिक पुँजीवाद, बसाई-सराइ, राजनैतिक द्वन्द्व, विज्ञान-प्रविधिको विकास आदि प्रमुख कारक तत्त्वका रूपमा रहेका छन् । यी आधारहरूका कारण ह्योल्मो समुदायका विभिन्न मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाहरूमा परिवर्तनहरू आएको पाइन्छ । यसका अतिरिक्त ह्योल्मो समुदायमा सांस्कृतिक सम्पदाहरूमा परिवर्तन आउनुका कारणहरूमा, वैदेशिक रोजगार, होटल तथा पर्यटन व्यवसाय लगायत आर्थिक आम्दानीका विभिन्न माध्यमहरू, ह्योल्मो समुदाय आधुनिक जीवनशैली, खानपान, रहनसहन, भेषभूषा, सूचना प्रविधि लगायतका विभिन्न कारणहरूले सांस्कृतिक परिवर्तनमा विशेष भूमिका खेलेका पाइन्छन् ।

हेलम्बु प्राचीनकालदेखि नै ह्योल्मो समुदायको परम्परागत मौलिक संस्कृति र सम्पदाको केन्द्रस्थलका रुपमा रहेको थियो । धार्मिक, शैक्षिक एवम् सांस्कृतिक तीर्थस्थल भएकाले यस क्षेत्रमा लामाबौद्धधर्मसँग सम्बन्धित कला वास्तुकलाको निर्माण भएको देखिन्छ । यी परम्परातग मौलिक

सम्पदाहरूको संरक्षणमा ह्योल्मो समुदायको महत्त्वपूर्ण भूमिका रहेको छ । तर विभिन्न अवसरको खोजीमा हेलम्बुबाट बसाइँ-सराइ गरी अन्य क्षेत्रमा गएका ह्योल्मो समुदायको परम्परागत मौलिक सम्पदा र सांस्कृतिकहरूमा क्रमिक रूपमा परिवर्तन आएको देखिन्छ । हेलम्बुमा रहेका ह्योल्मो समुदाय र बसाइँ-सरेर अन्य क्षेत्रमा गएका ह्योल्मो समुदाय बिचको सांस्कृतिक परिवर्तनको तुलनात्मक अध्ययनका लागि यस शोधकार्यमा काठमाडौं, रामेछाप र इलाम लगायतका जिल्लाहरूलाई अध्ययनको केन्द्र बनाइएको छ ।

### (क) पहिरन (भेषभूषा)

ह्योल्मो समुदायका परम्परागत भेषभूषामा व्यापक रूपमा परिवर्तन आएको देखिन्छ । विशेष गरी उनीहरूका परम्परागत भेषभूषाहरूमा त्यस्तो परिवर्तन भएको छ । उनीहरूले आफ्ना लागि प्रयोग गरिने परम्परागत भेषभूषाहरू आफैले घरेलु सामग्रीहरूको प्रयोग गरी उत्पादन गरेको पाइन्छ । त्यसरी उत्पादन गरिएका भेषभूषाहरू ह्योल्मो समुदायले मनाउने चाडपर्व लगायतका अन्य महत्त्वपूर्ण उत्सव, विभिन्न धार्मिक तथा सामाजिक संस्कारहरूमा पहिरनको रूपमा प्रयोग गरेको देखिन्छ । यसरी उत्पादन गरी पुरुषले प्रयोग गर्ने भेषभुषाहरूमा क्षुपा (बग्खु), खेन्छ्याम (सर्ट), कारा (पटुका), स्यामो (टोपी), स्होम्पा (जुत्ता) आदि रहेका छन् । ह्योल्मो समुदायका महिलाहरूले प्रयोग गर्ने परम्परागत पहिरनहरूमा क्षुपा (बग्खु), होन्च्यो (भित्र लगाउने सर्ट), कारा (पटुका), बुरेसुर्कु (कोटजस्तो), पङकप्/किट्टी/स्यामा (पछाडि लगाउने), स्यामो (टोपी), स्होम्पा (जुत्ता) आदि रहेको पाइन्छ । विशेष गरी घरेलु परम्परागत कपडा उद्योग सञ्चालन गर्नका लागि प्रयोग गर्ने उपकरणहरूमा तामा, थुरी, पटी, टुटी, नेमा, बल्सिङ, भेरमा, कुक्ली, फिर्वाली, खोर्लो थाफुर्पा, फतपासिंह, स्हेरोड आदि हुन् । (पासाङ ह्योल्मोसँग मिति २०७७।९।१० मा लिइएको अन्तर्वार्तामा आधारित )

माथि उल्लिखित ह्योल्मो समुदायका परम्परागत भेषभूषाहरूमा व्यापक परिवर्तन आएको देखिन्छ । विशेष गरी ह्योल्मो समुदायका महिलाहरूले आधुनिक प्रविधिबाट उत्पादन गरिएका भेषभूषाहरूको प्रयोग गर्ने गरेको देखिन्छ । महिलाहरूको परम्परागत पहिरनहरूमा व्यापक परिर्वतन आई लुङ्गी, टि सर्ट, कुर्ता-सुरुवाल आदिले प्राथमिकता पाएको देखिन्छ । त्यसै गरी उनीहरूले पाइन्ट सर्ट, सुइटर, ज्याकेट, कोट, टाई लगायतका आधुनिक पहिरनको प्रयोगले व्यापकता पाएपछि उनीहरूको परम्परागत पहिरन क्रमशः लोपोन्मुख अवस्थामा पुगेको छ (सामूहिक छलफल रामेछापमा मिति २०७७।१०।२४) । ह्योल्मो समुदायका पुरुषले प्रयोग गर्ने गरेका परम्परागत भेषभूषा तथा पहिरनहरूमा परिवर्तन आएको देखिन्छ । ह्योल्मो समुदायले लगाउने परम्परागत पहिरनमा क्रमिक रुपमा परिवर्तन आई दौरासुरूवाल, इस्टकोट, स्विटर, गलबन्दी, ज्याँकेट र कोट, सर्ट, पाइन्ट टाई आदि आधुनिक भेषभूषाले स्थान पाएको छ ।

ह्योल्मो समुदायले परम्परागत रूपमा उत्पादन गरी प्रयोग गर्ने गरेका जुत्ताहरूमा परिवर्तन आएको छ । यसरी परिवर्तन आउनुमा आधुनिक प्रविधिले महत्त्वपूण भूमिका निर्वाह गरेको छ । यसले

गर्दा परम्परागत प्रविधिहरू क्रमशः लोपोन्मुख अवस्थामा पुगेका छन् । परम्परागत जुत्ताको स्थानमा छाला र कपडाबाट बनेका आधुनिक जुत्ताको प्रयोग गर्ने गरेको देखिन्छ । त्यसरी नै ह्योल्मो समुदायले आधुनिक मोजा, चप्पल आदिको प्रयोग गर्ने गरेको छ (स्थलगत अवलोकन मिति २०७७ । ९ । ९) ।

यी लगायत अन्य विभिन्न कारणहरूको प्रभावले गर्दा ह्योल्मो समुदायको परम्परागत मौलिक पोसाकहरूमा ब्यापक परिवर्तन आएको छ । यस्तो खालको परिवर्तन विशेषगरी सिन्धुपाल्चोक, रामेछाप जिल्लामा बसोबास गर्ने ह्योल्मो समुदायमा भन्दा सहरी क्षेत्र काठमाडौं र इलाम जिल्लामा बसोबास गर्ने ह्योल्मो समुदायमा व्यापक परिवर्तन आएको छ । यसरी परिवर्तन आउनुका कारणहरूमा वस्तुतः वैदेशिक रोजगार, शिक्षा, होटल, यातयाता तथा पर्यटन व्यवसाय लगायत विभिन्न स्वरोजगार, बसाईं-सराइ तथा अन्य समुदायसँगको घुलमिल, सहरीकरण र आधुनिकताको प्रभावका कारणले गर्दा ह्योल्मो समुदायको परम्परागत पहिरन भेषभूषामा तथा जुत्ता आदिमा व्यापक परिर्वतन आएको छ ।

## (ख) यर्का (नौनी घिउ) को टीकामा आएको परिवर्तन

ह्योल्मो समुदाय हिमाली क्षेत्रमा बसोबास गर्ने समुदाय भएकाले पनि विवाहको शुभकार्यमा आमा, बुवा, मामा, फुपू र मान्यजनहरूले दुलाहा र दुलहीलाई नौनी घिउको टीका लगाई दीर्घायुको आशिर्वाद दिने चलन रहेको छ । त्यसरी नै ह्योल्मो समुदायमा लोसार पर्वमा पनि मान्यजनहरूले नौनी घिउको टीका लगाई अर्शिवाद दिने गर्दछ । विशेषगरी नौनी घिउको टीका लगाउनुको अर्थ शुभ वा पवित्रको संकेतको रुपमा लिने गरिन्छ । यसरी नौनी घिउँको टीकालाई ह्योल्मो भाषामा यर्का भनिन्छ । ह्योल्मो समुदायको परम्परा नौनी घिउको टीका लगाउने चलन हेलम्बु गाउँपालिकाका वडा नं. १, वडा नं. २ र रामेछाप जिल्लाको गोकुलगङ्गाा गाउँपालिकाका वडा नं. ५ मा बसोबास ह्योल्मो समुदायमा देखिन्छ । त्यसरी नै रामेछाप जिल्लाको लिखुतामाकोशी गाउँपालिकाका वडा नं १ मा बसोबास गर्ने ह्योल्मो समुदाय प्राय : इसाई भएकाले नौनी घिउको टीका लगाउने परम्परा छोडेको देखिन्छ ।

ह्लेम्बुबाट विभिन्न समयमा बसाइँ-सराइ गरी काठमाडौं र इलाम जिल्लामा बसोबास ह्योल्मो समुदायमा भने नौनी घिउको सट्टामा चामल र दूध मिसाएर बनाएको सेतो टीका लगाइने चलन पाइन्छ (स्थलगत अवलोकन) ।

यसरी ह्योल्मो समुदायमा परम्परादेखि (यर्का) नौनी घिउको टीका लगाउने चलन स्थान विशेष अनुसार परिवर्तन आएको देखिन्छ ।

## (ग) गर-गहना

मानवले आकर्षणका लागि र अन्य नकारात्मक शक्तिबाट वच्नका लागि गरगहना लगायतका आभूषणहरूको प्रयोग परम्परादेखि नै प्रयोग गर्दै आएको हो । यस्ता गरगहनाहरू मानिसहरूको जातीय एवम् सांस्कृतिक पहिचानका आधार बन्न पुग्दछन् । यस्ता गरगहनाहरू धार्मिक एवम् तान्त्रिक अभ्यासमा प्रयोग गर्दै आएको देखिन्छ ।

ह्योल्मो समुदायका महिला तथा पुरुषहरूले विशेष चाडपर्व तथा संस्कारहरूमा मात्र परम्परागत गरगहनाहरूको प्रयोग गर्दै आएका छन् । महिलाहरूले लगाउने गर-गहनाहरूमा बुट्टिला (कानमा लगाउने सुनबाट बनेको गहना), यू-न्यूरु-सि (मुगा यू-सि सहितको माला), ज्यदुम (मुगाको माला लगाउने), ग्येन्छेन (सुन र चाँदीबाट बनेको कम्मरमा बाँध्ने पेटी), दिउ (सुन र चाँदीबाट बनेका चुरा), फाङग्येन ( मुगासहितको माला), सिदुप (सुन वा चाँदीको औंठी), फ्रेङ्ग (लामाले जप गर्ने माला), ञ्यग्ता (सिक्री), आदि रहेका छन् । त्यस्तैगरी पुरुषहरूले लगाउने गर-गहनाहरूमा बुट्टिला (कानमा लगाउने सुनको), यू-ज्यूरु-शि (मुगा, यू-शिको माला) सिदुप (सुन र चाँदीको औठी), फ्रेङ्ग (लामाले जप गर्ने माला) आदिको प्रयोग गरेको देखिन्छ (सामूहिक छलफल मिति २०७७ । १० । २४) । कतिपय गर-गहनाहरूमा परिवर्तन आई खासगरी पुरुषले प्रयोग गर्ने गरेको (कानमा लगाउने सुनको बुट्टिला) परम्परागत गर-गहना हाल क्रमशः लोप भएर  गएको छ । ह्योल्मो समुदायका महिलाहरूले परम्परागत रुपमा प्रयोग गर्दै आएका गरगहनाहरूमा परिवर्तन भई ह्योल्मो समुदायले गर-गहनाहरू लगाउन नै छाडेको देखिन्छ । विशेषगरी उनीहरूले आधुनिक प्रविधिबाट निर्मित रिङ, टप, तिलहरी, झुम्का, नौगेडी, सयमुद्री आदि गर-गहनाहरू लगाएको देखिन्छ (बिशाल ह्योल्मोसँग मिति २०७७ । ९ । १० मा लिइएको अन्तर्वार्तामा आधारित) । यसरी अध्ययन गर्दा ह्योल्मो समुदायका पुरुष तथा महिलाहरूले प्रयोग गर्ने परम्परागत गर-गहनाहरूमा आधुनिकताको अधिक प्रभाव परेको पाइन्छ । हेलम्बु र रामेछाप बसोबास गर्ने ह्योल्मो समुदायसँग तुलना गर्दा काठमाडौं र इलाम जिल्लाहरूमा बसोबास गर्ने ह्योल्मो समुदायका मानिसहरूले परम्परागत गर-गहना लगाउन छाडेको देखिन्छ । तर सांस्कृतिक एवम् धार्मिक चाडपर्व, विवाह संस्कार महोत्सवहरूमा परम्परागत गरगहना लगाउने गरेको पाइन्छ । सांस्कृतिक उत्सव, चाडपर्व, विवाह संस्कार तथा महत्त्वपूर्ण चाडपर्वहरू बाहेक अन्य समयमा यस्ता पारम्परिक गरगहनाहरूको प्रयोग गरेको देखिदैन । हेलम्बु र रामेछापमा बसोबास गर्ने ह्योल्मो समुदायसँग काठमाडौं र इलामको तुलनात्मक अध्ययन गर्दा बसाइँ-सराइ, आधुनिक जीवनशैली, सहरीकरण तथा अन्य समुदायसँगको घुलमिलका कारणले परम्परागत गरगनाहरूमा व्यापक परिवर्तन आएको छ ।  काठमाडौं र इलाम जिल्लामा रहेका ह्योल्मो समुदायको परम्परागत र मौलिक संस्कृति र सम्पदामा विशेषगरी आधुनिकताले प्रभाव पारेको छ । प्रायः विभिन्न सांस्कृतिक उत्सवहरूमा आधुनिक प्रविधिबाट निर्मित गरगहनाहरू प्रयोग गर्ने गरेको पाइन्छ ( परिशिष्ट ५ को चित्र नं. ३६ र ३७) ।

### (घ) खानपान

ह्योल्मो समुदायको परम्परागत खाद्यान्नहरूमा आलु, मकै, कोदो, फापर, जौ, धान आदिबाट बनेका परिकारहरू प्रमुख खानपान हुन् । उनीहरूको परम्परागत खानपानमा पनि विभिन्न कारणले परिवर्तन आएको छ । ह्योल्मो समुदायले आधुनिक प्रविधिद्वारा उत्पादित खाद्य वस्तुलाई उपभोगका रूपमा प्रयोग गर्दै आएका छन् । ह्योल्मो समुदायका परम्परागत खानपानका वस्तुहरूमा सातु, पोल्दा (सातुबाट तयार पारिने परिकार विशेष), लिटो (सातुबाट तयार पारिने परिकार विशेष), ज्याम्दुर (सातुबाट तयार पारिने परिकार विशेष), चामलको रोटी, खोले, थेन्थुक, खिचडी, तरकारी, ढिँडो, अचार सितन,

सिस्नुको तरकारी, रिल्दो (आलुद्धारा बनाइएको एक प्रकारको खाना), गुन्दुक, मःम र पुलौ आदि रहेको पाइन्छ । त्यस्तैगरी अन्य खानपानका वस्तुहरूमा बिघुती, दही, घिउ, मही, पनिर, दुर्खा, चीज, ठुम (तर) आदि दूधबाट वनेका परिकारहरू हुन् । ह्योल्मो समुदायको परम्परागत पेय पदार्थहरूमा छनुवा छ्याङ, रक्सी, हुरे छ्याङ, निगार, तोङबा, भ्रे-छ्याङ (छयाङ) आदि रहेका छन् । त्यस्तैगरी फलफूलहरूमा स्याउ, सुन्तला, अङ्गुर, ऐंसेलु, काफल, कुरा, नासपाती, आरू र बन अङ्गुर आदि हुन् (कामी दोर्जे लामा ह्योल्मोसँग मिति २०७७ । १० । १ मा लिएको अन्तर्वार्तामा आधारित) । यातायातको सुविधा, बसाई-सराइ र बैदेशिक रोजगार आदिको प्रभावले गर्दा ह्योल्मो समुदायको खानपानमा पनि व्यापक परिवर्तन आएको हो । ह्योल्मो समुदायको परम्परागत घिउ चियाको स्थानमा चिनीचिया, कफी आदिको प्रयोग गरिएको पाइन्छ । परम्परागत रूपमा प्रयोग गरिने तरकारीहरूमध्ये आलुबाट बनेका विभिन्न परिकारहरूको स्थानमा दाल आदिबाट बनाइएका मस्यौराको प्रयोग गरेको देखिन्छ । त्यसरी नै गहुँ, मकै, जौ आदिबाट बनेका परिकार, परम्परागत सातुको स्थानमा चाउचाउ, विस्कुत, पाउरोटी, दुनोट आदिको प्रयोग गर्ने गरेको पाइन्छ । परम्परागत पेय पदार्थहरूमा रक्सी, निगार, जाँड लगायतका पेयपदार्थको सट्टामा आधुनिक प्रविधिबाट उत्पादित बियर, हुस्की, कोक आदिको प्रयोग हुने गरेको छ (कामी दोर्जे ह्योल्मोसँग मिति २०७७ । १० । १ मा लिइएको अन्तर्वार्ता आधारितमा) ।

हेलम्बु र रामेछापमा बसोबास गर्ने ह्योल्मो समुदायको तुलनामा काठमाडौं र इलाम जिल्लामा बसोबास गर्नेहरूमा आधुनिक खानपानको बढी प्रभाव परेको देखिन्छ । अर्थात ग्रामीण क्षेत्रमा बसोबास गर्ने ह्योल्मो समुदाय भन्दा सहरी क्षेत्रमा बसोबास गर्नेहरूको खानपान धेरै परिवर्तन आएको छ । सहरीकरण तथा अन्य जातिसँगको घुलमिलका कारणले गर्दा खानपान संस्कृतिमा व्यापक परिवर्तन आएको देखिएता पनि यिनीहरू विशेष चाडपर्वमा भने परम्परागत खानपानलाई नै बढी जोड दिने गर्दछन् (स्थलगत अवलोकन मिति २०७७ । १० । २६) ।

### (ङ) भाँडाकुडा

ह्योल्मो समुदायले परम्परागत रुपमा प्रयोग गर्दै आएको भाँडावर्तनहरूमा क्रमिक रुपमा व्यापक परिवर्तन आएको छ । वर्तमान अवस्थामा उनीहरूले लोपोन्मुख अवस्थामा पुगेका परम्परागत भाँडावतर्नलाई घरको सजावटको लागि प्रयोग गरिएको पाइन्छ । ह्योल्मो समुदायले प्रयोग गर्ने परम्परागत भाँडावर्तनहरूमा प्रायगरी चाँदी, तामा र पीत्तलबाट बनेका सामग्रीहरू प्रमुख रुपमा रहेका छन् । परम्परागत भाँडाकुडाहरूमा चाँदीको चिया पिउने कप, ज्यागा, खर्कुडो, पानी राख्ने खर्कुडो, डव्बा, डापक, बटुका, गाग्री, करुवा, अम्खरा, रक्सी हाल्ने भाँडो, तुलो, फोसी, तिब्री, चम्चा आदि रहेका छन् । त्यसरी नै माटोबाट बनेका सामानहरूमा ठूलो घ्याम्पो, सानो  घ्याम्पो, गुलु, पोटासी, डुब्ली, चिया तिब्री, हाँडी, धुपौरो, रक्सी हाल्ने भाँडो आदि हुन् । ह्योल्मो समुदायले प्रयोग गर्ने काठबाट वनेका सामग्रीहरूमा ठेकी, मही पार्ने भाँडा (ठेकी), मदानी, तरकु (मदानी अड्काउने), दूध दुहुने ढुङ्ग्रो, चिया खाने कप, ठूलो कप, दाबिलो, डाडु, ढिकी, रक्सी हाल्ने भाँडो, हारपे वा घम्बु (घिउ हाल्ने भाँडो) आदि हुन् (श्रीमती

याङ्जेन ह्योल्मोसँग मिति २०७७ । १० । १ लिइएको अन्तर्वार्तामा आधारित) । त्यसरी नै बाँस तथा निगालोबाट वनेका सामग्रीहरूमा डोको, थुन्चे, डालो, अन्न हाल्ने भाँडो, भकारी, नाङ्लो, मान्द्रो, चित्तर, मिन्दी, सोली, कोक्रो, घुम र थोक (ध्याम्पो जस्तो अन्न हाल्ने भाँडो) आदि रहेका छन् । ढुङगाबाट निर्मित परम्परागत वस्तुहरूमा चुलो, लोहोरो, सिलौटो, दरधो (हतियार धारिलो बनाउन प्रयोग गरिने ढुङ्गा), जाँतो र घट्ट आदि प्रमुख रहेका छन् (टीकाराम ह्योल्मोसँग मिति २०७७ । ९ । १० मा लिइएको अन्तर्वार्ता) (परिशिष्ट ५ को चित्र नं. ३५) । विशेष गरी आधुनिकताको बढी प्रभावका कारण परम्परागत भाँडावर्तनमा परिवर्तन आएको देखिन्छ । ह्योल्मो समुदायले प्रयोग गर्ने तामा, पीत्तल, चाँदी, काठ, माटो र ढुङगाबाट बनेका परम्परागत् भाँडावर्तनहरूका स्थानमा सिल्भर, स्टिल, प्लाष्टिकबाट निर्मित सामग्रीहरूको प्रयोग व्यापक भएको देखिन्छ । परम्परागत भाँडावर्तनको स्थानमा आधुनिक प्रविधिबाट उत्पादित भाडावर्तनहरू प्रेसर कुकर, राइस कुकर, डेक्ची, बाल्टिन, जग, मग, बाटा, ग्यास चुलो, आधुनिक चुलो लगायत अन्य विभिन्न नयाँ विद्युतीय भाँडावर्तनहरूको प्रयोग हुने गर्दछन् (सङगे ह्योल्मोसँग मिति २०७७ । १० । १ मा लिइएको अन्तर्वार्तामा आधारित) ।

ह्योल्मो समुदायका मानिसले दैनिक जनजीवनमा प्रयोग गर्ने सामग्रीहरूमा आधुनिकताको प्रभावका कारणले परिवर्तन आएको हो, तर कतिपय भाडावर्तनहरू हाल आएर लोपोन्मुख अवस्थामा पुगेका छन् । त्यसरी लोपोन्मुख अवस्थामा पुगेका ती परम्परागत सामग्रीहरूलाई ह्योल्मो समुदायले घरसजावटका लागि प्रयोग गरेको देखिन्छ । हेलम्बुमा र रामेछाप बसोबास गर्ने ह्योल्मो समुदायले प्रयोग गर्ने परम्परागत भाँडाकुँडाहरूको तुलनात्मक अध्ययन गर्दा काठमाडौं र इलाम जिल्लामा बसोबास गर्नेहरूमा आधुनिकताको प्रभाव बढी परेको छ । हेलम्बु र रामेछाप जिल्लामा बसोबास गर्ने ह्योल्मो समुदायको तुलनात्मक अध्ययन गर्दा काठमाडौ र इलाममा बस्ने ह्योल्मो समुदायमा सहरीकरण,पर्यावरण तथा अन्य समुदायसँगको सम्बन्धको कारणले आधुनिक भाँडाकुँडाहरूको प्रयोग गर्ने गरेको देखिन्छ ।

### (च) गोन्पाको (गुम्बा)बनावट

ह्योल्मो समुदाय विशेष गरी बौद्धमार्गी भएका कारणले गर्दा उनीहरूमा गोन्पा (गुम्बा) को विशेष महत्त्व रहेको पाइन्छ । ह्योल्मो समुदायको गोन्पा निमार्णको आफ्नै मौलिक एवम् पारम्परिक पद्धति रहेका छन् । विशेषतः उनीहरूले बौद्ध धार्मिक ग्रन्थको आधारमा गोन्पाको  निर्माण गर्दछन् । यसरी निर्माण गरिने गोन्पामा माटो, ढुङगा, काठ लगायत स्थानीय स्तरमा प्राप्त हुने निर्माण सामग्रीको प्रयोग गरिएको पाइन्छ (छिरिङ ह्योल्मोसँग मिति २०७७  । १० । १ मा लिइएको अन्तर्वार्तामा आधारित) । गोन्पाको छाना निर्माण गर्न काठको फलेक तथा जस्ता पाताको प्रयोग गरिएको देखिन्छ । ह्योल्मो समायले गोन्पा परिसरमा पाहुना घर, चैत्य, लहरे मणि, मन्दिररुपी प्रवेशद्वार (ककनी), पानीले घुमाउने मणि, हावाले घुमाउने मणि, दियोले घुमाउने मणि, भान्छा घर आदि निर्माण गर्दछन् (पासाङ तेम्बासंग मिति २०७७ । ९ । २१ मा लिइएको अन्तर्वार्तामा आधारित ) ।

नेपालमा वि.स. २०७२ मा आएको विनाशकारी भूकम्पको कारणले गर्दा हेलम्बु क्षेत्र र रामेछाप क्षेत्रमा रहेका पुराना गोन्पाहरूमा पनि ठूलई क्षति पुग्यो । यसरी पुरानो संरचना ध्वस्त भएकाले कारणले पुरानो वास्तुकलाको नमुना हाल देख्न सकिंदैन । नेपाल सरकारले गोन्पाको नवसंरचना गर्दा विभिन्न मापदण्डहरूको व्यवस्था गरेअनुसार गोन्पाको निमार्णकार्य थालिएको छ । यसरी नयाँ संरचना निर्माण गर्दा त्यसमा परिवर्तन आई आधुनिक ज्ञान र प्रविधिको प्रयोग गरी फलामको डण्डी, फलामको तार, सिमेन्ट लगायत आधुनिक निर्माणसामग्रीहरू आदिको प्रयोग गरिएको छ । हेलम्बु र रामेछापको गोन्पाहरू भुकम्पका कारणले क्षति भएको र नयाँ निर्माण नभएको कारणले गर्दा तिनीहरूको तुलनात्मक अध्ययन गर्न सकिदैन । तर हेलम्बु र रामेछापको पुरानो गोन्पाहरूको तुलना गर्दा काठमाडौं र इलामका गोन्पामा आधुनिक सामग्रीहरूको प्रयोग गरी निर्माण गरिएको छ (स्थलगत अवलोकन मिति २०७७/९/१० मा रामेछाप, २०७७/१०/२६ मा इलाम र २०७७११/२३-२४ मा हेलम्बु) ।

## (छ) छ्योर्तेन (स्तुप)

हेलम्बु क्षेत्रमा बसोबास गर्ने ह्योल्मो समुदाय बौद्धमार्गी भएको हुनाले लामाबौद्धधर्मप्रति उनीहरूको गहिरो आस्था र विश्वास रहेको छ । ह्योल्मो समुदायले आफ्नो धार्मिक आस्था तथा विश्वासका कारणले गर्दा छयोर्तेन, माने, मानेलहरहरू आ-आफ्ना टोल-टोल तथा बाटो, दोबाटाहरूमा निर्माण गरिएको छ (ओङदी ह्योल्मोसंग मिति २०७७ । १० । १ मा लिएको अन्तर्वार्तामा आधारित) । ह्योल्मो समुदायले परम्परादेखि नै छयोर्तेन (स्तुप) संरचना निर्माण गर्नका लागि ढुगां र माटो को प्रयोग गर्दै आएका छन् । तर वर्तमान अवस्थामा आधुनिक विकासको प्रभावले गर्दा छयोर्तेन (स्तुप) को संरचनाको निर्माणमा ढुंगा, सिमेन्ट, फलाम आदि सामग्रीहरूको प्रयोग गरि निर्माण गरिएको हुन्छ (सञ्जा लामासँग मिति २०७७ । ९ । १० मा लिएको अन्तर्वार्तामा आधारित) ।

ह्योल्मो समुदायको छयोर्तेन निर्माणको परम्परागत शैलीमा परिवर्तन आएको पाइन्छ । रामेछाप गोकुलगङगा गाउँपालिका वडा नं ५ मा ह्योल्मो समुदायमा छयोर्तेनहरू देखिन्छन्, तर रामेछाप जिल्लाकै लिखुतामाकोसी गाउँपालिका वडा १ वसोवास गर्ने ह्योल्मो समुदायमा प्रायः इसाई धर्म मान्ने भएको कारणले  गर्दा चर्चको निर्माण गरी पूजापाठ गर्ने गरेकाले छ्योर्तेन निमार्णमा पूजापाठ गरेको पाइँदैन (स्थलतगत अवलोकन मिति २०७७ । ९ । १०) । इलाम जिल्लाका फिक्कल र पशुपतिनगर क्षेत्रमा बसोबास गर्ने ह्योल्मो समुदायले पूजापाठ गर्नका लागि छ्योंतनको निर्माण गरेको छ (स्थलगत अवलोकन मिति २०७७ । १० । २६) (परिशिष्ट ५ को चित्र नं. ३५ र ४६) । तर आधुनिक निमार्ण सामग्री प्रयोग गरी गोन्पाको निमार्ण गरिएको छ । नवनिर्मित यस गोन्पामा धार्मिक कार्यको अनुष्ठान एवम् पठनपाठनको समेत व्यवस्था भएको छ ।

## (ज) घरको बनावट

ह्योल्मो समुदायको परम्परागत गृह निर्माण शैली अर्थात् वास्तुसंरचनामा अन्य  समुदायको भन्दा छुट्टै विशेषता रहेको छ । ह्योल्मो समुदायको आर्थिक स्थिति जस्तोसुकै भए पनि सबैको घरको

बनावट एकै प्रकारको रहेको हुन्छ । उनीहरूको घर प्रायः एकतलाको रहेको हुन्छ । घरको छिंडीमा अन्न लगायत अन्य वस्तु भण्डारणका लागि गोदामको व्यवस्था गरिएको हुन्छ । घरमा प्रायः एकदेखि ३ वटा कोठाहरू हुन्छन् । विशेषतः पूजाकोठाका लागि छुट्टै कोठाको निर्माण गरिएको हुन्छ । अन्य कोठाहरू घरायसी प्रयोगका लागि छुट्टाइएको हुन्छ । ह्योल्मो समुदायले आफ्नो घरमा भाँडाकुडा राख्ने स्थान र पूजाकोठालाई आकर्षक ढंगले सजाएको हुन्छ (दिण्डु लामासँग मिति २०७७ । ३ । ६ मा लिएको अन्तर्वार्तामा आधारित) । परम्परागत घरको कोठामा अष्टमङ्गल, अष्टमङ्गल द्रव्य, सप्तरत्न, चार दिक्पाल, चार घनिष्ट मित्र, चार दैवी प्राणी आदि अंकित गरिएका कलात्मक दराजहरू राखिएको देखिन्छ (स्थलगत अवलोकन, मिति २०७७ । ९ । १०) । परम्परागत घरमा विशेषतः छानो काठको फलेक र ढुङ्गाले छाएको हुन्छ । परम्परागत घरहरू ढुङ्गा, माटो, थाम, निदाल, दारलिङ, बलो, डाँडाभाटा, निगालो, छाउने फल्याक, तिनमुखे झयाल, ढोका, विछ्याउने फल्याक, पानी भलो, टुँडाल र पाखा दलिन आदि प्रयोग गरी निर्माण गरिएको हुन्छ (पेम्वा लामासँग मिति २०७७ । ६ । १५ मा लिएको अन्तर्वार्तामा आधारित) ।

हेलम्बु र रामेछापका परम्परागत घरका संरचनाहरू वि.स.२०७२ मा आएको भूकम्पको कारणले ध्वस्त भएको थियो । यसकारण ह्योल्मो समुदायको पुरानो शैलीमा निर्माण गरिएका घरको संरचना देख्न सकिँदैन । भूकम्पपछि नेपाल सरकारको घर-भवन निर्माणसम्बन्धी नयाँ मापदण्डअनुसार घरको पुनर्निर्माण गरिएको छ जसका कारणले गर्दा परम्परागत घरहरूको निर्माण शैलीमा परिवर्तन आएको छ । उनीहरूले परम्परागत घर निमार्णका लागि काठ, बाँस र ढुङ्गाको प्रयोग गरेका छन् । तर वर्तमान समयमा त्यस्ता घरहरू निर्माणमा परिवर्तन आई आधुनिक घर निर्माणमा सिमेन्ट, फलाम, फलामको रड, वालुवा, आदिको निमार्ण सामग्रीको प्रयोग गर्ने गरिएको छ (स्थलगत् अवलोकन मिति २०७७ । ३ । ६) ।

ह्योल्मो समुदायको बसोबास क्षेत्र काठमाडौं र इलाममा रहेका घरहरूका तुलनामा हेलम्बु र रामेछापमा निर्माण गरिएको घरको संरचनामा परिवर्तन आएको छ । विशेषगरी वि.सं. २०७२ मा आएको भूकम्पले काठमाडौं र इलाम जिल्लाका घरको संरचनालाई क्षति पुऱ्याएको छैन । सहरी क्षेत्रमा निर्माण गरिएका घरहरूमा आधुनिक शैलीलाई अँगालिएको छ ।

### (झ) परम्परागत हातहतियार

ह्योल्मो समुदायको सांस्कृतिक अध्ययनमा परम्परागत हातहतियारहरूको महत्त्वपूर्ण भूमिका रहेको छ । ह्योल्मो समुदायका परम्परागत हातहतियारहरूमा दैनिक जनजीवनमा प्रयोग गर्ने धनु-बाण, भाला, खुँडा, तरबार, खुकुरी, बन्दुक, घुँयत्रो, बन्चरो, हँसिया, काठ ताछ्न प्रयोग गरिने बसिला, करौंती, घन, मार्तोल, खन्ती, आरा आदि रहेका छन् (छिरिङ ल्होबासँग मिति २०७७ । ३ । ६ मा लिएको अन्तर्वार्तामा आधारित) । उनीहरूमा आधुनिकताको कारण यी परम्परागत हातहतियारहरू लोपोन्मुख अवस्थामा पुगेका छन् । यस्ता हातहतियारहरूमा परिवर्तन आई ह्योल्मो समुदायले आफ्नो दैनिक जनजीवनमा आधुनिक हातहतियार र उपकरणहरूको प्रयोग गर्ने गरेका छन् । उनीहरूले यस्तो किसिमको परम्परागत हातहतियारलाई आफ्ना घरमा सांस्कृतिक सम्पदा वस्तुका रुपमा प्रदर्शन गर्ने गरेका छन् (स्थलगत अवलोकन मिति २०७७ । ६ । ३) ।

यस्ता हातहतियारका तुलनात्मक अध्ययन गर्दा हेलम्बु र रामेछाप जिल्लामा बसोबास गर्ने ह्योल्मो समुदायको घरमा सजावटका लागि यी उपकरणहरूको प्रगोग गर्ने गरिएको छ, तर काठमाडौं र इलाम जिल्लामा बसोबास गर्ने ह्योल्मो समुदायले परम्परागत हताहतियार भन्दा आधुनिक उत्पादनका हात-हतियारको प्रयोग आफ्नो दैनिक जीवनमा गर्ने गर्ने गरेको छ ।

### (ञ) अन्य प्रविधि

ह्योल्मो समुदायमा वातावरण र पर्यावरणका कारणले पनि घरेलु उपकरण र प्रविधिहरूको निर्माणमा विशेष भूमिका खेलेको छ । ह्योल्मो समुदायले घरेलु प्रविधिबाट बनेका दैनिक जनजीवनमा आवश्यक पर्ने अन्य वस्तुहरूको प्रयोग गर्ने गरेको छ । ह्योल्मो समुदायले कृषिमा प्रयोग गर्नका लागि परम्परागत सामग्रीहरूमा नाम्लो, नाम्लोको डोरी, डोको झोला, हलो, जुवा, ढिकी, काठको खल (ओखल), पिठो पिन्नको लागि ढुङ्गाको जाँतो, पानीघट्ट आदि रहेका छन् (जिम्बा लामासँग मिति २०७७ । ३ । ७ मा लिएको अन्तर्वार्तामा आधारित) । यस्ता परम्परागत प्रविधिको प्रयोग आजसम्म पनि हेलम्बु र रामेछापमा बसोबास गर्ने ह्योल्मो समुदायले प्रयोग गर्दै आएका छन् ( स्थलगत अवलोकन मिति २०७७। ९ । १० ) ।

यी परम्परागत उपकरण र प्रविधिहरूमा हालसम्म हेलम्बु र रामेछापमा केही परिवर्तन आएको देखिंदैन, तर सहरीकरण तथा अन्य समुदायसँग घुलमिलका कारणले गर्दा इलाम र काठमाडौमा बसोबास गर्ने ह्योल्मो समुदायले यस्ता परम्परागत कृषि सामग्रीहरूको प्रयोग गर्ने गरेको छैन । इलामको फिक्कल र पशुपतिनगरमा बस्ने ह्योल्मो समुदायले आधुनिक कृषि औजारहरूको प्रयोग गर्ने गरेका छ । यसको तुलनात्मक अध्ययन गर्दा हेलम्बु र रामेछापमा परम्परागत सामग्रीहरूको प्रयोग हुने गरेको पाइन्छ । काठमाडौमा बसोवास गर्ने ह्योल्मो समुदाय कृषिमा आबद्ध भएको छैन । इलाममा भने कृषिका लागि आधुनिक प्रविधिको प्रयोग गरेको छ ।

## ६.६.२ अमूर्त संस्कृतिमा आएको परिवर्तन

अमूर्त संस्कृतिको विकास मानव विकासक्रमसँगै भएको हो । अमूर्त संस्कृति मानव समुदायको भावकेन्द्रित रहेको हुन्छ । जीवन र जगत्प्रतिको दृष्टिकोण निर्माण गर्ने क्रममा अमूर्त संस्कृति-सम्पदाले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । मूलतः मानिसका मनमा उत्पन्न हुने आस्था, विश्वास, मूल्य, मान्यता, आशा, निराशा, हर्ष, विस्मात, सुख-दुःख, शोक लगायतका भाव व्यक्त गर्ने क्रममा सिर्जना हुने विशेष प्रस्तुति नै अमूर्त संस्कृति सम्पदा हो । भाव सञ्चारका लागि प्रयोग हुने भाषा, संगीत र धार्मिक एवम् सांस्कृतिक अनुष्ठानमा व्यक्त हुने विशेष क्रियाकलाप आदि अमूर्त संस्कृतिका आधार हुन् । वातावरण, पर्यावरण, समय परिस्थिति र भौगोलिकता आदिले अमूर्त संस्कृतिको निमार्णमा विशेष भूमिका खेलेका हुन्छन् । वस्तुतः संस्कृति परिवर्तनशील हुन्छ । युद्ध, द्वन्द्व, राजनीति, आधुनिक शिक्षा प्रणाली, वातावरण तथा पर्यावरणमा आएको परिवर्तन, परासंस्कृतीकरण, बसाई-सराइ, प्राकृतिक विपत्ति, सहरीकरण, आधुनिक जीवनशैली लगायतका कारणले परम्परागत आस्था, मूल्य-मान्यता, विश्वास र

आदर्श अर्थात् अमूर्त संस्कृति-सम्पदामा परिवर्तन आउँदछ । ह्योल्मो समुदायको धार्मिक एवम् सांस्कृतिक पक्ष अर्थात् अमूर्त सांस्कृतिक सम्पदाहरूमा क्रमिक रुपमा परिवर्तन आउनुमा माथि उल्लिखित कारणहरूले महत्त्वपूर्ण भूमिका खेलेका छन् । विशेषतः हेलम्बु, काठमाडौं रामेछाप र इलाम जिल्लामा बसोबास गरेका ह्योल्मो समुदायको अमूर्त संस्कृति-सम्पदामा आएका परिवर्तनहरूलाई तुलनात्मक अध्ययन गरी तल परिचर्चा गरिएको छ :

## (क) भाषा र लिपि

ह्योल्मो समुदायले बोल्ने भाषालाई ह्योल्मो भाषा भनिन्छ । ह्योल्मो समुदायले प्रयोग गर्ने लिपि सम्भोट लिपि हो । वर्तमान समयमा विभिन्न कारणले गर्दा ह्योल्मो समुदायको भाषा तथा लिपिमा परिवर्तन आएको छ । विशेषगरी हेलम्बु रामेछापको तुलनामा इलाम र काठमाडौंमा बसोबास गर्ने ह्योल्मो समुदायमा आधुनिक विकासको प्रभाव, आधुनिक शिक्षा प्रणाली, अन्य भाषाको बढी प्रयोग हुने गरेको छ । आफ्नो भाषा-संस्कृतिप्रतिको उदासीनता, बाह्य संस्कृतिको अतिक्रमण, परासंस्कृतीकरण, बसाई-सराइ, यातायात आदिका कारणले ह्योल्मो समुदायको भाषा र लिपिमा परिर्वतन आएको छ । त्यसका साथै अन्य भाषिक समुदायसँगको घुलमिल र सर्म्पक लगायतका आन्तरिक तथा बाह्य प्रभावका कारण यिनीहरूले आफ्नो मातृभाषा र सम्भोट लिपिको प्रयोग गर्न छोडेका छन् (समूहगत छलफल मिति २०७७ । १० । २४) । तर ह्योल्मो समुदायले आफ्नो मातृभाषाको स्थानमा नेपाली र अंग्रेजी भाषा तथा देवनागरी र रोमन लिपिलाई प्राथमिकता दिएको देखिन्छ । मूलतः नेपाली भाषा राजकाजको भाषा भएको हुनाले पनि नेपाली भाषा बोल्न अभिप्रेरित गरेको हो । आधुनिक शिक्षाप्रणालीको कारणले तथा सहरीकरणले अंग्रेजी भाषा पनि उनीहरूको प्राथमिकतामा परेको छ ।

मुख्यतः ह्योल्मो समुदायका युवापुस्ताले मातृभाषाको प्रयोग नगर्नुमा माथि उल्लिखित कारणहरू नै प्रमुख हुन् । वस्तुतः हेलम्बु गाउँपालिका वडा नं १ र २ र रामेछापको गोकुलगङ्गा गाउँपालिका वडा नं ५ र लिखुतामाकोशी गाउँपालिका वडा १ मा बसोबास गर्ने ह्योल्मो समुदायको मातृभाषा र लिपिमा कुनै परिवर्तन आएको छैन (स्थलगत अवलोकन मिति २०७७ । ९ । १०) । रामेछाप जिल्लामा ह्योल्मो समुदायको उत्पतिसँग जोडिएको प्रचलित किंवदन्ती समेत रहेको छ । उक्त किंवदन्तीअनुसार हेलम्बुबाट रोजगारको लागि दार्जिलिङ हिडेका एक पुरुष रामेछापको नोप्रामा पुगेपछि स्थानीय महिलासँग विवाह गरी त्यहीँ बसोवास गरेको जनविश्वास रही आएको छ (परिशिष्ट ११) । तर काठमाडौं र इलाम जिल्लामा बसोबास गर्ने ह्योल्मो समुदायका युवापुस्तामा नेपाली र अंग्रेजी भाषाको प्रभावले गर्दा ह्योल्मो भाषा र लिपि बढी प्रभावित भएको देखिन्छ । यिनै कारणहरूले गर्दा ह्योल्मो समुदायको भाषा र लिपि क्रमिक रूपमा लोपोन्मुख अवस्थामा पुगेको छ जसको सरंक्षण र सर्म्वद्धन गर्नका लागि हेलम्बु गाउँपालिकाले प्राथमिक स्कुलमा सम्भोट लिपि र संस्कृत विषयको पठनपाठनको अभियान सुरू गरेको छ । यसरी नै इलामको फिक्कल र पशुपतिनगर बसोबास गर्ने ह्योल्मो समुदायले पनि आफ्नो पम्परागत सांस्कृतिको संरक्षणका लागि हाल गोन्पा निर्माण गरी सम्भोट लिपि र भाषाको कक्षा सञ्चालन गरेको छ (स्थलगत अवलोकन मिति २०७७ । १० । २६) ।

## (ख) धार्मिक चाडपर्वहरू

भाषा तथा लिपि जस्तै ह्योल्मो समुदायको धार्मिक र सांस्कृतिक चाडपर्व र परम्पराहरूमा पनि क्रमिक रुपमा परिवर्तन आएको देखिन्छ । तर लोसार पर्वलाई भने ह्योल्मो समुदायले विशेष उत्साह र उमङ्गका साथ मनाएको देखिए तापनि अन्य मौलिक पर्वहरूमा त्यो उत्साह कम देखिन्छ । हेलम्बु, रामेछाप र काठमाण्डौंमा बस्ने ह्योल्मो समुदायले सांस्कृतिक पर्व र परम्परालाई विशेष रूपमा मनाउने गरेको छ । तर धर्मपरिवर्तन गरेका ह्योल्मो समुदायले भने आफ्नो मौलिक सांस्कृतिक पहिचानलाई पूर्ण रूपमा परिवर्तन गरेका छन् । विशेष गरी रामेछापमा बसोबास गर्ने ह्योल्मो समुदायले आफ्नो धर्म परिवर्तन गरी इशाई धर्म अँगालेको छ । उक्त स्थानको अवलोकन गर्दा गोकुलङ्गगा गाउँपालिकाको वडा नं. ५ मा बसोबास गर्ने ह्योल्मो समुदायका सम्पूर्णले बौद्धधर्म मान्ने गरेको देखिन्छ (स्थलगत अवलोकन मिति २०७७ । ९ । १०) । त्यस्तै लिखुतामाकोशी गाउँपालिका वडा नं १ मा वसोवास गर्ने करिब ८० प्रतिशत ह्योल्मो समुदायले इसाई धर्म मान्ने गरेको छ (इसाई धर्मगुरु नोंसाङ ह्योल्मोसँग मिति २०७७/९/१०मा लिइएको अन्तर्वार्तामा आधारित) (परिशिष्ट ५ को चित्र नं. ३८, ३९, ४० र ४१) । उनले दिएको जानकारीअनुसार आफू बिरामी हुँदा ११ वर्षसम्म औषधी उपचार गर्दा पनि निको हुन सकेन । तर उनी इसाई धर्ममा लागेपछि रोग निको भएको कारणले धर्म परिवर्तन गरेको उनले उल्लेख गरेका छन् । अतः धर्म परिवर्तनको कारणले ह्योल्मो समुदायको मौलिक पन र पहिचानमा परिवर्तन आएको छ, अर्थात् उनीहरूले नयाँ संस्कृति र संस्कार अपनाएका छन् । हेलम्बुका ह्योल्मो समुदाय रोजगारीका लागि भारतको दार्जिलिङ जाने क्रममा इलाममा बसोबास गर्ने गरेको छ । इलाममा बसोबास गर्ने ह्योल्मो समुदायमा विशेष गरी वि.सं.२०४६ अगाडि हिन्दूधर्म र संस्कृतिको प्रभाव परेको देखिन्छ । तर उनीहरूमा आएको सांस्कृतिक जागरणको कारण पुनः उनीहरूको गोन्पा निर्माण गरी आफ्नो परम्परागत धर्म र संस्कृतिमा आबद्ध भएको देखिन्छ (दोर्जे ह्योल्मासँग मिति २०७७ । १० । २६ मा लिएको अन्तर्वार्तामा आधारित) ।  हेलम्बु, काठमाडौं र रामेछाप जिल्लाको गोकुलगङ्गा गाउँपालिका वडा नं. ५ बसोबास गर्ने बौद्धमार्गीहरूमा हिन्दूधर्मको प्रभाव परेको देखिदैन, तर केही ह्योल्मो समुदायमा हिन्दू संस्कार र संस्कृतिको प्रभाव परेको कारणले त्यस क्षेत्रका ह्योल्मो समुदायले दसैंमा सेतो टीका लगाउने गरेको छ । इलाम जिल्लामा बसोबास गर्ने ह्योल्मो समुदायमा हिन्दू संस्कृतिको प्रभावका कारण उनीहरूले एक आपसमा शुभकामना आदान-प्रदान गर्नुका साथै हिन्दू संस्कृतिको प्रभावका कारण सामान्य रूपमा हिन्दू चाडपर्वहरू पनि मनाउने गरेका छन् (स्थलगत अवलोकन मिति २०७७ । १० । २६) ।

## (ग) विवाह संस्कार

ह्योल्मो समुदायमा विवाह संस्कारलाई महत्त्वपूर्ण मानिन्छ । उनीहरूले सम्पन्न गर्ने विवाहमा मागी विवाह, चोरी विवाह, मामाकी छोरी वा फुपूकी छोरी विवाह, भाउजु विवाह र प्रेम विवाह आदि पारम्परिक विवाह पद्धति हुन्, तर प्रचलित परम्परागत विवाह संस्कारहरूमा परिवर्तन आएको छ ।

उनीहरूले सम्पन्न गर्ने विवाहमा मागी विवाहलाई बढी महत्त्व दिइएको पाइन्छ । मूलतः मागी विवाह भन्नाले समुदायमा प्रचलित सामाजिक मूल्य-मान्यताको परिधिभित्र रहेर दुवै (केटा-केटी) पक्षको अभिभावक तथा दुलाहा-दुलहीको समेत सहमतिमा सम्पन्न हुने वैवाहिक परम्परालाई बुझिन्छ । ह्योल्मो समुदायमा यस्तो परम्परागत विवाह पद्धति लोकप्रिय रहँदै आएको छ ।

ह्योल्मो समुदायमा यस किसिमको मागी विवाहमा मामा-फुपूकी छोरा र छोरीलाई प्राथमिकता दिने चलन छ । उनीहरूको समुदायमा फुपूकी छोरीमाथि मामाको छोराको हक लाग्ने सामाजिक मान्यता छ । त्यसरी नै ह्योल्मो समुदायले मानिआएको चोरी विवाह संस्कारमा केटी र केटीपक्षको अभिभावकको अनुमति विना केटीलाई जात्रा, मेलापर्व, वनजङ्गल, पानीपँधेरो, खेतबारी आदिबाट जबर्दस्ती छोपेर ल्याउने चलन रहेको छ । ह्योल्मो समुदायमा प्रेम विवाह पद्धति पनि विशेष प्रचलनमा छ । यस्तो आधुनिक विवाह प्रणालीलाई यस समुदायले अंगीकार गरेको छ । यस्तो विवाह संस्कारमा केटा-केटी बिच एक-आपसमा प्रेम भएपछि गरिने विवाहलाई प्रेमविवाह भनिन्छ । यस्तो विवाह आजभोलि युवा पुस्तामा लोकप्रिय हुँदै गएको छ । वर्तमान अवस्थामा यस प्रकारको विवाहले परम्परागत विवाहलाई चुनौती दिदैं आएको छ । ह्योल्मो समुदायमा दाजुको मृत्यु भएपछि बिधवा भउजूलाई देवरले विवाह गर्ने चलन छ (दावा ग्याल्बु लामासँग मिति २०७७ । ६ । १७ मा लिइएको अन्तर्वार्तामा आधारित) ।

ह्योल्मो समुदायको परम्परागत विवाह संस्कारमा आधुनिकताको प्रभाव परेको देखिन्छ । विशेषगरीः उनीहरूको समुदायमा मामा-फुपू छोरा र छोरी, भाउजू, चोरी विवाहमा परिवर्तन आएको छ । यस किसिमको परम्परागत विवाह संस्कारलाई वर्तमान ह्योल्मो समुदायले अंगीकार गरेको पाइँदैन । यस्तो परम्परागत विवाह संस्कार उनीहरूको समुदायबाट हटिसकेको छ, तर मागीविवाह र प्रेमविवाह भने हालसम्म प्रचलनमा रहेका छन् । हेलम्बु, रामेछाप, काठमाडौं र इलाममा सम्पन्न गरिने विवाहमा कतिपय कुरामा भिन्नता आएको छ । विशेष गरी रामेछाप जिल्लामा बसोबास गर्ने ईशाई ह्योल्मो समुदायले आफ्नै ईशाई धार्मिक परम्पराअनुसार विवाह चर्च भवनमा सम्पन्न गर्ने गर्दछ ( स्थलगत समूहसँग छलफल मिति २०७७ । ९ । १० मा) । ह्योल्मो समुदायको विवाह संस्कारमा सम्बन्धित ठाउँको सामाजिक वातावरणले प्रभाव पारेको पाइन्छ, अर्थात् उनीहरूले आफ्नो पुर्ख्यौली संस्कारलाई छोडेर अन्य समुदायको विवाह संस्कार ग्रहण गरेका छन् । त्यसरी नै काठमाडौँ तथा इलामका ह्योल्मो समुदायमा परासंस्कृतीकरण मौलाउँदै गएकाले अन्तर्जातीय विवाहलाई प्राथमिकता दिन थालिएको छ (सोनाम ह्योल्मोसँग मिति २०७७ । १० । २६ मा लिएको अन्तर्वार्तामा आधारित) (परिशिष्ट ५ को चित्र नं. ४२, ४३, ४४ र ४५) ।

### (ङ) मृत्यु संस्कार

मृत्यु संस्कार मानव जीवनको अन्तिम संस्कार हो । अन्य संस्कारहरूलाई हर्षोल्लासका साथ सम्पन्न गरिने चलन छ, तर मृत्यु संस्कारलाई भने वेदना र पीडादायी संस्कारका रुपमा लिने गरिन्छ । ह्योल्मो समुदायमा मृत्यु संस्कारलाई विशेष महत्त्व दिएर सम्पन्न गरिन्छ । हेलम्बु, रामेछाप, काठमाडौं

र इलामका ह्योल्मो समुदायको मृत्यु संस्कारमा केही भिन्नता रहेको छ । रामेछापमा बसोबास गर्ने ह्योल्मो समुदायका मानिसले आ-आफ्नो धर्म-संस्कृति अनुसार मृत्यु संस्कार सम्पन्न गर्ने गर्दछन विशेषतः धर्म- परिवर्तन गरेका ह्योल्मो समुदायका इशाई धर्मावलम्बीले आफ्नै धार्मिक विधानअनुसार मृत्यु संस्कार सम्पन्न गर्ने गर्दछ (इसाक ह्योल्मोसँग मिति २०७७ । ९ । १० मा लिइएको अन्तर्वार्तामा आधारित) । इलाम जिल्लामा बसोबास गर्ने ह्योल्मो समुदायले भने आफ्नो धार्मिक विधान अर्थात् बौद्ध परम्पराअनुसार नै मृत्यु संस्कार सम्पन्न गर्ने गरेको देखिन्छ (अवलोक मिति २०७७ । १० । २६) (परिशिष्ट ५ को चित्र नं. ५२) ।

अतः हेलम्बु, रामेछाप र काठमाडौँका लामाबौद्धमार्गी ह्योल्मो समुदायमा जसरी मृत्यु संस्कार सम्पन्न गरिन्छ, त्यसरी नै इलाम जिल्लामा बसोबास गरेका ह्योल्मो समुदायले पनि गर्ने गर्दछ । मृत्यु संस्कार एकै किसिमबाट गरिने भए तापनि हेलम्बु र रामेछापको गोकुलगङगा वडा नं ५ मा बसोबास गर्ने ह्योल्मो समुदायले मृत्यु संस्कार सम्पन्न गरेपछि मृतकका नाममा छ्योर्तेन बनाउने परम्परा रहेको छ (मिनुर ह्योल्मोसँग मिति २०७७ । ९ । १० मा लिइएको अन्तर्वार्तामा आधारित) । यी विभिन्न कारणले गर्दा ह्योल्मो समुदायको मृत्यु संस्कारमा परिवर्तन एवम् भिन्नता आएको छ । विशेष गरी, भिन्न-भिन्न सांस्कृतिक परिवेश तथा धार्मिक परिवर्तन लगायतका कारणले ह्योल्मो समुदायको परम्परागत मौलिक मृत्यु संस्कारमा परिवर्तन आएको हो (स्थलगत समूहसँग छलफल मिति २०७७ । ९ । १०) ।

## (च) परिवारिक संरचना

परिवारलाई समाजको प्रारम्भिक एकाइका रूपमा लिने गरिन्छ । वर्तमान समयमा विश्वमा परिवारिक संरचनामा व्यापक परिवर्तन आएको छ, परम्परागत आर्थिक एवम् सामाजिक संरचनामा संयुक्त परिवारको विशेष भूमिका रहेको छ । तर यस्तो सामाजिक र आर्थिक संरचनामा परिवर्तन भई विश्व पूँजीवादी समाजमा रूपान्तरणसँगै यसले परम्परागत पारिवारिक संरचनामा परिवर्तन ल्याएको छ । नेपालको सामाजिक तथा सांस्कृतिक संरचनामा पूंजिवादले गहिरो प्रभाव पारेको छ जसले परम्परागत रूपमा चल्दै आएको संयुक्त परिवारको ढाँचामा परिवर्तन भएर एकल परिवारको ढाँचामा रूपान्तरित भएको छ ।

ह्योल्मो समुदायले परिवारलाई आफ्नो सामाजिक सङ्गठनको एक अभिन्न अङ्गका रूपमा लिएको छ । ह्योल्मो समुदायको परम्परागत परिवारको संरचनामा संयुक्त एवम् एकल दुवै प्रकृतिका पारिवारिक संरचना रहेका छन् । उनीहरूको संयुक्त परिवारमा लोग्ने-स्वास्नी, छोरा-बुहारी, भाइ-बहिनी, नाती-नातिनी, भतिजा-भतिजी आदिको समावेश गरिएको हुन्छ । त्यसरी नै एकल परिवारमा लोग्ने-स्वास्नी र उनीहरूका अविवाहित छोरा-छोरी समावेश हुने गर्दछन् । (पेमा ह्याल्मोसँग मिति २०७७ । १० । २६ मा लिइएको अन्तर्वार्तामा आधारित) ।

आधुनिकताको प्रभावले गर्दा ह्योल्मो समुदायको संयुक्त परिवारमा बस्ने परम्परागत संरचनमा परिवर्तन आई एकल परिवारलाई प्राथमिकता दिएको छ । यस्तो पारिवारिक सामाजिक संरचना हुनुको

प्रमुख कारणहरूमा आधुनिक शिक्षा, नवीन आर्थिक प्रणाली, बाह्य समाज र संस्कृतिको प्रभाव रहेका छन् ।

### (छ) गुठी सञ्चालन

ह्योल्मो समुदायका धार्मिक, सामाजिक, सांस्कृतिक तथा प्रशासनिक क्रियाकलापमा गुठीको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । यस समुदायमा गोन्पाले गुठीको भूमिका खेलेको हुन्छ । ह्योल्मो समुदायको समुदायमा लामालाई गोन्पाको प्रमुख जिम्मेवारी दिइएको हुन्छ । ह्योल्मो समुदायमा गोन्पाको प्रमुख लामाको पद उच्च एवम् सम्मानित पद मानिन्छ । गोन्पाको प्रमुख लामा (धार्मिक नेता) को अध्यक्षतामा अन्य पदाधिकारी तथा विभागीय प्रमुखहरू सदस्य रहेको गोन्पा तथा गुठी सञ्चालनका लागि समिति गठन गरी ल्हाठिम (देवनीति), छ्येठिम (धर्मनीति), ग्याल्ठिम (राजनीति) र युलठिम (सामाजिक नीति) को विधानअनुसार प्रशासनिक कार्यसमेत सञ्चालन गर्दै आइरहेको छ (पासाङ तेम्वा लामासँग मिति २०७७ । ३ । ७ मा लिएको अन्तर्वार्तामा आधारित) । गोन्पाका पदाधिकारीहरू निम्नानुसार रहेका हुन्छन् :

| | |
|---|---|
| १. रेम्पोछे | प्रमुख लामा |
| २. खेन्पो | उपाध्याय |
| ३. दोर्जे लोपेन | वज्राचार्य |
| ४. लोपेन | आचार्य |
| ५. बुजे | अगुवाई मुखिया |
| ६. छयेठिम्मा | धर्म निरीक्षक |
| ७. छयाङच्यी | निजी सहाय (रेम्पोछे वा प्रमुख लामाको ) |
| ८. न्येरपा | भण्डार |
| ९. कोन्येर | पूजारी |
| १०. छयोपिन | सह-निजी सहायक (रेम्पोछे वा प्रमुख लामाको) |

गुठीको पदाधिकारीका रुपमा गोन्पाको प्रमुख लामालाई गुठी सञ्चालन गर्ने जिम्मा दिइएको हुन्छ । प्रमुख लामाको नेतृत्वमा गुठी सञ्चालन गर्ने भए तापनि यसमा विभिन्न पदहरूको वर्गीकरण गरी १ अध्यक्ष ४ जना सदस्य सहित ५ जनाको समिति निर्माण गरिएको हुन्छ । गुठी सञ्चालनको लागि कार्य विभाजन गरी प्रशासन, अर्थ, सांस्कृतिक तथा व्यवस्थापन विभागमा वर्गीकरण गरिएको हुन्छ जुन निम्नानुसार छन् :

| | |
|---|---|
| १. प्रमुख लामा | अध्यक्ष |

२. प्रशासन विभागका संयोजक सदस्य

३. अर्थ विभागका संयोजक सदस्य

४. सांस्कृतिक विभागका संयोजक सदस्य

५. व्यवस्था विभागमा संयोजक सदस्य

माथि उल्लिखित दुवै विभागका पदाधिकारीहरू गोन्पाका प्रमुख लामाद्वारा मनोनीत गरिन्छ । यसरी मनोनीत गरिएका विभिन्न विभागहरूका संयोजकबाट गुठी सञ्चालन तथा व्यवस्थापन गर्नका लागि धार्मिक ग्रन्थअनुसार सामाजिक नीति-नियम बनाई गुठीयार सदस्यद्वारा समाजमा लागु गरिन्छ । गोन्पामा आयोजना गरिने धार्मिक पूजा वा अन्य सामाजिक कार्यमा गुठीयार सदस्यहरूले तोकिएको सामग्री तथा रकम बुझाउने गर्दछन् । यस परम्परागत सङगठनलाई हालसम्म संरक्षण, सर्म्वद्धन एवम् निरन्तरता दिदै आएको छ । ह्योल्मो समुदायमा गुठीले नै धार्मिक, सामाजिक, आर्थिक, न्यायिक एवम् प्रशासनिक कार्यमा विशेष भूमिका खेलेको हुन्छ (पासाङ तेम्वा लामासँग मिति २०७७ । ३ । ७ मा लिएको अन्तर्वार्तामा आधारित) ।

यस प्रकारको परम्परागत गुठी व्यवस्था हेलम्बु, काठमाडौं, इलाम र रामेछाप क्षेत्रमा विद्यमान छ । तर हेलम्बु, काठमाडौ, इलाम र रामेछापका ह्योल्मो समुदायमा गुठी व्यवस्थाले धार्मिक, सामाजिक कार्यमा विशेष भूमिका खेलेको छ । रामेछाप जिल्लाको लिखुतामाकोशी गाउँपालिका वडा नं १ मा बसोबास गर्ने ह्योल्मो समुदाय भने इसाई धर्ममा लागेको कारणले लामा गुठी प्रणालीमा आबद्ध रहेको देखिंदैन । परम्परादेखि प्रचलित गुठी व्यवस्थाले समुदायले मार्ग निर्देशन गर्ने गरेको भए तापनि वर्तमान कानुनले पारम्पारिक गुठी व्यवस्थाद्धारा सम्पन्न गरिने न्यायिक कार्यलाई कानुनी मान्यता दिएको छैन । आधुनिक न्याय कानुन तथा प्रशासनिक व्यवस्थाले गर्दा उनीहरूको न्यायिक प्रणालीमा परिवर्तन आएको छ, अर्थात् न्याय सम्पादनमा गुठीको भूमिका गौण रहेको छ ।

## (ज) शिक्षा प्रणाली

ह्योल्मो समुदायमा बालक ४/५ वर्ष पुगेपछि शिक्षाका लागि घरको मुलीबाट शुभ आशीर्वाद दिएर गोन्पा वा स्कुलमा पठाउने परम्परा रहेको छ । गोन्पामा पठाएपछि ह्योल्मो समुदायको शिक्षा प्रणालीअनुसार गुरुकुलको परम्पराबमोजिम लामा बौद्ध महायान/वज्रयानबारे शिक्षा दिने गरिन्छ । बालक ११/१२ वर्ष पुगेपछि छ्यागबुम (एक लाख ढोग) शरणागमन अनिवार्य रूपमा गरी पञ्चशील (चोरी, हिंसा, झुटो नबोल्नू यौन-व्यभिचार, मध्यपान नगर्नू) शिक्षा दिने गरिएको पाइन्छ । यस्तो शिक्षा ग्रहण गरेपछि उच्चशिक्षा हासिल गर्नका लागि स्येडा (बौद्ध विश्वविद्यालय) मा पठाउने परम्परा रही आएको छ । उनीहरूको समुदायमा गुरुकुल परम्पराअनुसार गुफा (ध्यान) बस्ने र त्यसपछि कर्मकाण्ड गर्ने विधि रहेको छ (यारु लामासँग मिति २०७७ । १० १ मा लिएको अन्तर्वार्तामा आधारित) ।

वर्तमान आधुनिक शिक्षा प्रणालीको कारणले ह्योल्मो समुदायमा रहेको लामा परम्परागत शिक्षा पद्धतिमा कमी आएको छ । हालको अवस्थामा विशेषगरी बालक ३ वर्ष पुगेपछि सरकारी तथा निजी विद्यालयहरूमा अध्ययनका लागि पठाउने चलन रहेको छ  जसले गर्दा उनीहरूको परम्परागत शिक्षा प्रणालीमा परिवर्तन आएको छ । आधुनिक शिक्षा प्रणालीको प्रभावले गर्दा ह्योल्मो समुदायमा लामा पुरोहित अध्ययन गर्नेको संख्यामा कमी आएको छ । यसले ह्योल्मो समुदायका परम्परागत शिक्षा प्रणालीमा असर परी लामा-पुरोहितहरूको अभाव देखिन थालेको छ (सोनाम ह्योल्मोसँग मिति २०७७ । १० । २६ मा लिएको अन्तर्वार्तामा आधारित) । आधुनिक शिक्षाप्रणालीको प्रभाव हेलम्बु र रामेछापमा बसोबास गर्ने ह्योल्मो समुदायमा प्रभाव कम देखिएको छ, तर सहरीकरण तथा अन्य समुदायसँगको घुलमिलको कारणले गर्दा इलाम र काठमाडौं जिल्लामा वसोवास गर्ने ह्योल्मो समुदायमा यस शिक्षा प्रणालीले बढी परिवर्तन ल्याएको छ ।

## (झ) संगीतका वाद्यवादन सामग्री

ह्योल्मो समुदायको धार्मिक, सामाजिक, सांस्कृतिक चाँडपर्व, विवाह, लोसार र कर्मकाण्ड (घेवा) आदि कार्यहरूमा सम्बन्धित गीत गाउने, संगीत बजाउने र नाच्ने परम्परा प्राचीनकालदेखि निरन्तर रुपमा रहँदै आएको छ । उनीहरूले प्रयोग गर्ने परम्परागत संगीतका वाद्यवादनहरूमा डमञ्येन (टुङ्गना), लिमू (बाँसुरी/मुरली), पिवाङ (सारङ्गी), ङा (ढयाङग्रो), बुप्ज्याल (झ्याम्टा) आदि रहेको पाइन्छ (ठिनले लामासँग मिति २०७७ । ६ । १७ मा लिएको अन्तर्वार्तामा आधारित) । आधुनिक समयमा पश्चिमी संस्कृति तथा संगीतका लागि नयाँ वाद्यवादनका सामग्रीहरूको बढ्दो प्रयोगको कारणले गर्दा ह्योल्मो समुदायका माथि उल्लिखित परम्परागत संगीतका बाद्यवादनका सामग्रीहरू वर्तमान समयमा क्रमशः लोपोन्मुख हुँदै गएको छ । हालः विशेष गरी हेलम्बु र रामेछापको ग्रामीण क्षेत्रहरूमा बसोबास गर्ने ह्योल्मो समुदायले मात्र यस प्रकारका.परम्परागत संगीतका सामग्रीहरूको प्रयोग गर्ने गर्दछन् । यस प्रकारको परम्परागत संगीत सामग्रीहरूको प्रयोग काठमाडौ र इलाममा बसोबास गर्ने ह्योल्मो समुदायले प्रयोग गर्ने गरेको छैन (लर्केल लामासँग मिति २०७७ । १० । २६ मा लिएको अन्तर्वार्तामा आधारित) । बसाई-सराइको कारणहरूले गर्दा ह्योल्मो समुदायमा प्रचलनमा रहेको परम्परागतमौलिक संगीतका सामग्रीहरूमा परिवर्तन आएको हो ।

## (ञ) उपचार विधि

ह्योल्मो समुदायका मानिसहरूले बिरामी हुँदा परम्परागत उपचार विधि प्रयोग गर्ने गर्दछन् । उनीहरू बिरामी पर्दा तिब्बती पात्रो वा धार्मिक ग्रन्थका आधारमा आफ्नो ग्रहदशाका बारेमा जानकारी प्राप्त गर्नका लागि  सर्वप्रथम लामागुरु कहाँ  जाने गर्दछन् । लामागुरुले  धार्मिक ग्रन्थअनुसार उनीहरू जन्मेको वर्षका आधारमा चिना हेराउने प्रचलन रहेको छ । यसरी चिना हेरेपछि लामालाई घरमा बोलाएर लामा विधिबमोजिम धार्मिक ग्रन्थ वाचन गरी ग्रहदशा पन्छाउने गरिन्छ । त्यसरी नै ग्रहदशा फाल्नका लागि लुङदर (ध्वजापताका) प्रयोग गरिन्छ । यस्तो विधिका साथै मानिस बिरामी हुँदा उपचारका लागि

उपलब्ध हुने स्थानीय जडिबुटीहरूको पनि प्रयोग गरिन्छ । यसरी विभिन्न जडिबुटीको प्रयोग गरी गरिने उपचार विधिलाई आम्ची विधि भनिन्छ (दावा ग्याल्बु ह्योल्मोसँग मिति २०७७ । ९ । ४ मा लिइएको अन्तर्वार्तामा आधारित) ।

ह्योल्मो समुदायका मानिसहरूले परम्परागत रुपमा अँगाल्दै आएको यस्तो खालको लामा र आम्ची विधिमा आधुनिकताको प्रभावले गर्दा परम्परागत विधिमा परिवर्तन आएको छ । उनीहरूले आफ्नो उपचार विधिमा परम्परागतभन्दा आधुनिक प्रविधिलाई आत्मसात् गरेका छन् । उपचारको लागि स्वास्थ्य चौकी, अस्पताल आदिमा जाने गरेका छन, तर रामेछाप जिल्लामा रहेका केही ह्योल्मो समुदायले परम्परागत लामा उपचार विधिमा विश्वास गरेको पाइएन । ह्योल्मो समुदायले रोग-व्याधि नलागोस् भन्ने हेतुले धर्म नै परिवर्तन गरी इसाईमा लागि प्रभुको प्रार्थना गर्ने गरेको देखिन्छ (स्थलगत अवलोकन मिति २०७७ । ९ । १०) । यसरी प्रार्थना गरे तापनि यिनीहरू उपचारका लागि स्वास्थ्य चौकी वा अस्पताल जाने गरेका छन् । त्यसरी नै काठमाडौँ र इलाम जिल्लामा बसोबास गर्ने ह्योल्मो समुदायमा अन्य समुदायसँगको घुलमिल तथा सहरीकरणले गर्दा आफ्नो उपचारका लागि आधुनिक सुविधासम्पन्न अस्पतालहरूमा जाने गरेको पाइन्छ ।

### (ट) ज्ञान तथा सीप

ह्योल्मो समुदायले आफ्नो धार्मिक, सांस्कृतिक परम्परालाई संरक्षण, संवर्द्धन एवम् त्यसको निरन्तरताका लागि  विशेष जोड दिएको छ । वस्तुतः आफूले प्राप्त गरेको अनुभव, ज्ञान, कला र दक्षता वा सीपका माध्यमबाट उनीहरूले विभिन्न सामग्रीहरू निर्माण गरी आफ्नो जीवन निर्वाह गरेका छन् । विशेषगरी  पुस्तक लेखन, काठमा अक्षर खोपेर पुस्तक छाप्ने, मूर्ति बनाउने, चित्र कोर्ने, जडीबुटी सङकलन गरी परम्परागत धार्मिक कर्मकाण्ड गर्ने, काठका विभिन्न प्रकारका सामग्रीहरू निर्माण गर्ने, बाँस-निगालोका विभिन्न सामग्रीहरू बुन्ने, लोक्ताबाट नेपाली कागजका उत्पादन गर्ने, अल्लोको बोरा बुन्ने, भेडा तथा च्याँग्राहरूको ऊनबाट गलैंचा, राडीपाखी लगायत अन्य लत्ताकपडाहरू बुन्ने गरिन्छ ( दावा ग्याल्बु ह्योल्मोसँग मिति २०७७ । ९ । ४ मा लिइएको अन्तर्वार्तामा आधारित) । आधुनिकताको प्रभावको कारणले परम्परागत ज्ञान तथा सीपमा परिवर्तन आएको छ ।

यसैले गर्दा पुस्तक लेखनमा प्रेस र कम्प्युटर प्रविधिको उपयोग हुन थालेको छ । मूर्ति तथा चित्र बनाउनका लागि कलाकारको अभावले गर्दा आधुनिक प्रविधिको प्रयोग गरिन्छ । उपचारका लागि आधुनिक औषधिको प्रयोग, नेपाली कागजको स्थानमा आधुनिक प्रविधिबाट तयार भएका कागजको प्रयोग हुन थालेको छ । त्यसरी नै बोरा, ऊनको गलैचा, राडीपाखी लगायत अन्य लत्ताकपडाहरूको उत्पादनमा आधुनिक प्रविधिको प्रयोगले परम्परागत ज्ञान र सीपमा परिवर्तन आएको छ (स्थलगत अवलोकन मिति २०७७ । १० । २६) । ज्ञान र सीपमा परिवर्तन आएको भए तापनि हेलम्बु र रामेछाप जिल्लामा बसोबास गर्ने ह्योल्मो समुदायले अझै पनि आंशिक रुपमा परम्परागत ज्ञान र सीपको प्रयोग गर्ने गरेको छ । तर इलाम र काठमाडौँका ह्योल्मो समुदायमा तुलनात्मक रुपमा आधुनिकताको प्रभाव कारणले गर्दा परम्परागत ज्ञान र सीपको प्रयोग भएको पाइँदैन ।

संस्कृति परिवर्तनशील र गतिशील हुन्छ । वातावरणीय तथा पर्यावरणीय परिवर्तनको कारणले संस्कृतिको स्वरूप र संरचनामा परिवर्तन हुन्छ । यसबाहेक बसाईसराइ, प्राकृतिक विपत्ति, यातायात, उद्योग-कलकारखाना, सूचना तथा सञ्चार प्रविधि, कानुन, द्वन्द्व तथा राजनैतिक परिवर्तन लगायतका आन्तरिक तथा बाह्य कारणले कुनै पनि समाजको सामाजिक तथा सांस्कृतिक संरचनामा परिवर्तन आउँदछ । वस्तुतः मूर्त सम्पदामा परिवर्तनको दर कम भए तापनि माथि उल्लिखित आधारहरूले अमूर्त संस्कृतिको परिवर्तनमा विशेष भूमिका निर्वाह गरेको पाइएको छ ।

ह्योल्मो समुदायका मूर्त तथा अमूर्त दुवै सम्पदा र संस्कृतिमा व्यापक परिवर्तन आएको छ । ह्योल्मो समुदायको मूलक्षेत्र हेलम्बु तथा रामेछाप गोकुलगंगा गाउँपालिका वडा नं ५ नोप्रामा बसोबास गर्ने ह्योल्मो समुदायमा कमै मात्रामा सांस्कृतिक परिवर्तन आएको छ । तर विभिन्न कारणले बसाई सरेर विभिन्न क्षेत्रमा गएका ह्योल्मो समुदायमा बढी मात्रामा सांस्कृतिक परिवर्तन भएको नै देखिन्छ । विशेषगरी हेलम्बु क्षेत्र बाहेकका अन्य क्षेत्रहरूमा भाषा, लिपि तथा संस्कृति, धार्मिक संस्कार एवम् अनुष्ठानका विधि र पद्धतिमा बढी मात्रामा परिवर्तन आएको छ । विशेषतः आधुनिक शिक्षा प्रणाली, यातायात, वैदेशिक रोजगार, बाह्य संस्कृतिको प्रभाव, धर्मपरिवर्तन, द्वन्द्व, राजनैतिक परिवर्तन, राज्यको नीति तथा कानुन, सूचना-सञ्चार तथा विज्ञान प्रविधि, बसाई-सराइ पर्यटन लगायतका आन्तरिक तथा बाह्य कारणहरूले ह्योल्मो समुदायको परम्परागत मूर्त तथा अमूर्त संस्कृति-सम्पदामा क्रमिक रुपले परिवर्तन आएको छ । विशेष गरी काठमाडौँ, इलाम र रामेछाप जिल्लाको लिखुतामकोशी गाउँपालिका वडा नं १ बसोबास गर्ने ह्योल्मो समुदायमा सांस्कृतिक व्यापक परिवर्तनको बढी प्रभाव देखिन्छ । मूलतः सहरी क्षेत्र काठमाडौं र इलाम जिल्लामा बसोबास गर्ने ह्योल्मो समुदायले आफ्नो मातृभाषा बोल्नै छोडेका छन् ।

# अध्याय : सात

# सारांश र निष्कर्ष

## ७.१ पृष्ठभूमि

बौद्ध धर्मावलम्बी ह्योल्मो समुदाय मूलतः आदिवासी जनजाति हुन् । हिमाली क्षेत्रमा बसोबास गर्ने यिनीहरूको आफ्नै प्रकृतिको जीवन र जगत्लाई हेर्ने विश्व-दृष्टिकोण रहेको देखिन्छ । मूलः यिनीहरूको जीवन र जगत्लाई हेर्ने धार्मिक एवम् सांस्कृतिक आधार लामाबौद्ध धर्म हो । ह्योल्मो समुदायको अहिंसावादी सामाजिक चिन्तनमा लामाबौद्ध दर्शनले विशेष भूमिका खेलेको छ । बौद्धदर्शनमा आधारित रहेर नै ह्योल्मो समुदायले विशेष गरी जन्म-मृत्यु, सत्य-असत्य र पाप-पुण्यको परिकल्पना गरेका हुन्छन् । ह्योल्मो समुदायको धार्मिक, सामाजिक र सांस्कृतिक संरचनामा लामाबौद्धधर्मले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । वस्तुतः जन्मदेखि मृत्युसम्मका विभिन्न संस्कारहरूमा लामाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । मूलतः जीववाद, धामी झाँक्रीवाद, बोनधर्म, लामाबुद्धधर्मको पृष्ठभूमिमा ह्योल्मो समुदायको उपचार पद्धति विकसित भएको हो ।

सिन्धुपाल्चोक जिल्लाको हेलम्बु गाउँपालिका स्थित "हेलम्बु क्षेत्र" ह्योल्मो समुदायको आदिम भूमिको रूपमा रहेको तथ्यलाई ऐतिहासिक, पुरातात्त्विक र स्थानीय जनविश्वासहरूले प्रमाणित गरेका छन् । यस जिल्लाको नाम सिन्धुपाल्चोक रहनुमा ऐतिहासिक आधारहरू छन् । विशेषतः यस क्षेत्रका प्रसिद्ध दुईवटा थुमहरू "सिन्धुकोट" र "पाल्चोक" मिलेर सिन्धुपाल्चोक नाम रहन गएको विभिन्न तर्कहरू छन् । "सिन्धुकोट" कान्तिपुर राज्यको पृथक प्रशासनिक केन्द्रको रुपमा रहेको इतिहासिक आधारहरू छन् । वर्तमान नेपालको प्रशासनिक विभाजनमा सिन्धुपाल्चोक जिल्ला वाग्मती प्रदेश अन्तर्गत पर्दछ । प्रशासनिक विभाजनका आधारमा यस जिल्लामा दुईवटा संघीय निर्वाचन क्षेत्र, ४ वटा प्रदेशसभा र १२ वटा स्थानीय निकायहरू (तीन वटा नगरपालिका र ९ वटा गाउँपालिका) रहेका छन् ।

## ७.२ अध्यायगत सारांश

"ह्योल्मो समुदायको संस्कृति र परिवर्तित आयाम" शीर्षकको यस शोध प्रबन्धको अध्याय : एकमा परिचय अन्तर्गत सैद्धान्तिक साहित्य, प्रयोगात्मक साहित्य र प्रस्तुत शोधकार्यको समस्यासँग सम्बन्धित साहित्यको पर्यावलोकनबाट प्राप्त अनुसन्धान अन्तराललाई सम्बोधन गर्दै तिन शोध-प्रश्नहरूका सम्बन्धमा समस्याको कथन दिइएको छ । यी तिन शोधप्रश्नहरू क्रमशः "मूर्त संस्कृति सम्पदा," "अमूर्त संस्कृति सम्पदा" तथा "परिवर्तित आयामसँग" सम्बन्धित छन् । यी प्रश्नहरूसँग सङ्गति मिल्ने गरी तिन उद्देश्यहरू निर्धारण गरिएका छन् । यस सन्दर्भमा ती उद्देश्यहरू अनुसारका लक्ष्यहरू प्राप्त गर्न क्रमशः सामग्री सङ्कलन विधि र सङ्कलित सामग्रीहरूको विश्लेषणका लागि आवश्यक पर्ने सैद्धान्तिक ढाँचा प्रस्तुत गरिएको छ । यस क्रममा उद्देश्यमूलक नमुना छनौट विधिको प्रयोग गरिएको र स्थलगत कार्यअन्तर्गत सम्बन्धित स्रोत व्यक्तिहरूसँग अन्तर्वार्ता लिइएको, छविचित्र (फोटोग्राफ) लिइएको,

अभिलेखहरू सङ्कलन गरिएको, प्रश्नावली बाँडिएको र समूहगत छलफल गरी प्राथमिक स्रोतका सामग्रीहरू सङ्कलन गरिएको कुरा उल्लेख गरिएको छ । द्वितीयक सामग्रीहरूको स्रोतका बारेमा पनि चर्चा गर्दै ज्ञान मीमांसा (Epistomology) का रुपमा प्रकार्यत्मक संरचनावादलाई आधार बनाइएको कुरो पनि उल्लेख गरिएको छ । यसै सन्दर्भमा प्रतीकात्मक-पर्यावरण र सांस्कृतिक परिवर्तनमा विभिन्न सिद्धान्तहरूलाई पनि अँगालिएको प्रसङ्ग दिइएको छ । यस अध्यायमा अध्ययन क्षेत्र हेलम्बु गा.वि. का वडा नं. १ र २ लाई बनाइएकोमा औचित्य दर्साइएको छ । अन्तमा यस शोध-प्रबन्धको रूपरेखा प्रस्तुत गरिएको छ ।

अध्याय दुई : "पूर्वकार्यको पर्यावलोकन" अन्तर्गत प्राप्त सामग्रीहरूलाई माथि उल्लेख गरे बमोजिम तिन भागमा बर्गीकरण गरेर विस्तृत र सूक्ष्म अध्ययन-विश्लेषण गरेर शोध-अन्तराल पत्ता लगाउने काम भएको छ । देखिएको अन्तराललाई शोध-प्रश्नहरूसँग अन्तरसम्बद्ध तुल्याइएको छ । निश्चय पनि यी प्रश्नहरूले अन्तराललाई सम्बोधन गर्दछन् ।

अध्याय : तिनमा "ह्योल्मो समुदायको इतिहास एवम् सिन्धुपाल्चोक जिल्लाको परिचय" शीर्षक अन्तर्गत आजसम्म प्रस्तुत गरिएका तथ्यहरूको प्रमाणिकताको परीक्षण गरी नायँ तथ्य प्रकाशमा ल्याइएको छ । ह्योल्मो समुदायको नाम ह्योल्मो रहनुको कारणका बारेमा विभिन्न धारणाहरू व्यक्त गरिएका छन् । यसैगरी हेलम्बुको नामकरणको बारेमा भाषाशास्त्री ग्रामले दुई प्रकारको खाद्य वस्तुको नामको संयोजनबाट रहन गएको उल्लेख गरेका छन् । उनका अनुसार तिब्बती भाषामा "हे" भनेको आलु र "लाभु" भनेको मुला हो । त्यहाँ प्रशस्त मुला र आलु बढी उत्पादन हुने भएकोले यस ठाउँको नाम "हेलभु" रहन गयो । "हेलभु" क्रमशः अपभ्रंश हुँदै गएर पछि हेलम्बु भयो भन्ने उनको तर्क गरे तापनि आजसम्म प्राप्त तिब्बती स्रोतहरूमा यस ठाउँलाई हेलम्बु नभनेर योल्मो भनेको छ । यसरी नै ह्योल्मो नामाकरणको विभिन्न आधारहरू रहेको छ । हेलम्बु क्षेत्रमा अत्यधिक समय हिउँले ढाकिने भएकोले यसलाई तिब्बती भाषामा योल्मो गंगरा अर्थात् हिउँ रूपी पर्दाले ढाकिएको ठाउँ भनि बुझ्ने गरिएको छ यस कारण क्षेत्रलाई "योल्मो गंगरा" भन्ने गरेका छन् । यस क्षेत्रमा त्रिङमा ८ औं शताब्दीमा गुरु पद्मसम्भव आइसकेपछि आफ्नो जीवन निर्वाहका लागि स्थानीयहरूसँग भिक्षाटन गरेको जनविश्वास रहेको छ । भिक्षाटनको क्रममा गाउँतिर जाँदा सरल स्वभाव एवम् धर्मचित्त भएका महिलाहरूले गुरु पद्मसम्भवलाई भिक्षादान गरेको पाइन्छ । यसरी महिलाहरूले भिक्षादान गर्दा अञ्जुलीसँग सम्बद्ध देखाएर "ह्योल्मो" नाम राखी त्यहाँ बसोबास गर्ने मानिसहरूलाई "ह्योल्मोवा" को जात भनी चिनाएको छ । "ह्योल" भनेको अञ्जुली र "म" भनेको महिला अर्थात् अञ्जुली भरिको दान भन्ने भावार्थमा यस स्थानमा बसोबास गर्ने मानिसहरूलाई "योल्मोवा" भनिएको छ । यसैगरी शाक्यमुनि बुद्ध स्वंयमले पनि ह्योल्मो क्षेत्रको विषयमा "अवतंशक सूत्र" मा उल्लेख गरेका छन् । उनले आफ्नो "धो-फाल-पो-छ" ग्रन्थमा गरेको भविष्यवाणीमा ८ औं शताब्दीमा गुरु पद्मसम्भव ह्योल्मो क्षेत्रमा आइ "याङदग छयेकी डफुग" (गुफा) मा तप गर्ने उल्लेख गरेका छन् । उनले गुरु पद्मसम्भवले पनि यस क्षेत्रलाई तपोभूमि र धार्मिक पुण्य र पवित्र बनाई आशिष दिने कुरा भविष्यवाणी गरेका थिए । यसैगरी ११ औं शताब्दीमा गुरु

मिलारेपा हेलम्बु आई ३ वार्ष साधना गरी ५ जना ह्योल्मो समुदायका मानिसलाई शिष्य बनाई दिक्षा दिएको पाइन्छ । यसरी हेर्दा ह्योल्मो समुदायको इतिहासलाई गुरु पद्मसम्भव र मिलारेपासँग जोडेर अध्ययन अनुसन्धान गर्नुपर्ने आवश्यकता रहेको छ । यस क्षेत्रमा ८ औं शताब्दी देखि नै मानिसहरूको बसोबास रहेको विभिन्न प्रमाणहरूले देखाए तापनि ह्योल्मो समुदायको बारेमा वि.सं. २०४६ साल अगाडि विदेशी तथा स्वदेशी मानवशास्त्रीहरूले विस्तृत अध्ययन अनुसन्धान नगरीकनै उनीहरूलाई शेर्पा भनी परिभाषित गरिएको पाइन्छ । उनीहरूलाई शेर्पा, कागते, स्युवा, शेर्पा र तामाङ आदिले पनि सम्वोधन गर्ने गरेको पाइन्छ । नेपाली कागज उत्पादन गर्ने भएकोले पेसाको आधारमा उनीहरूलाई कागते भनी सम्बोधन गरिएको देखिन्छ । त्यसैगरी उनीहरूको मातृभाषामा कागजलाई स्युवा भनिन्छ । ह्योल्मो समुदायलाई विभिन्न नामबाट सम्वोधन गरे तापनि उनीहरूको बिचमा इतिहास, भाषा, थर तथा रहनसहनमा विविधता रहेको देखिन्छ । नेपालमा रहेका विभिन्न आदिवासी तथा जनजातिहरूले आफ्नो पहिचान खुलाउन कानूनी अड्चन रहेतापनि वि.सं. २०४७ सालको प्रजातान्त्रिक संविधानले व्यवस्था गरे अनुसार आदिवासी तथा जनजातिहरूले आफ्नो पहिचान खोज्ने क्रममा ह्योल्मो समुदायले पनि आफ्नो पहिचान खोलेर आफ्नो जातीय थर स्पष्ट रूपमा लेख्न थालेको देखिन्छ ।

नेपालको अन्य हिमाली र पहाडी जिल्लाहरू जस्तै सिन्धुपाल्चोक जिल्ला प्राकृतिक, धार्मिक तथा सांस्कृतिक सम्पदाका दृष्टिकोणले महत्त्वपूर्ण रहेको देखिन्छ । यस जिल्लामा हिमाली काखबाट उत्पत्ति भएका विभिन्न हिमनदी तथा अन्य स-साना नदीहरू रहेका छन् । विशेषतः भोटेकोशी, सुनकोशी, इन्द्रावती, ब्रह्मायणी र मेलम्ची यस जिल्लाका प्रमुख हिमनदीहरू हुन् ।

त्यसैगरी धार्मिक रुपमा हेर्दा यहाँ बौद्धधर्मालम्वी, हिन्दूधर्मावलम्बो, इसाई, मुश्लिम लगायतका धर्मावलम्वीहरूको बसोबास रहेको देखिन्छ । सिन्धुपाल्चोक जिल्लामा रहेका प्रसिद्ध हिन्दु धार्मिक तीर्थस्थलहरूमा लिस्तीकोट उग्रचण्डी, त्रिपुरासुरन्दरी, पाल्चोक भगवती, गौरती, भीमेश्वर मन्दिरहरू प्रमुख रहेका छन् । त्यस्तै गरी बौद्धधर्मालम्वीहरूको तीर्थस्थलहरूमा मेलम्चीघ्याङ, चिरी गोन्पा, तार्केघ्याङ गुम्वा, पौवा गुम्वा, सेरमाथाङ गुरु पद्मसम्भवको छोर्येतेन, पद्मसम्भवको साधना गुफा, डाकिनी गुफा, मिलारेपाको साधना गुफा र छयोर्तेन, मानेलहरहरू लगायत महत्त्वपूर्ण धार्मिक तीर्थस्थलहरू रहेका पाइन्छ । सिन्धुपाल्चोक सामाजिक, सांस्कृतिक, भाषिक एवम् जातीय विविधतायुक्त जिल्ला हो । यहाँ तामाङ, नेवार, गुरुङ, क्षेत्री, वाहुन, ह्योल्मो, शेर्पा, मगर, दनुवार, माझी, दलित समुदायको बसोबास रहेको पाइन्छ । यस जिल्लामा ५२ वटा जातजातिका मानिसहरू बसोबास रहेको छ । यसरी नै यस जिल्लामा १० वटा धार्मिक सम्प्रदायको बाहुल्यता रहेको देखिन्छ । भाषागत संरचनाका आधारमा मातृभाषा बोल्नेहरूमा ३० वटा जातजाति रहेको देखिन्छ ।

अध्याय : चारमा "ह्योल्मो समुदायको मूर्त सांस्कृतिक परम्परा" शीर्षक अन्तर्गत विभिन्न वस्तुहरूको प्रयोगका कारण र प्रयोजनका बारेमा विस्तृत चर्चा गरिएको छ ।

ह्योल्मो समुदायको मूर्त सांस्कृतिक सम्पदा अन्तर्गत विभिन्न वस्तुहरूबाट बनेका परम्परागत उपकरणहरूमा चाँदीको चिया पिउँने कप, जग, खुर्कुडो, पानी खर्कडौ, डब्बा, बडुका, गाग्री, करूवा, अम्खोरा, रक्सी हाल्ने भाँडो, तुलो, फोसी, बाटा, चिया तिब्री, चाम्चा, डाडु आदि रहेका छन् । माटोबाट निर्मित भाँडाकुडाहरूमा घ्याम्पो, सानो घ्याम्पो, गुलु, फोसी, डुब्ली, चिया तिब्री, हाँडी, धुपौरो, रक्सी हाल्ने भाँडो आदि रहेका छन् । ह्योल्मो समुदायले दैनिक रुपमा प्रयोग गरिने फलामबाट निर्मित उपकरणहरूमा कोदाली, हँसिया, खुकुरी, खुँडा, तरबार, चक्कु, ओदान, र बन्चरोहरू आदि रहेको पाइन्छ । यसैगरी काठबाट निर्मित वस्तुहरूमा दराज, सन्दुक, मन्दनी, तिनमुखे दराज, पूजा दराज, ठेकी, मही पार्ने भाँडो, दुध दुहुने ढुंग्रो, चिया पिउने कप, दाबिलो, डाडु, ढिकी, तिनमुखे झ्याल, टेबुल, रक्सी हाल्ने भाँडो, हलो, जुवा, काठको खाल, घ्यू हाल्ने भाँडो आदि सामग्रीहरूको प्रयोग गर्ने गरिएको छ । त्यस्तैगरी ढुंगाबाट निर्मित उपकरणहरूमा चुलो, लोरे, सिलौट, हतियार उद्याउने ढुंगा, जाँतो, ओखल र पानीघट्ट आदि रहेका छन् । ह्योल्मो समुदायले घरेलु कार्यका लागि दैनिक रूपमा प्रयोग गरिने बाँस तथा निगाँलोबाट बनेका सामग्रीहरूमा डोको, थुन्चे, डालो, अन्न हाल्ने भाँडो, भकारी, नाङलो, मान्द्रो, चित्तर, सोली, कोक्रो, घुम आदि प्रयोग गरेका छन् ।

ह्योल्मो समुदायले दैनिक रुपमा प्रयोग गरिने हातहतियारहरूमा धनु-वाण, माला, खुँडा, तरवार, खुकुरी बन्दुक, घुँयत्रो आदि रहेका छन् । कृषि पेशाका परम्परागत सामग्रीहरूमा नाम्लो, नाम्लोको डोरी, डोको झोला आदि रहेका छन् । उनीहरूले उत्पादन गर्ने खाद्यान्नहरूमा कारू, गुहुँ फापर, जौ, तोरी, आलु, मूला, स्याउ, कमै, कोदो, धान, पिंडालु आदि रहेका छन् । त्यसैगरी पशुपालनमा याक, चौरी, गाई, गोरु, भैंसी, भेडा, बाखा, बोका, कुकुर, बिरालो र कुखुरा पाल्ने गरेको छ । ह्योल्मो समुदायको परम्परागत खानपान सातु, सातुबाट तयार गरिने खानेकुरा, चामलको रोटी, बाबर, खोले थेन्थुक, खिचडी, तरकारी, ढिडो, अचार, सितन, सिस्नुको तरकारी, आलुबाट बनाइने परिकार, गुन्द्रक, भात, आलु र मूलाको तरकारी, मःम, पुलाउ, दूध, विघती, दही, घिउ, मही, पनिर, दुर्खा (छुर्पी), चीज, तर, छ्याङ, रक्सी, हुरे, निगार, तोङ्बा आदि रहेका छन् ।

अध्याय : पाँचमा “ह्योल्मो समुदायको अमूर्त सांस्कृतिक सम्पदा” शीर्षक अन्तर्गत पनि विभिन्न सन्दर्भहरू दिएर तिनको प्रयोजन र महत्त्वबारे चर्चा गरिएको छ । ह्योल्मो समुदायमा रहेका अमूर्त सांस्कृतिक सम्पदाहरूमा जन्म संस्कार, न्वारन, विवाह संस्कार आदि रहेका छन् । विशेषतः मागी विवाहमा, केटी माग्ने विधि, साइत जुराउने कार्य, जन्ती जाने कार्य, जन्तीलाई स्वागत, लगन, दुलही घर प्रवेश आदि कार्यहरूमा अमूर्तता झल्किन्छ । त्यसै गरी दोस्रो दिनमा गरिने विवाह संस्कार, दुलही माइत फर्काउने विधि, विवाहमा रीत बुझाउने विधि आदि महत्त्वपूर्ण संस्कारहरू रहेका छन् । उनीहरूको परम्परागत विवाहअन्तर्गत चोरी विवाह, मागी विवाह, मामा-चेली फुपू-चेला बिचको हक लाग्ने विवाह लगायत सम्बन्ध विच्छेद विधि गर्ने रहेको छ । ह्योल्मो समुदायको मृत्यु संस्कारमा विरामी हुँदा अन्तिम अवस्थामा गरिने विधि, शवयात्राको तयारी, शव यात्राको साइत जुराउने, घरबाट शवयात्रा गर्ने विधि, शवलाई गाड्ने वा जलाउने विधि, नेपार पूजा, सात हप्ते पूजा, अनुष्ठान र बार्षिक पूजा आदि संस्कार

रहेको देखिन्छ । ह्योल्मो समुदायमा धार्मिक रूपमा ञिङमापा सम्प्रदायसँग सम्बन्धित छ । उनीहरूले विभिन्न धार्मिका पर्वहरूमा न्हरा पर्व, मणिबुम पूजा, ञ्युङने पूजा, छेच्यु पूजा, साङ पूजा, थातथलो वा भूमिपूजा, नागपूजा, धार्मिकग्रन्थ पूजा, कूलपूजा, कुरिम पूजा, बुद्ध जयन्ती पूजा, लोसार पर्व आदि मनाउने गरेका छन् । यस समुदायका मानिसहरूले लोसारलाई आफ्नो नयाँ वर्षको रूपमा स्वागत गर्ने गरेको पाइन्छ । ह्योल्मो समुदायले लोसारको समयमा आफ्नो मान्यजन कहाँ गएर आर्शिवाद लिने चलन रहेको छ । ह्योल्मो समुदायले विभिन्न १२ जीव जन्तुहरूलाई आधार मानेर वर्ष गणना गर्ने परम्परा रहेको छ ।

ह्योल्मो समुदायको परम्परागत अमूर्त संस्कृति सम्पदामा सगुनको विशेष महत्त्व रहेको पाइन्छ । उनीहरूले समाजलाई व्यवस्थित ढंगबाट संचालन गर्न गुठी व्यवस्थाको महत्त्वपूर्ण स्थान रहेको छ । गुठी व्यवस्थामा प्रमुख लामाको महत्त्वपूर्ण भूमिका हुन्छ । गुठी सञ्चालन गर्नका लागि प्रमुख अध्यक्ष, प्रशासन विभाग संयोजक सदस्य, अर्थ विभाग सयोजक सदस्य, संस्कृति विभाग संयोजक सदस्य र व्यवस्था विभाग संयोजक सदस्य गरी पाँचजना गुठी सञ्चालन समिति बनाएको हुन्छ । यस्तो समितिले गुठीको सम्पूर्ण कार्य सञ्चालन गरेको हुन्छ । उनीहरूको समुदायमा गोन्पामा लामाको पनि मर्यादाअनुसार कार्य विभाजन गरेको देखिन्छ । लामाले आफ्नो मर्यादाअनुसार आ-आफ्नो भूमिका पालन गर्नु पर्दछ । गोन्पामा रहने पदाधिकारीहरूमा प्रमुख लामा, उपाध्याय, बज्राचार्य, आचार्य, अगुवाई, मुखिया, धर्म निरीक्षक, प्रमुख लामाका निजी सहायक, भण्डारे, पूजारी, प्रमुख लामाको सह-निजी सहायक आदि रहेका छन् ।

ह्योल्मो समुदायको अमूर्त संस्कृति अन्तर्गत अतिथि सत्कारलाई महत्त्वपूर्ण रुपमा लिइएको पाइन्छ । उनीहरूको अतिथि सत्कारमा परम्परागत शैली रही आएको छ जसमा अतिथि पुग्नासाथ चिया, रक्सी वा जाँडले स्वागत गर्ने चलन रहेको छ । अतिथिलाई खाजाको रुपमा सातु (पीठो) दिने गरिन्छ । त्यसपछि अथितिलाई खानाको रुपमा भने आफ्नो घरमा जे छ सोही व्यवस्था गरिन्छ । ह्योल्मो समुदायको सामाजिक संरचना, परिवार संरचना, महिलाको स्थिति, नातेदार प्रथाहरू रक्त सम्बन्ध, विवाह सम्बन्ध, मितेरी साइनोको सम्बन्ध नातेदार प्रथा आदि सामाजिक संरचनाका रूपमा रहेका छन् । उनीहरूले आफ्नो थरलाई पनि परम्परागत रुपमा ६ थरी र १३ थरी गरी विभाजन गरिएको छ ।

ह्योल्मो समुदायको अमूर्त संस्कृतिअन्तर्गत ज्ञान तथा सीपहरू पनि आफ्नै किसिमको परम्परामा आधारित रहेको पाइन्छ । लामाहरूले प्रयोग गर्ने परम्परागत बाद्यवादनहरूमा बज्र, घण्टा, डमरू, कलश, रत्नमण्डल आदि रहेका छन् । त्यस्तै गरी अन्य वाद्यवादनमा मानिसको नली खुट्टाको हड्डीबाट निर्मित मुखले बजाउने बाजा, शंख, भगवान्‌लाई पानी चढाउने भाँडा, दियो, अमृत चढाउने भाँडा, र किला आदि रहेका छन् । त्यस्तैगरी उनीहरूले आफ्नो सामाजिक कार्यका लागि प्रयोग गर्ने सांगीतिक सामग्रीहरूमा टुङना, बाँसुरी, सारङ्गी, ढ्याङग्रो, झ्याम्टा, आदि रहेका छन् । ह्योल्मो समुदायमा रहेका विभिन्न धार्मिक नाँचहरूमा भन्छयाम, च्ये-छ्याम, मणि छ्याम, ज्युङबु छ्याम, सिलो छ्याम रहेको हुन्छ । ह्योल्मो

समुदायमा परम्परागत उपचार विधिहरू आफ्नै किसिमका रहेका छन् । त्यस्ता विधिहरूमा लामा विधि, जडिबुटी आदिद्वारा गरिने उपचार विधि अझै कायम रहेको छ ।

अध्याय : छ मा "ह्योल्मो समुदायको संस्कृतिको परिवर्तित आयाम" शीर्षकमा परिवर्तनका कारक तत्त्वबारे चर्चा गरिएको छ ।

उनीहरूको सांस्कृतिक सम्पदाहरूमा परिवर्तन आउनुको कारणहरूमा सांस्कृतिक अतिक्रमण, असन्तुलित विकास, राजनैतिक परिवर्तन, हेलम्बुबाट अन्यत्र बसाई-सराइ, सहरीकरण, अन्य संस्कृतिको प्रभाव आदिको गहिरो प्रभावका कारणले गर्दा मूर्त तथा अमूर्त संस्कृतिमा अन्य कारणहरूमा युवा पुस्तामा लामा अध्ययन नगर्ने प्रवृति, आधुनिक शिक्षा प्रणाली र परम्परागत लामा पद्धतिले पनि भूमिका खेलेको छ । यी कारणहरूले गर्दा ह्योल्मो समुदायको परम्परागत संस्कृतिमा क्रमशः ह्रास हुदै गएको छ । ह्योल्मो समुदायको पैतृक थातथलो हेलम्बु हिमाली क्षेत्र भएको हुनाले उत्पादन कम हुने र बढी चिसो हुनाको कारणले गर्दा अवसरको खोजीमा स्वदेश तथा विदेशमा विभिन्न अवसरहरूको खोजीमा गएको कारणले गर्दा पनि उनीहरूले अपनाउदै आएको परम्परागत संस्कृतिमा परिवर्तन आएका छन् । ह्योल्मो समुदाय विशेष गरी अवसरको खोजीमा स्वदेशका विभिन्न जिल्लाहरू काठमाडौँ, रामेछाप, पूर्वमा इलाम लगायत २२ जिल्लामा बसाई-सराइ गरेको पाइन्छ । यस बाहेक ह्योल्मो समुदाय छिमेकी मुलुक भारत लगायत युरोपका विभिन्न देशहरूमा समेत बसोबास गरेको देखिन्छ । यस्ता कारणहरूले परसंस्कृतिलाई ग्रहण र आधुनिक जीवनशैलीका प्रभावले पनि संस्कृतिमा व्यापक परिवर्तन आएको छ । संयुक्त परिवारमा बसोबास गर्ने ह्योल्मो समुदायलाई आधुनिकताको प्रभावले गर्दा एकल परिवारमा बसोबास गर्ने गरेका छन् । आधुनिक प्रभावका कारण नै ह्योल्मो समुदायको परम्परागत विवाह संस्कारमा मामाको छोरोको फुपूकी छोरीमाथि हक लाग्ने प्रचलनमा क्रमशः परिवर्तन भएको छ । त्यस्तैगरी दाजुको मृत्युपछि भाउजू विवाह गर्ने परम्परा र चोरी विवाह लगायतमा पनि परिवर्तन आएको छ ।

हाल ह्योल्मो समुदायमा परम्परागत विवाह भन्दा मागी विवाह र प्रेम विवाहलाई प्राथमिकता दिएको छ । ह्योल्मो समुदायको परम्परागत खानपानमा समेत प्रभाव परिवर्तन आएको पाइन्छ । यस्ता परम्परागत खानपान तथा पेय पदार्थका स्थानमा आधुनिक बजारमा उत्पादन भएका खानपान तथा पेय पर्दाथले प्राथमिकता पाएको छ । ह्योल्मो समुदायले आफ्नो परम्परागत भाडावर्तनहरूलाई क्रमशः त्यागदै आधुनिक प्रविधिबाट उत्पादित भाडावर्तनहरूको प्रयोग गर्न थालेका छन् । यसै गरी ह्योल्मो समुदायले प्रयोग गर्ने परम्परागत भेषभूषा तथा गरगहनाहरूमा आमूल परिवर्तन आएको छ । यसले गर्दा ह्योल्मो समुदायले आफ्नो परम्परागत जातीय भेषभूषा तथा गर-गहनाहरूको प्रयोग क्रमशः घट्दै गएको छ ।

हेलम्बुबाट बसाई-सराइ गरी काठमाडौ महानगरपीलिका वडा नं ६ र गोकर्णेश्वर वडा नं २, ५, ६ र ८ मा बसोबास गर्ने ह्योल्मो समुदायको युवपुस्ताहरूले आफ्नो मातृभाषा नबोलि अंग्रेजी र नेपाली भाषा प्रयोग गरेको छ । रामेछाप जिल्लाको लिखुतामाकोशी गाउँपालिका वडा नं १ मा बसोवास गर्ने ह्योल्मो समुदायले धर्म परिवर्तन गरि इसाई धर्ममा समावेश भएको देखिन्छ । जसले गर्दा ह्योल्मो

समुदायको आफनो परम्परागत मौलिक संस्कृतिमा व्यापक परिवर्तन आएको छ, तर गोकुलगङ्गा गाउँपालिका वडा नं. ५ मा बसोवास गर्ने ह्योल्मो समुदायमा अझै परम्परागत संस्कृतिलाई अपनाउदै आएको देखिन्छ । इलाम जिल्लाको फिक्कल वडा नं ९ पशुपति नगर र वडा नं ३ मा बसोवास गर्ने ह्योल्मो समुदायमा मातृभाषाको लोप भएको छ । ह्योल्मो समुदायले नेपाली भाषाको प्रयोग गर्ने गरेका छन् । त्यहाँका ह्योल्मो समुदायले वि.स. २०४७ अगाडि हिन्दूसंस्कारलाई आत्मासाथ गरेका छन् । वि.स. २०४७ पछि आफनो परम्परालाई आत्मासाथ गर्नका लागि गोन्पा निर्माण गरि बौद्धलामा परम्परा अनुसार संस्कारहरू अपनाएको पाइन्छ । इलाम जिल्लामा वसोवास गर्ने ह्योल्मो समुदायमा बढी मात्रामा अर्न्तजतिय विवाह गर्ने गरेको छ । उनीहरूले परम्परागत बौद्धलामा धर्मलाई आत्मासाथ गरेतापनि अझै पनि अन्य समुदायको चाडपर्वहरूलाई शुभकामना आदान-प्रदानको रुपमा अंगीकार गरेको छ ।

अल्पसंख्यक रूपमा रहेका ह्योल्मो समुदायले बसाई-सराइ र स्थानीय जातजाति तथा सहरीकरण (आधुनिकता) को प्रभावले गर्दा आफ्नो परम्परागत संस्कारलाई जोगाउन गाह्रो भएको छ । ह्योल्मो समुदायको आफ्नै लिपि, धर्म, भाषा, संस्कृति, मूल्य र मान्यता हुँदाहुँदै पनि अन्य जातिको प्रभाव र आधुनिक शिक्षाको प्रभावका कारणले यसलाई बिर्सेर अरूको मूल्य मान्यता र संस्कृतिलाई ग्रहण गर्नुपर्ने बाध्यता ह्योल्मो समुदायका लागि चुनौतीको रूपमा रहेको छ । आजभोलि केही सचेत युवाहरूले भाषा, संस्कृति भनेको जातीय पहिचानको प्रमुख कडी अर्थात् जातीय पहिचान गराउनमा महत्त्वपूर्ण भूमिका खेल्छ भन्ने बुझेर "नेपाल ह्योल्मो समाज संघ" केन्द्रीय समिति तथा "इलाम जिल्ला कार्य समितिले" समय-समयमा भाषा, लिपि संरक्षण लागि जनचेतनामूलक कार्यक्रम, विभिन्न किसिमका गोष्ठी आदि गर्दै आएका छन् ।

## ७.३ निष्कर्ष

संस्कृति राष्ट्रको महत्त्वपूर्ण आधार हो । देशभित्र रहेका बिभिन्न जाती-जनजाति, आदिवासीको संस्कृति राष्ट्रिय संस्कृतिको रुपमा रहेको छ । लामो सांस्कृतिक इतिहास बोकेको राष्ट्रिय संस्कृतिले सभ्यताको इतिहासलाई वहन गरेको हुन्छ । कुनै पनि देश कति सम्पन्न छ भन्ने प्रश्नको मापन गर्ने आधार नै संस्कृति हो । अल्पसंख्यक समुदायका रुपमा रहेका ह्योल्मो समुदायको संस्कृतिले राष्ट्रिय संस्कृतिको निर्माणमा महत्त्वपूर्ण भूमिका खेलेको छ । ह्योल्मो समुदायको संस्कृतिसँग सम्बन्धित रहेका भाषा, धर्म, संस्कृति र सभ्यताले उनीहरूको पहिचानलाई मजबुत बनाएको छ । लामो इतिहास भएको हेलम्बु सभ्यताले एकातिर लामा-बौद्धधर्म र संस्कृतिको संरक्षणमा महत्त्वपूर्ण भूमिका खेलेको छ भने अर्कोतिर नेपाल-भोट सम्बन्धलाई जोड्न ऐतिहासिक भूमिका निर्वाह गरेको छ । लिखित, मौखिक र पुरातात्त्विक आधारहरूले ह्योल्मो समुदायको इतिहास र संस्कृतिलाई प्रमाणित गरेको देखिन्छ । त्यस्तै गरी मल्लकालमा हेलम्बुको ह्योल्मो समुदाय र कान्तिपुरका राजा प्रताप मल्ल र जगज्जय मल्लसँग धार्मिक सम्बन्ध रहेको छ । यसरी नै शाहकालमा समेत राजा रणबहादुर शाहले महारानी राजराजेश्वरीलाई निर्वासनको लागि हेलम्बु पठाएको देखिन्छ ।

लोकसंगीत, लोकनाटक, मिथक साहित्य र अभिनय प्रस्तुतिले ह्योल्मो समुदायको पहिचानलाई प्रमाणित गरेको छ । लामाबौद्धधर्मसँग सम्बन्धित-संगीतात्मक एवम् अभिनयात्मक प्रस्तुति, दैनिक जीवनसंग जोडिएको धार्मिक अनुष्ठान आदिले ह्योल्मो समुदायको विश्व दृष्टिकोणलाई अभिव्यक्त गरेको छ । सांस्कृतिक तथा प्राबिधिक उपकरण, भाषिक परम्परा, लिपि र त्यससँग जोडिएका अन्य मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाका आयामहरू विश्वदृष्टिकोणका आधारका रुपमा रहेका छन् ।

ह्योल्मो समुदायको जातीय एवम् सांस्कृतिक इतिहासको अध्ययनमा मूर्त सम्पदाहरूले विशेष महत्त्व राखेको देखिन्छ । वातावरणीय एवम् पर्यावरणीय परिस्थितिले निर्धारण गरेको जीवनपद्धतिका कारण तदनुरुपका भौतिक एवम् सांस्कृतिक सम्पदाहरूको निर्माण भएको हुन्छ । जन्मदेखि मृत्युसम्मका धार्मिक, सांस्कृतिक एवम् सामाजिक उत्सवहरूमा परम्परागत सांस्कृतिक औजार-उपकरणहरू प्रयोग गरिन्छ । कृषिप्रणाली-पशुपालनमा परम्परागत कृषि औजार र उपकरणहरूको प्रयोग गरिएको देखिन्छ । गुम्बा, छ्योर्तेन (स्तुप, चैत्य), मानेलहर, परम्परागत घरभवन लगायतका वास्तु संरचनाले ह्योल्मो समुदायको ऐतिहासिकता, सांस्कृतिक जीवन्तता र आधिकारिकताको वोध गरेका छन् । अतः धार्मिक, सामाजिक, एवम् सांस्कृतिक अनुष्ठानहरूमा प्रयोग गरिने परम्परागत वाद्यवादन, नाट्य-अभिनयमा प्रयोग गरिने वस्त्र-आभूषण, वास्तुकलात्मक ढाँचा, कृषि, पशुपालन र अन्य दैनिक जनजीवनमा प्रयोग गरिने परम्परागत उपकरणहरूले ह्योल्मो समुदायको सांस्कृतिक पहिचान, संरक्षणको अवस्था र त्यसको आधिकारिकतालाई अभिव्यक्त गरेका छन् ।

जन्मदेखि मृत्युसम्मका विभिन्न सांस्कारिक अनुष्ठानहरूमा प्रयोग गरिने विभिन्न वस्तुहरूले प्रतीकात्मक अर्थमा उनीहरूका मूल्य-मान्यता, आस्था, विश्वास र सामाजिक मान्यताहरूलाई अभिव्यक्त गरेको हुन्छ । यी सांस्कृतिक वस्तुहरू अमूर्त संस्कृतिका प्रतीविम्ब हुन् । यस्ता प्रतीक र चिह्नहरूमा उनीहरूको जीवन र जगत्प्रतिको विश्व-दृष्टिकोण व्यक्त भएको हुन्छ । त्यसै गरी कृषिप्रणाली, पशुपालन लगायतका पारम्परिक पेसासँग पनि उनीहरूको विशिष्ट किसिमको सांस्कृतिक दृष्टिकोण जोडिएको हुन्छ । कृषिकर्ममा प्रयोग गरिने विभिन्न उपकरणहरू उनीहरूका ज्ञान, सीप र कलापक्षको चिन्तन अभिव्यक्त भएको देखिन्छ । यिनीहरूको सामाजिक एवम् सांस्कृतिक जीवनमा संगीतको पनि महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । सांस्कृतिक एवम् धार्मिक क्रियाकलापहरूमा लामाहरूले विभिन्न बाजागाजाहरूको प्रयोग गर्दछन् । विभिन्न सांस्कृतिक अनुष्ठानमा लामागुरुले संगीत मार्फत् हर्ष र विस्मातका भावहरू अभिव्यक्त गरेका हुन्छन् । अतः ह्योल्मो समुदायको सामाजिक विश्वास र सांस्कृतिक मान्यताहरूमा लामाबौद्धधर्म र दर्शनले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

मूर्त र अमूर्त संस्कृति सम्पदा स्वरूपमा अभिव्यक्त भएको सामाजिक र सांस्कृतिक जीवनमा लामाबौद्ध दर्शनको भूमिका रहेको हुन्छ । सांस्कृतिक अध्ययनमा कृषिकर्म र पशुपालनको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । कृषिकर्म र पशुपालनमा प्रयोग गरिने विभिन्न औजार एवम् उपकरणहरू मूर्त सम्पदा पनि हुन् । वातावरणीय परिस्थितिअनुसार नै उपकरण प्रविधिको आविस्कार हुने हुँदा सांस्कृतिक अध्ययनमा यसको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । खानपान तथा पेय पदार्थ उत्पादन तथा प्रयोगमा

प्रयोग गरिने विभिन्न भाँडाकुँडाहरूले सांस्कृतिक अर्थ बहन गरेको हुन्छ । नृत्य, गायन र संगीतले पनि परम्परागत संस्कृति र सम्पदाहरूका रूपमा भूमिका खेलेका छन् । धार्मिक एवम सांस्कृतिक अनुष्ठान तथा मनोरञ्जन र अन्य सामाजिक क्रियाकलापमा नृत्य-अभिनय तथा गीत-संगीतको विशेष स्थान रहेको हुन्छ । तसर्थ ह्योल्मो समुदायमा संगीतको विशेष स्थान रहेको छ भन्न सकिन्छ । त्यस्तै अतिथि सत्कार पनि अमूर्त संस्कृतिको एउटा आधार हो । ह्योल्मो समुदायमा अतिथि सत्कारलाई  विशेष महत्त्व दिइन्छ । अतिथि सत्कारको क्रममा ढोगभेट नै विशेष महत्त्वपूर्ण आधार हो । ढोगभेटपछि परम्परागत खानापानका साथ आराम कुशल-मंगल सोध्दै अतिथि सत्कार गरिन्छ । यसकारण जातीय संस्कृतिको अध्ययनमा मूर्त तथा अमूर्त संस्कृति सम्पदाहरूको महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको नै देखिन्छ । यी परम्परागत सांस्कृतिक सम्पदाहरूले ह्योल्मो समुदायको सांस्कृतिक इतिहास र सभ्यतालाई उजागर गरेको छ ।

ह्योल्मो समुदायको मूर्त परम्परागत संस्कृतिमा खानपानमा ढिडो, रोटी, भात, आलुको विशेष परिकार, भाबर खाप्से आदि प्रमुख रहेका छन् । ह्योल्मो समुदायका आफ्नै किसिमका परम्परागत भेषभूषाहरू रहेका छन् । उनीहरूले लगाउने पुरुषको परम्परागत भेष-भूषामा क्षुपा, खेन्छ्याम, कारा, स्योमो, स्योम्पा तथा आभूषणहरूमा बुट्टिल, यू-ज्यूरु-सि, सिदुप, फेङा आदि देखिन्छ । यसरी नै महिलाहरूद्वारा प्रयोग गरिने परम्परागत भेष-भूषाहरूमा क्षुपा, हान्च्यो, कारा, बुरेसुर्कु, पाङकप/स्यामो, स्योम्पा र गर-गरहनाहरू बुट्टिल, यू-ज्यूरु-सि, ज्यदुम, ग्येन्छेन, दिउ, फाङग्येन, सिदुप, फेङा र व्यग्ता आदि रहेका छन् । ह्योल्मो समुदायले बसवोबास गर्ने परम्परागत घरहरू आफ्नै शैलीद्वारा निर्माण गरिएको हुन्छ ।  वि.स. २०७२ मा आएको भूकम्पका कारण परम्परागत घरहरू क्षति भएको छ । भूकम्पको कारणले गर्दा नष्ट भएका स्थानमा नयाँ आधुनिक घरहरूको निर्माण भएका छन् । ह्योल्मो समुदायमा धार्मिक, सामाजिक, सांस्कृतिक तथा राजनैतिक केन्द्रविन्दुका रुपमा गोन्पाले महत्त्वपूर्ण भूमिका खेलेको छ । यस्तो महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने गोन्पाको प्रमुख लामाको नियुक्ति वंशानुक्रमानुसार गर्ने चलन रहेको छ । ह्योल्मो समुदायमा गोन्पाले गुठीयार बिच एक आपसमा सुमधुर सम्बन्ध राख्न धार्मिक, सामाजिक, प्रशासनिक एवम् न्यायिक कार्यका लागि प्रमुख लामाको महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । ह्योल्मो समुदाय तिब्बती मूलका भएको कारणले गर्दा लामा बौद्ध धर्मलाई आत्मसात् गरेको देखिन्छ । ह्योल्मो समुदायले आफ्नो धार्मिक झण्डाको रूपमा लुङ्दार (लुङ्त) लाई प्रयोग गर्ने गरेका छन् । यसरी धार्मिक झन्डा निर्माण गर्दा पाँच तत्त्व वा पाँच रंगबाट झन्डा वनाउने गरेको देखिन्छ । जसमा पहिलो नीलो आकाशको प्रतीक, दोस्रो सेतो हावाको प्रतीक, तेस्रो रातो आगोको प्रतीक, चौथो हरियो पानीको प्रतीक र पाँचौ पृथ्वीको प्रतीक गरी पाँच रंगहरूबाट लुङ्दार निर्माण गरिएको पाइन्छ ।

ह्योल्मो समुदायको जीवन पद्धतिको आधार लामाबौद्ध धर्म हो । विशेषतः जन्मदेखि मुत्युसम्मका धार्मिक, सामाजिक एवम् सांस्कृतिक अनुष्ठानहरूमा लामा बौद्धको विशेष महत्त्व रहेको छ । त्यस्तै परम्परागत उपचार पद्धति, आस्था, विश्वास, मूल्य-मान्यता आदिमा लामाबौद्ध दर्शनको ठूलो प्रभाव परेको छ । धार्मिक एवम् सांस्कृतिक सम्पदा, सामाजिक धरोहर, खाद्य प्रविधि, वस्त्र-आभूषण, सत्कार, गुठी व्यवस्था, न्यायप्रणाली, परम्परागत कृषिप्रविधि, लामा-संगीत, शृङ्गार एवम् सजावटका सामानमा

यिनीहरूको विशिष्ट पहिचान जोडिएको छ । तर पछिल्लो कालमा विभिन्न कारणले ह्योल्मो समुदायको मैलिकतामा परिवर्तन आएको छ । वस्तुतः बसाई-सराइ, द्वन्द्व, बाढीपहिरो, भूकम्प, आधुनिक प्रभाव, आधुनिक शिक्षा प्रणाली, पश्चिमी संस्कृतिको प्रभाव, आफ्नो संस्कृतिप्रतिको उदासीनता र अज्ञानता, अन्तर्जातीय विवाह, राज्यको विभेदकारी नीति, वैदेशिक रोजगारी आदिका कारण ह्योल्मो समुदायको मौलिक संस्कृतिमा संकट आएको देखिन्छ । पछिल्लो समयमा आफ्नो स्व-पहिचानको खोजमा भएको सांस्कृतिक पुनर्जागरणले ह्योल्मो समुदायको मूर्त-अमूर्त सांस्कृतिक र सम्पदाहरूको संरक्षण लागि विभिन्न प्रयासहरू भएका छन् । विशेषतः केन्द्रदेखि जिल्लासम्म स्थापना भएको जातीय संगठन “नेपाल ह्योल्मो समाज संघ” नामक संस्थाले आफ्नो इतिहास, सभ्यता र संस्कृतिको खोज, अन्वेषण, प्रकाशन, संरक्षण र सम्बर्द्धनमा प्रभावकारी भूमिका खेलेको पाइन्छ ।

संस्कृति परिवर्तनशील र गतिशील हुन्छ । वातावरणीय तथा पर्यावरणीय परिवर्तनको कारणले संस्कृतिको स्वरूप र संरचनामा परिवर्तन हुन्छ । यसबाहेक बसाई-सराइ, प्राकृतिक विपत्ति, यातायात, उद्योग-कलकारखना, सूचना तथा सञ्चार प्रविधि, कानुन, द्वन्द्व तथा राजनैतिक परिवर्तन लगायतका आन्तरिक तथा बाह्य कारणले कुनै पनि समाजको सामाजिक तथा सांस्कृतिक संरचनामा परिवर्तन आउँदछ । वस्तुतः मूर्त सम्पदामा परिवर्तनको दर कम भए तापनि माथि उल्लिखित आधारहरूले अमूर्त संस्कृतिको परिवर्तनमा विशेष भूमिका निर्वाह गरेको पाइएको छ । ह्योल्मो समुदायका मूर्त तथा अमूर्त दुवै सम्पदा र संस्कृतिमा व्यापक परिवर्तन आएको छ । ह्योल्मो समुदायको मूलक्षेत्र हेलम्बु तथा रामेछाप गोकुलगंगा गाउँपालिका वडा नं ५ नोप्रामा बसोबास गर्ने ह्योल्मो समुदायमा कमै मात्रामा सांस्कृतिक परिवर्तन आएको छ । तर विभिन्न कारणले बसाई सरेर विभिन्न क्षेत्रमा गएका ह्योल्मो समुदायमा बढी मात्रामा सांस्कृतिक परिवर्तन भएको नै देखिन्छ ।

विशेष गरी हेलम्बु क्षेत्र बाहेकका अन्य क्षेत्रहरूमा भाषा, लिपि तथा संस्कृति, धार्मिक संस्कार एवम् अनुष्ठानका विधि र पद्धतिमा बढी मात्रामा परिवर्तन आएको छ । विशेषतः आधुनिक शिक्षा प्रणाली, यातायात, वैदेशिक रोजगार, बाह्य संस्कृतिको प्रभाव, धर्म परिवर्तन, द्वन्द्व, राजनैतिक परिवर्तन, राज्यको नीति तथा कानुन, सूचना-सञ्चार तथा विज्ञान प्रविधि, बसाई-सराइ, पर्यटन लगायतका आन्तरिक तथा बाह्य कारणहरूले ह्योल्मो समुदायको परम्परागत मूर्त तथा अमूर्त संस्कृति-सम्पदाहरूमा क्रमिक रूपले परिवर्तन आएको छ । विशेष गरी काठमाडौं, इलाम र रामेछाप जिल्लाको लिखुतामकोशी गाउँपालिका वडा नं १ बसोबास गर्ने ह्योल्मो समुदायमा संस्कृति परिवर्तनको बढी प्रभाव देखिन्छ ।

बुँदागत रुपमा भन्नुपर्दा यस शोधकार्यका निचोडहरू निम्नानुसार छन् :

१. हेलम्बु क्षेत्रमा आठौं शताब्दिदेखि नै लामाबौद्धधर्मको विकास र विस्तार भएको प्रमाणित भएको छ ।

२. लामाबौद्धधर्म र यसले निर्दिष्ट गरेको दार्शनिक आधारहरूलाई ह्योल्मो समुदायले आफ्नो जीवनपद्धतिको आधार बनाएका छन् ।

३. ह्योल्मो समुदाय तामाङ, शेर्पा, र कागते जाति नभई मौलिक पहिचानयुक्त ह्योल्मो जातिको रूपमा प्रमाणित भएको छ ।

४. आठौं शताब्दी नै हेलम्बु क्षेत्र बौद्ध शिक्षाको केन्द्रको रुपमा स्थापित भएको आधारमा हेलम्बु सभ्यताको इतिहास प्रमाणित भएको छ ।

५. हेलम्बु क्षेत्र प्राचीनकालदेखि धार्मिक-सांस्कृतिक पदमार्गको रूपमा विकास भएको ऐतिहासिक तथ्यहरूले प्रमाणित गरेका छन् ।

६. ह्योल्मो समुदाय नेपालको अल्पसंख्यक आदिवासी जनजातिको रूपमा सूचीकृत छन् ।

७. हेलम्बु क्षेत्र अहिंशाको केन्द्रको रूपमा परिचित भएको कारणले यस क्षेत्रको धार्मिक इतिहासलाई उजागर गरेको छ ।

८. ह्योल्मो जाति लामा गुरुका रूपमा हेलम्बु क्षेत्रमा आएको इतिहास प्रमाणित भएको छ ।

९. ह्योल्मो समुदाय स्थान विशेषको आधारबाट जातिको रूपमा परिचित भएको प्रमाणित भएको छ ।

१०. हेलम्बुमा सिन्धुपाल्चोक जिल्लाको सबैभन्दा प्राचीन गोन्पाहरू रहेको आधारबाट ह्योल्मो समुदायको प्राचीनतालाई प्रमाणित गर्न सकिन्छ ।

११. ह्योल्मो समुदायमा उनीहरूको आफ्नै धार्मिक तथा सामाजिक नृत्य रहेको छ ।

१२. ह्योल्मो समुदायको पूजाकोठा र भान्साकोठा परम्परागत तरिकाले सजावट गरिएको हुन्छ ।

१३. ह्योल्मो समुदायमा पुरुष तथा महिलाले प्रयोग गर्ने मौलिक प्रकृतिका आभुषणहरूले उनीहरूको सौन्दर्य दर्शनलाई उजागर गरेको देखिन्छ ।

१४. ह्योल्मो समुदायमा पुरुष तथा महिलाले धारण गर्ने परम्परागत भेषभूषा प्रयोग गरिएको छ ।

१५. ह्योल्मो समुदायले शिक्षाक्षेत्रमा विकास गर्न सकेको देखिदैन ।

१६. हेलम्बुका ह्योल्मो समुदायको प्रमुख आर्थिक स्रोत वैदेशिक रोजगार तथा पर्यटन व्यवसाय हो ।

१७. ह्योल्मो समुदाय गोन्पाका प्रमुख लामालाई धार्मिक नेताको रुपमा मानिन्छ ।

१८. ह्योल्मो समुदायमा गुठीको महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ ।

१९. ह्योल्मो समुदायमा परम्परागत धार्मिक तथा सामाजिक गीतहरू प्रचलन रहेका छन् ।

२०. ह्योल्मो समुदायमा साङ (धुप) पूजाको महत्त्व देखिन्छ ।

२१. ह्योल्मो समुदायमा अथिति सत्कारलाई विशेष प्राथमिकता दिइन्छ ।

२२. वसाईं-सराइ, आधुनिकीकरण, पश्चिमी संस्कृतिको प्रभाव, आधुनिक शिक्षा प्रणाली, आधुनिक विज्ञान-प्रविधि, वैदेशिक रोजगार, अन्तर्जातीय विवाह, धर्म परिवर्तन, राजनैतिक परिवर्तन, राज्यको

विभेदकारी नीति, सहरीकरण, अन्य जातिसँगको अन्तर्सम्बन्ध, परसंस्कृतीकरण, प्राकृतिक विपत्ति, द्वन्द्व, पर्यटन लगायतका कारणले ह्योल्मो समुदायको मौलिक सांस्कृतिक सम्पदाहरूमा परिवर्तन भएको देखिन्छ ।

## ७.४ ह्योल्मो समुदायको सांस्कृतिक पहिचानको संरक्षणका उपायहरू

ह्योल्मो समुदायको परम्परागत संस्कृति सम्पदाहरूको संरक्षणका लागि निम्न विषयमा ध्यान दिनुपर्छ :

१. राज्यको संस्कृति नीति उदार हुनुपर्छ ।

२. राज्यको शासनप्रणाली एकलसंस्कृति केन्द्रित नभई वहुलसंस्कृतिलाई संरक्षण गर्ने हुनुपर्छ ।

३. भाषा आयोगले ह्योल्मो समुदायको भाषाको अध्ययन, अनुसन्धान, अभिलेखन, संरक्षण तथा सर्म्वद्धन गर्नुपर्छ ।

४. ऐतिहासिक तथा पुरातात्त्विक महत्त्वका सम्पदाहरूको संरक्षणका लागि सम्बन्धित निकायले चासो दिनुपर्छ ।

५. जातीय एवम् सांस्कृतिक पहिचान झल्काउने लोपोन्मुख अवस्थाका वस्तुहरूको संरक्षणको लागि संग्रहालय स्थापना गर्नुपर्छ ।

६. प्राथमिक तहदेखि मातृभाषामा पठनपाठनलाई अनिवार्य गर्नुपर्छ ।

७. सरोकारवाला समुदायले आ-आफ्नो संस्कृतिको संरक्षणमा जोडदिनु पर्छ ।

८. सरोकारवाला निकायले धार्मिक एवम् सांस्कृतिक पर्यटनलाई महत्त्व दिनुपर्छ ।

९ स्थानीय सरकारले मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाहरूको संरक्षणका विशेष योजनाहरू तर्जुमा एवम् कार्यान्वयन गर्नुपर्छ ।

अल्पसंख्यक आदिवासी जनजातिका रूपमा रहेका ह्योल्मो समुदायले नेपालको राष्ट्रिय संस्कृतिको निमार्णमा विशेष भूमिका खेलेको प्रमाणित भएको छ । विशेषगरी भाषा तथा लिपिको संरक्षणमा ह्योल्मो समुदायको महत्त्वपूर्ण योगदान रहेको छ । आफ्नो विशिष्ट किसिमको सास्कृतिक एवम् धार्मिक पहिचानले ह्योल्मो समुदायको इतिहासलाई उजागर गरेको छ । विशेषतः लामाबौद्धधर्मको संरक्षण, धार्मिक अभ्यास र अनुष्ठानमा ह्योल्मो समुदायको विशेष महत्त्व रहेको छ । ह्योल्मो समुदायले लामाबौद्ध धर्म र दर्शनलाई आफ्नो जीवनपद्धतिको आधार बनाएका छन् । अतः बौद्ध धर्मको विकास, विस्तार, संरक्षण र सम्बर्द्धनमा ह्योल्मो समुदायको विशेष योगदान रहेको छ । आफ्नो दैनिक जीवनचर्याको माध्यमबाट बौद्धधर्म र दर्शनलाई आजपर्यन्त जीवन्त राख्नु नै ह्योल्मो समुदायको जीवनदर्शनको सार हो ।

## प्रस्तावित शोध शीर्षक

माथी अनुसन्धारनका निमित्त सम्भावित शोध शीर्षक यस प्रकार छ : “ह्योल्मो समुदायको इतिहास निर्माणमा गुरु पद्मसम्भव र मिलारेपाको योगदान” ।

# परिशिष्ट -१

## ह्योल्मो भाषाको शब्दावली

## (नेपाली अर्थसहित)

| ह्योल्मो भाषा | नेपाली भाषा |
|---|---|
| आकु | काका |
| अख्या मेमे | हजुरबुबा |
| आदा | दाजु/भाइ |
| अनी | फुपू |
| आबा | बुबा |
| आमा | आमा/माता |
| आज्यी | दिदी |
| आसु | काकी |
| आस्याङ | मामा |
| आस्याङ | जेठान |
| ओ दावा | फागुन महिना |
| इबी | हाजुरआमा |
| इल्दो | आँगन |
| इङ्बु | एकान्त |
| उ | सास |
| उल्दुम्बा | मूर्ख |
| उमाली | तुलो |
| एर्मा | टिम्बुर |
| एम्बा | ढुङ्गाको ढकनी |
| एराक | रक्सी |
| ओम | खाल्टो |

| | |
|---|---|
| ओल्बा | जाँगरिलो |
| काङब | खुट्टा |
| कार्च्ये | तौलनु |
| कुख्ये | मेमे जिजुबा |
| कर्कुङ | झ्याल |
| क्येप्ख्योबा | पुरुष |
| खटो | भत्केको घर |
| खाङव | घर |
| खादा | खदा |
| खम्बु | आरु |
| ख्योगा | लोग्ने |
| खाश्यु | विर्को |
| गा | टाउको |
| गोर्तो | गाँठो |
| गो दावा | मंसिर महिना |
| गुमी | गीत |
| गुर | घाँटी |
| ग्युबु | ससुरा |
| ग्याभु | सासू |
| ग्याला दावा | पौष महिना |
| ग्यालठीम | राजनीति |
| घाङ | डाँडा |
| घो | ढोका |
| घोदोमु | अचम्म |
| घोरे | गोठा |

| | |
|---|---|
| ङा | पाँच |
| ङामा | पुच्छर |
| ङहाङबा | चरा |
| ङहर्क्याल | घमण्डी |
| चम्बा | पीठो |
| चाङबु | खोला |
| चार्क्यो | टाँस्नु |
| चीबु | जुठो |
| च्यु | दश |
| चोकम | पर्खाल (गारो) |
| च्या | फलाम |
| छा | नून |
| छाछा | माटोको स्तुपा |
| छो | नाति/भान्जी |
| छामो | नातिनी/भान्जी |
| छये | धर्मशास्त्र |
| छयु दावा | माघ महिना |
| छयेठिम | धर्म |
| छयुक्प | धनी |
| छयुम्बु | ठूलो |
| छयेठी | धार्मिक पुस्तक राख्ने दराज |
| छयुतो दावा | असार महिना |
| जारा | खाजा |
| जाम्बुलीङ | पृथ्वी |
| जरु | डाडु |

| | |
|---|---|
| ज्यज ज्य | सानीआमा/ठूली आमा |
| ज्याल्देन | दक्षिणा |
| ज्याम्बु | नरम, मसिनो |
| ज्ह | इन्द्रेणी |
| ज्ही | बहुमूल्य पत्थर |
| ज्हाङबु | असल,पवित्र |
| ज्युकठी | आसन |
| झाङ | भकारी |
| झामा | हाँडी |
| ञी | दुई |
| ञीङमा | पुरानो सम्पदाय |
| ञीङबु | अनमोल, मूल्यवान |
| ञ्हा | माछा |
| ञ्हीमा | दिन, घाम, आइताबार |
| ञ्हीस्यु | बिस |
| टा | कपाल |
| टाङगा | पैसा |
| टास्यीबा | शुभ |
| ठा | रगत |
| ठीबा | पित्त |
| ठीम | नियम |
| ठुम | दावा भदौ महिना |
| डाम्बा | गाला |
| डाम्सो | बङ्गरा |
| डोश्यिन दावा | साउन महिना |

| | |
|---|---|
| डुक | डाग्रन |
| ढाटा | कालो मोसो |
| ढाङमु | चिसो |
| ढेपा | पेट |
| ताम | कुरा |
| ताम्रा | सिमी |
| तीम | माहुरी |
| तोङबा | रित्तो |
| थाक्पा | डोरी |
| थाल्बी | धूलो |
| थाङबु | थाङ्का |
| दाङ | हिजो |
| दाजाङ | लामाले पूजा गर्ने ठाउँ |
| दालु | गँड्यौला |
| दाश्यु | धनुषवाण |
| दी | यो |
| धाङबु | उहिले |
| धाम्बे | रक्सी राख्ने काठको भाँडा |
| धाच्र्यो | झण्डा |
| धुङ | शंक |
| धुठी | चिहान |
| नामा | बुहारी/भाउजु |
| नाग | दावा चैत्त |
| नो | भाइ |
| नोर्न दावा | जेष्ठ महिना |

| | |
|---|---|
| नोमो | बहिनी |
| न्योमा | नन्द |
| नाम | आकाश |
| नासुम | नाक |
| नीकी | भाँडा |
| नीङबा | पुरानो |
| न्हजा | रोग |
| न्हुप | पश्चिम |
| न्हाक्पु | कालो |
| न्होर | सम्पति |
| न्हान्हीङ | पोहोर |
| पाङबु | साक्षी |
| पार्च्ये | बाल्नु |
| पादाप | बाँस |
| पेराङ | धुप |
| पासाङ | शुक्रवार |
| फीर्च्या | उल्टो |
| फुर्ब | बिहिबार |
| फुम्बा | घैंटो |
| फोङस्यो | लुकुनी, भेडाको ऊनको ज्याकेट |
| बादा | तामाको बटुको |
| बुटील | कानमा लगाउने गहना |
| बोल्बु | प्रशस्त |
| भाल | ऊन |
| भमु | तुसारो |
| भोमा | छोरी |
| भाल्बा | भ्यागुता |
| भुछाप | घर ज्वाइँ |

| | |
|---|---|
| भार्च्ये | बाधा अड्चन |
| भाटा | रक्सी पार्ने माथिल्लो भाँडा |
| मग्पा | ज्वाइ/भेना |
| मा | महिला |
| माङरा | जुङ्गा |
| माङज्येन | निम्तो |
| मार्चा | खुर्सानी |
| मिङमार | मंगलबार |
| मी | आँखा |
| मीचा | आँखीभौं |
| मेमे | बाजे |
| मेन्खाङ | औषधालय |
| म्हङबु | धेरै |
| म्हीछयङ | बामपुडके |
| म्हाज्यी | नडराऊ |
| म्हीज्ही | जीवन |
| मेन | जिरा |
| मेन | औषधी |
| यार्का | बर्खा |
| याक्पु | याक |
| यार्स्यीङ | बर्खे दाउरा |
| युग दावा | असोज महिना |
| युलठीम | गाउँनीति |
| रोप | फुटाउनु |
| रोली | लौरो |
| रुबे | सबै |
| लान्दी | पातलो |
| लाछोक | संगठन |

| | |
|---|---|
| लोकम | जुत्ता |
| ल्हक्पा | बुधबार |
| ल्हाटुल | नाम |
| ल्हेन्डी | भूत |
| ल्हो | दक्षिण |
| ल्हामु | देवी |
| वाङ | अभिषेक |
| वाङग्याल | अधिकार प्राप्त |
| वाङछु | सर्वाधिकार |
| व्हा | जनावर |
| व्हाखाङ | भूई तला |
| श्यमङपो | साला |
| स्यीताङ | रीस |
| स्यु | बस्नुस् |
| सागा | दावा वैशाख महिना |
| सन्दी | बलियो |
| सीतुप | औँठी |
| सुम | तिन |
| सेन | विउ |
| सोम्बो | जिउँदो |
| स्यामु | च्याउ |
| स्यार्मा | युवती |
| स्यारा | युवक |
| हायाङ | सिलाबरको देक्ची |
| हाले :सीन | आश्चर्यचकित हुनु |
| हे | आलु |
| होः मा | दूध |

# परिशिष्ट -२

## अन्तर्वार्ता लिइएका स्रोत-व्यक्तिहरूको विवरण

| क्र.स | व्यक्तिहरूका नाम | अर्न्तवार्ता लिइएको स्थान | अर्न्तवार्ता लिएको मिति | कैफियत |
|---|---|---|---|---|
| १. | ङवाङ लामा | तार्केघ्याङ | २०७७/३/६ | |
| २. | छिरिङवाङदी लामा | तार्केघ्याङ | २०७७/३/६ | |
| ३. | दिण्डु लामा | तार्केघ्याङ | २०७७/३/६ | |
| ४. | जितमान लामा | तार्केघ्याङ | २०७७/३/६ | |
| ५. | उर्गेन लामा | तार्केघ्याङ | २०७७/३/६ | |
| ५ | छिरिङ ल्होबा लामा | तार्केघ्याङ | २०७७/३/६ | |
| ६. | निमा धोन्डुब लामा | मेलम्ची | २०७७/३/७ | लामागुरु |
| ७. | पासाङ तेम्बा लामा | मेलम्ची | २०७७/३/७ | लामागुरु |
| ८. | श्रीमती जाङबु लामा | मेलम्ची | २०७७/३/७ | वडा सदस्य |
| ९ | जिम्बा लामा | मेलम्ची | २०७७/३/७ | |
| १०. | पूर्ण गौतम | मेलम्ची | | शिक्षक |
| ११. | निमा ग्याजेन शेर्पा | तार्तोङ | २०७७/६/१५ | गाउँपालिका अध्यक्ष |
| १२. | दावा ग्याजेन लामा | तिम्बु | २०७७/६/१५ | |
| १३. | पेम्बा लामा | तिम्बु | २०७७/६/१५ | पूर्व गा.वि.स.अध्यक्ष |
| १४. | जिमी लामा | नाकोते | २०७७/६/१६ | |
| १५. | डोमा लमा | नाकोते | २०७७/६/१६ | |
| १६ | छेवाङ सोनम लामा | गोछाङलिङ | २०७७/६/१६ | |
| १७. | छिरिङ लामा | चिरीघ्याङ | २०७७/६/१६ | सामाजिक कर्ता |
| १८. | उर्केन लामा | याम्बालामा | २०७७/६/१६ | |
| १९. | आङ दावा लामा | याम्बालामा | २०७७/६/१६ | |
| २०. | फुर दोर्जे लामा | नोर्पुगाङ | २०७७/६/१६ | |
| २१. | कर्मु लामा | नोर्पुगाङ | २०७७/६/१६ | |
| २२. | मिङमार लामा | परगाङ | २०७७/६/१६ | अध्यक्ष वडा नं १ |
| २३. | कर्म तोप्के लामा | सेर्माथाङ | २०६६/६/१६ | राजनीति कर्ता |
| २४. | निमा लामा | सेर्माथाङ | २०७७/६/१६ | ह्योल्मो समाजको पूर्व अध्यक्ष |
| २५. | पासाङ लामा | सेर्माथाङ | २०७७/६/१६ | |
| २६. | साङ्गे डोन्डुव लामा | सेर्माथाङ | २०७७/६/१६ | |
| २७. | दावा लामा | ङर्कु | २०७७/६/१७ | |
| २८. | पेम्बा लामा | सिङनचे | २०७७/६/१७ | |
| २९. | गोसेर लामा | छिमी | २०७७/६/१७ | |

| | | | | |
|---|---|---|---|---|
| ३०. | छिरिङ लामा | ताक्पाखर्क | २०७७/६/१७ | |
| ३१. | दावा लामा | ताक्पाखर्क | २०७७/६/१७ | |
| ३२. | गोपाल लामा | ताक्पाखर्क | २०७७/६/१७ | |
| ३३. | ठिनले लामा | ताक्पाखर्क | २०७७/६/१७ | कलाकार |
| ३४. | छिरिङ लामा | सिङनचे | २०७७/६/१७ | राजनीति कर्मी |
| ३५. | कान्छा लामा | सेर्माथाङ | २०७७/६/१७ | ह्योल्मा संस्थापक अध्यक्ष |
| ३६. | सोनाम डोल्मा लामा | सेर्माथाङ | २०७७/६/१७ | |
| ३७. | श्रीमती डोल्मा लामा | सेर्माथाङ | २०७७/६/१७ | कलाकार |
| ३८. | दावा ग्याल्बु लामा | च्योमथली | २०७७/६/१७ | योल्मो ग्ययू साङाग लाछोग कार्यवाहक अध्यक्ष |
| ३९ | केसाङ ह्योल्मो | रामेछाप | २०७७/३/५ | ह्योल्मो समाज संघ महासचिव |
| ४० | दावा साङवो लामा | पाँचपोखरी | २०७७/६/१७ | लेखक |
| ४१ | विशाल ह्योल्मो | रामेछाप गोकुलगंगा | २०७७/९/१० | विद्यार्थी |
| ४२. | मिनुर ह्योल्मो | रामोछाप गोकुलगंगा | २०७७/९/१० | कृषक |
| ४३ | श्रीमती सन्जा ह्योल्मो | रामेछाप गोकुलगंगा | २०७७/९/१० | कृषक |
| ४४ | टीकाराम ह्योल्ल्मो | रामेछाप गोकुलगंगा | २०७७/९/१० | कृषक |
| ४५ | पासाङ ह्योल्मो | रामेछाप लिखुतामाकोशी | २०७७/९/१० | विद्यार्थी |
| ४६ | र्नोसाङ ह्योल्मो | रामेछाप लिखुतामाकोशी | २०७७/९/१० | ईसाई पस्टार |
| ४७ | पासाङ ह्योल्मो | रामेछाप लिखुतामाकोशी | २०७७/९/१० | ईसाई पस्टार |
| ४८ | इसाक ह्योल्मो | रामेछाप लिखुतामाकोशी | २०७७/९/१० | ईसाई पस्टार |
| ५० | विन्दु ह्योल्मो | ,, ,, | ,, ,, | विद्यार्थी (इसाई) |
| ५१ | सुजिन ह्योल्मो | ,, ,, | ,, ,, | विद्यार्थी (इसाई) |
| ५२ | दावा ग्यल्वु ह्योल्मो | काठमाडौं गोकर्णेश्वर | २०७७/१०/१ | सामाजिक अभियन्ता |
| ५३ | कामी दोर्जे ह्योल्मो | काठमाडौं गोकर्णेश्वर | २०७७/१०/१ | व्यापारी |
| ५४ | सांगे ह्योल्मो | काठमाडौं महानगरपालिका | २०७७/१०/१ | व्यापारी |
| ५५ | यारु ह्योल्मो | काठमाडौं गोकर्णेश्वर | २०७७/१०/१ | व्यापारी |
| ५६ | ओङदी ह्योल्मो | गोकर्णेश्वर | २०७७/१०/१ | व्यापारी |
| ५७ | छिरिङ ह्योल्मो | गोकर्णेश्वर काठमाडौं | २०७७/१०/१ | व्यापारी |

| | | | | |
|---|---|---|---|---|
| ५८ | श्रीमती याङजेन ह्योल्मो | गार्केर्णेश्वर काठमाडौं | २०७७/१०/१ | सामान्य व्यक्ति |
| ६० | दोर्जे ह्योल्मो | सूर्योदय नगपालिका,फिक्कल | २०७७/१०/२६ | नेपाल ह्योल्मो समाज संघ पूर्व जिल्ला अध्यक्ष इलाम |
| ६१ | सोनाम ह्योल्मो | सूर्योदय नगरपालिका,फिक्कल | २०७७/१०/२६ | नेपाल ह्योल्मो समाज जिल्ला अध्यक्ष इलाम |
| ६२ | पेमा ह्योल्मो | सूर्योदय नगरपालिका, पशुपति नगर | २०७७/१०/२६ | कृषक |
| ६३ | सोनाम ह्योल्मो | सूर्योदय नगरपालिका, पशुपति नगर | २०७७/१०/२६ | व्यापारी |
| ६४ | लर्के ह्योल्मो | सूर्योदय नगपालिक | २०७७/१०/२६ | शिक्षक |
| ६५ | पासाङ तेम्बा लाामा (ह्योल्मो ) | मेलम्चीघ्याङ, हेलम्बु | २०७७/११/१५ | लामा गुरु |
| ६६ | साङ्गे लामा | चिरीघ्याङ | २०७७/११/२३ | लामा गुरु |
| ६७ | पूर्ण बहादुर गौतम | मेलम्चीघ्याङ | २०७७/११/२४ | प्रधानअध्यापक |
| ६८ | निमा लामा ह्योल्मो | हेलम्बु सेरर्माथाङ | २०७७/११/१८ | प्रदेश सांसद् |

## परिशिष्ट-३

## रामेछाप जिल्लाका ह्योल्मो समुदायसँग सस्कृतिमा आएको परिवर्तनबारे समूहगत छलफलका सहभागीहरू

**क) बौद्धमार्गी**

| सि. नं. | नाम : | गाविस | | पेसा | वर्ष |
|---|---|---|---|---|---|
| १ | केसाङ लामा ह्योल्मो | गोकुलगंगा वडा नं.५ | | महासचिव | ३३ |
| २ | साङबु लामा ह्योल्मो | ,, | ,, | व्यापारी | २९ |
| ३ | दावा छिरिङ ह्योल्मो | ,, | ,, | कृषक | ६९ |
| ४ | छेक्युङ लामा ह्योल्मो | ,, | ,, | लामा | ५० |
| ५ | पासाङ लामा ह्योल्मो | ,, | ,, | किसान | ६२ |

**ख) ईसाई**

| सि. नं. | नाम : | गाविस | | पेसा | वर्ष |
|---|---|---|---|---|---|
| १ | पासाङ ह्योल्मो | लिखुतामाकोशी वडा न १ | | पास्टर | ६६ |
| २ | नोसाङ ह्योल्मो | ,, | ,, | ,, | ५४ |
| ३ | इसाक ह्योल्मो | ,, | ,, | ,, | ४० |
| ४ | श्रीमती जेनी ह्योल्मो | ,, | ,, | शिक्षक | ३५ |
| ५ | विन्दु ह्योल्मो | ,, | ,, | विद्यार्थी | १७ |
| ६ | सुजिन ह्योल्मो | ,, | ,, | ,, | २७ |

# परिशिष्ट -४

## अन्तर्वार्तामा सोधिएका प्रश्नहरू

**प्रदेश :** **जिल्ला** **गाउँपालिका :** **वडा नं**

नाम :

ठेगाना :

वर्ष :

पेसा :

मिति :

१. तपाइँ कहिलेदेखि हेलम्बुमा बसोबास गर्दै आउनुभएको हो ?

..........................................................................................................

२. तपाइँ कहाँबाट बसाइँ सरेर आउनुभएको हो ?

..........................................................................................................

३. ह्योल्मो समुदायमा प्रचलित थरहरू के के छन् ?

..........................................................................................................

४. ह्योल्मो समुदायमा नाता सम्बन्धको कस्तो भूमिका रहेको हुन्छ ?

..........................................................................................................

५. ह्योल्मो समुदायमा पाहुनाहरूलाई कसरी आदर-सत्कार गरिन्छ ?

..........................................................................................................

६ . ह्योल्मो समुदायमा आफन्तहरू विच ढोगभेटको भूमिका के हुन्छ ?

..........................................................................................................

७. ह्योल्मो समुदायमा कस्तो व्यक्तिलाई गाउँको मूली भनिन्छ ?

..........................................................................................................

८. ह्योल्मो समुदायमा गाउँको मूली छनौट तथा नियुक्ति कसरी गरिन्छ ?

..........................................................................................................

९. ह्योल्मो समुदायमा गाउँको मूलीलाई के कस्तो अधिकार रहेको हुन्छ ?

............................................................................................................

१०. ह्योल्मो समुदायमा पुरुषहरूले लगाउने पहिरन के-के हुन् ?

...............................................................................................................

११. ह्योल्मो समुदायमा महिलाहरूले लगाउने परम्परागत पहिरन के-के हुन् ?

............................................................................................................

१२. ह्योल्मो समुदायले कुन कुन अवसरमा परम्परागत पहिरन लगाउँछन् ?

...............................................................................................................

१३. ह्योल्मो पुरुषहरूले लगाउने परम्परागत गर-गहना के के छन् ?

...............................................................................................................

१४. ह्योल्मो महिलाहरूले लगाउने गर-गहना के-के छन् ?

...............................................................................................................

१५. ह्योल्मो समुदायको खानाका परिकारहरू के-के छन् ?

...............................................................................................................

१६. ह्योल्मो समुदायका विशेष खानाको परिकार के-के छन् ?

...............................................................................................................

१७. ह्योल्मो समुदायमा प्रचलित परम्परागत् नाचहरू के-के हुन् ?

...............................................................................................................

१८. ह्योल्मोहरूले कुन-कुन चाडपर्वहरू मनाउने गर्छन् ?

...............................................................................................................

१९. ह्योल्मो समुदायको पूजा-आजाप्रति कस्तो विश्वास छ ?

...............................................................................................................

२०. ह्योल्मो समुदायको कुलपूजा के हो ?

...............................................................................................................

२१. ह्योल्मो समुदायको कुलपूजा कसरी गरिन्छ ?

...............................................................................................................

२२. ह्योल्मो समुदायका मानिसहरूको कुलपूजाप्रति कत्तिको विश्वास छ ?

.........................................................................................................

२३. ह्योल्मो समुदायका धार्मिक पर्वहरू के-के हुन् ?

.........................................................................................................

२४. ह्योल्मो समुदायका धार्मिक क्रियाकलाप सम्पन्न गर्ने विधि के-के छन् ?

.........................................................................................................

२५. ह्योल्मो समुदायका मानिसहरूले कुन-कुन संस्कारहरू गर्छन ?

.........................................................................................................

२६. ह्योल्मो समुदायमा जन्म-संस्कार कसरी गरिन्छ ?

.........................................................................................................

२७. ह्योल्मो समुदायमा न्वारन गर्ने विधि के -के छन् ?

.........................................................................................................

२८. ह्योल्मो समुदायमा बाल-बालिकाको नाम कसरी राखिन्छ ?

.........................................................................................................

२९. ह्योल्मो समुदायमा अन्नप्राशन संस्कार कसरी गरिन्छ ?

.........................................................................................................

३०. ह्योल्मो समुदायमा छोरा वा छोरीलाई भिक्षु बन्न पठाउने चलन छ कि छैन?

.........................................................................................................

३१. ह्योल्मो समुदायमा छेवरकर्म गर्ने चलन छ कि छैन ?

.........................................................................................................

३२. ह्योल्मो समुदायको विवाह कस्तो नातासँग हुन्छ ?

.........................................................................................................

३३. ह्योल्मो समुदायमा कति प्रकारका विवाहपद्धति प्रचलनमा रहेका छन् ?

.........................................................................................................

३४. ह्योल्मो समुदायमा कुन विवाह बढी प्रचलनमा रहेको छ ?

.........................................................................................................

३५. ह्योल्मो समुदायमा  मामा र फुपुको छोरा र छोरी बिच विवाह चल्छ कि चल्दैन ?

...................................................................................................

३६. ह्योल्मो समाजमा यौनसम्बन्धी धारणा कस्तो छ ?

...................................................................................................

३७. ह्योल्मो समुदायमा विवाहपूर्व गरिने यौनक्रियालाई कसरी हेरिन्छ ?

...................................................................................................

३८. ह्योल्मो समुदायमा  विवाह गर्दा गरिने विधि के- के छन् ?

...................................................................................................

३९. ह्योल्मो समुदायको मृत्यु संस्कार कसरी गरिन्छ ?

...................................................................................................

४०. ह्योल्मो समुदायमा सम्बन्ध विच्छेद गर्ने चलन छ कि छैन ?

...................................................................................................

४१. ह्योल्मो समुदायमा सम्बन्ध विच्छेद गर्दा के के प्रक्रिया गरिन्छ ?

...................................................................................................

४२. ह्योल्मो समुदायको मृत्युसंस्कार कसरी गरिन्छ ?

...................................................................................................

४३. ह्योल्मोहरूमा लामाको भूमिका के हुन्छ ?

...................................................................................................

४४. ह्योल्मो समुदायमा गोन्पाको महत्त्व के छ ?

...................................................................................................

४५. ह्योल्मो समुदायको गोन्पाको वास्तुकला कस्तो  हुन्छ ?

...................................................................................................

४६. ह्योल्मो समुदायले गुम्बामा कस्तो किसिमको चित्रकला बनाउँदछ ?

...................................................................................................

४७. ह्योल्मो समुदायले गुम्बामा कस्तो -कस्तो मूर्ति राख्ने गरिएको छ ?

...................................................................................................

४८. ह्योल्मो समुदायले निर्माण गर्ने घरको वनौट कस्तो हुन्छ ?

.................................................................................................................

४९. ह्योल्मो समुदायमा जनविश्वासहरू के-के छन् ?

.................................................................................................................

५०. ह्योल्मो समुदायले हालसम्म निरन्तरता दिदै आएका जनविश्वासहरू के के छन् ?

.................................................................................................................

५१. ह्योल्मो समुदायमा मुख्य रूपमा आर्थिक उपाजर्नका माध्यम के के हुन् ?

.................................................................................................................

५२. ह्योल्मो समुदायमा घर खर्च कसले चलाउँदछ ?

.................................................................................................................

५३. ह्योल्मो समुदायका जातिसँग सम्बन्धित पुस्तकहरू के-के छन् ?

.................................................................................................................

५४. ह्योल्मो समुदायका परम्परागत संस्कृतिमा के-के परिवर्तन आएको छ ?

.................................................................................................................

५५. ह्योल्मो समुदायका परम्परागत भाषामा केही परिवर्तन आएको छ ?

.................................................................................................................

५६. ह्योल्मो समुदायमा लामाहरूले प्रयोग गरिने समानहरू के के हुन् ?

.................................................................................................................

५७ ह्योल्मो समुदायमा लामाहरूको मर्यादाक्रम कसरी कायम गरिन्छ ?

.................................................................................................................

५८. ह्योल्मो समुदायमा गीत गाउँदा प्रयोग गरिने वाद्यवादनहरू सामान के -के हुन् ?

.................................................................................................................

५९. गुरु पद्मसम्भवले तपस्या गरेको गुफाका बारेमा के जानकारी छ ?

.................................................................................................................

६०. योगी मेलारेपा हेलम्वु आएर तपस्या गरेको गुफा बारे जानकारी छ ?

.................................................................................................................

६१. हेलम्बुमा रहेको गुम्वाहरूका बारेमा के जानकारी छ ?

............................................................................................................

६२. ह्योल्मो, तामाङ र शेर्पाहरू बिच के-के फरक छन् ?

............................................................................................................

६३. ह्योल्मो परिवारको सदस्यहरूले पालना गर्नुपर्ने पारिवारिक दायित्त्व के-के छन् ?

............................................................................................................

६६. ह्योल्मो समुदायको परम्पारगत संस्कृतिमा हाल के-के परिर्वतन आएको छ ?

............................................................................................................

६७. हेलम्बुमा बसोबास गर्ने ह्योल्मो समुदायको संस्कृति र अन्य क्षेत्रमा वसोवास गर्ने ह्योल्मोहरूको संस्कृतिमा के-के फरक पाउनुभएको छ ?

............................................................................................................

# परिशिष्ट ५

## चित्रावली



चित्र नं. १ पद्मसंभवले साधना गरेको याङधाग छोम्मी डुव्फुग गुफा

ईस्वी संवत् २०१९/३/२२ स्रोतः आफै



चित्र नं. २ याङधाग छोम्मी डुव्फुग गुफाभित्रको दृश्य स्रोतः आफै



चित्र न ३     पद्मसंभवको गुफाभित्र ढुंङगामा रहेको शिरको छाप स्रोतः आफै



चित्र नं.४  गुफाभित्र गाउँपालिकाका अध्यक्ष निमा ग्यालजेन ह्योल्मोसँग शोधार्थी स्रोतः आफै



चित्र नं.५    डाकिनी गुफाको बाहिरी भागमा बसेको फोटो स्रोतः आफै



चित्र नं.६    मेलम्चीघ्याङ भूकम्पपछिको क्षेतिग्रस्त गोन्पा स्रोतः आफै



चित्र नं.७ पद्मसभवको मेलम्ची घ्याङमाभित्र रहेको ढुङ्गाको मणिमय घट्ट स्रोतः आफै



चित्र नं ८ भूकम्पअघिको मिलरेपा गोन्पा स्रोतः आफै



चित्र नं.९ मिलारेपाको नयाँ निर्माण गरिएको गोन्पाको अगाडि स्रोतः आफै



चित्र नं. १० मिलारेपाले साधना गरेको गुफामा दियो बल्दै शोधकर्ता स्रोतः आफै



चित्र नं. ११ तार्केघ्याङको गोम्पाभित्र स्थानीयसँग शोधकर्ता स्रोतः आफै



चित्र नं.१२ तार्केघ्याङमा रहेको पाहुना घरमा अतिथि सत्कार ग्रहण गर्दै स्रोतः आफै



चित्र नं. १३ चिरी गोम्पाको प्रमुख साङ्गे लामा तथा स्थानीयसँग शोधकर्ता स्रोतः आफै



चित्र नं.१४ चिरी गोन्पामा बाकसभित्र राखिएको गोरुको टाउको स्रोतः आफै



चित्र नं. १५  चिरी गोन्पाभित्र राखिएका धार्मिक ग्रन्थहरू स्रोतः आफै



चित्र नं.१६  गुफामा तिन महिनाका लागि साधनामा बसेका लामा स्रोतः आफै



चित्र नं. १७  ह्योल्मो समुदायको घरभित्रको सजावट स्रोतः आफै



चित्र नं.१८  ह्योल्मो समुदायको  पूजाको दराज स्रोतः आफै



चित्र नं. १९ शोधनिर्देशकसँग तार्केघ्याङको अवलोकन गर्दै ( मिति २०७७/११/२३) स्रोतः आफै



चित्र नं.२० तार्केघ्याङमा स्थानीय वाङ दोर्जे ह्योल्मोसँग शोधकर्ता स्रोतः आफै



चित्र नं. २१  तार्केघ्याङमा शोधनिर्देशका साथमा स्थानीय कामी ह्योल्मो स्रोतः आफै



चित्र नं २२  भूकम्पभन्दा अगाडिको चिरी गोन्पा

(गुप्तक्षेत्र योल्मो पुस्तकबाट साभार) स्रोतः आफै



चित्र नं.२३ चिरी गोन्पाको भत्किएको अवशेष अवलोकन गर्दै शोधनिर्देशकसँग शोधकर्ता स्रोतः आफै



चित्र नं. २४ चिरी गोन्पाको ऐतिहासिक धारा अवलोकन गर्दै शोधनिर्देशक स्रोतः आफै



चित्र नं. २५ चिरी गोन्पा प्रमुख साङ्गे लामासँग शोधनिर्देशक स्रोतः आफै



चित्र नं. २६ गुरु पद्मसम्भवको साधना गुफाको अवलोकन गर्दै शोधनिर्देशक (मिति २०७७/११/२४)

स्रोतः आफै



चित्र नं. २७ प्रधानाध्यापक श्री पूर्णवहादुर गौतमको निजी निवासमा छलफल गर्दै स्रोतः आफै



चित्र नं. २८ मेलम्चीघ्याङमा छलफलपछि सामूहिक तस्विर स्रोतः आफै



चित्र नं. २९ डाकिनी गुफाको अवलोकन गर्दै शोधनिर्देशको साथमा शोधकर्ता स्रोतः आफै



चित्र नं. ३० मेलम्चीघ्याङ माध्यामिक विद्यालय अगाडि सामूहिक तस्बिर स्रोतः आफै



चित्र नं.३१  नेपाल ह्योल्मो समाजका पूर्व महासचिवसँग अन्तर्वार्ता लिंदै (मिति २०७७।१०।१ गते) स्रोतः आफै



चित्र नं.३२ लामा गुरु पासाङ तेम्बासँग अन्तर्वार्तापछिको तस्विर (मिति २०७७।११।१५ गते) स्रोतः आफै



चित्र.नं.३३ प्रदेश सांसद् निमा लामा (ह्योल्मो)सँगको अन्तर्वार्ता (मिति २०७७/११/१८) स्रोतः आफै



चित्र नं. ३४ रामेछाप जिल्लाको गोकुलगगाडमा अन्तर्वार्ता पछिको तस्विर स्रोतः आफै



चित्र. नं.३५ गोकुलागगडा वडां ५मा भूकम्पले क्षति पुऱ्याएको गोन्पा स्रोतः आफै



चित्र.नं.३६ गोकुगगडा गाउँपालिकामा सामूहिक छलफल( मिति २०७७।१०।२४ गते) स्रोतः आफै



चित्र. नं.३७   गोकुलगगडा वडा नं.५ पूजा गर्ने क्रममा लामासँग स्रोत: आफै



चित्र .नं ३८ रामेछाप लिखुतामाकोशीमा इसाई पाष्टर नोसाङ ह्योल्मोसँग स्रोत: आफै



चित्र. नं ३९  लिखुतामाकोशीमा ईसाईहरूसँग समूहिक छलफल स्रोतः आफै



चित्र .नं.४०  लिखुतामाकोशीमा इसाई धर्मावलम्बीहरूले निर्माण गरेको चर्च स्रोतः आफै



चित्र. नं ४१   लिखुतामाकोशीमा ईसाई धर्मावलम्बिहरूले चर्चभित्र प्रार्थना गर्दै स्रोतः आफै



चित्र .नं .४२  इलामको फिक्कलमा दोर्जो ह्योल्मोसँग अन्तर्वार्ता लिदै
(मिति २०७७११०।२६) स्रोत: आफै



चित्र. नं. ४३    इलामको पशुपतिनगरमा गोन्पाको प्रमुख ग्याम्छो लामासँग स्रोतः आफै



चित्र. नं.४४    पशुपतिनगरमा ह्योल्मोसँग अन्तर्वार्तापछिको तस्विर स्रोतः आफै



चित्र .नं ४५   नेपाल ह्योल्मो समाज, इलाम जिल्ला अध्यक्ष सोनम ह्योल्मोसँग स्रोतः आफै



चित्र. नं.४६  भूकम्पपछिको चिरी गोन्पामा रहेको छर्योतेन स्रोतः आफै



चित्र .नं ४७ रामेछापको नोप्रामा नेपाली कागज उत्पादन गर्दै ह्योल्मो स्रोतः आफै



चित्र नं ४८ मृत्युको समय पूजापाठको क्रममा स्थलगत अवलोकण गर्दै बौद्ध जम्बुडाडा स्रोतः आफै



चित्र नं ४९ दाहसस्कारको क्रममा प्रमुख लामाद्वारा दागबत्ती दिदै स्रोतः आफै



चित्र .नं.५० लोसारमा परम्परागत भेषभूषामा सजिएका महिलाहरू स्रोतः साभार, गुगल




चित्र नं. ५१   ह्योल्मो समुदायका परम्परागत गरगहनाहरू साभारः लामा दावा साङबोको किताव



चित्र न. ५२ मेलम्चीघ्याङको आधुनिक शवगृह स्रोतः आफै




चित्र नं. ५३ बौद्ध तिनचुली ह्योल्मो गोन्पा स्रोतः आफै



चित्र नं. ५४  बौद्ध तिनचुली गोन्पामा फहरेका ध्वजाहरू स्रोतः आफै

# परिशिष्ट - ६


## चिरी गोन्पाको गुठी संस्थाबाट प्राप्त अभिलेख



सौजन्यः चिरो गोन्पाको गुठी संस्था

## परिशिष्ट-७


## मेल्म्चीघ्याङको गुठी संस्थाबाट प्राप्त अभिलेख



सौजन्य: मेलम्चीघ्याङ गुठी संस्था

## परिशिष्ट -८


## तार्केघ्याङको गुठी संस्थाबाट प्राप्त अभिलेख



सौजन्यः तार्केघ्याङ गुठी

# परिशिष्ट - ९

## तार्केघ्याङको तामापत्र



A Nepalese copper-plate *guthi* landtitle for Lhakang-ghyang, dating from the first part of the nineteenth century.

*śrīdurga śrīdevatā śrī 5 bubājyū*
1 2

(1)svasti śrīgirirājacakracuḍāmaninaranārāyanetyādivividhavirudāvalīvirājamānamānonna(2)taśrīmanmahārājadhirājaśrīśrīśrīmahārājarājendravikramaśāhabahādurśamserajahdevānām sa(3)dā samaravijayinām (4) āge kalasyāṁlāmāke halamuko ambalamadhye lhākāṁ bhanyāko jagā kālābanjara taska (5) sādha purva dioṣari ...hiṇa hilyāḍāḍa uttara sevāṣolo paścima simuthānko bāṭa (6) yeti sāra killābhitrako jangalamā gumbā banāi 1 thāpi nityanaimityakāpu(7)jā garnu parāpurvadeṣī bhaiāyāko āphanu lāmāko ohyāta marjyāda thitiriti siṣya(8)sagā parhāunu pustadarapupustasamma bhogya garnu bhani 2 bāṭa mohara garība(9)ksanubhayāko rahacha sobamojīma tāmbāpatra garībaksyaum āphnā (10) hāmro jaya manāi bhogya gara iti sambata 1880 sāla miti śrāvaṇasudi 12 roja 5 (11) śubham

(Transcript by Mahes Raj Pant)

साभार :दावा साङबो योल्मोको पुस्तक महातीर्थ गुप्त योल्मो हिमशृंखला तथा योल्मोपा आदिवासी इतिहासबाट

# परिशिष्ट -१०

## तामपत्रको उल्था

"ल्हाखाङ गोन्पाको ताम्रपत्र"

# श्री ५ राजेन्द्र वीर विक्रम शाह बहादुरले ल्हाखाङ लामा काल्साङलाई १९ औ शताब्दीको शुरूमा दिएको

## *ल्हाखाङ गुठी ताम्र–पत्र*

**श्री दुर्गा** **श्री देवता** **श्री ५ बुवाज्यू**

स्वास्ती श्री गिरिराजा चक्र चुडामणि नर नारायणा नित्यदेवी विद्याभीरुधा वालेवी राजा मनमलोना श्रीमान् महाराजाधिराजा श्री श्री श्री महाराजा राजेन्द्र वीर विक्रम शाह बहादुर जनदेवानम सदा समारा विजयेनम (४) आगे काल्साङ लामाके योल्मोको आमबाला मध्ये ल्हाखाङ भन्याको जग्गा अम्जारा त्यस्को (५) सदा पूर्व अलोसक..... चिन्ह हिलेडाँडा उत्तरा सिवा सोलो, पश्चिममा थाङको ५.टो (६) यति चारा किला भित्रको जंगलमा गोम्बा बनाई श्री देवता थापी नित्य नैमित्तका पूजा गर्नु (७) परापूर्वदेखि बनाएको आफनू लामाको चैत्य मर्यादा तिथि रीति शिष्य (८) पढाउनु पुश्त दर पुश्तसम्म भोग्य गर्नु भनी श्री ५ बुवाज्यूबाट मोहरा गरी (९) बसानु भन्याको सो बमोजिम ताम्रपत्र गरी बक्सियुम आफ्ना सतिर जमा सित (१०) हाम्रो जय मनाई भोग्य इति सम्वत् १८८० साल मिति आश्विन सुदि १२ रोज ५ (११) शुभम्

श्री ५ को सरकार महाराजाधिराजा राजेन्द्र वीर विक्रम शाहदेवबाट काल्साङ लामालाई अन्तर्गत घना वनभित्र पर्ने ल्हाखाङ भनिने बाँभो जग्गाको चार किल्ला निम्न प्रकार छन् :

| | | |
|---|---|---|
| १ | पूर्व तर्फ | – हराभरा घाँस भएको चौरासम्म |
| २ | दक्षिणतर्फ | – धमिलो खोलासम्म |
| ३ | उत्तरतर्फ | – सेवा खोलासम्म |
| ४ | पश्चिमतर्फ | – लिमुथाङको बाटोसम्म |

यी चार किला भित्रको वनमा तपाईलाई गोम्बा बनाउनु, भगवानको प्रतिमा स्थापना गर्न, दैनिक तथा ऋतु अनुसारको पुजाआजा गर्न र तपाईको लामा परम्परा अनुसार पहिलादेखि चलिआएको आफ्नो पुस्ता र शिष्यहरूलाई पढाउदै यस दिएको जग्गाको अनन्तसम्म स्वामी बन्नू ।

मलाई थाह भयो कि यीहरू ती लाल मोहरमा समावेश थिए जुन मेरा पिता राजा गीर्वाण युद्धले दिनुभएको थियो । सो बमोजिम, अब म तपाईलाई ताम्रपत्र दिदैछु त्यसैले तपाई ध्यान पूर्वक र सजकताका साथ कर्म गर्दै अनिवार्य रूपमा हाम्रो सार्वभौमको मर्यादामा रही यस भूमिको स्वामी बन्नू

अनुसार Sept.-Oct 1823 A.D.

*योल्मोपा आदिवासी अन्तर्गतका देवा ड्येतोङ (तरमा लामा) वंशको ल्हाखाङ गोन्पाको ताम्रपत्र*

साभारः दावा साङवो योल्मोको पुस्तक महतीर्थ गुप्त योल्मो हिमश्रृखला तथा योल्मोपा आदिवासी इतिहासबाट

# परिशिष्ट -११

## चिरी गोन्पा निर्माणसम्बन्धी जनविश्वास

स्थानीय अनुश्रुतिहरूमा चिरी गोन्पाको निर्माण सम्बन्धी विभिन्न किंवदन्तीहरू पाइन्छन् । एउटा कथाअनुसार यस गोन्पा निर्माणका लागि एउटै गोरुले ढुङ्गा र माटो ओसार्ने कार्यमा सहयोग गरेको मिथकीय कथाहरू लोकजीवनमा स्मरणीय छ । गोन्पा निर्माणमा गोरूले गरेको महत्त्वपूर्ण योगदानको मूल्याङ्कन गर्दै त्यस गोरुको सम्झनामा गोन्पाभित्र तामाबाट निर्मित त्यसको प्रतीकात्मक टाउको बाकसमा राखिएको छ । आज पनि यसलाई श्रद्धाका साथ पूजा गर्ने चलन छ ।

त्यसरी नै गोन्पा निर्माणसम्बन्धी अर्को अनुश्रुतिअनुसार गोन्पा निर्माण गर्न पानीको अभाव भएकाले त्यस अभावलाई पूरा गर्न महानिधिपति डाग्छ्याङ शाक्य साङ्पोले विशेष योगदान दिएका छन् । उनले आफ्नो बद्धिबलद्वारा एक दिव्य सेतो मुसाको रूप धारण गरी डुब्फो कुण्डबाट पानी ल्याउँदै थिए । यसै क्रममा यो गोन्पा नजिक पुग्दा चराचुरुङ्गीको चिरबिर आवाज सुनी के होला भनी जमिन बाहिर निस्कँदा उज्यालो भएको देखे र हाँसे । यसरी हाँस्दा मुखबाट जल एक्कासि जमिनमा पोखिएको कारण त्यो जल गोन्पा निर्माणस्थलसम्म नपुगे तापनि नजिकसम्म पुगेको कारणले गर्दा त्यो पानी ज्यादै पवित्र भएको धार्मिक विश्वास रही आएको छ ।

स्रोतः स्थलगत कार्य

# परिशिष्ट -१२

## रामेछापमा ह्योल्मोको उत्पत्तिसम्बन्धी किंवदन्ती

रामेछापमा बसोबास गर्ने ह्योल्मो समुदायमा प्रचलित किंवदन्तीअनुसार सिन्धुपाल्चोक जिल्लाको हेलम्बु क्षेत्र चिसो एवम् हिउँले ढाकिरहने भएकाले यस क्षेत्रका मानिस जीवन निर्वाहका लागि भारतको दार्जिलिङ जान हिडेका थिए । यसै यात्राको क्रममा एक ह्योल्मो पुरुष रामेछापको नोप्रामा बास बस्न पुगे । त्यसपछि  अर्कोदिन उनी त्यहाँबाट गिद्धे डाँडामा बास बस्न पुगेका थिए । बास दिने घरधनीले आफ्नो घरमा सुत्केरी व्यथाले छटपटिएकी आफ्नी भाउजूलाई उपचार गरिदिनू भनी अनुरोध गरेपछि उक्त ह्योल्मो पुरुष घरमा पुग्दा कोही गर्भवती नरहेकाले फर्किन खोज्दा घर धनीले टाढा नजान आग्रह गर्दै आफ्नै छोरीसँग विवाह गराइदिएको स्थानीयको जनविश्वास रहेको छ । यसरी दार्जिलिङ जानलागेका ह्योल्मो पुरुषसँग विवाह गरेपश्चात् रामेछापमा ह्योल्मो समुदायको आगमन र विस्तार भएको भन्ने तर्कलाई यस किंवदन्तीले प्रमाणित गर्दछ ।

स्रोतः स्थलगत कार्य

# परिशिष्ट-१३

## ह्योल्मो लोसार वर्षचक्र




वर्षचक्र १२ वटा जीवका नामबाट वर्षचक्र नामकरण कसरी भयो भन्ने सन्दर्भबारे पुरानो परम्परा तथा इतिहास बोकेका चीनियाँहरूमा प्रचलित किवंदन्तीहरू निम्नानुसार रहेको पाइन्छ :

### (क) पहिलो किंवदन्ती

चीनमा ईसापूर्व २६०० वर्ष पहिले चलिआएको वर्षचक्र परम्परा चीनियाँ बादशाह व्हाङ ती (Huang Ti) ले पहिलो पटक प्रयोगमा ल्याएको विश्वास गरिन्छ । चीनियाँ दन्त्यकथाअनुसार भगवान् बुद्धले परिनिर्वाण हुने निश्चित भएपछि संसारका सम्पूर्ण प्राणीहरूलाई विदाइका निम्ति निम्त्याउनु भएको थियो । निम्तो मान्न भेला भएका प्राणीहरूमध्ये १२ प्राणीहरू भगवान् बुद्ध सामु आइपुगे । उनीहरूलाई

पुरस्कारस्वरूप बुद्ध भगवान्ले पहिले आइपुग्ने जीवको नामबाट क्रमशः एक-एक जनालाई एउटा-एउटा वर्षको नाम दिएर १२ वर्षको चक्रको नामकरण गर्नुभएको जनविश्वास रही आएको पाइन्छ ।

## (ख) दोस्रो किंवदन्ती

यस कथनअनुसार "जाड बादशाह" ले एकपटक सबैभन्दा छिटो आइपुग्ने कुन प्राणी रहेछ भन्ने थाहा पाउन एउटा प्रतियोगिताका आयोजना गरेका थिए । बादशाहले तोकिएको नदी पार गर्ने प्रथम १२ प्राणीहरूलाई धरतीको १२ हाँगाको रुपमा चन्द्र पात्रोको वर्षचक्रमा समावेश गर्ने निधो गरेका थिए । यस प्रतियोगितामा गोरूले आफूभन्दा पौड्न कमजोर मुसालाई आफ्नो ढाँडमा बोकेर खोलातारी प्रतियोगितामा सहयोग गर्ने बाचा गरेको थियो । खोला तरिसकेपछि गोरुले आफ्नो ढाँडमा रहेको मुसालाई ओराल्न लाग्दा मुसा फुत्त उफ्रेर झऱ्यो र प्रथम भयो । मुसा प्रथम भएको कारणले गर्दा वर्ष चक्रमा मुसा पहिलो पऱ्यो, दोस्रोमा गोरू पऱ्यो, यसरी नै क्रमशः तेस्रोमा बाघ, चौथोमा खरायो हुदै जांदा अन्तिममा सुँगुर परेकाले १२ औं वर्षको नामकरणमा सुँगुर पऱ्यो भन्ने जनविश्वास रहेको पाइन्छ ।

स्रोतः स्थलगत कार्य

# सन्दर्भ सामग्रीहरू

## (क) देवनागरी लिपिमा लेखिएका सामग्रीहरू


अमात्य, साफल्य(वि.स.२०७४).वाग्मती संस्कृतिको अमूर्त पक्ष.*मधुपर्क (अमूर्त संस्कृति विशेषाङक,)* वर्ष२०(१),पृ.४७-४८ ।

आर्चाय, बाबुराम (वि.स.२०५४).नेपालको सांस्कृतिक परम्परा.काठमाडौःश्री कृष्ण आचार्य ।

उक्याव, ताम्ला रअधिकारी, श्याम(वि.सं.२०५७).*नेपालका जनजातिहरू.* काठमाडौं :राष्ट्रिय जनजाति विकास समिति ।

काइँला, बैरागी (वि.स.२०७४).मुन्धुम मानव सभ्यताको मौलिक र अमूर्त दस्ताबेज हो.*मधुपर्क (अमूर्त संस्कृति विशेषाङक)*, वर्ष २०(१),पृ.१२-१८ ।

क्षेत्री, गणेशप्रसाद र खतिवडा, सोमप्रसाद (वि.सं. २०५४) हिन्दु समाज र धर्म. विराटनगर, शिव प्रकाशन ।

खतिवडा, गोपाल (वि.स.२०६५).*योल्मो जातिको सामाजिक,सांस्कृत तथा आर्थिक अवस्था.* अप्रकाशित स्नात्तकोत्तर,शोधपत्र त्रि.वि.मानविकी तथा सामाजिक शास्त्र सङकाय ।

खतिवडा, सोमप्रसाद (वि.स.२०७४).*नेपाल संस्कृति विश्वकोश.* काठमाडौः जनता प्रसारण तथा प्रकाशन लिमिटेड ।

खनाल, मोहनप्रसाद (वि.स.२०५२).नेपाल कला. ललितपुरः साभ्रा प्रकाशन ।

खत्री, प्रेम (सम्पा.) (वि.स. २०७२).*नेपालको जातीय सामाजिक संस्कार.*काठमाडौः नेपाल प्रज्ञा-प्रतिष्ठान ।

खत्री, प्रेम (सम्पा.) (वि.स.२०७३).*नेपालका जातीय सामाजिक संस्कार* .(भाग४).काठमाडौं : नेपालप्रज्ञा-प्रतिष्ठान ।

खत्री,प्रेम (वि.स.२०७४).अमूर्त सम्पदामा युनेस्कोमा संलग्न र नेपाल. *मधुपर्क (अमूर्त संस्कृतिविशेषाङक)*, वर्ष २०(१), पृ.१-५ ।

खत्री, प्रेमकुमार, र राई, भक्त (वि.स. २०७६).*नेपालका रोङ (लाप्चा) जातिको अमूर्त संस्कृति.* काठमाडौ : नेपाल संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।

गोले. मोहन (वि.स.२०७१).*तथ्याङ्कमा आदिवासी जनजाति. उदयपुर* : आशामाया तामाङ ।

घिमिरे, डेमलाल (वि.स.२०६८).*ह्योल्मो जातिको सामाजिक सांस्कृतिक अवस्था : एक समाजशास्त्रीय अध्ययन.* अप्रकाशित स्नातकोत्तर शोध-पत्र,त्रि.वि.मानविकी तथा सामाजिक शास्त्र सङ्काय ।

घिमिरे, परशु  (वि.स.२०७६).व्युतिदै हेलम्बु, विकासमा छलाङ.*तरुण राष्ट्रिय साप्ताहिक.* २३ (२).बैशाख ९ गते, पृ.७ ।

घिमिरे, परशु (वि.स.२०७६). हेलम्बु: गुप्त क्षेत्र वेयुल.*तरुण राष्ट्रिय साप्ताहिक* . २३ (७). जेठ १३-२०गते. पृ.७ ।

चेमजोङ, इमानसिङ (वि.स.२०५१).*किराँत इतिहास र संस्कृति* .झापा : प्रकाशक मण्डल ।

जोशी, राजलाल (वि.स.२०७३).*रामेछापका ह्योल्मो जाति* .रामेछाप : हिमाली ह्योल्मो युवा समाज ।

टण्डन, गोविन्द (वि.स.२०७४).पशुपति क्षेत्रको अमूर्त सांस्कृतिक सम्पदा.*मधुपर्क (अमूर्त संस्कृति विशेषाङ्क),* बर्ष२०(१),पृ.३५-३६ ।

तामाङ, अजितमान (वि.स.२००३).*लोसारको इतिहास.* काठमाडौं : नेपाल तामाङ विद्यार्थी घेदुङ ।

तामाङ, परशुराम (वि.स.२०५१).*तामाङ जाति.* काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रष्ठिठान ।

तामाङ, परशुराम (वि.स.२०५५).*तामाङ संस्कार.* काठमाडौं : नेपाल तामाङ घेदुङ् ।

तुलाधार, प्रेमशान्ति र वज्रमुनि वज्राचार्य (वि.स. २०७०).*नेवारजातिको अभौतिक संस्कृति.* ललितपुर : लोक साहित्य परिषद् ।

थापा, राजेश्वर (वि.स.२०७५).*ल्होसार.* काठमाडौं : फुसुन प्रकाशन ।

दिवस, तुलसी (वि.स.२०७४).लोकवार्ता अभौतिक पक्षको अभिलेखनको खाँचो छ,*मधुपर्क (अमूर्त संस्कृति विशेषाङ),* बर्ष २०(१),पृ.२० ।

धोन्दुब, न्यिम खेन्पो र पराजुली, पुन्य (वि.स.२०६६). *गुप्त क्षेत्र तथा यसको इतिहास.* काठमाडौं :वेयुल तीर्थयात्रा व्यवस्था समिति ।

नेपाल, ज्ञानमाणि (वि.सं. २०४०) नेपाल निरक्त. ललितपुर : साझा प्रकाशन ।

नेपाल सरकार (सं.२०६९) राष्ट्यि जनगणना तथा घरघरी तथ्याङ्क,२०६८ (राष्ट्रिय प्रतिवेदन) काठमाडौं: केन्द्रीय तथ्याङ्क विभाग ।

नेपाल सरकार (वि.स.२०६९).राष्ट्रिय जनगणना तथा घरधुरी तथ्यांक २०६८, राष्ट्रिय प्रतिवेदन. काठमाडौं :केन्द्रीय तथ्यांक विभाग ।

नेपाल सरकार (वि.स.२०७६).*अमूर्त सांस्कृतिक सम्पदा संरक्षण सम्बन्धी महासन्धि (२००३).* काठमाडौः संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।

नेपाल सरकार (वि.स. २०७२).*नेपालको संविधान.* काठमाडौ : कानुन किताब व्यवस्था समिति ।

न्यौपाने, गोविन्द (वि.स. २०७५). इतिहासको अध्ययनमा अमूर्त संस्कृतिको महत्त्व.*अमूर्त संस्कृति,* वर्ष २(२),पृ.२२-२३ ।

पाण्डेय, मधुसूदन (वि.स.२०७५). *नेपालका जनजातिहरू.* काठमाडौंः पैरवी प्रकाशन ।

पुन, प्रतिभा (वि.स. २०७५०.मगरका अमूर्त संस्कृतिका संवाहक पुर्ख्यौली नाच.*अमूर्त संस्कृति,* २(३), पृ.५८-६९ ।

प्रभात, विष्णु (वि.स. २०७४). *दर्शन वोध.* काठमाडौ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

बराल, झरेन्द्र (वि.स.२०६३).*इलाम जिल्ला पशुपतिनगर गाउँ विकास समितिका योल्मो जातिकोसामाजिक तथा सांस्कृतिक जीवन : एक अध्ययन* .अप्रकाशित शोत्रपत्र, त्रि.वि. मानविकी तथा समाजिकशास्त्र सङ्काय ।

बराल, झरेद्र (वि.स.२०७३). *योल्मो जातिका सामाजिक संस्कार.* (सम्पा.) प्रेम खत्री. नेपाल जातीयसंस्कार (खण्ड ४). काठमाडौं : नेपाल प्रज्ञा- प्रतिष्ठान ।

बराल, बासु (वि.स. *२०४४).हिन्दू सामाजिक संगठनको प्रारुप.* ललितपुरः साझा प्रकाशन ।

बिष्ट, डोरबहादुर (वि.स.२००२). *सबै जातको फूलवारी* .ललितपुरः हिमाल किताब ।

भण्डारी, वसन्तकुमार (वि .स. २०५८).*सिन्धुपाल्चोक जिल्ला : पार्श्व-चित्र.* सिन्धुपाल्चोकः जिल्ला विकास समिति ।

मगर, यमबहादुर झेडी (वि.स. *२०५७).स्याङ्तन जनजाति : एक अध्ययन.जनजाति,* १(२), पृ.८ ।

राई, भक्त (वि.स. २०७५).नेपालका दुराजातिको अमूर्त संस्कृति.*अमूर्त संस्कृति,* वर्ष २(३),पृ.६५.६९ ।

रेग्मी, जगदीशचन्द्र (वि.स. २०२६). *लिच्छवि संस्कृति.*काठमाडौ :रत्न पुस्तक भण्डार ।

रेग्मी, दिनेशचन्द्र (वि.स. २०६०). *पुरालेखन र अभिलेख.* काठमाडौ :हिमालय बुक स्टल ।

लंसाल, दीनानाथ र प्याकु-याल, राजेन्द्रप्रसाद (वि.स. २०७१). जिल्ला वस्तुगत विवरण, सिन्धुपाल्चोकः सिन्धुपाल्चोक जिल्ला विकास समितिको कार्यालय ।

लामा शेर्पा, खेम्पो ङवाङ वोशेर (वि.स.२०६३).*हिमाली क्षेत्रको नेपाली बौद्ध परम्परा.* काठमाडौं : नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रि.वि, कीर्तिपुर ।

लामा,चुङबु (वि.स.२०५७).*योल्मो जनजातिको विहाबारी र रीतिरिवाज, योल्मो इतिहासदेखि वर्तमानसम्म,* काठमाडौ : नेपाल योल्मो समाज सेवा संघ ।

लामा, चुडादेवसिहं (वि.स.२०६५). *नेपालका आदिबासी तथा जनजाति : एक परिचय.* काठमाडौं : नेपाल तामाङ गुम्बा सेवा ।

लामा, दावा साङ्बो (वि.स.२०६७). *महातीर्थ गुप्त क्षेत्र योल्मो शृङ्खला तथा योल्मोपा आदिबासीको इतिहास.* काठमाडौं :नेपाल योल्मो समाज सेवा संघ तथा योल्मो वाग्यु साङग् लाछोग बौद्ध ।

लामा, दावा साङबो (वि.स.२०७२(क)). *तिब्बेती बौद्ध परम्परा, यार्लुङ वंश र योल्मो.* काठमाडौं : योल्मोकार्ग्यु सङ्ग लाछोंग ।

लामा, दावा साङबो (वि.स.२०७२(ख)). *ल्होसारको ऐतिहासिकता : एक परिचय* .काठमाडौं : नेपाल योल्मोसेवा समाज संघ ।

लामा, फूर दोर्जे (वि.स.२०१४). *मानवअधिकारको विश्वव्यापी घोषणापत्र.* काठमाडौं : आदिबासी पत्रकार समूह ।

लामा, मुकेश वि.स. (२००२). *गुरु पद्मसंभव जीवनी.* काठमाडौं : धर्म लामा बौद्ध ।

लामा, येशे दोर्जे (वि.स.२०६९). *गुप्त क्षेत्र ह्योल्मो हिमशृङ्खलाको पद्म पुष्पामाला नामक इतिहास.* काठमाडौं : ह्योल्मो ङाग्छ्याङ शाक्य शाङ्पो दुङ्गी लाछोग ।

लामा, सन्तवीर (वि.सं. २०१४). *तम्बा कइतेन क्वाई रिमठिम.* काठमाडौं : रत्न पुस्तक भण्डार ।

लामा, प्रेमध्वज (वि.स.२०७६). *ह्योल्मो जातिको अन्त्येष्टि संस्कार.Nepalese Culture, Vol. X111, 59–63.*

लामिछाने, रघुनाथ (वि.स.२०७५ मंसिर २५). हेलम्बु : *गाथा व्यथा, नागरिक दैनिक.*पृ.७ ।

लुइँटेल, प्रेमप्रसाद (वि.स.२०५५). *इलामको योल्मोवा : एक अध्ययन.* अप्रकाशित शोधपत्र, त्रि.वि. मानविकी तथा सामाजिकशास्त्र सङ्काय ।

शर्मा, जनकलाल (वि.स.२०३९). *हाम्रो समाज एक अध्ययन.* ललितपुर : साझा प्रकाशन ।

शर्मा, नगेन्द्र (वि.स.२०३२). *नेपाली जीवन.* ललितपुर : साझा प्रकाशन ।

शर्मा, प्रयाराज र गुरुङ, जगमान (वि.स.२०५७). *ब्लो मुस्ताङको सांस्कृतिक सम्पदा.* काठमाडौं : नेपाल एसियाली अनुसन्धान केन्द्र, त्रि.वि ।

श्री ५ को सरकार( २०५१). मेचीदेखि महाकाली (भाग२). काठमाडौं: सूचना विभाग ।

श्री ५ को सरकार (वि.स.२०५८).आदीवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८, काठमाडौ : कानुन किताव व्यवस्था समिति ।

सुनुवार, देवकुमार र जगत्, दोङ (सन,२०१४). *मानव अधिकारको विश्वव्यापी घोषणापत्र.* काठमाडौं: आदिबासी सञ्चार समूह ।

सुवेदी, अभि (वि.स. २०७४).अमूर्त सांस्कृतिक सम्पदा र नेपाल. *मधुपर्क (अमूर्त संस्कृति विशेषाङ्क),* वर्ष २०(१०,पृ. ३०-३१ ।

सुब्बा, चैतन्य (वि.स.२०५६).नेपालको सामाजिक संरचना र सांस्कृतिक सम्वर्द्धनको सवाल. *जनजाति,* १ (१), पृ. ५६-७८) ।

हागन, टोनी (वि.स.२०५८). *नेपालको चिनारी.* ललितपुर : हिमाल किताब ।

ह्योल्मो, कर्म ग्याल्जेन लामा (वि.स.२०५६). *धिङसङ ह्योल्मो* .काठमाडौं : ह्योल्मो फाउन्डेसन ।

ह्योल्मो, चुङवु लामा (वि.स.२०५७). *ह्योल्मो जनजातिको विवाहबारी र रीतिरिवाज :ह्योल्मो इतिहासदेखि वर्तमानसम्म.* काठमाडौं : नेपाल ह्योल्मो समाज सेवा संघ ।

ह्योल्मो, टासी छिरीङ (२०१५).*ह्योल्मो जातिको परम्परागत संस्था र कानुनहरू, परम्परा संस्था :एक अध्ययन.* काठमाडौं : नेपाल आदिबासीहरूको अधिकार सम्बन्धी वकिल समूह ।

ह्योल्मो, पाल्साङ लामा (वि.स.२०५७).*साङ गर्ने विधि, ह्योल्मो इतिहासदेखि वर्तमानसम्म.* काठमाडौं : नेपाल ह्योल्मो समाज सेवा संघ ।

ह्योल्मो, याङजेन लामा (वि.स.२०५७).*ह्योल्मो भेषभूषामा आफनै मौलिकता छ,ह्योल्मो इतिहासदेखिवर्तमानसम्म.* काठमाडौं : नेपाल ह्योल्मो समाज सेवा संघ ।

ह्योल्मो, एन.बी.लामा (वि.स.२०५७).*ह्योल्मो जातिले गर्ने छेज्यू पूजा, ह्योल्मो इतिहासदेखि वर्तमानसम्म.* काठमाडौं : नेपाल ह्योल्मो समाज सेवा संघ ।

## (ख)    रोमन लिपिमा लेखिएका सामग्रीहरू


Abraham, M.F.(2004). *Modern sociology theory :An introduction*. New Dhelhi : Oxford University Press .

Adams, B., & Sydie, R.A .(2002).*Sociological theroy*.New Delhi : Vistar .

Barnet, H.G. (1942). Invention and cultural change .*American Anthropologist, New Series,* 44(1),14–30.

Bishop, N.H.(1998*). Himalayan herders: Case studies in culture anthropology series* ***(eds)***. George and Louise Spindlers. New York :Harcout Brace College.

Bist, D .B.(1980). *People of Nepal*. Kathmandu : Ratna Pustak Bhandar .

Blackwell, W.(2015). *Doing ethnography today: Theories, methods, exercieses* U.K :John Wiley and Sons Ltd.

Blam,P.M.(1976). *Parameters in social structure*. London : Open Bools .

Brown, R. (1952**).** *Structure and fuction in primitive society*.Britain : At the University Press Abredeen .

Bryman, A. (2016). *Social research methods*.U.K :Oxford University Press .

Burkitt, M.C. (1992). *The old stone age* .Delhi : Rupa &C0 .

Clark, G.E. (1980(a)). A Helambu history,*Journal of the Nepal Research Center*,1(4), 25–45.

Clarke, G.E. (1980(b)). *Lama Tamang in Yolmo* : In Tibetan studies in honor of high Richardson, Michael Aris and Aung Sang. Suukyi, pp.79–86. Warminster,Aris and Phillips.

Creswell, J.W. (2014). *Research design.* U.K :SAGE Publications Ltd.

Currn,S.R.& Saugy, A.C.(2001). Migration and culture change :A role for gender and social networks ? *Journal of International. Women's Studies*, 2(3),54–77 .

Dube, S.C. (1996). *India society*. New Delhi : National Trust.

Durkheim, E. (1960). *The division of labour in society*.New York : Free Press.

Durkheim, E. (1965). *The elementary forms of religions life.* New York: Free Press.

Ember, C.R., & Ember, M. (1995). *Anthropology*. New Delhi :Prentice. Hall of India Private Limited

Fricke, T.E. (1993). *Himalayan household: Tamang demography demographic processes*. Delhi : Book Faith India .

Furer, H.C.Van.(1957). (*Unpublished fieldnote*). Nepal: no.12 Gurung.

Gawne, L. (2009). *My name is Maya Lama/ Hylmo/Syuba: Negotiating identity* in Hyolmo diaspora Communities, DOI :10-4225/72/56e825B825BoB80EA.

Geertg, Z. (1973). *The Interpretation of culture*. New York : Basic Books.

Grant, C., & Osanpo, A. (2014). Understnding. selecting and intergrating atheortical framework in dissertation research**:** Creating the Blueprien for ´House´ Administrative Issues Journal: Connecting Education. Practice and Research. pp.12–22DOI:10.5929 ׀2014.4.2.9.

Governmant of Nepal (R.2019). Convention for the safeguarding of the Intangible cultural Heritage. Kathmandu: Ministay of Culture Tourism and Civil Aviation.

Hari, A.M. (2010). *Yohlmo grammer sketch*. Kathmadu: Ekta Books Distributors Pvt. Ltd.

Hari, A.M., & Lama, C. (2004). *Yolmo-Nepali-English dictionary*.Kathmandu : Central Deparment of Linguistics.T.U.

Holmberg, D.H. (1996). *Order in paradox*. Delhi : Jainendra Prakas Jain .

Kothari, C.R., & Garg. G. (2017). *Research methodology: Methods and techniques.* New Delhi : Nairobi .

Kunwar, R.R. (1989). *Fire of Himal.* New Delhi: Nirala Publications.

Kunwar, R.R. (1999). *Himalayan heritage: A study of society, culture and religionof Nepal.* Kathamandu: Laxahmi Kunwar.

Lange, C.H. (1965). Cultural change. *Biennial Review of Anthroplogy***,** (4), 262–297 .

Levi–Strauss, C. (1969). *The elmentary structure of kinship***.**Boston: Beacon press.

Malinowski,B.(1960).*A scientific theory of culture and essays*.New York : Oxford University Press.

Majumdar, D.N., & Madan, T.N. (1974). *An introduction to social anthropology*. Bombay : Asia Publishing House.

Majumdar, R.C. (2001). *The age of imperial unity : The history and culture of Indian people*. India: Bharaty Vidya Bhavan.

Merton, R.K. (1976). *Structural analysis in sociolgy*. London : Open Books .

Morgan, L.H. (1877). *Ancient society. New York* : Henry Holt & Company.

Neil, T.O. (2012). The heart of Helambu,critical art : *South-North Cultural and Media Studies*, 26:192-207.

Nepali, G.S. (1965). *The newars* .Bombay : United Asia .

Ortner, S.B. (1978). *Sherpa through their rituals*. Cambridge : Cambridge University Press .

Prandhan, K. (2009). The *Gorkha conquests*. Kathmandu : Himal Books.

Pokharel, B. (2005). Adaptation and identity of Yolmo.*Occational Papers in Sociology and Anthropology*, 9, p 109.

Radecliffe–Brown, A.R. (1952). *Structure and function in primitive society*. New York : The free press.

Regmi. R.R. (2007). *Model of culture* . Kathmandu : Academic Books Centre.

Sarantakos, S. (2005). *Social rearch*. U.K: Palgrave MacMillan.

Sato, S. (2016). *Yolmo women on the move: Marriage,migrant work and relocation to Kathmandu*. Germany : South Asia Instute .

Singh, Y. (1978). *Eassay on modernization in India*. New Delhi : Manohor Book.

Slusser, M.S. (1982). *Nepal Mandal* **:** *A cultureal study of the kathmndu vally*. U.K. : Prentice.

Sharma, P.R. (2004). *The state and society in Nepal*. Kathmandu: Himal Books.

Spark, S., & Pokharel, B. (2003). *Ethnic minority develoment plan*. Social Uplift Programme-Melamchi Deversion Scheme an Unpublished Project Report.

Srinivas, M. N. (1977). *Social change in modern India*. New Delhi : Orient Longman Limited.

Stevens, S.F. (1996). *Claiming the high ground:Sherpas subsitance &enviromental change in the highest Himalaya*. Delhi: Motilal Banarasidass Publishers.

Steward, J. (1968). *Culture ecology: In international encyclopedia of the social science.* New York : Macmillan Company.

Steward, J. (1988). The concept and method od cultural ecology, In Bohamman and Glager (ed.), *High Points in Anthropology* (pp.322-332). Alfred. A. Kmopf.

Tamang, M.S.(2009). *Tamang activism, history and territorial consciousness* In Ethic activism and civil sociology in South Asia, (ed.), by David Geller, pp.269-290. New Delhi : Sage.

Torri, D. (2016*). To kill or not to kill ?Helambu valley as a no kill zone,the issue of blood sacrifice and the transformation of ritual patterns in Hyolmoshamanism.* Germany: South Asia Institute .

Tylor, E.B. (1871). The science of culture from primitive.In Bohamen & Glaxer(ed.), *High point anthropology*.pp.61–78.Alfred A.Knof. Private Limited .

White, L.A. (1949). *The science of culture:A study of man and civilization*. New York : Grove press.

White, L.A. (1988). Energy and evolution of cultre. In Bohamman and Glager (ed.), *High Points in Anthropology* (pp.333-355). Alfred. A Kmopf.